# आयोगका पाँच वर्ष

## आयोग स्थापनाको पाँचौं वर्ष पूरा भएको उपलक्ष्यमा
## राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित

**पुस्तक तयारी समिति**
सूर्य बहादुर देउजा - संयोजक
शङ्करनाथ अधिकारी - सदस्य
दीपकजङ्ग ध्वज कार्की - सदस्य

**डिजाइन तथा लेआउट**
सुवोध पोखरेल

**कम्प्युटर टाइपिङ्ग**
सागर श्रेष्ठ

प्रकाशक
**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

**सर्वाधिकार @ राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहर भवन, ललितपुर, नेपाल ।**

आयोगको पूर्व स्वीकृति विना यस पुस्तकलाई वौद्धिक वा शैक्षिक प्रयोजनकोलागि वाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन गर्न, मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोगकोलागि पुस्तकका केही अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ ।

प्रकाशन मिति : २०६२, जेठ
संस्करण : प्रथम, ५०० प्रति

# मन्तव्य

मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयन नै राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख आदर्श तथा जिम्मेवारी हो । यसैलाई मूर्त रुप प्रदान गर्न एउटा स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्थाको रुपमा २०५७ सालमा यस आयोगको स्थापना भएको कुरा सर्वविदितै छ । नेपालमा नितान्त नौलो संस्थाको रुपमा पहिलोपटक स्थापना भएको आयोगले प्रारम्भदेखि नै विविध चुनौतीहरुको सामना गर्नुपरेको थियो । संस्थागत सुदृढीकरण, कार्यक्षेत्रगत स्पष्टता एवम् व्यवस्थित कार्यप्रणालीको विकास गर्ने सम्बन्धमा होस् वा विषम परिस्थितिमा रुमल्लिएको मानव अधिकारको खस्कँदो स्थिति र जनअपेक्षा अनुरुप कार्य गर्ने क्रममा होस् आयोगले विविध जटिलताहरुको सामना गर्नुपरेको थियो । कतिपय कमी कमजोरीहरु, फरक दृष्टिकोण तथा अप्ठ्यारा परिस्थितिहरुले गर्दा आन्तरिक रुपमा केही असामञ्जस्यताको स्थिति उत्पन्न हुन गए पनि आयोग यसबाट कदापि विचलित नभई सदा क्रियाशील रहिरह्यो । जसको परिणामस्वरुप नै आयोग ऐनप्रदत्त आफ्नो जिम्मेवारी निर्वाह गर्ने कार्यमा सफल रहन सक्यो ।

अत्यन्तै सीमित कर्मचारी, भौतिक पूर्वाधारको अभाव, कमजोर आर्थिक स्थिति एवम् नीतिनियमको अभाव समेतको स्थितिबाट पाइला चाल्न शुरु गरेको आयोगले पाँच वर्षको अवधिमा धेरै लामो फड्को मारिसकेको यथार्थतालाई स्वीकार गर्नैपर्दछ । आयोगको पहुँचलाई विस्तार गर्ने, सम्वद्ध पक्षलाई मानव अधिकारप्रति सचेत गराउने, मानव अधिकार उल्लंघनका घटनालाई निश्पक्षरुपमा छानवीन गरी नतिजा जनसमक्ष ल्याउने, दोषी पाइएकालाई कारवाही गर्ने तथा पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने वातावरण तयार गर्ने, मानव अधिकारको प्रभावकारी अनुगमन गरी सम्वद्ध पक्षलाई समय समयमा सजग र सचेत गराउने लगायत आयोगलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चिनाउने कार्यमा समेत आयोग धेरै हदसम्म सफल रहेको छ ।

आयोगले अपेक्षित रुपमा कार्य गर्न सक्यो वा सकेन भन्ने कुराको सम्बन्धमा सबै पक्षबाट वस्तुपरक रुपमा मूल्याङ्कन हुनेछ भन्ने विश्वास लिएको छु । तथापि **आयोगका पाँच वर्ष** नामक यस पुस्तकले आयोगबाट पाँच वर्षको अवधिमा गरिएका कार्य तथा आयोगलाई आइपरेका चुनौतीहरु लगायतका अनुभवहरुलाई समेटी एउटा सिङ्गो रुप प्रदान गरी सबै सामु ल्याउने प्रयास गरेको छ । आयोगको बारेमा विस्तृत जानकारी हासिल गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय, संघ संस्था वा व्यक्ति जोसुकैलाई यो पुस्तक अत्यन्त उपयोगी हुनेछ भन्ने मलाई लागेको छ । आयोगलाई अझ बढी सक्षम, प्रभावकारी एवम् क्रियाशील बनाउने सन्दर्भमा पाँच वर्षको अनुभवका आधारमा यस पुस्तकमा समेटिएका विषयवस्तुहरु कोशेढुङ्गा साबित हुनसक्ने छन् भन्ने विश्वास लिएको छु ।

अत्यन्तै छोटो समयभित्र पुस्तक लेखनको कार्य प्रारम्भ गरी यसलाई मूर्त रुप प्रदान गर्न सफल रहेकोमा यस गहन कार्यमा संलग्न आयोगका कर्मचारीहरु सूर्यबहादुर देउजा, शङ्करनाथ अधिकारी तथा दीपकजङ्गध्वज कार्कीलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, पुस्तक तयारीको क्रममा विभिन्न सूचना, तथ्याङ्क एवम् प्रतिक्रिया लगायत अन्य प्राविधिक सहयोग उपलव्ध गराउने सम्पूर्ण आयोग परिवार एवम् अन्य महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, मानव अधिकारको संरक्षण र सम्वर्द्धनको माध्यमबाट मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्ने जस्तो गहन कार्यमा समर्पित आयोगलाई पाँच वर्षको अवधिसम्म निरन्तर रुपमा सहयोग प्रदान गरी क्रियाशील रहिरहन ऊर्जा प्रदान गर्ने मेरा सहकर्मीहरु, श्री ५ को सरकार, दातृ संस्थाहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु, पत्रकार, कानून व्यवसायी, नागरिक समाज लगायत सम्पूर्ण शुभचिन्तक मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नयनबहादुर खत्री
अध्यक्ष

# विषय सूची

**मन्तव्य**
**विस्तारीकरण**
**सारांश**

**खण्ड-१**
**विषय प्रवेश** **१२**
१.१ मानव अधिकारको अवधारणा १२
१.२ नेपालमा मानव अधिकारको विकास १२
१.३ राष्ट्रिय मानव अधिकार संस्थाको विकास १३
१.४ आयोग गठनको पृष्ठभूमि १४

**खण्ड-२**
**आयोगको सामान्य चिनारी** **१७**
२.१ आयोग गठन १७
२.२ आयोगको काम, कर्तव्य र अधिकार १७
२.३ आयोगको क्षेत्राधिकार १८
२.४ मानव अधिकार आयोग ऐन, २०५३ का कमीकमजोरीहरू १८

**खण्ड-३**
**आयोगका पाँच वर्षे क्रियाकलापहरूको एक झलक** **२०**
३.१ पहिलो वर्ष २०
३.२ दोस्रो वर्ष २५
३.३ तेस्रो वर्ष २९
३.४ चौथो वर्ष ३०
३.५ पाँचौं वर्ष ३२

**खण्ड-४**
**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्ध** **४०**
४.१ राष्ट्रिय सम्वन्ध ४०
४.२ अन्तर्राष्ट्रिय सम्वन्ध ४३
४.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्धमा देखा परेका चुनौतीहरू ४५

**खण्ड-५**
**आयोगद्वारा सम्पादित प्रमुख कार्यहरू** **४८**
५.१ उजुरी उपरको कारवाही ४८
५.२ मानव अधिकार अनुसन्धान ४९
५.३ मानव अधिकार अनुगमन ५७
५.४ शान्ति प्रक्रियामा आयोग ६५
५.५ महासन्धि एवं कानून पुनरावलोकन ६७
५.६ आयोगको संस्थागत विकास ६९
५.७ आयोगका योजना ७२
५.८ प्रवर्द्धनात्मक कार्य ७५

**खण्ड -६**
**आयोग अन्तर्गतका परियोजनाहरू** **८०**
६.१ यातना तथा अपाङ्गता सम्वन्धी अध्ययन परियोजना ८०
६.२ दलितहरूको मानव अधिकार प्रवर्द्धन सम्वन्धी परियोजना ८०
६.३ मानव अधिकारको स्थितिपत्र सम्वन्धी परियोजना ८१

६.४ राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास परियोजना ८१
६.५ मानव अधिकार संकटलाई सम्वोधन परियोजना ८२
६.६ चेलीबेटी बेचविखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय स्थापना सम्वन्धी परियोजना ८२
६.७ आयोगको पहुँच विस्तार परियोजना ८३
६.८ बाल अधिकार डेस्क सम्वन्धी परियोजना ८४
६.९ परियोजना संचालनका सम्वन्धमा देखा परेका चुनौतीहरू ८४

**खण्ड - ७**

**नीति नियम तर्जुमा** **८८**
७.१ संचार रणनीति ८८
७.२ नियमावली एवं निर्देशिका ८८
७.३ सुरक्षा रणनीति ८९
७.४ लैङ्गिक नीति ८९
७.५ संचार प्रविधि नीति ८९
७.६ आचार संहिता ९०
७.७ नीति नियम निर्माण एवं कार्यान्वयनका चुनौतीहरू ९०

**खण्ड- ८**

**उपलब्धि तथा चुनौती** **९२**
८.१ मुलभूत उपलब्धिहरू ९३
८.२ प्रमुख चुनौतीहरू ९६

**खण्ड -९**

**मूल्याङ्कन** **१०३**
९.१ सरकारको दृष्टिमा आयोग १०३
९.२ न्यायिक निकायको दृष्टिमा आयोग १०४
९.३ नागरिक समाजको दृष्टिमा आयोग १०४
९.४ प्रमुख राजनैतिक दलहरूको दृष्टिमा आयोग १०७
९.५ संचारजगतको दृष्टिमा आयोग १०७
९.६ संयुक्त राष्ट्र संघ लगायतका निकायको दृष्टिमा आयोग १०९
९.७ विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूको दृष्टिमा आयोग ११०
९.८ आफ्नै दृष्टिमा आयोग १११
९.९ आयोगको ध्यान पुग्न नसकेका क्षेत्रहरू ११२

# अनुसूचीहरू


अनुसूची - १ ११५
श्री ५ को सरकारद्वारा गठित कार्यदलद्वारा प्रस्तुत संगठन तालिका

अनुसूची - २ ११६
आयोगका अध्यक्ष तथा सदस्यहरूको संक्षिप्त परिचय

अनुसूची - ३ ११८
आयोगको रणनीतिक योजना (२००४-२००८) को तर्जुमा र कार्यान्वयन

अनुसूची - ४ ११९
राष्ट्रिय मानव अधिकार आयोगको वर्तमान सांगठनिक संरचना

अनुसूची - ५ १२०
मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको परिपालन सम्वन्धी श्री ५ को सरकारको प्रतिबद्धताको कार्यान्वयन गर्न राष्ट्रिय मानव अधिकार आयोगका व्यवहारिक सुझावहरू

अनुसूची - ६ १२८
अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकारका सिद्धान्तलाई सम्मान गर्न ने.क.पा. (माओवादी) ले तत्काल अवलम्बन गर्नु पर्ने न्यूनतम शर्तहरू

अनुसूची - ७ १३१
राष्ट्रिय मानव अधिकार आयोगमा पर्न आएका बेपत्ता तथा अपहरण सम्वन्धी उजुरीहरू

अनुसूची - ८ १३२
आयोगद्वारा आयोजित मानव अधिकार तथा शान्ति सम्मेलनमा मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम श्री लुइज आर्बरद्वारा व्यक्त भएको मन्तव्य

अनुसूची - ९ १३४
जेनेभामा सम्पन्न संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको ६१ औं वार्षिक वैठकमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीद्वारा व्यक्त सम्वोधन भाषण

अनुसूची - १० १३५
उजुरी फारम

अनुसूची - ११ १३७
अनुगमनबाट प्राप्त घटना विवरण २०५८/५९

अनुसूची - १२ १३८
राष्ट्रिय मानव अधिकार आयोगबाट विभिन्न कारागार तथा थुनुवा केन्द्रहरूमा गरिएको अनुगमन विवरण

अनुसूची - १३ १४२
आयोगद्वारा प्रस्तुत श्री ५ को सरकार र ने.क.पा. (माओवादी) बीचको मानव अधिकार सम्झौता पत्रको मस्यौदा

अनुसूची - १४ १४५
नेपाल पक्ष भई प्रतिवेदन पठाउनु पर्ने दायित्व तोकिएका संयुक्त राष्ट्र संघद्वारा मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू/प्रतिज्ञा पत्रहरू

अनुसूची - १५ १४७
राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरूले पालना गर्नु पर्ने आचार संहिता २०६०

अनुसूची - १६ १५०
आयोगका कर्मचारीहरूको विवरण

अनुसूची - १७ १५२
आयोगद्वारा विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्ति तथा ध्यानाकर्षणहरू

सन्दर्भ सामग्री १६६

विविध १६७
आयोगका पाँच वर्षका क्रियाकलापहरूको एक झलक

# विस्तारीकरण

| | | |
|---|---|---|
| ACJ | = | Advisory Council of Jurists |
| APF | = | Asia Pacific Forum of National Human Rights Institution |
| CAT | = | Convention against Torture |
| CDNHRC | = | Capacity Development of National Human Rights Commission |
| CEDAW | = | Convention on the Elimination of All kinds of Discrimination against Women |
| CERD | = | Convention on the Elimination of All Kinds of Racial Discrimination |
| CHRF | = | Canadian Human Rights Foundation |
| CIDA | = | Canadian Interanation Development Agency |
| CMS | = | Complaints Management System |
| CRC | = | Convention on the Rights of Child |
| CVICT | = | Center for Victims of Torture |
| DANIDA | = | Danish International Development Agency |
| DIHR | = | Danish Institute for Human Rights |
| EU | = | European Union |
| ICC | = | International Coordination Committee |
| ICCPR | = | International Covenant on Civil and Political Rights |
| ICG | = | International Crisis Group |
| ICRC | = | Interanational Committee of Red Cross |
| IESCR | = | International Covenant on Economic, Social and Culture Rights |
| IT | = | Information Technology |
| NHRC | = | National Human Rights Commission |
| OHCHR | = | Office of the High Commissioner for Human Rights |
| RCP | = | Responding to the Crisis Project |
| UNDP | = | United Nations Development Programme |
| UNICEF | = | United Nations International Children Emergency Fund |
| UNV | = | United Nations Volunteer |
| WCARD | = | World Conference against Racial Discrimination |
| WHO | = | World Health Organization |

# सारांश

## पृष्ठभूमि
मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम २०५७ जेठ १३ गते विधिवत रुपमा गठन गरिएको राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाको पाँचौं वर्ष पूरा गरेको छ । मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ बमोजिम प्रधानमन्त्री, प्रधान न्यायाधीश तथा प्रतिनिधि सभामा विपक्षी दलका नेता सहितको सिफारिस समितिको सिफारिस बमोजिम श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेबबाट आयोगका अध्यक्ष र सदस्यको नियुक्ति भई गठन भएको राष्ट्रिय मानव अधिकार आयोगको संरचना यस प्रकार रहेको छ :

| | |
|---|---|
| श्री नयन बहादुर खत्री | अध्यक्ष |
| डा. गौरी शङ्करलाल दास | सदस्य |
| श्री कपिल श्रेष्ठ | सदस्य |
| श्री सुशील प्याकुरेल | सदस्य |
| श्री इन्दिरा राणा | सदस्य |

## सङ्गठन तालिका
आयोग गठन पश्चात ऐन प्रदत्त मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने दायित्व वहन गर्ने सिलसिलामा आयोगले विभिन्न समयमा आयोगको सङ्गठन तालिकालाई परिस्कृत एवं परिमार्जन गर्दै आएको छ । आयोगद्वारा क्षेत्रीय कार्यालयको स्थापना गरी कार्य संचालन समेत शुरु भइसकेको अवस्था छ ।

## आर्थिक विश्लेषण
मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आर्थिक व्यवस्थापन सम्वन्धमा आयोगको कार्य सम्पादन गर्न आवश्यक पर्ने साधन र स्रोतहरू आयोगले विभिन्न निकायबाट अनुदानको रुपमा प्राप्त गर्न सक्नेछ भन्ने उल्लेख हुनुका साथै उपदफा ५ मा आयोगको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ भन्ने प्रावधान रहेको छ । आयोगले श्री ५ को सरकारबाट स्थापना कालदेखि आ.व. २०६१/०६२ सम्म रु.२३१२०९७७८४ अनुदान रकम प्राप्त भएको छ । त्यसैगरी विभिन्न दातृ संस्थाहरूबाट वैदेशिक अनुदान अन्तर्गत रु.४०६५३७०७४४ प्राप्त भएको छ । श्री ५ को सरकारबाट प्राप्त वजेटबाट आयोगको प्रशासनिक एवं साधारण खर्च व्यहोरिदै आएको छ भने वैदेशिक अनुदानबाट प्राप्त रकमबाट भौतिक साधनको विकास, उपकरण खरिद, मानव अधिकार अनुगमन तथा अनुसन्धान, क्षेत्रीय कार्यालयको स्थापना, तालिम गोष्ठी लगायतका कार्यक्रमहरू एवं स्वदेशी तथा विदेशी सल्लाहकार एवं परियोजना कर्मचारीहरूको व्यवस्थापन तर्फको खर्च व्यहोर्ने गरिएको छ ।

## उजुरी, छानवीन तथा अनुसन्धान
मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ बमोजिम आयोगमा दर्ता हुन आएका मानव अधिकार उल्लंघन सम्वन्धी उजुरीहरू उपर आयोगद्वारा छानवीन, अनुसन्धान एवं बिश्लेषण समेत गरी विभिन्न निर्णयहरू गरिएका छन् । स्थापना काल देखि यस पुस्तक लेखनको अवधिसम्म कूल ३३९७ वटा उजुरीहरू परेका छन् । जसमध्ये नागरिक तथा राजनीतिक अधिकारको हननका उजुरीको संख्या अत्याधिक देखिन्छ । त्यसैगरी देशमा विद्यमान आन्तरिक सशस्त्र द्वन्दको परिणामस्वरुप सुरक्षाकर्मीद्वारा नागरिकलाई बेपत्ता परिएको भन्ने उजुरीको संख्या बढिरहेको छ । त्यस्तै माओवादीको तर्फबाट पनि किसान, मानव अधिकारकर्मी, पत्रकार, राजनैतिक दलका कार्यकर्ता, शिक्षक, विद्यार्थीको अपहरण, यातना एवं हत्या भएको भन्ने जस्ता उजुरीको संख्या पनि बढ्दो रुपमा रहेका छन् ।

मानव अधिकारको उल्लंघनका घटनाहरूसंग सम्वन्धित उजुरी उपर आयोगले छानवीन तथा अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिदै आएको छ । आयोगद्वारा मानव अधिकार उल्लंघनका विभिन्न घटनाहरूको छानवीन तथा अनुसन्धान पश्चात आयोगद्वारा निर्णय भई कार्यान्वयनकोलागि श्री ५ को सरकारमा लेखी पठाइएको छ ।

## अनुगमन तथा अनुसन्धान
आयोगले स्थापना भए देखि नै मानवज अधिकार अनुगमन तथा अनुसन्धान कार्य गर्दै आइरहेको छ । स्थापनाको शुरुका वर्षहरुमा सरकारी बजेट न्यून हुनुका साथै वैदेशिक सहायता पनि प्राप्त नभएको अवस्थाले गर्दा सीमित ठाउँहरुमा आयोगका पदाधिकारीहरु तथा कर्मचारीहरुद्वारा मानव अधिकारको अनुगमन गरिदै आएको थियो । पछिल्ला वर्षहरुमा आएर मानव अधिकार संकटलाई समाधान गर्न व्यापक रुपमा मानव अधिकारको अनुगमन गर्नु पर्ने आवश्यकतालाई महसुस गरी आयोगद्वारा वेलायत, नर्वे तथा डेनमार्कको सहयोगमा छुट्टै परियोजना संचालन गरेको थियो । सोही अनुरुप संकटकालको अवधिमा समेत ३५ जिल्लाको अनुगमन सम्पन्न गर्नुकासाथै मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान कार्य समेत सम्पन्न गरेको थियो । आयोगसँग सीमित कर्मचारी भएको हुनाले त्यस्ता अनुगमनहरुमा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संगठनहरु, आम संचार जगत, नेपाल वार एशोसिएशन लगायत नागरिक समाजबाट स्वयं सेवकहरु छनौट गरी मानव अधिकार अनुगमन सम्वन्धी तालिम प्रदान गरी अनुगमन कार्यमा सरिक गराइएको थियो ।

अनुगमनको क्रममा आयोगले प्राप्त गरेका विभिन्न सूचना तथा तथ्यहरु प्रलेखीकरण गरेको छ । विशेषत: युद्धमा संलग्न नभएका व्यक्ति र गिरफ्तारी वा कब्जामा परेका निर्दोष व्यक्तिहरू पनि दिन प्रतिदिन विभिन्न वहानामा मारिने, यातना भोग्ने क्रम वढ्दो छ भने विस्थापित हुनेको संख्यामा पनि अत्यन्त वृद्धि भएको देखिएको छ । मानिसहरू बेपत्ता हुने, अपहरित हुने र थुनामा वा कब्जामा रहँदा शारीरिक तथा मानसिक

यातनाको शिकार वनाइएको जस्ता घटनाहरू देखिएका छन् । अनुगमनका क्रममा सादा पोशाकमा सुरक्षाकर्मी परिचालित हुने, व्यक्तिलाई कानूनको प्रक्रिया पूरा नगरी पक्राउ गर्ने, लामो समय सम्म गैरकानूनी रुपमा थुनामा राख्ने, वेपत्ता पार्ने, हिरासतमा राखिएको अवस्थामा यातना दिने, दोहोरो भिडन्तको भुठा बहाना बनाई व्यक्तिको हत्या गर्ने, व्यक्तिलाई नियन्त्रणमा लिइसकेपछि हत्या गर्ने, शंकाको भरमा शिक्षकहरूको तलव सुविधा रोक्का गर्ने, एकदमै छोटो समयको म्याद दिई वारम्वार तारेखमा वोलाउने लगायतका कार्यहरू सुरक्षा निकायका तर्फबाट भएको देखिन्छ ।

विगतमा युद्धविराम कायम रहेको समयमा समेत देशका विभिन्न भागमा मानव अधिकार उल्लंघन एवं ज्यादतीहरूका घटनाहरु घटेको पाइएकोले आयोगले ऐन प्रदत्त जिम्मेवारी निभाउने क्रममा मानव अधिकार अनुगमन, अनुसन्धानलाई निरन्तरता दिने प्रयास जारी राख्यो । यस पुस्तक तयारीको अवधिसम्म आयोगबाट अनुगमन गरिएका जिल्लाको संख्या ६८ वटा पुगेका छन् । रामेछापको दोरम्वा, सिराहाको धनगढी तथा पाँचथरको नागीमा युद्ध विराम कायमै रहेको अवस्थामा घटेका घटनाहरूका सम्वन्धमा स्थलगत छानवीन गरी सत्य तथ्य बारे आयोगलाई प्रतिवेदन पेश गर्नकालागि सर्वोच्चका भूतपूर्व प्रधान न्यायाधीशको संयोजकत्वमा तीनवटा छुट्टा छुट्टै अनुसन्धान समिति गठन गरी सोबाट प्राप्त निश्कर्षका आधारमा दोषीमाथि कारवाही तथा पीडितलाई क्षतिपूर्ति प्रदान गर्नकालागि श्री ५ को सरकार समक्ष लेखी पठाइएको थियो । यसै गरी ने.क.पा. (माओवादी) लाई मानवीय कानूनको उल्लंघनको सम्वन्धमा ध्यानाकर्षण गराइएको थियो । आयोगद्वारा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरुको सम्वन्धमा आयोगबाट द्वन्द्वरत दुवै पक्षको ध्यानाकर्षण गर्दै मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न आयोगले वारम्वार अपील गर्दै आएको छ ।

आयोगबाट स्वतन्त्र तथा निश्पक्ष रुपमा अनुसन्धान गरी वास्तविक तथ्य प्रकाशमा ल्याउने कार्यको मानव अधिकारवादी संघ संस्था, नागरिक समाज, सञ्चार जगतबाट उच्च मूल्याङ्कन गरिएबाट आयोगलाई मानव अधिकार संरक्षणमा अझै प्रतिवद्ध भएर अगाडि वढ्न प्रेरणा प्राप्त भएको थियो । राज्यका विभिन्न निकायहरूद्वारा आयोगको सम्वन्धमा अझै स्पष्ट अवधारणा नआई सकेको महसुस गरी आयोगले क्षेत्रीय स्तरमा कानून कार्यान्वयन गर्ने निकायसंग अभिमुखीकरण कार्यक्रम एवं मानव अधिकार क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधीहरूलाई मानव अधिकार तालीम सफलतापूर्वक सञ्चालन गरेको छ र यसबाट भविष्यमा मानव अधिकार संरक्षण र सम्वर्धनमा महत्वपूर्ण सुधार आउने अपेक्षा राखेको छ ।

## कानून पुनरावलोकन तथा महासन्धि सम्वन्धी कार्य

देशमा विद्यमान सम्पूर्ण ऐन कानूनको एकैपटक पुनरावलोकन गर्ने कार्य व्यावहारिक नहुने देखी आयोगले कानूनको पुनरावलोकनको सम्वन्धमा प्राथमिकताक्रम तोकी सोहीअनुरूप क्रमिक रूपमा कानूनको पुनरावलोकन गर्ने योजना बनाएको अनुरुप आयोगले क्षमता अभिवृद्धि परियोजनाअन्तर्गत डेनिस इस्टिच्यूट फर ह्यूमन राइट्स (DIHR) को सहयोगमा अल्पकालीन अवधिका लागि परामर्शदाता समेत नियुक्ति गरी सुरक्षा सम्वन्धी कानून, महिला विरुद्ध हुने हिंसा सम्वन्धी कानून लगायत मानव बेचविखन सम्वन्धी पुनरावलोकन गरी प्रतिवदेन तयार भएको अवस्था छ । यसै गरी नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी महासन्धिहरुको आवधिक प्रतिवेदन तयारीको सिलसिलामा विभिन्न मन्त्रालयहरुलाई केन्द्रविन्दू तोक्ने एवं प्रतिवेदन लेखन सम्वन्धमा तालिम प्रदान गरी सरकारको महासन्धि उपरको दायित्व पूरा गर्नमा सहयोग उपलव्ध गराउँदै आएको छ ।

## प्रवर्द्धनात्मक कार्य

मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारको सरक्षण र सम्वर्द्धनको गहन दायित्व प्रदान गरे बमोजिम आयोगबाट मानव अधिकार सम्वन्धी विभिन्न प्रवर्द्धनात्मक कार्यहरू हुदै आएका छन् । जसलाई देहाय बमोजिम चर्चा गरिएको छ । यस्ता कार्यहरुमा मानव अधिकार सम्वन्धी विभिन्न छलफल तथा अन्तरक्रियाहरु, तालिम तथा गोष्ठीहरु, मानव अधिकार तथा शान्ति ऱ्याली, मानव अधिकारका विभिन्न विषयहरु सम्वन्धी प्रकाशन, सूचना संचार तथा शिक्षा मूलक सामग्रीहरुको उत्पादन तथा वितरण कार्य हुदै आएका छन् । प्रवर्द्धनात्मक कार्य कार्य संचालनको जिम्मेवारी प्रवर्द्धन महाशाखालाई तोकिएको छ । प्रवर्द्धन महाशाखामा संचार अधिकृतको समेत व्यवस्था गरिएको छ ।

## शान्ति प्रक्रिया

आयोगद्वारा जस्तो सुकै समस्याको पनि वार्ताको टेवलबाट समाधान खोजिनु पर्दछ भन्ने आफ्नो स्पष्ट अडान राख्दै शान्ति प्रक्रियामा मानव अधिकारको सवाललाई जोड दिदै आएको छ । विगत वर्षहरुमा भएको युद्ध विरामको समयमा आयोगद्वारा श्री ५ को सरकार तथा ने.क.पा.(माओवादी)का निमित्त मानव अधिकार संझौताको मस्यौदा गरी दुवै पक्षलाई उक्त संझौतामा हस्ताक्षर गर्न अनुरोध गरेको थियो । आयोगद्वार प्रस्तुत गरिएको मानव अधिकार संझौताको मस्यौदामा मूख्य रुपमा नेपालले अनुमोदन गरेका मानव अधिकार सम्वन्धी महासन्धि अनुरुप मानव अधिकारको सम्मान र संरक्षणमा द्वन्द्वरत पक्षहरुले अपनाउनु पर्ने आचरण, जेनेभा महासन्धिमा उल्लेखित साझा धारा ३ अनुरुप युद्धको समयमा पालना गरिनु पर्ने आचरणहरु, विद्यालय तथा शैक्षिक संस्थाहरुलाई शान्ति क्षेत्रको रुपमा मान्यता दिई सो अनुरुप गरिनु पर्ने आचरण, युद्धमा असंलग्न सर्वसाधारणहरुको जीवन संरक्षण एवं महिला, वृद्ध, अपाङ्ग, वालवालिका, जनजाति, दलित जस्ता समुदायहरुमा परेको जोखिम न्यून गरी उनीहरुको अधिकार संरक्षण गर्नकानिमित्त अपानाइनु पर्ने कदमहरु जस्ता विषयहरु उल्लेख गरिएका छन् ।

त्यसै गरी सरकारद्वारा २०६१।१२।१३ गते व्यक्त गरिएको २५ वुँदे घोषणा पत्र र माओवादीद्वारा मानव अधिकार प्रति व्यक्त प्रतिवद्धताका सम्वन्धमा ध्यानाकर्षण गर्दै श्री ५ को सरकारलाई मानव अधिकार तथा मानवीय कानूनको संरक्षण र परिपालनको लागि चालिनु पर्ने न्यूनतम पाइलाहरुको सम्वन्धमा लेखी पठाएको थियो । यसै गरी ने.क.पा. (माओवादी) लाई समेत एउटा जिम्मेवार राजनैतिक दलको हैसियतमा मानव अधिकारको सम्मान र मानवीय कानूनको परिपालना गर्ने सम्वन्धमा चालिनु पर्नै न्यूनतम पाइलाहरुका सम्वन्धमा लेखी पठाएको थियो ।

आयोगको शान्ति प्रक्रियमा मानव अधिकार एजेण्डालाई सम्वोधन गर्न प्रस्तुत मानव अधिकार संझौता तथा द्वन्द्वरत पक्षलाई प्रस्तुत गरिएका न्यूनतम पाइलाहरुका सम्वन्धमा मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरु एवं नागरिक समाजद्वारा स्वागत र

सराहना गरिँदै आएको छ । यद्यपि द्वन्द्वरत पक्षले मौखिक प्रतिवद्धता वाहेक यसमा हस्ताक्षर गर्ने तर्फ सकारात्मक कदम चाल्न नसकेको अवस्था विद्यमानै छ ।

## निति निर्माण

राष्ट्रिय मानव अधिकार आयोग नेपालको सन्दर्भमा एउटा नौलो शुरुआत भएको र आयोगको गठनमा मानव अधिकार आयोग ऐन २०५३ अनुसार फरक -फरक अनुभव र पृष्ठभूमी भएका व्यक्तिहरूको प्रतिनिधित्व रहेको हुनाले कार्यशैलीगत भिन्नता, कार्य संचालनको दौरान परेका कठिनाईले समेत शुरुका केही वर्षहरूमा आयोगको नीति निर्माणको प्रक्रिया शुरु हुन सकेको थिएन । संरक्षण र सम्वर्द्धन अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरु योजनावद्ध रुपमा सम्पन्न गर्नकोलागि नीति निर्माण तर्जुमा गर्नु पर्ने आवश्यकता महसुस गरे अनुरुप नीति निर्माण प्रक्रिया आरम्भ भएको थियो । यसै क्रममा आयोगको दोस्रो रणनीतिक योजना ( २००४-२००८) निर्माणक्रममा समेत विभिन्न विषयहरूमा स्पष्ट नीति वनाई तदरुकताकासाथ लागू गर्नुपर्ने आवश्यकता महशुस गरिएको थियो । सोहि अनुरूप स्थापनाकालदेखि पाँचौ वर्षसम्म आइपुग्दा आयोगद्वारा पदाधिकारीको आचार संहिता, अनुगमन नियमावली, संचार रणनीति, लैङ्गिक नीति लगायतका महत्वपूर्ण विषयमा नीति निर्माण कार्य सम्पन्न गरेको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्ध

आयोगले आफ्नो ऐन प्रद्धत दायित्व वहन गर्ने क्रममा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विभिन्न निकायसंग सम्वन्ध विकास गर्नुका साथै कतिपय निकायसंगहरू सहकार्य गर्दे आएको छ । आयोगले विभिन्न निकायहरूसंग छलफल, अन्तरक्रिया गर्नुका साथै तालिम कार्यशाला गोष्ठी लगायतका विभिन्न कार्यक्रमहरू संचालन गरिरहेको छ । राष्ट्रिय सम्वन्धम अन्तर्गत सरकार, न्यायिक निकाय, राजनैतिक दलहरु, संचार जगत एवं नागरिक समाजसँग सुसम्वन्ध कायम गर्दै आएको छ ।

त्यस्तै मानव अधिकारका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संघसंस्थाहरूले नेपालको मानव अधिकारको स्थितिको सम्वन्धमा चासो प्रकट गर्नुका साथै राष्ट्रिय मानव अधिकार आयोगले खलेको भूमिकाको सराहना गर्दे आएका छन् । आयोगले मानव अधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय समूदायसँग सहकार्य गर्दै आएको छ । यसै सन्दर्भमा मानव अधिकार सम्वन्धी राष्ट्रिय संस्थाहरूको एशिया प्रशान्त मञ्चको एउटा सक्रिय सदस्यको रुपमा आयोगले महत्वपूर्ण भूमिका निभाउदै आएको छ । संयुक्त राष्ट्र संघीय उच्चायुक्त कार्यालयबाट राष्ट्रिय मानव अधिकार आयोगलाई प्राविधिक सहायता उपलब्ध हुनका साथै दातृ संस्थाहरूले आयोगको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन् । त्यसै गरी यूरोपियन युनियन (EU) क्यानेडियन मानव अधिकार प्रतिष्ठान (CHRF), डेनिस इन्स्टिच्युट फर ह्युमन राइट्स (DIHR), रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC), वाल बचाउ नर्वे जस्ता विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सुसम्वन्ध कायम रहदै आएको छ ।

### आयोगको संस्थागत विकास

आयोगले स्थापनाकाल देखि नै भौतिक पूर्वाधारको निर्माण, मानव संसाधनको व्यवस्था लगायतका क्रियाकलापहरु संचालन गर्दै संस्थागत विकास प्रक्रियाको प्रारम्भ गरेको थियो । शुरुका वर्षहरुको न्यून बजेट तथा सीमित भौतिक पूर्वाधार एवं मानव संसाधनको कमीले गर्दा आयोगलाई काम गर्न निकै कठिनाईको सामना गर्नु परेको थियो । पछिल्ला वर्षहरुमा सरकारी बजेत क्रमिक रुपमा वृद्धि हुँदै जानु एवं आयोगलाई वैदेशिक सहायत प्राप्त हुन थालेपछि संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुग्न थालेको छ । यसैक्रममा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको समन्वयमा आयोगको संस्थागत विकास गर्ने उद्देश्यले विभिन्न दातृ समुदायहरूबाट प्राप्त वितिय सहयोगमा आयोगको क्षमता विकास परियोजना २००२ देखि संचालन हुदै आएको छ । यस अनुसार आयोगको भौतिक पूर्वाधारको विकास, उपकरण खरीद लगायतका त्रियाकलापबाट संस्थागत विकासमा सहयोग पुगेको छ । आयोगका पदाधिकारीहरू अध्ययन भ्रमण, कर्मचारीहरूका लागि तालिम उपलब्ध गराउनुका साथै आयोगलाई विदेशी विशेषज्ञको परामर्श सेवा समेत उपलब्ध गराउदै अएको छ । आयोगद्वारा तर्जुमा गरी कार्यान्वयनमा आएको रणनैतिक योजना २००४-२००८ मा पनि संस्थागत विकास गर्दै आयोगको छवि उच्च बनाउने कार्यकालागि छुट्टै उद्देश्यको व्यवस्था भई सो अनुरुप वार्षिक कार्यक्रम समेत संचालन गरिदै आएको छ । यसबाट आयोगको संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## उपलब्धि तथा चुनौती

आयोगले पाँच वर्षको छोटो अवधिमा पनि मानव अधिकारको संरक्षण र सम्वर्द्धनका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएको छ । सशस्त्र संघर्षका कारणले व्यापक रुपमा मानव अधिकार उल्लघंनका घटनाहरू बढिरहेको परिप्रेक्ष्यमा मानव अधिकारको सरक्षणको कार्य ज्यादै नै चुनौतीपूर्ण हुनु स्वाभाविक थियो । तथापि नेपाली जनताको आयोग प्रतिको आशा, भरोसा एवं विश्वास, मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट प्राप्त सहयोग एवं मानव अधिकारको संरक्षणका निमित्त व्यक्त गरिएको ऐक्यवद्धताले गर्दा आयोगलाई प्रभावकारी ढङ्गले कर्तव्य निर्वाह गर्नमा उर्जा प्राप्त हुन गयो ।

यस अवधिमा आयोगले मानव अधिकारको अनुगमन तथा अनुसन्धान, क्षेत्रीय कार्यालय मार्फत पहुँच विस्तार एवं संस्थागत क्षमता अभिवृद्धिका क्षेत्रमा महत्वपूर्ण फड्को मार्न सफल भएको छ । यसै गरी शान्ति वार्तामा मानव अधिकारको ऐजेण्डालाई विसन नमिल्ने कुरालाई पनि उजागर गर्न सफल भएको छ । मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न सरकार तथा विद्रोही पक्षलाई सचेत गराउने एवं मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँग सम्वन्ध सुदृढ गर्ने कार्यमा अथक प्रयास गरको थियो । सशस्त्र द्वन्द्वको समयमा मानव अधिकारको संरक्षण गर्नकालागि आयोगले खेलेको भूमिकालाई संयुक्त राष्ट्र संघ लगायतका अन्तर्राष्ट्रिय निकायहरूबाट सराहना समेत गरिएको छ । आयोगले एशिया प्रशान्त मन्चको आठौं सदस्यको रुपमा स्थापनाको पहिलो वर्षमा नै सदस्यता प्राप्त गर्न सफल हुनका साथै संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको वार्षिक बैठकमा सक्रिय सहभागिता जनाउदै आएको छ । यसै गरी अन्तर्राष्ट्रिय समन्वय समितिको एशिया प्रशान्त क्षेत्रको सदस्यको रुपमा समेत सक्रिय भूमिका निर्वाह गरिरहेको छ ।

उपलब्धिका दृष्टिकोणले छोटो अवधिमा उल्लेख्य प्रगति हासिल गर्न सफल भएता पनि पाँच वर्षे कार्यकालको दौरान अनेकौ चुनौतिहरुको सामना गर्नु पर्‍यो । प्रारम्भिक वर्षहरूमा श्री ५ को सरकारबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नाले ऐन प्रदत्त दायित्व निर्वाह गर्नमा वाधा पुग्न गएको थियो । त्यसै गरी सशस्त्र द्वन्द्वका कारण मुलुकमा हत्या हिंसा, वेपत्ता, अपहरण, यातना जस्ता घटनाहरूको अत्याधिक वृद्धि हुँदै जानाले सीमित श्रोत्र र साधानको परिधि भित्र रही मानव अधिकार सरक्षणका निमित्त अनुगमन गर्नुपर्ने वाध्यता सृजना हुन पुग्यो । त्यसै गरी परिवर्तित राजनैतिक अवस्था, संसद्को अनुपस्थिति, पटक पटक घोषणा गरिएका संकटकाल र सोबाट हुन पुगेका मानव अधिकार उल्लघंनका घटनाहरुको अनुगमन तथा अनुसन्धान एवं प्रलेखीकरणका कार्य झनै चुनौतीपूर्ण रहन पुग्यो । आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण, द्वन्द्वका कारण विस्थापित व्यक्तिहरूको अधिकार संरक्षण गर्ने कार्य एवं गैरराज्य पक्षलाई जिम्मेवार वनाउने विषय ज्वलन्त समस्याका रुपमा देखा परे । जवरजस्ती मानिसलाई वेपत्ता पारिने घटनाहरूमा वृद्धि भइरहेको सन्दर्भमा सो सम्वन्धी उजुरीहरु आयोगमा अत्याधिक रुपमा दर्ता हुन गए भने यस उपर कारवाही गर्नमा समेत श्री ५ को सरकारका सम्वन्धित निकायबाट समयमै जानकारी नपठाउने, थुनुवा केन्द्रको आकस्मिक भ्रमणमा आइ परेका कठिनाई एवं आयोगका सुझाव कार्यान्वयनमा पर्याप्त संवेदनशीलता नदेखिएको कारणले विभिन्न कठिनाइको सामना गर्नु पर्‍यो । आयोगलाई ऐन प्रदत्त मानव अधिकारको संरक्षण र सम्वर्द्धन दुवैको दायित्व प्रदान गरिएता पनि आयोगको पहलहरू द्वन्द्वमा बढी केन्द्रित हुनु परेको कारणले मानव अधिकार शिक्षा, सचेतना कार्यक्रम लगायत प्रवर्द्धनात्मक कार्यको गति सुस्त हुन पुग्यो । लामो समयसम्म संसद् विहिनताको कारणले आयोगका मानव अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा प्राप्त हुन सक्ने रचनात्मक सहयोगबाट पनि आयोग वञ्चित हुनु पर्‍यो भने आयोगको वार्षिक प्रतिवेदन उपर संसद्मा छलफल भई आवश्यक मार्ग निर्देशन प्राप्त हुने अवसरबाट समेत बञ्चित रह्यो । यसै गरी स्थापना कालदेखि नै संचारजगतसँग निरन्तर सम्पर्क र सम्वन्ध कायम रही रहेता पनि समय समयमा आयोगका सम्वन्धमा विभिन्न विवादस्पद समाचारको प्रकाशन र प्रसारण भएबाट आयोगलाई आफ्नो कार्यमा केही असजिलो भएको थियो । यसरी स्थापना कालदेखि पाँच वर्षको अवधि सम्म नवीन अनुभवहरु हासिल गर्दै, विभिन्न चुनौतीहरुको सामना गर्दै नितान्त नौलो संस्थाको रुपमा स्थापित आयोगलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउँदै ऐन प्रदत्त मानव अधिकारको संरक्षण र सम्वर्द्धनको कार्यमा समर्पित भई आफ्नो पाँच वर्षे कार्यकाल सम्पन्न गरेको छ ।

# खण्ड १

## विषय प्रवेश

१.१ मानव अधिकारको अवधारणा
१.२ मानव अधिकारको विकास
१.३ राष्ट्रिय मानव अधिकार संस्थाको विकास
१.४ आयोग गठनको पृष्ठभूमि

सौजन्य: विमलचन्द्र शर्मा, इन्सेक



आयोग गठनको माग गर्दै नागरिक समाजद्वारा आयोजित दवावमुलक कार्यक्रमको एक झलक



आयोग स्थापनाको शुरुको अवधिमा एउटै कोठामा कार्यरत आयोगका पदाधिकारीहरू



आयोगका अध्यक्षद्वारा सदस्यहरूलाई शपथ ग्रहण गराइदै

"सवै मानवहरु जन्मजात स्वतन्त्र छन् र मर्यादा र अधिकारमा समान छन् ।"
**-मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ (धारा १)**

# खण्ड १
# विषय प्रवेश

## १.१ मानव अधिकारको अवधारणा

मानव अधिकार मानव जातिको प्राकृतिक अधिकार हो । मानव अधिकारलाई विश्वव्यापी, अविभाज्य, अहरणीय एवं मानव जीवनको अस्तित्वसँग गाँसिएको अधिकारको रुपमा लिने गरिन्छ । मानव अधिकारको वर्तमान अवधारणा पश्चिमी मुलुकको धार्मिक, सामाजिक, राजनैतिक र बौद्धिक परम्पराबाट अत्यधिक प्रभावित भएको जस्तो देखिए तापनि यो अवधारणा कुनै एक निश्चित कालखण्ड, समाज, संस्कृति, धर्म, भू-भाग र राजनीतिक मान्यता एवं पद्धतिबाट उत्पन्न भएको होइन । पूर्वीय स्मृतिशास्त्रहरूमा पनि मानव अधिकार सम्बन्धि प्रशस्त आख्यानहरू पाइन्छन् । प्राचीन युगमा राज्य व्यवस्था देखि लिएर सम्पूर्ण कुराहरू धर्मबाट संचालित हुने गर्दथे । धर्मभित्र कानून समेत पर्न हुनाले मानव अधिकार तथा कर्तव्य सम्बन्धी विषयहरू पनि धर्मद्वारा नै निर्देशित थिए । मानव अधिकारलाई जे जसरी परिभाषित गरिए तापनि मानव अधिकारको अर्थ खोज्दा मूलभूत रुपमा मानवीय मूल्य र मर्यादालाई केन्द्र विन्दु बनाई सोही मर्यादामा बाँच्नको लागि चाहिने अधिकार नै मानव अधिकार हो भन्न सकिन्छ । मानव अधिकारको अवधारणाको इतिहास मानव समाज जत्तिकै प्राचीन छ । यसको विकास क्रमको इतिहास अनेकौं युगको अनुभव, विभिन्न विद्वान्हरूको देन र तत्सम्वन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरूको विकसित तथा विशिष्ट स्वरुप हो ।

प्राचीनकालदेखि अन्याय, अत्याचार, दमन र उत्पीडनका विरुद्ध मानिसहरूले गरेका निरन्तर प्रतिरोध, विद्रोह तथा आन्दोलनको इतिहास पनि मानव अधिकार आन्दोलनको इतिहास हो । व्यक्तिका सर्वमान्य, जन्मसिद्ध, नैसर्गिक, अविभाज्य तथा अपरिहार्य अधिकारहरू म्याग्नाकार्टा (Magna Carta), विल अफ राइट्स (Bill of Rights), अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सेली क्रान्ति, रुसी बोल्सेभिक क्रान्ति जस्ता ऐतिहासिक घटनाक्रमबाट विकसित हुदैं दोस्रो विश्व युद्धको नरसंहार पछि संयुक्त राष्ट्र संघले विश्वशान्ति एवं मानव अधिकारको स्थायी संरक्षणको निमित्त मानव अधिकारलाई आफ्नो बडापत्रमा स्थान दियो । विशेषगरी दोस्रो विश्वयुद्ध र त्यसभन्दा केही पहिलेदेखिको नाजी जर्मनीमा भएको आमनरसंहार गरिएको घटना (Holocaust) समेतबाट प्रभावित भई १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गर्न अधिकांश राष्ट्रहरूले सहमति जनाएका थिए । संयुक्त राष्ट्र संघीय वडापत्र जारी भएको तीन वर्षपछि १० डिसेम्वर, १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरियो । यसपछि लगभग विश्वको अधिकांश देशहरूका निमित्त सो दस्तावेज मानव अधिकारको महत्वपूर्ण मार्गदर्शक दस्तावेज बन्न पुग्यो । यसरी मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र जारी भएपछि मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रभावकारी संरक्षण तथा सम्बर्द्धनका लागि सोही घोषणा-पत्रका मुलभूत मान्यता तथा सिद्धान्तहरूमा आधारित रहेर विश्व समुदायले विशेष पहलहरू गर्दै आएकाछन् । यस अर्थमा मानव अधिकारको क्षेत्रमा मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र एक कोसेढुंगा सावित भएको छ । सन् १९४८ को घोषणापत्र पश्चात् शुरु भएको शीतयुद्ध र चीनमा कम्युनिष्ट शासनको उदय आदि जस्ता राजनैतिक कारणले गर्दा द्वितीय विश्व युद्धका सहयोगी देश सोभियत संघ र चीन संयुक्त राज्य अमेरिका र बेलायतबाट टाढा हुन पुगे र सो घोषणपत्रपश्चात् सहजरुपमा आउनु पर्ने नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अनुवन्ध तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अनुबन्धहरू आउन नसकी सवै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धि (CERD), १९६५ मात्र जारी हुन सफल भएको थियो ।

यसरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको झण्डै दुई दशक पछि मात्र नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अनुवन्ध, १९६६ तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अनुबन्ध, १९६६ जारी हुन सक्यो । यी दुई महासन्धिका भावना लाई समेत आत्मसात गर्दे तदअनुरुप राज्यका क्रियाकलापहरूलाई सुनिश्चित गराउने उद्देश्यले समूहगत विशिष्ठताका आधारमा महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धि १९७९ (CEDAW), यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४ (CAT) बाल अधिकार सम्वन्धी महासन्धि १९८९ (CRC) जस्ता छुट्टाछुट्टै अन्तर्राष्ट्रिय महासन्धिहरू निर्माण गरी राज्यको अनुमोदनका लागि खुला गरियो । यी मानव अधिकार सम्वन्धी प्रमुख महासन्धिहरूलाई प्रमुख छ वटा महसन्धि (Big Six Conventions) का रुपमा लिने गरिएको छ । यी महासन्धिको पक्ष राष्ट्र भइसकेपछि महासन्धिका प्रावधानहरू अनुरुप मानव अधिकारको सम्मान, संरक्षण सम्बर्द्धन र परिपालना (Respect, protect promote and fulfil) गर्नेको लागि राज्यले कानूनी, प्रशासनिक तथा न्यायिक उपायहरू अवलम्वन गरी प्रभावकारी कार्यान्वयनको दायित्व निर्वाह गर्नुका साथै महासन्धिमा व्यवस्था भए अनुरुप आवाधिक रुपमा सम्वन्धित संयुक्त राष्ट्र संघीय समितिमा प्रतिवेदन पेश गर्नुपर्ने दायित्व प्रदान गरिएको छ ।

मानव अधिकार सन्दर्भमा अन्तर्राष्ट्रिय दस्तावेजहरू चर्चा गर्दा संयुक्त राष्ट्र संघ गठन हुन पूर्व गठन भएको अन्तर्राष्ट्रिय श्रम संगठन द्वारा निमार्ण गरिएका अन्तर्राष्ट्रिय श्रम सम्वन्धी महासन्धिहरू, युद्धमा पालना गर्नुपर्ने नियमहरू संहितावद्ध गरी तयार गरिएको जेनेभा महसन्धीहरू त्था स्वेच्छिक उपलेखहरू, शरणार्थी सम्वन्धी महासन्धिहरू लगायतका अन्य संयुक्त राष्ट्र संघबाट जारी गरिएका दस्तावेजहरू, घोषणापत्रहरू जस्ता दस्तावेजहरूलाई पनि उत्तिकै महत्वका साथ लिने गरिएको छ ।

## १.२. नेपालमा मानव अधिकारको विकास

विश्वमा मानव अधिकारको अवधारणा द्वितीय विश्व युद्ध पश्चात स्पष्ट रुपमा विकास हुन थालेको सन्दर्भमा नेपालमा मानव अधिकारको विकासको चर्चा गर्दा नेपालको कानूनी इतिहासको चर्चा गर्नुपर्ने हुन आउँछ । नेपालको पहिलो लिखित तथा संहिताबद्ध कानून मुलुकी ऐन, १९१० छोटाबडा सबैलाई समान न्याय दिने धारणा बाट आएको भए पनि जाती पातिको आधारमा भेदभाव हुने गरेको थियो । नेपाल सरकार बैधानिक कानून, २००४

ले व्यक्तिगत स्वतन्त्रता,वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा र संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानूनी पूर्ण समानता, छिटो र सुलभ साथ पाइने इन्साफ, मुलुक भर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत संरक्षणका हकहरू दिने भनी उल्लेख गरिएता पनि लोक नीति र सदाचारको सिद्धान्तहरूको बर्खिलाप गरी प्रयोग गर्नु नहुने, प्रचलित र नयाँ बन्ने ऐन नियमहरूको विरोध नगरी प्रचलन गर्नु पर्ने भनी त्यस्ता हक तथा स्वतन्त्रताहरूमा अंकुश समेत लगाईएको देखिन्छ ।

त्यसै गरी व्यक्तिगत स्वतन्त्रताको ऐन, २००६ मा विनाबारेण्ट पक्राउ गर्न नपाइने र पक्रेपछि १२ घण्टाभित्र अड्डा अदालतमा पेश गर्नुपर्ने जस्ता केही प्रावधानहरू थिए । त्यस्तै नेपाल अन्तरिम शासन विधान, २००७ ले राज्यनीतिका निर्देशक सिद्धान्तहरू शीर्षकमा ती अधिकारहरूको समावेश गरिएको थियो । यस विधानमा पनि संबैधानिक उपचारको व्यवस्था उल्लेख नभई केवल धारा ३२ मा "न्यायप्रबन्ध" भन्ने प्रावधानमा न्यायालय सम्वन्धी व्यवस्थामात्र गरिएको थियो । तर, २००९ सालदेखि लागु भएको प्रधान न्यायलय ऐनले सर्वोच्च अदालतलाई रिट जारी गर्ने अधिकार समेत दिएर प्रत्याभूत अधिकारहरूको रक्षार्थ कानूनी व्यवस्था मिलाएको थियो ।

यस प्रकार मानव अधिकार अन्तर्गत पर्ने आत्म निर्णयको अधिकार, कानूनको अगाडि समानताको अधिकार, केही प्रतिबन्धयुक्त वाक तथा प्रकाशन, संघ संस्था खेल्ने, भेला हुने,घुमफिर गर्ने, पेशा रोजगार गर्ने तथा कानून बमोजिम बाहेक जीवन हरण नगरिने र केही अपराधमा मात्र मृत्यु दण्डको सजाय दिइने, फौजदारी अपराधमा सुनुवाईको मौका दिइने न्यायिक वा अर्धन्यायिक निकायबाट सुनुवाई हुने, एकै अपराधमा दोहोरो सजाय नगरिने, धार्मिक, साँस्कृतिक लगायतका हक तथा स्वतन्त्रताहरूको व्यवस्थाहरू कुनै न कुनै रुपमा नेपाल सरकारको बैधानिक कानून, २००४ नेपाल अन्तरिम शासन विधान, २००७ नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको संविधान, २०१९ मा गरिएको भएतापनि नेपाल अधिराज्यको संविधान, २०४७ नै आधारभूत मानव अधिकारको प्रत्याभूति एवं प्रभावकारी उपचारको स्पष्ट व्यवस्था समेत रहेको संविधान हो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा मानव अधिकारको प्रत्याभूतिको स्पष्ट उल्लेख गरिएको र धारा ११ देखि २३ मा मौलिक हकहरू उल्लेख हुनुका साथै निर्देशक सिद्धान्तहरू अन्तर्गत राज्यले महिला, बालबालिका, जनजाति, आदिवासी तथा अन्य पिछडिएका र शोषित वर्गको उत्थान एवं कल्याणको लागि कार्य गर्न सक्ने व्यवस्था समेत उल्लेख गरेको पाइन्छ ।

अन्तर्राष्ट्रिय जगतमा मानव अधिकार प्रति प्रतिवद्धता व्यक्त गर्ने क्रममा नेपालले १८ वटा मानव अधिकार सम्वन्धी दस्तावेजहरूमा हस्ताक्षर गरेको छ भने १६ वटा मानव अधिकार सम्वन्धी दस्तावेजहरूलाई अनुमोदन/सम्मिलन समेत गरिसकेको छ । यसरी विभिन्न महासन्धिको अनुमोदन गरी अन्तर्राष्ट्रिय दस्तावेजको पक्ष बनिसकेपछि त्यस्मा उल्लेख भएका व्यवस्थाहरूलाई राष्ट्रिय कानूनमा समावेश गरी पुर्ण कार्यान्वयन गर्ने गराउने र त्यस्तो कार्यान्वयनको अवस्थाको बारेमा संयुक्त राष्ट्र संघीय सम्बन्धित समितिमा आवधिक प्रतिवेदन पठाउनु पर्ने दायित्व श्री ५ को सरकारमा रहेको छ ।

नेपाल सन्धी ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल पक्ष भएका सन्धि सम्झौताहरू राष्ट्रिय कानून सरह मान्य हुने प्रावधान भएवाट समेत मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेखित व्यवस्थाहरू राष्ट्रिय कानूनमा समायोजना गर्नमा मार्ग प्रशस्त भएको पाइन्छ । यसका साथै मानव अधिकार आयोग, २०५३, संसदमा मानव अधिकार सम्बन्धि समितिको व्यवस्था गरिनुबाट नेपालमा मानव अधिकारको विकासमा महत्वपूर्ण सहयोग पुगेको देखिन्छ ।

नेपाल सन्धी ऐन, २०४७

**दफा ९: सन्धीको व्यवस्था कानून सरह लागू हुने :**

*(१) संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृती वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग वाझिएमा सो सन्धिको प्रयोजनकोलागि वाझिएको हदसम्म प्रचालित कानून अमान्य हुने छ र तत् सम्वन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ ।*

*(२) संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल अधिराज्य वा श्री ५ को सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने त्यसको कार्यान्वयतकोलागि कानूनी व्यवस्था गर्न पर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयकोलागि श्री ५ को सरकारले यथासंभव चाँडो कानून वनाउने कारवाही चलाउनु पर्दछ ।*

## १.३ राष्ट्रिय मानव अधिकार संस्थाको विकास

राष्ट्रिय मानव अधिकार संस्थाको स्थापना सम्वन्धमा ऐतिहासिक विकासक्रमको अध्ययन गर्दा १९४६ मा आर्थिक तथा सामाजिक परिषद (ECOSOC) को दोस्रो बैठकमा स्थानीय स्तरको सूचना समूह वा मानव अधिकार समिति गठन गर्ने उपयुक्तताको विषय बीचार गर्न सदस्य राष्ट्रहरूलाई आमन्त्रण गर्न निर्देश गरेको पाईन्छ ।[१] त्यसैगरी १९६० मा त्यस्ता संस्थाहरूको सक्रिय सहभागिताको लागि प्रोत्साहन गर्ने एवं व्यापक अनुगमन गर्न दिने सम्वन्धमा दायरा फराकिलो गर्ने कुरा फेरी उठ्यो । यो परम्परा निरन्तर हुँदै गयो । १९६० र १९७० को बीचमा मानव अधिकार दस्तावेजहरू प्रसार हुने क्रममा ती दस्तावेजको राष्ट्रिय कार्यान्वयनको निमित्त एउटा राष्ट्रिय संयन्त्रको आवश्यकता महशुश गरियो । १९७८ मा जेनेभामा सम्पन्न भएको कार्यशालाले [२] राष्ट्रिय संस्थाहरूको कार्य र सम्वन्धमा पहिलो चरणका निर्देशिकाको प्रारुप तयार गर्‍यो जस अनुरुप राष्ट्रिय संस्थाहरूलाई दुई

[१] Here it was decided to invite member states to "consider the desirability of establishing local bodies in the form" information groups or local human rights committee to function as vehicles for collaboration with the United Nation Commission on Human Rights (ECOSOC Resolution 2/9 of 21 June 1946)

[२] Seminar on National and Local Institutions for the Promotion and Protection of Human Rights

वर्गमा राखियो- एउटो मानव अधिकारको प्रवर्द्धन (सूचना र चेतनामूलक) प्रकृतिको थियो भने दोश्रो राष्ट्रिय नीति ( न्यायिक, विधियकी तथा प्रशासनिक निर्णयहरू), राज्यलाई प्रतिवेदन एवं सिफारिशहरू पेश गर्नुपर्ने जस्ता प्रत्यक्ष संलग्नताका विषयहरू समावेश गरिएका थिए । समाजका बहुल वर्गका प्रतिनिधित्वका सम्वन्धमा पनि यसमा चर्चा गरिएको थियो ।[३] यो निर्देशिकाहरूलाई संयुक्त राष्ट्र संघको साधरण सभाले १९७८ मा पारित गऱ्यो । १९७९ मा आएर साधारण सभाले यस विषयमा फेरि सवाल उठाई सदस्य राष्ट्रहरूलाई राष्ट्रिय संयन्त्र स्थापनाको सम्वन्धमा आवश्यक पाइला चाल्न सिफारिश गरेको थियो ।

१९८१ मा महासभाद्वारा पारित प्रस्तावको एउटा खण्डमा राष्ट्रिय संस्थाका सम्वन्धमा अवधारणात्मक खाकामा मानव अधिकार तथा आधारभूत स्वतन्त्रतालाई अबिभाज्य ठान्दै नागरिक तथा राजनैतिक अधिकार सँगसगै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उत्तिकै रुपमा संरक्षण र सम्वर्द्धन गर्न बिचार पुऱ्याउनु पर्ने कुरामा जोड दिएको थियो ।[४] सन् १९८६ देखि १९९१ सम्म पारित प्रस्तावहरूमा मानव अधिकार संस्थाहरूलाई संरक्षणात्मक एवं संवर्द्धन कार्य क्षेत्र प्रदान गर्ने एवं अदालत तथा न्यायिक निकायको प्रतिस्थापनाको रुपमा नभई पूरक भूमिकामा सहमत हुनुका साथै राष्ट्रिय संस्था स्थापनाका निमित्त उत्प्रेरक भूमिका खेल्न संयुक्त राष्ट्र संघलाई सिफारिश समेत गरिएको थियो ।[५]

मानव अधिकार राष्ट्रिय संस्थाका सम्वन्धित विषयमा आफ्नै राष्ट्रभित्र मानव अधिकारको संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि स्वतन्त्र एवं स्वायत्त राष्ट्रिय संयन्त्रको स्थापना हुनु जरुरी छ भन्ने कुरालाई दृष्टिगत गरी यस विषयमा अझ प्रष्ट पार्ने उद्देश्यले सन् १९९१ मा संयुक्त राष्ट्रसंघ (UN) को तत्वावधानमा पेरिसमा बसेको राष्ट्रिय संस्थाका (National Institutions) प्रतिनिधिहरूको बैठकले एउटा विस्तृत सिद्धान्त तयार पार्ने कार्य गऱ्यो । यसलाई नै संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोग तथा महासभाले पनि पारित गऱ्यो । प्यारिस सिद्धान्तका नामले (Paris Principles) परिचित यस्का विभिन्न महत्वपूर्ण बुँदाहरू मध्ये यसरी स्थापित राष्ट्रिय संस्थाहरूलाई आवश्यक पर्ने कर्मचारीहरू तथा भौतिक सुविधा सम्वन्धी व्यवस्था मिलाउन सरकारद्वारा पर्याप्त आर्थिक सहयोग हुनु पर्ने कुरा समेत उल्लेख गरिएको पाइन्छ । उक्त सिद्धान्तमा राष्ट्रिय संस्थालाई व्यापक दायरा (Broad Mandate ) दिईनु पर्ने सम्वन्धमा चर्चा गर्दै कुनै एउटा मात्रै मानव अधिकार कार्यादेश पालन गर्ने संस्थालाई राष्ट्रिय संस्था नभई विशेष संस्था (Specialized Institution) को रुपमा बर्गीकरण गरिएको छ । प्यारिस सिद्धान्तमा उल्लेखित पाँचवटा शिर्षकहरू अन्तर्गत मानव अधिकार उल्लंघनको अनुगमन गर्नु पर्ने, सरकारलाई मानव अधिकारको विषय सल्लाह दिने, क्षेत्रीय र अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको सम्वन्ध कायम गर्ने, मानव अधिकार सम्वन्धी शिक्षा र सूचनाका क्षेत्रमा अधिकार क्षेत्र प्राप्त भएको हुनुपर्ने तथा अर्धन्यायिक हैसियत (Quasi Judicial Competence ) अधिकार प्रयोग गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न स्वयन्त्र र स्वायत संस्थाको रुपमा काम गर्न सक्षम हुनुपर्ने जस्ता विषयहरु उल्लेख गरिएको छ । त्यसै गरी आफ्ना कार्यहरूलाई सम्पादन गर्न यस्ता संस्थासँग प्रयाप्त कर्मचारी हुनु पर्ने, कुनै गैर सरकारी संस्था, समूह वा व्यक्तिका मात्र भर पर्न नहुने तर्फ समेत इंगित गर्दै त्यस्ता राष्ट्रिय संस्थाले सरकार, संसद वा अन्य सक्षम निकायलाई विशेष उल्लंघन वा अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेज आधारमा सल्लाह दिन सक्षम हुनु पर्दछ भनी उल्लेख गरिएको छ । यसै कारणले गर्दा औपचारीक वा अनौपचारिक रुपमा राज्यका निकायसँग सम्वाद गर्न माध्यम स्थापित गरिनुपर्दछ भन्ने कुरा जोड दिएको छ । यसरी राष्ट्रिय मानव अधिकार संस्थाको स्थापना सम्वन्धमा संयुक्त राष्ट्र संघले महत्वपूर्ण पहल गरेको पाइन्छ ।

## १.४ आयोग गठनको पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्न स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार आयोग गठन गर्ने सिलसिलामा संसदले मानव अधिकार आयोग ऐन, २०५३ बनायो । यसरी ऐन पारित हुनुको पछाडि संसद् सरकार, प्रतिपक्षी राजनैतिक दलहरू तथा नागरिक समाजको विशेष भूमिका रहेको छ । प्रजातन्त्रको पुनःस्थापना पश्चात् गैर सरकारी संस्थाहरूका तर्फबाट उठाइएको मागलाई २०४९ सालमा नै सांसदहरूले राष्ट्रिय सभामा उठाएका थिए भने २०५१ सालमा सरकारको तर्फबाट कानून सुधार आयोगमा मानव अधिकार ऐनको मस्यौदा गरिएको थियो । तर संसद्मा भने २०५२ सालमा गैर सरकारी विधेयकको रुपमा राष्ट्रिय सभामा पेश गरियो र २०५३ सालमा ऐनको रुपमा आयो । उक्त विधेयक माथि मिति २०५३/९/२४/४ लालमोहर लागेपछि ऐनको रुप लिएको थियो । यसरी यो ऐन संसदले गैरसरकारी विधेयकको रुपमा पारित गरेको पहिलो विधेयक भएकोले मानव अधिकार आन्दोलनको इतिहासमा मानव अधिकार आयोग ऐन, २०५३ कोशे ढुङ्गाको रुपमा रहेको छ ।

मानव अधिकार आयोग ऐन, २०५३ जारी भएको दुई वर्ष सम्म पनि सरकारद्वारा आयोग गठनमा ढिलासुस्ती भएकोमा विभिन्न मानव अधिकारवादी संघसंस्थाहरू एवं प्रवुद्ध वर्गबाट सरकारलाई दवाव दिने उद्देश्यले प्रदर्शन, धर्ना तथा अनसन जस्ता दवावमूलक कार्यक्रम संचालन गरेका थिए । त्यसै गरी मानव अधिकार क्षेत्रका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था एंव दातृ निकायहरूबाट समेत नेपालमा मानव अधिकार आयोग गठन हुन पर्ने सम्वन्धमा एकेवद्धता दर्शाएका थिए । यसै क्रममा जनहित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता भोजराज ऐर विरुद्ध मानव अधिकार आयोग ऐन २०५३ को दफा ४ को सिफारिस समितिको पदेन अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला, प्रधानमन्त्रीको कार्यालय सिंहदरवार समेत विपक्षी रहेको "परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पूर्जि जारी गरी पाउँ" भन्ने विषयको सम्वत २०५५ सालको रिट नं ३३६६ को रिट निवेदन उपर सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री भैरव प्रसाद लम्साल तथा माननीय न्यायाधीश श्री गोपाल प्रसाद खत्रीको

---

[३] A/RES/33/46 of 14December 1978

[४] " All Human Rights and Fundamental Freedoms are Indvisable and that equal attention and urgent Consideration should be given the implementation promotion and protection of both civil and political and economic social and culture rights."

[५] " The resolution from 1986 to 1991 stress that the issue should be given high priority, that funding and technical assistance should be ensured, and that the UN should play " a catalytic role in assisting the development of National Human Rights Institutions by acting as a clearing house for the exchange of information and experience."

संयुक्त इजलासबाट मिति २०५६ साल असार २९ गते मङ्गलवार भएको आदेशमा राष्ट्रिय मानव अधिकार आयोग गठन गर्नु गराउनु भनि विपक्षीहरूको नाममा परमादेश जारी गरिएको थियो । आयोग गठनको सम्वन्धमा परेको रिट उपर सम्मानित सर्वोच्च अदालतबाट भएको यस ऐतिहासिक आदेशबाट आयोग गठन सम्वन्धमा मार्ग प्रशस्त भएको थियो ।

**सर्वोच्च अदालतबाट आयोग गठनका सम्वन्धमा जारी गरेको परमादेश**

मुख्य रुपमा निवेदकहरूको मागलाई संक्षेपीकरण गर्दा मानव अधिकार आयोग ऐन २०५३ मिति २०५३/०९/२४ मा लागु भए पश्चात हालसम्म पनि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र गठन हुन नसकेको र मानव अधिकार आयोग ऐन, २०५३ नै निस्क्रिय हुन पुगेको हुनाले ऐनको दफा ४ (२) अनुसार सिफारिस समितिको वैठक बोलाई आयोगको गठन गराई सो ऐन क्रियाशील गराई पाउँ भन्ने नै मुख्य निवेदन जिकिर देखिन्छ ।

राष्ट्रिय मावन अधिकार आयोग गठन गर्ने कुरामा श्री ५ को सरकार सदैव सचेत र सजग रहिआएको छ । प्रतिनिधि सभाको विघटनको कारणबाट काम चलाउ सराकर भै विपक्षी दलको नेताको समेत अनुपस्थित रहेको हुँदा सिफारिस समितिको बैठक बस्न सक्ने अवस्था नरहेको र आगामी निर्वाचन पश्चात उपयुक्त समयमा ऐन बमोजिमको आयोग गठन हुने हुँदा रिट निवेदनको औचित्य नभएको हुनाले रिट जारी हुनुपर्ने होइन, खारेज होस् भन्ने विपक्षीतर्फको लिखित जवाफ रहेछ । मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनु पर्छ भनि मानव अधिकार आयोग ऐन, २०५३ को दफा २ (च) ले परिभाषित गरेको छ । सोही ऐनको दफा ३(१) ले राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र गठनको व्यवस्था गरेको देखिन्छ । त्यस्तो ऐनको दफा ४(१) मा श्री ५ वाट सिफारिस समितिको सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गरिवक्सने व्यवस्थाको साथै सोही दफाको उपदफा (२) मा सिफारिस समितिमा प्रधानमन्त्री अध्यक्ष र प्रधानन्यायाधीश र प्रतिनिधिसभाको विपक्षी दलको नेता सदस्य रहने कानूनी व्यवस्था भएको पाइन्छ । सिफारिस समितिको बैठकका सम्वन्धमा आवश्यक व्यवस्था गर्ने जिम्मेवारी श्री ५ को सरकारको मुख्य सचिबको हुनेछ भनि ऐनको दफा ४(४) मा उल्लेख भएको छ ।

मावन अधिकार आयोग ऐन, २०५३ मा आयोगको काम कर्तव्यमा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु आयोगको कर्तव्य हुने भनी तोकिएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाबाट समेत सो कुरालाई आत्मसात गरेको पाइन्छ । मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत आयोग गठन भएमा यस्तो मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न निश्चय पनि एउटा ठूलो भूमिका निर्वाह गर्दछ । प्रस्तुत रिट निवेदनमा सिफारिस समितिका अध्यक्षको लिखित जवाफमा समेत आयोग गठन गर्ने कुरामा श्री ५ को सरकार सदैव सचेत र सजग रहेको व्यहोरा उल्लेख छ । यसबाट मानव अधिकार आयोग ऐन क्रियाशिल हुनुपर्छ भन्ने कुरामा दुवै पक्षबीच मुख मिलेकै पाइन्छ । तर आज दुईवर्ष भन्दा बढी समय व्यतित हुँदा पनि ऐन किन क्रियाशील हुन सकेन भन्ने कुरामा कुनै प्रकाश पारिएको वा तत्सम्वन्धमा कुनै खण्डन गरिएको देखिदैन । आम निर्वाचन पश्चात उपयुक्त समयमा ऐन बमोजिमको आयोग गठन हुने भनि विपक्षी तर्फबाट प्रतिवाद गरेको देखिन्छ । तर आम निर्वाचन भै नयाँ सरकारको गठन भएको २ महिना वितिसक्दा पनि आयोग गठन हुने भनि उल्लेख भएको छ, तर उपयुक्त समय भनेको कति समय हो सो को कुनै निश्चित अवधि तोकिएको छैन । वास्तवमा मानव अधिकारको कुरा एक संवेदनशील कुरा हो, सो कुरालाई कसैले पनि इन्कार गर्न मिल्दैन र तसर्थ यस्तो संवेदनशील कुरासँग गाँसिएको आयोगलाई लामो समयसम्म सजीवता नदिई निष्क्रिय राखिछाड्दा निश्चय पनि विधायिकाको मनसाय विपरीत हुन जान्छ । आयोग गठन नभएसम्म आयोगले गर्ने भनिएको कार्यहरू अरु निकायहरूले गर्न नसक्ने गरी जारी भएको ऐन आजसम्म क्रियाशिल नहुनुलाई स्वभाविक भन्न सकिदैन । मानव अधिकारको संरक्षण र संवर्धनका कुरा जनचासोको कुरा हो । यो सार्वजनिक चासोको कुरा होइन भन्ने विव्दान नायव महान्यायाधिवक्ताको वहस जिकिरसँग पनि सहमत हुन सकिएन ।

अतः उपर्युक्त कारण र आधारबाट २ वर्ष अगाडि नै मानव अधिकार जस्तो महत्वपूर्ण ऐन लागू भैसकेको र सो ऐनलाई विनाकारण अनन्तकालसम्म निष्क्रिय गराई राख्नु उपयुक्त नहुने हुनाले मानव अधिकार आयोग ऐन, २०५३ को दफा ३ अनुसार राष्ट्रिय मानव अधिकर आयोग गठन गर्ने गराउने सम्वन्धमा जे जो कार्य गर्नुपर्छ सोकार्य पुरा गरी निवेदकको माग बमोजिम राष्ट्रिय मानव अधिकार आयोग गठन गर्नु गराउनु पनि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । विपक्षीहरूको जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई मिसिल नियमानुसार गरी बुझाई दिनु । "

(आदेशको मुख्य अंश)

यसरी राजनैतिक तथा अन्य विविध कारणबाट २०५३ मा मानव अधिकार आयोग ऐन बनेता पनि २०५७ सम्म आयोग गठन हुन सकेको थिएन । विभिन्न राजनैतिक दल, मानव अधिकारवादी संघसंस्थाहरू र नागरिक समाजको ऐक्यवद्धतापूर्ण दवावमूलक कार्यक्रम तथा सम्मानित अदालतको आदेश समेतको सामूहिक प्रयासको परिणामस्वरुप २०५७ साल ज्येष्ठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको थियो ।

आयोगलाई कार्य प्रारम्भ गर्न सजिलो होस् भन्ने उद्देश्यले आयोगको आन्तरिक संगठनात्मक स्वरुप, आवश्यक भौतिक साधन एवं जनशक्ति, बजेट तथा कार्य संचालनकोलागि आवश्यक विभिन्न नियमहरूको रुपरेखा तयार गर्न आयोग गठन हुनु पूर्व नै मन्त्रिपरिषद्ले एउटा कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले गरेको ७६ जनाको दरवन्दी सहितको सिफारिशबाट आयोगको संगठनात्मक ढाँचा निर्धारण तथा विभिन्न नियम तर्जुमा गर्ने काममा आयोगलाई सहयोग प्राप्त भएको थियो । कार्यदलले आयोगको सम्वन्धमा प्रस्तुत गरेको उक्त संगठनात्मक संरचना अनुसूची १ मा समावेश गरिएको छ ।

# खण्ड २

## आयोगको सामान्य चिनारी

२.१ आयोग गठन
२.२ आयोगको काम, कर्तव्य र अधिकार
२.३ आयोगको क्षेत्राधिकार
२.४ मानव अधिकार आयोग ऐन, २०५३ का कमीकमजोरीहरू

सौजन्य: विमलचन्द्र शर्मा, इन्सेक



आयोग गठनको माग गर्दै नागरिक समाजद्वारा आयोजित दबावमुलक कार्यक्रमको एक झलक



हरिहरभवन स्थित रहेको आयोगको केन्द्रीय कार्यालय



मानव अधिकार आयोग ऐन, २०५३

"मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनु पर्छ।

**- मानव अधिकार आयोग ऐन, २०५३ दफा २ (च)**

# खण्ड २
# आयोगको सामान्य चिनारी

## २.१ आयोग गठन

संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने सम्वन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्न वाञ्छनीय भएकोले संसद्ले गैर सरकारी विधेयकको रुपमा मानव अधिकार आयोग ऐन, २०५३ बनाएको थियो । सोही अनुरुप ऐनको दफा ३ मा व्यवस्था[६] भए बमोजिम २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको थियो ।

मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ मा व्यवस्था भए अनुरुप [७] आयोगको अध्यक्ष पदमा सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश नयन बहादुर खत्री तथा सदस्यहरूमा लोक सेवा आयोगका पूर्व सदस्य डा. गौरीशंकर लाल दास, नेपाल मानव अधिकार सँगठनका पूर्व अध्यक्ष तथा मानव अधिकारवादी प्राध्यापक कपिल श्रेष्ठ, अनौपचारिक क्षेत्र सेवा केन्द्रका पूर्व अध्यक्ष तथा मानव अधिकारवादी श्री सुशील प्याकुरेल तथा न्याय परिषद्का पूर्व सचिव श्री इन्दिरा राणा रहनु भएको एक मानव अधिकार आयोग गठन भएको घोषणा २०५७ साल ज्येष्ठ १३ गते राजदरवारको विज्ञप्तिद्वारा भयो । आयोगका पदाधिकारीहरूको जीवनी सम्वन्धमा अनुसूचि २ मा विवरण संलग्न गरिएको छ ।

आयोगका अध्यक्ष नयनबहादुर खत्रीलाई २०५७ जेठ १७ गते श्री ५ महाराजधिराजको समुपस्थितिमा राजदरवारमा आयोजित एक समारोहबीच श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट शपथग्रहण गराइबक्सेको थियो । त्यसै गरी आयोगका अध्यक्ष नयनबहादुर खत्रीले २०५७ जेठ २३ गते हरिहरभवन स्थित आयोगको कार्यालय भवनमा आयोगका सदस्यहरू डा. गौरीशंकर लाल दास, प्रा. कपिल श्रेष्ठ, सुशील प्याकुरेल र इन्दिरा राणालाई सपथ ग्रहण गराउनु भएको थियो ।

## २.२ आयोगको काम, कर्तव्य र अधिकार

मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ मा आयोगको काम कर्तव्य तथा अधिकारको सम्वन्धमा उल्लेख गरिएको छ । सो दफामा भएको व्यवस्था अनुसार मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नु आयोगको प्रमुख काम कर्तव्य रहेको छ । मानव अधिकारको उल्लंघन र त्यसको दुरुत्साहन भए गरेको अवस्थामा र मानव अधिकारको उल्लंघन रोक्ने सम्वन्धमा सम्बन्धित कुनै व्यक्ति, संस्था वा निकायले लापरवाही वा हेलचेक्र्याँई गरेको विषयमा आफुलाई प्राप्त भएको कुनै पनि किसिमको सूचनाका आधारमा आयोगले छानवीन र अनुसन्धान गर्दछ । त्यस्तो छानवीन आयोग आफैले वा कुनै व्यक्ति वा निकायद्वारा गराउन सक्ने देखिन्छ । छानवीन पश्चात् प्राप्त प्रतिवेदनका आधारमा आयोगले आफ्नो निर्णय गर्ने गर्दछ । आयोगले आवश्यक ठानेको कतिपय अवस्थामा सार्वजनिक सुनुवाई समेत गर्न सक्दछ ।

आयोगले आफ्नो क्षेत्राधिकार भित्र पर्न आएका उजुरी वा निवेदन वा प्रतिवदेन उपर कारवाही गर्दा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने व्यवस्था ऐनको दफा ११ (१) मा उल्लेख भएको पाइन्छ । यस्तो अधिकार अन्तर्गत आयोगले कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई वयान लिने, साक्षी बुझ्ने तथा बकपत्र गराउने, लिखत पेश गर्न आदेश गर्ने, कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, प्रमाण बुझ्ने स्थलगत निरीक्षण गर्ने गराउने,दशी प्रमाण पेश गर्न आदेश गर्ने आवश्यक परेको अवस्थामा तलासी लिने लगाउने जस्ता कार्यहरू पर्दछन् ।

यसका अतिरिक्त, अदालत समक्ष दावी समाविष्ठ भई बीचाराधीन रहेको विषयमा सम्बन्धित अदालतको अनुमतिले छानवीन गर्ने, गैरसरकारी क्षेत्रमा कार्यरत मानव अधिकार सँगठनको कार्य तथा प्रयासलाई प्रोत्साहन गर्ने, मुलुकको विद्यमान मानव अधिकारको स्थितिको समीक्षा गर्ने, मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्वन्धमा श्री ५ को सरकारलाई

---

[६] (क) सेवा निवृत भएका सर्वोच्च अदालतका प्रधान न्यायधीश वा न्यायधीशहरू मध्येबाट एक जना- अध्यक्ष
(ख) कानून, मानव अधिकार, सामाजिक वा संचार तथा पत्रकारिताको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरू मध्ये यथाशक्य सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी तीन जना-सदस्य
(ग) संवैधानिक अंगको कुनै पदमा वा श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदमा कार्य गरी सेवा निवृत्त भएको व्यक्ति मध्ये एक जना -सदस्य

[७] अध्यक्ष तथा सदस्यको नियुक्ति : (१) श्री ५ बाट उपदफा (२) बमोजिम गठित सिफारिश समितिको सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गरिबक्सनेछ ।
(२) आयोगका सदस्यहरूको नियुक्तिको सिफारिश गर्न देहाय बमोजिमको सिफारिश समिति रहनेछ :
(क) प्रधानमन्त्री – अध्यक्ष
(ख) प्रधान न्यायाधीश – सदस्य
(ग) प्रतिनिधि सभामा विपक्षी दलका नेता – सदस्य

आवश्यक सुझाव दिने लगायत मानव अधिकारको प्रचलन, सम्बर्द्धन र संरक्षणका लागि आवश्यक र उचित ठानेका आवश्यक अन्य कार्यहरू गर्ने अधिकार समेत आयोगमा रहेको छ ।

त्यसै गरी श्री ५ को सरकार अन्तगर्तका विभिन्न निकायको भ्रमण, निरीक्षण र अवलोकलन गरी त्यस्ता संस्थाको कामकारवाही तथा भौतिक सुविधा आदिमा गर्नु पर्ने सुधारको सम्वन्धमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने, मानव अधिकारको संरक्षण सम्वन्धी व्यवस्थाको पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने, मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजको अध्ययन गरी सम्वन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक र उपयुक्त सुझाव दिने, मानव अधिकारका विविध क्षेत्रमा अनुसन्धान कार्य गर्ने गराउने विभिन्न सेमिनार, गोष्ठी, सम्मेलन, आम संचार तथा प्रकाशनको माध्यमबाट मानव अधिकार शिक्षाको प्रचार प्रसार गरी जनचेतना जगाउने आदि जस्ता कार्यहरू पनि आयोगको अधिकार क्षेत्र अन्तर्गत पर्दछन् ।

## २.३. आयोगको क्षेत्राधिकार

मानव अधिकार आयोग ऐन, २०५३ को दफा १० ले देहायको कुनै विषयमा यस ऐन अन्तर्गत जाँचबुझ गर्ने वा अन्य कुनै कारवाही चलाउने अधिकार आयोगलाई हुने छैन भनी उल्लेख गरेको छ :

(क) सैनिक ऐनको क्षेत्राधिकारको विषय, तर संविधान र प्रचलित कानून बमोजिम अदालतले मुद्दा हेर्न सक्ने विषयमा यो ऐन बमोजिमको काम गर्न आयोगलाई कुनै वाधा पर्ने छैन ।

(ख) श्री ५ को सरकार र कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा अन्तर सरकारी संस्थाका बीच सम्पन्न सन्धि सम्झौता वा नेपाल अधिराज्यको सुरक्षामा प्रतिकूल असर पर्न सक्दछ भनी श्री ५ को सरकारको मुख्य सचिवले प्रमाणित गरेको विषय,

(ग) कुनै अपराधको कानून बमोजिम अनुसन्धान र तहकीकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्न सक्दछ भनी महान्यायाधिवक्ताले प्रमाणित गरेको विषय ।

## २.४ मानव अधिकार आयोग ऐन, २०५३ का कमीकमजोरीहरू

मानव अधिकार आयोग ऐन, २०५३ ले आयोगलाई मानव अधिकारको संरक्षण र सम्वर्द्धनको गहन भूमिका प्रदान गरेको भएतापनि ऐनमा रहेका कतिपय अस्पष्टता एवं कमीकमजोरीहरूले गर्दा ऐनको भावना अनुरुप कार्य गर्नमा केही चुनौतीहरूको सामाना गर्नु परेको छ । आधारभूत रुपमा यस ऐनमा देहाय बमोजिमका कमिकमजोरीहरु रहेको देखिन्छ ।

१. मानव अधिकार उल्लंघन सम्वन्धी उजुरीका सम्वन्धमा सामान्यतया प्रमाणको भार निवेदक पक्षमा रहने भए पनि आयोगले आफ्नै स्वविवेकमा छानवीन तथा अनुसन्धानको कारवाही उठान गर्न सक्ने गरी दुई किसिमको व्यवस्था भएको सन्दर्भमा प्रमाणको भार कसमा रहन्छ भन्ने सम्वन्धमा ऐन मौन रहेको छ ।

२. ऐन स्वयंमा नै आयोगमा प्राप्त निवेदन उजुरी तथ्यहीन लागेमा वा नेपालको अदालतबाट लागू गराउन नसकिने प्रकृतिको देखिएमा आयोगले कारण खेलाई तामेलीमा राख्न सक्नेछ भन्ने व्यवस्था भएका कारण सबै उजुरी उपर प्रारम्भिक कारवाही शुरु गरेर पछि मात्र तामेलीमा राख्नु पर्ने वाध्यता रहेको छ ।

३. ऐनमा कुनै व्यवस्था नभएका कारण आयोग आफै वादी भई मानव अधिकार संरक्षणकोलागि अदालतमा मुद्दा दायर गर्न नसक्ने भएको छ भने आयोगको आफ्नै निर्णय कार्यान्वयन गराउन समेत अदालतको ढोका ढकढक्याउन नसक्ने भएको छ ।

४. ऐनमा उल्लेख भएको सार्वजनिक सुनुवाईको व्यवस्था केवल घटनाको जाँचवुझको प्रयोजनकोलागि मात्र भनी सार्वजनिक सुनुवाईको अर्थलाई नै संकुचित गरिएको छ ।

५. ऐनको दफा १३ बमोजिम आयोगको सिफारिस कार्यान्वय गर्न नमिल्ने कुनै कारण खुलाई सम्वन्धित निकायले प्रतिवेदन पेश गरेको कुरामा आयोग असहमत भएमा के हुन्छ वा के गर्न सकिन्छ भन्ने विषयमा अन्यौलता रहेको ।

६. ऐनमा आयोगलाई कार्य संचालनकोलागि आवश्यक पर्ने स्रोत र साधन श्री ५ को सरकारले उपलव्ध गराउने छ भन्ने व्यवस्था हुनुको सट्टा आयोगलाई कार्य सम्पादन गर्न आवश्यक पर्ने साधन र स्रोतहरु विभिन्न निकायबाट अनुदानको रुपमा प्राप्त गर्न सक्ने छ भन्ने व्यवस्था गरेबाट आयोगलाई आर्थिक समस्या पर्न जाने देखिन्छ । यस आधारमा आयोगले वाह्य श्रोतबाट अनुदान लिन सक्ने तर लेखा परीक्षण महालेखापरीक्षकबाटै हुने हुँदा आर्थिक प्रशासनमा समस्या देखिएको छ ।

७. आयोगको सचिवको काम, कर्तव्य र अधिकारका सम्वन्धमा ऐनमा स्पष्ट व्यवस्था नहुनाले पनि असर परेको छ ।

८. ऐनमा उल्लेख भएका कतिपय प्रावधानहरु अस्पष्ट र अव्यवस्थित रुपमा रहेकोले सो को प्रयोग तथा व्याख्याको सन्दर्भमा कठिनाई हुन सक्ने देखिएको छ ।

९. ऐनको दफा १० बमोजिम आयागको क्षेत्राधिकारमा लगाइएको अंकुश पनि मानव अधिकार उल्लंघनका कतिपय घटनाको छानवीन गर्ने सन्दर्भमा वाधक बन्न सक्ने देखिएको छ ।

# खण्ड ३

## आयोगका पाँच वर्षे क्रियाकलापहरूको एक झलक

३.१ पहिलो वर्ष
३.२ दोस्रो वर्ष
३.३ तेस्रो वर्ष
३.४ चौथो वर्ष
३.५ पाँचौं वर्ष



आयोगका पदाधिकारी तथा उच्च पदस्थ सुरक्षा अधिकृतहरू बीच सम्पन्न अन्तरक्रिया कार्यक्रम




काठमाडौंमा सम्पन्न एशिया प्रशान्त मञ्चको आठौं वार्षिक बैठकका सहभागिहरूका साथमा आयोगका पदाधिकारी एवं कर्मचारीहरू

> "संसारको कुनै ठाँउमा भएको अन्याय सबै ठाँउको न्यायको निमित्त चुनौती हो"
> **- मार्टिन लुथर किङ्ग जुनियर**

# खण्ड ३

# आयोगका पाँच वर्षे क्रियाकलापहरुको एक झलक

मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ बमोजिम मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलामा आयोगले विभिन्न कार्यहरू सम्पादन गर्दै आएको छ। स्थापनाकाल देखि यस अवधिसम्म आयोगले कार्य सम्पादनको दौरानमा सामना गरेका चुनौतीका सम्वन्धमा वर्षगत रुपमा देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ।

## ३.१ पहिलो वर्ष

आयोग स्थापनाको पहिलो वर्षमा सम्पन्न भएका क्रियाकलापहरू मध्ये पूर्वाधार निमार्ण, मानव संशाधनको व्यवस्थापन, नियमावलीहरूको मस्यौदा लगायत आयोगको पहिलो योजनाको खाका निमार्ण जस्ता प्रमुख कार्यहरूमा केन्द्रित रहेको थियो । प्रथम वर्षमा सम्पन्न भएका प्रमुख क्रियाकलापहरू देहाय बमोजिम बुंदाहरूमा उल्लेख गरिएको छ।

### ३.१.१ सांगठनिक संरचना

आयोगको काम कारवाही सुव्यवस्थित रुपले संचालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले श्री ५ को सरकारद्वारा गठित कार्यदलले सँगठन तालिका बनाई ७८ जनाको दरवन्दी प्रस्तावित गरेको थियो । आयोगले प्रायः सोही अनुसार मिल्ने गरी ७६ जनाको दरवन्दी र बजेट स्वीकृतिको लागि श्री ५ को सरकार समक्ष प्रेषित गरेको थियो । तर, आ.व. २०५७/०५८ को लागि बजेट शीर्षक विभाजित गरी रु. ५० लाख मात्र निकासा हुँदा आयोगलाई काम गर्न निकै कठिनाई भएको थियो । तसर्थ, आयोगले तत्काल नभै नहुनेमात्र संख्यामा ४६ जनाको दरवन्दी प्रस्ताव गरेको थियो । यसै गरी अयोगले २०५७ साल माघ २० को निर्णयानुसार आयोगद्वारा ६ महिनाको निमित्त अस्थायी अधिकृतको विज्ञापन भई लिखित तथा अन्तवार्ताबाट सफल उम्मेदारलाई नियुक्ती दिइएको थियो । तर तत्कालीन आवश्यकता पूर्तिको लागि श्री ५ को सरकारबाट खास गरी प्रशासन तथा लेखा शाखाको काममा मद्दत गर्ने प्रयोजनाकोलागि केही कर्मचारी काजमा ल्याई काम चलाइएको थियो।

### ३.१.२ कार्य विभाजन

मानव अधिकार आयोग ऐन, २०५३ ले प्रदान गरेको मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने गहन दायित्व निर्वाह गर्ने क्रममा आयोगमा पाँच वटा महाशाखा गठन गरी आयोगका पदाधिकारीहरूको कार्यविभाजन निम्न अनुसार निर्धारण गरिएको थियो :

(१) श्री नयन बहादुर खत्री, प्रशासन महाशाखा (अन्तर्राष्ट्रिय सम्वन्ध समेत) : आयोगको दैनिक प्रशासनिक कार्य, कर्मचारी व्यवस्थापन एवं अन्तर्राष्ट्रिय सम्वन्ध हेर्ने गरी जिम्मेवारी प्रदान गरिएको थियो।

(२) डा.गौरीशंकर लाल दास, योजना तथा मूल्याकन महाशाखा : आयोगद्वारा संचालन हुने योजनाको प्रारुप तयार गर्ने, त्यस्ता योजनाहरूको समन्वय, मूल्याङ्कन लगायत वार्षिक प्रतिवेदन सम्वन्धी कार्य समेत हेर्ने गरी जिम्मेवारी प्रदान गरिएको थियो।

(३) प्रा. कपिल श्रेष्ठ, सम्वर्द्धन महाशाखा : मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ बमोजम आयोगको सर्म्बधन सम्वन्धी कार्य हेर्ने गरी जिम्मेवारी तोकिएको थियो ।

(४) श्री सुशील प्याकुरेल, संरक्षण महाशाखा : मानव अधिकार आयोग ऐन, २०५३ तथा मानव अधिकार उजुरी, कारवाही र क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ अन्तर्गत संरक्षण सम्वन्धी कार्य हेर्ने गरी जिम्मेवारी तोकिएको थियो।

(५) श्री इन्दिरा राणा, विधि विषय तथा कारागार सुधार महाशाखा : मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ को बमोजिम विधि विषय तथा कारागार सुधार सम्वन्धी हेर्ने गरी जिम्मेवारी तोकिएको थियो।

### ३.१.३ आयोगको प्रतीक चिन्ह (लोगो) छनौट

आयोगले आफ्नो प्रतिकचिन्ह (लोगो) प्रतियोगितात्मक माध्यमबाट छनौट गर्न २०५७ असार २८ गते राष्ट्रिय दैनिक अखवारहरू गोरखापत्र र कान्तिपुरमा त्यससम्वन्धी सूचना सार्वजनिक गरेको थियो । आयोगमा प्राप्त १० जना सहभागीका नमुनाहरूमध्ये कलाकार वासु क्षितिजको नमुनालाई सर्वोत्कृष्ठ ठहर गर्दै आयोगले आफ्नो प्रतिकचिन्हका रुपमा स्वीकार गरेको थियो। उक्त नमुनाका सर्वोत्कृष्ठ सहभागीलाई आयोग गठनको एक सय दिन पूरा भएको उपलक्ष्यमा आयोजित कार्यक्रममा रु.१० हजार र अन्य दुई उत्कृष्ठ सहभागीलाई सान्त्वना स्वरुप जनही रु. २/२ हजार प्रदान गरिएको थियो।

आयोगको प्रचलनमा ल्याइएको प्रतीक चिन्ह (लोगो) एवं उक्त लोगोको अर्थ समेत देहाय बमोजिम प्रस्तुत गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रस्तुत प्रतीक चिन्ह (लोगो) मा सम्पूर्ण विश्व र नेपाललाई समेट्दै एउटा परेवा उडिरहेको छ, जसलाई समग्र मानवजातिको शान्तिको प्रतिकको रुपमा लिइन्छ । उडिरहेको उक्त परेवाले शान्ति-सन्देशलाई विश्वको कुनाकुनासम्म पुऱ्याउँछ । त्यस्तै पृष्ठभूमिको नीलो रंगले पनि शान्तिको संकेत गर्छ ।

आकृतिमा उडिरहेको परेवासहित मानिसले आफ्नो दुई हात आकाशमा फैलाइरहेको छ । यसले स्वतन्त्रता, समानता र विश्वबन्धुत्वको भावनालाई सार्थक रुपमा प्रस्तुत गर्दै मानव अधिकारको सर्वमान्य सिद्धान्त र आदर्शलाई आत्मसात् गर्दछ । प्रस्तुत प्रतीक चिन्ह (लोगो) मा देखिने मानवआकृतिले विश्वभरका मानवजातिको प्रतिनिधित्वसमेत गर्दछ । मानवले उठाइरहेको दुईवटा हातले प्रत्येक मानिस राजनीतिक, आर्थिक,सामाजिक, धार्मिक, सांस्कृतिक अधिकारसँग गाँसिएका अधिकारहरूबारे आवाज उठाउन स्वतन्त्र रहेको संकेत गर्दछ । त्यस्तै उडिरहेको परेवाको आकृतिभित्र बलिरहेको शान्त ज्वालासमेत देखिन्छ । यस ज्वालाले नेपाललगायत समग्र विश्वमा नै मानवअधिकारको दीप अविछिन्न रुपमा प्रज्ज्वलित भइरहेको समेत देखाउँछ । लोगो जो सुकैले नेपालको हो भन्ने बुझ्न सकून भनेर मध्यभागमा नेपालको नक्सा पनि राखिएको छ ।

## ३.१.४ नियमावली तर्जुमा

मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ को प्रावधान अनुसार आफ्नो कार्यविधि व्यवस्थित गर्ने सिलसिलामा आयोगबाट देहाय बमोजिमका नियमावलीहरू तर्जुमा गरी श्री ५ को सरकारको परामर्शको लागि पेश गरेको थियो । आयोगकालागि कार्यदल स्वयंले नै देहायमा उल्लेखित नियमावलीहरूको मस्यौदा गरेको थियो । आयोगले केवल यसमा आवश्यक संशोधनमात्र गरेर समर्थनकालागि श्री ५ को सरकार समक्ष पठाएको थियो । त्यसरी संशोधन सहित फिर्ता पठाइएकोमा सरकारले पुन आयोगमा फिर्ता पठाउन करीव ९ महिना लगाएको थियो जसले गर्दा आयोगको काम कारवाहीमा गम्भीर असर मात्र परेको नभई कतिपय विषयमा अन्यौलता समेत उत्पन्न भएको थियो ।

(क) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सुविधा र सेवाका शर्त सबन्धी निययमावली, २०५८ ।
(ख) राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धि आर्थिक नियमावली, २०५७ ।
(ग) राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७
(घ) राष्ट्रिय मानव अधिकार आयोगको बैठक सम्बन्धि (कार्यविधि) नियमहरू, २०५७ ।
(ङ) राष्ट्रिय मानव अधिकार आयोग (आर्थिक व्यवस्थापन) नियमावली, २०५७ ।

माथि उल्लेखित नियमावलीहरू मध्ये राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ आयोगबाट मिति २०५७/१२/२७ गते देखि लागू भएको थियो ।

## ३.१.५ उजुरी उपरको कारवाही

आयोगले पूर्णता पाएको पहिलो दिन देखिनै आयोगमा विभिन्न किसिमका उजुरीहरू दर्ता हुन आएका थिए । यसै क्रममा ०५७/०२/१३ देखि २०५८/०३ सम्म दर्ता भएका कूल ५२८ उजुरीहरू मध्ये २२५ उजुरी नागरिक तथा राजनैतिक अधिकार सँग सम्बन्धित थिए । त्यसै गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार लगायत विशेष वर्गका अधिकार सँग सम्बन्धित उजुरीहरू पनि परेका थिए । आयोगले प्रथम वर्षको अन्त सम्ममा पाँचवटा उजुरी उपर अन्तिम छानवीन गरी फैसला गरी कार्यान्वयनको निमित्त श्री ५ को सरकारमा लेखी पठाएको थियो ।

**आयोगले पूर्णता पाएको पहिलो दिन आयोगमा परेका उजुरी**

आयोगमा परेका पहिलो उजुरीको रुपमा २०५७।२।२४ गते ललितपुर उपमहानगरपालिक वडा नं. ८ भोलाढोका निवासी सुरेन्द्र श्रेष्ठले अफूलाई रुपैया चोरीको अभियोगमा प्रहरीले अनावश्यक दुःख दिएकाले शान्ति सुरक्षा गरिपाउँ भनी आयोगमा दर्ता नं १ मा उजुरी दर्ता गराएका थिए । त्यसै गरी सोही दिन कमैया मुक्ति आन्दोलन परिचालन समिति कैलालीका तर्फबाट जोताहा, बसोवास र न्यूनतम ज्याला प्राप्त हुनु पर्ने भनी जमिन्दार शिवराज पन्त विरुद्ध उजुरी पर्न आएको थियो ।

### पहिलो वर्षका केही उल्लेखनीय निर्णयहरू

१. बाँके कारागारमा मिति २०५७/१०/१ मा प्रहरीको गोलीबाट दुई जनाको बन्दीको मृत्यु भएको सम्वन्धमा आयोगको मिति २०५८/०२/०२ को निर्णयबाट बन्दीको बाँच्न पाउने अधिकार प्रति प्रमुख जिल्ला अधिकारी र प्रहरी र प्रहरी उपरीक्षक संवेदनशील एवं सचेत नभएको कारणबाट दुई जना बन्दीको मृत्यु भएको ठहर गरी मृतकका परिवारलाई श्री ५ को सरकारको तर्फबाट एक/एक लाख रुपियाँ र प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरिक्षकका तर्फबाट उक्त रकमको क्रमशः ५ % र २.५ % क्षतिपूर्ति दिलाउन श्री ५ को सरकारमा लेखी पठाउने निर्णय गरेको थियो ।

२. पुनरावेदन अदालत बुटवल परिसरबाट तारा प्रसाद भुषाललाई गैर कानूनी गिरफ्तारी गरिएको भन्ने उजुरीका सम्वन्धमा आवश्यक अनुसन्धान पश्चात् आयोगको मिति २०५८/०२/०२ मा बसेको वैठकले आउँदा दिनहरूमा आफू अन्तर्गतका निकायबाट यस प्रकारका मानव अधिकारको अपहेलना नहोस् भनी सचेत गराउन गृह मन्त्रालयमा लेखी पठाउने ठहर गऱ्यो ।

३. चितवन जिल्लाको हरिकृतन चोकमा २०५७ मंसिर २४ गते भएको घटनामा प्रहरीले गोली प्रहार गर्दा गौरी सापकोटाको मृत्यु तथा ४ जना घाइते भएको घटनामा उनीहरूको मानव अधिकारको उल्लंघन भएको ठहर गर्दै उक्त घटनामा आफ्नो पदीय कर्तव्य जिम्मेवारीपूर्वक निर्वाह नगर्ने तथा मानव अधिकार र मानवीय मर्यादाप्रति संवेदनशील नहुने प्रमुख जिल्ला अधिकारी टिकाराम अर्याल तथा पथा प्रहरी उपरीक्षक श्री रमेश चन्दलाई उनीहरूको सेवा सम्वन्धी प्रचलित कानून बमोजिम सचेत गराउने, तत्काल कमाण्डमा खटिई मानव अधिकार र मानव मर्यादाप्रति सचेत नरही गोली चलाउने आदेश दिने प्रहरी निरीक्षकद्वय जसध्वज गुरुङ र दिलिप बस्नेतलाई उनीहरूको सेवा सम्वन्धी प्रचलित कानून बमोजिम विभागीय कार्वाही गर्न तथा मृतक गौरी सापकोटाका हकवालालाई रु. १ लाख क्षतिपूर्ति भराउने तथा घाइते सरस्वती प्याकुरेलको हकमा रु. १० हजार, घाइते रमा घिमिरेको हकमा रु.२५ हजार, घाइते ज्ञानेन्द्र खरेलको हकमा रु.२५ हजार र घाइते सँगीता खनालको हकमा रु. ४० हजार उपचार खर्च र क्षतिपूर्ति भराउने निर्णय गरेको थियो ।

४. राजविराजको नेताचोकमा २०५७ पौष १६ गते भएको घटनामा प्रहरीले अत्याधिक वल प्रयोग गरी कार्यक्रम आयोजकसँग कुनै सम्वन्ध नभएका कार्यक्रमस्थल नजिकै बसी भाषण सुन्दै गरेका व्यक्ति खुशीलाल यादवलाई गोली लागि मृत्यु भएकोले प्रहरी प्रशासनले मृतक खुशीलाल यादव तथा घाइतेहरूको मानव अधिकारको उल्लंघन गरेको ठहर आयोगले गरेको थियो । र, सो घटनामा पदीय दायित्व, जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह नगर्ने तथा मानव अधिकार र मानवीय मर्यादाप्रति संवेदनशील नहुने तत्कालिन प्रमुख जिल्ला अधिकारी बालकृष्ण प्रसाई तथा प्रहरी उपरीक्षक भरत बहादुर जि.सि.लाई उनीहरूको सेवा सम्वन्धी प्रचलित कानून बमोजिम विभागीय कार्वाही गर्न, क्षतिपूर्तिको हकमा श्री ५ को सरकारबाट मृतक खुशीलाल यादवको हकमा रु. १ लाख १२ हजार, घाइतेहरू महेन्द्र चौधरी रु. ७ हजार, घाइतेहरू उमेश कुमार शाह रु. ५ हजार, घाइते बलराम यादव रु. ३ हजार, घाइते दिवश खतिवडालाई रु. ५ हजार क्षतिपूर्ति दिइएको भन्ने श्री ५ को सरकार गृह मन्त्रालयले २०५८ असार २५ गते जानकारी भएकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन भन्ने ठहर गरेको थियो ।

५. अदालतको आदेशमा कारागारबाट थुनामुक्त भएपछि पुनः गिरफ्तार भएका खड्गबहादुर देवकोटाका सम्वन्धमा आयोगले जानकारी माग गर्दा गिरफ्तार नगरिएको भन्ने जानकारी दिएको, प्रस्तुत उजुरी कार्वाहीको सिलसिलामा खड्गबहादुरको गिरफ्तारीको आधार र कारणको बारेमा आयोगले सोधेको कुराको यथार्थ जानकारी नदिई गिरफ्तार नगरिएको भन्ने व्यहोराको जवाफ श्री ५ को सरकार तर्फबाट प्राप्त भएको, आयोगमा परेको उजुरी लगायतका प्रमाणहरूको अध्ययन र अनौपचारिक क्षेत्र सेवा केन्द्रबाट उनले अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरी अदातलको आदेशबाट २०५७ चैत १० गते थुना मुक्त भएको भन्ने सूचनाको आधारबाट उनलाई गिरफ्तार नगरिएको भन्ने प्रहरी प्रधान कार्यालय तथा गृह मन्त्रालयको जवाफ मनासिव नदेखिएको आयोगले ठहर गऱ्यो । यसरी वेमनासिव जवाफ दिई आयोगको कार्यमा असहयोग गर्ने तथा मानव अधिकार जस्तो विषयमा संवेदशील नहुने श्री ५ को सरकार गृह मन्त्रालय सूचना तथा समन्वय शाखाका तत्कालीन प्रमुख तथा प्रहरी प्रधान कार्यालय कार्य विभागका तत्कालीन प्रमुखलाई आयोगले सो वापत मानव अधिकार आयोग ऐन २०५३ को दफा ११ को उपदफा ५ बमोजिम कार्वाहीकोलागि लेखी पठाउने ठहर गरेको छ ।

आयोगले उल्लेखित निर्णयहरू मानव अधिकार आयोग, उजुरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १४ (२) बमोजिम कार्यान्वयनका लागि श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालय, गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने निर्णय पनि गरेको थियो ।

## ३.१.६ समिति गठन

मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११ को उपदफा ६ बमोजिम आयोगले आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्ने प्रावधान अनुसार महिला तथा बालबालिकाको हकहित संरक्षण गर्ने उद्देश्यले सदस्य श्री इन्दिरा राणाको संयोजकत्वमा नागरिक समाजका विभिन्न व्यक्तित्वहरू सम्मिलित ११ सदस्यीय **"महिला मानव अधिकार संरक्षण तथा संबर्द्धन"** समिति गठन गरिएको थियो । उक्त समितिले तोकिए बमोजिम सम्पत्तिको अधिकार लगायत महिला हक अधिकारका विविध विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको थियो ।

## ३.१.७ छलफल तथा ध्यानाकर्षण

आयोग स्थापना पश्चात मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनको निमित्त आयोगलाई सुचारु रुपले सचालन गर्नको निमित्त विभिन्न सरोकारा दाताहरूसँग सुझाव, सल्लाह तथा सहयोगका सम्वन्धमा छलफल गर्ने उद्देश्य विभिन्न समयमा बैठक, छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । प्रमुख रुपमा मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू, संचारकर्मी, व्यवसायिक सँगठनहरू, विदेशी निकायका प्रतिनिधिहरू लगायत लब्ध प्रतिष्ठित व्यक्तित्वहरूलाई आयोगले आमन्त्रण गरी उहाँबाट महत्वपूर्ण एवं रचनात्मक सुझाव तथा सल्लाह प्राप्त गर्नुका साथै मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन कार्यमा सहयोग गरिने प्रतिवद्धता दर्शाइएको थियो । आयोगद्वारा यस वर्ष ध्यानाकर्षण गराइएका प्रमुख घटनाहरु सम्वन्धमा देहाय बमोजिम चर्चा गरिएको छ ।

### १. मितेरी अस्पतालमा उपचारार्थ घाइतेका सम्वन्धमा

स्थानीय बागबजारस्थित मितेरी अस्पतालमा उपचार गराइरहेका घाइतेहरू (रञ्जन के.सी. र सिर्जना फुँयाल) का सम्वन्धमा यस आयोगले प्रहरी प्रधान कार्यालयको ध्यानाकर्षण गराउँदै घाइतेहरूको यथोचित औषधोपचारको प्रबन्ध गर्न र उनीहरूलाई आयोगको पूर्वस्वीकृति वा जानकारीबेगर अन्यत्र स्थानान्तरण नगर्न ०५७ भदौ १९ गतै प्रहरी महानिरीक्षक एवं गृह सचिवलाई समेत जानकारी गराइएको थियो । तर उक्त विषयलाई लिएर प्रहरी प्रधान कार्यालयले आयोगलाई लेखेको पत्रमा सरोकारवाला अधिकृतको हस्ताक्षर नभएको हु-बहु प्रति आयोगमा प्राप्त हुनु अगावै आयोगप्रति अनास्था पैदा गर्ने उद्देश्यले सार्वजनिक सञ्चार माध्यमलाई उपलब्ध गराएको कुरालाई आयोगले अत्यन्त गम्भीर रुपमा लिंदै त्यस्तो अमर्यादित कार्य नगर्न पुनः ०५७ भदौ २९ गते पत्र लेखेको थियो ।

उक्त पत्रमा मानव अधिकार आयोग ऐन, २०५३ मा भएको व्यवस्था अनुरुप व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित नेपालको संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार र नेपाल पक्ष भएका मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धिसंझौतामा निहित व्यक्तिको स्वतन्त्रमा वा मानव अधिकार सम्वन्धी विषयहरूको प्रचलन, सम्वर्द्धन र संरक्षणकालागि आवश्यक र उचित ठानेका कार्यहरू यस आयोगले गर्नसक्ने कानुनी प्रावधान अनुसार अयोगबाट नेपाल प्रहरीलाई लेखिएको पत्रलाई गलत रुपमा अर्थ लगाइएको आयोगले महसुस गरेको छ ।

त्यसरी नै आयोगले मानव अधिकार वा मानवीय मूल्यको रक्षा र जगेर्ना गर्न भनी कानूनबमोजिम लेखिएको पत्रलाई अन्यथा अर्थ लगाई अमर्यादित भाषामा आयोगसँग पत्र व्यवहार नगर्न तथा नेपाल प्रहरीलाई मानव अधिकारको संवर्द्धन र संरक्षणकालागि कानूनबमोजिम दायित्व निर्वाह गर्न आयोगको तर्फबाट पुनः पत्राचार गरिएको थियो ।

### २. कमैया मुक्ति घोषणा सम्वन्धमा ध्यानाकर्षण

श्री ५ को सरकारले बाँधा मजदुरको रुपमा रहेका कमैयाहरूको मुक्तिको घोषणा गरेपछि उत्पन्न परिस्थितिको सम्वन्धमा अध्ययन गर्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुशील प्याकुरेल र आयोगका उप-सचिव फणिन्द्र गौतमले ०५७ श्रावण २३ गतेदेखि ५ दिनसम्म बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लाको स्थलगत भ्रमण गर्नुभयो । भ्रमणको अवसरमा श्री ५ को सरकारका सम्बद्ध निकायहरू, स्थानीय गैरसरकारी संस्थाहरू, कमैया र जग्गाधनीका प्रतिनिधिहरूसमक्ष छलफल भएको थियो । उक्त स्थलगत अध्ययन र सम्बन्धित जिल्लामा भएको छलफलबाट बुझिआएअनुसार श्री ५को सरकारले प्रर्याप्त तयारी बिना नै कमैयामुक्तिको घोषणा गरेका कारण कमैयाहरूको जनजीवन अस्तव्यस्त भएको छ । एकातिर उनीहरूको गाँस र बासको व्यवस्था छैन भने अर्कोतिर उनीहरूले वर्षभरि गरेका कामको ज्यालासमेत पाएका छैनन् । उनीहरूको लगत लिने कार्यमा समेत त्रुटि कमजोरी भए छन् । कमैयाहरू केवल खेतीकार्यमा मात्र अभ्यस्त रहेकोले वैकल्पिक रोजगारीका अवसरहरू व्यावहारिक हुनसक्ने देखिदैनन् । अतः उनीहरूको पुनर्स्थापनाको एकमात्र सही बाटो परिवार संख्यासमेतको आधारमा आवश्यकता पहिचान गरी सरकारले जग्गा र आवास उपलब्ध गराउनु हो भनी अधिकांश व्यक्तिहरूले बताएका थिए । उक्त स्थलगत भ्रमणको समयमा सो क्षेत्रका कारागारहरूको समेत निरीक्षण भएको थियो ।

### ३. सरकारको सार्वजनिक सूचनाप्रति आयोगको ध्यानाकर्षण

**श्री ५ को सरकारले २०५८ साल बैशाख १० गते** नेपालमा आतंककारी समूहमा संलग्न केही व्यक्तिहरूलाई जिउँदो वा मृत रुपमा सरकारलाई बुझाउनेलाई विभिन्न पुरस्कारहरूको व्यवस्था गरेको सार्वजनिक सूचनाप्रति आयोगको ध्यानाकर्षित भएको थियो । नेपालले ०४७ सालपछि प्रजातान्त्रिक संविधानद्वारा नेपाली नागरिकहरूको आधारभूत मानवअधिकाको सुरक्षा र प्रत्याभूति गर्दै मानवअधिकारको सम्वन्धमा अन्तर्राष्ट्रिय समुदायद्वारा स्वीकार गरिएका आधारभूत मूल्य र मान्यतालाई अंगिकार गरेको र मृत्युदण्डको सजाय दिने कानूनी व्यवस्था समेत नभएको बर्तमान परिप्रेक्ष्यमा उक्त सूचनाबाट नेपालमा मानव अधिकारको क्षेत्रमा देहायका प्रभावहरू पर्न सक्ने अवस्थाप्रति आयोग पहिले चिन्ता व्यक्त गरेको थियो । त्यस सूचनाबाट पर्ने प्रभावलाई निम्न रुपमा उल्लेख गरिएको थियो ।

१.व्यक्तिको बाँच्न पाउने अधिकारलाई उल्लंघन गर्ने सम्भावना हुन्छ ।
२.कानूनी राज्यको सिद्धान्तलाई नकारात्मक असर पर्दछ ।
३.मानव अधिकार सम्वन्धी मान्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यतार अभ्यासलाई नेपालमा निरुत्साहित पार्दछ ।
४.नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, जसमा नेपाल पक्ष राष्ट्र भइसकेको छ, को धारा ४ ले व्यवस्था गरेको कुनैपनि अवस्थामा अहरणीय अधिकारहरूको पनि हरण हुन सक्दछ ।
५.हत्या र हिंसालाई बढावा दिने सम्भावना रहन्छ ।

## ३.१.८ आर्थिक प्रशासन सम्वन्धी

कुनै पनि प्रशासनिक कार्य प्रभावकारी रूपमा सञ्चालन गर्नकालागि आर्थिक प्रशासन प्रभावकारी हुनु पर्ने हुनाले आयोगले आफ्नो दैनिक कार्यसम्पादन लगायत अन्य कार्य सम्पन्न गर्नका लागि आर्थिक प्रशासनलाई पनि व्यवस्थित बनाउने विषयमा प्रयत्नशील रहेको थियो । आयोगबाट तयार पारेर श्री ५ को सरकारमा परामर्शको लागि पठाइएको आर्थिक नियमवाली स्वीकृत हुन नसक्नाले आयोगको आर्थिक प्रशासनमा कठिनाई पर्न गएको थियो । यसका साथ साथै विभिन्न दातृ निकायहरूबाट प्राप्त सहायता सम्वन्धमा पनि कतिपय अवस्थामा सरकारी निकायकै आर्थिक नियमहरूको अनुसरण गर्नु पर्ने तर मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५ को उपदफा ५ अनुसार आयोगको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने भनी श्री ५ को सरकार को आर्थिक प्रशासन नियमावलीको दायरामा रही गरीने प्रावधान राखिएको हुनाले समेत आयोजना परिचालनमा अनिश्चितता र सुस्तता उत्पन्न हुन पुगेको थियो । यसै तथ्यलाई दृष्टिगत गरेर आयोगले यू.एन.डि.पी.को सहयोगमा आयोजनाहरूमा समेत लागू हुने गरी एकीकृत आर्थिक प्रशासन सम्वन्धी नियमावलीको मस्यौदा गरी पारित गर्ने पहल गरेको थियो ।

## ३.१.९ विदेशी सहयोग

आयोगको स्थापना भए पश्चात सबै भन्दा पहिला आयोगको भ्रमण गरी मानव अधिकार आयोग सन्चालन सम्वन्धमा महत्वपूर्ण सल्लाह र सुझाव प्रदान गर्ने पहिलो विदेशी संस्थाको रुपमा क्यानेडियन मानव अधिकार आयेगको टोलीलाई जान्छ । उक्त टिमका क्यानेडियन मानव अधिकार आयोगका उपाध्यक्ष मेरी वाल्स (Ms. Mary Walsh) तथा सचिवालयका डेपुटी सेक्रेटरी रविन्सन कोइल पिल्लाई (Mr. Robinson Koil Pillai) सहितको

दुई सदस्यीय टोलीले अध्यक्ष तथा पदाधिकारीहरूलाई भेटी मानव अधिकार संरक्षण र संवर्द्धनमा राष्ट्रिय संस्थाले गरिरहेका पहलका सम्वन्धमा अवगत गराउनुका साथै महत्वपूर्ण सुझावहरू समेत प्रदान गर्नु भएको थियो ।

त्यसै गरी संयुक्त राष्ट्र संघीय उच्चायुक्त कार्यालयको ब्रायन बर्डकिन सहितको विशेषज्ञको टोलीले आयोगको भ्रमण गरी आयोगले सम्पन्न गर्नु पर्ने महत्वपूर्ण रणनीति, व्यवस्थापन, कार्य संचालन, अनुसन्धान, उजुरी व्यवस्थापन आदि क्षेत्रका सम्वन्धमा खाका प्रस्तुत गर्नु भएको थियो ।

आयोगको क्षमता विकासका निमित्त सहयोग उपलब्ध गराउने भनी संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम लगायत विभिन्न दातृ निकायहरूबाट आश्वासन प्राप्त भएता पनि कुन संयन्त्र अर्न्गात कसरी उपलब्ध गराउने भन्ने सम्वन्धमा लामो समयसम्म अन्यौल र दुविधा रहिरहृयो । वासु पिल्लाई तथा बिल चापम्यानको मिशनले आफ्नो प्रतिवेदन प्रस्तुत गरी सकेपछि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका नेपाल स्थित तत्कालीन आवासीय प्रतिनिधी डा.हेन्निङ्ग कार्चरले ईच्छुक दातृ निकायहरूले बास्केट फन्ड अन्तर्गत रकम उपलब्ध गराउने र संयुक्त राष्ट्र संघ विकास कार्यक्रमले त्यसको संयोजन गरी आयोगको क्षमता अभिवृद्धिमा सहयोग उपलब्ध गराउने भन्ने प्रारम्भिक खाका प्रस्तुत गर्नु भएको थियो । आयोगमा सन्चालित गतिविधिका सम्वन्धमा उठेका विवादका सम्वन्धमा समेत आयोगबाट स्पष्ट पार्ने काम भएको थियो । सोही बमोजिम डिसेम्वर २००१ मा क्षमता विकास परियोजना सम्वन्धी दस्तावेजमा आयोग र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम बीच एक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको थियो ।

## ३.१.१० विशिष्ट महानुभावहरूबाट आयोगको भ्रमण

आयोग स्थापना पश्चात स्वेदश तथा विदेशका विभिन्न महत्वपूर्ण महानुभावहरूले अयोगको भ्रमण गरी आयोगका क्रियाकलापका सम्वन्धमा जानकारी हासिल गर्नुका साथै आयोगको कार्यमा सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

आयोग गठन भएको १०० दिन पुरा गरको उपलक्ष्यमा आयोगद्वारा आयोजित कार्यक्रममा तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले आयोगको भ्रमण गरी आयोगलाई आफ्नो कार्य सम्पन्न गर्न सरकारबाट आवश्यक सहयोग प्रदान गरिने आश्वासन व्यक्त गर्नु भएको थियो । उक्त अवसरमा प्रमुख राजनैतिक दलका नेताहरू, मानवअ धिकारका क्षेत्रमा कार्यरत गैर सरकारी क्षेत्रका प्रतिनिधिहरू, सरकारी निकायका पदाधिकारीहरू, विदेशी निकायका प्रतिनिधि,पत्रकारहरू लगायत नागरिक समाजका प्रवुद्ध वर्गको उपस्थिति रहेको थियो ।

त्यसै गरी मिति २०५७ ५।१९ मा परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिले मानव अधिकार आयोगका पदाधिकारीहरूसँग आयोग गठन भए पश्चात आयोगले गरेका काम कारवाही एवं आयोग समक्ष रहेका समस्याहरू वारेमा जानकारी प्राप्त गरको थियो । मानव अधिकारको क्षेत्रमा समिति र आयोग वीच सूचनाको आदान प्रदान गर्न समान दृष्किोण रहेका विषयमा संयुक्त रुपमा कार्य गर्ने र कम्तिमा वर्षमा २ पटकसम्म भेटघाट तथा छलफल गर्न सहमति भएको थियो । [८]

संयुक्त अधिराज्यकी अधिराजकुमारी एन ०५७ मंसिर १३ गते राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय हरिहर भवन सवारी होइबक्स्यो ।

आयोगका अध्यक्ष नयनबहादुर खत्री, सदस्यहरू डा. गौरीशंकरलाल दास, कपिल श्रेष्ठ, सुशील प्याकुरेल र इन्दिरा राणा तथा सचिव जोगेन्द्र केशरी घिमिरेले अधिराजमुमारी एनको स्वागत गर्नु भएको थियो ।

अधिराजकुमारी एनले आयोगमा राखिएको अतिथि पुस्तिकामा पनि हस्ताक्षर गरिबक्सेको थियो ।
आयोगका पदाधिकारीहरूले अधिराजकुमारी एनलाई आयोगको कानूनी र संस्थागत संरचना तथा आयोगका मुख्य काम र कर्त्तव्यका बारेमा अवगत गराउनुका अतिरिक्त अधिराजकुमारीको जिज्ञासाहरूको जवाफ दिनु भएको थियो ।

उक्त अवसरमा नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोनाल्ड नाश तथा दुतावासका डेपुटी हेड अफ मिशन एन्ड्रयु मिशेलको पनि उपस्थिति थियो ।

## ३.१.११ आयोगद्वारा एशिया प्रशान्त मञ्चको जुरिष्ट सदस्यको मनोनयन

पूर्व सभाभुख, वरिष्ठ अधिवक्ता तथा नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माता मध्ये एक रहनु भएका पूर्व सभामुख दमननाथ ढुंगानालाई राष्ट्रिय मानव अधिकार आयोगले एशिया प्यासेफिक फोरम फर ह्युमन राईटस इन्स्टीट्युशनको काउन्सित अफ जुरिष्टको सदस्यकालागि मनोनयन गरेको थियो । दुई वर्ष पदावधि रहने यो काउन्सिलले यस क्षेत्रका मानव अधिकारसँग सम्बन्धित विषयमा स्वायत्त निकायको रूपमा आफ्ना कार्यहरू गर्नेछ । यस फोरममा यस क्षेत्रका ८ राष्ट्र सदस्य रहेका छन् भने उक्त काउन्सिलमा यस क्षेत्रमा राष्ट्रिय मानव अधिकार आयोगले सदस्यको मनोनयन गर्न सक्ने व्यवस्था रहेको छ ।

[८] प्रतिनिधि सभा परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन २०५८

### ३.१.१२ यस वर्षका चुनौतीहरू

आयोग गठनका प्रारम्भिक दिन देखिनै आयोगका अध्यक्ष स्वयंको विरुद्धमा विभिन्न कोणबाट प्रहार भई रहे । पहिले प्रधानन्यायधीश छदा गरेको निर्णयको हवाला दिंदै विभिन्न पत्रपत्रीकामा अनर्गल प्रचार भई रहँदा आयोगले संयमित भई सञ्चार माध्यमबाटै वास्तविक कुरा स्पष्ट पार्दै गएपछि निहीत स्वार्थ बोकेर अनर्गल प्रचार गरी हिंड्ने तत्वहरू आफै निस्तेज बन्दै गए र आयोगका क्रियाकलापहरू क्रमिक रुपमा आफ्नो गतीमा अगाडि बढिरहे । त्यतिखेर कति खराव रुपमा मिडियामा प्रचार प्रसार गरिएको थियो भने वि.वि.सि. जस्तो संस्थाबाट समेत आयोगको सम्वन्धमा नकारात्मक समाचार प्रसारण भएको थियो । त्यसै गरी सरकारद्वारा तयार गरी संयुक्त राष्ट्र संघीय अन्तर्गतको बाल अधिकार समितिमा प्रस्तुत गरिने बाल अधिकार सम्वन्धी प्रारम्भिक प्रतिवेदनमा समेत आयोगका अध्यक्षको मर्यादामा आँच आउने जस्ता विषयहरू समावेश गरिएको थियो ।

शुरुका दिनहरूमा सचिवको नियुक्ति समेत नभएको र सचिवालय सम्बन्धी कार्यको दायित्व समेत आयोगका पदाधिकारहरूमै रहेको हुनाले आयोगको बैठकबाट सदस्य श्री इन्दिरा राणालाई प्रशासन तर्फको र सदस्य डा. गौरी शङ्कर लाल दासलाई आर्थिक दायित्व सुम्पिएको थियो । त्यसैगरी मानव अधिकार सम्बन्धि सदस्यद्वय कपिल श्रेष्ठ तथा सुशील प्याकुरेललाई क्रमश मानव अधिकारको संवद्धन तथा संरक्षण सम्वन्धी जिम्मेवारी प्रदान गरिएको थियो । श्री ५ को सरकारबाट काजमा झिकाईएका केही कर्मचारीहरू तथा आयोगले तत्कालीन कार्य सञ्चालनकोलागि अस्थायी नियुक्ती दिईएका केही कर्मचारीहरू मात्र रहेको अवस्था एवं प्रशासनिक तथा व्यवस्थापकीय पद्धति विकास नभईसकेको सन्दर्भमा आयोगको कार्य सञ्चालनमा जानेर वा नजानेर विभिन्न कमी कमजोरी समेत रहन पुगेका थिए । आयोगका काजमा आएका सरकारी कर्मचारी र आयोगका सदस्यबीच पनि साना साना कुराहरूमा समेत अनावश्यक विवाद सिर्जना भई रहे ।

आयोगले आफ्नो कार्य प्रारम्भ गर्दा सर्वप्रथम तत्कालीन आपूर्ति मन्त्रालय रहेको भवनको एउटा मात्र कोठा उपलब्ध भएको थियो । भौतिक साधान विहीन अवस्थामा रहेको आयोगलाई तत्कालीन आपूर्ति मन्त्रालयले तत्काल आवश्यक पर्ने केही फर्निचर, कार्य-कक्ष, अन्य कार्यालय सामग्री लगायत आवश्यकता अनुरुप कर्मचारी समेत उपलब्ध गराई आयोगलाई निकै सहयोग पुऱ्याएको थियो । आयोगको क्रियाकलाप बढ्दै जाँदा आयोगलाई सोही भवनका अन्य केही कोठाहरू समेत उपलब्ध गराइएको थियो ।

आयोगलाई प्राप्त भवन निकै जीर्ण र अपर्याप्त पनि भएको र शौचालय, स्वागत-कक्ष, पुस्तकालय, सभाकक्ष आदिको अभाव रहेकोले निकै कठिनाई व्यहोर्नु परिरहेको थियो । यसै गरी पदाधिकारीहरू र सचिवकोलागि सेवा, शर्त सुविधा सम्बन्धि नियमावलीले निर्धारण गरेको ड्राइभर सहितको सवारी साधान उपलब्ध गराउने भनिए पनि श्री ५ को सरकारबाट केवल दुई वटा मात्र सवारी साधन तथा एक जना मात्र ड्राइभर उपलब्ध भएबाट आयोगको कार्य कुशलतामा अप्ठ्यारो महसुस भयो । साथै, आयोगको कार्य प्रकृति अनुसार अनुसन्धान, छानवीन, अनुगमन आदि कामको लागि अत्यावश्यक सवारी साधन नहुँदा दैनिक काममा नै बाधा पुग्न गयो भने काठमाडौं बाहिर जानु पर्ने अवस्थामा सवारी साधन भाडामा लिनु पर्दा थप आर्थिक भार पर्ने गरेको थियो ।

आयोगले आफ्नो काम कारवाहीलाई सुचारु रुपले संचालन गर्न आवश्यक पर्ने नियमावलीहरू आफै वनाउन सक्ने तर श्री ५ को सरकारले आर्थिक भार वहन गर्नु पर्ने विषयका सम्वन्धमा भने श्री ५ को सरकारको परामर्श पश्चात मात्र लागु गर्न सकिने कानूनी व्यवस्था अनुरुप उपरोक्त नियमावलीहरू मन्त्रीपरिषद सचिवालयमा पठाउँदा नौ महिना सम्म पनि कुनै राय प्राप्त हुन नसक्नाले आयोगका विभिन्न गतिविधि सञ्चालनमा दुविधा अन्यौल हुन गई तर्दथ तरीकाले कार्य गर्नु पर्ने अवस्था आई पऱ्यो ।

प्रशासनिक कार्य अन्तर्गत नियुक्ति प्रक्रिया एवं लेखा शाखाबाट भए गरेका कार्यमा अनियमिता रहेको भन्ने जस्ता विवादहरू पनि सृजना हुन पुगेको र आयोगको सदस्यहरू नै प्रशासन तथा आर्थिक क्रियाकलापमा संलग्न हुँदा आयोगलाई ऐन प्रदत्त कर्तव्य वहन गर्नमा समेत कठिनाई पर्न गएको हुनाले आयोगको सिफारिशि अनुसार २०५७ असोज २ गते आयोगका सचिबको नियुक्ति भई सकेपछि प्रशासनिक एवं आर्थिक क्रियाकलाप आयोगका अध्यक्ष अन्तर्गत सचिवालयबाटै सम्पादन हुने व्यवस्था मिलाईएको थियो ।

नयाँ सचिवको नियुक्ति भई सकेपछि नीति निर्माण सम्बन्धि कार्य आयोगका पदाधिकारीहरूको सक्रिय सहभागीतामा सम्पादन हुने र सो बमोजीम तय भएका कार्यक्रमहरू सचिवालय मार्फत सम्पन्न हुने अपेक्षा गरिएको थियो । तर नयाँ सचिवको नियुक्ती सँगै सचिवको कार्य सम्वन्धमा नयाँ विवादको सृजना हुन पुग्यो । आयोगका कार्यक्रमहरूमा प्रत्यक्ष रुपमा सहभागी नबन्ने तर आयोगका सम्वन्धमा विभिन्न विवादास्पद अभिव्यक्तिहरू सञ्चार माध्यममा ल्याईने जस्ता दुर्भाग्यपूर्ण प्रवृत्ति पनि शुरु हुन पुगेका थिए । त्यस्तै सचिवको शैक्षिक प्रमाणपत्रको विषय, कर्मचारी नियुक्तिमा अनियमितता भएको भन्ने जस्ता विभिन्न निहुँमा आयोगभित्र वारम्वार आन्तरिक द्वन्द्व र तनाव सृजना हुन पुगेबाट आयोगमा रहेका सीमित कर्मचारीहरूलाई स्वतन्त्र रुपमा संस्थागत सुदृढीकरणका निमित कार्य सम्पादनमा वाधा व्यवधानहरू समेत उत्पन्न हुन पुग्नु जस्ता दुखद घटनाहरू समेत घटित हुनपुगे । त्यसैगरी आयोगको सिफारिसमा श्री ५ बाट नियुक्ति पाएका प्रथम सचिवले मिति २०५८/०६/०१ गते राजिनामा दिन पुगेपछि सचिवको रिक्ततामा आयोगका क्रियाकलाप संचालनमा वाधा पुग्न गई थप संकट उत्पन्न भएको थियो ।

## ३.२ दोस्रो वर्ष

दोस्रो वर्ष सम्म आई पुग्दा आयोगको भौतिक सुविधा विस्तार एवं पद्धति निर्माण तर्फका कार्यहरू क्रमिक रुपमा अघि बढिरहेको थियो । आयोगले सरकारलाई राज्यको मानव अधिकार प्रतिको सम्मान, संरक्षण एवं परिपालनका निमित्त महत्वपूर्ण सुझाब तथा सल्लाह प्रदान गरेको थियो । देशमा चलिरहेको आन्तरिक द्वन्द्व उत्कर्षमा पुगी राज्यद्वारा संकटकालको घोषणा भएको सन्दर्भमा समेत नागरिक तथा राजनैतिक अनुबन्धको पक्ष राष्ट्रको हैसियतले सङ्कटकालको घोषणा सम्वन्धमा संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना गर्ने एवं जस्तोसुकै अवस्थामा पनि निलम्बन गर्न नसकिने जनताका न्यूनतम अधिकारहरूको संरक्षण प्रति सचेत रहन सरकारको ध्यानकर्षण गरेको थियो । आयोग स्थापनाको दोश्रो वर्षमा पूर्वाधार निर्माण,

मानव संशाधनको व्यवस्था, नियमावलीको मस्यौदा लगायत आयोगको पहिलो रणनीतिक योजनाको खाका निर्माण जस्ता प्रमुख कार्यहरू केन्द्रित रहेको थियो । दोश्रो वर्षमा सम्पन्न भएका प्रमुख क्रियाकलापहरू देहाय बमोजिमका वुंदाहरूमा उल्लेख गरिएको छ ।

## ३.२.१ रेड कर्नर नोटिस सम्वन्धमा ध्यानाकर्षण

सरकारद्वारा आतङ्ककारी विरुद्ध रेड कर्नर नोटिस जारी गर्दै पुरस्कारको घोषणा सहितको सार्वजनिक सूचना प्रकाशित र प्रसारित गरेको सम्वन्धमा सरकारको यस्तो कार्यबाट मानव अधिकारमा पर्न सक्ने प्रभावका सम्वन्धमा सचेत रहन आयोगले मिति २०५९।१।१७ मा एक पत्र लेखी सरकारसँग आग्रह गरेको थियो ।

## ३.२.२ कर्मचारी पदपूर्ति

कुनै पनि सङ्गठनको प्रभावकारी कार्य सम्पादनका निमित्त त्यस संस्थामा कार्यरत कर्मचारीको कार्यकुशलता र क्षमताले ठूलो प्रभाव पार्ने कुराहरूलाई आत्मसात् गर्दै मानव अधिकार संरक्षण र संवर्द्धनको दायित्व वहन गर्ने गुरुत्तर अभिभारा निर्वाह गर्न सहयोग पुऱ्याउने हेतुले आयोगले सरकारबाट छुट्याईएको बजेटको परिधिभित्र रही केही कर्मचारीहरूको पद्पूर्तिको निमित्त विज्ञापन प्रकाशित गरेको थियो ।

सरकारी काजमा ल्याएका कर्मचारी एवं स्थापनाकालको केही समयसम्म अस्थायी कर्मचारी नियुक्त गरी काम चलाउदै आए पनि विदेशी दातृ संस्थाहरूले आयोगको आफ्नो स्थायी कर्मचारी नभई परियोजना संचालन हुन नसक्ने कुरा व्यक्त गरेपछि स्थायी पदपूर्ती गर्ने तर्फ सोच अघि बढाइएको थियो ।

आयोगलाई तत्कालै आवश्यक परेका विभिन्न पदहरुको पद्पूर्तिकालागि आवश्यक प्रक्रिया अघि बढाइएको थियो ।

## ३.२.३ दशौं योजनाकोलागि नीतिगत तालिका प्रस्तुत

संविधान तथा अन्य प्रचलित नेपाल कानून द्वारा प्रदत्त मानव अधिकारको प्रभाकारी कार्यान्वयन एवं संरक्षण एवं सम्बर्द्धन गर्ने सम्वन्धमा मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम स्थापित स्वतन्त्र तथा स्वायत्त राष्ट्रिय मानव अधिकार आयोगलाई समायानुकुल सक्षम र सदृढीकरण बनाउदै लगिने उद्देश्यले सो अवधारण पत्र प्रस्तुत गरिएको थियो । राष्ट्रिय योजना आयोगसँग छलफल भई प्राप्त भई निर्देशन बमोजिमको ढाँचामा दशौं योजनाको आधार पत्रका लागि आयोगबाट पेश गरिएको कार्यक्रमलाइ देहाय बमोजिमको नीतिगत तालिकामा समावेश गरी पठाइएको थियो । दशौं योजनाको अवधारणा पत्रमा समावेश गर्नका लागि यस आयोगबाट उद्देश्य नीति, रणनीति तय गरी राष्ट्रिय योजना आयोगमा पठाइएको थियो ।

### नीतिगत तालिका

| उद्देश्य | रणनीतिहरू | नीति कार्यक्रम कार्यतालिका | लक्ष्य सूचकहरू | जिम्मेवार निकाय र समय तालिका | जोखिम तथा अवरोधहरू |
|---|---|---|---|---|---|
| १. मानव अधिकारको संरक्षण गर्ने । | विकास क्षेत्र स्तरमा आयोगको ५ वटा क्षेत्रीय शाखा विस्तार गर्ने । | योजना अवधिभर | आयोगका केन्द्रिय तथा क्षेत्रीय कार्यालयहरू । | राष्ट्रिय मानव अधिकार आयोग<br>समयः योजना अवधिभर | क्षेत्रीय कार्यालय स्थापनाको लागि वित्तिय समस्याका साथै क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको अभाव हुन सक्ने |
| २. मानव अधिकारको प्रवर्द्धन गर्ने । | मानव अधिकार परिपालन तथा मानव अधिकार सम्वन्धमा शिक्षा मार्फत मानव अधिकार संस्कृतिको निर्माण गर्ने । | योजनाको प्रथम वर्षबाट मानव अधिकार शिक्षा तथा मानव अधिकार चेतना कार्यक्रम कार्यान्वयन गर्ने । | मानव अधिकार संस्कृतिको अनुगमन तथा मूल्याङ्कन । | शिक्षा मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग<br>समयः योजनाको प्रथम वर्षमा कार्ययोजना निर्माण तथा परिमार्जन गरिने । | भौगोलिक विकटता र शान्ति सुरक्षाका कारणले नीजि तथा गैर सरकारी संस्थाहरू परिचालनमा बाधा पर्न सक्ने । |
| ३. राष्ट्रिय मानव अधिकार आयोगलाई समयानुकुल सक्षम र सुदृढ बनाउदै लैजाने । | भौतिक श्रोत, मानवीय स्रोतहरू तथा अन्य सहयोग जुटाई मानव अधिकार आयोगलाई सबल र सक्षम बनाउने । | योजना अवधिभर जनचेतना जगाउने विविध कार्यक्रमहरू गर्ने एवं आवश्यक स्रोत र साधन जुटाउने । | ● मानव अधिकार शिक्षा प्रचार प्रसार गर्ने ।<br>● मानव अधिकार, अनुसन्धान गर्ने/गराउने<br>● आयोगको अनुसन्धान, छानवीन तथा कार्य सम्पादन स्तरमा वृद्धि हुने। | राष्ट्रिय मानव अधिकार आयोग, श्री ५ को सरकार तथा विभिन्न दातृ निकायहरू । | विशेष समस्या नपर्ने |

## ३.२.४ विभिन्न परियोजना संचालन

यस अवधिमा आयोगमा क्षमता अभिवृद्धि परियोजना, माओवादी विद्रोहले सृजना गरेको यातना तथा अपाङ्ग सम्वन्धी अध्ययन परियोजना, दलित मानव अधिकार प्रवर्द्धन परियोजना, मानव अधिकार स्थितिपत्र सम्वन्धी परियोजना, सङ्कटलाई सम्वोधन सम्वन्धी परियोजना एवं राष्ट्रिय समाधिक्षकको कार्यालय सम्वन्धी परियोजना सञ्चालित गरिएको थिए । यी परियोजनाहरूबाट सम्पन्न क्रियाकलापहरूका सम्वन्धमा आयोजना परियोजना सम्वन्धी खण्डमा छुट्टै उल्लेख गरिएको छ ।

आयोगको क्षमता अभिवृद्धिको सिलसिलमा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगका उच्चायुक्तको कार्यालयबाट (मिसनमा) आउनु भएका Mr.R.V.Pillai तथा Mr. Bill Chapman ले ४ -१५ फेब्रुवरी २००२ सम्म आयोगको भ्रमण गरी विभिन्न सरोकारवालाहरूसँग परामर्श गरेर आयोगलाई महत्वपूर्ण सुझाव प्रदान गरेका थिए ।

त्यसैगरी चेलिवेटी बेचविखन तथा ओसार पसार जस्तो गम्भीर समस्यालाई सम्बोधन गर्न आयोगबाट समेत पहल गर्नु उपयुक्त हुने कुरालाई मनन गरी आयोगले श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग महिला तथा बालबालिका बेचविखन तथा ओसार पसार विरुद्ध राष्ट्रिय समाधिक्षकको कार्यालय स्थापनाको समझदारी पत्रमा हस्ताक्षर सम्पन्न गरेको थियो ।

संकटकाल लागू भएपछि मानव अधिकार उलंघनका घटनाहरूको अझ बढी सक्रियताकासाथ अनुगमन गर्नुपर्ने आवश्यकतालाई महससुस गरी राष्ट्रिय मानव अधिकार आयोगले २०५९ जेष्ठ महिनाबाट मानव अधिकार अनुगमन परियोजना नामक कार्यक्रम शुरु गरेको थियो ।

देशमा विद्यमान रहेको मानव अधिकारको कानूनी तथा व्यवहारिक स्थिति सबै सामु उजागर गर्ने तथा नेपाल अधिराज्यको संविधान, २०४७, प्रचलित कानुनहरू तथा नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा व्यवस्था भएका मानव अधिकार सम्वन्धी प्रावधान अनुसार श्री ५ को सरकारले पूरा गर्नुं पर्ने दायित्व पूरा भए नभएको तथा ती अधिकारहरूको निर्वाध उपभोग तथा प्रचलन गर्न पाउने वातावरण सृजना गर्ने कार्यमा समेत सहयोग पुऱ्याउने उद्देश्यले आवश्यक मापदण्ड तथा सूचकांकहरू समेतको विकास गर्ने उद्देश्यले मानव अधिकारको स्वेतपत्र सम्वन्धी अवधारणापत्र तयार गरी यसलाई कार्यरुपमा उतार्न आवश्यक ५ जना विशेषज्ञहरूको चयन समेत गरिएको थियो । विशेषज्ञहरूले कार्य प्रारम्भ गरे पछि श्वेतपत्र भन्ने शीर्षक उपयुक्त नभएको भन्ने सुझाव प्राप्त भए अनुरुप यसको नाम परिवर्तन गरी मानव अधिकार स्थितिपत्र नाम दिई कार्य अघि बढाइएको थियो । त्यसै क्रममा पाँचै विकास क्षेत्रमा क्षेत्रीय स्तरमा गोष्ठीहरू सम्पन्न गरिनुकासाथै पाँचै विकास क्षेत्रका पाँच जिल्लाहरूमा समुदाय स्तरमा पुगेर लक्षित समूह सर्भेक्षण समेत गरिएको थियो ।

यसरी क्षेत्र, जिल्ला तथा गाउँ स्तरका जनताको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको व्यवहारिक पक्ष बारे विश्लेषण गरिएको गोष्ठीको कार्यपत्रहरू र लक्षित समूह सर्भेक्षणबाट प्राप्त सूचना तथा तथ्यांकले मानव अधिकारको अवस्था सम्वन्धी अनुसन्धानमा महत्वपूर्ण सहयोग पुग्ने आशा गरिएको थियो । यसबाट नीति निर्माताहरू, राजनीतिक पार्टीका नेताहरू, प्राज्ञिक समुदाय, सामाजिक कार्यकर्ता, मानव अधिकारवादीहरू तथा दातृसंस्थाहरूलाई प्रभावकारी अल्पकालिन र दीर्घकालीन रणनीति तयार पार्न सहयोग पार्ने अपेक्षा गरिएको थियो ।

यस परियोजना एसिया फाउन्डेसन नामक अन्तर्राष्ट्रिय संस्थाले वित्तिय सहयता उपलब्ध गराएको थियो ।

## ३.२.५ प्रलेखीकरण केन्द्र

मानव अधिकारसँग सम्वन्धित विभिन्न दस्तावेज, पुस्तकहरू, प्रतिवेदन लगायतका सामाग्रीहरू व्यवस्थित रुपमा राखी अध्ययन, अनुसन्धान एवं मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा उपयोग गर्न सकियोस भन्ने उद्देश्यले मानव अधिकार प्रलेखीकरण केन्द्र स्थापना गर्नमा **डेनिश सेन्टर अफ ह्यूमन राईट्स**को सहयोग प्राप्त गर्न सक्षम भएको थियो । अन्य विभिन्न संघ संस्थाहरूबाट समेत विभिन्न पुस्तक एवं प्रकाशनहरू प्राप्त भएबाट यस केन्द्रलाई सहयोग पुग्दै आएको छ ।

## ३.२.६ ई-बुलेटिन

आयोगले मानव अधिकार संरक्षण र संवर्द्धन निमित्त सञ्चालन गरेको क्रियाकलापहरूका सम्वन्धमा प्रमुख सरोकारवालालाई सूचित गर्ने उद्देश्यले मिति २०५८/०८/२६ बाट पाक्षिक रुपमा ई-बुलेटिन प्रकाशित हुदै आएको छ । यसबाट आयोगद्वारा सम्पादित मानव अधिकार अनुगमन तथा अनुसन्धान, तालिम लगायत अन्य महत्वपूर्ण गतिविधिका सम्वन्धमा सरोकारवालालाई जानकारी प्रदान गर्न सहयोग पुगेको छ ।

## ३.२.७ वेपत्ता सम्वन्धमा समिति गठन

द्वन्द्वको विकाससँगै जवर्जस्ती बेपत्ताका घटनाहरू बढ्दै गइरहेको एवं आयोगमा परेका उजुरीहरूमा पनि वेपत्ता सम्वन्धी उजुरीहरू बढदो क्रममा रहेको अवस्थामा वेपत्ता सम्बन्धी घटनाहरूका सम्वन्धमा तथ्य संकलन गर्न छुट्टै समिति गठन गर्ने निर्णय भएको थियो ।

उक्त समितिमा संरक्षण महाशाखाको कार्य हेर्ने आयोगका सदस्य सुशील प्याकुरेल संयोजक रहने र सदस्यहरुमा महान्यायाधिवक्ताको कार्यालयका सह-न्यायाधिवक्ता टिकाबहादुर हमाल, नेपाल वार एसोसियशनका सदस्य यदुनाथ खनाल तथा प्रहरी प्रधान कार्यालयका प्र.ब.उ. चुडाबहादुर श्रेष्ठ र संयोजकद्वारा सहवरण गरिएका एक जना रहने व्यवस्था गरिएको थियो । यस समितिले २०५८ पुस १८ गतेदेखि कार्य प्रारम्भ गरेको थियो । उक्त समितिले सर्वसाधारण तथा सम्वन्धित निकायकोलागि जानकारीकोलागि गोरखापत्रमा २०५८ फागुन १७ देखि १९ सम्म सूचना प्रकाशित गरी थाहा भएसम्मको जानकारी उपलब्ध गराइदिन अनुरोध गरेको थियो ।

## ३.२.८ नियुक्ति तथा राजिनामा

राष्ट्रिय मानव अधिकार आयोगका सचिव श्री जोगेन्द्र केशरी घिमिरेले व्यक्तिगत कारण जनाई २०५८ असोज २२ गते आयोग मार्फत् श्री ५ महाराजाधिराज सरकारमा चढाउनु भएको राजिनामा मौसुफबाट सोही मिति देखि लागू हुने गरी स्वीकृत गरिवक्सेको थियो ।

श्री ५ महाराजाधिराजबाट मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आयोगको सिफारिसमा २०५८ मंसिर १८ गते डा. शङ्कर कुमार श्रेष्ठलाई आयोगको सचिवमा नियुक्त गरिबक्सेको थियो ।

## ३.२.९ युद्धविरामको घोषणाप्रति आयोगको ध्यानाकर्षण

राष्ट्रिय मानव अधिकार आयोगले ने.क.पा.(माओवादी) बाट २०५९ जेठ १ गतेदेखि लागू हुने गरी एकतर्फी युद्धविरामको घोषणा गरेको भन्ने संचार माध्यमबाट प्रशारित समाचारप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको थियो । त्यस सम्वन्धमा आयोगद्वारा २०५९ बैशाख २७ गते जारी वक्तव्यमा भनिएको थियो "आयोगको गठन पश्चात् नै आयोगले ने.क.पा. (माओवादी) ले शुरु गरेको हिंसात्मक क्रियाकलाप बन्द गर्न र सरकार तथा माओवादी दुवैलाई वार्ताबाट समाधान खोज्न, युद्ध विराम गर्न बारम्बार आह्वान गर्दै आएको हो । यसै परिप्रेक्ष्यमा एकतर्फी रुपमा माओवादीबाट घोषणा गरिएको युद्धविरामले शान्तिकोलागि सकारात्मक सन्देश दिएको छ ।

त्यसैगरी आयोगले मुलुक एक गम्भीर अवस्थामा पुगेको वर्तमान स्थितिमा कसको शक्ति कति भनेर पौंठेजोरी खेल्नु भन्दा पनि शान्तिकोलागि कस्ले कति योगदान गर्न सक्छ भनी गम्भीर हुन नितान्त आवशयक छ । "युद्धविराम" लाई प्रभावकारी ढंगबाट इमान्दारीपूर्वक लागू भएको हेर्न सबै इच्छुक छन् ।

आयोगले विगतमा झैं "युद्धविराम" प्रति मुकदर्शक नवनी आ-आफ्नो क्षेत्रबाट शान्तिकोलागि सक्रिय भूमिका निर्वाह गर्न आयोग सबैसित हार्दिक आह्वान गर्दै मानव अधिकार संस्था एवं अन्य नागरिक समाजको सक्रिय सहयोगमा अयोगले युद्धविरामको अवलोकन तथा पर्यवेक्षण समेत गर्ने र यस कार्यमा आवश्यकता अनुरुप अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय संस्थाहरूको पनि सहयोग लिन सकिने " जानकारी पनि गराएको थियो ।

## ३.२.१० आयोग र संसद्सँगको सम्बन्ध

यस अवधिमा पनि बिगतमा जस्तै आयोगले संसद्सँग आपसी छलफल र अन्तक्रियाका माध्यमबाट सुमधुर सम्वन्ध कायम राख्ने प्रयास गर्दै आएको छ । कमैया उन्मूलन सम्वन्धमा संसद्मा प्रस्तुत विधेयक तथा मुलुकी ऐन ११ औं संशोधन सम्वन्धी विधेयक सम्बन्धमा मानव अधिकार संरक्षणको दृष्टिकोणले समावेश गरीनु पर्ने भनी आयोगका तर्फबाट सुझाव प्रस्तुत गरिएको थिए । यसका अतिरिक्त आयोगले प्रस्तुत गरेको पहिलो वार्षिक प्रतिवेदनलाई संसदमा छलफल गराउन र आयोगले भोगी रहेका समस्याहरूका सम्वन्धमा जानकारी गराउने उद्देश्यले प्रतिनिधिसभा परराष्ट्र तथा मानव अधिकार समितिसँग व्यापक अन्तरर्क्रिया गरेको थियो । आयोगद्वारा प्रस्तुत गरिएका मानव अधिकारको संरक्षण, सवर्द्धन र परिचालनका सम्वन्धमा प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका सांसद्हरूले चासो लिनुका साथै आयोगलाई सक्षम बनाउने सम्वन्धमा प्रतिवद्धता समेत जाहेर गरेका थिए ।

## ३.२.११ यस वर्षका चुनौतीहरु

यस अवधिमा आयोगले भोगेका प्रमुख चुनौतीहरूमा बजेटको कमी, दक्ष मानव संशाधनको अभाव, सरकारबाट अपेक्षित सहयोगको कमी, बढ्दो मानव अधिकार उल्लंघन एवं ज्यादतीका जस्ता घटनाहरू प्रमुख रुपमा रहेका थिए । आयोगलाई सरकारबाट समयमा रकम निकासा प्राप्त नहुँदा आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूलाई दुई महिनासम्म मासिक तलव भत्ता समेत प्रदान गर्न सकिएको थिएन ।

आयोगका पदाधिकारी मध्येबाटै आयोगका काम कारवाहीका बारेमा अनर्गल टिका टिप्पणी र असहयोगको वातावरण सृजना गरको कारणले केही चुनौतीहरू उत्पन्न हुन पुगेका थिए । यस्तै कारणहरूले गर्दा आयोगको क्षमता विकास परियोजनामा संचालनमा अनावश्यक रुपमा झण्डै एक वर्ष ढिला हुन पुगेको थियो । यसै सन्दर्भमा बम्वईबाट झिकाइनु भएका जेनेट पिन्टो (Ms.Janet Pinto ) भन्ने मनोवेत्ताले आयोगका पदाधिकारीहरूलाईं मनोवैज्ञानिक परामर्श समेत प्रदान गर्नु भएको थियो । स्मरणीय छ, आयोगका पदाधिकारीले विभिन्न सरोकार देखाई आयोगको काम कारवाहीमा निरन्तर वाधा पुऱ्याएको हुँदा समस्या समाधानार्थ निज मनोवेत्तालाई त्यसपछि पटक पटक समस्या समाधानको प्रयास गर्नु भएको थियो । यसपछि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमद्वारा परियोजनाका कर्मचारीको विज्ञापन तथा पदपूर्ति गरी सके पश्चात आयोगको क्षमता अभिवृद्धि परियोजना शुरु भएको थियो ।

न्यायिक क्षेत्रमा लामो अनुभव हासिल गरी सकेका व्यक्तिहरू मध्येबाट आयोगको सिफारिसमा आयोगको दोश्रा सचिवको रुपमा नियुक्त भएका डा. शङ्कर कुमार श्रेष्ठको नियुक्तिबाट विगतको वातावरणमा सुधार भई मानव अधिकारको संरक्षण र संबर्द्धनको गुरुत्तर दायित्व वहन गर्ने दिशामा आयोगलाई अगाडि बढ्न सहायता पुग्ने अपेक्षा गरिएको थियो तर निजको नियुक्ति भएको केही समयपछि देखि नै आयोगका एकजना सदस्यसँग मनोमालिन्यको स्थिति सृजना हुन गएको एवं कर्मचारी पद्पूर्तिका सम्वन्धमा अनावश्यक विवाद उत्पन्न भएकोले गर्दा आयोग विभिन्न झमेलामा अल्झिरह्यो ।

श्री ५ को सरकारले आयोगबाट माग भए बमोजिमको कर्मचारी काजमा नपठाई दिने एवं काजमा आएका कर्मचारीहरू पनि काज अवधि समाप्त भै सकेपछि फिर्ता जाने एवं आयोगको आफ्नै स्थायी कर्मचारी नभएको हुनाले आयोगलाई सहयोग गर्न असुविधा पुगेको भनी विभिन्न दातृ निकायले गुनासो व्यक्त गरेका थिए । यसलाई मध्येनजर गर्दै आयोगले श्री ५ को सरकारबाट प्राप्त बजेटले धान्ने गरी स्थायी कर्मचारी नियुक्ती गर्ने निर्णय गरी केही पदहरूमा विज्ञापन गरी प्रक्रिया अगाडी बढाएको थियो । कर्मचारी पदपूर्ति प्रक्रियासँगै परीक्षामा अनियमितता एवं धाँधली भएको भन्ने जस्ता विवादहरू पनि आयोग भित्रैबाट सिर्जना हुन पुग्नाले आयोग प्रति आम नागरिकको आकांक्षामा तुषारापात हुन पुग्यो भने आयोग कै छवी धमिल्याउने प्रयास स्वरुप मिडियामा विभिन्न नकारात्मक समाचारहरू समेत प्रकाशित हुन पुगेका थिए ।

आयोगका सदस्यको संयोजकत्वमा रहेको पद्पूर्ति समितिले गरेको काम कारवाहीको सम्वन्धमा आयोगकै अर्का सदस्यले छानवीन गर्नु पर्ने माग राखी आयोगका अध्यक्ष समक्ष निवेदन पेश भएको जस्तो बिडम्वना पूर्ण अवस्था समेत आयोगले झेल्नुपऱ्यो । हरेक प्रक्रियामा शंका गर्ने र प्रक्रिया अवरुद्ध पारी रहने कार्य शुरु हुन थालेमा आयोग जस्तो गरिमामय संस्थाको अस्तित्व र विश्वसनीयतामै गम्भीर प्रश्न उठ्न गई आयोगको छवीमै प्रतिकूल असर पर्ने महसुस गरी आयोगबाट लोक सेवा आयोगले अपनाउँदै आएको प्रक्रियालाई मध्येनजर गरेर विवादलाई टुंगो लगाइएको थियो । यद्यपि

आयोगको परीक्षा सम्वन्धमा आयोग विरुद्ध सर्वोच्च अदालतमा रिट समेत दर्ता भएको थियो । यसरी आयोग स्थापनाका शुरुका दुई वर्ष बाह्य तथा आन्तरिक परिस्थितका कारण सृजित विवाद र आर्थिक कठिनाइकाबीच गुज्रन वाध्य भयो ।

आयोगमा उजुरीहरू थोरै संख्यामा प्राप्त भइरहेको सन्दर्भमा वेपत्ता पारिएका भनिएका व्यक्तिहरूको सम्वन्धमा बढीभन्दा बढी तथ्य, जानकारी एवं उजुरीहरू प्राप्त गरी छानवीन एवं आवश्यक कारवाही गर्ने उद्देश्यले आयोगद्वारा पहिलो पटक समितिको गठन भएको भएतापनि उक्त समितिले एक दुईवटा वैठक गर्ने वाहेक अन्य कुनै उपलब्धिमूलक कार्य गर्न नसकी समिति निष्क्रिय हुनपुगेको थियो ।

## ३.३ तेस्रो वर्ष

आयोग स्थापनाको तेश्रो वर्ष कर्मचारी पदपूर्ति, रणनीतिक योजनाको तर्जुमा, मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान जस्ता प्रमुख कार्यहरू केन्द्रित रहेको थियो । तेश्रो वर्षमा सम्पन्न भएका प्रमुख क्रियाकलापहरू देहाय बमोजिमको वुँदाहरूमा उल्लेख गरिएको छ ।

### ३.३.१ कर्मचारी पदपूर्ति

आयोगद्वारा स्थायी दरवन्दीको सिलसिलमा संचालन गरिएको लिखित तथा अन्तरवार्ताबाट सफल उम्मेदवारलाई पदपूर्तिको समितिको सिफारिस अनुसार आयोगको मिति २०५९।६।११ गतेको निर्णय अनुसार अधिकृत तथा सहायक स्तरको र २०५९।८।५ गतेको.निर्णय अनुसार पियन तहको नियुक्ती गरिएको थियो । तत्कालीन कर्मचारी सम्वन्धी नियमावलीमा आवश्यक परेको अवस्थामा अस्थायी कर्मचारीहरु नियुक्त गर्न सकिने व्यवस्था भएको तर यसरी नियुक्त अस्थायी कर्मचारीहरुलाई ६ महिनाभन्दा वढी अवधि सम्मकोलागि राख्नु पर्दा विभिन्न समस्या पर्न सक्ने देखिएकोले निश्चित अवधिकोलागि कर्मचारीलाई करारमा नियुक्ति गर्ने व्यवस्था भएमा सो समस्याको निराकरण हुन सक्ने महसुस गरी आयोगको कर्मचारीको सेवा शर्त र सुविधा सम्वन्धी नियमावली २०५८ को नियम २० लाई खारेज गरी निम्न बमोजिम नयाँ प्रावधान राख्ने निर्णय गरिएको थियो ।

“आयोगको कुनै स्थायी पद कुनै कारणवश रिक्त हुन गई काम काज चलाउन अति आवश्यक परेमा सचिवले आयोगको पूर्व स्वीकृति लिई निश्चित अवधिकोलागि करारमा नियुक्त गर्न सक्ने छ ।”

### ३.३.२ बृद्धहरूको अधिकार सम्वन्धमा

राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त बृद्ध सरोकार समूहको संयुक्त आयोजनामा ०५९ जेठ ३१ गते आयोगको सभाकक्षमा नेपालमा वर्तमान द्वन्द्वपूर्ण अवस्थाले बृद्ध बृद्धाहरूमा परेको असर विषयक एक गोष्ठी गरिएको थियो । गोष्ठीमा साँस्कृतिक सम्पदाको संरक्षणको कार्यमा संलग्नवातावरणविद हुतराज वैद्यले सोही विषयमा एक मर्मपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा माओवादी जनयुद्धका कारण पीडित वृद्धवृद्धहरूको तस्वीर पनि प्रदर्शनी गरिएको थियो । आयोगद्वारा वृद्धव्यक्तिका अधिकारका सम्वन्धमा आयोजना भएको यो पहिलो कार्यक्रम थियो ।

### ३.३.३ राजिनामा तथा नियुक्ती

आयोगको मिति २०५९।०५।०५ को निर्णयानुसार आयोगका सचिव डा. शङ्करकुमार श्रेष्ठले आफ्नो पदबाट दिनुभएको राजिनामा श्री ५ महाराजाधिकारबाट मिति २०५९।०४। १४ मा स्वीकृत भई सचिव पद रिक्त हुन आएकोले सचिवको हैसियतले गर्नुपर्ने कार्य सम्पादनकोलागि नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयबाट आयोगमा काजमा खटिई आउनुभएका सहन्यायाधिवक्ता श्री केदारप्रसाद पौड्याललाई मिति २०५९ । ५ । ५ देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्म सचिव पदमा कायममुकायम मुकर्रर गर्ने निर्णय गरेको थियो ।

### ३.३.४ मानव अधिकार अनुगमन र अनुसन्धान

सरकार तथा विद्रोही पक्षबीचको सशस्त्र द्वन्द्वको अवधिमा देशको समग्र मानव अधिकारको अवस्था सङ्कटपूर्ण बन्न पुग्यो । देशको संवैधानिक प्रावधान अनुरूप सङ्कटकालको घोषणा भइसकेपछि जनताका आधारभूत अधिकारका रूपमा रहेको संवैधानिक अधिकारहरू समेत निलम्बनमा पर्न गई सिङ्गो मानव अधिकारको क्षेत्र अन्यौलग्रस्त बन्न पुग्यो । यस अवस्थामा मानव अधिकारकर्मीहरू, सञ्चार जगत्, राजनैतिक दलका प्रतिनिधिहरू एवम् स्थानीय निकायका सरोकारवाला व्यक्तिहरू समेतको हिंसाग्रस्त क्षेत्रमा आवत जावत बन्द हुन पुग्यो । यस सन्दर्भमा सङ्कटकालीन परिस्थितिको गम्भीरतालाई मध्येनजर गरेर राष्ट्रिय मानव अधिकार आयोगले हिंसा प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्ने निर्णय गऱ्यो । जसअनुसार विभिन्न जिल्लाहरूमा आयोग र नागरिक समाज प्रतिनिधि समेत सम्मिलित स्वयंसेवकको टोली बनाई हिंसा प्रभावित क्षेत्रमा स्थलगत अनुगमन सम्पन्न गरियो । अनुगमनको क्रममा अर्घाखाँची, जुम्ला, बाँके, डोटी, आछाम, दाङ्ग, प्यूठान, सल्यान, रोल्पा, रुकुम, जाजरकोट लगायतका जिल्लाहरू समेटिएका थिए ।

स्थलगत अनुगमनबाट प्राप्त विभिन्न प्रतिवेदनहरूलाई अध्ययन, विश्लेषण एवम् सरोकारवालासँगको आवश्यक परामर्श पश्चात् २०६० जेष्ठ २३ गते आयोगको वार्षिक उत्सवको अवसर पारेर “सङ्कटकाल र मानव अधिकार” विषयक मानव अधिकार अनुगमन प्रतिवेदन, २०५९ सार्वजनिक गरियो । उक्त प्रतिवेदनमा हिंसाको शुरुवातदेखि सङ्कटकालसम्म मानव अधिकार अनुगमनको औचित्य, नागरिक समाजसँगको सहकार्य, राज्य तथा गैरराज्य पक्षबाट भए गरेका मानव अधिकार उल्लंघन सम्वन्धी तथ्याङ्क जस्ता बुँदाहरू समावेश गर्दै विभिन्न पक्षहरूबाट सम्पन्न गरिनुपर्ने कार्यका सम्वन्धमा विभिन्न सिफारिस समेत गरिएको थियो ।

यस वर्षमा अन्य वर्षमा झै आयोगमा रहेका विभिन्न मुद्दाको अनुसन्धान गर्ने कार्य जारी नै रह्यो भने वोक्सीको अभियोग लगाई अमानवीय व्यवहार गरिएको भन्ने विषयसँग सम्वन्धित १३ वटा घटना र प्रहरी हिरासतमा यातना दिइएको भन्ने एउटा मुद्दा गरी १४ वटा मुद्दाको सम्वन्धमा आवश्यक सिफारिस सहित कारवाही किनारा अन्त्य गरिएको थियो ।

### ३.३.५ रणनैतिक योजनाको खाका निर्माण

रणनीतिक योजना (Strategic Plan) बनाउनकोलागि आयोगले सदस्य सुशील प्याकुरेलको संयोजकत्वमा आयोगका का.मु. सचिव केदारप्रसाद पौड्याल, राष्ट्रिय समाधीक्षक डा. रेणु राजभण्डारी, आयोगका सल्लाहकार विक्रम क्षेत्री, क्षमता अभिवृद्धि कार्यक्रमका विपिन अधिकारी तथा आयोगका योजना तथा मूल्याङ्कन शाखाका संयोजक सूर्यबहादुर देउजा समेत भएको कार्य समिति गठन गर्ने निर्णय गरियो । यस समितिले कार्य प्रारम्भ गरे पनि रणनैतिक योजनाको निर्माण कार्य भने चौथो वर्षमा मात्र सम्पन्न भयो ।

### ३.३.६ यस वर्षका चुनौतीहरु

आयोगको क्रियाकलाप विस्तार हुदै जाने क्रममा चुनौतीहरू पनि वढ्दै गएका थिए । यसै क्रममा पदपूर्ति सम्वन्धमा पनि आयोगमा विभिन्न कुराहरू उठेका थिए । पदाधिकारीहरूको फरक फरक पृष्ठभूमी, ऐनमा पनि पदाधिकारीहरूको आचरण र अनुशासनात्मका सम्वन्धमा स्पष्ट व्यवस्था नरहेको कारणले नियन्त्रण र सन्तुलनको कार्यमा विभिन्न कठिनाईहरू उत्पन्न हुन गएका थिए । आयोगद्वारा प्रकाशित गरिएका प्रेस विज्ञप्तिहरू एवं कतिपय गोप्य समाचार समेत मिडियामा प्रकाशित हुनु, अनुगमन टोलीको छनौटमा पनि व्यवस्थित प्रक्रिया अपनाउन नसक्नु एवं धेरै विषयमा एकै चोटी प्रेसमा जाने प्रवृत्ति विकास हुनु जस्ता कारणहरूले गर्दा आयोगका सम्वन्धमा पत्र पत्रिकामा निरन्तर रुपमा विभिन्न टीका टिप्पणी भई रहने जस्ता दुखद घटनाहरू पनि दोहोरिइरहे । आयोगले सञ्चार माध्यमसँगको सम्वन्ध कस्तो हुनु पर्छ भन्ने कुरामा एउटा स्पष्ट नीति अपनाउन नसक्नाले एउटै विषयमा विभिन्न ढंगले आयोगको बारेमा समाचार प्रकाशित भई रहे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूको चासो एवं क्रियाकलाप समेतले गर्दा आयोगको कामलाई थोर वहुत प्रभावित पारिरहे ।

ऐनले नै स्वतन्त्र र स्वायत्त निकायका रुपमा परिभाषित गरेको राष्टिय संस्थाले मानव अधिकार उल्लंघनका घटनाहरूका सम्वन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै त्यस्ता कार्यहरू गर्नबाट रोक्ने र पिडकहरूलाई दण्डित गर्ने सम्वन्धमा पटक पटक सुझाव दिइ सो को ताकेता गरिरहँदा समेत सरकारबाट सम्वेदनशील भई कुनै प्रतिक्रिया आउन सकेन । यसबाट उत्पन्न हुने स्वाभाविक निराशालाई अन्त्य गर्न आयोगले पत्रपत्रिकाका माध्यमबाट आमजनता समक्ष आफ्नो धारण राख्ने चेष्टा गऱ्यो । त्यसै गरी आन्तरिक कार्य प्रक्रिया सम्वन्धमा व्यवस्थित पद्धति नभएका कारणले गर्दा समेत संस्थागत अनुशासन बनाई राख्न हम्मे हम्मे परेको थियो । यसका अतिरिक्त आयोगलाई मिडियामा ल्याउने बढ्दो चाखका कारण पनि विभिन्न विवादस्पद कुराहरू मिडियामा आउन पुगेका थिए ।

आयोगमा नियुक्ती भएको एक वर्ष पनि नपुग्दै दोश्रो सचिव डा. शङ्कर कुमार श्रेष्ठले राजिनामा दिन पुगे । यसबाट रिक्त हुन पुगेको सचिव पदको कार्यभार सम्हाल्नकोलागि महान्यायाधिवक्ताको कार्यालयबाट सह-न्यायाधिवक्ता केदार प्रसाद पौड्याललाई काजमा झिकाई कायम मुकायम सचिवका रुपमा मुकर्रर गरिएको थियो । यस प्रकार आयोगका सचिवहरूको पटक पटक भइरहेको फेरवदलले गर्दा पनि आयोगका क्रियाकलापको निरन्तरतामा गंभीर चुनौती उत्पन्न हुन पुगेको थियो ।

आयोगका एक जना पदाधिकारीका विरुद्ध आयोगकै एक जना महिला कर्मचारीले आफूलाई यौन दुर्व्यवहार गरेको भन्ने आरोप लगाई आयोगमै उजुरी दर्ता गराएबाट आयोगको साझा शक्तिमा अर्को धक्का पर्न गयो । त्यस सम्वन्धमा नागरिक समाजबाट परेको दवाव समेतको कारणले आयोगको आफ्नै सदस्यको विषयमा प्रतिनिधि सभामा कारवाहीकोलागि सिफारिस गरी सोको अन्तिम निर्णय नभएसम्म निजलाई जिम्मेवारी नदिने गरी निर्णय गर्न आयोग वाध्य भयो । तर सो विषयमा सम्मानित सर्वोच्च अदालतबाट आयोगले गरेको निर्णय बदर हुने ठहर गरी भएको फैसला पश्चात् निज पूर्ववत रुपमा आयोगमा सक्रिय रहनु भएको छ ।

आयोगका रहनु भएका एक जना महिला पदाधिकारीले शुरुदेखि नै आयोगका विषयमा विवाद उठाई आयोगको काम कारवाही संलग्न नहुनु भएको र अर्का एक जनामाथि त्यस्तो आरोप लाग्दा आयोगका सामु गंभीर चुनौती उत्पन्न हुन गएको थियो ।

## ३.४ चौथो वर्ष

आयोग स्थापनाको चौथौ वर्ष पूर्वाधार निमार्ण मानव संशाधनको विकास, नीति निमार्ण,शान्ति प्रक्रियामा मानव अधिकारको सम्झौता, मानव अधिकार सम्मान तथा मानवीय कानूनको परिपालना को सम्वन्धमा द्वन्द्वरत पक्षद्वारा चालिनु पर्ने न्यूनतम पाइलाहरूको मस्यौदा लगायतका कार्यहरू केन्द्रित रहेको थियो । चौथौ वर्षमा सम्पन्न भएका प्रमुख क्रियाकलापहरू देहाय बमोजिम वुंदाहरूमा उल्लेख गरिएको छ ।

### ३.४.१ ऐन नियम परिमार्जन

मानव अधिकार आयोग ऐन, २०५३ तथा नियमका कतिपय प्रावधानहरू स्पष्ट नभएका र विश्वका अन्य आयोगहरूको कार्य प्रणाली सम्वन्धी अध्ययनको अनुभवबाट ऐन तथा नियमका कतिपय प्रावधानहरू परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको हुदाँ विद्यमान ऐनको अध्ययन गरी आयोगलाई अझ प्रभावकारी बनाउने गरी परिमार्जन गर्नको लागि आयोगका अध्यक्षको संयोजकत्वमा निम्न लिखित सदस्यहरू भएको एउटा कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री | - संयोजक |
| कानून सुधार आयोगका उच्चस्तरीय प्रतिनिधि | - सदस्य |
| कानून मन्त्रालयका उच्चस्तरीय प्रतिनिधि | - सदस्य |
| अधिवक्ता बद्रीबहादुर कार्की | - सदस्य |
| मानव अधिकार तथा सामाजिक न्याय मन्चका उच्चस्तरीय प्रतिनिधि | - सदस्य |

उक्त कार्यदललाई एसिया प्रशान्त क्षेत्र लगायत संसारका अन्य मुलुकहरूमा कानून बमोजिम स्थापना भएका यस्ता आयोगहरूको कार्यप्रणाली सम्वन्धी कानूनी व्यवस्थाको अध्ययन गर्ने,मानव अधिकार आयोगसम्वन्धी पेरिस सिद्धान्त अध्ययन गर्ने र आयोगका आन्तरिक तथा बाह्य सरोकारवालाहरूसँग समेत सम्पर्क राखी समाजका लैङ्गिक, जातीय, तथा अल्पसंख्यक समुदायको समेत आयोगमा प्रतिनिधित्व गराई आयोगलाई प्रभावकारी र समय-सापेक्ष बनाउनको लागि विद्यमान ऐनमा के कस्तो संशोधन वा परिमार्जन गर्नुपर्ने हो सो सम्वन्धमा आयोगलाई सुझाव दिने लगायतका कार्य विवरण दिइएको थियो ।

## ३.४.२ उजुरी व्यवस्थापन प्रणाली

आयोगले क्यानेडियन मानव अधिकार आयोगसँगको सहकार्यमा उजुरीको कारवाहीलाई कम्पयुटर मार्फत व्यवस्थित गर्ने पद्धति जडान गर्‍यो । यस सम्वन्धमा आयोगका सम्बर्द्धन कर्मचारीहरूलाई भारतीय मानव अधिकार आयोगको प्राविधिक सहयोगमा तालीम समेत प्रदान गरिएको थियो र यसमा ल्याउने क्यनेडियन मानव अधिकार आयोगले वित्तिय सहयोग उपलब्ध गराएको थियो ।

## ३.४.३ वेब साईट

आयोगद्वारा www.nhrc-nepal.org नामक वेब साईट संचालनमा ल्याएको छ । मार्च २००४ मा एक महिनाको अवधीमा विश्वभरी गरेर ३०,०९५ पटक वेब साईट हेरिएको पाईयो । यस वेब साईटमा आयोगका गतिविधिहरू, प्रकाशन, प्रतिवेदन, प्रेस विज्ञप्ति एवं ई बुलेटिनहरू समेत समावेश गरिएको छ । यो वेबसाइट नेपाली तथा अंग्रेजीमा डिजाइन गरिएको छ ।

## ३.४.४ अनुगमन र अनुसन्धान

आयोगले यस अवधिमा पनि मानव अधिकारको अनुगमन र अनुसन्धानलाई निरन्तरता दिएको थियो । यसै क्रममा आयोबाट हुने गरेका अनुगमन र अनुसन्धानका क्रममा मिति २०६०।१२।१९ मा श्री ५ को सरकार, गृह मन्त्रालयको मिति २०६०।१२।१६ को पत्रमा आयोगको कामकार्वाही, निष्पक्षता र मर्यादामा आँच आउने गरी आयोगका सन्दर्भमा '...एकपक्षीय प्रतिवेदन तयार गर्न लगाई सुरक्षाफौजले ज्यादती गरिरहेको छ भन्ने सन्देश सर्वसाधारण जनता र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत दिएर सुरक्षाफौजको छविमा आँच पुर्‍याउने कार्य गरिरहेको ...' भनी आयोगलाई लाञ्छना लगाएको थियो । साथै सोही पत्रमा आयोगले अनुसन्धान टोली खटाउँदा उक्त टोलीमा सुरक्षाफौजको प्रतिनिधिसमेत अनिवार्य रूपमा समावेश गर्ने भनी आयोगको निष्पक्षता र स्वतन्त्रतामा आँच आउने गरी लेखी आएकोमा आयोगले आफ्नो काम कार्वाहीमाथिको गैरकानूनी हस्तक्षेपको रूपमा लिएको थियो । प्रधानमन्त्रीबाट मानव अधिकारका सम्वन्धमा व्यक्त प्रतिबद्धता समेत विपरीत हुनु खेदको विषय भएको भन्दै त्यस्तो पत्राचार गर्ने माथि आवश्यक कार्वाही हुन र आयन्दा आयोगको कामकार्वाहीलाई हस्तक्षेप हुने गरी कुनै पनि क्रियाकलाप नहुने गरी आवश्यक व्यवस्था मिलाउन श्री ५ को सरकारका मुख्य सचिवलाई लेख्ने भनी निर्णय गरिएको थियो ।

यस अवधिमा आयोगले विभिन्न जिल्लामा मानव अधिकार स्थितिको समग्र अनुगमन सम्पन्न गर्नुका साथै मानव अधिकारको उल्लंघनका विभिन्न.घटनाको अनुसन्धान गरेको थियो । यसै गरी विगत लामो समयदेखि संयुक्त राष्ट्र संघीय निकाय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाको नेपालमा बेपत्ता पारिने क्रम र यातनाको घटनामा बृद्धि भइरहेको भन्ने भनाइहरू सार्वजनिक भइरहेको र राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त उजुरीहरूमा दृष्टिगत गर्दा पनि श्री ५ को सरकारले यस विषयमा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको सहयोग प्राप्त गरी यस्ता क्रियाकलापको सम्बोधन गर्न संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगमा बेपत्ता र यातना सम्वन्धी काम गर्ने कर्यदल र विशेष समाधीक्षकलाई आमन्त्रण गर्न श्री ५ को सरकारलाई अनुरोध गर्ने सम्वन्धमा मिति २०६०/०८/०२मा निर्णय भएको थियो ।

## ३.४.५ शरणार्थी समस्या सम्वन्धमा

आयोगका सदस्य श्री गौरीशङ्कर लाल दासबाट शरणार्थीको समस्याका सम्वन्धमा स्थलगत अध्ययन गरी सो बारेमा विस्तृत जानकारी गराउनु भएको थियो । शरणार्थीहरूको प्रमाणीकरण सम्वन्धी प्रक्रिया र शरणार्थीहरू सम्मानपूर्वक स्वदेश फर्कन पाउने वातावरणको सृजना गर्नको लागि श्री ५ को सरकारले निम्न कुरामा विशेष ध्यान पुर्‍याउन लेखी पठाउने निर्णय गरिएको थियो ।

(क) शरणार्थीहरू आफ्नो देश फर्केपछि त्यहाँ सम्मानित जीवन बिताउन पाउने प्रत्याभूति ।
(ख) शरणार्थी फिर्ता जाने क्रम शुरु भएपछी एउटा स्वतन्त्र अनुगमनको संयन्त्र स्थापनाको लागि पहल
(ग) शरणार्थीहरूले प्रमाणीकरणमा चित्त नबुझाई दिएको पुनरावेदन माथि निष्पक्ष रूपले जाँच हुन सक्ने आवश्यक व्यवस्था मिलाउनु पर्ने ।
(घ) कुनै व्यक्तिको राष्ट्रियताको अधिकारको संरक्षण ।

## ३.४.६ रणनैतिक योजनाको तर्जुमा र कार्यान्वयन

मानव अधिकार आयोग ऐन, २०५३ ले प्रत्याभूत गरेका काम, कर्तव्य र अधिकारहरूलाई मूर्त रूप दिन, आयोगको काम कार्वाहीहरूलाई योजनावद्ध तरिकाले सम्पन्न गर्न तथा देशमा मानव अधिकार संस्कृतिको निर्माणतर्फ उन्मुख कार्यक्रमहरू तय गरी आफ्नो दायित्व निर्वाह गर्नको लागि

आयोगले रणनीतिक लक्ष्य तथा कार्यक्रमहरू निर्धारण गरी योजना तयार गरी आयोगको २०६०।०८।०९ को बैठकले आयोगले तयार गरेको रणनीतिक योजना (२००४-२००८) लाई लागू गर्ने निर्णय गरेको थियो ।

आयोगका पदाधिकारी तथा कर्मचारीहरू लगायत श्री ५ को सरकारका निकायहरू, अन्य आयोगहरू, मानव अधिकारसँग सम्वन्धित गैर सरकारी संस्थाहरू, वुद्धीजीवी एवं प्रबुद्ध वर्ग, न्यायपालीका, आम सञ्चार, राजनैतिक दलहरू, संयुक्त राष्ट्रसंघ अर्न्तगतका निकायहरू, आयोगका परियोजनाका विभिन्न दातृ निकायहरू, विदेशी कुटनीतिज्ञहरूको सुझाव समेत ग्रहण गरी सहभागितात्मक पद्धति अनुरुप यो रणनितिक योजना तर्जुमा गरिएकोले मानव अधिकारको संरक्षण र संवर्द्धनकोलागि आयोगले ५ वर्षमा गर्नुपर्ने कार्यहरूलाई निर्देशित गरेको थियो ।

आयोगको यस रणनितिक योजनाले हाल चलिरहेको द्वन्द्वको अवस्था, संविधान तथा अन्य ऐन प्रदत्त मौलिक अधिकारको प्रयोगमा देखिएको समस्या, लैङ्गिक भेदभाव, जातीय विभेद, यौनजन्य दुव्यवहार, वोक्सीका नाममा दिइने यातना, बालवालिका माथि हुने हिंसा तथा निकृष्ट श्रम, महिला माथी हुने हिंसा जस्ता समस्या, नागरिकको आर्थिक, समाजिक एवं सांस्कृतिक अधिकार प्रत्याभूतिमा देखा परेका समस्या, मानव अधिकारका शिक्षा तथा जनचेतना, लगायत दण्डविहिनतालाइ मानव अधिकारको प्रमुख सवालको रुपमा लिई त्यसको आधारमा रणनितिक कार्यक्रमहरू तय गरेको छ । आयोगको रणनीतिक योजना २००४-२००८ सम्वन्धी विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

### ३.४.७ यस वर्षका चुनौतीहरु

छोटो समयमा आयोगले कठीन अग्नी परीक्षाको घडी समेत पार गर्नु परेको थियो । आयोगको गरीमामय पदमा रहेका आयोगका सदस्य स्वयंलाई आयोगकै महिला कर्मचारीसँगको अनुचित सम्वन्धको विषयमा परेको उजुरी, आयोगका एक सदस्यले विभिन्न कारणहरू देखाई आयोग भित्रैका क्रियाकलापमा सम्वन्धमा प्रश्न उठाई आवश्यक कार्वाहीकोलागि आयोगका अध्यक्ष सामु दर्ता गराउनु भएको निवेदन आयोग भित्रै सङ्कट उत्पन्न गराउने कारकका रुपमा आएका थिए । यस वर्षका प्रमुख चुनौतिहरुलाई देहायका वुँदाहरुमा संक्षिप्त चर्चा गरिएको छ ।

(क) पर्याप्त बजेटको अभावः- आयोगको स्थापना कालदेखि नै सरकारबाट प्राप्त अपर्याप्त बजेट र न्यून कर्मचारी संख्याले आयोगको कार्य सम्पादनमा कठिनाइ हुनुको साथै सरकारी स्केलको तलब मात्र दिन सक्ने अवस्था रहेको र अरू कुनै सुविधा दिन नसकिएको कारणबाट आयोगका र्कचारीको मनोबलमा ज्यादै नै असर पर्न गएको छ । त्यसै गरी आयोगको कार्यक्रम सञ्चालनको लागि पनि रकम ज्यादै नै अपर्याप्त हुन गएको छ । यसले गर्दा अति आवश्यक कार्यक्रको लागि समेत दातामा भरपर्नुपर्ने अवस्था सृजना हुन पुगेको छ ।

(ख) सरकारबाट अपेक्षित सहयोगको कमी- आयोगबाट प्रेषित पत्रको सम्वन्धमा प्रतिक्रिया नै नगर्ने, ढिलो सूचना दिने तथा तथ्यपरक जवाफ नदिने जस्ता कारणले गर्दा आयोगमा प्राप्त भएका उजुरीमा छानबीन एवं अनुसन्धानमा कठिनाइ पुग्न गएको छ । खास गरी सेनासँगको पहुँच सर्वसाधारणकोलागि असम्भव जस्तै हुनु र आयोगको समेत सहज पहुँच हुन नसक्नाले मानव अधिकारको संरक्षणकोलागि काम गर्न आयोगलाई निकै कठिनाई परेको थियो ।

(ग) मानव अधिकार प्रति चेतनाको अभाव, सामाजिक कुरीति, महिला विरुद्ध हुने हिंसा, सामाजिक विभेद जस्ता विभिन्न कारणहरूले गर्दा मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा कठिनाइ उत्पन्न हुन पुगेको छ ।

(घ) जवरजस्ती वेपत्ता पारिएको भन्ने विषयमा आयोगमा परेका उजुरीहरु उपर छानवीन तथा अनुसन्धान गर्ने कार्यमा चुनौती उत्पन्न भएको थियो भने आयोगको अनुगमनबाट समेत स्पष्ट राज्य पक्ष तथा गैर राज्य पक्ष दुवै तर्फबाट मानव अधिकारको उल्लघंनका घटनाहरुमा वृद्धि हुदै जानु आफैमा अर्को चुनौतीको रुपमा रहेको थियो ।

(ङ) राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार आयोग ऐन, २०५३ अनुसार मानव अधिकार उल्लघंन तथा दुरुत्साहनका सम्वन्धमा छानबीन एवं अनुसन्धान गर्ने अधिकार प्रदान गरिएको भएता पनि विभिन्न कारणहरूले गर्दा आयोगबाट हुनु पर्ने अनुसन्धानमा ढिलाई भएको देखिन्छ । यसरी अनुसन्धानलाई पूर्णता दिनमा ढिलाई हुनुमा अपर्याप्त सूचना, अपर्याप्त एवं .अविकसित संचार पद्धति, कर्मचारीतन्त्रमा हुने ढिलाई, आयोगबाट पठाइने पत्र उपर असान्दर्भिक जवाफ दिइने परम्परा, विस्तृत सूचनाको लागि नयाँ ढाँचाको उजुरी फारामको आवश्यकता, उजुरीकर्ताको उत्साहमा कमी भएको कारणले राज्य एवं राज्य निकायहरू विरुद्ध उजुरी दिनमा डर त्रासको भावना गर्दा आयोगलाई ज्यादै नै कठिनाइ परिरहेको छ ।

## ३.५ पाँचौं वर्ष

आयोग स्थापनाको पाचौं वर्षमा आयोगद्वारा शान्ति सम्मेलन, महत्वपूर्ण व्यक्तित्वको आयोगमा भम्रण, सरकार तथा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोग समक्षदारी पत्रमा हस्ताक्षर, आयोगका क्षेत्रीय कार्यालयहरूको स्थापना तथा कर्मचारीको संख्यामा उल्लेखनीय वृद्धि जस्ता प्रमुख उपलब्धिहरू हासिल गरको थियो । पाँचौं वर्षमा सम्पन्न भएका प्रमुख क्रियाकलापहरू देहाय बमोजिम वुंदाहरूमा संक्षेपमा उल्लेख गरिएको छ ।

### ३.५.१ संगठनात्मक सुदृढीकरण

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदान गरिएको मानव अधिकार संरक्षण र सम्बर्द्धनको गहन दायित्व निर्वाह गर्नकोलागि दक्ष मानव संशाधनको आवश्यकता महसुस गरी राष्ट्रिय मानव अधिकार आयोगले संगठनात्मक सुदृढीकरण सम्वन्धी कार्य अगाडि बढाइरहेको छ । यसै क्रममा आयोले समय समयमा आयोगको संगठन तालिकालाई परिस्कृत एवं परिमार्जन गर्दै आएको छ । आयोगको गठनको समयमा नै आयोगलाई कार्य

गर्न सजिलो होस् भन्ने उद्देश्यले श्री ५ को सरकारद्वारा गठित कार्यदलले प्रस्ताव गरेको ७८ जनाको दरवन्दी तेरिज उपर बीचार गरी शुरुका दिनमा आयोगले ४६ जनाको दरवन्दी स्वीकृति गरेको भएता पनि सरकारबाट प्राप्त न्यून बजेटको कारणले उक्त सबै दरवन्दीमा स्थायी पदपूर्ति गर्न सकिएन । आयोगमा हाल स्थायी र करारमा गरी जम्मा १३३ जना कर्मचारी कार्यरत रहेका छन् । आयोगको वर्तमान संगठनात्मक संरचना अनुसूची ४ मा समावेश गरिएको छ ।

## ३.५.२ मानव अधिकार सम्झौतामा जोड

गैर न्यायिक पक्राउ तथा हत्या र बेपत्ता रोक्न तथा कानूनको शासनको मूल मर्मलाई व्यवहारिक रुपमा कार्यान्वय गर्न र मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्नका लागि आयोगले सरकारलाई पत्राचार, प्रेश विज्ञप्ति, मानव अधिकार संझौता, मानव अधिकारको अनुगमन आदि जस्ता माध्यमबाट निरन्तर रूपमा जोड दिदै आएको छ भने मानव अधिकारको दुरुपयोग नगर्न, जेनेभा महासन्धिका प्रावधानहरू लगायत ने.क.पा. माओवादीका केन्द्रिय नेतृत्वहरूले समय समयमा आयोगमा आँफै आई वा सार्वजनिक रुपमा मानव अधिकार तथा मानवीय कानूनको पालनामा व्यक्त गरेको प्रतिबद्धता यथार्थमा अपनाउन तथा लागू गर्न गराउनका लागि अनुरोध गर्दै आइरहेको छ । यस्तै आग्रह र अनुरोध मानव अधिकार सम्वद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघ संस्था, नागरिक समाज र विभिन्न वैदेशिक कुटनीतिक नियोग तथा दातृ समुदायद्वारा द्वन्द्वरत दुवै पक्षलाई गरिँदै आएको अवस्था छ । यसै क्रममा तत्कालिन प्रधानमन्त्री सूर्य वहादुर थापाद्वारा २०६१ चैत्र १३ श्री ५ को सरकारको मानव अधिकार तथा मानवीय कानून परिपालन सम्वन्धी २५ वुदें घोषणापत्र जारी भएको थियो ।

१. जात, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक आस्था वा बीचार, सामाजिक उत्पत्ति, अशक्तता, सम्पत्ति, जन्म वा अन्य कुनै आधारमा भेदभाव नगरी प्रत्येक नागरिकलाई मानव अधिकार संरक्षणको प्रत्याभूति प्रदान गरिनेछ ।

२. प्रत्येक व्यक्तिलाई जीवन, सम्मान र सुरक्षाको अधिकार रहनेछ । जीवनप्रतिको अधिकार जुनसुकै परिस्थितिमा सम्मानित हुनेछ । यस उद्देश्यका लागि, हातहतियार बिसाएका, बिरामी, घाइते वा पक्राउ परेका, वा हतियारधारी गतिविधि त्यागेका वा सक्रियतापूर्वक त्यस्ता गतिविधिमा नलागेकाहरूलाई संरक्षण प्रदान गर्ने जेनेभा महासन्धिहरू र खासगरी ती महासन्धिहरूका साझा धारा ३ का प्रावधानलाई सम्मान र कार्यान्वयन गर्न तत्काल निर्देशनहरू जारी गरिनेछ ।

श्री ५ को सरकारबाट जारी २५ वुदें घोषणा पत्रको मूल अंश

उपर्युक्त प्रतिबद्धता नं. १ र २ कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले तत्कालै निम्न कदम चाल्नुपर्छ :

### १. जीवनहरणविरुद्ध संरक्षण

(क) कानून कार्यान्वयन गर्ने अधिकारीहरूले आफ्नो कर्तव्य पालना गर्दा अति आवश्यक परेको अवस्थामा मात्र बल प्रयोग गर्नेछन् भन्ने कुरा श्री ५ को सरकारले सुनिश्चित गर्नुपर्छ ।

(ख) त्यस्ता अधिकारीले बल वा हतियार प्रयोग गर्नुपूर्व सम्भव भएसम्म अहिंसात्मक उपाय प्रयोग गर्नुपर्छ ।

(ग) बल वा हतियार प्रयोग गर्नैपर्ने अवस्थामा कानून कार्यान्वयन गर्ने अधिकारीले निम्न कार्य गर्नेछन् भन्ने कुरा श्री ५ को सरकारले सुनिश्चित गर्नुपर्छ :

- (१) अपराधको गम्भीरता तथा प्राप्त गर्नुपर्ने वैध लक्ष्यको अनुपातलाई तुलना गरी बल वा हतियारको प्रयोगमा संयम राख्नुपर्छ ।
- (२) सकेसम्म न्यूनतम क्षति वा चोटपटक लाग्ने गरी तथा मानव जीवनको सम्मान तथा सुरक्षा हुनेगरी बल वा हतियारको प्रयोग गर्नुपर्छ ।
- (३) घाइते वा चोटपटक लागेका व्यक्तिलाई सकेसम्म छिटो स्वास्थ्य उपचार तथा अन्य सहयोगको व्यवस्था सुनिश्चित हुनुपर्छ ।
- (४) घाइते वा प्रभावित व्यक्तिको परिवार वा नातेदार वा नजिकका मित्रहरूलाई सकेसम्म छिटो सूचना दिने कार्य सुनिश्चित हुनुपर्छ ।
- (५) कानून कार्यान्वयन गर्ने व्यक्तिले प्रयोग गर्ने बल वा हतियारको प्रयोगबाट चोटपटक वा घाइते वा मृत्यु भएका व्यक्तिका सम्वन्धमा कानूनी अधिकार प्राप्त अधिकारीलाई सकेसम्म छिटो जानकारी दिनुपर्छ ।

(घ) पक्राउ गर्ने, हिरासतमा लिने वा थुना वा कैदमा राख्ने अधिकारीहरू लगायत बल तथा हतियार प्रयोग गर्ने अधिकारप्राप्त अधिकारीका लागि उनीहरूको जिम्मेवारीअनुसार पूर्ण नियन्त्रण गर्न आदेश दिने र पालन गर्ने स्पष्ट तहगत प्रणाली (Chain of Command) को व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

(ङ) उच्चपदस्थ अधिकारीहरू वा सार्वजनिक दायित्व लिएका अधिकारीहरूबाट कानून विपरीत को कार्य गर्न आदेश दिएमा त्यस्तो आदेशको बारेमा प्रश्न उठाउनु मातहतका कर्मचारीको कर्तव्य हुनेछ भन्ने कुरा कानून कार्यान्वयन गर्ने अधिकारीलाई दिइने तालिममा प्रमुखताका साथ समावेश गरिनुपर्छ ।

(च) हत्याको जोखिममा परेका व्यक्ति वा समूहका लागि न्यायिक वा अन्य उपायबाट प्रभावकारी सुरक्षाको व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

(छ) बल तथा हतियारको जथाभावी प्रयोग भएको वा दुरुपयोग भएको आरोपको सम्वन्धमा कानून कार्यान्वयन गर्ने व्यक्तिबाट प्रभावकारी, पारदर्शी, स्वतन्त्र छानविनको सुनिश्चितता गर्नु पर्छ ।

(ज) उपर्युक्त क्रियाकलापमाथि नेपाली कानूनअनुसार तत्कालै कारबाही गरी दण्डित गर्ने व्यवस्थाका लागि स्वतन्त्र अनुसन्धान तथा कार्वाही गर्ने निकाय वा अधिकारी आफ्नो क्षेत्राधिकारको प्रयोग गर्न समर्थ छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

(झ) बल तथा हतियारको प्रयोगबाट प्रभावित भएका व्यक्ति वा उनीहरूको कानूनी प्रतिनिधिहरूका लागि स्वतन्त्र अनुसन्धान तथा न्यायिक प्रक्रियामा पहुँच सुनिश्चित गर्नुपर्छ ।

(ञ) आफूअन्तर्गतका कर्मचारीले गैरकानूनी रूपमा बल तथा हतियारको प्रयोग गरिरहेको छ वा गरेको छ भन्ने जानकारी हुँदाहुँदै बल तथा हतियार प्रयोग हुन दिएमा वा यस्ता घटनाको सूचना दबाएमा त्यस्ता माथिल्लो अधिकारीलाई नै जिम्मेवार बनाउने व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

(ट) कानून कार्यान्वयन गर्ने अधिकारीले बल वा हतियारको प्रयोग गर्ने विषयमा नियम तथा निर्देशिकाको व्यवस्था गरी त्यस्को वारेमा संम्वन्धित अधिकारीलाई जानकारी समेत गराई त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । त्यसको निरन्तर पुनरावलोकन गर्नुपर्छ ।

(ठ) हतियारहरूको प्रयोग गर्नुपर्ने आवश्यकता कम गराउन कानून कार्यान्वयन गर्ने सुरक्षाको लागि खटिएकाहरूको सुरक्षाका लागि ढाल, हेलमेट, गोली प्रतिरोधक लुगा तथा यातायातका साधनको व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

२४. श्री ५ को सरकारले देहायवमोजिमका कार्यहरू सम्पन्न गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

(क) आयोगले आफ्नै वा अन्य कुनै पनि श्रोतबाट प्राप्त गरेको मानव अधिकार उल्लङ्घन वा निरुत्साहनको उजुरीको आधारमा आयोगको आफ्नै संयन्त्रबाट वा श्री ५ को सरकारको कुनै निकाय वा अन्य कुनै अधिकारी वा व्यक्तिहरूमार्फत अनुसन्धान गर्ने ।

(ख) कुनै पनि व्यक्ति वा संस्थाको लापरवाहीबाट हुने मानव अधिकार उल्लङ्घनलाई रोक्न अनुसन्धान गर्ने र कुनै संस्थालाई मानव अधिकारका कानूनी प्रावधानका सम्वन्धमा जानकारी दिने वा सचेत गराउने ।

(ग) श्री ५ को सरकारअन्तर्गतका कुनै पनि निकाय वा बन्दीगृह वा कुनै संस्थाहरूको भ्रमण, अवलोकन र निरीक्षण गर्ने र मानव अधिकारको संरक्षणका लागि बन्दीगृहका लागि भौतिक वा अन्य कुनै सुविधा सुधारका लागि आवश्यक पर्ने उपायका सम्वन्धमा श्री ५ को सरकारलाई सिफारिस गर्ने ।

(घ) मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि कानूनी प्रावधानहरूको पुनरावलोकन तथा कार्यान्वयनका लागि आवश्यक उपायहरू बारे सुझाव दिने ।

(ङ) नेपाल पक्ष भएका मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको प्रभावकारी कार्यान्वयन तथा ती सन्धिहरूअनुरूप पेश गर्नुपर्ने प्रतिवेदनलगायतका विषयमा सुझाव दिने ।

(च) मानव अधिकारसँग सम्बन्धित विषयहरूमा अध्ययन अनुसन्धान गर्ने, मानव अधिकार सम्बर्द्धनका बारेमा शिक्षण तथा सूचना प्रवाह गर्ने र मानव अधिकार सम्वन्धी क्षेत्रहरूमा कार्यरत गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने ।

(छ) मुलुकमा विद्यमान मानव अधिकारको स्थितिको समीक्षा गर्ने ।

(ज) मानवअधिकार सम्वन्धी प्रतिबद्धताको सम्मान भए नभएको तथा खासगरी बाँच्न पाउने अधिकार र ज्यान तथा अङ्गभङ्गबाट सुरक्षा, व्यक्तिगत स्वतन्त्रता, कानूनी प्रक्रिया, अभिव्यक्तिको स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता र बालवालिका, आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू र भेदभाव हुनसक्ने अन्य कुनै समूहलगायतका अति कमजोर समूहहरूको स्थिति बारे छानविन गर्न आफ्नो अनुगमन निकाय स्थापना गर्ने ।

(झ) केन्द्रीयस्तरमा आयोगको क्षमता अभिबृद्धि गर्ने तथा क्षेत्रीयस्तरमा आयोगको पहुँच विस्तार गर्ने ।

(ञ) आयोगका कर्मचारीहरू तथा प्रतिनिधिहरूले मुलुकभर निर्वाध आवतजावनत गर्न र कुनै पनि व्यक्ति वा समूहसँगको बन्दीगृहमा वा बन्दी बनाई राखेको शंका लागेको ठाउँमा गोप्य वा खुल्ला अन्तर्वार्ता लिने ।

(ट) राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी वा प्रतिनिधि तथा आयोगलाई सूचना वा प्रमाण उपलब्ध गराउने कुनै पनि व्यक्तिको सुरक्षा निश्चित गर्ने ।

(ठ) मानव अधिकारको संरक्षणमा सुधारका उपाय बारेका सुझाव वा सूचनाका लागि आयोगद्वारा गरिएका अनुरोधमा यथाशीघ्र जवाफ दिने ।

(ड) आयोगको अनुसन्धान पछि आपराधिक अनुसन्धान र कार्वाही गर्नुपर्ने यथोचित कारण देखिएमा मुलुकका सम्बन्धित कानूनी निकायमा पठाउने ।

(ढ) विश्वसनीय, निष्पक्ष र स्वतन्त्र अनुगमन तथा छानविन गर्ने लगायतका आफ्ना निर्दिष्ट कार्यहरू सम्पन्न गर्नका निमित्त आयोगको संस्थागत र मानव संशाधन विकास गर्नका लागि संयुक्त राष्ट्र संघलगायतबाट विशेष बाह्य सहयोग उपलब्ध गराउन सघाउ पुर्‍याउने ।

उपर्युक्त प्रतिबद्धता नं. २४ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदम चाल्नुपर्छ :

(१) राष्ट्रिय मानव अधिकार आयोगले पठाएका सुझाव कार्यान्वयन गरेको विषयमा आयोगलाई नियमित रूपमा विस्तृत र सही प्रतिवेदन उपलब्ध गराउनु पर्छ र यस्ता विवरण अद्यावधिक गरी राख्नुपर्छ ।

(२) आयोगलाई आवश्यकताअनुरूप आयोगको रणनीतिक योजनामा उल्लेख गरिएको कार्यहरू कार्यान्वयन गर्न आवश्यक आर्थिक तथा भौतिक स्रोत उपलब्ध गराउनुपर्छ ।

(३) संयुक्त राष्ट्र सङ्घलगायत अन्य सहयोगी राष्ट्र तथा सङ्घसंस्थाबाट सहयोगको लागि सम्बन्धित निकायहरूका साथै आयोगसँग अविलम्ब सहकार्य गर्नुपर्छ । यस सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन कार्यलाई अझ प्रभावकारी तथा विस्तृत बनाउन संयुक्त राष्ट्र सङ्घीय मानव अधिकारसम्वन्धी उच्चायुक्तको कार्यालयको प्राविधिक सहयोगको व्यवस्था अविलम्ब मिलाउनु पर्छ ।

(४) गैरन्यायिक हत्या, बेपत्ता पार्ने कार्य तथा यातनाका विषयमा संयुक्त राष्ट्र सङ्घको समाधीक्षक (UN Rapporteur) हरूलाई नेपालमा आमन्त्रण गर्न आयोगले श्री ५ सरकारलाई गरेको अनुरोध तत्काल कार्यान्वयन गर्नुपर्छ ।

माथि उल्लेखित बुँदाहरूलाई यथार्थमा कार्यान्वयन गर्न सघाउ पुर्‍याउने हेतुले मानव अधिाकार आयोगले मिति २०६१ जेठ १४ मा **श्री ५ को सरकारलाई व्यवाहारिक सुझावहरू** भनी प्रस्तुत गरेको थियो भने नेपाल कम्युनिष्ट पार्टी माओबादीलाई पनि आफ्ना प्रतिबद्धताहरू लागू गर्नमा **तत्काल अवलम्बन गर्नुपर्ने न्यूनतम शर्तहरू** भनी सोही मितिमा लिखित रुपमै प्रस्तुत गरेको थियो । यस सम्वन्धी विवरण क्रमशः अनुसूची ५ र ६ मा समावेश गरिएको छ ।

## ३.५.३ कानूनको पुनरावलोकन

आयोगले देशमा विद्यमान सम्पूर्ण ऐन कानूनको एकैपटक पुनरावलोकन गर्नु व्यावहारिक नहुने देखी कानून पुनरावलोकनको सम्बन्धमा प्राथमिकताक्रम तोकी सोही अनुरूप क्रमिक रूपमा कानूनको पुनरावलोकन गर्ने योजना बनाएको छ । सोही अनुरुप आयोगले यस वर्षकोलागि

आयोगको रणनीतिक योजना २००४ २००८ बमोजिम प्राथमिकता क्रममा परेका सुरक्षा सम्वन्धी कानून, महिला विरूद्ध हुने हिंसा सम्वन्धी कानून लगायत मानव बेचविखन सम्वन्धी कानूनहरुको पुनरावलोकन गर्ने कार्यलाई तदारुकताका साथ अगाडि वढाइरहेको छ । तदअनुसारको कार्य गर्नकोलागि आयोगको क्षमता अभिवृद्धि परियोजना अन्तर्गत डेनिस इस्टिच्यूट फर ह्यूमन राइट्स (DIHR) को सहयोगमा अल्पकालीन अवधिकालागि परामर्शदाताका नियुक्त गरिएको छ । आयोगको विधि विषय परामर्श महाशाखाले परामर्शदाताको सहयोगमा यस वर्षकोलागि प्राथकितामा परेका कानूनहरुको अध्ययन गरी प्रतिवेदनहरु तयार गरिरहेको छ । अध्ययन पश्चात तयार गरिएका महिला विरुद्ध हुने हिंसा अन्तर्गतको वोक्सी विरुद्धको कानूनहरु प्रतिवेदन आयोगमा समेत छलफल भई श्री ५ को सरकारलाई पठाउने क्रममा रहेको र सुरक्षा सम्वन्धी कानूनहरु तथा मानव बेचविखन सम्वन्धी कानूनहरुको प्रतिवेदनहरु आयोगमा बिचाराधीन अवस्थामा रहेको छन् । त्यसैगरी विधि विषय परामर्श महाशाखाले नेपाल पक्ष भएका महासन्धिहरुको प्रवाधान अनुरुप सरकारले गर्नुपर्ने प्रशासनिक, न्यायिक तथा कानूनी उपायहरुका साथै सरकारले अख्तियार गरेका नीतिहरु, योजनाहरुको अध्ययन गर्ने उद्देश्यले नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी महासन्धीको घरेलुकरण (Domestication) कोस्थितिको अध्ययन गर्ने कार्य अगाडि वढाइरहेको छ ।

## ३.५.४ महिलाविरुद्धको हिंसासम्वन्धमा श्री ५ को सरकारलाई सुझाव

मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९(२) को खण्ड (च) ले राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको प्रचलनकोलागि संविधान तथा प्रचलित अन्य कानुनद्वारा दिईएको संरक्षण सम्बन्धी व्यवस्थाको पुनरावलोकन गरी त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक सिफारिस गर्न सक्ने व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुरुप यस आयोगबाट “महिलाविरुद्धको हिंसाकोरुपमा बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरुको पुनरावलोकन” विषयमा अध्ययन गरी तयार पारिएको प्रतिवेदनको निष्कर्षका आधारमा निम्न बमोजिमका कार्यहरु अविलम्व गर्न गराउन मिति २०६२/०१/२७ को निर्णय अनुसार सिफारिस गरिएको छः-

१) हाल विद्यमान रहेका कानुनहरु बोक्सीको आरोपमा महिलाविरुद्ध हुने गरेका दुर्व्यवहार एवं हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्न र दोषीलाई सजाय गर्न पर्याप्त एवं प्रभावकारी नहुनुका साथै प्रचलित कानुनमा त्यस्तो दुर्व्यवहार एवं हिंसाका घटनाबाट पीडित भएको व्यक्तिलाई उचित क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था सम्बन्धमा कुनै प्रवधान नभएको देखिएकाले यस सम्बन्धमा आवश्यक कानुनको तर्जुमा गर्ने । साथै, महिलाविरुद्ध बोक्सीको आरोपका अतिरिक्त अन्य माध्यमबाट पनि हिंसाजन्य घटनाहरु हुने गरेकाले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य घटनाहरुको रोकथाम तथा नियन्त्रण गर्न र दोषी उपर सजाय गर्न एकीकृत कानुनको तर्जुमा गर्ने,

२) बोक्सीको आरोपमा महिलाविरुद्ध हुने गरेका दुर्व्यवहार एवं हिंसाका घटनाको रोकथाम तथा नियन्त्रण गर्न र दोषी उपर सजाय गर्न पर्याप्त एवं प्रभावकारी कानुन बनी लागू नभएसम्मको अवधिकालागि अन्तरिम उपायको रुपमा देहायका कुराहरुलाई समेट्ने निर्देशिका जारी गरी सोको कार्यान्वयन गर्नकालागि श्री ५ को सरकार मातहतका कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकायहरुमा यथाशीघ्र परिपत्र गर्नेः-

  क) बोक्सीको आरोपमा महिलाविरुद्ध गरिने दुर्व्यवहार एवं हिंसाजनक कार्यहरुलाई अपराध मानिएको घोषणा गरिनु पर्ने,

  ख) त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारवाही चलाई दण्डित गरिनु पर्ने,

  ग) त्यस्तो घटनाका सम्बन्धमा मुद्दा चली अन्तिम निर्णय नभएसम्मको अवस्थामा अन्तरिम राहत स्वरुप पीडितको अवस्थालाई मध्यनजर गरी स्वास्थ्य उपचार, खाने बस्ने लगायत अन्य आवश्यक कुराहरुको व्यवस्था मिलाइनु पर्ने,

  घ) हाल प्रचलित कानुन अनुसार बोक्सीको आरोपमा गरिएको हिंसाबाट पीडित भएको व्यक्तिले राज्यको कोषबाट क्षतिपूर्ति पाउने व्यवस्था नभएको हुँदा यससम्बन्धमा तुरुन्त आवश्यक व्यवस्था गरी मुद्दाको किनारा गर्दा राज्यको कोषबाट समेत पीडितलाई उचित क्षतिपूर्ति दिने व्यवस्था मिलाइनु पर्ने,

  ङ) यस प्रकारको हिंसालाई निरुत्साहित गर्नकालागि व्यापकरुपमा सचेतना कार्यक्रम संचालन गर्ने गराउने ।

## ३.५.५ वेपत्ता सम्वन्धी इकाई

आयोगद्वारा वेपत्ता सम्वन्धी तथ्यांक संकलन गर्न छुट्टै ईकाईको व्यवस्था गरको छ । गृह मन्त्रालयबाट प्राप्त अन्य जानकारी अनुसार सरकारले नरायण गोपाल मलेगाको संयोजकत्वमा समिति बनाई चौथो चरण सम्म गरी ३२० जनाको अवस्थाका वारेमा नाम सार्वजनिक गरिसकेको अवस्था छ तर त्यस्तो छानबिन समितिले काम गर्दा राष्ट्रिय मानव अधिकार आयोगसँग कुनै परामर्श लिने गरेको छैन । हालसम्म आयोगमा वेपत्तासँग सम्वन्धित उजुरीहरू मात्रै १७०० भन्दा बढीको संख्यामा रहेका छन् । शाही नेपाली सेनाले वेपत्ता पारिएका भनिएका व्यक्तिहरूका सम्वन्धमा आवश्यक छानवीनपछि रिहा गरिएका भनी २१ जना; अनुसन्धानपछि नागरिक अधिकारीलाई बुझाइएका भनी १३ जना, शाही नेपाली सेनाको नियन्त्रणमा भनी १ जना गरेर ३५ जनाको आयोगमा जानकारी प्राप्त हुन आएको छ । तर अधिकांश उजुरीहरूका विषयमा सोधिएको पत्रको जवाफ शाही नेपाली सेनाले दिने गरेको छैन । यस सम्वन्धमा गृह मन्त्रालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीले भने आयोगले मागेका प्रायः पत्रहरूको जवाफ पठाउने गरेका छन् । वेपत्ता सम्वन्धी इकाईमा तीन जना अधिकृत कार्यरत छन् । राष्ट्रिय मानव अधिकार आयोगद्वारा यस वर्ष आयोगमा वेपत्ता सम्वन्धमा परेका उजुरीको विवरण सार्वजनिक गरेको थियो ।

| वर्ष | वेपत्ता सम्वन्धी आयोगमा दर्ता भएको उजुरी संख्या |
|---|---|
| २०५७/०५८ | ९ |
| २०५८/०५९ | ९५ |
| २०५९/०६० | २९० |
| २०६०/०६१ | ६९५ |
| २०६१/०६२ | ५३० |
| **कूल** | **१६१९** |

२०५७ साल देखि २०६० मंसिर १५ गते सम्म आयोगमा परेका वेपत्ता सम्वन्धी उजुरीहरू सुरक्षा समूहबाट ५८७, विद्रोही समूहबाट १११, अज्ञात समूहबाट १८ वटा उजुरी परेको थियो भने त्यसै गरी लिङ्गका आधारमा पुरुष ६५१ र महिला ६६ जना वेपत्ता परेको भनी आयोगमा उजुरी पर्न आएको थियो । २०६०।८।१५ गते पछिदेखि यस पुस्तक तयारी अवधिसम्मको विवरण समेत माथिको तालिकामा दर्शाइएको छ । आयोगमा परेका वेपत्ता सम्वन्धी उजुरी र वेपत्ता गरिएका मानिसहरुको स्थिति सम्वन्धी विवरण अनुसूची ७ मा समावेश गरिएको छ ।

## ३.५.६ संरक्षण सम्वन्धी क्रियाकलापहरू

भैरवनाथ गणमा विभिन्न व्यक्तिहरूलाई हिरासतमा राखिएको भनी आयोग समक्ष विभिन्न मितिमा सप्रमाण उजुरीहरू समेत पर्न आएको तथा निवेदक कृष्ण के.सि. विरुद्ध गृह मन्त्रालय समेत भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट आयोगका प्रतिनिधिहरूलाई यथाशक्य चाँडो महाराजगञ्ज स्थित भैरवनाथ गणमा पठाई निज निवेदक थुनामा रहे नरहेको भन्ने सम्वन्धमा जाँचवुझ गरी प्रतिवेदन पेश गर्न आयोगको नाममा आदेश समेत जारी भएको सन्दर्भमा उपरोक्त कुराहरूको जाँचवुझ गरी आयोगद्वारा निर्णय भई श्री ५ को सरकारमा आवश्यक कारवाहीको लागि लेखिपठाइएको छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार अवधारणा अनुसार आयोगमा बीचाराधीन मुद्दाहरूको वर्गीकरण गरी अधिकारहरूका आधारमा विषयगत समूह निर्माण गरिएको छ । यसरी मानव अधिकार सम्वन्धी जम्मा २९ वटा विषयहरूमा कार्य गर्न आयोगका अधिकृतहरूलाई केन्द्र विन्दुको रुपमा तोकिएको छ ।

मुलुकमा चलिरहेको आन्तरिक सशस्त्र द्वन्द्वका कारण मानव अधिकार तथा मानवीय कानूनको उल्लंघनका जघन्य घटनाहरू श्रृङ्खलाबद्ध रुपमा घटिरहेका अवस्थामा दिनहुँ  हत्या, यातना, अपहरण, बेपत्ता, बारुदी सुरुङ्गको प्रकोप, यौनजन्य हिंसा जस्ता गम्भीर प्रकृतिका घटनाहरूले देशको मानव अधिकारको स्थिति गम्भीर बन्दै गएको तर्फ संवेदनशील हुदै २०६१ साल श्रावण १ गतेदेखि शनिबार, आइतबार तथा अन्य सार्वजनिक बिदाको् दिनमा पनि मानव अधिकारको उल्लंघनका घटनाहरूको उजुरी लिनका लागि आयोग खुला रहेने व्यवस्था मिलाएको छ ।

२०६१ साल माघ १९ गतेदेखि २०६२ साल बैशाख १७ गतेसम्म (संकटकाल अवधिभर) यस आयोगमा परेका उजुरीहरूको विवरण देहायको तालिका मार्फत उल्लेख गरिएको छ ।

| | | | |
|---|---|---|---|
| बेपत्ता | ६१ | वैतनिक वकील राख्न नपाएको | २ |
| यातना | ४५ | नजरबन्द | १ |
| गैरकानूनी थुना | १९ | व्यारेकबाट स्थानान्तरण | १ |
| हत्या | १८ | मौलिक हक संरक्षण | १ |
| अपहरण | १७ | आर्थिक, सामाजिक तथा शैक्षिक | १ |
| धम्की | १६ | यौन दुर्व्यवहार | १ |
| बिस्थापित | ११ | कुटपीट | १ |
| पक्राउ | १० | भीसा उपलब्ध नगराएको | १ |
| तालावन्दी | ३ | माफी मिनाहा | १ |
| स्वास्थ्य | ३ | घरेलु हिंसा | १ |
| न्याय नपाएको | ३ | दुर्व्यवहार | १ |
| शरणार्थी | २ | जातीय बिभेद | १ |
| क्षतिपूर्ति | २ | बसोवास उठाइएको | १ |
| घाइते | २ | यातना | ५ |
| आवतजावतमा रोक | २ | | |
| जम्मा | | २३३ | |

## ३.५.७ आयोगका सुझाव कार्यान्वयन

राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकार अनुगमन तथा छानबिन कार्यलाई सहज तुल्याउन र आयोगले दिएका सुझावलाई कार्यान्वयन गर्नका लागि एक उच्च स्तरीय मानव अधिकार संरक्षण समिति गठन गरिनेछ । उक्त समितिले सम्बन्धित सरकारी निकायहरूले सम्पादन गर्ने निम्न कार्यहरूको सुपरीवेक्षण गर्नेछ :-

क) मानव अधिकार उल्लंघनसम्वन्धी घटनाको छानबिन तथा उल्लंघन गर्ने जिम्मेवारहरू माथि कारवाही ।
ख) थुना वा हिरासत सम्वन्धी कानूनको पालना ।
ग) सुरक्षा बलको सम्पर्कमा आउने सबै व्यक्तिको मानव अधिकारको संरक्षण ।
घ) गैरकानूनी वा विना कारण थुनामा रहेकाहरूको तत्काल रिहाइ ।
ङ) अदालतका आदेशहरू तथा निर्णयहरूको तत्काल कार्यान्वयन ।
च) मानव अधिकार हननका लागि जिम्मेवारहरू विरुद्ध आवश्यक कानूनी कारवाही ।
छ) पीडितहरूलाई क्षतिपूर्तिका लागि सिफारिस ।

## ३.५.८ ध्यानाकर्षण

आयोगले मानव अधिकारसँग सम्वन्धित विभिन्न सवालहरूमा प्रेस विज्ञप्ती मार्फत ध्यानाकर्षण गराउँदै आएको छ । अज्ञानता वस इराकमा पुगेका निर्दोष १२ जनमा नेपाली यूवाहरूलाई विना कुनै कारण अपहरण गरी आफ्नो निहित स्वार्थ पूर्तिको लागि अत्यन्तै पाशविक तरिकाबाट हत्या गरि आतंककारीहरूले जुन वर्वरता प्रर्दशन गरेका छन् त्यसले मानवीयता र मानवीय सभ्यता माथि नै घातक प्रहार गरेको हुंदा उनिहरूको कार्य अत्यन्त

घृणित र निन्दनिय मात्र होइन यसले सम्पुर्ण मानव समुदायलाईनै लज्जित बनाएको घटना प्रति ध्यानाकर्षण गर्दै मृतकका परिवारजनमा समवेदना व्यक्त गरको थियो ।

नेकपा (माओवादी) ले अमानवीय तवरबाट राजनीतिक दल प्रति आस्था राख्ने कार्यकर्ता लगायत सर्वसाधारण माथि माओवादीहरूले गरेको यस किसिमको क्रूर र बर्बरतापूर्ण आक्रमणको आयोग भर्त्सना गर्दै यस्ता किसिमका अमानवीय कार्य नदोहोऱ्याउन आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिन आयोग माओवादी नेतृत्वलाई आह्वान गरको थियो । यसै गरी संचारकर्मी, मानव अधिकारवादीहरू ल्गायतका व्यक्तिहरू मथि भएको हत्या, यातना तथा धम्कीका सम्वन्धमा पनि ध्यानाकर्षन गर्दै त्यस्ता क्रियाकलाप वन्द गर्न आग्रह गर्दै आएको छ ।

२०६१ माघ १९ पछिको परिवर्तित परिस्थिति र संकटकाल लागू भएको सन्दर्भमा मानव अधिकारको संरक्षणको विषयमा आयोगले ध्यानाकर्षण गर्दै आफ्ना धारणाहरु राख्दै आएको छ । आयोगबाट गरिएको ध्यानाकर्षणमा संयुक्त राष्ट्र संघको सदस्य र मानव अधिकार सम्बन्धी सबै प्रमुख सन्धि सम्झौताहरुको पक्षराष्ट्रको नाताले मानव अधिकारहरुको संरक्षण गर्नु नेपालको दायित्वभित्र पर्ने कुरा जनाउँदै जस्तोसुकै अवस्थामा पनि नेपाल अधिराज्यको संविधान २०४७ को मूल मर्मअनुसार संकटकालको अवस्थामा समेत बहुदलीय प्रजातन्त्र र मानव अधिकारको संरक्षणको दायित्व प्रति सचेत रहन आग्रह गरेको थियो । संविधानप्रदत्त शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा संलग्न हुन पाउने हकको उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्न तथा मानव अधिकारकर्मीहरुको सुरक्षाप्रति सजग रहन समेत आयोग सरकार समक्ष अनुरोध गरिएको थियो । देशलाई लामो समयसम्म संचारविहीन अवस्थामा राख्दा जनताका न्यूनतम अधिकारहरुको उपभोगमा प्रतिकूल प्रभाव परिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै कुनै पनि निर्णय गर्दा मानव अधिकारका स्थापित मान्यताहरुको सम्मान गर्न समेत आयोग श्री ५ को सरकारसमक्ष अनुरोध गरेको थियो ।

त्यसै गरी स्वतन्त्रता सम्वन्धी अधिकारको प्रत्याभूतिका निमित्त आयोगले पटक पटक सरकारको ध्यानाकर्षण गरिएको थियो । मिति २०६१।१२।२८ गते आईतबार प्राध्यापक डा. लोकराज बरालालाई अमेरिकाको हार्वार्ड विश्वविद्यालयको इन्टरनेशनल नेटवर्किङ्ग अन गभर्नेन्स एण्ड डेमोक्रेसी सम्मेलनमा जान रोक लगाएको एवं इन्सेक अध्यक्ष सुवोधराज प्याकुरेललाई एमाले महासचिव माधव कुमार नेपालसँग भेट्न नदिएको घटना प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण गर्दै वक्तव्य जारी गरेको थियो । उक्त वक्तव्यमा सरकारको मानव अधिकार प्रवर्द्धन केन्द्रले केही दिन अघि विदेश भ्रमणका लागी कसैलाई रोक्ने नीति नभएको र मानव अधिकारवादी संघ संस्थालाई नजरबन्द वा हिरासतमा रहेका व्यक्तिसँग भेटघाट गर्नबाट वञ्चित गरिने छैन भनी सार्वजनिक गरेको प्रेस विज्ञप्तिको पुनः स्मरण गराइएको थियो ।

त्यसै गरी सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम कसैलाई स्थानहदको आदेश जारी गर्न आवश्यक देखिएमा सोही ऐनको दफा ४ (१) बमोजिम त्यस्तो आदेश जारी गर्नुपर्नाको कारण र आधार स्पष्ट खुलाई सम्बन्धित व्यक्तिलाई जानकारी दिनुपर्ने छ भन्ने कानुनी व्यवस्था भएकोमा सो व्यवस्थाको वर्खिलाप हुने गरी विद्वत् वर्गलाई नेपाल अधिराज्य बाहिर जान रोक लगाईएको विषय सम्मानित सर्वोच्च अदालतले विना सूचना कसैलाई पनि भ्रमणमा रोक नलगाउन सरकारलाई आदेश जारी गरीसकेको परिप्रेक्ष्य समेतमा सरकारको उक्त कार्यले व्यक्तिको न्यूनतम अधिकारहरुको उपभोगमा समेत प्रतिकूल प्रभाव परेको देखिदाँ सो तर्फ सचेत तथा सजग रहन समेत आयोगले श्री ५ को सरकारलाई अनुरोध गरेको थियो ।

## ३.५.९ प्रवर्द्धनात्मक कार्य

आयोगले पाँचौ वर्ष पनि विभिन्न प्रवर्द्धनात्मक कार्यहरू संचालन गरिरहेको छ । आयोगको चौथौ वार्षिकत्सोव कार्यक्रममाः द्वन्द्व पीडितका लागि रक्तदान जस्ता समाजिक कार्य समेत गरिएको थियो । रेडियो जिङ्गल पब्लिक सर्भिस जस्ता अनाउन्समेन्ट सामाग्री निमार्ण गराई आम संचार माध्यमबाट आवाधिक रुपमा प्रशारण गराइ रहको छ । यस वर्ष आयोगले मानव अधिकार तथा शान्ति सम्मेलन आयोजना गरको थियो । उक्त सम्मेलनमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त लुइस आर्वरले समेत सम्वोधन गर्नु भएको थियो । उक्त सम्मेलनमा आर्वरबाट व्यक्त गरिएको मन्तव्य अनुसुचि८ मा सामावेश गरिएको छ ।

## ३.५.१० क्षेत्रीय कार्यालयको स्थापना

आयोगले युरोपेशी युनियनको सहयोगमा पश्चिमाञ्चलको नेपालगंज, पूर्वाञ्चलको विराटनगर तथा मध्य पश्चिमाञ्चलको पोखरामा आयोगका क्षेत्रीय कार्यालयको स्थापना गरेको छ । क्षेत्रीय कार्यालयको कार्य सम्पादनको निमित्त क्षेत्रीय निर्देशक, सरक्षण तथा सम्वर्द्धन अधिकृतहरू एवं सहायक कर्मचारीहरूको पदपूर्ति प्रक्रिया सम्पन्न भई तिन वटा क्षेत्रीय कार्यालयहरूबाट मानव अधिकारको उल्लघंन सम्वन्धी उजुरी उपर कारवाही, मानव अधिकार अनुगमन तथा अनुसन्धान एवं मानव अधिकार सम्वन्धी प्रवद्धर्नात्मक कार्यहरू संचालन भइरहेका छन् । आयोगका क्षेत्रीय कार्यालयहरूको स्थापनाबाट आयोगको पहुँच विस्तार भई सर्वसाधारण जनताले सजिलैसँग मानव अधिकारका उजुरीहरू दिन सक्ने र आयोगका कार्यक्रमहरूबाट प्रत्यक्ष रुपमा लाभान्वित हुन सक्ने अपेक्षा गरिएको छ ।

## ३.५.११ अन्तर्राष्ट्रिय मन्चहरूमा सहभागिता

यस वर्ष आयोगले विगत वर्षहरूमा झै राष्ट्रिय मानव अधिकार संस्थाहरुको एसिया प्रशान्त मन्चको ९ औं वार्षिक बैठकमा भाग लिएको थियो । यसै गरी जेनेभा सम्पन्न संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको ६१ औ बैठकमा समेतमा आयोग सहभागिता रह्यो । उक्त बैठकलाई सम्वोधन गर्दै आयोगका सम्माननीय अध्यक्ष नयन बहादुर खत्रीले नेपालमा मानव अधिकारको उल्लघंनको अवस्था एवं राष्ट्रिय मानव अधिकार

आायेगद्वारा संचालित मानव अधिकार संरक्षण र सम्वर्द्धन सम्वन्धी कार्यको सम्वन्धमा जानकारी गराउनु भएको थियो । उक्त अवसरमा आयोगका अध्यक्षबाट प्रस्तुत गरिएको मन्तव्यलाई अनुसूची.९ मा समावेश गरिएको छ ।

## ३.५.१२ विशिष्ट महानुभावहरुको आयोगमा भएको भ्रमण

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँग दक्षिण एशिया क्षेत्रका लागि अमेरिकी सहायक विदेश मन्त्री क्रिष्टिना रोक्का र संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायोगको नेपालस्थित अनुगमन कार्यालयका प्रमुख इयान मार्टिनले बैशाख २७ गते आज छुट्टाछुट्टै रूपमा आयोग भ्रमण गरी आयोगका पदाधिकारीसँगा नेपालमा मानव अधिकारको वर्तमान अवस्थामा र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा आयोगले खेलेको भूमिकाका विषयमा जानकारी लिनु भएको थियो ।

संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको अनुगमन कार्यालयका प्रमुख मार्टिनसगँको भेटमा सो कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगबीच कार्यगत एकता तथा प्राविधिक सहयोगका बारेमा छलफल भएको थियो । छलफलमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको अनुगमन कार्यालय र आयोगबीच  कार्यगत एकता तथा  प्राविधिक सहयोगसम्बन्धी कार्यविधि तयार गरिने सहमति भयो ।

## ३.५.१३ यस वर्षका चुनौतीहरु

श्री ५ को सरकारको प्रतिबद्धता कार्यान्वयनका सम्वन्धमा मानव अधिकार आयोगले माग गरेको जानकारी शाही नेपाली सेना, मानव अधिकार सेलबाट शीघ्र प्राप्त भएको भए पनि कतिपय मूख्य विषयहरू अस्पष्ट रहेका छन । जवाफमा मानव अधिकार आयोगका कुन कुन सुझावहरूलाई कुन रुपमा कार्यान्वयन गरियो भन्ने व्यहोरा खुल्न सकेको छैन । कुनै पनि आशंकामा पक्राउ गरिएका व्यक्तिहरूलाई सक्षम अधिकारीहरूद्वारा न्यायिक उपचार गरिनुपर्नेमा लामो समयसम्म सूचना तथा सम्पर्कबाट वन्चित गरी थुना (Incommunicado Detention) मा राख्ने काम कायमै रहेको छ । दोहोरो भिडन्त वा सुरक्षा कारवाहीमा मरेका व्यक्तिहरूको शवलाई पोष्टमार्टम तथा सोसँग सम्बन्धित सबै तथ्याङ्कहरू अद्यावधिक राख्ने गरिएको छैन । यी विषयमा पीडितका परिवार तथा उनीहरूको कानूनी प्रतिनिधिहरूलाई कुनै पनि प्रकारको सुनुवाइका साथै अनुसन्धानसँग सम्बन्धित सूचनाका विषयमा जानकारी दिने दिनुपर्नेमा सुरक्षा निकायबाट सो हुन सकेको छैन । शाही नेपाली सेना संलग्न रहेको भनिएका मानव अधिकार उल्लंघनका घटनाका उजुरीहरू समयमा प्राप्त नहुने तथा यथेष्ठ प्रमाण बिना प्राप्त हुने हुँदा छानबिन गर्न कठिनाइ भएको भनिए पनि कुन कुन मुद्दामा कुन कुन कुरा प्रष्ट हुन सकेन भनेर मानव अधिकार आयोगलाई सोध्ने काम सुरक्षा निकायबाट भएको छैन । हालसम्म शाही नेपाली सेनाले मानव अधिकार उल्लंघनका ४० वटा घटनाहरूको छानविन गरेको छ भनिए पनि कुन कुन घटनासँग सम्बन्धित कुन कुन पदाधिकारीलाई कुन कानून अन्तर्गत कस्तो कारवाही गरिएको छ भनी सार्वजनिक हुन सकेको छैन ।

मानव अधिकार संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा आवश्यक सहायोग पुऱ्याउन र शाही नेपाली सेना संलग्न भएको भनिएको मानव अधिकार उल्लंघनका घटनाहरूको छानबिन गरी यथार्थ पत्ता लगाउन शाही नेपाली जङ्गी अड्डामा मानव अधिकार सल्लाहकार समिति र मानव अधिकार समन्वय समिति समेत गठन गरिएको छ भनिए पनि उक्त सल्लाहकार समितिले मानव अधिकार आयोगसँग कुनै पनि सम्पर्क वा समन्वय गरी अगाडि बढेको छैन । यसबाट आयोगका पदाधिकारी एवं कर्मचारीहरूलाई थुनुवा केन्द्रहरूमा निर्वाध रुपमा निरीक्षण अवलोकन गर्नबाट समेत वेलावेलामा रोकबाट भएबाट ऐन बमोजिमको दायित्व निर्वाह गर्नमा समेत वाधा उत्पन्न हुन गई सम्मानित सर्वोच्च अदालतबाट भएको आदेशको कार्यान्वयन गर्न समेत कठिनाई परेको छ ।

आयोगको छानविन प्रक्रियामा कार्यान्वयनमा देखिएका चुनौतीहरूमा शाही नेपाली सेनाबाट मानव अधिकार उल्लंघनका घटनाका  उजुरीहरू समायमा प्राप्त नहुने तथा यथेष्ठ प्रमाण प्राप्त नहुने हुँदा छानबिन गर्न कठिनाइ भएको छ । त्यैगरी भौगोलिक विकटता, मानवीय तथ भौतिक श्रोत साधनको सीमितताले गर्दा समयमा नै मानव अधिकार उल्लंघनका घटनाका उजुरीहरू उपर छानबिन गर्न र कारवाहीको दौरान मृत्यु भएका आतङ्ककारीहरूलाई कानूनी प्रक्रिया पूरा गर्न कठिनाइ परेको महशुस गरिएको छ । आतङ्ककारीको आशङ्कामा नियन्त्रणमा लिइएका व्यक्तिहरूले लामो समयसम्म आफ्नो वास्तविक परिचय धेरैजसो बखत नदिने गरेकोले छानबिन प्रक्रियामा कठिनाइ परेको छ । विभिन्न स्थानमा माओवादीको ज्यादतिका कारण धेरै व्यक्तिहरू विस्थापित भएको कारणले यसको दुरुस्त तथ्याङ्क नभएको हुँदा त्यस्ता व्यक्तिहरू पनि वेपत्ता पारिएका मध्ये हुनसक्ने देखिन्छ । भौगोलिक विकटता तथा भौतिक श्रोत साधनको सीमितता (विशेषतः अनुसन्धान केन्द्र तथा पर्याप्त हेलिकोप्टरको अभाव) ले गर्दा आतङ्ककारीको आशङ्कामा अनुसन्धानको निमित्त राज्यले केही समयका लागि नियन्त्रणमा लिनुपर्ने गैर सैनिक व्यक्तिहरूलाई हाल पनि प्रमुख जिल्ला अधिकारीको लिखित आदेशानुसार शाही नेपाली सेना कै व्यारेकहरूमा राख्नुपर्ने वाध्यात्मक परिस्थिति यथावतै रहेको छ ।

आयोगले कपिलवस्तुमा घटेका घटनाका सम्वन्धमा आयोगद्वारा गरिएको अनुगमनका सम्वन्धमा पत्रपत्रिकाहरूमा विवादास्पद समाचारहरू प्रकाशित भए । आयोगले पत्रकार सम्मेलन गरी वास्तविक तथ्य जन समक्ष ल्याउँदा पनि आयोगका सम्वन्धमा नकारात्मक टिका टिप्पणी भइरहे । जेनेभामा सम्पन्न ६१ औ मानव अधिकार बैठकमा आयोगका अध्यक्षले बोलेको भन्ने हवाला दिदै आयोगको छवि र विश्वसनियता माथि नै आँच आउने गरी आयोगका सम्वन्धमा नकारात्मक प्रचारवाजी गरिए । देशमा उत्पन्न गंभीर संकटको घडीमा देश भित्रका मानव अधिकारकर्मी, संचारकर्मी एवं नागरिक समाजबाट संयुक्त रुपमा पहल भई मानव अधिकार संरक्षणका निमित्त एक भई आवाज उठाउनु पर्नेमा मानव अधिकार संरक्षण र सम्वर्द्धनको ऐन प्रद्धत दायित्व निर्वाह गर्न कटिवद्ध भएर लागेको मानव अधिकार आयोग प्रति शंका र अविश्वास गरिनु खोज्नुलाई आयोगले गंभिर चुनौतीको रुपमा लिएको छ । यसै गरी श्री ५ को सरकार र संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयको बीच समक्षदारीपत्रमा हस्ताक्षर सम्पन्न भई संयुक्त संघीय मानव अधिकार अनुगमन शुरु हुन लागिरहेको अवस्थामा आयोगले अझ सक्रिय भई स्वतन्त्र र स्वायत निकायको रुपमा निपक्ष ढंगले मानव अधिकार अनुगमन तथा अनुसन्धान कार्य जारी राख्नु पर्ने चुनौती पनि आयोग सामू रहको छ । त्यसै गरी गैर राज्य पक्षबाट समेत आयोगका काम कारवाहीका सम्वन्धमा शंका र अविश्वास व्यक्त गर्न खोजेको आभाष भएको अवस्थामा निश्पक्ष मानव अधिकारको रक्षकको भूमिका निर्वाह गर्ने चुनौती पनि आयोग सामु टड्कारो रुपमा उभिएको छ ।

# खण्ड ४

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध


४.१ राष्ट्रिय सम्वन्ध
४.२ अन्तर्राष्ट्रिय सम्वन्ध
४.३ राष्ट्रिय अन्तर्राष्ट्रिय सम्वन्धमा देखा परेका चुनौतीहरू




आयोगको चौथो वार्षिकोत्सव समारोहमा सरिक हुदै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा (बीचमा), साथमा यु.एन.डि.पी.का आवासीय प्रतिनिधि माथ्यु कहाने र आयोगका अध्यक्ष नयनबहादुर खत्री



आयोगद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागि हुँदै राजनीतिक दलका प्रतिनिधि र आयोगका पदाधिकारीहरू



बेलायतकी राजकुमारी एनलाई स्वागत गर्दै आयोगका पदाधिकारी तथा कर्मचारीहरू




स.रा.अमेरिकाका दक्षिण एशिया मामिला सम्वन्धी सहायक विदेश मन्त्री क्रिष्टिना रोक्का आयोगको भ्रमणको क्रममा आयोगका अध्यक्षसँग छलफल गर्दै

सँगै हिडौं, सँगै बोलौं, सबैको हृदय बुझौं र ईश्वरको उपासना समेत सँगै गरौं
**-वेद वाक्य**

# खण्ड ४
# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्ध

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा निर्दिष्ट स्वतन्त्र एवं स्वायत संस्था भएको र मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्य आयोगको एक्लो प्रयासले मात्र संभव नहुने हुदाँ यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, सद्भाव तथा सहकार्यको महत्वपूर्ण भूमिका रहने कुरालाई मध्येनजर गर्दे विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सौहाद्रपूर्ण सम्वन्ध कायम गर्दे आएको छ । आयोगले कायम गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँगको सम्वन्धलाई तल उल्लेखित रेखाचित्रमा झल्काइएको छ ।




स्थापनाकाल देखिनै आयोगको आयोगको मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा सरकार, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट महत्वपूर्ण सहयोग सुझाव एवं सल्लाह प्राप्त गर्दे आएको छ । यस अवधिमा आयोगद्वारा कायम गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्धलाई देहाय बमोजिम चर्चा गरिएको छ ।

## ४.१. राष्ट्रिय सम्वन्ध

मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राष्ट्रिय सम्वन्धको महत्वपूर्ण भूमिका रहने भएको हुनाले आयोगले श्री ५ को सरकार, विभिन्न मन्त्रालय, सुरक्षा निकाय, नागरिक समाजलगायत समाजका प्रबुद्ध वर्गहरूसँग छलफल, अन्तर्क्रिया एवम् सहकार्यका माध्यमबाट सम्वन्ध कायम राख्दै आएको छ । आयोगलाई ऐनद्वारा निर्दिष्ट भूमिका निर्वाहमा समेत यस्ता विभिन्न राष्ट्रिय सरोकारवाला समूहबाट प्राप्त हुने सुझाव एवं सल्लाहले महत्वपूर्ण सहयोग पुऱ्याइरहेको छ । यसैकारण आयोग राज्यभित्रका विभिन्न निकाय, संघसंस्था एवम् प्रबुद्ध वर्गसँग सन्तुलित सम्वन्ध राख्न प्रयत्नशील रहदै आएको छ । आयोगको राष्ट्रिय सम्वन्धलाई देहायका बुँदामा सक्षिप्त चर्चा गरिएको छ ।

### ४.१.१ श्री ५ को सरकारसँगको सम्वन्ध

श्री ५ को सरकारले आयोगलाई ऐनप्रदत्त दायित्व निर्वाह गर्नमा आवश्यक सहयोग प्रदान गर्ने प्रतिबद्धता बारम्बार व्यक्त गर्दै आएको छ । श्री ५ को सरकार अन्तर्गतका गृह मन्त्रालय, सशस्त्र प्रहरी बल, शाही नेपाली सेना तथा जनपद प्रहरीमा मानव अधिकार सम्वन्धी कार्य हेर्न छुट्टै मानव अधिकार सेल गठन गरिनुलाई सकारात्मक रूपमा लिन सकिन्छ । त्यसै गरी सरकारद्वारा आफना मातहतका निकायसँगको समन्वय एवं आयोगको सिफारिस कार्यान्वयनकालागि समेत कार्य गर्ने गरी गठन गरिएको मानव अधिकार प्रवर्द्धन केन्द्रसँग पनि सकारात्मक सम्वन्ध कायम रहदै आएको छ । आयोगको अनुसन्धान एवं प्रवर्द्धनात्मक कार्यमा सुरक्षा निकायहरूबाट सहयोग हुदै आएको छ । आयोगले नियमित अनुगमनबाट प्राप्त निश्कर्षका आधारमा श्री ५ को सरकारलाई विभिन्न सिफारिस गर्ने गरेको छ ।

### ४.१.२ सुरक्षा निकायसँगको सम्वन्ध

मानव अधिकार संरक्षणका क्रममा आयोगले सुरक्षा निकाय अन्तर्गत जनपद प्रहरी, शसस्त्र प्रहरी बल तथा शाही नेपाली सेनासँग विभिन्न स्तरमा सम्वन्ध कायम गर्दे आएको छ। यसै क्रममा आयोगले बैठक, अन्तरक्रिया, तालिम लगायतका कार्यक्रमहरूमा समेत सहयोग र समन्वय कायम गर्दे आएको छ।

आयोगद्वारा कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूसँग मानव अधिकार तथा मानवीय कानून कार्यान्वयन गर्नमा देखा परेका समस्या एवं समाधानका सम्भावित उपायहरू र आयोगले खेल्न सक्ने भूमिकाका सम्वन्धमा समेत गहन छलफल गर्ने उद्देश्यले पाँचै विकास क्षेत्रमा आयोगले अभिमूखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिसकेको छ। छलफलका क्रममा आयोगलाई प्राप्त भएका महत्वपूर्ण सुझावहरूका सम्वन्धमा आयोगले केन्द्रीय तहमा कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूलाई जानकारी गराउनुका साथै मानव अधिकार तथा मानवीय कानूनको संरक्षणका निमित्त व्यवहारिक सुझावहरू समेत प्रस्तुत गरेको थियो। यसबाट आयोगका सम्वन्धमा श्री ५ को सरकारका विभिन्न निकायहरूमा रहेको अस्पष्टता हटाउन सहयोग पुगेको छ। शुरुका दिनमा सुरक्षा निकायसँगको सम्पर्क तथा सम्वन्धमा केही कठिनाईहरु रहेको भएतापनि पाँचौ वर्षको अन्त्यतिर आइपुग्दा यसमा क्रमशः सुधार हुँदै आएको छ।

शाही नेपाली जङ्गी अड्डाको मानव अधिकार सेलबाट समय समयमा माओवादीहरुले गरेको सैनिक व्यक्तिहरुको अपहरण, जागीर छोड्नकालागि दिएका धम्की एवं निजहरुको परिवारलाई घर छाड्न दिइने धम्की तथा विस्थापित गराइएको भन्ने जस्ता घटनाहरुको सम्वन्धमा आवश्यक पहल गर्न आयोग समक्ष पत्राचार गर्ने गरिएको छ।

**माओवादी आतंककारीले दिएको डर, त्रास र धम्की सम्बन्धमा।**

१. रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ६ भरौलिया घर भई हाल श्री नं. ३ बाहिनी अड्डा प्राड शाखा र मानव अधिकार प्रशाखामा कार्यरत सह सेनानी श्री रक्षा के.सी.को घरमा माओवादी आतंककारीद्वारा तालावन्दी गरी निजको बुबा तथा मुमालाई धम्काई छोरीलाई जागिरबाट छुटाउने अन्यथा राम्रो हुने छैन भनी भनेको।

२. शाही नेपाली सेनामा जागिर खाएको कारणले माओवादी आतंककारीहरुले परिवारहरुलाई घरमा बस्न नदिई सम्पत्ति गैर कानूनी तरिकाले कब्जा गरी भोग चलन गर्न नदिई परिवारकै जिउ ज्यान लिने धम्की दिएको हुँदा त्यस्तो भयभित बातावरणको अन्त गरी एक सैनिक व्यक्तिको परिवारले सामान्य जिवन यापन गर्ने अनुकुल बातावरण बनाई दिनेतर्फ आवश्यक पहल गरि दिनु हुन मानव अधिकार शाखा शाही नेपाली जंगी अड्डाबाट अपिल गरिन्छ।

**-शाही नेपाली जङ्गी अड्डाबाट मानव अधिकार शाखाबाट आयोगलाई प्राप्त पत्र**

### ४.१.३ राजनैतिक दलहरूसँगको सम्वन्ध

मानव अधिकारको संरक्षण र सम्बर्द्धन कार्यमा राजनैतिक दलहरूको महत्वपूर्ण भूमिका रहने कुरालाई मनन गर्दै आयोगले समय समयमा राजनैतिक दलहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्दै आएको छ। आयोगले द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण गर्दै मानव अधिकार संस्कृतिको निर्माणका निमित्त राजनैतिक दलहरूसँगको सम्वन्ध मजबुत बनाउने सोच राखे अनुरुप आयोगको रणनीतिक योजना निमार्ण गर्ने क्रममा समेत प्रमुख राजनीतिक दलहरूसँग महत्वपूर्ण सुझाव प्राप्त गरको थियो। त्यसै गरी आयोगलाई प्रर्याप्त वजेट लगायत आवश्यकता अनुसार सहयोग गर्नकालागि विभिन्न राजनीतिक दलहरूले सरकारसँग अनुरोध गर्दै आएका छन्। राजनैतिक दलहरूद्वारा विगतमा संचलन गरिएका विभिन्न कार्यक्रमहरूको अनुगमन गर्नुका साथै आन्दोलनका क्रममा हिरासतमा रहेका राजनैतिक दलका नेता तथा कार्यरतहरूसँग भेटघाट गरी उनीहरूको अवस्थाको सम्वन्धमा जानकारी हासिल गर्नुका साथै यस सम्वन्धमा सरकारलाई महत्वपूर्ण सिफारिस समेत गर्दै आएको छ।

### ४.१.४ संसद्सँगको सम्वन्ध

विगतमा आयोगले ससदसँग आपसी छलफल र अन्तरक्रियाका माध्यमबाट सुमधुर सम्वन्ध कायम राख्ने प्रयास गर्दै आएको भए तापनि संसद बिहीन अवस्थाले गर्दा आयोगका प्रतिबेदनहरुसंसदमा छलफल हुन नसक्नाले आयोगले संसदसँग सहयोग पाउने अवसरबवाट बन्चित भएको छ। आयोग स्थापनाको शुरुका वर्षहरूमा आयोगद्वारा मानव अधिकारको संरक्षण, सबर्द्धन र परिपालनका सम्वन्धमा प्रस्तुत गरिएका सवालहरुमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सांसदहरूद्वारा चासो लिइनुका साथै आयोगलाई सक्षम बनाउने सम्वन्धमा प्रतिबद्धता समेत जाहेर गरेका थिए। प्रतिनिधि सभा भङ्ग भएको तर नयाँ निर्वाचन हुन नसकेको अवस्थाका कारण विगतका प्रतिवेदनहरू संसदमा प्रस्तुत भई छलफल हुन नसकोको कारणले संसदबाट हुन सक्ने रचानात्मक सहयोगबाट समेत आयोग वञ्चित रहन पुग्यो।

स्मरणीय छ विगतमा प्रतिनिधिसभा परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिको आमन्त्रणमा २०५८ चैत २९ गते आयोगका सचिव डा. शङ्कर कुमार श्रेष्ठले राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०५८ को संक्षिप्त विवरण प्रस्तुत गर्दै मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने सम्वन्धमा आयोगले सम्पन्न गरेको कार्य र तत्सम्वन्धमा भोग्नु परेको भौतिक तथा आर्थिक समस्या लगायत जनशक्ति व्यवस्थापन सम्वन्धमा समेत यथार्थ बस्तुस्थिति समितिमा प्रस्तुत गर्नु भएको थियो। उक्त अवसरमा विभिन्न मन्त्रालयहरूमा मानव अधिकारसित सम्बन्धित विषय हेर्ने एकाई गठन हुनुपर्ने र आयोगप्रति सरकारको उत्तरदायित्व समेत निर्धारण हुनुपर्ने तर्फ ध्यानाकृष्ट गर्नु भएको थियो। उक्त समितिका सदस्यहरूले आयोगलाई सूचनाको हक प्राप्तिमा कसैले पनि कुन्ठित पार्न नहुने तर्क दिँदै समितिले आयोगको समस्याका सम्वन्धमा गम्भीर भई ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनु भएको थियो।

*मिति २०५७ ५।१९ मा परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिले मानव अधिकार आयोगका पदाधिकारीहरूसँग आयोग गठन भए पश्चात आयोगले गरेका काम कारवाही एवं आयोग समक्ष रहेका समस्याहरू वारेमा जानकारी प्राप्त गरको थियो । मानव अधिकारको क्षेत्रमा समिति र आयोगबीच सूचनाको आदान प्रदान गर्न समान दृष्किोण रहेका विषयमा संयुक्त रुपमा कार्य गर्ने र कम्तिमा वर्षमा २ पटकसम्म भेटघाट तथा छलफल गर्न सहमति भएको थियो ।*

**- प्रतिनिधि सभा परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०५८**

## ४.१.५ न्यायिक निकायसँगको सम्वन्धमा

आयोगद्वारा सम्मानीत सर्वोच्च अदालत, नेपाल अधिकाराज्यका महान्यायाधिवक्ताको कार्यालय एवं अन्य न्यायिक निकायसँग सम्वन्ध कायम गर्दै आएको छ । विगत वर्षहरूमा न्यायिक निकायहरूबाट आयोगले अनुरोध गरे अनुसारको कर्मचारी काजमा पठाइदिने, आयोगद्वारा आयोजित कार्यक्रममा सहभागी तथा तालिमकालागि श्रोत व्यक्ति उपलब्ध गराइदिने जस्ता सहयोग प्राप्त गरेको थियो । वन्दीप्रत्यक्षीकरण सम्वन्धी केही मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतद्वारा आयोगलाई अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्न आदेश दिनुका साथै ऐन नियमको पुनरावलोकन कार्यमा समेत आयोगलाई महत्वपूर्ण स्थान दिदै आएको छ ।

## ४.१.६.नागरिक समाजसँग सम्वन्ध

आयोगले मानव अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी संघ-संस्थाहरू, पेशागत सङ्गठनहरू, नागरिक समाजसँग मिलेर मानव अधिकार संरक्षण र सम्वर्द्धनमा विभिन्न कार्य गर्दै आएको छ । यस अवधिमा आयोगले पाँचवटै विकासक्षेत्रमा स्थानीय तहमा कार्यरत मानव अधिकार संघसंस्थाहरूका प्रतिनिधिहरूलाई मानव अधिकार अनुगमन तालिम प्रदान गरिएको थियो । यसै गरी मानव अधिकारवादी संघसंस्थाहरूको अनुरोधमा मानव अधिकार संरक्षणका विभिन्न संयुक्त कार्यक्रम समेत सञ्चालन गर्दै आएको र कतिपय तालिमहरूमा श्रोत व्यक्ति उपलब्ध गराई सहयोग गर्दै आएको छ ।

देशका मानव अधिकार सम्वन्धी जल्दाबल्दा सवालहरूलाई सम्बोधन गर्नेक्रममा आयोगले मानव अधिकार आयोग ऐनद्वारा प्रदत्त दायित्व निर्वाह गर्ने क्रममा गैरसरकारी निकायहरूबाट महत्वपूर्ण सहयोग एवम् राय सुझावहरू प्राप्त गर्दै आएको छ । यस अवधिमा पनि मानव अधिकार दिवस मनाउनेदेखि लिएर देशको समग्र मानव अधिकार स्थितिको अनुगमन, स्थलगत अध्ययन भ्रमण जस्ता कार्यहरूमासमेत मानव अधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूबाट आयोगले महत्वपूर्ण सहयोग प्राप्त गरेको छ । यसका साथै मानव अधिकार उल्लंघनका घटनाहरूका बारेमा आयोगलाई जानकारी उपलब्ध गराउने, उजुरी पठाउने लगायत तालिम तथा अन्तरक्रिया कार्यक्रमहरूमा समेत गैरसरकारी संस्थाहरूले आयोगलाई महत्वपूर्ण सहयोग उपलब्ध गराउदै आएका छन् ।

आयोगले पाँचवटै विकासक्षेत्रमा स्थानीय तहमा कार्यरत मानव अधिकार सङ्गठनका प्रतिनिधिहरूलाई मानव अधिकार अनुगमन तालिम कार्यक्रम सम्पन्न गरेको छ । यसै गरी मानव अधिकार संघ संस्थाको अनुरोधमा मानव अधिकार संरक्षणका विभिन्न संयुक्त कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । आयोगले विगतमा बालबालिकाका क्षेत्रमा कार्यरत संघ संस्थाहरूको अनुरोधमा अछाम र बाजुरा जिल्लाका ८० वटा भन्दा वढी स्कूलहरू डर र त्रासका कारण बन्द भई बालबालिकाको शिक्षाको अधिकार हनन् भएको एवं स्वास्थ्य चौकी समेत वन्द भएको हुनाले प्रभावित क्षेत्रमा शिक्षा र स्वास्थ्यको अधिकारका सम्वन्धमा अनुगमन तथा अनुसन्धान गर्न आयोगले एक टोलीलाई प्रभावित क्षेत्र तर्फ पठाएको थियो । यसै गरी मानव अधिकार संरक्षण तथा शान्तिकालागि विभिन्न कार्यक्रमहरूमा नागरिक समाजबाट प्राप्त निमन्त्रणा अनुसार आयोगले आवश्यक सहयोग आदन प्रदान गर्दै आइरहेको छ । बालबालिका शान्ति क्षेत्र हुन भन्ने धारणालाई अभियानको रुपमा प्रचार प्रसार गर्ने उद्देश्यले गैर सरकारी संस्थाद्वारा गठन भएको सञ्जालसँग पनि समन्वय एवं सहकार्य गर्दै आएको छ ।

**विभिन्न निकायसँग सहकार्य**

बालबालिकाको स्वास्थ्य अधिकार सम्वन्धी गम्भीर विषय भएकोले उक्त अभियान निर्विघ्न रूपले सम्पन्न गर्नकालागि मिति २०६१।४।८ मा आयोगमा श्री ५ को सरकार, मानव अधिकार सम्वन्धी संघ संस्थाहरू, नागरिक समाज, विश्व स्वास्थ्य सँगठन (WHO), संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय बाल कोष (UNICEF) समेतका प्रतिनिधिहरूबीच एक अन्तरक्रिया कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा आयोगको संयोजकत्वमा विभिन्न संस्थाका प्रतिनिधिहरू समावेश गरी एक कार्यदल गठन गर्ने निर्णय भए अनुसार आयोगले निम्न बमोजिमको ७ सदस्यीय कार्यदल गठन गरेको थियो ।

| | | |
|---|---|---|
| डा. गौरीशंकरलाल दास | सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | संयोजक |
| डा. गोविन्दप्रसाद ओझा | निर्देशक, बाल स्वास्थ्य महाशाखा, टेकु | सदस्य |
| अधिवक्ता श्री शम्भु थापा | अध्यक्ष, नेपाल बार एसोसियसन | सदस्य |
| पत्रकार श्री तारानाथ दाहाल | सभापति, नेपाल पत्रकार महासंघ वा निजको प्रतिनिधि | सदस्य |
| प्रतिनिधि | गैरसरकारी संस्था महासंघ | सदस्य |
| प्रतिनिधि | UNICEF | सदस्य |
| प्रतिनिधि | WHO | सदस्य |

## ४.१.७.संचार जगतसँग सम्वन्ध

स्थापनाकाल देखि नै आयोगको संचार क्षेत्रसँग सुमधुर सम्वन्ध कायम रहदै आएको छ । आयोग गठनको लागि संदनमा उठेका आवाजहरूलाई प्रशारण गर्ने कुरा होस् अथवा आयोग गठनका लागि मानव अधिकारवादी संघसंस्थाहरूले संचालन गरेका दवावमूलक कार्यक्रमको प्रसारणमा होस्,

यस्ता सबै सूचना तथा जानकारीलाई नेपाली जनता समक्ष पुऱ्याउन संचार जगतले महत्वपूर्ण भूमिका खेलका छन् । आयोग स्थापना भइसकेपछि आयोगको निमन्त्रणामा विभिन्न कार्यक्रममा सहभागी भएर एवं आयोगद्वारा जारी भएका प्रेस विज्ञप्तिलाई प्रशारण तथा प्रकाशन गरी आयोगको धारणालाई सर्वसावधारण जनतासम्म सुसूचित गर्ने कार्यमा आम संचार माध्यमबाट प्रशंसनीय भूमिका निर्वाह भएको छ । आयोगले संचार माध्यमबाट राज्यका चौथो अङ्गको रूपमा खेलिएको भूमिकालाई सकारात्मक रूपमा ग्रहण गर्दै आएको छ । आयोगद्वारा मानव अधिकार संरक्षण र सम्वर्द्धनकालागि गरिएका महत्वपूर्ण क्रियाकलापहरूलाई संचार माध्यमले महत्वपूर्ण स्थान दिदै आएका छन् । आयोगका कमी कमजोरीका सम्वन्धमा समेत संचार माध्यमबाट समेत निर्भिक रूपमा प्रकाश पारिनाले आयोगलाई आफनो कार्यसम्पादनमा सुधार गर्दै लैजान मार्गनिर्देशन मिलेको छ । संकटकाल अवधिमा आयोगले गरेका मानव अधिकार अनुगमन, राज्य तथा माओवादी पक्षद्वारा युद्ध विराम समयमा घटाएको घटनाको सम्वन्धमा भएका छानविन र अनुसन्धान, शान्ति प्रक्रियामा मानव अधिकारको सवाललाई सम्वोधन गर्न आयोगद्वारा प्रस्तुत गरिएका मस्यौदा जस्ता विषयहरुमा आम संचारका माध्यमहरूबाट स्थान दिइदै आएको छ । आयोगद्वारा छुट्टै संचार रणनीति तयार भई कार्यान्वयनमा आइसकेको अवस्थामा आयोगको संचार क्षेत्र सँगको सम्वन्ध अझै व्यवस्थित एवं प्रभावकारी हुदै जाने अपेक्षा गरिएको छ ।

## ४.२ अन्तर्राष्ट्रिय सम्वन्ध

आयोग स्थापना भएपश्चात् यस अवधिसम्म आयोगले विभिन्न तह र चरणमा मानव अधिकार तथा विकाससँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय निकाय, मित्र राष्ट्रका राजदूतावास, दातृ निकायहरूलगायत मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने संघसंस्था एवम् विशिष्ट व्यक्तित्वहरूसँग सुसम्वन्ध कायम गर्दै आएको छ । यसै सम्वन्धमा आयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको संयोजकत्वमा परियोजना कोषमा वित्तीय सहयोग उपलब्ध गराउँदै आएका डेनिस इन्स्टिच्यूट फर ह्युमन राइट्स (DIHR), क्यानाडियन ह्यूमन राइट्स फाउण्डेसन (CHRF), डेनिस अन्तर्राष्ट्रिय विकाश नियोग (DANIDA) जस्ता निकायहरुसँग आयोगले नियमित सम्पर्क एवं सम्वन्ध कायम गर्दै आएको छ । त्यसै गरी मानव अधिकार अनुगमन परियोजना (Responding to Crisis Project) मा सहायता पुऱ्याउने नर्वे, डनमार्क तथा बेलायतका राजदुतवासहरू, दलित मानव अधिकारका क्षेत्रमा सहायता पुऱ्याइरहेको संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्वन्धी उच्चायुक्तको कार्यालय तथा राष्ट्रिय मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मञ्चद्वारा प्राप्त भएको सहयोग एवम् अनुभवहरुको आदानप्रदानबाट आयोगको क्षमता अभिवृद्धि तथासंस्थागत सुदृढीकरणमा महत्वपूर्ण सहयोग पुग्दै आएको छ ।

मानव अधिकार संरक्षणका निमित्तस्वतन्त्र र स्वायता संस्थाको हैसियतले आन्तिरिक विद्रोहको चरम स्वरूपबाट उत्पन्न जटिल परिस्थितिमा पनि जनताका मानव अधिकार बहाली तथा द्वन्द्वलाई शान्तिपूर्ण रूपान्तरण गर्ने सवालमा आयोगले महत्वपूर्ण भुमिका खेल्दै आएको छ । मानव अधिकारको संरक्षण र सम्वन्धी कतिपय महत्वपूर्ण विषयमा अन्तर्राष्ट्रिय विशेषज्ञ सेवा प्राप्त गरी आयोगले आफनो छविलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा उजागर गर्न सफल भएको छ ।

जेनेभामा सम्पन्न मानव अधिकार समितिको ६१ औ बैठकबाट Technical Cooperation and Advisory Services in Nepal – Item no. 19 अन्तर्गत[१] पारित भएको प्रस्तावमा नेपालको राष्ट्रिय मानव अधिकार आयोगको सम्वन्धमा उल्लेख गरिएको छ । श्री ५ को सरकारलाई आयोगको स्वतन्त्रता, संस्थागत निरन्तरता र स्थायित्वको सुनिश्चता गर्न एवं थुनुवा केन्द्रहरूमा पूर्व सूचना विना निर्वाध भ्रमण अवलोकन गर्न अनुमति दिन एवं आयोग तथा यसका क्षेत्रीय कार्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस गरेको छ । आयोगको विभिन्न अन्तर्राष्ट्रि निकायहरुसँगको सम्वन्धलाई देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

### ४.२.१ संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायोगसँगको सम्वन्ध

आयोगको स्थापना कालदेखि उच्चायोगको कार्यालयले आयोगलाई विभिन्न सहयोग गर्दै आएको छ । नेपालको मानव अधिकारको विग्रदो स्थितिलाई सम्वोधन गर्न आयोगलाई सक्षम बनाउने उद्देश्यले संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको ६० औ बैठकले निर्णय गरे अनुसार श्री ५ को सरकार र उच्चायुक्तकोकार्यालयबीच नेपालको आयोगलाई प्राविधिक सहयोग उपलब्ध गराउने सम्वन्धमा समक्षदारी पत्रमा हस्ताक्षर भएको थियो । हाल संयुक्त राष्ट्र संघीय मानव अधिकारको ६१ औ बैठकको क्रममा संयुक्त राष्ट्र संघले प्रत्यक्ष अनुगमन गर्ने क्रममा श्री ५ को सरकारसँग छुट्टै सम्झौता भएको र गत डिसेम्वरमा भएको समक्षदारी पत्र खारेज भए तापनि आयोगालाई निरन्तर रुपमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त भएको छ ।

### ४.२.२ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) सँगको सम्वन्ध

आयोग गठनको केही समयपश्चात् आयोगको क्षमता अभिवृद्धिकोलागि परियोजनाको रूपरेखा तयार पार्ने कार्यदेखि लिएर हालसम्म निरन्तररूपमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबाट महत्वपूर्ण सहयोग प्राप्त भएको छ । राष्ट्रिय मानव अधिकार आयोग क्षमता अभिवृद्धि कार्यक्रम स्वीकृत भई प्रथम दुई बर्षे परियोजना सम्पन्न भै दोस्रो चरण अन्तर्गत परियोजना विस्तारित रूपमा कार्यान्वयन भइ रहेको अवस्था छ । उक्त परियोजना अन्तर्गत आयोगका कर्मचारी हरूलाई मानव अधिकार तालीम, आयोगका सदस्यहरू तथा सचिवलाई अध्ययन भ्रमण, आयोगको पुरानो आपूर्ती मन्त्रालय रहेको भवनलाई मर्मत सम्भार लगाएत आयोगलाई बिभिन्न कार्याक्रमहरूमा सहयोग प्राप्त हुँदै आएको छछ । क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत विभिन्न दातृ निकायबाट प्राप्त हुने सहयोग सम्वन्धमा समन्वय समेत संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबाट नै हुदै आएको छ ।

[१] OP 11 calls upon His Majesty's Government of Nepal to a) endure the continued independence, institutional continity and stablity of the National Human Rights Commission of Nepal in conformity with the United Nations Paris Principle and the Human Rights commission Act, 2053. See also a,b,c and d

**श्री ५ को सरकार तथा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायोगका बीच सम्पन्न समझदारी पत्र**
**१४ डिसेम्बर, २००४ जेनेभा**

१. समझदारीको उद्देश्य- राष्ट्रिय मानव अधिकार आयोगलाई प्राविधीक सहायता उपलब्ध गराउनको सम्बन्धि शर्त र अबधी तोक्ने संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायोग / संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम कर्मचारी विवरण दायित्व, कोष तथा सम्पत्तिको अवस्था नियमन ( समझदारी पत्रको बुँदा२)
२. समझदारी पत्रले अन्तर्राष्ट्रिय सल्लाहकारहरूको संख्याको सिमानतोकि आयोगले अनुरोध गरे बमोजिम संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायोगसँगका बाट अथवा संयुक्त राष्ट्र संघीय स्वयंसेवक मध्यबाट लिन सक्ने (बुँदा ४)
३. आफ्नो कर्तव्यपालन गर्ने सिलसिलामा आयोगका कर्मचारीलाई मानव अधिकार आयोग ऐन २०५३ तथा श्री ५ को सरकारद्वारा २००४, २६ मार्च (चैत्र १३ गते) मा जारी गरिएको प्रतिबद्धता बमोजिम प्राप्त हुने आवगमन सम्वन्धी स्तमको पहुँच (थुनुवा केन्द्रहरू) सरह अधिकार अन्तर्राष्ट्रिय सल्लाकार तथा UNV हरूले प्रयोग गर्न सक्ने छन । (बुँदा १०)
४. संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगले अप्रील २००४मा भएको बैंठकमा सहमती हुन सकेको हुनाले यस समझदारीपत्रले अन्तर्राष्ट्रिय अनुगमनकोलागि अनुमति प्रदान गर्दैन । संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायोगले सम्बन्धी निकायद्वारा अनुरोध नभए सम्म संयुक्त राष्ट्र संघ मानव अधिकार सहयोग अथवा साधरण सभालाई प्रतिवेदन पेश गर्ने गरी अन्तर्राष्ट्रिय अनुगमन गर्न सक्ने छैन ।
५. राष्ट्रिय मानव अधिकार आयोगले शुरुमा संयुक्त राष्ट्र संघीय स्वयंसेवकहरू भर्ति गरी अधिकांश राष्ट्रिय अनुगमन गर्ने बीचार गरेको थियो । UNV मा अनतर्राष्ट्रिय अनुगमनकर्ता नहुने र उनीहरूले सधैं आयोगलाई प्रतिवेदन पठाउने र उनीहरूसँग संयुक्त संघीय मानव अधिकार आयोगमा प्रतिवेदन पठाउन सक्दैनन् संयुक्त राष्ट्र संघीय कार्मचारीलाई कार्य क्षेत्रमा पठाउने सम्बन्धि संयुक्त राष्ट्र संघीय सुरक्षा आवश्यकतासँग सम्वन्धित उठेका समस्याहरू समेत बीचार गरी राष्ट्रिय मानव अधिकार आयोगले जुलाई २००४ मा निमार्ण गरी संयुक्त राष्ट्र संघीय स्वयंसेवकको सट्टामा आफ्नै कर्मचारीहरू द्वार अनुगमन गर्ने निणर्य गर्‍यो । यदि आयोगले फेरी संयुक्त राष्ट्रसंघीय स्वयं सेवकलाई राष्ट्रिय अनुगमनकर्ताका रुपमा पठाउने निर्णय गरेमा यस समझदारी पत्रको कुनै कुराले बाधा पुर्‍याउने छैन ।
६. श्री ५ को सरकार तथा OHCHR बीच वार्ता प्रकृयाको क्रममा समझदारी पत्रका सम्वन्धमा सूचना दिईएका साथै परामर्श समेत गरिएको थियो ।

**(अनौपचारिक रुपान्तरण)**

***(हाल जेनेभामा सम्पन्न ६१ औं बैठकबाट श्री ५ को सरकार तथा OHCHR बीच नेपालमा संयुक्त राष्ट्र संघीय अनुगमन संयन्त्र राख्ने विषयमा छुट्टै सम्झौता भइसकेको छ ।)***

## ४.२.३ युरोपियन युनियनसँगको सम्वन्ध

आयोगले युरोपियन युनियनसँग पनि असल सम्वन्ध कायम राख्दै आएको छ । विगतमा युरोपियन युनियनको तर्फबाट प्रतिनिधित्व गर्दै आयोगको भ्रमण गरेको टोलीद्वारा मानव अधिकार संरक्षण र सम्वर्द्धनका सम्वन्धमा आयोगलाई आवश्यक पर्ने सहयोगको विषयमा छलफल भएको थियो । सोही छलफल अनुरुप आयोगबाट क्षेत्रीय कार्यालयको स्थापना गर्ने सम्वन्धमा युरोपियन युनियन समक्ष प्रस्ताव पेश गरेको थियो । उक्त प्रस्तावमा सहमति जनाउँदै युरोपियन युनियनद्वारा देशका पाँच वटै विकास क्षेत्रहरूमा आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना गर्न सहयोग प्रदान गर्ने निर्णय भएको थियो । सोही अनुरुप आयोगले दश प्रतिशित वित्तीय भार आफै वहन गर्ने गरी ३० डिसेम्वर २००३ मा सम्झौता भए अनुरूप मार्च १ २००४ (इ.सं.) बाट लागु हुने गरि दुइ वर्षका लागि **"पहुँच विस्तार परियोजना"** शुरू भई विभिन्न कार्यहरू गर्दै आइरहेको छ । यसबाट आयोगको पहुँच नपुगेका ठाउँहरूमा मानव अधिकार संरक्षण र संवर्द्धनका लागि महत्वपूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।
यसरी प्राप्त भएको सहयोग अन्तर्गत आयोगले पूर्वाञ्चल, पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चलमा आफ्नो क्षेत्रीय कार्यालय स्थापना गरिसकेको छ ।

## ४.२.४ मानव अधिकारसँग सम्वन्धित अन्तराष्ट्रिय संघ संस्थाहरू सँगको सम्वन्ध

आयोग गठन भएदेखिनै मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय संघ संस्था हरूवाट आयोगले विभिन्न सहयोग पाउदै आएको छ । मानव अधिकार संरक्षण र प्रबर्द्धन निमित्त बिभिन्न अन्तराष्ट्रिय सँघ संस्थाहरूसँग आयोगले सुसम्वन्ध कायाम गर्दै आएको छ । एमनेष्टी इन्टरनेसनल, रेडक्रसको अन्तराष्ट्रिय समिती, यूरोपिएन कमिसन, यूनिसेफ लगाएत अन्य विभिन्न अन्तराष्ट्रिय सँघ संस्थाहरू सँघ मानव अधिकार संरक्षण, प्रबर्द्धन, अध्यन लगाएतका क्षेत्रमा आयोगले सहकार्य गर्दै आएको छ । आयोगले मानव अधिकार संरक्षणमा गरेका पहलहरूलाई मानव अधिकारसँग सम्वन्धित ऐम्नेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, आइ.सि.जे लगातयका संस्थाहरूबाट सराहना व्यक्त गरिनुका साथै आयोगलाई सुदृढ गर्ने कार्यमा सहयोग पुर्‍याउन सुझाव दिदै आएका छन् ।

## ४.२.५ राष्ट्रिय मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मञ्चसँगको सम्वन्ध

राष्ट्रिय मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मञ्चको सदस्यता प्राप्त गरेदेखि नै आयोगले एसिया प्रसान्त मञ्चद्वारा संचालित गतिविधिहरूमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा पारित पेरिस सिद्धान्तअनुरूप स्थापना भएका स्वतन्त्र राष्ट्रिय मानव अधिकार संस्थाहरू सदस्य रहने यस मञ्चमा हालसम्म एशिया प्रशान्त क्षेत्रका चौधवटा देशका राष्ट्रिय मानव अधिकार संस्थाहरू सदस्य रहेका छन् । यस संस्थाले क्षेत्रीय साझेदारी एवम् मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त राष्ट्रिय संयन्त्रको स्थापना र विकासमा सहयोग पुर्‍याउँछ । मञ्चको आर्थिक व्यवस्थापनकालागिसंयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR), अष्ट्रेलिया, न्युजिलैण्ड, दक्षिण कोरिया जस्ता देशका साथै सरकारका साथै विविध दातृ निकायबाट सहयोग प्राप्त हुँदै आएको छ । यस मञ्चको सचिवालय अष्ट्रेलियाको सिडनीमा रहेको छ ।

यस मञ्चको आठौं वार्षिक बैठक गत फेब्रेवरी १६-१८, २००४ मा काठमाडौमा आयोगले आयेजक संस्थाको हैसियतले सफलता पूर्वक सम्पन गरेको थियो । त्यस बैठकबाट नेपालको राष्ट्रिय मानव अधिकार आयोगले एक वर्षकालागि अध्यक्षको जिम्मेवारी पाएको थियो ।

**एशिया प्रशान्त मन्चको आठौं वार्षिक सभा काठमाडौंमा सम्पन्न**

राष्ट्रिय मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मन्चको आठौं वार्षिक सभा मिति ०६०/११/४ देखि ०६०/११/६ (फेब्रुअरी १६–१८, २००४) सम्म औपचारिक रुपमा सम्पन्न भएको थियो । आयोगका अध्यक्ष नयनबहादुर खत्रीले उदघाटन सत्रमा स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । उक्त अवसरमा संयुक्त राष्ट्र संघ उच्चायुक्तको कार्यालयका कार्यवाहक उच्चायुक्त बट्रान्ड रामाचरणको तर्फबाट नेपालकोलागि संयुक्त राष्ट्र संघको आवासीय प्रतिनिधि माथ्यु कहानेले उदघाटन समारोहमा सम्बोधन गर्नु भएको थियो । उक्त अवसरमा मन्तव्य राख्नु हुने सबैले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु पर्ने आवश्यकतामा जोडदिदै आतंकबादलाई परास्त गर्न कानूनी राज्यको अवधारणालाई प्रत्याभूत गरिनु पर्ने आवश्यकता औल्याउनु भएको थियो । राष्ट्रिय मानव अधिकार आयोग नेपाल उक्त आठौं वार्षिक सभाको अध्यक्षमा सर्वसम्मतरुपमा निर्वाचित भएको थियो भने उपाध्यक्षमा भारत र दक्षिण कोरिया निर्वाचित भएका थिए । उक्त मञ्चका सदस्यहरूमा नेपाल लगायत अफगानिस्तान, अष्ट्रेलिया, फिजी, भारत, ईन्डोनेसिया, मलेसिया, मंगोलिया, न्यूजिल्याण्ड, पेलेष्टाईन, फिलिपिन्स, दक्षिण कोरिया, श्रीलंका तथा थाईल्याण्डका राष्ट्रिय मानव अधिकार संस्थाहरू रहेका छन् । उक्त कार्यक्रममा न्यायिक सल्लाहकार परिषदको (Advisory Council of Jurists) को तर्फबाट आतङ्कबाद र कानूनी राज्य विषयमा अन्तरिम प्रतिवेदन पेश गरिएको थियो । गैर सरकारी संस्थाहरूको तर्फबाट समेत विभिन्न ४ विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू डा. गौरी शंकर लाल दास, सुशील प्याकुरेल र महिला तथा बालबालिका ओसार पसार तथा बेचविखन बिरुद्ध राष्ट्रिय समाधीक्षक पदमा माथेमाले आयोगद्वारा गरिएका विभिन्न क्रियाकलापहरूको बारेमा एवं नेपालमा द्वन्द्वको अवस्थाबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा न्यायिक सल्लाहकार परिषद्का कानूनी विषेशज्ञहरू, सदस्य राष्ट्का पदाधिकारी एवं प्रतिनिधिहरू, अर्न्तराष्ट्रिय श्रम सँगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, युनेस्कोका प्रतिनिधिहरू, अष्ट्रेलिया, भारत, इन्डोनेशिया, नेपाल, न्यूजिल्याण्ड, दक्षिण कोरिया, सोलोमन आईल्याण्ड, ताईवान, टिमोरलिस्टे, वेलायत, अमेरिका आदिका सरकारी प्रतिनिधिहरू लगायत इरान, जोर्डन, माल्दीभ्स का राष्ट्रिय मानव अधिकार संस्थाहरू, क्षेत्रीय संस्थाहरू, अर्न्तराष्ट्रिय, राष्ट्रिय एवं क्षेत्रीय गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू समेतले भाग लिएका थिए ।

## ४.३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्धमा देखा परेका चुनौतीहरू

आयोगद्वारा पाँच वर्ष कार्यकालका दौरान प्राप्त गरेका अनुभवहरुका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्ध कायम गर्ने सिलसिलामा देखा परेका चुनौतीहरुलाई देहायका वुँदाहरुमा संक्षिप्त चर्चा गरिएको छ ।

### (क) राष्ट्रिय सम्वन्धका चुनौतीहरू

१. सरकारद्वारा २०६० चैत्र १३ गते २५ वुँदे प्रतिवद्धता आए पनि सो अनुरुप आयोगले अपेक्षित सहयोग प्राप्त गर्न नसकेको कारणले गर्दा आयोगको संरक्षण कार्यमा चुनौती उत्पन्न हुन पुगेका छ । त्यसै गरी आयोगको सिफारिसको कार्यान्वयन सन्तोषजनक रुपमा हुन सकेको छैन ।

२. आयोग र सुरक्षा निकायबीच समन्वयात्मक कार्य हुन नसक्नु एवं आयोगबाट पनि जानेर वा अन्जानवश कतिपय कमजोरी रहेको कारणले गर्दा समेत समय समयमा उत्तार चढाव आउने गरेको छ ।

३. मानव अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थासँगको आयोगको सम्वन्धको बारेमा विभिन्न गुनासो रहनु स्वाभाविकै हो । विशेषत ठूला र नाम चलेका गैर सरकारी संस्थाहरूसँग मात्र आयोगको सहकार्य रहको गुनासोको सम्वन्धमा आयोगले ध्यान पुऱ्याउन नसकेको कारणले समेत आयोगको गैर सरकारी संस्थाहरूसँग प्रर्याप्त मात्रामा सम्वन्ध विस्तार हुन सकेको छैन ।

४. आयोगको स्थापना गर्नमा जसरी नागरिक समाजबाट स्वतः स्फूत रुपमा पहल भएको थियो त्यसरी आयोग स्थापना पश्चात आयोगलाई मानव अधिकारको जिम्मेवार पहरेदारको रुपमा काम कारवाही गर्न सम्वन्धमा गंभिर चासो व्यक्त नगरिनुका साथै सक्दो सहयोग प्राप्त हुन नसकेको कारणले समेत चुनौती उत्पन्न हुन पुग्यो ।

५. शसस्त्र द्वन्द्वमा होमिएको विद्रोही पक्षसँगको सम्वन्ध र हर्ने दृष्टिकोणमा आयोगको स्पष्ट दृष्टिकोण वन्न नसक्नाले चुनौती उत्पन्न हुन पुगेको छ । साथै राजनैतिक दलहरूसँग मानव अधिकारको संरक्षणको निमित्त आयोगबाट पटक पटक अनुरोध एवं सहयोग माग गरिएता पनि ती दलहरूबाटअपेक्षित सहयोग प्राप्त नभएको हुनाले आयोगको व्यापक सहभागितात्मक रणनीतिक योजना तयार गर्ने लगायत मानव अधिकार संरक्षण र सम्वर्द्धन कार्यहरू प्रभावित भइरहे ।

६. आम संचारसँगको सम्वन्ध व्यवस्थित हुन नसकेको कारणले आयोगको बारेमा आमसंचारमा पटक पटक नकारात्मक समाचार आइरहनाले समेत विभिन्न चुनौती उत्पन्न भयो । यसै गरी आयोगद्वारा सम्पादित कतिपय सकारात्मक कार्यहरूलाई समेत सर्वसाधारण नागरिकलाई सुसूचित नसकिएको कारणले समेत आयोगको सम्वन्धमा अन्यौल सृजना हुन पुग्यो ।

७. पीडितलाई तत्काल राहत पुऱ्याउने सम्वन्धमा आयोगको सो क्षेत्रसँग सम्वन्धित मानवीय संस्थाहरूसँग प्रभावकारी सम्वन्ध तथा संयन्त्र निर्माण नसक्नाले कतिपय अवस्थामा आलोचित समेत हुन पुगेको थियो ।

## (ख) अन्तर्राष्ट्रिय सम्वन्धमा देखा परका चुनौतीहरू

१. पेरिस सिद्धान्त अनुरुप राष्ट्रिय मानव अधिकार संस्थाका रुपमा आयोगलाई सरकारबाट आवश्यक स्रोत, साधन उपलब्ध हुनु पर्नेमा विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायको वित्तीय सहयोगमा बढी आश्रित हुनुपरेको अवस्थामा आयोगको स्वतन्त्र र स्वायत्त संस्थाको काममा, हैसियत प्राप्तिमा बाधा अबरोध पुगिरहनुका साथै आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा निजामति कर्मचारी सरह पनि नहुनु तर परियोजना अन्तर्गत सोही प्रकृतिको काम गर्ने कर्मचारीहरूको सेवा, सुविधा र पारिश्रमिक आकर्षक रहनाले एउटै संस्थामा काम गर्ने कर्मचारीबीच असमान सुविधा कायम हुन गएको र यसबाट न्यून सुविधा पाउने कर्मचारीको मनोवल उच्च हुन नसकेको र आकर्षक अवसरको खोजीमा लाग्ने प्रवृत्ति देखिएको छ ।

२. कतिपय अवस्थामा आयोगलाई अन्तर्राष्ट्रिय निकायहरूको दवावमा काम गर्ने गरेको भन्ने गुनासो छ । आयोगले अन्तर्राष्ट्रिय सम्वन्धमा उठेका प्रश्नहरूको यथोचित सम्वोधन गर्न नसक्नाले पनि विभिन्न अन्यौल सृजना हुन पुगेको छ ।

३. अन्तर्राष्ट्रिय सहयोग अन्तर्गत आयोगको क्षमता विकासकोलागि परामर्शदाताको व्यवस्था हुनुसकारात्मक भएतापनि देशको वास्तविक स्थितिको अनिभिज्ञता, राष्ट्रिय निकायहरूसँगको सम्वन्ध, संस्था भित्रको अन्तरसम्वन्धमा समन्वयको कमी जस्ता विभिन्न कारणहरूले गर्दा अन्तर्राष्ट्रिय परामर्शदाताहरूबाट आयोगले अपेक्षित लाभ प्राप्त गर्न सकेको देखिदैन । एकातिर आयोगको क्षमता विकासको नाममा परामर्शदाताको निमित्त ठूलो रकम खर्च भइरहने अर्कोतिर लगानीको अनुपातमा प्रतिफल नदेखिनुबाट समेत चुनौती उत्पन्न हुन पुगेको छ ।

४. ऐन प्रदत्त दायित्व निर्वाहको क्रममा आयोगले स्वतन्त्र रुपमा खर्च गर्न सक्ने गरी नभई दाताको रुची अनुसारको कार्यक्रममा मात्र खर्च हुन सक्ने गरी सहयोग प्राप्त हुने प्रवृत्ति पनि चुनौतीकै रुपमा रह्यो । आयोगले आफ्नो संस्थागत सुदृढीकरण र कर्मचारीको मनोवल उच्च राख्न एवं मानव संशासन विकासमा आफूखुसी खर्च गर्न नसक्ने तर परामर्शदाता र कार्यक्रम तर्फ भने येथेष्ठ खर्च गर्न सक्ने अवस्थामा रहेकोले आयोगको वास्तविक क्षमता अभिवृद्धिमा असर पर्न गएको छ ।

५. विदेशी सहयोगमा निर्भर रहने प्रवृत्तिले गर्दा आयोगको स्वतन्त्रता तथा स्वायता कायम राख्नमा चुनौती देखिएको छ । साथै भविष्यमा विदेशी सहयोग उपलब्ध नहुँदाको अवस्थामा आयोगका कार्यलाई कसरी निरन्तरता दिइराख्ने भन्ने जस्ता चुनौतीहरू पनि देखिएका छन् ।

# खण्ड ५

## आयोगद्वारा सम्पादित प्रमुख कार्यहरू

५.१ उजुरी उपरको कारवाही
५.२ मानव अधिकार अनुसन्धान
५.३ मानव अधिकार अनुगमन
५.४ शान्ति प्रक्रियामा आयोग
५.५ महासन्धि एवं कानून पुनरावलोकन
५.६ आयोगको संस्थागत विकास
५.७ आयोगका योजना
५.८ प्रवर्द्धनात्मक कार्य



दोरम्बा घटनाको अनुसन्धान गर्दै आयोगद्वारा गठित उच्चस्तरीय अनुसन्धान समितिका सदस्यहरू




आयोगद्वारा आयोजित द्वन्द्व रुपान्तरण विषयक कार्यक्रममा प्रवचन दिदै द्वन्द्व विशेषज्ञ जोह्न ग्याल्टुङ्ग तथा सहभागीहरू




मानव अधिकार तथा शान्ति सम्मेलनमा सहभागी हुँदै उच्चायुक्त लुइस आर्बर तथा आयोगका पदाधिकारीहरू

"फर्क फर्क हे जाउ समाउ मानिसहरूको पाउ
मलम लगाउ आर्तहरूको चहऱ्याइरहेको घाउ
मानिस भई मानिसको त्यो दिव्य मुहार हसाउ"

**-महाकवि लक्ष्मी प्रसाद देवकोटा**

# खण्ड ५
# आयोगद्वारा सम्पादित प्रमुख कार्यहरू

## ५.१ उजुरी उपर कारबाही

मानव अधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानव अधिकार आयोग, उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ बमोजिम उजुरी उपरको कारवाहीको सम्वन्धमा स्पष्ट व्यवस्था भएको छ । जस अनुसार आयोगमा प्राप्त उजुरी सम्वन्धमा तथ्य सङ्कलन गर्ने, उजुरीका पक्षहरूलाई वयान–वकपत्र गराउने, स्थलगत अध्ययन अनुसन्धान गर्ने, प्रमाण संकलन गर्ने तथा अंग पुगेपछि आयोगमा निर्णयकोलागि पठाउने र आयोगबाट तत्सम्वन्धमा निर्णय भएपछि सो को कार्यान्वयनकालागि श्री ५ को सरकारमा सिफारिश गरी पठाउने व्यवस्था रहेको छ । यसै व्यवस्था अनुरुप आयोगमा प्राप्त विभिन्न उजुरीहरूको सम्वन्धमा स्वतन्त्र एवं निश्पक्ष रुपमा छानवीन तथा अनुसन्धान गरी मानव अधिकारको उल्लंघनका घटनाहरूको सम्वन्धमा आयोगले आफ्नो निर्णय सार्वजनिक गर्दै आएको छ । जसबाट पीडित व्यक्तिलाई थोरै भएपनि राहत एवं न्याय प्राप्त भएको आभास मिलेको छ भने मानव अधिकार उल्लंघनमा संलग्न दोषी उपर कारवाही समेत भएको छ । यसबाट मानव अधिकारको उल्लंघन तथा दुरुत्साहनमा दूरगामी प्रभाव पर्ने कुरालाई नकार्न सकिदैन । आयोगमा दर्ता भएको उजुरी र सो सँग सम्वद्ध तथ्यांक तथा कारवाहीको सम्पूर्ण विवरणलाई दुरुस्त राख्ने सम्वन्धमा प्रभावकारी उजुरी व्यवस्थापन विधिको आवश्कता महसूस गरे अनुरुप भारतीय मानव अधिकार आयोगको सौजन्यता र क्यानेडियन मानव अधिकार आयोगको वित्तिय सहयोगमा CMS नामक सफ्टवेयर जडान गरी कम्प्युटरमा सूचनामूलक डाटाबेस (database) राख्ने कार्य भइरहेको छ । आयोगमा शुरुका दिनमा रहेको अव्यवस्थित सूचना प्रणालीलाई व्यवस्थित बनाउने कार्यमा यसको ठूलो महत्व हुने छ । अर्कातर्फ शाखाभित्र कामको बाँडफाँड उचित रुपमा नभएमा उजुरी कारवाहीका सम्वन्धमा नकारात्मक प्रभाव पर्ने कुरालाई बीचार गरी पाँचौ वर्षमा आएर आयोगमा दर्ता भएका उजुरीहरूलाई विषयगत अधिकारको आधारमा विभाजन गरी त्यस्ता विषयगत अधिकार सम्वन्धी उजुरीहरूको कारवाही किनारा गर्नकालागि संरक्षण महाशाखामा रहेका अधिकृतहरूलाई पनि विषयगत समूहमा विभाजन गरी जिम्मेवारी तोक्ने काम गरियो जसले कर्मचारीको विषयगत दक्षता अभिवृद्धि हुनुका अतिरिक्त सम्वद्ध उजुरीकोलागि सम्पर्क व्यक्तिको रुपमा ती कर्मचारीले काम गर्ने हुँदा जो सुकैलाई पनि आवश्यक जानकारी लिन सहज हुन गयो ।


उजुरी उपरको कारवाहीलाई व्यवस्थित गर्ने सिलसिलामा उजुरीको ढाँचा उपर आयोगमा विभिन्न चरणमा छलफल भई पहिले कायम रहेको उजुरीको ढाँचामा परिमार्जन गरी नयाँ ढाँचा अपनाइएको छ । आयोगद्वारा अपनाइएको उक्त उजुरीको ढाँचालाई अनुसूची १० मा समावेश गरिएको छ ।

### ५.१.१ आयोगमा दर्ता भएका उजुरीहरूको विवरण

आयोगमा दर्ता रहेका उजुरीहरू अध्ययन गर्दा नागरिक तथा राजनीतिक अधिकारको हनन्का उजुरीको संख्या नै अत्याधिक संख्यामा रहेको देखिन्छ । त्यसभित्र पनि देशमा विद्यमान आन्तरिक सशस्त्र द्वन्द्वको परिणामस्वरुप राज्य पक्षद्वारा नागरिकलाई बेपत्ता पार्ने क्रम तिव्र रुपमा रहेको भन्ने उजुरीबाट देखिएको छ । त्यस्तै ने.क.पा.(माओवादी) को तर्फबाट पनि किसान, मानव अधिकारकर्मी, पत्रकार, राजनैतिक दलका कार्यकर्ता, शिक्षक, विद्यार्थी लगायत सर्वसाधारणलाई अपहरण गरिएको घटनाका सम्वन्धमा प्राप्त उजुरीको संख्या पनि बढ्दो रुपमा रहेका छन् । त्यस्तै द्वन्द्वमा असंलग्न पक्षहरूलाई समेत जवरजस्ती सशस्त्र अभियानमा संलग्न गराउने, यातना दिने, आतंङ्कित बनाउने घर जग्गा कब्जा गर्ने आर्थिक दण्ड जरिवाना तोक्ने जस्ता कार्यहरू विरुद्ध पनि उजुरी पर्ने गरेका छन् । यसका अतिरिक्त बैचारिक आस्था नमिल्ने राजनैतिक दलका कार्यकर्ताहरूलाई कुटपिट, अङ्ग-भङ्ग, हत्या आदि गरी धन सम्पत्ति समेत कब्जा गरेको र गाउँ छाड्न वाध्य पारेका कारण आन्तरिक रुपमा विस्थापित हुन पुगेका पीडितको उजुरीको संख्या पनि उल्लेखनीय रहेको छ । यद्यपि शान्ति सुरक्षा कायम गर्ने र जनताको जीउ धनको सुरक्षा गर्ने जिम्मेवारी राज्य पक्ष (श्री ५ को सरकार) कै हुने भएकोले माओवादीबाट भएका ज्यादतिलाई प्रेस विज्ञप्तिको माध्यमद्वारा आम नागरिक समुदाय, स्वदेशी तथा विदेशी संघ-संस्थामा जानकारी गराउने र त्यस्ता उजुरी उपर कारवाही गर्न श्री ५ को सरकारलाई पठाउने गरिएको छ ।

आयोगमा पाँच वर्षे अवधिमा परेका उजुरी र सो अनुरुप आयोगबाट भएको निर्णयलाई देहाय बमोजिमको तालिका तथा चार्ट मार्फत प्रस्तुत गरिएको छ ।

| साल | दर्ता भएका उजूरी | निर्णय भएका उजूरी | तमेलीमा राखिएका उजूरी | खारेजी ग।एका उजूरी | जम्मा फछ्र्योट भएका उजूरी |
|---|---|---|---|---|---|
| २०५७/२०५८ | ५२८ | १२ | | | १२ |
| २०५८/२०५९ | ३०२ | ८ | ४२ | २३ | ७३ |
| २०५९/२०६० | ४८३ | १४ | ५० | ४६ | ११० |
| २०६०/२०६१ | १०८३ | ८ | २८ | ३५ | ७१ |
| २०६१/२०६२ | १००१ | ४२ | ७८ | १२ | १३२ |
| | ३३९७ | ८४ | १९८ | ११६ | ३९८ |
| **जम्मा** | | | | | |




## ५.२ मानव अधिकार अनुसन्धान

राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार आयोग ऐन, २०५३ अनुसार मानव अधिकार उल्लघंन तथा दुरुत्साहनका सम्वन्धमा छानबीन एवं अनुसन्धान गर्ने अधिकार प्रदान गरिए अनुरुप आयोगले प्राप्त उजुरीहरूको सम्वन्धमा संकटकालको घोषणा गरिएको अवस्थामा र दोहोरो भिडन्त कायमै रहेको जटिल परिस्थितिमा समेत मुलुकको विकट क्षेत्रहरूमा गई आवश्यक छानवीन तथा अनुसन्धान गर्ने कार्य निरन्तर रुपमा गर्दै आएको छ । तर पनि कतिपय घटनाको सम्वन्धमा विभिन्न कारणहरूले गर्दा समयमा अनुसन्धान हुन नसकेको देखिन्छ भने कतिपय घटनाको प्रकृतिकै आधारमा अनुसन्धान हुन नसकी केवल श्री ५ को सरकार समक्ष अनुसन्धानकालागि लेखी पठाउने कार्य भएको छ । यसरी अनुसन्धानमा ढिलाई हुनुमा अपर्याप्त एवं अविकसित संचार पद्धति, पर्याप्त कर्मचारीको अभाव, आयोगबाट पठाइने पत्र उपर सम्वन्धित निकायबाट ढिलो गरी जवाफ दिइने तथा दिइएको जवाफ पनि कतिपय अवस्थामा असान्दर्भिक र अपत्यारिलो हुने गरेको, विस्तृत सूचनाकोलागि नयाँ ढाँचाको उजुरी फारामको निर्माण नभई सकेको, उजुरीकर्तासँग सम्पर्क कायम गर्नमा उत्पन्न भएको कठिनाई लगायत केन्द्रबाटै अधिराज्यभरि घटेका विभिन्न मानव अधिकार उल्लंघनका घटनाहरूको छानवीन अनुसन्धान गर्नु पर्ने वाध्यता जस्ता कुराहरू कारकको रुपमा रहेका थिए । राज्यका निकायहरू विरुद्ध सूचना तथा प्रमाणहरू उपलब्ध गराउनमा जनतामा रहेको डर त्रासको भावनाले गर्दा पनि आयोगको अनुसन्धान कार्य जटिल बन्न गएको थियो ।

युद्धविराम कायम रहेको अवस्थामा समेत देशका विभिन्न भागमा मानव अधिकार उल्लंघन एवं ज्यादतीका घटनाहरू घट्ने क्रम कायमै रहेको हुँदा आयोगले ऐन प्रदत्त जिम्मेवारी निभाउने क्रममा मानव अधिकार अनुगमन तथा अनुसन्धानलाई निरन्तरता दिने प्रयास जारी राख्यो । यसै सन्दर्भमा रामेछापको दोरम्वा, सिराहाको धनगढी तथा पाँचथरको नागीमा युद्ध विराम कायमै रहेको अवस्थामा घटेका घटनाहरूका सम्वन्धमा स्थलगत छानवीन गरी सत्य तथ्य बारे आयोगलाई प्रतिवेदन पेश गर्नका लागि सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीशको संयोजकत्वमा तीनवटा छुट्टाछुट्टै अनुसन्धान समिति गठन गरिएको थियो । उक्त समितिहरूबाट आयोगमा प्राप्त प्रतिवेदनका आधारमा श्री ५ को सरकार तथा ने.क.पा.( माओवादी) दुवै पक्षको ध्यानाकर्षण गर्दै मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न वारम्वार अपिल गरिएको थियो । आयोगबाट स्वतन्त्र तथा निश्पक्ष रुपमा अनुसन्धान गरी वास्तविक तथ्य प्रकाशमा ल्याउने कार्यको मानव अधिकारवादी संघ संस्था, नागरिक समाज, सञ्चार जगतबाट उच्च मूल्याङ्कन गरिएबाट आयोगलाई मानव अधिकार संरक्षणमा अझै प्रतिवद्ध भएर अगाडि बढ्न प्रेरणा प्राप्त भएको थियो ।

### ५.२.१ उजुरी छानवीन तथा अनुसन्धान गरी आयोगद्वारा गरिएका मुख्य सिफारिसहरू

मानव अधिकार प्रति सम्मानभाव जगाउने तथा सम्वद्ध निकायलाई आफ्नो जिम्मेवारी प्रति सजग गराउने जिम्मेवारी बोकेको यस आयोगको दायित्व चुनौतीपूर्ण र महत्वपूर्ण रही आएको कुरामा दुई मत हुन सक्दैन । आयोगले प्राप्त उजुरीका आधारमा घटनाको निश्पक्ष तथा स्वतन्त्र छानवीन गरी निश्कर्षमा पुग्ने मात्र नगरी उजुरी प्राप्त नभएको अवस्थामा आफैले कारवाही उठान गरी निर्णयमा पुग्ने समेत गर्दछ । यसै क्रममा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त आयोगबाट गरिएका केही महत्वपूर्ण निर्णयहरूलाई देहाय बमोजिम तालिकामा समावेश गरिएको छ ।

#### १. बाँके कारागारमा भएको गोलीकाण्ड सम्वन्धमा

बाँके कारागारमा मिति २०५७/१०/१ मा प्रहरीद्वारा चलाइएको गोलीबाट दुई जना बन्दीको मृत्यु भएको भन्ने सम्वन्धमा आयोगमा परेको उजुरीका सम्वन्धमा भएको आयोगको मिति २०५८/०२/०२ को निर्णयबाट बन्दीको बाँच्न पाउने अधिकार प्रति प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक संवेदनशील एवं सचेत नभएको कारणबाट दुई जना बन्दीको मृत्यु भएको ठहर गरी मृतकका परिवारलाई श्री ५ को सरकारको तर्फबाट एक/एक लाख रुपैयाँ क्षतिपूर्ति स्वरुप उपलव्ध गराइदिन तथा प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरिक्षकका तर्फबाट उक्त रकमको क्रमशः ५.५ र २.५ प्रतिशतका दरले क्षतिपूर्ति दिलाउन श्री ५ को सरकारमा लेखी पठाउने निर्णय गरेको थियो ।[१०]

[१०] आयोगले पहिलो पटक यस प्रकार केही प्रतिशत रकम सम्वन्धित दोषी कर्मचरीबाट नै भराउने व्यवस्था हुन श्री ५ को सरकारका समक्ष लेखी पठाएकोमा सरकारले सो रकम समेत आफैले तिरिदिएको जानकारी प्राप्त भएको छ । यसबाट पीडित पक्षले आयोगको सिफारिसमा उल्लेख गरिए भन्दा बढी रकम क्षतिपूर्ति स्वरुप पाएको तर सम्वन्धित कर्मचारीहरूले भने उन्मुक्ति पाएको देखिएबाट गलत कार्य गर्ने कर्मचारीको मनोवल कायमै रही दण्डहीनतालाई अन्त्य गर्ने सम्वन्धमा चुनौती यथावतै रहेको देखिन्छ ।

## २. गैर कानूनी गिरफ्तारी सम्वन्धमा

पुनरावेदन अदालत बुटवल परिसरबाट तारा प्रसाद भुषाललाई गैर कानूनी गिरफ्तारी गरिएको भन्ने उजुरीका सम्वन्धमा आवश्यक अनुसन्धान पश्चात् आयोगको मिति २०५८/०२/०२ मा बसेको बैठकले आउँदा दिनहरूमा आफू अन्तर्गतका निकायबाट यस प्रकारका मानव अधिकारको अपहेलना नहोस् भनी सचेत गराउन गृह मन्त्रालयमा लेखी पठाउने ठहर गरेको थियो ।

## ३. सप्तरीको नेता चोकमा घटेको गोलीकाण्ड सम्वन्धमा

राजविराजको नेताचोकमा २०५७ पौष १६ गते भएको घटनामा प्रहरीले अत्याधिक वल प्रयोग गरी कार्यक्रम आयोजकसँग कुनै सम्वन्ध नभएका कार्यक्रमस्थल नजिकै बसी भाषण सुन्दै गरेका व्यक्ति खुशीलाल यादवलाई गोली लागि मृत्यु भएकोले प्रहरी प्रशासनले मृतक खुशीलाल यादव तथा घाइतेहरूको मानव अधिकारको उल्लंघन गरेको ठहर आयोगले गरेको थियो । र, सो घटनामा पदीय दायित्व, जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह नगर्ने तथा मानव अधिकार र मानवीय मर्यादाप्रति संवेदनशील नहुने तत्कालिन प्रमुख जिल्ला अधिकारी बालकृष्ण प्रसाई तथा प्रहरी उपरीक्षक भरत बहादुर जि.सि.लाई उनीहरूको सेवा सम्वन्धी प्रचलित कानून बमोजिम विभागीय कार्वाही गर्न, क्षतिपूर्तिको हकमा श्री ५ को सरकारबाट मृतक खुशीलाल यादवको हकमा रु.१ लाख १२ हजार, घाइतेहरू महेन्द्र चौधरी रु. ७ हजार, घाइतेहरू उमेश कुमार शाह रु.५ हजार, घाइते बलराम यादव रु ३ हजार, घाइते दिवश खतिवडालाई रु. ५ हजार क्षतिपूर्ति दिइएको भन्ने श्री ५ को सरकार गृह मन्त्रालयले २०५८ असार २५ गते जानकारी भएकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन भन्ने ठहर गरेको थियो ।

## ४. अदालतको आदेश विपरीत पुनःगिरफ्तार गरिएको सम्वन्धमा

अदालतको आदेशमा कारागारबाट थुनामुक्त भएपछि पुनः गिरफ्तार भएका खड्गबहादुर देवकोटाका सम्वन्धमा आयोगले जानकारी माग गर्दा गिरफ्तार नगरिएको भन्ने जानकारी दिएको, प्रस्तुत उजुरी कार्वाहीको सिलसिलामा खड्गबहादुरको गिरफ्तारको आधार र कारणको बारेमा आयोगले सोधेको कुराको यथार्थ जानकारी नदिई गिरफ्तार नगरिएको भन्ने व्यहोराको जवाफ श्री ५ को सरकार तर्फबाट प्राप्त भएको, आयोगमा परेको उजुरी लगायतका प्रमाणहरूको अध्ययन र अनौपचारिक क्षेत्र सेवा केन्द्रबाट उनले अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरी अदातलको आदेशबाट २०५७ चैत १० गते थुना मुक्त भएको भन्ने सूचनाको आधारबाट उनलाई गिरफ्तार नगरिएको भन्ने प्रहरी प्रधान कार्यालय तथा गृह मन्त्रालयको जवाफ मनासिव नदेखिएको आयोगले ठहर गऱ्यो । यसरी वेमनासिव जवाफ दिई आयोगको कार्यमा असहयोग गर्ने तथा मानव अधिकार जस्तो विषयमा संवेदशील नहुने श्री ५ को सरकार गृह मन्त्रालय सूचना तथा समन्वय शाखाका तत्कालीन प्रमुख तथा प्रहरी प्रधान कार्यालय कार्य विभागका तत्कालीन प्रमुखलाई आयोगले सो वापत मानव अधिकार आयोग ऐन २०५३ को दफा ११ को उपदफा ५ बमोजिम कार्वाहीको लागि लेखी पठाउने ठहर गरेको थियो ।

## ५. हरिकीर्तन चौक गोली काण्ड सम्वन्धमा

चितवन जिल्लाको हरिकृतन चोकमा २०५७ मंसिर २४ गते भएको घटनामा प्रहरीले गोली प्रहार गर्दा गौरी सापकोटाको मृत्यु भएको तथा ४ जना घाइते भएको घटनामा उनीहरूको मानव अधिकारको उल्लंघन भएको ठहर गर्दै उक्त घटनामा आफ्नो पदीय कर्तव्य जिम्मेवारीपूर्वक निर्वाह नगर्ने तथा मानव अधिकार र मानवीय मर्यादाप्रति संवेदनशील नहुने प्रमुख जिल्ला अधिकारी टिकाराम अर्याल तथा प्रहरी उपरीक्षक श्री रमेश चन्दलाई उनीहरूको सेवा सम्वन्धी प्रचलित कानून बमोजिम सचेत गराउने, तत्काल कमाण्डमा खटिई मानव अधिकार र मानवीय मर्यादाप्रति सचेत नरही गोली चलाउने आदेश दिने प्रहरी निरीक्षकद्वय जसध्वज गुरुङ र दिलिप बस्नेतलाई उनीहरूको सेवा सम्वन्धी प्रचलित कानून बमोजिम विभागीय कार्वाही गर्न तथा मृतक गौरी सापकोटाका हकवालालाई रु. १ लाख क्षतिपूर्ति भराउने तथा घाइते सरस्वती प्याकुरेलको हकमा रु. १० हजार, घाइते रमा घिमिरेको हकमा रु.२५ हजार, घाइते ज्ञानेन्द्र खरेलको हकमा रु.२५ हजार र घाइते सँगीता खनालको हकमा रु. ४० हजार उपचार खर्च र क्षतिपूर्ति भराउने निर्णय गरेको थियो ।

## ६. बसोबासको अधिकार सम्वन्धमा

ललितपुर उपमहानगरपालीका वडा नं. १४ मा विगत २० वर्ष देखि बसी आएकी सुपारी मिजारलाई नगरपालीका तथा प्रहरीले निज बसेको स्थानबाट जवरजस्ती उठाएको, निजको बसोबास गर्ने कुनै वैकल्पिक व्यवस्था समेत नभएको र घरबासको अभावमा निजकी छोरीले शिक्षा आर्जन गर्न पाउने हकमा समेत बाधा उत्पन्न भएको सम्वन्धमा परेको उजुरीमा २०५८ जेष्ठ २१ गते आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको पक्ष भई सकेपछि बसोबासको अधिकारलाई उक्त महासन्धिको भावना अनुरुप क्रमिक परिपालना र अनुभूति गराउन उपयूक्त कानूनी, न्यायिक तथा प्रशासनिक मापदन्डहरू निर्माण गरि कायान्वयन गर्नु पर्ने दायित्व स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ९३ र ९६ ले नगरपालिकालाई स्थानीय स्तरमा गरिव, असहाय जनसमुदायको हितलाई मध्यनजर गरी कार्याक्रम संचालन गर्नु पर्ने दायित्व सुम्पीए अनुसार निज सुपारी मिजारको हकमा निजको सम्मानपूर्ण जीवन यापन गर्ने अवस्थाको सु–निश्चितता दिन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९३ तथा ९६ बमोजिम अविलम्व उपयूक्त बसोबासको व्यवस्था मिलाईदिन आवश्यक कारवाही गर्नका लागि श्री ललितपुर उपमहानगरपालीकामा लेखी पठाउने भन्ने निर्णय भएको थियो ।

## ७. समानताको अधिकार सम्वन्धमा

श्री सर्वोच्च अदालतबाट जारी भएको मिति २०४८/१२/१६ को परमादेशको आदेश र निवेदकको उक्त एक दिनकै हाजिरी नै पर्याप्त हुने कुरामा कुनैदुविधा नदेखिने एवं तत्कालिन नि.से.नि.को नियम १ (क) को व्याख्यामा दुई फरक फरक मान्यता स्थापित गरी निवेदकलाई भेदभाव गरेकोले सो भेदभावबाट निजको समानता सम्वन्धी मानव अधिकार उल्लंघन भएकोले निज निवेदक प्रतापमान श्रेष्ठलाई अरु व्यक्तिहरू सरह समान व्यवहार गरी अवकाशित मितिदेखि पुनर्वहाली भएको मितिसम्मको अवधिको तलब भत्ता दिने व्यवस्था गर्न श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयमा लेखि पठाउने निर्णय भएको थियो ।

## ८. बोक्सीको आरोपमा महिला विरुद्ध भएको हिंसा सम्वन्धमा

बोक्सीको आरोपमा महिलामाथि भएका अमानवीय व्यवहार तथा शारीरिक र मानसिक यातना दिइएको भन्ने सम्बन्धमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समाचारहरूको आधारमा आयोगको आफ्नै सक्रियता कारवाही उठान गरिएका र विभिन्न संघ संस्थाबाट प्राप्त भएका उजुरीहरू गरी विभिन्न १३ वटा उजुरीहरूमा आयोगबाट छानवीन, अनुसन्धान गरी आयोगको मिति २०६०।१।२३ गते र २०६०।३।१८ गतेको वैठकबाट महत्वपूर्ण निर्णय गरिएको छ । व्यक्तिको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्ने अभिभारा लिएको राज्यले यस्ता प्रकृतिका घटनालाई रोकथाम गर्न, दोषी उपर कानूनी कारवाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नकालागि आवश्यक कानूनको तर्जुमा गरी सोको लागि आवश्यक संयन्त्रको समेत व्यवस्था गर्नकालागि श्री ५ को सरकारलाई सिफारिस गर्न तथा पीडितहरूलाई जनही रू. ३०,०००।- तथा मृत्यु भएकी मलेसिया देवीको हकमा निजका आश्रितलाई रु ५०,०००।- क्षतिपूर्ति स्वरूप उपलव्ध गराइदिनकालागि श्री ५ को सरकारमा लेखी पठाउने । यसका अतिरिक्त आयोगले श्री ५ को सरकारलाई मानव अधिकार सम्वन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न तथा यस सम्वन्धमा आयोगको प्रयासमा सहयोग पुऱ्याउन समेत अनुरोध गरेको थियो । यी निर्णयहरूको कार्यान्वियन पक्ष एकदमै सकारात्मक रहेको छ केवल प्रभावकारी कानून निर्माणको कार्यमात्र सम्पन्न हुन सकेको छैन ।

## ९. प्रहरी हिरासतमा यातना (रविन्द्र सिलवाल) सम्वन्धमा

आफूलाई झुठा अभियोग लगाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा राखी लगातार मिति २०५७।२।३२ देखि २०५७।३।७ सम्म जि. प्र. का. काठमाडौमा कार्यरत तत्कालीन प्रहरी निरीक्षक र प्रहरी नायव निरीक्षकले निर्मम एवम् अमानवीय ढङ्गले शारीरिक तथा मानसिक यातना दिएको र सोही यातनाको कारणले हालसम्म पनि मानसिक सन्तुलन बिग्री औषधि सेवन गर्दै आएको हुँदा दोषीमाथि कारवाही गरी न्यायोचित क्षतिपूर्ति उपलबध गराइपाउँ भनी यस आयोगमा पीडित रवीन्द्र सिलवालले दिएको निवेदनमा छानविन गर्दा निवेदकको मागदावी सही देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ (१) बमोजिम निजलाई परेको शारीरिक तथा मानसिक पीडाको मात्रा र गम्भीरता, निजको आय आर्जन गर्ने क्षमतामा भएको ह्रास, शारीरिक तथा मानसिक क्षति भई कुनै काम व्यवसाय गर्न नसक्ने अवस्था, निजको जीविकोपार्जनको माध्यम र पारिवारिक दायित्व, निजको उपचारमा लागेको खर्च र भविष्यमा लाग्ने उपचारको अनुमानित खर्च समेतलाई दृष्टिगत गर्दै निजलाई रू.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) क्षतिपूर्तिस्वरूप उपलब्ध गराइदिने सम्वन्धमा मन्त्रिपरिषद् सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय भएको थियो । उक्त निर्णयको कार्यान्वयन समेत भई सकेको छ ।

## १०. दोरम्वा घटना (गैर न्यायिक हत्या) सम्वन्धमा

आयोगको मिति २०६०।५।९ को निर्णयानुसार रामेछापको दोरम्बामा २०६०।४।३२ गते सैनिकद्वारा १९ जना व्यक्तिको हत्या गरिएको भन्ने घटनाको जाँचबुझ गर्न कृष्णजङ्ग रायमाझीको संयोजकत्वमा प्रेमबहादुर विष्ट, डा. हरिहर वस्ती र कनकमणि दीक्षित सदस्य भएको समिति छानवीन समितिको गठन भएको थियो । आयोगले घटनाको छानवीन तथा अनुसन्धान पश्चात निम्न बमोजिमको निर्णय गरेको थियो ।

रामेछापको दोरम्बा घटनाका सम्वन्धमा प्राप्त प्रतिवेदनहरूबाट माओवादी अतिप्रभावित दोरम्बा बजार नजिकैको डडुवा गा.वि.स.मा पर्ने युवराज मोक्तानको घरमा मिति २०६०।४।३२ गतेका दिन माओवादीहरूको वैठक भइरहेको अवस्थामा करिब दिनको १०.३० बजेको समयमा सेनाले घेरा हाली गोली चलाउँदा कतिपय व्यक्तिहरू भागी गएका, एकजना टेकबहादुर भन्ने व्यक्तिको सोही घरनजिक मृत्यु भएको र अन्य १९ जनालाई सेनाले आफ्नो कब्जाामा लिई गएकोमा उक्त घटनास्थलबाट २/३ घण्टा टाढा पर्ने डाँडाकटेरी भन्ने स्थानमा दिनको अन्दाजी २.३० बजेको समयमा सेनाको गोलीबाट सबैजना मारिएको भन्ने देखिन आएको छ । अनुसन्धान समितिले आफ्नो निष्कर्षमा पुग्न अन्य कुराहरूको अलावा गाडिएका ठाउँबाट लासहरू उत्खनन् गरी परीक्षण समेत गरेको भन्ने देखिएको छ । युद्धविरामको अवस्थामा आफ्नो कब्जामा लिइसकेका व्यक्तिहरू मारिने कार्य देशको संविधान तथा कानून प्रदत्त अधिकारहरूको हननको कार्य त हो नै, यसले जेनेभा कन्भेन्सनको साझा धारा ३ मा उल्लेख भएको अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रावधानको पनि ठाडो उल्लंघन भएको छ । अतः उपरोक्त घटनाहरूको विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्वाही तथा पीडित परिवारलाई उचित राहतका साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन समेत श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने भन्ने निर्णय भएको थियो ।

## ११. नागी घटना (मानवीय कानूनको उल्लंघन) सम्वन्धमा

राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०६०।५।९ को निर्णय अनुसार मेची अञ्चलको पांचथर जिल्लाको नागि गा.वि.स. वार्ड नं ८ ( हिलियाङचोक) भन्ने स्थानमा २०६० साल श्रावण २० गते एम्बुसमा पारी सुरक्षाकर्मी हरू मारिएको घटनाको सम्वन्धमा छानविन गर्नकालागि मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११(६) बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीश ज्ञाइन्द्र बहादुर श्रेष्ठको संयोजकत्वमा डा. मीना आचार्य, सतीष कृष्ण खरेल तथा आयोगका अधिकृत सूर्य बहादुर देउजा सदस्य रहेको छानवीन तथा अनुसन्धान समितिको गठन गरिएको थियो ।

२०६०।५।९(५४(२(पाँचथरको घटनाका सम्वन्धमा २०६०।४।२० गतेका दिन करिब २.३० बजेतिर नागी गा.वि.स.स्थित निगाले भन्ने ठाउँमा ३५ जना सुरक्षाकर्मी, ट्रकका चालक, खलासी र एकजना सर्वसाधारण सहित चढेको ना. १ ख. ७६९९ नं को गैरसैनिक ट्रकलाई सर्वसाधारण हिँडडुल गर्ने र सार्वजनिक सवारी साधनको आवागमन हुने मूल मार्गमा नै माओवादीहरूले एम्बुस थापी विष्फोट गराउँदा ५ जना सैनिक तथा १ जना गैरसैनिक (चालक) को मृत्यु भएको र अन्य २३ जना घाइते भएको भन्ने देखिएको छ । ताप्लेजुङ्ग जाने ३ जना सैनिक जवानलाई सुरक्षित रुपमा ताप्लेजुङ्गको सीमाना काबेली सम्म पुऱ्याउने समेत उद्देश्यले हिँडेका सैनिक टोली निजहरूलाई पुऱ्याई फर्कँदा चालक मोहन

श्रेष्ठले चलाएको उक्त खाली ट्रक जोरपोखरीतर्फ फर्कन लागेको देखी सेनाले अनुरोध गरी उक्त ट्रकमा सवार भै जाँदा उक्त घटना भएको भन्ने देखिन्छ ।

प्रस्तुत घटनाका सम्वन्धमा आक्रमणमा संलग्न नरहेका सैनिक तथा गैरसैनिक ट्रक तथा सर्वसाधारण नागरिकलाई समेत लक्षित गरी युद्धविरामको समयमा गरिएको यस्तो घटना जेनेभा कन्भेन्सनको साझा धारा ३ समेत विपरीत भै मानवीय कानूनको उल्लंघन गरी भएको हुँदा यो घटनाका सम्वन्धमा आवश्यकताअनुसार विस्तृत अनुसन्धान गरी यस्ता घटना दोहोरिन नदिन विशेष सतर्कता अपनाउनका साथै दोषीलाई आवश्यक कार्वाही र घटनाबाट पीडित भएकाहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन समेत सिफारिस गर्ने निर्णय भएको थियो ।

## १२. धनगढी घटना (मानवीय कानूनको उल्लघंन) सम्वन्धमा

सिरहा जिल्लाको धनगढी गा.वि.स वार्ड नं. २ को जिरोमाइलमा हटिया लागेको ठाउँमा मिति ०६०।५।२ गते केही अज्ञात व्यक्तिहरूले प्रहरी सहायक निरीक्षक गणेश प्रसाद दाहाल र प्र.ज. श्यामनारायण यादवलाई गोली हानी हत्या गरेको भन्ने विभिन्न सामाचार माध्यमहरूबाट प्रकाशित समाचारको आधारमा उक्त घटनाको छानवीन गर्न राष्ट्रिय मानव अधिकार आयोगको मिति ०६०।५।९ को निर्णयानुसार सर्वोच्च अदातलका पूर्व न्यायाधीश उदयराज उपाध्यायको संयोजकत्वमा चार सदस्यीय छानवीन समिति गठन गरेको थियो । उक्त समितिका सदस्यहरूमा पूर्व नायव महान्यायाधिवक्ता लीला बहादुर वस्नेत, डा. तुलसी कँडेल र आयोगका अधिकृत आनन्द वहादुर चन्द रहेका थिए ।

सिराहाको धनगढीमा २०६०।५।२ गते घटेको घटनाका सम्वन्धमा छानवीन तथा अनुसन्धान समितिबाट प्रस्तुत प्रतिवेदनमा बेलुकी ५.०० बजेको समयमा आआफ्नो ड्युटी सकी हटियामा तरकारी किन्न भनी गएका प्रहरी सहायक निरीक्षक गणेशप्रसाद दाहाल र प्रहरी जवान श्यामनारायण यादवसमेत तरकारी मोलमोलाई गरिरहेको अवस्थामा माओवादीहरूले ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति भएको हटिया जस्तो सार्वजनिक ठाउँमा गोली हानी हत्या गरेको भन्ने देखिएको छ । मारिएकामध्ये प्रहरी जवानसँग कुनै हतियार समेत नभएको भन्ने खुल्न आएको छ । युद्धविराम आचारसंहिता कायमै रहेको अवस्थामा आमनागरिकलाई समेत त्रसित गर्ने गरी नितान्त निजी काममा संलग्न रहेका सुरक्षाकर्मीको हत्याबाट मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने संविधानप्रदत्त अधिकारको हनन् भएको र यो जेनेभा कन्भेन्सनको साझा धारा ३ विपरीत मानवीय कानून विरुद्धको अपराध भएकाले प्रस्तुत घटनामा दोषीलाई आवश्यक कार्वाहीको साथै पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्न श्री ५ को सरकारलाई सिफारिस गर्ने निर्णय भएको थियो ।

माओवादीहरूले राजनैतिक दलको रूपमा आफूलाई बेलाबेलामा प्रस्तुत गर्ने गरेका तथा समस्याको शान्तिपूर्ण समाधानकोलागि युद्धविराम गरी आचारसंहितामा हस्ताक्षर समेत गरेको सन्दर्भमा माथिका दुई घटनाहरू पूर्णतयाः गैरजिम्मेवारपूर्ण भै माओवादीहरूद्वारा आयोगमा आई गरेको मानव अधिकारप्रतिको प्रतिबद्धता विपरीत समेत भएको हुँदा आफ्ना कार्यकर्ताबाट यस्ता घटना हुन नदिई मानव अधिकारप्रतिको प्रतिबद्धताप्रति सचेत रहन समेत आयोगले माओवादीलाई आह्वान गर्ने निर्णय गरेको थियो ।

यी प्राप्त अनुसन्धान प्रतिवेदनहरूबाट अन्तर्राष्ट्रिय मानवीय कानूनको विषयमा व्यापक जनचेतना अभिबृद्धि गरी सशस्त्र द्वन्द्वको समयमा सर्वसाधारण नागरिक र युद्धमा प्रत्यक्ष संलग्न नरहेका घाइते वा कब्जामा रहेका सैनिक व्यक्तिहरूको समेत उचित संरक्षण गर्नुपर्ने समेत महसुस गर्दै माथि उल्लेखित घटनाहरूका सम्वन्धमा प्राप्त प्रतिवेदनहरूलाई आवश्यकताअनुसार सम्पादन गरी श्री ५ को सरकारमा पठाउने र संभव भएमा अन्य पक्षलाई समेत उपलब्ध गराउने र सो निर्णयको बारेमा प्रेस विज्ञप्ति प्रकाशित गर्ने भन्ने निर्णय गरिएको थियो ।

## १३. बालाजु घटना ( सैनिकद्वारा गैरसैनिक व्यक्तिको हत्या) सम्वन्धमा

मिति २०६०।७।२० गते एक आपसमा गाडी ठोक्किएको विषयलाई लिएर सेनाको विद्यार्थी बोकेको गाडीमा रहेका सैनिक जवानले बा. १ ज ३९४८ को गाडीका चालक राजीव श्रेष्ठको गोली हानी हत्या गरेको भन्ने विषयमा भएका कार्वाहीको जानकारी माग गर्दै रक्षा मन्त्रालय, गृह मन्त्रालयलगायतका निकायमा लेखापढी गरिएकोमा कुनै पनि जानकारी प्राप्त हुन आएन । हालै पत्रपत्रिकामा प्रकाशित समाचारबाट निजको हत्यामा संलग्न सैनिक जवानलाई सैनिक अदालतबाट कोर्ट मार्शल गरिनुपर्ने भनी सेनाद्वारा गठित समितिले सुझाव दिएको भन्ने देखिएको छ । सैनिक ऐन, २०१६ को दफा ६१ ले सैनिक व्यक्तिले गैरसैनिक व्यक्तिको हत्या गरेको विषय सैनिक अदालतको कार्यक्षेत्रभित्र नपरी सामान्य अदालतको अधिकार क्षेत्रभित्र पर्ने स्पष्ट भएकोले उक्त हत्या गर्ने व्यक्तिलाई उचित कानूनी प्रक्रिया अवलम्बन गरी कार्वाही गर्न श्री ५ को सरकारलाई सिफारिस गर्ने भन्ने निर्णय भएको थियो ।

## १४. राजनैतिक व्यक्तिको गैरन्यायिक हत्या (हेम नारायण यादव) सम्वन्धमा

२०६०।१२।१८ पूर्व सांसद हेमनारायण यादवको मृत्युका सम्वन्धमा एक उच्चस्तरीय टोलीद्वारा अनुसन्धान गराउन उपयुक्त हुने भनी मिति २०६०।११।११ मा श्री ५ को सरकारलाई आयोगले सुझाव पठाएको थियो । यसै सन्दर्भमा मानव अधिकार तथा शान्ति समाज तथा नेकपा एमाले पार्टी समेतले गरे गराएका छानविनका प्रतिवेदनहरूसमेत आयोगमा प्राप्त हुन आएको छ । उक्त प्रतिवेदनहरूले पनि उक्त विषयमा उच्चस्तरीय छनविन हुनुपर्ने कुरा औंल्याएका छन् । यो विषय फौजदारी अपराध भएकोले कानूनबमोजिमको अधिकारीद्वारा अनुसन्धान हुनुपर्ने हुँदा उक्त विषयमा राम्रोसँग अनुसन्धान भई दोषीले कानूनबमोजिम सजाय पाओस् भन्ने आयोगको चासोको विषय हो । अतः प्राप्त भएका प्रतिवेदन समेत साथै राखी आयोगको पूर्वपत्र समेतको आधारमा एक उच्चस्तरीय अनुसन्धान गराउन श्री ५ को सरकारलाई सिफारिस गर्ने निर्णय भएको थियो ।

## १५. डोटी मुडभरा घटना सम्वन्धमा

हालसम्मको अनुसन्धानबाट माओवादी भनिएकाहरूले विद्यालयमा सांस्कृतिक कार्यक्रम गरी रहेको अवस्थामा सुरक्षाफौज आई कार्वाही गर्दा सुरक्षाफौजको कार्वाहीबाट १० जनाको मृत्यु भएको, सोमध्ये ६ जना माओवादी र ४ जना विद्यार्थी रहेका र स्कूलका ५ जना विद्यार्थी घाइते समेत भएका भन्ने देखिएको छ ।

अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा उक्त दिन माओवादी भनिएकाहरूबाट हतियारसहित विद्यालयमा आई सांस्कृतिक कार्यक्रमको बहानामा विद्यार्थी, शिक्षकहरू समेतलाई त्रसित बनाई जबर्जस्ती विद्यालयमा रोकी राखी आआफ्नो घरतर्फ जान लागेका विद्यार्थीहरूलाई समेत फर्काई ल्याई घटनास्थल नजिकै सुरक्षाफौज पनि रहेको जानकारी प्राप्त हुँदाहुँदै र मुठभेड हुनसक्ने भन्ने विद्यार्थी तथा शिक्षकको अनुरोधलाई समेत नमानी विद्यार्थीलाई खतरामा पारी सांस्कृतिक कार्यक्रम सञ्चालन गरेको भन्ने देखियो । विद्यालयलाई हिंसात्मक कार्वाहीकोलागि उपयोग नगरी शान्ति क्षेत्र घोषित गरिनुपर्छ भनी सर्वसम्मत भएको विषयलाई वेवास्ता गर्दै कार्यक्रम सञ्चालन गरेको कारणबाट विद्यालयमा विद्यार्थी समेतको मृत्यु भएको हुँदा विद्यालयमा त्यस्तो घटना घटाई अन्तर्राष्ट्रिय मानवीय कानूनको रूपमा रहेको जेनेभा कन्भेन्सनको साझा धारा ३ विपरीतको कार्य गरेको हुँदा प्रस्तुत घटनामा माओवादीहरू गम्भीर रूपमा दोषी देखिएका छन् ।

अर्कोतर्फ सुरक्षाफौजले पनि कुनै पनि कार्वाहीमा जाँदा प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा अधिकारप्राप्त अधिकारीको आदेश, खानतलासी पक्राउ गर्दा अपनाउनुपर्ने प्रक्रियासमेत विद्यमान नेपालको कानूनले तोकेको छ । प्रस्तुत कार्वाहीको सन्दर्भमा कुन कानूनअन्तर्गत सुरक्षफौज परिचालित भएको थियो भनी शाही नेपाली सेनाबाट जानकारी माग गर्दा कुनै जानकारी प्रप्त हुन नआएको साथै घटनाका कतिपय तथ्यका सम्बन्धमा थप जानकारी समेत माग गरेकोमा समेत कुनै जानकारी प्राप्त हुन नआएको हुँदा विद्यमान कानून र उक्त घटनामा देखिएका तथ्यहरूको विश्लेषण गर्दा शिक्षक विद्यार्थीलगायतका व्यक्तिहरूसमेत संलग्न रहेका माओवादीद्वारा सञ्चालन गरेको भनिएको सांस्कृतिक कार्यक्रममा विद्यार्थी समेतको जीउज्यानमा खतरा पर्ने कुरालाई सोच्दै नसोची सामान्य सतर्कता पनि नअपनाई हामी विद्यार्थी हौं भनी मृतकहरूले भन्दाभन्दै र दोषी भनिएकाहरूलाई पनि आत्मसमर्पण गर्ने मौकासम्म पनि नदिई अन्धधुन्धा गोली प्रहार गरेको कारणबाट सुरक्षफौजको गोली लागी जम्मा १० जनाको मृत्यु भएको, सोमध्ये ६ जना माओवादी र ४ जना स्कूलका बालबालिका परेको र ५ जना बालबालिका घाइते समेत भएकोले सुरक्षाफौजको लापरवाहीपूर्ण कार्य प्रचलित कानूनको बर्खिलाप हुनुका साथै अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनको कार्य भएको र यो कार्य मानव अधिकारको उल्लंघनको कार्य त हो नै, प्रचलित नेपाल कानूनअन्तर्गत अपराध मानिने कार्य समेत भएकोले उक्त घटनाका वास्तविक दोषी पत्ता लगाई कानूनबमोजिम दोषीउपर कार्वाही हुन र घाइते तथा मृत्यु भएका बालबालिकाको परिवारलाई उचित क्षतिपूर्ति समेत अविलम्ब उपलब्ध गराउन श्री ५ को सरकार समक्ष सिफारिस गरी पठाउने । साथै भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षाफौजको कुनै पनि कार्वाही विद्यमान कानूनबमोजिम हुनुपर्ने र कानूनबमोजिम बाहेक कसैको पनि संविधानद्वारा प्रत्याभूत गरिएको मौलिक हक हनन गर्न नहुने विषयमा सतर्कता अपनाउन सम्बन्धित निकायहरूलाई स्पष्ट निर्देशन दिन समेत श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय भेएको थियो ।

## १६. भरत प्रसाद ढुंगाना समेतको गैरन्यायिक हत्या (धादिङ्ग) सम्वन्धमा

मिति २०६१।३।३१ गते भरतप्रसाद ढुङ्गाना तथा वैकुण्ठ पोखरेललाई धादिङ्ग जिल्लाको गुम्दी गा.वि.स. वडा नं. ९ सातदोबाटो भन्ने ठाउँमा सुरक्षाफौजले निशस्त्र अवस्थामा आफ्नो कब्जामा लिएको ५ घण्टापछि निर्मम ढंगले हत्या गरी लास समेत नदिएको भन्ने विषयमा गृह मन्त्रालयको २०६१।९।१५ को पत्रमा "निजहरुलाई सुरक्षाफौजले पक्राउ गरी ल्याउँदै गरेको अवस्थामा भाग्ने प्रयास गरेकोले नियन्त्रणमा लिने क्रममा भएको कार्वाहीमा मारिएको" भन्ने उल्लेख भएको देखिन्छ । तर २०६१।११।१४ को शाही नेपाली जङ्गी अड्डाको पत्रमा सो घटनाका सम्बन्धमा बिहान ७.०० बजे अप्रेशन टोलीले सर्चको कार्वाही गर्दा सुरक्षा घेराबाट भागेपश्चात् गरिएको कार्वाहीमा परी निजहरु दुवै जनाको मृत्यु भएको भन्ने उल्लेख गरेको छ । यसरी दुई निकायबाट प्राप्त विवरण फरक परेबाट त्यसलाई विश्वासिलो मान्ने अवस्था आएन । उक्त घटनामा सुरक्षाफौजको कुनै दोष थिएन भनी एकीन साथ सुरक्षा निकायबाट लेखी नआएबाट सुरक्षा निकायको दोहोरो भनाइलाई आधार लिन मिल्ने देखिएन । यसै सन्दर्भमा आयोगको अनुसन्धान टोलीले बुझेका व्यक्तिहरुको भनाई तथा अन्य संकलित तथ्यहरु तथा मानव अधिकार सँगठनको स्थलगत अध्ययन प्रतिवेदनबाट समेत निजहरु दुवै जनालाई पक्राउ गरी अन्दाजी ४५ मिनेट हिँडाएपछि गोली हानी मारिएको भन्ने देखिएको हुँदा सर्चमा गएका सुरक्षाफौजले निज मृतकहरुलाई पक्राउ गरी लिई गएको भन्ने तथ्य स्थापित भएको छ ।

सुरक्षाफौजको उक्त कार्वाहीले संविधानप्रदत्त धारा १२ तथा धारा १४ अन्तर्गतका अधिकार समेत उल्लंघन भएको हुँदा प्रस्तुत घटनामा संलग्न रहेका सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकका हकदारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति नियमावली २०५७ को नियम १७ बमोजिम क्षतिपूर्तिस्वरुप जनही रु. १,००००० (एकलाख) का दरले उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिस गरी लेखी पठाउने निर्णय भएको थियो ।

## १७. खोटाङ्ग जिल्लाको चिसापानी घटना सम्वन्धमा

खोटाङ्ग जिल्लाको चिसापानी गा.वि.स.मा मिति २०६०।०८।२० गते सुरक्षाफौजले नितान्त निर्दोष हरिकुमार भट्टराई, डाकमणी कोइराला र दुर्गा प्रसाद कोइरालालाई घरबाट समातेर लगी गोली हानी हत्या गरेको भन्ने विषयमा आयोगमा नेपाली कांग्रेस जिल्ला कार्य समिति खोटाङ्गका शिव कुमार वस्नेतले दिएको उजुरी आयोगबाट छानविन हुने क्रममा अन्य विभिन्न निवेदनहरू समेत आएका र आयोगले गरेको स्थलगत अनुसन्धान समेतको आधारमा उक्त घटनामा सुरक्षाफौजले निर्दोष मानिसहरुलाई पक्राउ गरी हत्या गरेको भन्ने देखिएको । यसै सिलसिलामा आयोगले पिडितलाई तुरुन्त क्षतिपूर्ति उपलब्ध गराउन लेखी पठाएकोमा सो सम्वन्धमा पटक पटक ताकेता गर्दा पनि कुनै जानकारी नआएको, मानव अधिकारको गम्भिर उल्लंघन भएको ठहर भई श्री ५ को सरकारको सम्वन्धित निकाय समेत निष्कर्षमा पुगी उल्लंघनकर्तालाई सजाय हुँदा

समेत पीडितका परिवारलाई क्षतिपूर्ति नदिई लामो समय सम्म त्यसतर्फ कुनै कार्वाही पनि नगरेको हुँदा पीडितका आश्रित परिवारको समेत बीचार गरी आयोगको उजुरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ बमोजिम क्षतिपूर्तिको रकम नै निर्धारण गरी पठाउने ठहर भए अनुसार प्रत्येक मृतकका परिवारलाई रू एक लाख (१,००,०००।-) का दरले क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरिएको थियो ।

## १८. सैनिक हिरासतमा यातना दिएको सम्वन्धमा

अधिवक्ता जीतमान बस्नेतले आफूलाई २०६०।१०।२१ गते सेनाले पक्राउ गरी महाराजगञ्ज भैरवनाथ गणमा लगी कुटपीट गरी यातना दिई १५१ दिन सम्म यातनासहित थुनामा राखेको, १० महिना अगाडि दिएको निर्मम यातनाको निल डाम आफू रिहाभएपश्चात पनि प्रष्ट देखिएको भनी निलडाम देखिने तस्वीरहरु समेत साथै राखी क्षतिपूर्तिकोलागि निवेदन दिएकोमा निजको पक्राउका सम्बन्धमा गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयबाट थुनामा नरहेको भन्ने जानकारी प्राप्त भएको तर रक्षा मन्त्रालयबाट भने कुनै जानकारी नआएको स्थिति देखिन्छ ।

निज पीडितले आफ्नो निवेदनमा घटनाक्रम समेत उल्लेख गर्दा आफूलाई दिएको यातना र केरकार गरिएको अवस्था र छुट्ने बेलामा मात्रै पछिको मितिमा पक्राउ गरेको देखाएको भन्ने कुरा समेत सिलसिलेवार उल्लेख गरेका छन् । निजले पेश गरेको फोटोबाट यातना दिएको भन्ने प्रमाणित हुनेगरी डाम समेत प्रष्ट देखिन्छ भने अर्कोतर्फ महाराजगञ्ज क्याम्पस फोरेन्सिक मेडिसिन विभागका मेडिको लिगल एक्स्पर्ट डा. हरिहर वस्तीको २०६१-०९-०४ को प्रतिवेदनबाट छाती, पिठ्यूँ, काँध, पाखुरा समेतमा विभिन्न नापका डामहरू भएको र उक्त डामहरू पीडितले वताएकै अवधितिर पटक पटक Elongated Objects ले बलपूर्वक हान्दा लागेको भनि राय दिएको देखिन्छ ।

निजका पक्राउका वारेमा रक्षा मन्त्रालय तथा शाही नेपाली जंगी अड्डामा समेत पटक पटक लेखापढी हुँदा जवाफ सम्म पनि नदिनु र निज निवेदकले स-प्रमाण आफू छुटेपछि निवेदन दिएबाट निजलाई पक्राउ नै नगरेको भन्ने गृह मन्त्रालय समेतको भनाई पत्यारलायक भएन । कुनै कानूनी प्रकृया नपुर्‍याई लामो समय थुनामा राख्ने र शारिरीक तथा मानसिक यातना दिने कार्य समेत गरिएको प्रष्ट भएको छ । यस्तो कार्य नेपाल अधिराज्यको संविधानको धारा १२, १४, १५ समेत र क्षतिपूर्ति (यातना सम्वन्धी) ऐन, २०५३ को दफा ३, ६, ८ समेतको विपरीत हुँदा निजलाई गैरकानूनी थुनामा राखि यातना समेत दिने कार्यमा संलग्न अधिकारी पत्ता लगाई निजलाई आवश्यक कार्वाही गर्न लेखी पठाउने । साथै निजलाई यातना दिएकोमा पर्न गएको शारीरिक तथा मानसिक पीडाको गाम्भिर्यतालाई दृष्टिगत गर्दै आयोगको उजुरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावलीको नियम १८ अन्तर्गत रू. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र निजको बा.१५ ख २९३९ नं. को मोटरसाइकल तथा २०५१३१९ नं. टेलिफोन समेत फिर्ता गर्न समेत श्री ५ को सरकारलाई सिफारिस गर्ने निर्णय गरिएको थियो ।

## १९. वेपत्ता (कृष्ण के.सी.) सम्वन्धमा

जिल्ला वाग्लुङ्ग स्थायी घर भै वागवजारमा वस्दै आएका कृष्ण के.सी.लाई २०६०-५-२६ गते देखि सुरक्षाफौजले पक्राउ गरी वेपत्ता पारेको भनि मिति २०६०-५-२९ मा आयोगमा निवेदन दर्ता भएको र सो सम्वन्धमा सम्वन्धित निकायहरूमा लेखापढी गर्ने क्रममा गृह मन्त्रालय तथा मातहतका निकायहरूबाट निजलाई पक्राउ गरिएको छैन भनि जानकारी आएको तर रक्षा मन्त्रालय तथा मातहतका निकायबाट कुनै जानकारी प्रप्त हुन नसकेको । अनुसन्धानको क्रममा हिरासतमा निज कृष्ण के.सी.सँगै वसी मिति २०६०-५-३१ गते थुना मुक्त भएको भनिएका सिताराम वरालले २०६०-६-५ गते आयोगमा आई कागज गर्दा निज आफूसँगै कृष्ण केसीलाई पनि २०६०-५-२७ गते सादा पोशाकमा आएका आर्मीजस्ता देखिने व्यक्तिहरुले विना पुर्जी पक्राउ गरेका आँखामा पट्टिी बाँधी एउटै गाडिमा हाली एउटै ठाउँमा छुट्टाछुट्टै कोठामा राखिएको भनि वयान गरेको, कारागार शाखा मोरङ्गको निरिक्षणमा गएको आयोगको टोली समक्ष कृष्ण के.सी. सँग दुइ महिना सम्म थुनामा रहेका भनिएका धनराज तामाङ्गले कागज गर्दा मिति २०६०-१०-१६ को उक्त वयानमा भैरवनाथ गण भित्र एउटै कोठमा कृष्ण के.सी. सँग निज पनि रहेको र आफू लगायत ४ जनालाई २०६०-८-२८ गते भैरवनाथ गणबाट इटहरी व्यारेकमा ल्याई २०६०-९-१० गतेबाट कारागार शाखा मोरङ्गमा नजरवन्दमा राखिएको व्यहोरा उल्लेख गरेको, अनुसन्धानकै क्रममा निज कृष्ण के.सी.को श्रीमती दुर्गा के.सी.ले आयोग समक्ष निवेदन साथ दाखिल गरेको प्रमाणका आधारमा २०६१-१-१७ सम्म सैनिक हिरासतमा नै रहेको भन्ने देखिएको, आयोगबाट भैरवनाथ गणको निरीक्षणमा गएको टोलीले सोधपुछ गरे मध्येका विनोद दाहाल भन्ने व्यक्तिले उक्त गणमा ५०/६० जना महिला र २,३ सय जति पुरुष थुनामा रहेका, कृष्ण के.सी. पनि त्यही अस्वस्थ्य रुपमा रहेको भनि निजले वताएको भनी प्रतिवेदनमा उल्लेख भएको, कृष्ण के.सी.सँगै थुनामा रहेका भनिएका जितमान वस्नेतको समेत आयोग समक्ष मिति २०६१-०९-०९ गते आई वयान गर्दा निज कृष्ण के.सी. समेत अन्य २३ जना व्यक्तिहरू भैरवनाथ गणमा हिरासतमा रहेको भन्दै केही व्यक्तिहरूको चेष्ट नं. समेत वताउदै कृष्ण के.सी.को चेष्ट नं. ४७ रहेको भन्ने समेत उल्लेख गरेका र निज कृष्ण के.सी. समेतलाई यो यस प्रकारले यस्तो घरमा राखिएको भनि विवरण समेत उल्लेख गरेको सन्दर्भमा उक्त ठाउँमा आयोगको टोलीले कृष्ण के.सी.लाई फेलापार्न नसकेकै आधारमा निज शाही नेपाली सेनाको हिरासतमा भैरवनाथ गणमा नै थुनामा नरहेको भनि निष्कर्षमा पुग्न सकिएन ।

कुनै पनि व्यक्तिलाई कानूनी प्रकृया नपुर्‍याई कानूनले तोकेको अवधि भन्दा वढी कसैलाई भेट-घाट गर्न र जानकारी सम्म पनि नदिई थुनामा राख्न नपाइने संवैधानिक व्यवस्था विपरित शाही नेपाली सेना अन्तर्गतको व्यारेकमा थुनामा राखेको देखिएको हुँदा निजलाई लामो समय सम्म गैर कानूनी थुनामा राख्ने जिम्मेवार अधिकारीको पहिचान गरी निजलाई कानून वमोजिम कार्वाही गर्न साथै निज कृष्ण के.सी. लाई अविलम्व कानूनी प्रकृयामा लैजान श्री ५ को सरकार समक्ष सिफारिस गरी पठाउने निर्णय गरिएको थियो ।

## २०. माओवादीबाट भएको प्रहरीको हत्या सम्वन्धमा

सशस्त्र प्रहरी गण नं ३ भीमफेदीमा कार्यरत प्रहरीजवान पद्म प्रसाद दाहाल आफ्नो कामको सिलसिलामा २०६०।६।४ देखि ४ दिनको क्या. वि. लिई हिडेकोमा क्या. वि. सकिएपछि जि.प्र.का. ललितपुरमा कार्यरत साथीलाई समेत जानकारी दिई भीमफेदीतर्फ हिडेकोमा कुनै जानकारी

नआएको र दरबन्दीमा पनि नपुगेकोले खोजतलास गरी पाउ भनी आयोगमा निजकी श्रीमती गिरा निरौलाको निवेदन परेको । कारवाहीको सिलसिलामा २०६०।७।२५ गतेको जनादेश पत्रिकामा प्रकाशित समाचार भनी वेभसाइटमा राखिएको समाचारमा “निज प्रहरी पदमप्रसाद दाहाललाई जनमुक्ति सेनाले ललितपुरको माल्टाबाट आश्विन ११ गते गिरफ्तार गरी सफाया गरिएको” भन्ने उल्लेख भएको हुँदा सो सम्बन्धमा अनुसन्धान गरि पाउँ भनी पुनः आयोगमा निवेदन परेको । यस बारेमा आवश्यक सहयोग गरिदिने भनी आयोगलाई प्रहरी प्रधान कार्यालयबाट समेत मिति २०६०।१०।२६ मा लेखिपठाएको देखिन्छ । निज पदमप्रसाद क्या. वि. मा गएकोमा समयमा हाजिर हुन नआएको भन्दै निज किन हाजिर हुन आएन भन्नेतर्फ विस्तृत अनुसन्धान नै नगरी २०६०।८।१४ गते निजलाई विभागीय कार्वाही गर्ने गरी निर्णय भएको पनि देखिन्छ ।

प्रस्तुत विषयमा २०६०।१२।१७ मा निज पदमप्रसादकी श्रीमतीले आयोगमा पुनः दिएको निवेदनमा आफ्नो श्रीमानलाई माओवादीबाट हत्या गरिएको भन्ने प्रमाणित भैसकेको अवस्थामा पनि हत्या भएको स्पष्ट प्रमाण नभै निज पदमप्रसादको परिवारले पाउने सुविधा तथा क्षतिपूर्ति समेत दिन मिल्दैन भनी जवाफ दिएकोले उक्त रकम उपलब्ध गराइदिन भनी अनुरोध गर्नुभएको छ ।

मिसिल संलग्न तथ्यहरु हेर्दा आयोगको अनुसन्धान टोली हत्या भएको भनिएको ठाउँ माल्टामा गै अनुसन्धान गर्दा सोही हत्या गरेको भनेको अवधिमा एकजना सुरक्षाकर्मीलाई माओवादीहरुले सुराकी भन्दै पक्राउ गरी एकजनाको घरमा राखी केरकार गरेका र पछि प्युटारतर्फ लगेको भन्ने जानकारी आएको हुँदा माओवादीहरुले निज पदमप्रसादको हत्या गरेको हुनसक्ने प्रतिवेदन प्राप्त हुन आएको छ । २०६१।४।२२ को प्रहरी प्रधान कार्यालयको पत्रबाट समेत निज पदमप्रसाद आफ्नो दरबन्दी फर्कने क्रममा बसद्वारा नगै पैदलै जादैं गर्दा ललितपुरको र मकवानपुरको सिमानामा पर्ने इया भन्ने स्थानमा पुगेपछी माओवादीहरुले चेक जाँच गर्दा निजको साथमा यूनिर्फम भएको कारण निजलाई कब्जामा लिई माल्टाबाट भट्टे डाँडाको बसेरी भन्ने स्थानमा पुऱ्याई हत्या गरेको भन्ने बुझिएको भनि जानकारी दिएको पाईन्छ ।

पदमप्रसाद आफ्नो क्या. वि. सकिएपछी पैदलै भिमफेदी जान्छु भनी साथीहरुलाई जानकारी दिई ललितपूरबाट हिड्नु, सोही अवधिमा माओवादीहरुले पद्मप्रसादको हत्या गरेको स्वीकार गर्नु, हत्या गरिएको भनिएको ठाउँ माल्टामा बुझ्न पठाउँदा सोही अवधिमा एक जना सुरक्षाकर्मीलाई माओवादीले पक्राउ गरी केरकार गरेको जानकारी आउनु र प्रहरी प्रधान कार्यालयको पत्रबाट समेत निजको हत्या भएको बारेमा विभिन्न तथ्यहरु आउनुबाट हालसम्मको अनुसन्धानबाट निज पद्मप्रसादको माओवादीद्वारा हत्या भएको देखिएको छ । यति हुँदा हुँदै पनि निज पद्मप्रसादको आश्रित परिवारलाई पाउने सुविधा र क्षतिपूर्तिबाट बञ्चित गरिएको भन्ने देखिएको छ ।

यसै सिलसिलामा जिल्ला प्रशासन कार्यालय ललितपूरको सुरक्षा समितिको बैठकले मिति २०६१।१०।२८ गते गरेको निर्णयमा निजलाई माओवादीले हत्या गरेको प्रमाणित भएकोले निज प्रहरी जवानले पाउनुपर्ने क्षतिपूर्तीबारे सम्बन्धित निकायमा सिफारिस गर्ने भनि निर्णय समेत गरिसकेको देखिएको, एउटा निम्नस्तरको प्रहरी कर्मचारी आफ्नो कार्यालयमा हाजीर हुन जाने क्रममा अपहरणमा परी मारिएको विषय आफैं संवेदनशील हो र यसले परिवारका सदस्यलाई परेको मानसिक आघात त छदैं छ, निजका परिवारले कानूनबमोजिम पाउनुपर्ने सुविधा र क्षतिपूर्ती समेत उपलब्ध गराउनको लागी आनाकानी गरेको उचित मान्न सकिएन । अतः निज पद्मप्रसादको कानून बमोजिमको हकवालालाई कानूनबमोजिम दिन मिल्ने सुविधा तथा क्षतिपूर्ती समेत अविलम्ब उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिस गर्ने निर्णय भएको थियो ।

## ५.२.२ उजुरी उपरको छानवीन तथा अनुसन्धानमा देखिएका चुनौती

१ मानव अधिकार आयोग ऐन, २०५३ तथा आयोगद्वारा तर्जुमा भई कार्यान्वयनमा आएको उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ ले हदम्याद सम्वन्धमा कुनै पनि व्यवस्था नगरेको हुँदा आयोग स्थापना हुनु भन्दा पूर्व घटेका घटनासँग सम्वन्धित उजुरीलाई पनि आयोगले ग्रहण गऱ्यो । अस्पष्ट काल्पनिक वा रित नपुऱ्याई दर्ता गराउन ल्याईएका उजुरीहरू दरपीठ गर्न सक्ने व्यवस्था नहुँदा सवै उजुरी दर्ता गरी पछि मात्र तामेली वा खरेजी गर्नु पर्ने बाध्यता रहेको थियो ।

२ उजुरी दर्ता हुनासाथ उजुरवालालाई निजको उजुरी दर्ता भई कारवाही प्रक्रिया अघि बढेको सम्वन्धमा जानकारी दिनुपर्नेमा हुलाकबाट आएका उजुरीको हकमा त्यसो गर्न पनि सकिएन । प्रथम नजरमा नै कुनै व्यक्तिलाई अन्तरिम राहतस्वरुप केही रकम प्रदान गर्न सिफारिश गर्न सक्ने व्यवस्था नियमावलीमा हुँदा हुँदै पनि आयोगले यस कार्यकालमा एउटै मुद्दामा पनि सो गर्न उचित ठानेन वा गर्न सकेन ।

३ शुरुका दिनमा मानव अधिकार आयोग ऐन, २०५३ मा भएको मानव अधिकारको परिभाषा र दफा ९ मा भएको व्यवस्थाको सन्तुलित व्याख्या गर्न नसक्दा माओवादीबाट उल्लंघन भएका घटनाको उजुरी छानवीन गर्ने कि नगर्ने भनी अन्यौलता रहेता पनि अन्त्यमा त्यस्ता उजुरी ग्रहण गरी सरकारलाई नै थप छानवीन गरी आवश्यक कानूनी कारवाही पूरा गर्न सिफारिस गरियो ।

४ अदालतमा पहिले नै विवाद समाविष्ट छ भन्ने थाहा हुँदा हुदै पनि आयोगले छानवीन कार्य गरि रह्यो र एक दुई मुद्दामा अनुमति माग्ने प्रयास गरियो तर अनुमति तत्काल प्राप्त नहुनाले आयोगको कार्य सम्वन्धमा अन्यथा निर्णय नगरेसम्मकालागि काम गरौं भनी आयोगले काम गर्दै आयो ।

५ आयोगका ऐन तथा नियमावलीमा सार्वजनिक सुनुवाई गर्न सक्ने व्यवस्था भए पनि यसको कार्य र तौर तरिकामा नै स्पष्टता नआएकोले यो कार्यकालभरमा विधि पुऱ्याएर एउटा पनि सार्वजनिक सुनुवाई गरिएन ।

६ उजुरीहरू दरपीठ गर्ने व्यवस्था नहुँदा मानव अधिकार उल्लंघन भन्दा बाहिरका निवेदनहरू प्रेश विज्ञप्तीहरू, ध्यानाकर्षण पत्र, सिफारिस माग गरिएका पत्र, आर्थिक सहयोग माग गरिएका निवेदन पनि दर्ता भई मुद्दाकै रुपमा फाइल तयार भई संरक्षण महाशाखामा रहन गए ।

७ प्राथमिकता क्रमले छिटोकारवाही गर्नु पर्ने भनी केही प्रकृतिका उजुरीलाई नियमावलीमा उल्लेख गरिए पनि त्यसो गर्न सकिएन र व्यक्तिगत स्वार्थसँग गासिएका उजुरीको छिटो कारवाही एवं अनुसन्धान गर्ने गराउने तर्फ पहल भए ।

८ उजुरीको ढाँचा बनाइए पनि जनता समक्ष यसको पहुँच हुन नसक्नाले आयोगमा आई सोधेर उजुरी लेख्नेबाट सवै कुरा ढाँचामा लेखाइएता पनि हुलाकबाट पठाएका उजुरीमा ठेगाना सहित पूरा विवरण प्राप्त हुन नसक्नाले समेत कारवाहीमा कठिनाई पर्‍यो । व्यक्ति ठेगाना थाहा हुन नसक्दा एवं हुलाकबाट सुदुर जिल्लामा पत्राचार गर्दा कतिपय उजुरीहरू नै फिर्ता आउनाले उजुरीका पक्षसँग सम्पर्क गर्न सकिएन जसले गर्दा पीडित व्यक्ति थुनामुक्त भई सक्दा पनि वा उसले राहत पाइँसक्दा पनि आयोगले अन्धाधुन्ध कारवाही अघि बढाइरहयो ।

९ कतिपय मुद्दाको सम्वन्धमा सरकारले दिने गरेको जवाफमा सत्यता नपाइएकोले थुनामुक्त भइसकेको वा पक्राउ नै नगरिएको भनी श्री ५ को सरकार तथा मातहत निकायबाट प्राप्त जवाफलाई विश्वास गर्न सकिएन जसले गर्दा खारेजी तामेली गर्नु पर्ने उजुरीहरू पनि यथास्थानमा रही मुद्दा फछ्र्योट हुन नसके जस्तो देखियो ।

१० उजुरीकर्ताबाट निवेदनसाथ उपलब्ध गराइएको प्रमाण तथा आयोगको अनुसन्धान समेतका विभिन्न स्रोतबाट प्राप्त जानकारी तथा सूचनाको आधारमा व्यक्तिलाई सैनिक हिरासतमा राखेको देखिए पनि मुद्दाको कारवाहीको क्रममा आवश्यक पत्राचार गर्दा शाही नेपाली जंगी अड्डा तथा रक्षा मन्त्रालयबाट लामो समयसम्म सो सम्वन्धमा कुनै पनि जवाफ नदिने तथा जवाफ दिएको अवस्थामा पनि आफ्नो मातहत निकायमा नरहेको भनी जवाफ दिने गरेबाट आयोगको छानवीन तथा अनुसन्धानमा गम्भीर असहयोगको वातावरण बनेको थियो ।

११ सैनिक हिरासतमा व्यक्तिलाई नराखिएको भनी सार्वजनिक रुपमा नै जानकारी गराए पनि व्यक्तिलाई गैरकानूनी रुपमा थुनामा राख्ने गरिएको हुँदा त्यस्तो व्यक्तिलाई अविलम्व कानूनी प्रक्रियामा लैजान आयोगबाट निर्णय गरिए पनि आयोगबाट सो को प्रभावकारी अनुगमन गर्न सकिएन ।

१२ पूर्व सूचना विना आयोगलाई सैनिक व्यारेकभित्र प्रवेश गर्नमा विविध व्यावहारिक कठिनाई उत्पन्न भएकोले गर्दा सैनिक हिरासतमा रहेका व्यक्तिको समग्र स्थितिको सम्वन्धमा जानकारी प्राप्त गर्न सकिएन । पूर्व सूचना दिएर जाँदा व्यक्तिलाई अन्यत्रै सार्ने, यहाँ कोही पनि नरहेको भनी कसैसँग पनि भेटघाट गर्न नदिने लागयत त्यहाँ राखिने दर्ता किताव समेत हेर्न नदिने गरेबाट आयोगलाई खास गरी वेपत्ता सम्वन्धी उजुरीहरुको कारवाही किनारा गर्नमा ठूलो समस्या परेको थियो । चौथो तथा पाँचौ वर्षतिर आएर मात्र व्यारेकको भ्रमण अनुगमन सहज बन्न गयो । तथापि यसमा अहिले पनि विविध कठिनाईहरु कायमै रहेका छन् ।

१३ कुनै मानव अधिकार उल्लंघनको घटनाको छानवीन गर्न समिति गठन गरी श्री ५ को सरकारका निकायलाई नै लगाउन सकिने व्यवस्था भएपनि आयोगले कुनै पनि घटनामा त्यसो गरेन । आयोगले निष्पक्षता कायम राख्नु पर्ने भएकोले गर्दा पनि यसो गर्न नसकेको हो ।

१४ आयोगलाई अनुसन्धानको कार्यमा असहयोग गर्ने वा अटेर गर्नेलाई विभागीय कारवाहीका लागि विशेष टिप्पणी लेखी पठाउन सक्ने व्यवस्था भए पनि त्यस्तो कारवाही गरिएन बरु १० औं पटक सम्म पनि ताकेता पत्र लेख्ने कार्य गरियो ।

१५ ऐनमा खानतलासी गर्न सक्ने अधिकार भए पनि आयोगले यो कार्यकालमा यो अधिकार प्रयोग गरेन । आयोगको नियमावलीमा अयोगले अनुसन्धान प्रतिवेदनको एक प्रति निर्णय गर्नु पूर्व नै राय प्रतिक्रियाकोलागि आरोपित पक्षसमक्ष पठाउनु पर्ने भन्ने व्यवस्था भएकोमा अघिल्ला ४ वर्ष सम्म यो कार्य गरिएन ।

१६ आयोगले नियमावलीमा भएको मिलापत्रको प्रावधानलाई वैकल्पिक विवाद समाधानको उपायको रुपमा प्रयोग गर्न सक्ने पर्याप्त सम्भावना हुँदा हुँदै पनि निवेदक दीपककुमार भुषालले विद्यालयबाट तलब सुविधा नपाएको भन्ने उजुरीमा वाहेक अन्य कुनै पनि उजुरीहरुमा यस पाँच वर्षको अवधिमा विधिवत रुपमा मिलापत्र गराउने कार्य हुन सकेन ।

१७ आयोग आफैले कारवाही उठान गर्न सक्ने व्यवस्थाको प्रयोग शुरुमा हचुवाको आधारमा भएपनि पाचौं वर्षमा आएर आयोगले उजुरी दर्ता गरी कारवाही चलाउने भनी निर्णय गरेपछि मात्र आयोगको स्वविवेकमा छानविन गर्ने कारवाही प्रारम्भ गरिने व्यवस्था लागू गरियो ।

१८ आयोगको नियमावलीमा गैर कानूनी थुना र भेदभावपूर्ण व्यवहार गरेकोमा पनि क्षतिपूर्ति प्रदान गर्नमालागि सिफारिस गर्न सक्ने व्यवस्था हुँदा पनि कुनै पनि मुद्दामा यस्तो सिफारिस गरिएन ।

१९ आयोगको सिफारिस सहितको निर्णय उपर ३ महिना भित्र सरकारले कार्यान्वयन गरी जवाफ पठाउनु पर्ने, कार्यान्वयन गर्न नसक्ने भए सो कारण खोली पठाउनु पर्ने भएता पनि ३ महिना भित्र कुनै प्रतिक्रिया नआएमा के गर्न मिल्छ भनी ऐनमा कुनै निर्देशन नभएकोले अन्यौलता रहयो । त्यसै गरी आयोगको निर्णयसँग श्री ५ को सरकार पुरै असहमत भएमा कसरी अघि जाने भन्नेमा पनि अन्यौलता रह्यो ।

२० आयोगको निर्णय कार्यान्वय नभएमा आयोग स्वयंले सर्वोच्च अदालतमा मुद्दा दर्ता गर्न मिल्छ कि मिल्दैन भन्ने विषयमा आयोगको स्पष्ट धारणा वन्न सकेको छैन । यसै गरी सेनाले सर्व साधरणको ज्यान मारेको विषयमा अदालतको क्षेत्राधिकार हुन्छ कि सैनिक अदालतको क्षेत्राधिकार हुन्छ भन्ने विषयमा राजिव श्रेष्ठको मुद्दामा आयोग र शाही नेपाली जंगी अड्डा वीच दोहोरी चलिरह्यो । त्यस्तै पक्राउ गरिएको

व्यक्ति व्यारेकमा छ भनी प्रहरी प्रधान कार्यालयले दिएको जवाफलाई लिएर जंगी अड्डा, मातहत निकाय र आयोगबीच ठूलै लेखापढी चलेको थियो ।

२१ अनुसन्धानकालागि आयोगले कार्यालयबाटै लेखापढी गरेर, आफ्ना कर्मचारीलाई स्थलगत अनुसन्धानमा लागि पठाएर, उच्च स्तरीय छानवीन समिति गठन गरेर तथा कतिपय मुद्दामा नागरिक समाजमा प्रवुद्ध व्यक्ति समेतलाई टोलीमा समावेश गरेर एवं केही मुद्दामा विशेषज्ञ समेतलाई टोलीमा समावेश गरी घटनाको अनुसन्धान गर्ने काम गऱ्यो । शुरुका दिनमा अनुसन्धानको सन्वन्धमा प्रयाप्त कानूनी एवं व्यवहारिक ज्ञान सीप र दक्षता नभएकोले वाह्य व्यक्तिहरूको सहयोग लिइए पनि पछिल्ला दिनमा आयोगका आफ्नै कर्मचारीबाट अनुसन्धान कार्य गरियो । अनुगमन एवं अनुसन्धानका सम्वन्धमा विभिन्न तालिम प्रदान गरे पश्चात आयोग आफैले मात्र पार्न प्रभावकारी रुपमा अनुसन्धान कार्य गर्न सफल भएको छ तर पनि सुरक्षा निकायबाट शुरुका दिनमा आयोगलाई घटनास्थलमा नपुगी सदरमुकामबाटै विवरण टिपेर ल्याउने, भरपर्दो प्रमाणहरू संकलन गर्न नसकेको तथा माओवादीहरूको एकपक्षीय भनाइका आधारमा प्रतिवेदन तयार गर्ने गरेको भन्ने आरोप लाग्ने गरेको थियो ।

२२ उजुरी कारवाही तर्फ हेर्दा मानव अधिकार उल्लंघनका उजुरीमात्र आयोगले ग्रहण गर्न सक्ने भएता पनि व्यक्तिगत घरायसी झै झगडा, प्रहरी प्रशासनको कार्य क्षेत्रभित्रका विषय र फौजदारी प्रकृतिका मुद्दाहरू पनि आयोगमा उजुरीको रुपमा दर्ता हुन आएका पाइन्छन् । त्यतिमात्र नभई सम्वन्धित निकायमा निवेदन नै नदिइ केवल आयोगमा मात्र उजुरी दर्ता हुन आएका पनि छन् । उजुरवाला स्वयं आयोगमा उपस्थित नभइ टेलिफोन, फ्याक्स, चिठीद्वारा पनि उजुरी दर्ता गराउन सक्ने हुँदा संरक्षण महाशाखाबाट तत्काल पिडीतसँग सम्पर्क स्थापित हुन नसक्ने एवं पर्याप्त नाम, थर, वतन नखुलाई प्राप्त हुने उजुरीले र अदालतको जस्तो तारीखमा उजुरवाला वस्नु पर्ने वाध्यता नहुँदा बारम्वार सम्पर्क गर्न खोज्दा पनि सम्पर्क स्थापित हुन नसक्ने स्थितीले गर्दा पीडितलाई तत्काल जानकारी दिन सकिएन । अर्कातर्फ आयोगमा उजुरी दिएको छ भनेर पीडित ढुक्क हुने भएकोले केही मुद्दाहरूमा अन्यत्र नालीस दिने हदम्याद समेत समाप्त हुने समस्या पनि देखिएको छ ।

२३ आयोगमा उजुरी दर्ता भएपछि तत्काल सकेसम्म सोही दिन आरोपीत पक्षलाई सोधी जानकारी दिई घटनासँग सम्वन्धित सम्पूर्ण विवरण प्रमाण कागजातहरू माग्ने गरिन्छ तथापी आयोगबाट पठाइएका चिठीको तत्काल जवाफ प्राप्त नहुने समस्या देखिएको छ । मूलतः वेपत्ता पारिएका भनी उजुरी परेको विषयमा र भिडन्तमा मरेका भनिएकाको पर्याप्त सूचना सहित छिटोजवाफ प्राप्त नहुँदा समस्या उत्पन्न भएको देखिन्छ । वेपत्ता सम्वन्धी उजुरीमा मूलत शाही नेपाली जंगी अड्डा एवं रक्षा मन्त्रालयबाट लामो समय सम्म पनि जवाफ नपठाउने स्थितिले उजुरीको छिटो छरितो कारवाही गर्नमा कठिनाइ उत्पन्न भएको छ ।

**उजुरी सम्वन्धी चुनौतीको सारांश**

१ जे जस्ता विषयममा उजुरी आएपनि दर्ता गर्ने गरिएको
२ उजुरीका विषयमा सम्वन्धित निकायबाट समयमा जानकारी नपठाउने गरिएको
३ धेरै जसो उजुरीहरू वेपत्ताको विषयमा पर्नुका साथै त्यस्मा छानविन गर्न कठिनाई भएको
४ आन्तिरम राहत सम्वन्धी शिफारिस गर्न नसकेको
५ अदालतमा मुद्दा ल्याजाने तर्फ स्पष्ट धारणा तथा सयन्त्र बनाउन नसकिएको
६ पीडित वा उजुरीकर्तासँग नियमित सम्पर्क नहुने तथा आयोगमा निवेदन दिएको छ भनी पीडित समेत ढुक्क भई बस्ने गरेकोले अन्यत्र नालिस दिने हदम्याद समाप्त हुने अवस्था रहेको
७ रक्षा मन्त्रालय तथा शाही नेपाली जंगी अड्डा मातहतबाट समयमा जवाफ प्राप्त नहुने
८ व्यारेकको निरीक्षण अनुगमन निर्वाध रुपमा गर्नमा समस्या परेको

## ५.३ मानव अधिकार अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकारको संरक्षण तथा संवर्द्धनकालागि चालिने विभिन्न कदमहरू मध्ये मानव अधिकार अनुगमन एक प्रमुख कार्य हो । शुरुका केही वर्षमा मानव अधिकार अनुगमनको कार्य कारागार शाखा, प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयको परिधिभित्र सीमित रहेको थियो । मुलुकमा विभिन्न कारागारको भौतिक अवस्था तथा थुनुवा उपर गरिने व्यवहार लगायत त्यस्ता स्थानमा कुनै घटना घट्यो भनी उजुरी प्राप्त भएको वा निरीक्षण अवलोकनकोलागि अनुरोध भई आएको विषयमा मात्र अनुगमनको कार्य हुने गर्थ्यो । शुरुका दिनमा विधिविषय तथा कारागार सुधार महाशाखाको जिम्मवारी प्राप्त गरेका सदस्यबाट अनुगमन हुने गरेको थियो भने उजुरीका आधारमा गरिने अनुगमन चाहि संरक्षण महाशाखाको जिम्मेवारी ग्रहण गरेका सदस्यको नेतृत्वमा हुने गरेको थियो । त्यसो त कतिपय घटनामा अन्य सदस्यहरूबाट पनि अनुगमन कार्य नभएको होइन । उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण सम्वन्धी नियमावली २०५७ सालको अन्त्यमा मात्र श्री ५ को सरकारबाट सुझाव सहित फिर्ता आएकोले २०५७ सालको चैत्रमा यो लागु भयो र त्यस पश्चातमात्र अनुगमन लगायतका अन्य कामकारवाहीले गति प्राप्त गरे ।

स्थापनाको केही समयपश्चात विस्तारै आयोगले अनुगमन गर्ने क्षेत्रलाई अझ फराकिलो बनाउदै लग्यो । जसमा ने.क.पा. माओवादी र श्री ५ को सरकार बीच भएका भिडन्तका स्थानहरूमा आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीहरूबाट स्थलगत भ्रमण अनुगमन गरी सत्य तथ्य पत्ता लगाउने कार्यले प्राथमिकता पायो । आयोगका पदाधिकारीहरू रुकुम, रोल्पा, सिरहा र सप्तरी जिल्लाको मानव अधिकार स्थितिको अनुगमन कार्यमा स्वयं संलग्न रहनु भयो भने अर्घाखाँची जिल्लाको सदरमुकाममा भएको माओवादी आक्रमणको कारण सृजित परिस्थितिको अनुगमनकालागि पनि स्वयं सदस्यहरू नै सहभागी हुनु भयो । यी शुरुका दिनका अनुगमनका नमुनाहरू हुन् । २०५८ साल मंसिर ११ गते पहिलो पटक संकटकालको घोषणा

गरिएको अवस्थामा आयोगबाट अनुगमन गरिनुपर्ने भन्ने सोच विकास भए अनुरुप आयोगले व्यापक अनुगमनकोलागि विशेष तयारी गरी योजना बनायो । यस सम्वन्धमा सरकार तथा विद्रोही पक्षबाट भएका मानव अधिकार उल्लंघनका घटनाको यथार्थ विवरण र सूचना संकलनकालागि व्यवस्थित रुपमा कार्य गर्नुपर्ने हुनाले आयोगले जनशक्ति तथा आर्थिक श्रोत व्यवस्थापन गर्नु पर्ने भयो मुलत बेलायत, नर्वे तथा डेनमार्कको सहयोगमा संकटलाई सम्वोधन (Responding to crisis) नामक परियोजना संचालनकोलागि आयोगसँग जुन १०, २००२ मा सम्झौता भएको थियो ।

पहिलो संकटकालको अवधिमा आयोगले ३५ जिल्लाको अनुगमन गर्‍यो । उक्त संकटकालमा गरिएको मानव अधिकार अनुगमनबाट घटना विवरण अनुसूची ११ मा समावेश गरिएको छ ।

**अनुगमन गर्नुको उद्देश्य यस प्रकार रहेको थियो ।**
१ हिंसा प्रभावित जिल्लाको मानव अधिकार स्थितिको मूल्यांकन गर्ने ।
२ आतंककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजाय) अध्यादेश तथा ऐन, २०५८ को कार्य अवधिमा हुन सक्ने मानव अधिकार उल्लघंनका घटनाको विवरण राख्ने, यथार्थता पत्ता लगाउने ।
३ विषम परिस्थितिमा मानव अधिकारको जिम्मेवार संरक्षकको हैसियतमा आयोगले अनुगमन गरी सम्वद्ध पक्षलाई जिम्मेवारीबोध गराउने ।
४ मानव अधिकार उल्लघंनका घटनाको अभिलेख राख्ने र दोषी माथि कारवाही गर्न आवश्यक सिफारिस तथा सुझाव प्रस्तुत गर्ने ।

अनुगमन गर्नु अघि आयोगले सवै सरोकारवालाहरूसँग अन्तरक्रिया गर्‍यो । यस क्रममा न्याय परिषद् सचिवाय, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, विभिन्न मन्त्रालय एवं शाही नेपाली जंगी अड्डाका उच्च पदस्थ अधिकृतहरूसँग आवश्यक छलफल अन्तरक्रिया गरेको थियो । त्यसैगरी राजनैतिक पार्टीका प्रतिनिधिहरू, नेपाल बार एशोसियसन, पत्रकार महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संघ संस्थाहरूसँग पनि छलफल अन्तरक्रिया गरेको थियो । सो क्रममा मुख्य रुपमा मानव अधिकार अनुगमन निर्देशिका बनाउनु पर्ने, अनुगमनकर्त्तालाई प्रशिक्षण दिनुपर्ने, अनुगमनकर्ताको एक सूची तयार गर्ने, अनुगमनको तौरतरिका बारेमा अन्य अधिकारवालासँग अन्तरक्रिया गर्नुपर्ने सुझाव प्राप्त भएका थिए । प्राप्त सुझाव अनुसार नै मानव अधिकार अनुगमन आधारभूत सूचना पुस्तिका निमार्ण गरिएको थियो । जस भित्र अनुगमन निर्देशिका र अनुगमनकर्ताको आचारसंहिता पनि समावेश थिए ।

मानव अधिकारसँग सम्बन्धित नागरिक समाजका प्रतिनिधि निकायलाई आयोगको अनुगमन कार्यमा सहयोग पुर्‍याउन मानव अधिकार तथा माननीय कानूनको ज्ञान भएको, जुनसुकै क्षेत्रमा जान सक्ने व्यक्ति चयन गरी पठाउन पत्राचार गरियो । सो अनुसार प्राप्त प्रतिनिधि, आयोगका कर्मचारीलाई आयोगले छनौट गरिकन विभिन्न चरणमा तालिम प्रदान गरिएको थियो । जसमा २९७ जना भन्दा बढी व्यक्तिलाई आवश्यक प्रशिक्षण दिइयो । प्रशिक्षण कार्यकालागि मानव अधिकार सम्वन्धी संघसंस्थाहरू, अन्तर्राष्ट्रिय रेडक्रसको नेपाल स्थित कार्यालयका प्रतिनिधि, आयोगका पदाधिकारी, कानून व्यावसायी, चिकित्सकहरू, परामर्शदाता एवं आयोगका कर्मचारीहरूबाट समेत मानव अधिकारका विविध पक्षहरूमा प्रशिक्षण दिइएको थियो । यसरी प्रशिक्षण दिइएका व्यक्तिलाई स्थायी रोस्टरमा राखी आवश्यक परेको समयमा अनुगमनमा खटाउने व्यवस्था गरियो ।

आयोगबाट अनुगमन कार्यकोलागि खटाइएको टोलीलाई सम्वद्ध पक्षबाट प्रत्यक्ष रुपमा आवश्यक सहयोग पुगोस भन्ने उद्देश्यले आयोगले देशका ५ वटै विकास क्षेत्रमा गई मानव अधिकार तथा मानवीय कानूनका सम्वन्धमा कानून कार्यान्वयन गर्ने निकाय खास गरी सुरक्षा निकायको दायित्व सम्वन्धमा अभिमुखीकरण कार्यक्रमको आयोजना गरेको थियो । उक्त अभिमुखीकरण कार्यक्रममा सम्वद्ध क्षेत्रका १८७ जना भन्दा बढी सुरक्षा निकायका प्रमुखहरू लगायत कानून कार्यान्वियन गर्ने निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

**मानव अधिकार अनुगमनमा आयोगले अपनाएको मूलभूत सिद्धान्त (DAI Principle)**[११]

- **कसैलाई पनि हानी नपुर्‍याउने ( DO NO HARM )**
- **अनुगमनमा दुरुस्तता कायम राख्ने (ACCURACY of MONITORING)**
- **अनुगमनमा निष्पक्षता कायम राख्ने (IMPARTIALITY of MONITORING)**

मानव अधिकार अनुगमन कार्य मुलतः हत्या, बलात्कार, यातना तथा जेनेभा कन्भेन्सनको साझाधारा ३ सँग सम्बन्धित विषयसँग मात्र केन्द्रित भएकोले आफैमा अपूर्ण थियो तर पनि प्राप्त तथ्य एवं विवरणबाट उल्लंघनको प्रचलन, जिम्मेवार पक्ष, घटनाको सख्या तथा घटनाको प्रकृति थाहा भएकोले सम्वद्ध पक्षलाई सो सम्वन्धमा ध्यानाकर्षण गराउन आवश्यक पत्राचार गर्न सहायक सिद्ध भए । संकटकालको अवधिमा गरिएको अनुगमनको क्रममा संकलित ४४५ वटा घटना मध्ये सरकारी पक्षसँग सम्वद्ध घटनाको विषयमा आयोगका पदाधिकारीको टोलीले तत्कालीन प्रधान मन्त्री लोकन्द्र बहादुर चन्दलाई भेट गरी २०५९/०६/०४ मा ध्यानाकर्षण पत्र बुझाएको थियो भने ने.क.पा. माओवादीका अध्यक्षको नाममा पनि मिति २०५९/०७/०६ मा आवश्यक कुराहरू उल्लेख गरी पत्र पठाएको थियो । यसै सन्दर्भमा खास गरी रक्षा तथा गृह मन्त्रालयलाई अनुगमनका तथ्यहरू पठाइ तत् सम्वन्धमा भए गरेका कारवाहीको विवरण उपलब्ध गराउन समेत अनुरोध गरिएको थियो जसले अन्तत्वोगत्वा मानव अधिकार संरक्षमा महत्वपूर्ण योगदान पुर्‍याएको थियो । यही अनुगमनबाट प्राप्त तथ्यका आधारमा ५४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर मानव अधिकार प्रतिको निष्ठालाई कायम राख्न सरकार, माओवादी राजनैतिक दल तथा नागरिक समाज एवं संघ संस्थाहरू समक्ष सार्वजनिक अपिल समेत जारी गरिएको थियो ।

[११] आयोगद्वारा नगरकोटमा मानव अधिकार अनुगमन तथा अनुसन्धान सम्वन्धमा आयोजित तालिम कार्यक्रममा आयोगका सहभागी द्वारा स्मरण गर्न सजिलो होस भनी संक्षिप्त रुपमा DAI Priniciple बनाइएको थियो ।

देशमा युद्धविराम सम्पन्न भई सरकार र माओवादीबीच युद्धविराम आचार संहितामा हस्ताक्षर भई वार्ता प्रक्रिया अघि बढिरहेको सन्दर्भमा मानव अधिकारको प्रभावकारी अनुगमन गर्नका लागि अनुगमन संयन्त्र सहित मानव अधिकार सम्झौतामा हस्ताक्षरका निमित्त मस्यौदा समेत तयार गरी वार्ताका पक्षहरूलाई पठाएको थियो । उक्त मस्यौदापत्रका पक्षमा विभिन्न मानव अधिकारवादी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू, एम्नेष्टि इन्टरनेशनल, संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, नागरिक समाज लगायत समाजका विभिन्न वर्ग र क्षेत्रका प्रवुद्ध व्यक्तिबाट सकारात्मक प्रतिक्रिया आएको थियो जसबाट आयोग मानव अधिकार संरक्षण कार्यकालागि प्रभावकारी अनुगमनका निमित्त उत्साहित भएको थियो । तर वार्ताका पक्षहरूद्वारा यस सम्बन्धमा देखाइएको उदासीनताले गर्दा अन्ततः माओवादी पक्षले एक पक्षीय रुपमा युद्ध विरामको औचित्य समाप्त भएको घोषणा गरी वार्ताको टेबुलबाट पछि हट्ने निर्णय गऱ्यो । त्यसपछि उत्पन्न भएको परिस्थितिबाट पुनः मुलुकमा हत्या, विध्वंस र गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको पुनरावृत्ति हुन पुग्नाले मानव अधिकार एजेण्डालाई सम्बोधन गरी स्थायी शान्ति निर्माण गर्ने सुनौलो अवसर गुम्न पुगेकोमा आयोगले चिन्ता र चासो जाहेर गर्दै समस्यालाई वार्ताको टेबुलबाट समाधान खोज्न पटक पटक अनुरोध गरिरह्यो ।

मानव अधिकार अनुगमन एक निरन्तर प्रक्रिया भएको र मानव अधिकार हनन्का घटनाहरू उजागर पार्न एवं भविष्यमा त्यस्ता घटनाहरू दोहोरिन नदिन अनुगमनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा विगतका दिनमा भन्दा अनुगमनबाट बढी भन्दा बढी मानव अधिकार तथा मानवीय कानूनसँग सम्वन्धित सूचना प्राप्त गर्ने र आयोगको उपस्थिति सम्भव भएसम्म जिल्लाका दुर्गम क्षेत्रमा समेत पुर्याउने उद्देश्य राखी अझ बढी व्यवस्थित एवं प्रभावकारी रुपमा अनुगमन गर्ने कार्य जारी राखियो ।

## ५.३.१ आयोगद्वारा अनुगमन गरिएका जिल्लाहरूको विवरण




आयोगबाट अनुगमन गर्ने क्रममा मिसनको रुपमा संकटकालको समयमा ३५ जिल्लाको अनुगमन गरेपश्चात तत्कालै १० वटा जिल्लामा अनुगमन गरियो भने तत् पश्चात एक पटक २६ र अर्को पटक १२ वटा जिल्लामा अनुगमन कार्य गरियो । अनुगमनको कार्यलाई आयोगले निरन्तरता दिई नै रहेको छ । अनुगमनको क्रममा आयोगले अधिराज्यका ७ वटा हिमाली जिल्लालाई छाडेर अन्य जिल्लामा अनुगमन गरिसकेको छ । पछिल्लो अनुगमनबाट ११६४ वटा मानव अधिकार उल्लंघनका घटनाहरू प्राप्त भएका थिए । जसमा राज्य पक्ष जिम्मेवार रहेको भनिएका ४३४ र माओवादी पक्ष जिममेवार रहेको भनिएका ७३० घटनाहरू संकलन गरिएका थिए उपरोक्त घटनाको सम्बन्धमा आवश्यक कारवाही गर्न श्री ५ को सरकारलाई पठाइसकिएको छ भने अनुगमन प्रतिवेदन प्रकाशन हुने तयारीको क्रममा रहेको छ । आयोगबाट गरिएको मानव अधिकार अनुगमन सम्वन्धी विवरण निम्न लिखित तालिका मार्फत प्रस्तुत गरिएको छ ।

आ.व . २०५७ -२०५९ सम्म गरिएका अनुगमन

| अनुगमन वर्ष | जिल्ला | जिल्ला संख्या | कैफियत |
|---|---|---|---|
| २०५८ | जजरकोट, सल्यान, रूकुम र रोल्पा | ४ | आयोगका पदाधिकारी तथा अधिकृतहरू भएको अनुगमन |

**आयोगको मानव अधिकार अनुगमन परियोजना अन्तर्गत अनुगमन गरिएका जिल्लाहरूको विवरण आ.ब. २०५९/६०**

| मिशन | अनुगमन मिति | जिल्ला | जिल्ला संख्या | सहभागी स्वयं सेवक संख्या |
|---|---|---|---|---|
| पहिलो | २०५९।४।२१ देखि २०५९।५।७ सम्म | दाङ्ग, रोल्पा बाँके, वर्दिया, कैलाली  कंचनपुर, सुर्खेत, दैलेख, कालिकोट र जुम्ला | १० | १९ |
| दोश्रो | २०५९।५।१३ देखि २०५९।५।३० सम्म | संखुवासभा, धनकुटा, तेह्रथुम, इलाम, झापा,  मोरङ्ग वाग्लुङ्ग, पर्वत, म्याग्दी कास्की स्याङ्जा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा धादिङ्ग, गोरखा, लम्जुङ्ग र तनँहु | १९ | २६ |
| तेश्रो | २०५९।१२।२० देखि २०६०।०१।११ सम्म | कैलाली, कञ्चनपुर, डोटी, अछाम, दाङ्ग, रोल्पा, प्यूठान, सल्यान, जाजरकोट र रुकुम | १० | १२ |

आ.ब. २०६०/६१

| मिशन | अनुगमन मिति | जिल्ला | जिल्ला संख्या | सहभागी स्वयमसेवक संख्या |
|---|---|---|---|---|
| पहिलो | २०६०।९।११ देखि २०६०।९।३० सम्म | सुर्खेत, दैलेख मुगु, कालिकोट, जुम्ला इलाम, ताप्लेजुङ्ग, पाँचथर कैलाली, डोटी उदयपुर  ओखलढुङ्गा वारा, पर्सा रौतहट, सर्लाही, धनुषा, महोत्तरी र सिरहा | १९ | २९ |
| दोश्रो | २०६०।१०।१३ देखि २०६०।१०।३० सम्म | दोलखा, रामेछाप, सिन्धुली कास्की, वाग्लुङ्ग, पर्वत र म्याग्दी अछाम, वाजुरा र वझाङ्ग चितवन, मकवानपुर, धादिङ्ग, नुवाकोट, रुकुम, सल्यान र जाजरकोट | १७ | २६ |

आ.ब. २०६१/६२

| मिशन | अनुगमन मिति | जिल्ला | जिल्ला संख्या | सहभागी स्वयमसेवक संख्या |
|---|---|---|---|---|
| पहिलो | २०६१।५।२५देखि २०६१।९।२५ सम्म | सोलुखुम्बु भोजपुर, खोटाङ्गसुर्खेत र दैलेख कपिलवस्तु, रुपन्देही, नवलपरासी अर्घाखाँची र गुल्मी, पाल्पा र स्याङ्गजा | १२ | १७ |

त्यसैगरी आयोगद्वारा विभिन्न जिल्लाहरूको मानव अधिकार स्थितिको अनुगमन गर्ने क्रममा जिल्ला स्थित कारागार शाखा, छानवीन तथा अनुसन्धान केन्द्र, सैनिक व्यारेक लगायतका थुनुवा केन्द्रहरूको  निरिक्षण अवलोकन गरि प्राप्त तथ्यको आधारमा समय समयमा श्री ५ को सरकारलाई आवश्यक सिफारिश गर्ने गरिएको छ । पाँचौ वर्षको अन्त्य तिर आइपुग्दा आयोगले गरेको त्यस्ता स्थानहरूको निरिक्षण तथा अवलोकन सम्वन्धी विवरण अनुसूची १२ मा समावेश गरिएको छ ।

## ५.३.२  अनुगमनका क्रममा देखिएका मानव अधिकार उल्लंघनका प्रकृतिहरू

आयोगबाट गरिएको अनुगमनबाट देशको मानव अधिकारको अवस्थाको सम्वन्धमा विभिन्न तथ्यहरु प्राप्त भएका छन् । युद्धमा संलग्न नभएका व्यक्ति र गिरफ्तारी वा कब्जामा परेका निर्दोष व्यक्तिहरू पनि दिन प्रतिदिन विभिन्न वहानामा मारिने, यातना भोग्ने क्रम वढ्दो छ भने विस्थापित हुनेको संख्यामा पनि अत्यन्त बृद्धि भएको छ । मानिसहरू बेपत्ता हुने, अपहरित हुने र थुनामा वा कब्जामा रहँदा शारीरिक तथा मानसिक यातनाको शिकार बनाइएको जस्ता घटनाहरू देखिएका छन् । अनुगमनका क्रममा सादा पोशाकमा सुरक्षाकर्मी परिचालित हुने, व्यक्तिलाई कानूनको प्रक्रिया पूरा नगरी पक्राउ गर्ने, लामो समय सम्म गैरकानूनी रुपमा थुनामा राख्ने, वेपत्ता पार्ने, हिरासतमा राखिएको अवस्थामा यातना दिने, दोहोरो भिडन्तको झुठा बहाना बनाई व्यक्तिको हत्या गर्ने, नियन्त्रणमा लिइसकेपछि हत्या गर्ने, शंकाको भरमा शिक्षकहरूको तलव सुविधा रोक्का गर्ने, एकदमै छोटो समयको म्याद दिई वारम्वार तारेखमा वोलाउने लगायतका कार्यहरू सुरक्षा निकायका तर्फबाट भएको देखिन्छ ।

त्यसै गरी ने.क.पा. माओवादी पक्षबाट पनि व्यक्तिलाई जवरजस्ती आफ्ना बीचार लाद्ने, आफूसँग फरक बीचार राख्नेलाई विभिन्न भौतिक तथा आर्थिक कारवाहीको नाममा कुटपीट तथा अंगभंग गर्ने, जवरजस्ती चन्दा असुल्ने, श्रम कैदमा राख्ने, लगायत हत्या सम्मको कार्य गरेको, विद्यार्थी तथा शिक्षकलाई अपहरण गर्ने, वालवालिकालाई विभिन्न कार्यमा प्रयोग गर्ने गरेको पाइएको छ । अनुगमनबाट देखिएका नागरिक तथा राजनैतिक अधिकार र आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको उल्लघंन झल्काउने विभिन्न कुराहरूलाई वुंदागत रुपमा देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

### ५.३.२.१ नागरिक तथा राजनैतिक अधिकारको प्रचलनको अवस्था

#### (क) सुरक्षा सम्वन्धी कानूनको प्रयोगको स्थिति

देशमा विद्यमान आन्तरिक द्वन्द्वको कारण जनताका आधारभूत मानव अधिकारको हनन भई रहेको पाइएको छ भने द्वन्द्वरत पक्षले द्वन्द्वमा असंलग्न पक्षलाई समेत गम्भीर रुपमा प्रभाव पार्ने गरेको पाइएको छ । सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पार्ने गरेको, वेपत्ता पारिएका मध्ये केहीलाई व्यापक दवावका कारण कानूनी प्रकृयामा लैजाने गरिएको, आतंककारी तथा विध्वांसत्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अर्न्तगत नजरवन्दमा रहेकालाई तोकिएको म्याद समाप्त भएपछि पनि कारागारमा राखिएको, कागजमा मात्र छाडिएको देखाई कानूनी रीत नपुर्‍याइ पुनः अर्को पूर्जि दिने गरिएको, सैनिक हिरासतमा शारीरिक तथा मानसिक यातना दिइएको, गिरफ्तार गरिसकेर मारिएको, चन्दा दिएको र माओवादीलाई सहयोग गरेको आधारमा गिरफ्तार गरिएको जस्ता घटनाहरू पाइएका छन् । त्यस्तै कतिपय जिल्लामा विद्यालय र स्वास्थ्यचौकी लाई समेत सुरक्षाफौजले प्रयोग गरेको पनि अनुगमनबाट खुल्न आएको थियो । सुरक्षा निकायले सुरक्षा प्रयोजनकोलागि स्वास्थ्य संस्था तथा विद्यालयको प्रयोग गरेकोमा उक्त विद्यालयहरूलाई मुआब्जा दिइ तत्काल विद्यालय एवं स्वास्थ्य कार्यालयलाई अन्यत्र सार्नुपर्नेमा त्यसदिशातर्फ ध्यान दिइएको पाइएन । आतंककारी तथा विध्वांसत्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश लगायत अन्य सुरक्षा कानूनको जथाभावी प्रयोग भएबाट सर्वसाधारण नागरिक तथा राजनैतिक अधिकार उल्लघंन भएको देखिएको छ ।

#### (ख) कारागार तथा थुनुवा केन्द्रको अवस्था

धेरै जिल्लामा कारागारको अवस्था अत्यन्त जीर्ण अवस्थामा रहेकोमा त्यसलाई सुधार गर्ने तर्फ राज्यको ध्यान जान सकेको पाइएन । कारागार भित्र पर्याप्त भौतिक सुविधा नहुनुका साथै अधिकांश कारागार राणाकालीन जीर्ण अवस्थामा रहेको पाइएको छ । साथै क्षमता भन्दा वढी थुनुवा, कैदी राख्नु पर्ने वाध्यता अर्कोतर्फ रहेको प्रष्ट देख्न सकिन्छ । त्यसैले कारागार, थुनुवाकेन्द्रको अवस्थामा तत्काल सुधार हुनु जरुरी भएको भनी अनुगमन प्रतिवेदन प्राप्त भएका छन् ।

### (ग) घटनाको प्रलेखीकरण

संयुक्त सुरक्षाफौज गस्ती अथवा अप्रेशनमा जाँदा कतिपय घटनामा दोहारो भीडन्त भइ दुवै पक्षको मृत्यु हुन गएको पाइन्छ । सुरक्षाफौजले लाशको फोटो नखिच्नाले एवं मानिसको पहिचानमा सधाउ पुऱ्याउने मृतकको हुलिया समेत उल्लेख भएको विवरण सम्म नराख्नाले मृतकको नाम, थर, ठेगाना, उमेर पत्ता लाग्न कठिनाइ भै लासको पहिचानमा समेत समस्या आएको देखिन्छ । एउटै नाम गरेका मानिस धेरै हुन सक्ने भएकोले मृतकको परिवारलाई कानून वमोजिम सद्‌गत काजकृया गर्न समेत मारिएका मानिसको मुचुल्का र फोटो खिच्ने व्यवस्था हुनु व्यवहारिक रुपमा अति आवश्यक देखिन्छ । यसरी मृतकको सनाखत नहुँदा भविष्यमा मानिस वेपत्ता हुनेको संख्या कहाली लाग्दो हुन सक्ने देखिन्छ । त्यसकोलागि समेत प्रत्येक घटनामा कानून बमोजिम घटनास्थल प्रकति मुचुल्का, लासजाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट एवं फोटो खिच्ने व्यवस्था हुन अति आवश्यक भएको देखियो जुन मृत्युको कारण पत्ता लगाउनकालागि अत्यावश्यक मानिन्छन् ।

### (घ) गैरराज्यपक्षका (विद्रोही ) क्रियाकलाप

माओवादीका कार्यकर्ताले सुरक्षाकर्मी गस्तीमा गएको बेला उनीहरूलाई जिस्क्याउन, तर्साउन समेत सकेटवम फाल्ने, एम्बुस पडकाउने र उक्त घटना पश्चात धेरै जसो ठाउँमा उनीहरू घटनास्थलबाट भाग्ने गरेको र सुरक्षाकर्मी पछि आएर सामान्य नागरिकलाई लाइन लगाएर जथाभावी कुटपीट गर्ने, यातना दिने, पक्राउ गर्ने गरेको भन्ने जानकारी प्राप्त भए । सुरक्षा निकायप्रति सर्वसाधारणको नकारात्मक धारणा हुनुमा यी सम्पूर्ण घटनाका कारणले प्रभाव पारेको देखिन्छ ।

नेकपा (माओवादी) तर्फबाट भएका ज्यादती तर्फ हेर्दा बालबालिकालाई जवर्जस्ती विद्यालयबाट अपहरण गरी शसस्त्र द्वन्द्वमा प्रयोग गरेको पाइन्छ । विपरीत आस्था राख्ने राजनीतिक दलका कार्यकर्ताको अपहरण र प्रशिक्षण, विद्यालयका शिक्षकहरूलाई अपहरण, जर्वजस्ती चन्दा असुलउपर गर्ने, किसान र मजदुरलाई मौसमी चन्दा, प्रत्येक पेन्सनवाल भू.पु. सैनिकबाट बार्षिक चन्दा उठाउने गरेको भन्ने जानकारी प्राप्त भएको पाइन्छ भने चन्दा नदिएको निहुमा काटेर नुनचुक लगाइएको भन्ने घटना पनि पाइएको छ । बालबालिकालाई सन्देशवाहकको रुपमा प्रयोग, गरेको आमसभा तथा जुलुसमा सुत्केरी महिला, वृद्ध, बालबालिकालाई समेत प्रयोग गरिएको देखिन्छ । बालवालिकालाई मिलिसियाको रुपमा प्रयोग गरेको, महिलालाई यौन दुर्व्यवहार तथा यौनशोषण गरिएको पनि अनुगमन प्रतिवेदनबाट देखिएको छ । त्यस्तै औद्योगिक प्रतिष्ठान, विद्यालय, यातायात आदिको अनिश्चितकालीन वन्दले जनताको काम गर्ने तथा बाँच्न पाउने अधिकारमा नै प्रश्न चिन्ह लाग्ने देखिएको छ ।

## ५.३.२.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रचलनको अवस्था

### (क) धार्मिक तथा साँस्कृतिक अधिकारको प्रचलनको स्थिति

१. आफ्नो रीति परम्परा अनुसारको कार्य गर्नबाट विशेष गरी माओवादीहरूद्वारा अवरोध पुऱ्याइने गरेको देखिएको छ ।
२. माओवादी र कतिपय अवस्थामा सुरक्षा फौजबाट मारिएका व्यक्तिहरूको पर्याप्त तथ्य नराख्ने तथा पीडित पक्षलाई जानकारी नदिने कारणले मृत्यु संस्कार समेत हुन नसकेको एवं त्यसै गरी माओवादीहरूले क्रियापुत्रीहरूलाई समेत पक्राउ गरी मार्ने, काजक्रिया गर्नमा वाधा पुऱ्याएको हुनाले साँस्कृतिक अधिकारको उल्लघंन हुन पुगेको ।
३. माओवादीहरूले मन्दिरमा झण्डा गाडने, पुजारीलाई पिटने गरेको जस्ता घटनाहरू दोहरिई रहनाले आफ्नो आस्था बमोजिमको धर्म मान्ने अधिकार उल्लघन भएको देखिएको छ ।
४. दलितहरूलाई मन्दिरमा प्रवेश गर्न अझै समस्या परेको देखिएबाट समानताको अधिकारको उल्लघंन भएको देखिएको छ ।
५. माओवादीहरूले गराएको विष्फोटनका कारणवाट गुम्वा तथा सो भित्र रहेका धार्मिक ग्रन्थहरू नष्ट भएका कारणले प्रचिन वस्तुहरूको संरक्षण एवं अल्पसंख्यक तथा जनजातिको अधिकारको उल्लघंन पुगेको छ ।

### (ख) शिक्षाको अधिकारको प्रचलनको स्थिति

१. पढ्ने उमेरका कलिला बालवालिकाहरूलाई माओवादीहरूले अपहरण गरी लिएर जाने, आफ्नो कार्यक्रममा समावेश गर्ने गर्नले उनीहरूको पढाइमाथि नराम्रो असर परेको हुनाले उनीहरूको पढ्न पाउने अधिकारको उल्लघंन भएको छ । शिक्षकहरूलाई समेत अपहरण गर्ने विभिन्न धम्की दिने चन्दा असुल्ने, यातना दिने आदि गर्नाले त्यसबाट शिक्षामा प्रत्यक्ष प्रभाव पार्नुका साथै कतिपय जिल्लामा शिक्षकहरू विस्थापित भई लामो समय सम्म विद्यालय बन्द भएको देखियो ।
२. विद्युतीय धरापको जथाभावी प्रयोगले विद्यार्थी तथा सर्वसाधारण मारिएको तथ्यहरू प्राप्त भएका छन् । त्यसै गरी बालबालिकाहरू विद्यालय जान नचहाने र अभिभावकहरूले बालबालिकाहरूलाई घरायसी काममा लगाउने र अन्यत्र काममा पठाइदिने कारणले गर्दा बालश्रम वृद्धि भएको, बालबालिका बेच बिखन तथा ओसारप्रसारका घटनाहरू वृद्धि भएको देखियो ।
३. सुरक्षा निकायले शिक्षकको तलव सुविधा रोक्ने गरेको र शिक्षकहरूले जिल्ला प्रशासन कार्यालय तथा आर्मी व्यारेकमा तारेख लिन जानु पर्ने, माओवादीहरूको सूचना दिन जवरजस्ती धम्क्याउने जस्ता कार्य गरेको पाइएको हुनाले निर्वाध पठनपाठनमा बाधा पुगेको देखियो ।
४. विद्यालयलाई द्वन्द्वरत दुवै पक्षले प्रयोग गर्ने गरेको पाइयो । सुरक्षा फौजले कतिपय विद्यालयका कम्पाउण्डमा सुरक्षा पोष्ट खडा गरेको र विद्यार्थीहरू समेतको हत्या गरिएको तथा वेपत्ता बनाइएको र कारवाहीको क्रममा विद्यालयमा हवाई आक्रमण गर्ने गरिएको पाइयो भने माओवादी पक्षले विद्यालयमा बङ्कर खन्ने, विद्यालय हाता भित्र राजनैतिक कार्यक्रम संचालन गर्ने गरको देखियो । यसबाट निर्दोष बालबालिकाहरू जेखिममा परेको देखियो ।
५. विद्यालय हाताभित्र माओवादीहरूले गाई काटेर खाने, हातहतियार राख्ने तथा विभिन्न कार्यक्रमहरू गर्ने गरेको पाइएकोले विद्यालयको पठनपाठनमा असर पर्नुका अतिरिक्त विद्यार्थी उपर नकारात्मक असर परेको सहजै अनुमान गर्न सकिन्छ ।
६. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा मान्यता प्रदान गर्न आयोगबाट पटक पटक सम्वद्ध पक्षसँग आह्वान गरिए पनि सोको पालना नभएको पाइएको छ ।

### (ग) स्वास्थ्यको अधिकारको प्रचलनको स्थिति

१. माओवादीले दैलेख जिल्ला लगायत कतिपय ठाउँमा खानेपानीको आपूर्ति बन्द गरेको तथा अन्य विभिन्न जिल्लाहरूमा गरिएको यातायात वन्द र नाकावन्दी आदिले गर्दा सर्वसाधारणलाई एकदमै मार परेको पाइएको छ ।

२. खाद्यान्न, औषधि, लगायत दैनिक उपभोग्य सामानको ओसारपसारमा समस्या परेको तथा अस्पताललाई निकासा भएको औषधि माओवादीहरूले बीचबाटै लुटेर लैजाने गरेको देखिएकोले सर्वसाधारणको उपचार गर्ने अधिकार उल्लघंन भएको पाइयो ।

३. जिल्लामा दरवन्दी अनुसार डाक्टरहरू नहुँदा स्थानीय जनताले स्वास्थ्य सुविधाबाट वञ्चित हुनुका साथै एक्सरे लगायतका उपकरणहरू नहुदाँ अस्पतालबाट साधारण उपचार र खोप कार्यक्रम समेत प्रभावित भएको पाइन्छ ।

४. केही जिल्लाहरूमा स्वास्थ्य कार्यकताको घरमा समेत माओवादीले तालावन्दी गर्ने गरेको, स्वास्थ्यकर्मीहरूको हत्या गरेको घटना पनि अनुगमनबाट पाइएको छ ।

५. सुरक्षाकर्मीले एम्बुलेन्स भित्र पसेर विरामी विद्यार्थीलाई पिटेको एवं दुर्व्यवहार गरको एवं विद्रोही पक्षबाट एम्बुलेन्स जलाएको पाइएको छ ।

### (घ) खाद्य तथा बसोवासको अधिकारको प्रचलनको स्थिति

१. खाद्य संस्थानमा चामलको भण्डारण न्यून रहेकोले गर्दा महँगी बढेको भन्ने जनगुनासो पाइएको छ । त्यस्तै हुम्ला जुम्ला जस्ता विकट ठाउँहरूमा लामो समयसम्म लाम वस्दा खाद्य समाग्री नपाइएको देखियो । यसै गरी माओवादीहरूले विभिन्न जिल्लामा गरेको नाकावन्दीका कारण खाद्यान्न ओसार पसार तथा विक्री वितरणमा प्रत्यक्ष प्रभाव परेको भेटियो ।

२. धेरै जिल्लामा सर्वसाधारण जनताहरू माओवादीहरूको डर तथा धम्कीका कारण आफ्नो गाउँ छोड्न बाध्य भएका छन् भने त्यसरी विस्थापित भएका व्यक्तिको हकहितकोलागि वा खाद्य तथा वसोवासको उचित प्रवन्ध गर्न सरकारले नसकेका कारणले गर्दा लाखौं जनता सोको मारमा परेको पाइएको छ ।

३. श्री ५ को सरकारका तर्फबाट दिइदै आएको विस्थापित भत्ता वापतको रकम पनि दिन वन्द गरिए पछि विस्थापित भएका व्यक्तिहरूको स्थिति झनै दयनीय बन्दै गएको देखिएको छ ।

### (ङ) विकास सम्वन्धी अधिकार

१. कतिपय जिल्लामा व्यारेक र दुरसंचार संस्थानको कार्यालयमा बाहेक अन्यत्र टेलिफोन सुविधा नभएको तथा जिल्लामा पक्की मोटरवाटोको सुविधा नभएको कारण त्यहाँको जनजीवन ज्यादै कष्टकर देखियो ।

२. केही जिल्लामा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले पर्यटन विकासको क्षेत्रमा कार्य गरिरहेको, कामकालागि खाद्यान्न तथा शिक्षाकोलागि खाद्यान्न कार्यक्रम संचालन भएको पाइयो भने केही जिल्लाहरूमा महिला विकास शाखालाई गाउँमा कार्यक्रमहरू लिएर जान कठिनाई परेको हुनाले सानो ऋण लगानीमा गरिने आय आर्जनका कार्यक्रम संचालन हुन नसकेको देखिएको छ ।

३. लामो समयदेखि अधिकांश जिल्लामा कुनै पनि विकास निर्माणको कार्य हुन नसकेको जानकारी प्राप्त भएको छ ।

४. कतिपय जिल्लाम भौतिक पूर्वाधारका सार्वजनिक संरचनाहरू खास गरी सरकारी कार्यालयहरू, दुरसंचार आदिका भवनहरू ध्वस्त भएका कारण सोबाट पाउनु पर्ने सेवा प्राप्त गर्नमा आमजनतालाई असुविधा परेको भेटिएको छ ।

### (च) सम्पत्ति सम्वन्धी अधिकारको प्रचलनको स्थिति

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १७ ले प्रत्येक नागरिकलाई आफ्नो सम्पत्तिको आफू खुशी भोग गर्न, बेच विखन गर्न, खरिद गर्न समेत अधिकार हुने भन्ने संवैधानिक व्यवस्था रहेको भएतापनि तर शसस्त्र द्वन्द्वका कारण सर्वसाधारणले उक्त सम्पत्तिको अधिकार उपभोग गर्नबाट बञ्चित भएका छन् ।

२. ने.क.पा. माओवादीहरूले कतिपय सर्वसाधारणका घरहरू आफ्नो कब्जामा लिने, घरमा ताल्चा लगाइदिने, घरभित्रको सरसामान र सम्पत्ति आफ्नो कब्जामा लिने अन्नपात, बोट विरुवाहरू आफ्नो कब्जामा लिने जस्ता कार्य गरेको पाइयो ।

३. माओवादीले विभिन्न आरोप लगाई भारी रकम जरीवाना गर्ने, मासिक रुपमा जवरजस्ती रकम लिने गरेको पाइएको छ जसले गर्दा व्यक्तिलाई आफ्नो सम्पत्तिको उपभोग गर्नमा वाधा परेको देखिएको छ ।

४. माओवादी र सुरक्षा फौज बीचको दोहोरो भिडन्तमा सरकारी सम्पत्ति, सार्वजनिक एवम् शैक्षिक सम्पत्ति र व्यक्तिगत सम्पत्ति समेत नोक्सान हुने गरेको पाइयो । सर्वसाधारणको घर, सवारी साधन, सरकारी वा सार्वजनिक घरमा बम प्रहार गर्नाले समेत सम्पत्तिको नोक्सान हुने गरेको पाइएको छ । र, यस्तो नोक्सानीका पीडितहरूले उचित क्षतिपूर्ति पाउन नसकेको देखिएको छ ।

५. सुरक्षा निकायले कार्यालय प्रयोजनकालागि लिएको घर र सो आसपासको घरहरू पनि सुरक्षाफौज र माओवादीकाबीच भएको दोहोरो भिडन्तका कारण नोक्सान भएको पाइयो । यसरी सुरक्षा निकायले व्यक्तिको घर जग्गा कव्जा गर्ने तर समयमा क्षतिपूर्ति नदिने गरेको कुरा जानकारीमा आएको छ ।

६. माओवादी एवम् सुरक्षा निकायले पनि सर्वसाधारणका सवारी साधन समेत पटक पटक आफ्नो नियन्त्रणमा लिने र सोको उचित क्षतिपूर्ति समेत नदिने गरेको पाइएको छ । यसले गर्दा सर्वसाधारण जनता, व्यापारीहरू आफ्नो सम्पत्ति उपभोग गर्नबाट राज्य र ने.क.पा. माओवादी दुवैवाट पिडित भएको पाइयो । यसरी द्वन्द्वका कारण भएको धनजनको क्षतिबाट सर्वसाधारण एवम् राज्यलाई समेत ठूलो आर्थिक नोक्सानी भएको पाइयो ।

७. द्वन्द्वका कारण ध्वस्त भएका सरकारी सम्पत्तिमा सुरक्षा निकायसँग सम्बन्धित कार्यालय, जस्तो प्रहरी कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय र कारगार शाखा आदि बढी नष्ट भएको पाइयो भने हुलाक कार्यालय, बन कार्यालय, गा.वि.स.को कार्यालय र कतिपय वित्तिय संस्थाहरूको सम्पत्ति पनि क्षति भएको पाइयो । साथै विद्युत, दुर सञ्चार जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउने कार्यालयमा समेत प्रशस्त क्षति भएको पाइयो ।

८. कतिपय जिल्लामा सरकारका तर्फबाट संचालित सीपमुलक तथा आय आर्जनका कार्यक्रमहरू संचालन गर्नमा महिला विकास शाखालाई माओवादीहरूले रोक लगाएको पाइयो जसले गर्दा ग्रामीण क्षेत्रमा यस्ता कार्यक्रम संचालन गर्न नसक्दा लक्षित समुदायले यसबाट फाइदा लिन नसकेको भेटियो ।

९. ने.क.पा. माओवादीले पसल, उद्योगहरूबाट चन्दा उठाउने गरेको, नदिए मार्ने कुट्ने धम्की दिने गरेको, मागेको चन्दा दिन नसकेका कारण सर्वसाधारण सो ठाउँबाट विस्थापित हुन परेको, जबरजस्ती चन्दा दिनु पर्ने बाध्यतामा उद्योगी, व्यापारी, शिक्षक र सर्वसाधारणहरू रहेको पाइयो । यसरी ने.क.पा. माओवादीबाट सर्वसाधारण शिक्षक, व्यापारी, उद्योगपति र कृषक समेतबाट चन्दा असूल उपर गर्ने कार्यबाट सर्वसाधारण व्यक्तिहरू ठूलो मानसिक दवाबमा पर्नुका साथै आर्थिक व्यवहारका समस्याहरू समेत भोग्न वाध्य हुनु परेको पाइयो । अतः यस्तो जवर्जस्ती चन्दा उठाउने कार्यले व्यक्तिको अन्य अधिकारका अतिरिक्त खासगरि सम्पत्ति सम्वन्धी अधिकार उल्लंघन भएको पाइयो भने चन्दा नदिएबाट भएको घटनामा अन्य विविध अधिकारहरूको उल्लघंन भएको देखिन्छ ।

१०. व्यक्तिका जग्गा र घरहरूमा शाही नेपाली सेना तथा सशस्त्र प्रहरीको क्याम्प बसी जवरजस्ती कब्जामा लिई लामो समय वितिसक्दा पनि कुनै भाडा र क्षतिपूर्ति नदिएको र त्यस्तै अन्यत्रका जग्गा पनि कब्जामा लिइएको पाइयो ।

११. माओवादीले सम्पत्ति लुट्ने, खेती बालीको आम्दानी लिने गरेको पाइयो । ऋण गरी किनेको ट्रकमा सुरक्षाफौज चढेकाले एम्वुसमा परी ट्रक समेत क्षति भएका जस्ता अनुगमनबाट घटना पाइएका थिए ।

१२. दुई सयजना माओवादीहरू आई दराज तोडफोड गरी धनमाल लुटी लगेको, डेढ लाख चन्दा दिदा पनि धनमाल लुटी लगेको, माओवादीले घरमा बम विस्फोट गराई सम्पत्ति नष्ट गराएको, घरको धनजन क्षति भएको र आफ्नो घर माओवादीले अफिस बनाएकोले विस्थापित हुनु परेको भन्ने जस्ता घटना पनि अनुगमनबाट पाइएका छन् ।

१३. माओवादीले सम्पत्तिको खरिद-विक्रीमा रोक लगाएको, माओवादी तथा सरकार दुवै पक्षलाई कर तिर्नु परेको कारण दोहोरो मारमा परेको जस्ता व्यक्तिगत सम्पत्ति उपभोग गर्नबाट बञ्चित हुनु परेका घटनाहरू पाइएका थिए ।

## ५.३.३ अनुगमन पश्चात गरिएका सिफारिसहरू

आयोगबाट विभिन्न जिल्लामा गरिएका अनुगमनबाट प्राप्त प्रतिवेदन अनुसार राज्यपक्ष र ने.क.पा. माओवादीबाट मानिसको हत्या, वेपत्ता तथा अपहरण गरिएका र यातना दिइएका घटनाहरू प्रशस्त रुपमा घटेको देखिन्छ । यति मात्र नभई सशस्त्र द्वन्द्वका कारण धेरै मानिसहरू गाउँ छोडी विस्थापित हुन वाध्य भएको, जर्वजस्ती चन्दाका कारण समाजमा ठूलो संख्यामा व्यक्तिहरू प्रभावित भएको पाइएको छ । व्यक्तिगत सम्पत्ति निर्वाध रुपमा प्रयोग गर्न नपाएको, सार्वजनिक एवम् सरकारी सम्पत्तिमा ठूलो मात्रामा क्षति भएको पाइन्छ । सशस्त्र द्वन्द्वका कारण महिला तथा वालबालिकामा प्रत्यक्ष प्रभाव परेको पाइन्छ । कतिपय घटनामा वालवालिकाको संरक्षकको मृत्यु भएकाले उनिहरूको संरक्षण र जीवनमा समस्या परेको पाइएको छ । उपरोक्त समस्याहरूलाई विश्लेषण गर्दा मानव अधिकार उल्लघंनका घटनालाई पुनः भविष्यमा दोहोरिन नदिन, व्यक्तिको सम्मानपूर्वक वाच्न पाउने अधिकारको निर्वाध उपभोगको वातावरण तयार गर्न र सम्बद्ध पक्षलाई प्रचलित कानून, अन्तर्राष्ट्रिय महासन्धि तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्न गराउन निम्न बमोजिम सिफारिस गरिएको थियो ।

१ अनुगमनबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरी विभिन्न घटनाहरूको सम्वन्धमा अनुसन्धान र छानवीन गर्न र दोषी देखिएका व्यक्तिहरूलाई आवश्यक कारवाही गर्न र भविष्यमा त्यस्तो कार्य दोहोरिन नदिन प्रतिवेदनहरू श्री ५ को सरकार समक्ष पठाइएकोमा त्यस्ता प्रतिवेदनहरूको कार्यान्वयन गर्न सरकारलाई वढी सम्बेदनशील हुन ध्यानाकर्षण गर्दछ ।

२ सुरक्षा निकाय, प्रहरी, सशस्त्र प्रहरी र शाही नेपाली सेनामा कमाण्डिङ्ग स्तरका अधिकृतहरूलाई मानव अधिकार सम्वन्धी विषयमा भएको संवैधानिक एवम् कानूनी व्यवस्थाका अतिरिक्त अन्तरराष्ट्रिय महासन्धिहरू तथा मानवीय कानूनका (जेनेभा महासन्धि) विषयमा तालिम दिई मानव अधिकार प्रति बढी जागरुक र सम्बेदनशील बनाउन श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।

३ सुरक्षा निकायका कमाण्डिङ्ग अधिकृतहरूले आ-आफ्ना व्यारेक वा प्रहरी कार्यालयहरूमा समेत मानव अधिकार आयोगका प्रतिनिधि समेत सम्मिलित गराई सुरक्षा कर्मचारीहरूलाई तालिम सञ्चालन गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गर्न सिफारिस गर्दछ ।

४ क्षत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, शाही नेपाली सेनाको क्षेत्र एवम् जिल्ला स्थित प्रमुख, प्रहरी एवम् सशस्त्र प्रहरी प्रमुख समेतको समन्वयमा अझ व्यापकता ल्याई मानव अधिकार उल्लघंन हुन नदिने गरी सुरक्षा सम्वन्धी आवश्यक व्यवस्था गर्न निर्देशन हुन सिफारिस गर्दछ ।

५ राज्यपक्ष तथा ने.क.पा. माओवादीबाट भएका हत्या, हिंसा, अपहरण, वेपत्ता र यातना जस्ता कार्यलाई सम्बन्धित पक्षहरूबाट तत्काल रोक्न सार्वजनिक ध्यानाकर्षणकोलागि सिफारिस गर्दछ ।

६ कानूनको उल्लघंन गर्ने जो कोहीलाइ पनि कानूनी कारवाही गरिनु पर्दछ । दण्ड विहिनताको अवस्था श्रृजना गरिनु हुदैन भन्ने राज्यको दायित्व सरकारलाई पुनः स्मरण गराउन चाहन्छ ।

७ सम्पूर्ण थुनामा रहेका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न र वेपत्ता पारिएका व्यक्तिहरूलाई सार्वजनिक गर्न श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।

८ आतंककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ वमोजिमको अनुगमन समितिलाई कार्यान्वयनमा ल्याउन श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।

९ सरकारी निकायहरू तथा मानव अधिकारवादी संघ संस्था तथा व्यक्तिलाई आयोगको अनुगमन कार्यमा सक्रिय सहयोग पुऱ्याउन, मानव अधिकार उल्लघंनका घटनाहरू आयोगलाई उपलब्ध गराई त्यस्ता घटनाहरू दोहोरिन नदिनकोलागि सक्रिय हुन सार्वजनिक आह्वान गर्दछ ।

१० माओवादीका नाममा सर्वसाधारणको हत्या गर्ने तथा यातना दिने कार्य सुरक्षा सुरक्षाफौजबाट तुरुन्त रोकी विगतमा गरिएका घटनाहरूको पुनः मूल्यांकन गर्न सम्वन्धित सुरक्षा निकायहरूको ध्यानाकर्षणकोलागि सिफारिश गर्दछ ।

११ ने.क.पा. माओवादीबाट निर्दोष जनतालाई अपहरण गर्ने, हत्या गर्ने, यातना दिने, चन्दा उठाउने र व्यक्तिगत सम्पत्तिमा रोक लगाउने र श्रम कैद गर्ने जस्ता कार्य तुरुन्त रोक्न सार्वजनिक आह्वान गरिन्छ ।

१२ मानव अधिकारको रक्षाको सवालमा राज्यका विभिन्न निकाय, वुद्धीजिवी, पेशागत सँगठन, मानव अधिकार संघ संस्था, विदेशी कुटनैतिक निकाय लगायत संयुक्त राष्ट्र संघ समेतलाई आ-आफ्नो स्तरमा शान्ति प्रयासको पहल गर्न अनुरोध र आह्वान गर्दछ ।

१३ बालबालिकाहरूलाई द्वन्द्वबाट अलग राख्न र विद्यालयलाई शान्ति क्षेत्रको रुपमा मान्यता प्रदान गर्न श्री ५ को सरकार तथा ने.क.पा. माओवादी दुवैलाई आह्वान गर्दछ ।

१४ श्री ५ को सरकार तथा ने.क.पा. माओवादीलाई आ-आफ्ना नीतिहरू, काम गर्ने तौर तरिकको पूनर्मुल्याङ्कन गरी मानव अधिकार रक्षार्थ संबेदनशिल भई आवश्यक परिमार्जन गर्न अनुरोध गरिन्छ ।

१५ सुरक्षा कारवाहीमा मारिए पश्चात व्यक्तिको अभिलेख राख्न, सवै कानूनी कागजात तयार गर्न वा कानूनी प्रक्रिया पूरा गर्न गराउन श्री ५ को सरकार समक्ष अनुरोध गरिन्छ ।

१६ संविधान र प्रचलित कानूनको सम्मान गर्दै सम्पुर्ण निकायहरूबाट हुने काम कारावाही पूर्णत कानून बमोजिम हुने गरी गर्ने गराउने तर्फ तत्काल कदम चाल्न श्री ५ को सरकारलाई अनुरोध गरिन्छ ।

१७ सशस्त्र द्वन्द्वको समयमा गरिने कतिपय कार्यहरू जस्तो : बन्द, नाकाबन्दी, यातायात वन्द, खाद्यान्न ढुवानीमा रोक जस्ता कार्यहरू तुरुन्त रोक्न सम्बन्धित पक्षलाई अनुरोध गर्दछ ।

१८ सशस्त्र द्वन्द्वको समयमा आम जनसमुदायमा पर्ने असरहरूलाई न्युनीकरण गर्न द्वन्द्वरत पक्षहरूलाई जेनेभा महासन्धिको साझा धारा ३ तथा समग्र रुपमा जेनेभा महासन्धिहरू र तिनका प्रथम र द्वितीय आलेखहरूको भावनाको कदर गर्दै गैरसैनिक व्यक्ति, समुदाय, वस्तु र लक्ष्यहरूको सम्मान गर्न सम्वन्धित पक्षहरूलाई आह्वान गर्दछ ।

१९ विकासका संरचनाहरू जनताको विकासको अधिकारसँग गाँसिएका र सैनिक आक्रमणको निशाना वनाउन नपाइने भएकोले त्यसलाई ध्वंस गर्ने कार्य तत्काल रोक्न सम्वन्धित पक्षहरूलाई आह्वान गर्दछ ।

२० विद्यालय र सोसँग सम्वन्धित पक्ष जस्तै : शिक्षक, विद्यार्थी, व्यवस्थापक समिति र शिक्षा क्षेत्रका कर्मचारीहरूलाई हक अधिकारको सम्मान गर्न र विद्यालयको कम्पाउण्ड सँगै जोडेर स्थापना गरिएको वा विद्यालयको नजिकै खडा गरिएका सुरक्षा पोष्टहरू तुरुन्त हटाउन आह्वान गर्दछ ।

२१ द्वन्द्वका समयमा घाइते भएका व्यक्तिहरूको तत्काल उचित उपचारको प्रवन्ध गर्न र अस्पताललाई द्वन्द्वको प्रभावबाट अलग राख्न श्री ५ को सरकारलाई आह्वान गर्दै त्यस्तो उपचारमा संलग्न डाक्टरहरूलाई सुरक्षाको प्रत्याभूति दिलाउन सिफारिस गर्दछ ।

२२ रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आई.सि.आर.सि.) लाई जेल, थुनुवाकेन्द्र तथा सैनिक क्याम्पको भ्रमण गर्न र अन्तर्राष्ट्रिय मानवीय कानूनको पालनाका सम्वन्धमा सुरक्षा निकायलाई आवश्यक तालीम र सल्लाह उपलब्ध गराउनुका साथै मानवीय स्थितिको अध्ययन गर्न विना रोकटोक मानवीय संस्थाहरूको द्वन्द्व प्रभावित क्षेत्रहरूमा उपस्थितिको व्यवस्था मिलाउन श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।

२३ समाजमा अझै पनि कतिपय कुप्रथाहरू विद्यमान रहिरहेकोले त्यसलाई हटाउन सचेतना कार्यक्रम संचालन गर्न श्री ५ को सरकारलाई अनुरोध गरिएको छ ।

२४ अनुगमनबाट कारगारको भौतिक स्थिति अझै पनि केही जिल्लामा सन्तोषजनक नदेखिएको र कारागार प्रशासनबाट स्थानीय तहमै व्यवस्थापन गर्न सकिने कतिपय कार्यहरू पनि नभएको पाइएकोले कारागार सुधारकालागि आवश्यक पहल गर्न श्री ५ को सरकार समक्ष अनुरोध गरिएको छ ।

२५ वर्तमान सशस्त्र द्वन्द्वलाई राज्यपक्ष र ने.क.पा. माओवादीबीच बार्ताको प्रक्रियाद्वारा छिटो भन्दा छिटो समाधान गरी मानव अधिकारको रक्षा गर्ने वातावरण बनाउन नागरिक समाजलाई पहल गर्न आह्वान गरिएको छ ।

## ५.३.४ अनुगमनका उपलब्धिहरू

आयोगले विभिन्न जिल्लामा गई मानव अधिकार स्थितिको अनुगमन गर्ने कार्य गरेबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा मूलत देहायमा उल्लेखित उपलब्धिहरू हासिल भएका छन् :

१ आयोगले अनुगमन गरेका जिल्लामा मानव अधिकार आयोगको सम्वन्धमा धेरैलाई जानकारी भएको र विभिन्न व्यक्ति वा संघ संस्थाहरू जागरुक भई मानव अधिकार उल्लंघनका घटनाको सम्वन्धमा आयोगमा उजुरी प्राप्त हुने गरेको ।

२ कतिपय जिल्लामा मानव अधिकारको उल्लंघनका घटनाहरूमा कमी आएको र घटनाको प्रकृतिमा पनि सुधार आएको ।

३ आयोग र श्री ५ को सरकारका निकायहरूबीचको सम्वन्धमा सुधार आएको । एक अर्कालेआफ्नो जिम्मेवारी निर्वाह गर्ने सम्वन्धमा के कसरी सहयोग पुऱ्याउन सकिन्छ भन्ने विषयमा सकारात्मक परिवर्तन आएको र एक अर्काका कठिनाईहरूको वारेमा जानकारी प्राप्त भएको ।

४ नागरिक समाज, सुरक्षा निकाय तथा माओवादी पक्षलाई समेत आफ्नो दायित्व बोध गर्न गराउन अनुगमन प्रभावकारी रहेको छ ।

५ देशका विभिन्न भागमा विद्यमान रहेको मानव अधिकारको स्थिति, प्रचलित कानूनको कार्यान्वयनको स्थिति तथा विद्यमान द्वन्द्व र यसले पारेको प्रभावको विषयमा समेत जानकारी प्राप्त भएको छ । यसका अतिरिक्त मानव अधिकार उल्लंघनका प्रचलनहरूको वारेमा पनि जानकारी हासिल भएको छ ।

६ संकटकालको अवधिमा गरिएको ३५ जिल्लाको अनुगमन प्रतिवेदनका आधारमा द्वन्द्वको अवस्थामा मानव अधिकारको रक्षाकोलागि चाल्नु पर्ने न्यूनतम पाईला सम्वन्धमा छुट्टा छुट्टै दस्तावेज तयार गरी श्री ५ को सरकार तथा ने.क.पा. माओवादी समक्ष सुझाव प्रस्तुत गरिएको थियो र श्री ५ को सरकारले आयोगको सुझाव अनुसार नै २५ वुँदे प्रतिवद्धता जारी गरेको थियो ।श्री ५ को सरकार तथा माओवादी पक्षबाट वेलावेलामा मानव अधिकार तथा मानवीय कानूनका सम्वन्धमा प्रतिवद्धताहरू व्यक्त गरिरहनु पनि प्रतिवेदन कार्यान्वयनको सकारात्मक उदाहरण हो ।

## ५.३.५ अनुगमनको क्रममा देखा परेका चुनौतीहरू

तत्कालीन विषय परिस्थिति, स्रोत र साधनको सीमितता र अनुभवको कमी आदि कारणले गर्दा देशका सबै जिल्लामा प्रभावकारी रुपमा अनुगमन गर्न सकिएन । अनुगमनकर्ताको चयनमा भएको अव्यवस्थितपना र निश्पक्षताको कमी, पाठ्यसामग्री र प्रशिक्षण अपूर्ण रहनु, आचारसंहिताको पालना

नहुनु, सूचनाहरू गोप्य राख्न नसक्नु, जिल्ला सदरमुकाम बाहेक भित्रका क्षेत्रमा टोली जान नसक्नु, टोलीका सदस्यमा प्रतिवद्धता र लगनशीलताको कमी, प्रतिवेदन कहाँ र कसरी लेख्ने भन्ने विषयमा स्पष्ट खाका नहुनु, आन्तरिक र बाह्य प्रतिवेदनको स्वरुप कस्तो हुने भन्ने विषयमा जानकारी नहुनु, छनौट गरे भन्दा बढी व्यक्ति तालिममा सहभागी हुन आउनाले आर्थिक तथा प्राविधिक क्षेत्रमा परेको कठिनाई, प्रतिवेदन संतुलित र व्यवस्थित हुन नसक्नु आदिले गर्दा अनुगमनबाट सोचे जति उपलब्धि हासिल हुन सकेन भने सुरक्षा निकायबाट कडा आलोचना खेप्नु परेको थियो । निश्पक्षता, गोपनियता, र व्यवसायिकताको विषयमा आयोग प्रति असन्तुष्टि व्यक्त गरेका थिए । यी सबैका पछाडि सीमित संख्यामा रहेका परियोजनाका कर्मचारी उपर गरिएको पूर्ण विश्वास तथा आयोग र परियोजना एकीकृत भई संचालन हुन नसक्नु प्रमुख कारणको रुपमा रहेका थिए । अनुगमनकर्ता छनौट गर्ने कार्यमा नै निश्पक्षता नभई राजनैतिक पृष्ठपोषण भएको भन्ने आलोचना पनि खप्नु परेको थियो । तर यति हुदा हुदै पनि व्यापक रुपमा गरिएको यो अनुगमनले नै आयोगलाई मुलुक भरी चिनाउन सफल रह्यो भने यस कार्यबाट मानव अधिकार उल्लंघनका घटनाहरू पनि उजागार हुन पुगे । अनुगमनमा देखा परेका चुनौतीहरूलाई संक्षिप्त रुपमा तल उल्लेख गरिएको छ ।

१. अनुगमनकर्ताबाट संकलित तथ्य, सूचना एवं विवरणलाई सुरक्षित तवरले आयोगसम्म ल्याउनमा कठिनाई भएको
२. अनुगमन कर्ताको जोखिम न्यूनीकारण हुन नसकेको, विमाको व्यवस्था पछिल्ला दिनमा मात्र गरिएको
३. दोहोरो भिडन्तका कारण सुरक्षा स्थिति जोखिमपूर्ण हुनु
४. अनुगमन पश्चात प्राप्त प्रतिवेदनको विश्लेषण गरी भविष्यमा अझ बढी व्यवस्थित रुपमा अनुगमन गर्न एवं अनुगमन प्रतिवेदनको कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा साझा दृष्टिकोणको अभाव
५. अनुगमनको क्रममा विद्रोही पक्षसँग गरिनु पर्ने व्यवहार र आयोगको सन्देश प्रवाहित गर्ने कार्यमा उनीहरूको के कस्तो भूमिका हुन सक्छ भन्ने विषयमा आयोगभित्र स्पष्ट धारणा बन्न नसक्नु
६. अनगमन सम्वन्धी नियमावली तथा निर्देशिकाको निमार्ण एवं कार्यान्वयनमा ढिलाई
७. हत्तारमा अनुगमनमा जाने निर्णय गर्नाले पर्याप्त तयारीको अभाव हुने गरेको जसबाट अनुगमन प्रभावकारी हुन नसकेको
८. अनुगमन संरक्षण कार्यका रुपमा मात्र लिईने गरेको यसबाट प्राप्त निष्कर्षको विश्लेषण गरी योजना तथा नीति नियम एवं कार्यक्रममा परिमार्जन गर्न, कानूनी सुधार जस्ता पक्षमा उपयोग हुन नसक्नाले वास्तविक फाईदा हुन नसकेको
९. शुरुका दिनमा अनुगमन सम्वन्धी विशिष्टीकृत ज्ञान सीपको अभाव र नयाँ कर्मचारीलाई प्रर्याप्त तालीम विना नै फिल्डमा पठाउने गरिएको
१०. अनुगमन नागरिक तथा राजनैतिक अधिकारसँग सम्वन्धित विषयमा मात्र बढी केन्द्रित भएकोले आर्थिक, सामाजिक तथा साँस्कृतिक लगायत अन्य अधिकारको प्रचलनको स्थिति सम्वन्धमा पर्याप्त मात्रामा यथार्थ जानकारी प्राप्त गर्न सकिएन ।

## ५.४ शान्ति प्रक्रियामा आयोग

मानव अधिकार र शान्तिबीच अन्योन्याश्रित सम्वन्ध रहेको कुरामा दुई मत हुन सक्दैन । मुलुकमा शान्ति र अमनचैनको वातावरण रहेमा मात्र मानव अधिकारको संरक्षण हुन सक्ने एवं देशमा स्थायित्व र विकास हुन सक्ने कुरालाई हृदयंगम गरी आयोगले राजनीतिक परिदृष्यबाट आफूलाई अलग राखी केवल शान्ति स्थापनामा सहयोग पुर्याउनु उपयुक्त ठानी यस सम्वन्धमा विभिन्न कार्यहरू गर्यो । आयोगले सरकार तथा ने.क.पा. माओवादी दुवै पक्षलाई युद्ध विराम गरी वार्ताको माध्यमबाट अविलम्व विवादको समाधान गर्न पटक पटक आह्वान गर्दै आएको छ । वालवालिका, उनीहरू पढ्ने विद्यालय तथा स्वास्थ्य संस्थालाई शान्ति क्षेत्रको रुपमा मान्यता प्रदान गर्न पनि अनुरोध गरेको छ । यसका अतिरिक्त आयोगले मानव अधिकार संझौतापत्र, युद्धविराम आचार संहिताको निर्माण गर्नुका साथै शान्ति विथोल्ने कुनै पनि किसिमका कार्यहरू कतैबाट हुन नदिन सम्वन्धित पक्षको ध्यानाकर्षण गराउदै आएको छ । मुलुकमा स्थायी शान्ति वहालीकोलागि शान्ति प्रक्रियाका विभिन्न चरणहरूमा मानव अधिकारका विषयहरूलाई संवोधन गरिनु पर्छ भन्ने आयोगको जोडदार भनाई रहेको थियो । यसका अतिरिक्त आयोगले सम्वद्ध सरोकारवालाहरूसँग वेलावेलामा विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । आयोगद्वारा शान्ति प्रक्रियामा मानव अधिकारलाई संवोधन गर्ने सन्दर्भमा भएका पहल एवं सम्पन्न गरिएका कार्यक्रममा सम्वन्धमा देहायका वुँदाहरुमा संक्षिप्त प्रकाश पारिएको छ ।

### ५.४.१ नेपालमा मानव अधिकार र द्वन्द्वको अवस्था बारे अनौपचारिक गोलमेच अन्तर्क्रिया

नेपालमा मानव अधिकार र द्वन्द्वको अवस्था बारे राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मञ्च तथा राष्ट्रिय मानव अधिकार आयोगको संयुक्त तत्वावधानमा मिति २०५९ माघ ४ गते काठमाडौंमा एक दिने अनौपचारिक गोलमेच अन्तर्क्रिया सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा प्रधानमन्त्रीको कार्यालय, मन्त्रीपरिषद् सचिवालय, राष्ट्रिय सुरक्षा परिषद्, गृह मन्त्रालय, शाही नेपाली जंगी अड्डा, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल आदिका प्रमुख जिम्मेवार पदाधिकारीहरूलगायत विदेशी संस्था, प्रमुख राजनैतिक पार्टी, राष्ट्रिय महिला आयोग तथा भारत, श्रीलंका, बंगलादेश र पाकिस्तानका मानव अधिकारवादी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त अवसरमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीले मानव अधिकार र द्वन्द्वको यो अवस्था आइपुग्नुमा विगत वर्षदेखि विद्यमान भष्ट्राचार र मानव अधिकार उल्लंघनका विविध पक्षहरू जिम्मेवार भएको कुरा उल्लेख गर्दै जातीय भेदभाव, सामाजिक भेदभाव, असमान विकास पनि उत्तिकै जिम्मेवार रहकोले यस समस्याको समाधानकोलागि सरकार र माओवादीबीच वार्ता हुनुपर्ने, मानव अधिकार संस्कृतिको विकासको साथै देशमा कानूनको राज हुनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

### ५.४.२ द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण

श्री ५ को सरकार र माओवादी पक्ष बीच शान्तिवार्ता सुरु भइसकेको परिप्रेक्ष्यमा वार्तालाई स्थायी शान्तितर्फ उन्मुख गराउनको लागि वार्ताको क्रममा मानव अधिकार सम्वन्धी विषयहरूले पनि प्राथमिकता पाउनुपर्ने भन्ने आयोगको सोच रहेको सन्दर्भमा यस प्रक्रियामा आयोगले के कस्तो भूमिका खेल्न सक्छ भन्ने विषयमा अन्तर्राष्ट्रिय विधि व्यवहार समेतको अध्ययन गरी आफनो भूमिकालाई रचनात्मक बनाउनुपर्ने आवश्यकता

देखिएको । यसका लागि यसै विषयमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त विशेषज्ञको सेवा लिनु उपयुक्त हुने देखिएको । यसै सन्दर्भमा TRANSCEND भन्ने संस्थाका निर्देशक Prof. John Galtung भन्ने व्यक्तिको व्यक्तिगत विवरण समेत अध्ययन गर्दा यस विषयमा निज Prof. Galtung लाई नै बोलाउन उपयुक्त देखिँदा उहाँलाई झिकाउने सम्वन्धमा आयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत प्रक्रिया चलाउने भनी मिति २०६०/१/१६ मा निर्णय गरिएको थियो ।

## ५.४.३ युद्धविराम कायम रहेको अवस्थामा आयोगद्वारा भएका पहलहरू

मिति २०५९/१०/२२ मा राष्ट्रिय मानव अधिकार आयोगले विद्यमान युद्धविरामलाई स्थायी शान्तिको प्रवेशद्वार बनाउदै हिंसाको आधारको रूपमा रहेका आर्थिक, सामाजिक, सास्कृतिक तथा राजनैतिक समस्याहरूको शान्तिपूर्ण निकासको लागि मानव अधिकारप्रतिको इमान्दारीपूर्ण सम्मान र मानव अधिकार संस्कृतिको निर्माणमा ने.क.पा. (माओवादी) को पूर्ण प्रतिबद्धता रहने छ भन्ने अपेक्षा गर्दै निम्न कुराहरूमा ध्यानाकर्षण गराइएको थियो :-

क) हालसम्म त्यस पार्टीको क्रियाकलापअन्तर्गत विभिन्न समयमा हत्या गरिएका व्यक्तिहरूको विस्तृत जानकारी अविलम्ब सार्वजनिक गर्ने ।

ख) बालबालिकाहरूलाई पनि पार्टीका विभिन्न क्रियाकलापमा संलग्न गराइएको भन्ने बुझिएकोमा अबदेखि बालबालिकाहरूलाई पार्टीको कुनै पनि काममा संलग्न नगराउने प्रतिबद्धता सार्वजनिक गर्न र त्यस्ता बालबालिकाहरूलाई अविलम्ब निजहरूको परिवारमा संलग्न हुने व्यवस्था मिलाउनुका साथै विद्यालय तथा स्वास्थ्य केन्द्रहरूमा सहज रूपमा सञ्चालन हुने वातावरण सृजना गर्ने ।

ग) जनताको मानव अधिकारप्रति प्रतिबद्धता व्यक्त गर्दै विना भेदभाव सबैको आ-आफ्नो घर फर्की शान्तिपूर्ण जीवनयापन गर्न पाउने अधिकारको सम्मान गर्ने ।

घ) बलजफती चन्दालगायत अपहरण वा अन्य कुनै कार्वाहीबाट जनतालाई त्रसित नपार्न तथा जनहितको लागि निर्माण गरिएका भौतिक संरचनाको संरक्षण गर्न सहयोग गर्ने ।

ङ) युद्धविराम पालना एवम् अन्य गतिविधिको लागि निर्माण गरिने आचारसंहिताप्रति प्रतिबद्धता सार्वजनिक गर्ने ।

मिति २०५९/१०/२८ मा वार्ताद्वारा नै समस्याको समाधान खोजी गर्ने निरन्तर प्रयासको फलस्वरूप राष्ट्रिय मानव अधिकार आयोगले सरकार र माओवादी बीच युद्धविरामका विषयमा न्यूनतम समझदारी बनाउन र वार्ताको प्रक्रियालाई अझ स्पष्ट, दरिलो तथा भरोसायोग्य बनाउन अन्तर्राष्ट्रिय मापदण्ड तथा मानव अधिकारको मान्य सिद्धान्त अनुरूपको युद्धविरामको आचारसंहिता सम्वन्धी सम्झौताको मस्यौदा दुवै पक्षलाई बीचारार्थ प्रस्तुत गऱ्यो । उक्त सम्झौताको मस्यौदामा युद्धविरामको परिभाषा, सशस्त्र बलको परिचालन, हिडडुल गर्ने स्वतन्त्रता, स्थिति सामान्यीकरणका अन्य उपायहरू, युद्धविरामको अनुगमनका नियमलगायत सम्झौताको प्रारम्भ र संशोधन समेतका विषयमा स्पष्ट नियमहरू प्रस्ताव गरिएको छ ।

२०६०।१।३० ने.क.पा.(माओवादी) तथा श्री ५ को सरकारबीच सम्पन्न भएको युद्धविरामको अनुगमन गर्नकोलागि यस आयोगका प्रतिनिधिको संयोजकत्वमा अन्य विभिन्न संस्थाका प्रतिनिधिहरू समेत रहने गरी अनुगमन समिति निर्माण गर्न वार्ताका दुवै पक्ष सहमत भएको भन्ने सञ्चार माध्यमबाट जानकारी हुन आएको हुँदा यस आयोगमाथि दुवै पक्षले विश्वास गरी यस्तो महत्वपूर्ण कामको जिम्मा दिएकोमा आयोग धन्यवाद ज्ञापन गर्दछ । अनुगमन गर्ने कार्य आफैमा जटिल र सम्वेदनशील भएको हुँदा यस कार्यबाट आयोगको गरिमामा आँच नआओस् भनी अनुगमन समितिका सम्वन्धमा केही कुरा प्रष्ट हुनुपर्ने हुँदा विशेष गरी यो समितिको कार्यक्षेत्र, सूचनाको सङ्कलन, त्यसको छानविनलगायत अनुगमन गर्नकोलागि आवश्यक पर्ने भौतिक पूर्वाधारका सम्वन्धमा र यसले गरेका सिफारिसहरूको कार्यान्वयन गर्ने विषयमा समेत प्रष्ट गरी पठाउन वार्ताका दुवै पक्षलाई लेखी पठाउने निर्णय गरियो ।

मिति २०६०।४।१३ मा देशमा स्थायी शान्तिकोलागि माओवादी र श्री ५ को सरकारबीच चलिरहेको वार्ता प्रक्रियाको दोस्रो चरणपछि धेरै समयको अन्तरालमा मात्र तेस्रो चरणको वार्ता शुरु गर्न श्री ५ को सरकारबाट मिति २०६०।३।२८ मा माओवादीलाई पत्र लेखेकोमा माओवादीले मिति २०६०।४।७ मा सो सम्वन्धमा श्री ५ को सरकारलाई जवाफ पठाएको, त्यस्तै मिति २०६०।४।८ मा श्री ५ को सरकारले माओवादीलाई र पुनः मिति २०६०।४।११ मा माओवादीले श्री ५ को सरकारलाई ५ दिनभित्र जवाफ पठाउन पत्र लेखेबाट तेस्रो चरणको वार्ताको मिति तय हुन नसकी यसरी एक आपसमा भएको पत्राचारले विश्वासको वातावरण बनाउने भन्दा दूरी बढाउने काम गरेको छ । वार्ता नहुँदाको परिणाम अकल्पनीय हुने हुनाले यसले आयोगलाई गम्भीर रूपमा चिन्तित तुल्याएको छ ।

स्थिति गम्भीर भए तापनि दुवै पक्षले युद्धविराम गरी आचारसंहितामा हस्ताक्षर गरी प्रतिबद्ध रही एक आपसमा पत्राचारमा मात्रै नलागी आआफ्ना अडानमा पुनर्विचार गरी राष्ट्र हितकोलागि यथाशीघ्र वार्ताको टेबुलमा बस्न दुवै पक्षलाई जोडदार आह्वान गर्ने ।

आचारसंहितामा उल्लेख भएका मानव अधिकारसँग सम्बन्धित बुँदाहरूमा आयोग स्वयम्ले अनुगमन गर्ने कार्यलाई अविलम्ब सुरु गर्नको लागि निम्न कुराहरू अविलम्ब गर्ने निर्णय गरियो ।

(क) आयोगले श्री ५ को सरकार र नेकपा माओवादी दुवै पक्षलाई पठाएको अनुगमनका आधछार तथा प्रक्रियाहरूमा दुवै पक्षको सहमति प्राप्त गर्न प्रयास गर्ने ।

(ख) आयोगले गर्ने अनुगमनको विषयमा राजनैतिक दलका शीर्षस्थ नेताहरू, कुटनैतिक नियोगका प्रमुखहरू तथा नागरिक समाजका विशिष्ट व्यक्तिहरूसँग छलफलको प्रक्रियालाई अगाडि बढाउने ।

(ग) मानव अधिकारसँग सम्बन्धित तथा नागरिक समाजका विशिष्ट व्यक्तिहरूको एउटा सल्लाहकार समिति बनाउने ।

(घ) सल्लाहकार समितिका सदस्यहरू समेत संलग्न गराई देशका विभिन्न भागमा आचारसंहितामा निहित मानव अधिकार सम्वन्धी स्थिति अवलोकन गर्न जाने निर्णय भयो ।

## ५.४.४ युद्धविराम भङ्ग भइसकेको अवस्थमा आयोगद्वारा भएको पहल र विभिन्न क्षेत्रको ध्यानाकर्षण

१. श्री ५ को सरकारले राज्यको दायित्व अन्तर्गत मानव अधिकार तथा मानवीय कानून सम्वन्धमा चाल्नु पर्ने न्यूनतम पाईलाहरूका सम्वन्धमा श्री ५ को सरकारलाई सिफारिस गरी पठाउनुका साथै ने.क.पा. (माओवादी) लाई मानव अधिकारको सम्मान र मानवीय कानून परिपालनका सम्वन्धमा चाल्नु पर्ने न्यूनतम कदमहरूका सम्वन्धमा लेखी पठाएको थियो ।

२. अयोगद्वारा मस्यौदा भएको मानव अधिकार सम्झौता पत्रमा हस्ताक्षरकोलागि अनुरोध गरी सरकार तथा माओवादीलाई पठाइएको युद्धविराम भङ्ग भई नयाँ परिस्थिति सिर्जना हुन गएको हुनाले बदलिदो परिप्रेक्ष्यमा यस मस्यौदालाई पुनरावलोकन गर्ने कार्य सम्पन्न गऱ्यो । उक्त परिमार्जित मानव अधिकार संझौतापत्रको पूर्ण विवरण अनुसूची १३ मा समावेश गरिएको छ ।

**३. विभिन्न सङ्गठनहरूले शान्ति वार्ताकोलागि खेलेको भूमिका**

एम्नेष्टी ईन्टरनेशनलका एशिया प्रशान्त निर्देशक Ingrid Massage ले १० जनवरी २००५मा नेकपा माओवादीका अध्यक्ष प्रचन्डलाई एक पत्र लेखी मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न अनुरोध गर्दै हत्या, अपहरण, यातना लगायतका क्रियाकलापहरू बन्द गरी वार्ताको माध्यद्वारा समस्या समाधान गर्न अग्रह गर्नु भएको थियो ।

**४. विद्रोहीको ध्यानाकर्षण**

१६ मार्च २००४ मा संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको बैठकको सन्दर्भमा ने.क.पा. (माओवादी) ले एक पत्र लेखी मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय समुदायको ध्यान आकृष्ट गरेको थियो जसमा आफ्नो पार्टीको मानव अधिकार तथा मानवीय कानून प्रतिको प्रतिबद्धता पुनः दोहऱ्याउँदै अन्तर्राष्ट्रिय समुदायलाई स्थलगत रुपमै नेपालको मानव अधिकार अवस्थाको अनुगमन गर्न अनुरोध गरिएको थियो ।

**५. एशियाली मानव अधिकार आयोगले खेलेको भूमिका**

एशियाली मानव अधिकार आयोग नामक संस्थाले संयुक्त राष्ट्र संघका महासचिवको वक्तव्यले नेपाली जनताको कष्ट अन्त्यको गर्नको लागि महत्वपूर्ण अवसर सृजना गरेको भन्दै २८ डिसेम्वर २००४ मा वक्तव्य प्रकाशित गरेको थियो ।

**६. संयुक्त राष्ट्र संघका महासचिवद्धारा चासो व्यक्त**

२३ डिसेम्वर २००४ मा संयुक्त राष्ट्र संघका महासचिवका प्रवक्ताले एक वक्तव्य जारी गर्दै नेपालमा बढिरहेको संघर्ष र त्यसबाट निरन्तर गम्भीर रुपमा मानव अधिकार उल्लंघनका घटनाहरू बढी रहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै द्वन्द्वले प्रजातन्त्र र मानव अधिकारलाई आघात पार्नुका साथै विकास कार्यमा समेत अवरोध पुऱ्याएको तथ्य औंल्याउनु भएको थियो । त्यसैगरी मानव अधिकारकर्मीहरूको सुरक्षामा खतरा भइरहेको अवस्था प्रति ध्यानाकर्षण गर्दै राष्ट्रिय मावन अधिकार आयोग लगायत सम्पूर्ण मानव अधिकार कर्मीहरूलाई आफ्नो कार्य निर्वाधरुपमा सञ्चालन गर्ने वातावरणको प्रत्याभूति गर्न समेत अनुरोध गरिएको थियो । विज्ञप्तिमा श्री ५ को सरकार तथा मानव अधिकार उच्चायुक्तको कार्यालयकोबीच समझदारी पत्रमा हस्ताक्षर सम्मन्न हुनु सुखद कदम हो भन्ने धारणा राख्दै सरकार तथा माओवादीलाई सबै राजनैतिक तथा नागरिक शक्तिको सहभागितामा वार्ताको पहल गर्न अनुरोध गर्दै आफ्ना तर्फबाट यस्तो पहललाई हरतरहले सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त भएको थियो [१२]

यसरी आयोगले स्थापना कालदेखिनै द्वन्द्वको शान्तिपूर्ण सामाधान वार्ताको टेवलबाट नै निस्कन सक्ने अवधारणामा स्पष्ट अडान राख्दै जुनसुकै अवस्थमा मानव अधिकारको सम्मान हुनपर्ने कुराको जोडदार आवाज उठाउदै द्वन्द्वरत पक्षलाई मानव अधिकार सम्झौता पत्रमा हस्ताक्षर गर्न अनुरोध गरेको थियो । यसका अतिरिक्त मानव अधिकार तथा मानवीय कानून परिपालनाका सम्वन्धमा आफूले निरन्तर एवं सक्रिय रुपमा अनुगमन गर्ने प्रतिवद्धता पनि दर्शाउँदै आएको छ ।

## ५.५ महासन्धि एवं ऐन कानून पुनरावलोकन

मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने ऐन प्रदत्त दायित्व निर्वाह गर्ने सिलसिलामा नेपाल पक्ष भएका महासन्धि एवं तत् सम्वन्धी नेपाली कानूनको पुनरावलोकन तथा श्री ५ को सरकारबाट प्राप्त आवधिक प्रतिवेदनहरूको अध्ययन गरी सुझाव प्रस्तुत गर्ने जस्ता कार्यहरूको महत्वपूर्ण

---

[१२] 23 December 2004: Statement attributable to the spokesman for the secretary -General , UN

"The Secretary General is deeply troubled by reports of on escalation of fighting in Nepal and of continued grave human rights violations. The conflict is undermining democracy and human rights and seriously hindering development activities.
Reports that human rights defenders in Nepal face grave threats to their safety and security are very disturbing. The safety and ability of the NHRC and all human rights activities to carry out, their essential work should be guaranteed .In that regards the recent signing of a memorandum of understanding between His Majesty's Government of Nepal and the Office of the High Commissioner for Human Rights is a welcome step.
The Secretary -General once again calls for an urgent cassation of fighting and the initiation of dialogue between the Government and the communist party of Nepal (Maoist) with the participation of all political and civil forces we stands ready to assist such a National effort
New York 23 December 2002

भूमिका रहने कुरालाई मनन गरी आयोगले पाँच वर्षको अवधिमा सो सम्वन्धी विभिन्न कार्य गर्दै आएको छ । आयोगले पाँच वर्षे अवधिमा गरेको महासन्धी तथा कानूनको पुनरावलोकन सम्वन्धी कार्यहरूलाई देहाय बमोजिम चर्चा गरिएको छ ।

## ५.५.१ महासन्धि सम्वन्धी कार्य

नेपालले अन्तर्राष्ट्रिय जगतमा मानव अधिकार प्रतिको आफनो प्रतिवद्धता जनाउने क्रममा १६ वटा महासन्धिमा अनुमोदन गरिसकेको र सो महासन्धीहरू मध्ये प्रमुख ६ वटा महासन्धिको प्रावधान अनुरूप सम्वन्धित समितिमा अवाधिक प्रतिवेदन वुझाउनु पर्ने दायित्व राज्यको रहेको हुन्छ । मानव अधिकार आयोग ऐन, २०५३ दफा ९ मा नेपाल पक्ष भएका प्रतिवेदन वुझाउनु पर्ने दायित्व भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिको अवाधिक प्रतिवेदने आयोगको राय लिएमात्र पठाउर्नु पर्ने प्रावधान रहेको र श्री ५ को सरकारबाट तयार भई रायको लागि आयोगमा प्राप्त भएका त्यस्ता आवाधिक प्रतिवेदनको अध्ययन गरी आयोगले श्री ५ को सरकारमा राय सुझाव पठाउनुपर्नेसमेत उल्लेख गरिएको छ । नेपाल पक्ष भएका महासन्धिहरुको विवरण अनुसूची १४ मा समावेश गरिएको छ ।

## ५.५.२ आवधिक प्रतिवेदन सम्वन्धी कार्य

आयोगको स्थापनाको शुरू वर्षमा नेपालले पठाउनु पर्ने महासन्धिहरूको आवाधिक प्रतिवेदनहरूको अवस्थाको बारेमा अध्ययन गरिदा कतिपय महासन्धिहरूका प्रतिवेदनहरू लामो समयसम्म पनि नपठाइएको, केहि पठाइएका आवाधिक प्रतिवेदन पनि सम्वन्धित समितिले तोकेको मापदण्ड अनुरूप नलेखिएको तथा कुन कुन मन्त्रालयले प्रतिवेदन पठाउनु पर्ने स्पष्ट नभएको जस्ता कठिनाईहरू देखिएका थिए । आवाधिक प्रतिवेदनहरूबाट देशको मानव अधिकार स्थिति लगायत मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि राज्यले अख्तियार गरका प्रशासनिक, न्यायिक तथा कानूनी उपायहरूको बारेमा समेत जानकारी प्राप्त भई मानव अधिकारको उल्लघंनका घटनाहरूको नियन्त्रणमा सहयोगी हुन कुरालाई समेत मनन गरी नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरू बमोजिम अन्तर्राष्ट्रिय निकायमा पेश गर्नुपर्ने प्रतिवेदनहरू व्यवस्थित तथा नियमित ढङ्गले तयार गर्न सम्पर्क विन्दु तोक्ने सम्बन्धमा आवश्यक संरचना निर्माण गर्न सम्वन्धमा श्री ५ को सरकारलाई आवश्यक सुझाव प्रदान गर्ने उद्देश्यले २०५९।७।१२ मा आयोग र सम्बन्धित मन्त्रालयका सचिवहरूबीच "Seminar on International Human Rights Reporting Obligations of His Majesty's Government" विषयक एक दिवसीय गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीबाट प्राप्त निचोड सहित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयनको सम्बन्धमा मन्त्रिपरिषद्को मिति २०५९।८।४ को च. नं. ४५ को पत्र मार्फत मन्त्रीपरिषदबाट स्वीकृत संरचना यस प्रकार छ :

| क.सं. | महासन्धि | मन्त्रालय |
|---|---|---|
| १ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CERD) | स्थानीय विकास मन्त्रालय |
| २ | बालअधिकार सम्वन्धी महासन्धि (CRC) | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ३ | महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW) | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ४ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) | मन्त्रिपरिषद् सचिवालय (प्रतिवेदन लेखन तथा सम्बन्धित सबै मन्त्रालयसँग समन्वय गर्ने अभिभारा) |
| ५ | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) र स्वेच्छिक उपलेख | गृह मन्त्रालय |
| ६ | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि (CAT) | गृह मन्त्रालय |

उक्त संरचनामा आ-आफनो मन्त्रालय अन्तर्गत प्रतिवेदन कार्यसँग सम्बन्धित महाशाखा तोक्ने लगायत प्रतिवेदन लेखनमा श्री ५ को सरकारका अन्य मन्त्रालयले गर्नु पर्ने सहयोगी भूमिकाको बारेमा समेत उल्लेख गरिएको थियो ।

## ५.५.३ महासन्धि उपर प्रतिवेदन लेखन तालिम

राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरिएको भूमिकामा सम्वन्धित मन्त्रालयका कर्मचारीलाई प्रतिवेदन लेखन सम्वन्धी सैद्धान्तिक, व्यावहारिक एवम् प्राविधिक पक्षमा तालिम प्रदान गर्ने भूमिका प्रदान गर्ने रहेको थियो । सोही भूमिका बमोजिम आयोगले आवधिक प्रतिवेदनलाई अन्तर्राष्ट्रिय प्रचलन एवं मापदण्ड बमोजिम लेखन तथा नियमित एवं ब्यबस्थित ढंगले पठाउने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले डेनिस इन्सटिट्युट फर ह्युमन राइटस (DIHR) को सहयोगमा श्री ५ को सरकारका विभिन्न निकायका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू तथा आयोगका कर्मचारीहरूलाई विभिन्न महासन्धिका प्रतिवेदन लेखनका सैद्धान्तिक, प्राविधिक तथा व्यवहारिक पक्षहरू सम्वन्धी तालिम कार्यक्रमहरू संचालन गरेको थियो । आयोगले निम्न बमोजिमका महासन्धिहरूको तालिमको संचालन गरको थियो ।

| क.स | तालिम दिइएको महासन्धिको नाम | मिति |
|---|---|---|
| १ | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि (CAT) | २००२ मार्च २४-२८ र पुर्नताजगी कार्यशाला २९ जुलाई ५ अगस्त २००३ |
| २ | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) | १३ -१७ डिसेम्वर २००३ |
| ३ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) | १२-१६ जनवरी २००५ |

## ५.५.४ प्रतिवेदन उपर आयोग राय सुझाव

आयोगको स्थापनाको शुरूको वर्षमा महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालयबाट तयार गरिएको बाल अधिकार सम्वन्धी महासन्धिको प्रतिवेदन मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आयोगलाई प्राप्त राय प्रतिक्रियाकोलागि भएकोमा आयोगले अध्ययन गरी सुझाव पठाएको थियो । आयोगको पाँच वर्षको अवधिमा श्री ५ को सरकारबाट आयोगमा प्राप्त भएका निम्न लिखित आवाधिक प्रतिवेदनहरूको अध्ययन गरी राय पठाएको छ ।

| क.स | महासन्धिको नाम | प्रतिवेदन पठाउने मन्त्रालय |
|---|---|---|
| १ | बाल अधिकार सम्बन्धी प्रतिवेदन | महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालय |
| २ | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि (CAT) को दोस्रो र तेस्रो आवधिक प्रतिवेदन | महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालय |
| ३ | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) दोस्रो र तेस्रो आवधिक प्रतिवेदन | गृह मन्त्रालय |

यसका अतिरिक्तसंयुक्त राष्ट संघको १९६२ को विवाहको सहमति, विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्वन्धी महासन्धि ( Convention on Concent to Marriage, Minimum Age of Marriage and Registration of Marrigae , 1962) महासन्धिको नेपाल पक्ष वन्न उपयुक्त हुने वा नहुने भन्ने विषयमा आयोगको सुझावको लागि अनुरोध गरिएकोमा आयोगले अध्ययन गरी सुझाव पठाएको थियो ।

### ५.५.५ कानूनको पुनरावलोकन

मानव अधिकार आयोग ऐनको दफा ९ अन्तर्गत मानव अधिकारको प्रबर्द्धनकालागि संविधान तथा प्रचलित अन्य कानूनद्वारा दिइएको संरक्षण सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक सिफारिस गर्नुपर्ने प्रावधान रहेको छ भने सोही दफाको देहाय (छ) मा मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी श्री ५ को सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक र उपयुक्त सुझाव दिने दायित्व तोकिएको छ ।

आयोगस्थापनाको शुरूका वर्षहरूमा कानूनको पुनरावलोकनको प्राथमिकता क्रम निर्धारण भइनसकेको, कर्मचारीको अभाव एवं दक्षताको कमी, कानून पुनरावलोकन सम्वन्धी स्पष्ट निर्देशनको अभाव जस्ता कठिनाईहरू थिए । शुरूका वर्षहरूमा आयोग आवश्यक नियमावलीहरू बनाउनमा केन्द्रित हुनु परेको थियो । देशमा विद्यमान सम्पूर्ण ऐन कानूनको एकैपटक पुनरावलोकन गर्ने कार्य व्यावहारिक नहुने देखी आयोगले कानूनको पुनरावलोकनको सम्बन्धमा प्राथमिकताक्रम तोकी सोही अनुरूप क्रमिक रूपमा कानूनको पुनरावलोकन गर्ने योजना बनाएको छ । यसै सन्दर्भमा आयोगले क्षमता विकास परियोजना अन्तर्गत डेनिस इन्स्टिच्यूट फर ह्यूमन राइट्स (DIHR) को सहयोगमा मिति २०५९/९/३ मा एक दिने कार्यशाला गोष्ठीको आयोजना गरी कानून पुनरावलोकन कार्य योजनाको प्रारूप तयार पारेको थियो । मानव अधिकारको प्रचलनकोलागि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजहरू र संविधान तथा प्रचलित कानूनद्वारा दिइएका संरक्षण सम्बन्धी व्यवस्थाको पुनरावलोकन एवम् प्रभावकारी कार्यान्वयनको लागि श्री ५ को सरकारलाई आवश्यक र उपयुक्त सुझाव सिफारिश गर्ने सम्बन्धमा प्राथमिकताक्रम निर्धारण गर्न आयोगलाई सहयोग गर्नु उक्त कार्य योजनाको उद्देश्य रहेको थियो । तदनुसार कार्य गर्न आयोगले क्षमता अभिवृद्धि परियोजनाअन्तर्गत डेनिस इस्टिच्यूट फर ह्यूमन राइट्स (DIHR) को सहयोगमा अल्पकालीन अवधिकालागि परामर्शदाता समेत नियुक्ति गरी सुरक्षा सम्वन्धी कानून, महिला विरूद्ध हुने हिंसा सम्वन्धी कानून लगायत मानव बेचविखन सम्वन्धी कानूनहरुको पुनरावलोकन गरी सो को मस्यौदा प्रतिवदेन तयार भएको अवस्था छ । त्यसै गरी नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी महासन्धीका विविध पक्षमा अध्ययन गर्ने कार्य भइरहेको छ ।

### ५.५.६ सरकारका कार्य योजनाहरुका सम्वन्धमा सुझाव

आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धनकोलागि श्री ५ को सरकारबाट तर्जुमा भएका विभिन्न कार्ययोजनको तयारीको क्रममा आयोजित कार्यक्रमहरूमा सहभागिता जनाउनुका साथै आयोगमा रायको लागि प्राप्त भएको मस्यौदा कार्ययोजनामा सुझावहरू पठाएको थियो । यसै सिलसिलामा मानव अधिकार राष्ट्रिय कार्य योजनाको मस्यौदा उपर आयोगले कार्ययोजना समग्र प्रतिक्रिया गर्नुका साथै कार्य योजनाका १२ वटा विषयहरूले समेट्न नसकेका कार्यक्रमहरू सम्वन्धमा राय सुझाव पठाइएको थियो ।

त्यसैगरी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट आयोगको रायका लागि प्राप्त भएको लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्य योजनाका तथा जेष्ठ नागरिक राष्ट्रिय कार्य योजनाका सम्वन्धमा प्रस्तावित कार्ययोजनाको मस्यौदाले समेट्न नसकेका कार्यक्रम सम्वन्धमा समेत राय सुझाव पठाइएको थियो ।

## ५.६ आयोगको संस्थागत विकास

आयोगले स्थापनाकाल देखि नै भौतिक पूर्वाधारको निर्माण, मानव संसाधनको व्यवस्था लगायतका क्रियाकलापहरु संचालन गर्दै संस्थागत विकास प्रक्रियाको प्रारम्भ गरेको थियो । शुरुका वर्षहरुको न्यून बजेट तथा सीमित भौतिक पूर्वाधार एवं मानव संसाधनको कमीले गर्दा आयोगलाई काम गर्न निकै कठिनाईको सामना गर्नु परेको थियो । पछिल्ला वर्षहरुमा सरकारी बजेत क्रमिक रुपमा वृद्धि हुँदै जानु एवं आयोगलाई वैदेशिक सहायत प्राप्त हुन थालेपछि संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुग्न थालेको छ । यसैक्रममा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको समन्वयमा आयोगको संस्थागत विकास गर्ने उद्देश्यले विभिन्न दातृ समुदायहरूबाट प्राप्त वितिय सहयोगमा आयोगको क्षमता विकास परियोजना २००२ देखि संचालन हुदै आएको छ । यस अनुसार आयोगको भौतिक पूर्वाधारको विकास, उपकरण खरीद लगायतका क्रियाकलापबाट संस्थागत विकासमा सहयोग पुगेको छ । आयोगका पदाधिकारीहरू अध्ययन भ्रमण, कर्मचारीहरूकालागि तालिम उपलब्ध गराउनुका साथै आयोगलाई विदेशी विशेषज्ञको परामर्श सेवा समेत उपलब्ध गराउदै अएको छ । आयोगद्वारा तर्जुमा गरी कार्यान्वयनमा आएको रणनैतिक योजना २००४-२००८ मा पनि संस्थागत विकास गर्दै आयोगको छवि उच्च बनाउने कार्यकालागि छुट्टै उद्देश्यको व्यवस्था भई सो अनुरुप वार्षिक कार्यक्रम समेत संचालन गरिदै आएको छ । यसबाट आयोगको संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### ५.६.१ भौतिक पूर्वाधार

आयोगको स्थापनाकाल देखि नै संस्थागत विकासका निमित्त विभिन्न पहलहरु हुँदै आएका छन् । मानव अधिकार आयोग जस्तो संस्थालाई चाहिने आधुनिक सुविधायुक्त कार्यालय नभएपनि स्थापनाकालका २ वर्ष जति श्री ५ को सरकारबाट उपलब्ध गराइएको हरिहर भवनको तत्कालीन आपूर्ति

मन्त्रालय स्थित पहिलो तल्लाका केही कोठाहरूबाट आयोगले आफ्नो कार्य संचालन शुरु गरेको थियो । आयोगको बढ्दो कार्यबोझ र जनशक्तिकोलागि उपलब्ध गराइएका ती कोठाहरू अपर्याप्त थिए । यद्यपि ज्यादै जीर्ण अवस्थामा रहेको भवनका कोठाहरू तात्कालिन आवश्यकता मात्र पूरा हुने गरी मरम्मत र रंगरोगन गरिएको थियो ।

आयोगको कार्यालय रहेको उक्त भवन श्री ५ को सरकारबाट पूर्णरूपमा हस्तान्तरण भई सकेको छैन । हाल उपलब्ध भएका पहिलो तल्लाका केही कोठाहरू कार्यालय सञ्चालनकोलागि अपर्याप्त भइरहेकोले भुईं तल्लाका कोठाहरू समेत उपलब्ध गराउने गरी हस्तान्तरण गर्ने प्रक्रिया अगाडि बढाइएको थियो ।

आयोग गठन भएको केही समयसम्म तत्कालीन आपूर्ति मन्त्रालयबाट प्राप्त केही फर्निचरबाट आफ्नो काम शुरू गरेको भए तापनि सबै पदाधिकारी र कर्मचारीहरूकोलागि अपर्याप्त नै थियो । आयोगलाई विनियोजित बजेटबाट केही रकम व्यवस्था गरी आयोगका पदाधिकारी र कर्मचारीहरूकोलागि न्यूनतम फर्निचरको व्यवस्था गरिएको गरिएको थियो भने बैठक सेमिनार, पुस्तकालय, प्रतीक्षा - कोठा, स्वागत - कक्ष आदिको लागि अझै पनि फर्निचर दराज आदको अभाव नै रहेको थियो । पाँचौं वर्षमा आएर मात्र समान्य प्रशासन म न्त्रालयबाट प्राप्त टहराको मर्मत संभार गरी पुस्तकालय तथा उजुरी कक्ष निमार्ण प्रक्रिया अन्तिम अवस्थामा पुगेको छ ।


यसैगरी कार्यलय सञ्चालनको लागि कम्प्युटर, टेलिफोन आदि पनि अत्यावश्यक हुने हुँदा चार थान कम्प्यूटर, एक थान प्रिन्टर, छ लाइन टेलिफोन र एक थान फ्याक्स मेशिन आदिको व्यवस्था गरिएको थियो । तापनि आवश्यक बजेटको अभावमा टेलिफोन र कम्प्युटर नेटवर्किङ्ग, स्वागत - कक्ष आदिको व्यवस्था गर्न सकिएको थिएन । क्षमता विकास परियोजनाको सहयोगमा कम्पयुटर, टेलिफोन तथा अन्य उपकरण खरीद भइसकेको हालको अवस्थामा भौतिक सुविधाको स्तर विकास भइरहेको छ ।


आयोगका पदाधिकारी र सचिवको सुविधा अन्तर्गत उपलब्ध गराउनु पर्ने ६ थान सवारी साधन मध्ये केवल दूई वटा मात्र उपलब्ध भएको कारण नियमानुसार सुविधा उपलब्ध गराउन सकिएको थिएन । आयोगको कार्य प्रकृतिको कारण जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न गईरहनु पर्ने हुँदा सवारी साधन भाडामा लिनु पर्दा बढी खर्चिलो हुने अवस्था विद्यमान रहेकोमा मानव अधिकार अनुगमनका निमित्त प्राप्त भएका वैदशिक सहयोग र सरकारबाट पनि कार्यक्रम बजेटको व्यवस्था हुन थालेबाट आयोगको संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ५.६.२ आर्थिक व्यवस्थापन

पेरिस सिद्धान्तले मार्ग-निर्देशन गरे अनुरूप राज्यमा मानव अधिकार आयोगको स्थापना गर्नुपर्छ र यसको सञ्चालनको लागि आवश्यक पर्ने आर्थिक स्रोत पनि राज्यद्वारा नै प्रदान गर्नुपर्छ भन्ने कुरामा सबै राष्ट्रले अन्तर्राष्ट्रिय समुदाय समक्ष सहमति जनाएका छन् । त्यसैले कुनै पनि मानव अधिकार आयोगलाई राष्ट्रिय आयोगको रूपमा अन्तर्राष्ट्रिय मान्यता दिने नदिने सम्बन्धमा आर्थिक पक्षलाई पनि एउटा महत्वपूर्ण आधारको रूपमा लिइएको छ । मानव अधिकार आयोग ऐन, २०५३ मा राज्यले पर्याप्त आर्थिक स्रोत उपलब्ध गराउनुपर्ने कुरालाई प्रष्टसँग उल्लेख नगरी आयोगले "विभिन्न निकायबाट आर्थिक स्रोत प्राप्त गर्न सक्ने छ" भन्ने उल्लेख छ । सरकारले आयोगलाई पर्याप्त स्रोत र साधन उपलब्ध गराएको छैन । यसले गर्दा आयोगका कार्यक्रमहरू अधिकांश रूपमा विदेशी संघसंस्थाको सहयोगमा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । त्यस्ता विदेशी निकायका आफ्नै किसिमका शर्त पनि रहने हुँदा कतिपय अवस्थामा आयोगले सोचेको क्षेत्रमा सहयोग नपाउने स्थिति रहेको छ । राष्ट्रको एउटा महत्वपूर्ण अङ्गको रूपमा रहेको आयोगको काम कार्वाही पूर्णरूपमा विदेशी सहयोगमा भर पर्नुपर्ने अवस्था राष्ट्रिय स्वार्थको दृष्टिले पनि त्यति राम्रो मान्न सकिँदैन । त्यसैले श्री ५ को सरकारबाट पेरिस सिद्धान्तद्वारा प्रतिपादित राष्ट्रिय मानव अधिकार संस्थाको अवधारणासँग मेल खाने गरी बढीभन्दा बढी आर्थिक स्रोत प्राप्त गर्न आयोगले स्वतन्त्र तथा स्वायत्त निकायको रूपमा निरन्तर प्रयास गरी रहनु पर्ने अवस्था रहेको छ । सरकारद्वारा आयोगको निमित्त विनियोजित बजेट तथा बिदेशी दातृ संस्थाबाट प्राप्त बजेटलाई देहायको तालिका तथा रेखाचित्र मार्फत प्रस्तुत गरिएको छ ।

| साल | श्री ५ को सरकार | | विदेशी दातृ संस्था | |
|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च |
| १९९९/२००० | १,३००,००० | ७,१५५८६।०० | | |
| २०००/२००१ | ५,६६४,००० | ५३२६८८०।७८ | ४१,०६,००० | ९,८०,९५६।०० |
| २००१/२००२ | ५,०२९,४०९ | ४५,२९,०५०।०६ | ६३,५३,८६७४७ | ३८,७७४६९।११ |
| २००२/२००३ | ५५३५१०० | ५४,३४,४३६।७१ | ७३,८३,९७६।६३ | ५८,६०५३५।०३ |
| २००३/२००४ | ७३३२७४० | ७१,१५,०२६।७३ | | |
| २००४/२००५ | १,५०००००० | ४३,३८,८४१।१५ | | |




आ.व. ०५७/०५८ देखि आर्थिक वर्ष ०६०/०६१ सम्म श्री ५ को सरकारबाट आयोगलाई रु. २,३१,२०,९७७/८४ रकमप्राप्त भएको र वैदेशिक सहायता तर्फ विभिन्न दाताहरूबाट आ.व ०६०/६१ सालको अन्त्यसम्ममा रु. ४०, ६,५३,७०७/४४ रकम प्राप्त भएको छ। श्री ५ को सरकार तर्फ रु. २, ३१, २०, ९७७/८४ र वैदेशिक सहायतातर्फ रु. २,०७,०१,६४८/३५ आ.व. ०५७/०५८ देखि आ.व. ०६०/६१ सम्म खर्च भएको छ। आयोगको क्षमता अभिबृद्धि गर्न क्षमता विकास परियोजना पनि संचालित छ। त्यसमध्ये लेखा, आर्थिक कारोबार UNDP को नियम अनुसार छुट्टै रूपमा संचालित छ। आयोगले श्री ५ को सरकारसँग माग गरेजति रकम दिन सकेको छैन जसका कारण आयोगले वैदेशिक दातृ संस्था गुहार्नु पर्ने अवस्था विद्यमान रहेको छ।

## ५.६.३ मानव संसाधन

आयोगको स्थापनाकाल पश्चात् केही समय सरकारबाट काजमा झिकाइएका कर्मचारीहरुबाट आयोगले आफ्नो कार्य संचालन गरेको थियो। आयोगले आफ्नै कर्मचारी व्यवस्थापन गर्ने क्रममा पहिलो पटक विज्ञापन गरी ६ जना अधिकृतहरुको पदपूर्ति गरेको थियो। श्री ५ को सरकारबाट गठित कार्यदलले ७८ जनाको दरवन्दी सहितको संगठनात्मक संरचना हुनु पर्ने भनी सुझाव प्रदान गरिएको भएता पनि आयोगबाट माग भए अनुसारको कर्मचारी सरकारबाट उपलब्ध हुन नसकेको कारण आयोगका क्रियाकलापहरु संचालनमा कठिनाई परेका थिए। स्थापनाको दोस्रो वर्षमा आएर सरकारी बजेटको परिधिमा रही आयोगले केही अत्यावश्यक पदकोलागि स्थायी पदको पदपूर्तिको प्रक्रिया शुरु गरेको थियो। तेस्रो वर्षमा आएर ८ जना अधिकृत, ५ जना सहायक स्तर तथा ७ जना पियन तहको पदमा स्थायी पदपूर्ति गऱ्यो। आयोगको बढ्दै गएको कार्यबोझलाई समेत ध्यान दिई विभिन्न वैदेशिक सहायता अन्तर्गतका परियोजना संचालनको निमित्त करार सेवा अन्तर्गत केही पद सृजना गरी पदपूर्ति गरेको थियो। हाल आयोगमा १३१ जना कर्मचारीहरू कार्यरत रहेका छन। यस सम्वन्धी पूर्ण विवरण अनुसूची १६ मा समावेश गरिएको छ।

युरोपियन युनियनको सहयोगमा संचालित आयोगको पहुँच विस्तार परियोजना अन्तर्गतका विभिन्न आवश्यक पदहरुमा समेत विज्ञापन गरी करारमा पदपूर्ति गरिएको थियो । आयोगको रणनैतिक योजना २००४-२००८ मा समेत मानव संसाधनको विकास सम्वन्धी उद्देश्य समावेश गरिएको छ । सोही अनुसार मानव संसाधन विकास सम्वन्धी नीति तयार भई कार्यान्वयनमा आउन लागेको अवस्था छ ।

## ५.७ आयोगका योजना

राष्ट्रिय मानव अधिकार आयोग गठन पश्चात् आयोगका पदाधिकारीहरुबीच कार्य विभाजनको क्रममा स्थापना गरिएका ५ वटा महाशाखाहरु मध्ये आयोगको योजना नीति निर्माण एवं अनुगमन तथा आन्तरिक मूल्यांकन समेत हेर्ने गरी योजना तथा मूल्याङ्कन महाशाखालाई कार्य क्षेत्र प्रदान गरिएको थियो ।आयोग गठनका शुरुका अवधिमा आयोगसँग व्यवस्थित योजना नरहेता पनि केही समय पश्चात मानव अधिकार क्षेत्रका अन्तर्राष्ट्रिय विशेषज्ञको सहयोगमा आयोगद्वारा योजना सम्वन्धी प्रारम्भिक कार्य शुरु गरिएको थियो । त्यसै गरी संयुक्त राष्ट्रिय संघीय मानव अधिकार आयोगका सल्लाहकार सहितको मिशनले प्रारम्भिक खाकालाई सुधार गरी आयोगको प्रथम रणनैतिक योजना २००१-२००३ तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण सहयोग उपलब्ध गराएको थियो । सोही अनुरुप २००२ को अप्रिलमा क्षमता विकास परियोजना शुरु भई यस योजना अन्तर्गतका क्रियाकलापहरु अगाडि बढेका थिए ।

आयोगसँग पर्याप्त मात्रामा मानव संशाधन उपलब्ध नहुनुका साथै अनुभवको समेत कमी रहेको कारणले आयोगका पदाधिकारी, कर्मचारी एवं सरोकारवालाहरुको आवश्यक परामर्श विना नै तर्जुमा भएको प्रथम रणनैतिक योजनाको कार्यान्वयन पक्षमा धेरै चुनौतीहरु उत्पन्न भएका थिए । प्रथम रणनैतिक योजना कार्यान्वयनका क्रममा देखा परेका कमीकमजोरीहरुबाट पाठ सिकेर आयोगद्वारा क्षमता विकास परियोजनाको सहयोगमा आयोगका पदाधिकारी तथा कर्मचारी एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई समेत समावेश गराई उहाँहरुबाट प्राप्त सुझावको आधारमा दोस्रो रणनैतिक योजना २००४-२००८ को तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । मानव अधिकारका प्रमुख सवालहरुलाई प्राथमिकीकरण गर्दै प्रमुख सवालहरुमा आयोगद्वारा ८ वटा रणनैतिक उद्देश्य सहितको योजना भई आयोगबाट स्वीकृत भएको एक वर्ष वितिसकेको छ । यस क्रममा रणनैतिक योजना अनुरुपको कार्य योजना बनाई कायान्वयन गर्ने क्रममा आयोगले विभिन्न अनुभवहरु हासिल गर्दै आएको छ । आयोगद्वारा ५ वर्षे अवधिमा भए गरेका योजना सम्वन्धी कार्यहरुका सम्वन्धमा देहायका वुँदाहरुमा संक्षिप्त चर्चा गरिएको छ ।

### ५.७.१ आयोगको योजना सम्वन्धी प्रारम्भिक कार्य

आयोगको गठन पश्चात् विभिन्न मित्र राष्ट्रका राजदूतहरू, संयुक्त राष्ट्र संघका विशिष्टीकृत निकायहरू (Specialized Agencies of UN ) एवं संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) का पदाधिकारीहरुले आयोगमा भ्रमण गरी आयोगको मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यमा सहयोग गर्ने प्रतिवद्धता व्यक्तगरे । सोही अनुरुप आयोगलाई सुदृढ बनाउने उद्देश्ले २०५७ श्रावण (जुलाई २०००) मा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त कार्यालयका विशेष सल्लाहकार श्री ब्रायन बर्डेकिन, एशिया प्यासिफिक फोरम अफ ह्यूम्यान राइट्स इन्सीट्युसन्सका निर्देशक श्री किरेन फिजप्याट्रिक र न्यूयोर्क स्थित इन्टरनेशनल सेन्टर फर ल एण्ड डेभेलेप्टमेण्टका अध्यक्ष श्री क्लैरेस जे. डियाससँग आयोगले छलफल गरी "राष्ट्रिय मानव अधिकार आयोगलाई एकीकृत सहयोगकालागि एक प्रारूप" (Outline of Proposals for Coordinated Assistance to NHRC) भन्ने एक प्रलेख तयार पारि आयोगलाई प्रदान गरेका थिए ।

यस अनुसार आयोगद्वारा सम्पन्न गरिनु पर्ने क्रियाकलापहरुलाई निम्नलिखित पाँच समूहमा विभाजन गरी प्रारभिक खाका तयार गरेको थियो ।

१. विकास, बहिर्मुखी क्रियाकलाप, शिक्षा तथा तालिम (Promotion, Outreach, Education and Training)
२. उजुरी एवं अनुसन्धान (Complaints and Investigation)
३. अनुगमन,प्रचार एवं नीति निर्माण (Monitoring, Advocacy and Policy)
४. व्यवस्थापन तथा प्रशासन (Management and Administration)
५. कार्यक्रम व्यवस्थापन (Programme Management)

यी पाँच समूह अन्तर्गतका गन्तव्य र ध्येय (Goal and Purpose) निर्धारण गरिनुका साथै परियोजना संचालनका निमित्त सहयोग पुऱ्याउन कार्यक्रम सल्लाहकार समूह (Programme Advisory Group) को व्यवस्था गरियो । सोही अनुसार यस्तो समूहको अध्यक्षता आयोगले गर्ने तथा सदस्यहरूमा संयुक्त राष्ट्र संघका निकाय (संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्त, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम, बाल बिकास कार्यक्रम समेत) एशिया-प्रशान्त मंच ( Asia Pacific Forum) तथा आयोगका कार्यक्रममा सहयोग पुऱ्याउन चाहने दातृ संस्थाहरूको एक-एक जना प्रतिनिधि राख्ने व्यवस्था गरिएको थियो । यसबाट आयोग गठनका शुरुका समयमा आयोगको प्रथम रणनैतिक योजना तर्जुमाका निमित्त सहयोग पुग्न गएको थियो ।

### ५.७.२ प्रथम रणनीतिक योजना ( २००१-२००३ )

२०५७ आश्विन (सेप्टेम्वर २०००) मा संयुक्त राष्ट्र संघीय उच्च आयोगका सल्लाहकार पीटर हस्किन र संयुक्त राष्ट्र संघीय जातीय भेदभाव उन्मुलन विभेद निवारण सम्बन्धी समितिका सदस्य तथा भारतीय मानव अधिकार आयोगकोपूर्व महासचिव श्री आर.भी.पिल्लाई संयुक्त राष्ट्र संघ विकास कार्यक्रमको सौजन्यमा सल्लाहकारको रूपमा आउनु भयो । उहाँहरूको सहयोगमा आयोगले प्ररम्भिक दसतावेजका आधारमा एउटा आयोग सुदृढीकरण परियोजनाको प्रलेख तयार गऱ्यो । यस प्रलेखमा परियोजनाका तात्कालिक उद्देश्य, लक्ष्य र क्रियाकलाप निर्दिष्ट गरिएको थियो । संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको सल्लाहकार पिटर हस्किन पूनः २०५७ मंसीर २३ (दिसम्बर ८, २०००) मा सल्लाहकारको रूपमा आएपछि उहाँको सहयोगमा आयोगले एउटा रणनीतिक योजना (Strategic Plan) तयार गऱ्यो । सो योजनाको कार्यान्वयनको सिलसिलामा २०५७ चैत्र (अप्रिल २००१) मा आर.भी.पिल्लाई पुनः सल्लाहकार भएर आयोगमा आएपछि रणनैतिक योजना अन्तर्गतका वार्षिक कार्ययोजना निर्माण सम्वन्धी कार्य अघि बढेको थियो ।

संयुक्त राष्ट्र संघ विकास कार्यक्रमद्वारा समन्वय गरिने उक्त परियोजनाको अवधि २००१-२००३ सम्म तीन वर्षको रहेको थियो । यसको कुल लागत करीव ११ करोड हुन भनी यसलाई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले श्री ५ सरकार अर्थ मन्त्रालयमा स्वीकृतिकालागि पठाइएको थियो । आयोगको यस परियोजना दस्तावेजमा हस्ताक्षर गर्ने कार्यमा विभिन्न कारणहरुले गर्दा ढिलाई हुन पुगी २००२ को अप्रिलबाट मात्र यस परियोजना संचालनमा आउन सकेको थियो । सोही अनुरुप परियोजना कार्यन्वयनकालागि परियोजना सल्लाहकार तथा अन्य कर्मचारीहरुको पदपूर्ति गरिएको थियो ।

**आयोगको रणनीतिक योजना २००१-२००३ का लक्ष्य तथा कार्यक्रमहरु**

आयोगले रणनीतिक योजना २००१-२००३ मा प्रमुख चार लक्ष्यहरू रहेका थिए ।

१. आयोगलाई आफ्नो लक्ष्य तथा उद्देश्य पूरा गर्न पूरा गर्न सक्ने किसिमले चुस्त तथा प्रभावकारी संस्थाको रूपमा विकास गर्ने ।

पहिलो लक्ष्य प्राप्तिको निमित्त यस अन्तर्गत आयोगले आन्तरिक व्यवस्थापन तथा सँगठनात्मक सुदृढीकरण , मानव अधिकार शिक्षा, तथा मानव अधिकार सम्वन्धी प्रर्वद्धनात्मक कार्यहरू गर्ने, आयोगको उजुरी व्यवस्थापन, अनुसन्धान, अनुगमन तथा छानवीन प्रक्रियामा सुधार गर्ने तथा विभिन्न विषयमा अनुसन्धान तथा वकालत गर्ने कार्यक्रम तयार गरिएको थियो ।

२. राज्यका विभिन्न निकाय तथा नागरिक समाजसँग समन्वयात्मक सम्बन्ध र विकास गर्ने ।

दोस्रो लक्ष्य प्राप्तिकालागि राज्यका विभिन्न निकाय तथा नागरिक समाजसँग शिक्षा, तालिम, अनुगमन तथा अनुसन्धान गर्दा समन्वय कायम गर्ने सम्वन्धमा उल्लेख गरिनुका साथै सम्बन्धित मन्त्रालय तथा विभागहरू लगायत न्यायपालिकासँग समन्वय गरी संयुक्त कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्यक्रमहरू रहेका थिए ।

३. मानव अधिकार आयोगको तथा मानव अधिकार सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।

तेस्रो लक्ष्य प्राप्तिकोलागि औपचारिक तथा अनौपचारिक शिक्षामा मानव अधिकार शिक्षा समावेश गर्ने, मिडिया सचेतना कार्यक्रम सञ्चालन गर्ने, मानव अधिकारसँग सम्बन्धित प्रवर्द्धनात्मक सामाग्री उत्पादन तथा वितरण गर्ने तथा नागरिक समाज, भिडिया, गैरसरकारी संस्थाहरुलाई मानव अधिकार सम्बन्धी तालीम दिने जस्ता कार्यक्रमहरू रहेका थिए ।

४. राज्यको मानव अधिकार प्रतिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवर्द्धता प्रति राज्यलाई जवाफदेही बनाउने सहयोग गर्ने ।

चौथो लक्ष्य प्राप्तिकोलागि मानव अधिकार मापदण्ड प्रति राज्यको तादाम्यता (Compliance) अनुगमन गर्ने, सम्बन्धित राज्य संयन्त्रलाई प्रतिवेदन लेखन सम्बन्धी तालिम प्रदान गर्ने, ऐन कानूनहरू अन्तर्राष्ट्रिय मानव अधिकारमा मापदण्ड अनुरूप भए नभएको पूनरावलोकन गर्ने जस्ता कार्यक्रमहरु रहेका थिए ।

## ५.७.३ दोस्रो रणनीतिक योजना ( २००४-२००८)

राष्ट्रिय मानव अधिकार आयोगलाई सक्षम र प्रभावकारी बनाई मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न एवं आयोगको योजना तर्जुमा तथा कार्यान्वयनमा सहयोग पुऱ्याउने क्रममा दोस्रो रणनैतिक योजना तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण सहयोग उपलव्ध गराएको थियो ।

आयोगले आफ्नो दायित्व निर्वाह गर्नकोलागि दोश्रो रणनीतिक योजना (२००४-२००८) तर्जुमा गरेको छ । राणनीतिक योजनको तर्जुमाको क्रममा आयोगका एक जना सदस्यको संयोजकत्व रणनीतिक योजना तयारी समिति गठन गरिएको थियो ।[१३] रणनीतिक योजना तयार गर्ने क्रममा प्रश्नावली निमार्ण गरी आयोगका पदाधिकारी, कर्मचारी, प्रमुख राजनैतिक दल, शैक्षिक संस्थाहरू दातृ निकायहरू, संयुक्त राष्ट्र संघीय निकायहरू, पेशागत संघ संगठन, राज्यका विभिन्न निकायहरू र सुरक्षा निकाय लगायतका संघ संस्थामा सहयोग र सुझावको लागि पठाइएको थियो । आयोगले प्रथम तीन वर्षको कार्यकालको क्रममा हासिल गरेका अनुभवहरू एवं विभिन्न संघसंस्थाहरूबाट प्राप्त भएका सुझावहरूलाई समेत समावेश गरिएको थियो । रणनीतिक योजनाको निमार्ण क्रममा आयोग भित्रै विभिन्न चरणमा व्यापक छलफल गरी त्यसबाट प्राप्त निश्कर्ष तथा विश्लेषणको आधारमा लक्ष्य तथा कार्यक्रमहरू निर्धारण सहितको मस्यौदा तयार गरी आयोग समक्ष प्रस्तुत गरिएको थियो । वि. सं. २०६० देखि २०६५ को अवधिको निमित्त तयार गरिएको आयोगको यस रणनीतिक योजनामा ८ वटा रणनैतिक उद्देश्यहरू समावेश गरिएको छ ।

### ५.७.३.१ दोस्रो रणनीतिक योजनामा समावेश गरिएका मानव अधिकारका प्रमुख सवालहरू

आयोगले रणनीतिक योजनामा सम्वोधन गर्न खोजेका उल्लेखनीय सवालहरुमा राज्य तथा माओवादी पक्षबाट हुने मानव अधिकार हनन, नागरिकहरूका मौलिक अधिकारको रक्षा, महिला तथा वालवालिकाको बेचविखन, बोक्सी प्रथा, घरेलु हिंसा, यौन दुर्व्यवहार, खाद्यान्न, स्वास्थ्य, आवास तथा रोजगारी जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर, राष्ट्रिय कानूनहरूको

[१३] यस सम्वन्धी पुरा विवरणकोलागि तेस्रो वर्षमा हेर्नुहोस ।

पुनरावलोकन एवम् नयाँ कानूनको तर्जुमा तथा कार्यान्वयन, मानव अधिकार सम्वन्धी चेतना एवम् मानव अधिकार शिक्षा तथा दण्ड सुधार सम्बन्धी विषयहरू पर्दछन् । यस्ता महत्वपूर्ण सवालहरुमा कार्य गर्न आयोगले आफ्नो साङ्गठनिक र व्यवस्थापकीय दक्षता अभिबृद्धि गर्नुपर्ने आवश्यकता पहिचान गरेको थियो ।

### ५.७.३.२ रणनीतिक उद्देश्यहरू

आयोगको दोस्रो रणनैतिक योजना सन् २००४-२००८ मा समावेश गरिएका ८ वटा रणनैतिक उद्देश्यहरु यस प्रकार रहेका छन् ।

१. द्वन्द्वरत सबै पक्षले मानव अधिकारका अन्तर्राष्ट्रिय मापपदण्डको पूर्ण पालना गर्ने कुरा सुनिश्चित गर्दै शान्ति स्थापनाको प्रक्रियामा योगदान पुऱ्याउने,
२. नागरिकहरूका जीवन स्वतन्त्रता, न्याय र समानता जस्ता मौलिक अधिकारहरूको प्रबर्द्धन, अनुगमन एवम् कार्यान्वयनको प्रत्याभूति दिलाउने,
३. खास गरेर नेपालका अति कम विकसित क्षेत्रहरूको मानव अधिकारको स्थिति सुधार गर्ने कुरामा ध्यान दिँदै सर्वसाधारणका खाद्य, स्वास्थ्य, आवास र शिक्षा जस्ता अधिकारहरुलाई मौलिक हकको रुपमा प्रत्याभूति गर्नकालागि वकालत गर्ने,
४. महिलाविरूद्ध हुने घरेलु र दाइजोसँग सम्बन्धी हिंसा एवम् बेचविखन जस्ता अपराधको नियन्त्रण र निवारणका लागि कानूनी एवम् नियमित गर्ने संरचना तयार गर्न वा सुधार गर्न मद्दत पुऱ्याउने,
५. बालबालिकाविरूद्ध हुने बेचबिखन, शोषण, दुरूपयोग एवम् द्वन्द्वमा तिनीहरूको प्रयोग जस्ता हिंसा एवम् अपराध निराकरणका लागि आवश्यक कानूनको निर्माण, कार्यान्वयन एवम् अनुगमनको व्यवस्थाकालागि सहयोग पुऱ्याउने,
६. नेपालले गरेका अन्तर्राष्ट्रिय सन्धिसम्झौता एवम् तदनुरूपका राष्ट्रियस्तरका कानूनहरूको तर्जुमा गर्ने स्तरमा सुधार ल्याउने,
७. मानव अधिकारका बारेमा शिक्षा, सूचना एवं सरसल्लाह प्रदान गर्ने र त्यसको अभिबृद्धि गर्ने,
८. नेपाली समाजका हरेक वर्गमा पुगेर आफ्नो दक्षता बढाउने एवम् सबैलाई मान्य हुने गरी आयोगको प्रतिष्ठा अभिबृद्धि गर्ने ।

उपरोक्त रणनीतिक उद्देश्यहरू हासिल गर्नकालागि आयोगले मानव अधिकार ऐन, २०५३ ले प्रदान गरेका अधिकारहरूको उपयोग गर्नेछ । आफ्नो क्षमता अभिबृद्धिका लागि आयोगलाई पुनर्सङ्गठित पनि गर्ने कार्यक्रम तय गरिएको छ । यसका अतिरिक्त, रणनीतिक योजनाको कार्यान्वयन एवम् आयोगको पहुँच विस्तार तथा आवश्यक आर्थिक स्रोतहरू परिचालन गर्नका लागि आयोगले सहयोगी र हितैसी संस्थाहरूको एउटा संयन्त्र (Network) को स्थापनासमेत गर्नेछ ।

### ५.७.३.३ आयोगका आधारभूत मूल्य मान्यता

आयोगले रणनीतिक योजना तर्जुमा गर्ने क्रमा संस्थागत रूपमा आधारभूत मूल्य मान्यताहरू अन्तर्गत निम्न सिद्धान्तहरूलाई अङ्गिकार गरेको थियो ।

(क) समानता
(ख) निष्पक्षता
(ग) स्वतन्त्र तथा स्वायतता
(घ) पहुँच विस्तार
(ङ) जवाफदेहिता
(च) पारदर्शिता

माथि उल्लेख गरिएका मूल्य मान्यताहरू कडाईसँग लागू गर्न र सो सम्वन्धमा आयोगका सदस्यको संयोजकत्वमा मूल्यांकन समिति गठन गरी मूल्य मान्यताको पालना भए नभएको सम्वन्धमा अनुगमन गर्ने प्रतिवद्धता उल्लेख भएको थियो । आयोगका द्वारा तर्जुमा गरिएको रणनीतिक योजना मार्फत अङ्गिकार गरिएको आधारभूत मूल्य मान्यता देहायको चार्टमा झल्काइएको छ ।

आयोगका आधारभूत मूल्य मान्यता




### ५.७.३.४ रणनीतिक योजनाका चुनौतीहरू

१. रणनीतिक योजना निमार्णको क्रममा प्राथमिकता गर्दै आयोगमा उपलब्ध श्रोत साधन र देशको राजनैतिक परिस्थितिको कारणले समेत महत्वकाक्षी योजना निमार्ण महशुस भएको छ । उदाहरणकोलागि सन् २००४ मै मानव अधिकार आयोग ऐन संशोधन हुने परिकल्पना

गरिएको थियो । जबकि संसद्‌विहिन अवस्था भई हालसम्म पनि परिस्थितिमा परिवर्तन आएको छैन । त्यसै गरी राज्य पक्ष तथा गैर राज्य बीच मानव अधिकार तथा मानवीय कानूनको परिपालन सम्बन्धमा समक्षदारी विकास हुने तर्फ अनेकौ चुनौती रहेका छन् ।

२. रणनैतिक योजना तर्जुमा भई सो अनुरूप वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने कार्यमा ढिलाई उत्पन्न हुनाले योजना अनुरुपको गति मा कार्य अगाडि बढ्न सकेको महसुस गर्न सकिएको छैन ।

३. रणनैतिक योजनाको सम्बन्धमा आयोग अन्तर्गत विभागहरूमै स्पष्टताको अभाव रहेका कारणले गर्दा यस योजनाको उद्देश्य अनुरुप क्रियाकलाप संचालनमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन ।

४. यूरोपियन युनियनद्वारा वित्तीय सहयोग प्राप्त भईसकेको अवस्थामा समेत आयोगद्वारा क्षेत्रीय कार्यालय स्थापनामा ढिलाई हुन पुगेको कारणले रणनैतिक योजनाले परिकल्पना गरे अनुरुप तल्लो तहसम्म मानव अधिकार संरक्षण र सम्वर्द्धन सम्वन्धी कार्यक्रमहरु पुऱ्याउने लक्ष्यमा चुनौती उत्पन्न हुन पुगेको छ ।

५. रणनैतिक योजनाको सफल कार्यान्वयनको निमित्त प्राविधिक कुशलता तथा योजना निर्माण एवं कार्यन्वयन सम्वन्धी सीपको आवश्यक पर्ने भएतापनि रणनैतिक योजना तर्जुमा एवं कार्यान्वयनका सम्वन्धमा आयोगका सम्वद्ध कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था हुन नसकेको कारणले गर्दा पनि रणनैतिक योजनाको कार्यान्वयन एवं कार्य योजनाको अनुगमन तथा मूल्यांकन कार्य समेत प्रभावकारी बन्न सकेको छैन । रणनैतिक योजना निर्माणको क्रममा आयोगमा कार्यरत कर्मचारीहरुले व्यापक सहभागिता जनाई रणनैतिक योजना तर्जुमा कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए । सोही अनुरुप रणनैतिक योजना सम्वन्धी दस्तावेजको एउटा रणनैतिक उद्देश्य नै आयोगका कर्मचारीको क्षमता विकास गर्दै आयोगको छविलाई उच्च राख्ने भनी निर्धारण गरिएको थियो । रणनैतिक योजनाको दस्तावेजमा प्रतिवद्धता जनाइएक अनुरुप आयोगमा कार्यरत कर्मचारीको सीप विकास, पेशागत क्षमता अभिवृद्धि एवं व्यक्तित्व विकास सम्वन्धी कार्यक्रमहरु ल्याउन नसक्दा आयोगमा काम गर्ने कर्मचारीहरुको मनोवल उच्च रहन सकेको छैन । श्री ५ को सरकारको भन्दा पनि न्यून स्तरको सुविधा प्राप्त गरी मानव अधिकार संरक्षण जस्तो गहन दायित्व निर्वाह गरिरहनु परेको कठिन अवस्थाले गर्दा रणनैतिक योजनाको प्रभावकारी कार्यान्वयनमा चुनौती उत्पन्न हुन पुगेको छ ।

६. आयोगकोरणनीतिक योजना (२००४-२००८) ले राखेको आधारभूत मूल्य मान्यता परिपालनाको सम्वन्धमा आयोगद्वारा गठन गरिनु पर्ने मुल्यांकन समिति (Core Value Committee ) गठन हुन नसक्नाले समेत आयोगको रणनीतिक योजनाले परिकल्पना गरे अनुरूपका मूल्य मान्यताहरू अंगिकार गर्ने कार्यमा कठिनाई उत्पन्न भएको छ । त्यसै गरी केन्द्र तथा क्षेत्रीय कार्यालयबीच रहेको आवश्यक समन्वयको अभाव एवं अनुगमन तथा मूल्याङ्कन प्रभावकारी व्यवस्था हुन नसक्नाले समेत रणनैतिक योजनाको कार्यान्वयनमा चुनौतीहरु देखिएका छन् ।

## ५.८ प्रवर्द्धनात्मक कार्य

मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारको सरक्षण र सम्वर्द्धनको गहन दायित्व प्रदान गरे बमोजिम आयोगबाट मानव अधिकार सम्वन्धी विभिन्न प्रवर्द्धनात्मक कार्यहरू हुदै आएका छन् । आयोगले मानव अधिकार प्रवर्द्धनको निमित्त गर्नु पर्ने प्रमुख कार्यहरुमा मानव अधिकारको क्षेत्रमा अनुसन्धान कार्य गर्ने गराउने, गैरसरकारी क्षेत्रमा कार्यरत मानव अधिकार संगठनहरुका कार्य तथा प्रयासहरुलाई प्रोत्साहन गर्ने, मुलुकको विद्यमान मानव अधिकार स्थितिको समीक्षा गर्ने एवं मानव अधिकारको प्रचलन, सम्वर्द्धन र संरक्षणकालागि सहयोग पुग्ने खालका अन्य कार्यहरु रहेका छन् । यसै अन्तर्गत विगत वर्षहरुमा आयोगद्वारा दलित मानव अधिकार प्रवर्द्धन कार्यक्रम, विद्यालयमा मानव अधिकार शिक्षा, पाठ्यक्रममा मानव अधिकार शिक्षाको समामवेशीकरण सम्वन्धमा प्रारम्भिक कार्य संचालन गरेको थियो । यसका अतिरिक्त मानव अधिकार सम्वन्धी विभिन्न छलफल तथा अन्तरक्रियाहरु, तालिम तथा गोष्ठीहरु, मानव अधिकार तथा शान्ति ऱ्याली, मानव अधिकारका विभिन्न विषयहरु सम्वन्धी प्रकाशन, सूचना संचार तथा शिक्षा मूलक सामग्रीहरुको उत्पादन तथा वितरण कार्य हुदै आएका छन् । प्रवर्द्धनात्मक कार्यलाई  प्रभावकारी रुपमा संचालन गर्न हाल प्रवर्द्धन महाशाखामा संचार अधिकृतको समेत व्यवस्था गरिएको छ । आयोगद्वारा गरिएका प्रवर्द्धनात्मक कार्यका सम्वन्धमा देहाय बमोजिम चर्चा गरिएको छ ।

### ५.८.१ प्रकाशन

मानव अधिकार शिक्षालाई प्रचार प्रसार गरी मानव अधिकार संस्कृति निर्माणको दिशातर्फ  अघि बढ्न  सहयोग पुगोस भन्ने वृहत उद्देश्यले मानव अधिकार आयोग ऐन, २०५३ ले प्रदान गरेको मानव अधिकार प्रवर्द्धन कार्य अन्तर्गत आयोगले मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, बुलेटिन, आयोगबारे जानकारी पुस्तिका जस्ता समाग्रीहरू नेपाली र अंग्रजी दुबै भाषामा प्रकाशित गरी विभिन्न संघसंस्था तथा महानुभावहरूलाई वितरण गर्दै आएको छ । त्यसै गरी मानव अधिकार सम्वन्धी प्रश्नोत्तर, चेतनामूलक पोष्टर एवं वार्षिक क्यालेण्डर प्रकाशन गरी वितरण गर्दे आएको छ ।

### ५.८.२ प्रलेख केन्द्रको स्थापना

राष्ट्रिय मानव अधिकार आयोग कार्यालयमा Danish Centre For Human Rights  को सहयोगमा प्रलेख केन्द्रको स्थापना गरिएको छ । मानव अधिकार सम्वन्धी पुस्तक, पत्र पत्रिका, अनुसन्धान सामग्री विभिन्न प्रतिवेदनहरू लगायतका अध्ययन सामाग्रीहरू सँग्रह गरी स्थापना गरिएको प्रलेख केन्द्र हाल प्रारम्भिक अवस्थामा रहेको छ । मानव अधिकार प्रलेख केन्द्रलाई अझ व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि श्री ५ को सरकारबाट समेत आवश्यक सहयोग पुगेको खण्डमा त्यस केन्द्रको स्थापनाबाट अपेक्षा गरिएको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिएको छ ।

### ५.८.३ छलफल कार्यकम

यस अवधिमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग विभिन्न अवसरमा छलफल तथा अन्तरक्रियाहरू निरन्तर रूपमा संचालन गरिदै आएको छ । श्री ५ को सरकारका विभिन्न निकायका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, पत्रकार लगायत नागरिक समाजका प्रवुद्ध वर्गसँग समय समय मानव अधिकारका संरक्षण, सम्वर्द्धन र कानून पुनरावलोकन जस्ता विभिन्न विषयहरूमा छलफल र अन्तरक्रिया हुदै आएको छ ।

### ५.८.४ दिवस/समारोह

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्वर्द्धनात्मक कार्य अन्तर्गत मानव अधिकार सँग सम्वन्धित विभिन्न दिवसहरूको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै आएको छ । यसका साथ साथै मानव अधिकारको क्षेत्रसँग सम्वन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले आयोजना गरेका कार्यक्रमहरूमा समेत आयोगले प्रतिनिधित्व गर्दै आएको छ । मानव अधिकार संस्कृतिको निर्माण गर्ने व्यापक लक्ष्य हासिल गर्नकोलागि उपयुक्त वातावरण निर्माण गर्ने कार्यमा समेत मानव अधिकार सम्वन्धी दिवस तथा समारोहले सकारात्मक सन्देश दिदै आएको छ । केन्द्रमा गरिने कार्यक्रमबाट मात्र मानव अधिकारका सन्देश विभिन्न क्षेत्रमा पुग्न नसक्ने कुरालाई मध्येनजर गरेर क्षेत्रीय तथा जिल्ला स्तरीयमा समेत आयोगका दिवस तथा समारोह जस्ता कार्यक्रम संचालन गरिदै आएको छ । हाल क्षेत्रीय कार्यालयबाट समेत यस्ता कार्यक्रमहरू संचालन भइरहेको छ ।

### ५.८.५ तालिम/गोष्ठी

मानव अधिकार शिक्षा मार्फत समाजमा जनचेतनाको अभिबृद्धि गर्ने कार्यमा तालीम, गोष्ठीले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुन्छ । मानव अधिकार आयोग ऐन, २०५३ अनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको प्रवर्द्धनात्मक कार्य अन्तर्गत विभिन्न तालिम, गोष्ठी सम्मेलन लगायतका विभिन्न कार्यहरू सम्पन्न गर्ने दायित्व प्रदान गरेको पाइन्छ । प्रमुख रूपमा मानव अधिकार अनुगमन, अनुसन्धान, महासन्धिको आवधिक प्रतिवेदन लेखन, सीप विकास सम्वन्धी तालिमहरू संचालन हुदै आएका छन् ।

आयोगद्वारा क्षेत्रीयस्तर, जिल्लास्तरीय एवं केन्द्रिय तहमा समेत विभिन्न गोष्ठीहरू तथा सम्मेलनहरू सम्पन्न भएका छन् । राष्ट्रिय मानव अधिकार आयोग र विभिन्न गैर सरकारी संस्थाहरूको संयोजकत्वमा देशमा विभिन्न क्षेत्रहरूमा " मानव अधिकारको सन्दर्भमा दलितहरूको स्थिति, चुनौती तथा समाधानका उपायहरू" विषयक कार्यशाला गोष्ठी संचालन गरियो । जस अनुसार सुर्खेतमा ( २०५८ साउन २८-२९गते ) डोटीमा (२०५८ साउन ३२ र भाद्र १ गते, बाग्लुङ्गमा (२०५८ भदौं २८-२९गते) र लाहानमा (२०५८ कार्तिक २० - २१ गत) सम्पन्न भयो । त्यसका अतिरिक्त सहभोज, मन्दिर प्रवेश, दलित जातिका कला, सीप र सृजनाको प्रदर्शनी पनि सफलतापूर्वक सम्पन्न गरिएका थिए ।

### ५.८.६ श्रव्यदृष्य कार्यकम

राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार सम्वन्धी राष्ट्र संघीय उच्च आयुक्तको सहयोगमा सञ्चालित दलितहरूको मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्वन्धी विभिन्न कार्यकमहरू मध्ये रेडियो कार्यकम पनि एक रहेको छ । त्यसै अनुरूप विभिन्न चारवटा संस्थाहरू उपेक्षित, उत्पीडित र दलितको उत्थान विकास समिति, दलित सेवा संघ, दलित गैर सरकारी संस्था महासंघ र इन्सेकको संयुक्त सहभागिमा सञ्चालित आठ हप्ते लामो रेडियो कार्यकम २०५८ श्रावण ४ गते सम्पन्न भएको थियो । यसै क्रममा आयोगद्वारा छुवाछुत विरुद्ध जनचेतना जगाउने वृत चित्र समेत निर्माण गरिएको थियो । यसै गरी समय समयमा चेतनामूलक सूचना सन्देशहरू जस्तै वेपत्ता पारिने घटना एवं वोक्सीको नाममा महिलामाथि हुने हिंसाको विरुद्धमा टेलिभिजनमार्फत प्रशारित गरेको थियो ।

### ५.८.७ ई–बुलेटिन

आयोगको २०५८।८।२६ को निर्णयानुसार मानव अधिकार अवस्थाको सम्वन्धमा आयोगबाट ई–बुलेटिन प्रकाशित गर्न आवश्यक व्यवस्था मिलाइ पाक्षिक रूपमा ई–बुलेटिन प्रकाशित भई विभिन्न सरोकारवालाहरूलाई इ-मेल मार्फत पठाउने कार्य भइरहेको छ । आयोगबाट नियमित रूपमा ई–बुलेटिन प्रकाशित गरिएको सम्वन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट समेत सराहना भएको छ । यी इ-वुलेटिनलाई आयोगको वेवसाइटमा समेत समावेश गर्ने व्यवस्था मिलाइएको छ ।

### ५.८.८ चेतनामूलक कार्यक्रम

बोक्सीको नाममा महिलामाथि हुने हिंसा विरुद्ध चेतना फैलाउने मूल उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार आयोगले तराइका धनुषा, महोत्तरी, सर्लाही र सिरहा जिल्लामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । २०५९/१०/२४ गतेदेखि २०५९/११/४ गतेसम्म भएका कार्यक्रमहरू धनुषा जिल्लाको गोपालपुर र हरिहरपुर, महोत्तरी जिल्लाको गैढाभेटपुर र ऐकडेरावाला, सर्लाही जिल्लाको गौरीशङ्कर गा.वि.स. र जनता प्रस्तावित मा.वि., सिराहा जिल्लाको चन्दलालपुर र राजपुरमा स्थानीय जनताको माझमा समाजमा हालसम्म विद्यमान रहेको कुसंस्कारको विरुद्धमा केन्द्रित रहेको थियो । उक्त अवसरमा टोलीले स्थानीय बुद्धिजीवी, शिक्षक, सामाजिक कार्यकर्ता, पीडित र पत्रकारहरूसँग भेट गरी कथित बोक्सी प्रथा र महिलामाथि हुने अन्य प्रकारका हिंसाको बारेमा जानकारी लिएको थियो । टोलीले ती जिल्लाहरूका स्थानीय प्रशासनलाई भेटी जिल्लाको समग्र मानव अधिकारको स्थिति बारेमा पनि जानकारी लिएको थियो ।

## ५.८.९ वार्षिक प्रतिवेदन

मानव अधिकार आयोग ऐन, २०५३ अनुरूप २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । मानव अधिकार आयोग ऐन, २०५३ को दफा १४ अनुरूप बर्ष भरिमा सम्पन्न क्रियाकलापका सम्वन्धमा बार्षिक प्रतिवेदन तयार गरी श्री ५ मा जाहेर गरिने र श्री ५ बाट संसदमा पठाइबक्सने भन्ने उल्लेख भएबाट बार्षिक प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने दायित्व रहेकोले यसै अनुरूप आयोगले हरेक आर्थिक वर्ष भित्रका क्रियाकलापहरूलाई समावेश गरी बार्षिक प्रतिवेदन प्रकाशन एवं वितरण गर्दै आएको छ । स्थापनाकालको अवधिमा न्यून बजेट र न्यून कर्मचारी लगायतका समस्याले गर्दा बार्षिक प्रतिवेदन तयारीमा कमी कमजोरी रहेको देखिएता पनि श्री ५ को सरकारबाट विनियोजन गरिने बजेट क्रमिक रूपमा वृद्धि हुदै गएको तथा राष्ट्रिय मानव अधिकार आयोग क्षमता अभिवृद्धि कार्यक्रम नामक संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) ले पनि प्रतिवेदनको छपाइ लगायतका कार्यमा सहयोग पुऱ्याई रहेको छ । आयोगद्वारा वार्षिक प्रतिवेदन तयारीको क्रममा गरिएका अनुभवहरु निम्न लिखित बुँदाहरुमा उल्लेख गरिएको छ ।

१. स्थापनाको पहिलो वर्ष आयोगको बार्षिक प्रतिवेदन तयारी प्रक्रिया योजना महाशाखाबाट शुरू भई रहेको अवस्थामा त्यस महाशाखामा रहेका एक मात्र अधिकृत कर्मचारी राजीनामा गरी सेवाबाट अवकाश लिईसकेपछि सो महाशाखा कर्मचारी विहीन वन्न पुगेको हुनाले आयोगको प्रशासन महाशाखामा रहेका उप-सचिवलाई सो दायित्व सुम्पिएको र केही महीनाको अन्तरालमा नीज उप-सचिव पनि काज फिर्ता भई गएको अवस्थामा पुनः आयोगको प्रशासन महाशाखाका एक जना अधिकृतलाई सो जिम्मेवारी दिईए अनुरूप पहिलो प्रतिवेदन तयार भएको थियो । उक्त प्रतिवेदन तयारीको क्रममा हरेक महाशाखाहरूबाट सम्पन्न भएका क्रियाकलापहरूको विवरण लिई त्यसलाई आवश्यक सम्पादन गरी प्रतिवेदनलाई अन्तिम रूप दिईएको थियो । प्रथम प्रतिवेदन भएको र आयोगमा धेरै परियोजनाहरू समेत नरहेको हुनाले भौतिक पूर्वाधार बाहेक अन्य विशेष समस्याहरू देखिएका थिएनन् । उक्त प्रतिवेदनको पूर्ण पाठको अंग्रेजीमा रूपान्तरण समेत गरिएको थियो ।

२. आयोगको दोस्रो प्रतिवेदन निर्माण अवधी भित्र आयोगबाट स्थायी पदपूर्ति प्रकृयाबाट केही अधिकृतहरू एवं सहायक कर्मचारीहरूको पदपूर्ति गरिएको एवं क्षमता विकास परियोजना समेत लागू भै सकेको हुनाले आयोगको भौतिक साधन एवं मानव संशाधनमा समेत वृद्धि हुन पुगेको थियो । आयोगद्वारा पुरानो सङ्गठनात्मक तालिकालाई परिमार्जन गरे अनुरुप योजना महाशाखामा दुई जना अधिकृतहरूको व्यवस्था गरिए अनुरूप विभिन्न महाशाखा, परियोजनाहरूबाट वर्ष भरिमा सम्पन्न क्रियाकलापहरूलाई आवश्यक सम्पादन गरी दोस्रो प्रतिवेदन प्रकाशन गरिएको थियो । प्रथम प्रतिवेदनमा रहेको संरचनालाई केही परिमार्जन समेत गरिएको थियो ।

३. आयोगको तेस्रो प्रतिवेदन निर्माण अवधिमा आयोगभित्र क्षमता अभिवृद्धि परियोजना, मानव अधिकार सङ्कटलाई सम्वोधन, चेलीबेटी बेचविखन तथा ओसार पसार विरूद्ध राष्ट्रिय समाधीक्षकको कार्यालयको स्थापना लगायतका आयोगका मानव अधिकार अनुगमन तथा अुनसन्धानमा बढिरहेको संलग्नता एवं विभिन्न छलफल, अन्तरक्रिया तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरूले गर्दा प्रतिवेदन निर्माण कार्यको दायरा अझै फराकिलो हुदै गएको थियो । यस प्रतिवेदन अवधिमा आयोगले आफ्नो पाँच वर्षे रणनितीक योजना समेत तर्जुमा गरेको थियो । दोस्रो प्रतिवेदन जस्तै प्रक्रिया अवलम्वन गरी प्रतिवेदन तयार गरिएको थियो ।

४. आयोगको चौथो बार्षिक प्रतिवेदन २०६०/०६१ तयारी अझै चुनौतीपूर्ण रूपले सम्पन्न भएको थियो । एकातिर आयोगका क्रियाकलापका क्षेत्रहरू बिस्तार हुदै जाने, नयाँ परियोजनाहरू शुरू हुदै जाने अर्कोतिर प्रतिवेदन तयारी कार्यमा विगतमा रहेका मानव संशाधन पनि पूर्ण रूपले संलग्न हुन नपाउने अवस्था सिर्जना हुन पुगेबाट आयोगको योजना महाशाखामा रहेका एक जना अधिकृतको संलग्नताबाट मात्र शुद्ध, स्तरीय र त्रुटिविहीन बार्षिक प्रतिवेदन तयारी हुन नसक्ने कुरा निर्विवाद थियो । त्यसमाथि पनि धेरै महाशाखाबाट आफ्ना क्रियाकलापहरूका सम्वन्धमा प्रतिवेदन योजना महाशाखामा ढिलो गरी मात्र प्राप्त हुनुले समेत हतारमा सम्पादन गरी प्रकृयामा पठाउनु पर्ने वाध्यता सिर्जना हुन गई भाषागत शुद्धाशुद्धी एवं सम्पादनमा समेत केही कमजोरीहरू रहन गएता पनि १० डिसेम्वरकै दिन राष्ट्रिय मानव अधिकार आयोगको चौथो बार्षिक प्रतिवेदन २०६०/०६१ प्रकाशित हुनुलाई सुखद मानिनुपर्दछ । यद्यपि विगतका अनुभवहरूबाट पाठ सिक्दै भविष्यमा सुधार गर्दै जानु पर्ने सम्बन्धमा भने दुई मत हुन सक्दैन ।

## ५.८.१० मानव अधिकार सँस्कृतिको विकास

मानव अधिकार शिक्षालाई प्रचार प्रसार गरी मानव अधिकार संस्कृति निर्माणको दिशामा अघि बढ्न सहयोग पुगोस् भन्ने उद्देश्यले आयोगले मानव अधिकार शिक्षाको निमित्त विभिन्न प्रबर्द्धनात्मक कार्य गर्दै आएको छ ।

यसै सिलसिलामा विगतका वर्षमा आयोगले विभिन्न विद्यालयहरुमा मानव अधिकार सचेतना कार्यक्रमहरु संचालन गरेको थियो । आयोगले विराटनगर, नवलपरासी, पाल्पा तथा कास्की लगायतका जिल्लामा विद्यालय स्तरीय मानव अधिकर सचतेना कार्यक्रम तथा निवन्ध एवं कविता प्रतियोगिता संचालन गरेको थियो । आयोगको रणनीतिक योजना बमोजिम विद्यालयमा पाठ्यक्रममा मानव अधिकार शिक्षाको समावेसीकरण तथा सुरक्षाकर्मी तथा कानून कार्यान्वयन गर्ने अधिकारीलाई दिइने आधारभूत तालिमको पाठ्यक्रममा मानव अधिकार शिक्षालाई समावेश गर्ने जस्ता कार्यतर्फ आयोगले आफ्ना क्रियाकलापहरु अगाडि बढाइरहेको छ । सोही सिलसिलमा विभिन्न सरोकारवालासँग छलफल अन्तरक्रिया पनि गरिएको थियो । यसबाट मानव अधिकार सँस्कृतिको निर्माण एवं मानव अधिकार शिक्षाको प्रचार प्रसारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ५.८.११ मानव अधिकार प्रवर्द्धन कार्यमा देखा परेका चुनौतीहरू

श्री ५ को सरकारबाट प्राप्त बजेट आयोगको दैनिक प्रशासनिक कार्य सम्पादनमा समेत अपर्याप्त भएको अवस्थामा मानव अधिकार शिक्षा प्रचारप्रसार गर्ने कार्य पनि चुनौतीका रूपमा रहेको छ । सीमित स्रोत र साधनका बावजुद आयोगले मानव अधिकार सम्बन्धी केही सामग्रीहरू

प्रकाशन एवम् वितरण गरे तापनि मानव अधिकार संस्कृति निर्माणको बृहत उद्देश्य प्राप्तिकालागि मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्न आयोगले खेल्नुपर्ने भूमिका चुनौतीपूर्ण देखिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रवर्द्धनात्मक कार्यमा रहेका समस्याहरूलाई बुँदागत रूपमा देहाय वमोजिम उल्लेख गरिएको छ ।

क) प्राविधिक दक्षता भएका मानव संसाधनको कमीको कारणले गर्दा बार्षिक प्रतिवेदन लगायत सूचना, संचार तथा शिक्षा सम्वन्धी सामाग्रीहरू कम प्रकाशन भएको एवं प्रकाशित समाग्रीहरूको पनि स्तरीयता कायम हुन सकेको छैन ।

ख) प्रतिवेदन लेखन, प्रकाशन सामाग्री सम्पादन सम्वन्धमा कुनै पनि कर्मचारीलाई तालीम प्रदान नगरिंदा स्वविकेकका आधारमा गरिएका कार्यमा प्रसस्त कमी कमजोरीहरू पाइने गरेको छन् ।

ग) विभिन्न महाशाखा तथा परियोजना बीच समन्वयको अभावका कारणले गर्दा समेत बार्षिक प्रतिवेदन लगायत प्रवर्द्धनात्मक कार्यक्रम आयोजनामा समेत दोहोरो कार्यक्रम हुने, अपेक्षित सहभागिता नहुने, व्यवस्थित कार्यक्रम प्रतिवेदन नवन्ने जस्ता असर परेको छ । त्यसै गरी कतिपय कार्यक्रमहरूको दोहोरो प्रतिवेदन तथा कतिपय कार्यक्रमहरूको सम्वन्धमा उल्लेख नै नगरीने जस्ता समस्याहरू समेत देखिएका छन् ।

घ) आयोगको तर्फबाट प्रकाशन गरिने सामग्री विश्लेषणयुक्त हुनुपर्नेमा प्रगति विवरण वा तथ्याङ्क सङ्कलनको प्रयोजनको लागि पठाइने जस्तो ढाँचामा पठाइने प्रवृत्तिले समेत बार्षिक प्रतिवेदनमा आवश्यक विश्लेषण, सम्पादन एवं स्तरीयता अभिवृद्धिमा असर परिरहेको देखिन्छ ।

च) आयोगको वार्षिक प्रतिवेदन तथा अन्य प्रकाशनहरुका निमित्त छनौट गरिने सामग्रीको सम्वन्धमा आयोगका पदाधिकारीज्यू एवं व्यवस्थापन पक्षबाट समेत समयमै उचित मार्ग निर्देशन प्राप्त हुन नसक्नाले समेत विषयवस्तुको छनौट, विश्लेषण, सिफारिस लेखन जस्ता खण्डहरूको तयारीमा अन्यौल एवं अष्पष्टता हुने गरेको छ । अधिकांश मस्यौदाहरूमा व्याकरणात्मक अशुद्धि एवं भाषागत त्रुटीका सम्वन्धमा मात्र सुझाव प्राप्त हुने तर Thematic Issues मा निर्देशनको अभावले गर्दा समेत प्रतिवेदन लेखनको स्तरीयता वृद्धिमा अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । कुनै पनि संस्थाको बार्षिक प्रतिवेदनबाट त्यस संस्थाको महत्व, प्रयोग र उपयोगीताका सम्वन्धमा आयोगका सवै महाशाखा, परियोजनाका सम्वन्धमा नागरीक समाजको धारणाका सम्वन्धमा समेत जानकारी गराइने परिपाटी नभएबाट आयोगका प्रकाशनहरुको तयारीमा आवश्यक संवेदनशीलता देखिएको छैन । यस्तै गरेर विभिन्न परियोजनाका प्रतिवेदनलाई नै प्रकाशनकालागि हु-बहु पठाइने प्रवृत्ति हुनुका साथै अंग्रेजी भाषामा समेत सामग्री पठाइने प्रयत्न गर्दा अनुवाद गर्नुपर्ने समस्या समेत देखिएका छन् ।

(छ) बार्षिक प्रतिवेदन तयारीकालागि टिम बनाई जिम्मेवारी दिनुको सट्टा व्यक्ति विशेषलाई जिम्मेवारी दिइने प्रवृतिले वार्षिक प्रतिवेदन निर्माण जस्तो महत्वपूर्ण कार्यलाई वेवास्ता गरेको कुरा झल्किन्छ । यसैगरी प्रतिवेदनको गुणस्तर, ढाँचा, शैली, विषय बस्तुको खाका आदि कस्तो हुनु पर्छ भन्ने सम्बन्धमा एकातर्फ कुनै छलफल अन्तरक्रिया हुन सकेन भने अर्कातर्फ क्षमता निर्माणको एउटा पाटोको रुपमा पनि प्रतिवेदन निर्माण कार्यलाई स्थान दिन सकिएन ।

(ज) आयोगद्वारा आयोजना गरिएका कतिपय गोष्ठी, छलफल तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरु पर्याप्त तयारी विना सम्पन्न गरिनाले त्यस्ता कार्यक्रमहरुमा सहभागितामा कमी हुने एवं कार्यक्रमको लक्ष्य हासिल हुन नसेकेको पाइन्छ ।

(झ) आयोगबाट आयोजना गरिने तालिम कार्यक्रमहरुको सम्वन्धमा आवश्यकता पहिचान नगरिएको, तालिम सम्वन्धी निर्देशिका बन्न नसकेको तथा तालिमको प्रभावकारी मूल्याङ्कन गर्ने परिपाटी विकास नभएको कारणले गर्दा तालिम कार्यक्रमहरुबाट अपेक्षित लाभ प्राप्त हुन सकेको छैन ।

(ञ) कार्यक्रमकोलागि चाहिने सूचना, शिक्षा तथा संचार सम्वन्धी जानकारीमूलक सामग्रीहरु पर्याप्त रुपमा निर्माण हुन नसकेको एवं निर्माण भएका सामग्रीहरु पनि लक्षित वर्गलाई उपयुक्त हुने गरी बनाउन नसकिएको हुनाले आयोगका प्रवर्द्धनात्मक कार्यक्रमहरुबाट सही सूचना र सन्देश प्रवाह गर्न नसकिएको अवस्था छ ।

# खण्ड ६

## आयोग अन्तर्गतका परियोजनाहरू

६.१ यातना तथा अपाङ्गता सम्वन्धी अध्ययन परियोजना
६.२ दलितहरूको मानव अधिकार प्रवर्द्धन सम्वन्धी परियोजना
६.३ मानव अधिकारको स्थितिपत्र सम्वन्धी परियोजना
६.४ राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास परियोजना
६.५ मानव अधिकार संकटलाई सम्वोधन परियोजना
६.६ चेलीबेटी बेचबिखन तथा ओसार पसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय स्थापना सम्वन्धी परियोजना
६.७ आयोगको पहुँच विस्तार परियोजना
६.८ बाल अधिकार डेस्क सम्वन्धी परियोजना
६.९ परियोजना संचालनका सम्वन्धमा देखा परेका चुनौतीहरू



आयोगको पोखरा स्थित क्षेत्रीय कार्यालयको उद्घाटन गर्दै आयोगका अध्यक्ष नयनबहादुर खत्री




आयोगको क्षमता विकास कार्यक्रम सम्वन्धी परियोजना




आयोगको चेलीबेटी ओसार पसार तथा बेचबिखन विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय

> "संकल्प र विश्वास विनाको काम सुगन्ध नभएको कृत्रिम फूल जस्तै हो ।"
> - महात्मा गान्धी

# खण्ड ६

# आयोग अन्तर्गतका परियोजनाहरू

आयोग स्थापना पश्चात आयोगलाई सरकारबाट अनुदानबाट प्राप्त भएको वजेट प्रशासनिक खर्च तथा दैनिक कार्य सम्पादनमा समेत न्यून हुन गएको कारणले गर्दा आयोग मानव अधिकार संरक्षण र सम्वर्द्धनसँग सम्वन्धित कार्यक्रम आयोजना गर्न कठिनाई महुशस भएको थियो ।

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त मानव अधिकार संरक्षण र सम्बर्द्धनको उत्तरदायित्वलाई प्रभावकारी रूपमा वहन गर्न विभिन्न परियोजना संचालन हुँदै आएका छन् । आयोगद्वारा परियोजना संचालन गर्ने क्रममा दातृ निकायहरूसँग छुट्टाछुट्टै सम्झौता गरी संचालनमा ल्याएको छ । त्यसै गरी संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमद्वारा समयोजन भई राष्ट्रिय मानव अधिकार आयोग क्षमता विकास परियोजना ( CDNHRC ) नामक छुट्टै परियोजन शुरू भइ सोही परियोजना अन्तर्गत विभिन्न क्रियाकलापहरू संचालन भइरहेका छन् । आयोगको क्षमता विकास परियोजनामा अष्ट्रेलिया, क्यानाडा, डेनमार्क, फिनल्याण्ड, नर्वे, संयुक्त अधिराज्य, स्विट्जरल्याण्ड, युनिसेफ तथा फोर्ड फाउन्डेशन लगायतका दातृ निकायबाट वित्तिय सहयोग उपलब्ध भइरहेको छ ।

आयोगलाई ऐन प्रदत्त दायित्व वहन गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम लगायतका दातृ निकायबाट सहयोग गर्ने प्रतिवद्धता समेत प्राप्त भएको थियो । आन्तरिक शसस्त्र द्वन्द्वका कारण सृजित परिस्थितिले गर्दा मानव अधिकार संरक्षण र सम्वर्द्धनको निमित्त ठोस पहलको शुरूवात गर्नु पर्ने आवश्यकता महसुस गरी विदेशी दातृ निकायबाट समेत सहयोग परिचलन गरी आफना क्रियाकलापहरू अगाडि वढाउने निर्णय भएको थियो । सोही अनुरूप मित्रराष्ट्र वेलायतको सहयोगमा आयोगले माओवादी प्रभावित सल्यान, रुकुम लगायतका जिल्लाहरूको मानव अधिकारको अवस्थाको अध्ययन प्रारम्भ गरेको थियो । त्यसै गरी मानव अधिकार सम्वन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयको सहयोग दलित मानव अधिकार सम्वन्धी परियोजना संचालन गरेको थियो । यस पछि एसिया फाउन्डेशनको सहयोगमा मानव अधिकार स्थितिपत्र सम्वन्धी परियोजना, डेनिस, नर्वेजियन तथा क्यानेडियन सरकारको सहयोगमा संकटलाई सम्वोधन नामक मानव अधिकार अनुगमन परियोजना संचालन गरिएको थियो । त्यसैगरी चेलीवेटी बेचविखन तथा ओसार प्रसारको विरूद्धमा कार्य गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र आयोग बीच भएको सहमति अनुसार आयोग अन्तर्गत राष्ट्रिय समाधिक्षकको कार्यालय स्थापना गरिएको थियो । पछिल्लो चरणमा आएर युरोपियन युनियनको सहयोगमा पहुँच विस्तार कार्यक्रम अन्तर्गत नेपालका विभिन्न क्षेत्रहरूमा क्षेत्रीय कार्यालयहरू स्थापना गर्ने निर्णय अनुसार आयोगले १० प्रतिशत वित्तिय भर वहन गर्ने गरी मार्च १, २००४ बाट लागू हुने गरी पहुँच विस्तार परियोजना शुरू भई क्षेत्रीय कार्यालयको स्थापना एवं मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यहरू भइरहेका छन् । आयोगको पछिल्लो परियोजनाको रूपमा बाल बचाउ नर्वेको सहयोग बाल अधिकार सम्वन्धी कार्य गर्ने गरी बाल अधिकार डेस्क स्थापना भएको छ ।

आयोगद्वारा विगत वर्षहरूमा परियोजनामा मानव अधिकारको स्थितिपत्र सम्बन्धी परियोजना, दलित मानव अधिकार प्रवर्द्धनात्मक परियोजना, माओवादी क्षेत्रमा यातना तथा अपाङ्गता सम्वन्धी अध्ययन परियोजना, संकटलाई सम्वोधन जस्ता परियोजना सम्पन्न भइसकेका छन् । हाल संचालित परियोजनाहरूमा क्षमता विकास परियोजना, राष्ट्रिय समाधिक्षकको कार्यालय स्थापना सम्वन्धी परियोजना तथा आयोगको पहुँच विस्तार परियोजना प्रमुख रूपमा रहेका छन् । आयोगले संचालन गरेका परियोजनामा आयोगको क्षमता विकास परियोजना महत्वपूर्ण परियोजनाको रूपमा संचालित भइरहेको हुन्छ । आयोगको भौतिक क्षमता विस्तार, तालिम, अध्ययन भ्रमण लगायतका कार्यक्रमहरू सम्पन्न गर्ने उद्देश्यले संचालित यस परियोजनामा सहयोग पुऱ्याउने संस्थाहरू मध्ये अष्ट्रेलिया, क्यानाडा, डेनमार्क, फिनल्याण्ड, नर्वे, संयुक्त अधिराज्य, स्विट्जरल्याण्ड तथा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, युनिसेफ तथा फोर्ड फाउन्डेशन प्रमुख रूपमा रहेका छन् । आयोगद्वारा सम्पन्न भइसकेका तथा हाल संचालित परियोजनाहरूलाई देहायका वुदाँहरू मार्फत संक्षिप्त चर्चा गरिएको छ ।

## ६.१. माओवादी प्रभावित क्षेत्रमा यातना तथा अपाङ्गता सम्वन्धी अध्ययन परियोजना

ब्रिटिश राजदूतावासबाट प्राप्त भएको रू. १९,९६,०००।- बाट आयोगले यातनाको क्षेत्रमा काम गर्दै आएको गैर सरकारी संस्था यातना पीडित सरोकार केन्द्र (CVICT) लाई प्राविधिक सहयोगीको रूपमा संलग्न गराएको थियो । नर्वेजियन राजदूतावास र डेनिस राजदूतावासबाट प्राप्त भएको रू.५,००,०००।- थियो । सोही अन्तर्गत माओवादी अति प्रभावित चार जिल्ला-रोल्पा, सल्यान, रुकुम र जाजरकोटमा मानव अधिकारको स्थिति अवलोकन अध्ययन गर्ने योजना अनुरूप आयोगका पदाधिकारी तथा कर्मचारी सम्मिलित टोली ती जिल्ला रोल्पा र सल्यान जिल्लामा भ्रमण गरी मानव अधिकारको अवस्थाको अध्ययन गरिएको थियो ।

## ६.२. दलितहरूको मानव अधिकार सम्बन्धी परियोजना

जातीय विभेद उन्मूलनको उद्देश्यले "आत्म सम्मान, समानता र न्यायका लागि लडौ" भन्ने नारा लिएर संयुक्त राष्ट्र संघको आह्वानमा २००१ को ३१ अक्टुवरदेखि ७ सेप्टेम्वरसम्म दक्षिण अफ्रिकाको डर्बानमा आयोजना भएको World Conference Against Racial Discrimination, Intolerance, Xenophobia and Related Causes विषयक तेस्रो विश्व सम्मेलनको तयारीको सिलसिलामा संयुक्त राष्ट्र संघको मानव अधिकार उच्चायुक्तको कार्यालयबाट जातिभेद विरूद्ध जनचेतना अभिवृद्धि गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगलाई रू १८,००,०००।-वित्तीय सहायता प्राप्त भए

अनुरूप दलितहरूको मानव अधिकार सम्वन्धी प्रवर्द्धनात्मक परियोजना आयोगबाट सम्पन्न भएको छ । यस परियोजनाका प्रमुख उद्देश्यहरु यसप्रकार रहेका थिए :-

(क) राजनैतिक दलका नेताहरू, योजनाविद्, श्री ५ को सरकारका केन्द्रीय तथा जिल्ला स्तरका पदाधिकारीहरू, बुद्धिजीवी तथा सर्वसाधारणमा विद्यमान रहेका जातीय विभेद सम्बन्धी नकारात्मक सोचाई समाप्त पार्न चेतना अभिवृद्धि गर्ने ।

(ख) दलितहरूको अवस्था अध्ययन गरी उनीहरूको वास्तविक समस्या, मानव अधिकारको स्थिति तथा राज्यले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता अनुरूपको व्यवस्थाको सम्बन्धमा छलफल तथा सुझावको लागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरूलाई मञ्च प्रदान गर्ने ।

(ग) राष्ट्रियस्तरमा समर्थन तथा ऐक्यबद्धता कायम गरी दलितका अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने ।

यस परियोजना अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगले अधिराज्यका पाँचै विकास क्षेत्रहरूमा "मानव अधिकारको सन्दर्भमा दलितहरूको स्थिति, चुनौती र समाधानको उपाय" विषयक गोष्ठी, सहभोज, दलित जातीय कला/सीपको प्रदर्शनी, सडक नाटक, व्यानर, होर्डिङ बोर्ड तथा भित्ते नारा जस्ता सचेतनात्मक कार्यक्रमहरू संचालन गरेको थियो । त्यसै क्रममा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको डोटी, पश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेतमा, मध्यपश्चिमाञ्चल विकास क्षेत्रका बाग्लुङ्ग, पूर्वाञ्चल विकास क्षेत्रको लाहानमा कार्यक्रमहरू सम्पन्न भएका थिए ।

यस परियोजनाको दोस्रो चरण अन्तर्गत दलित वर्गभित्रका चमार जातिको आर्थिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक स्थितिको अध्ययन अनुसन्धान, दलितहरूको वर्तमान अवस्था र उनीहरूले भोग्नु परेका समस्या तथा उनीहरूका आर्थिक, सामाजिक, साँस्कृतिक जीवन झल्कने वृत्तचित्रको निर्माण, दलितहरू विरूद्ध भइरहेका सामाजिक भेदभाव तथा त्यसको विरूद्ध समाजले खेल्नुपर्ने भूमिकाको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले पोष्टर प्रकाशन एवम् दलितहरूका समस्या र समाधानको उपायहरू विषयक कार्यशाला/ गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका थिए । यस परियोजनाका कार्यक्रमहरू सम्पन्न भई आयोगद्वारा यस सम्बन्धी प्रतिवेदन सार्वजनिक भई सकेको छ ।

## ६.३ मानव अधिकारको स्थितिपत्र सम्बन्धी परियोजना

मानव अधिकार सम्बन्धी सम्पूर्ण विषयहरू समाविष्ट भएको प्रतिवेदनको आवश्यकतालाई महसुस गर्दै राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी सम्पूर्ण विषयहरूलाई समेटी देशको मानव अधिकारको वास्तविक स्थिति बारे अध्ययन गर्ने उद्देश्यले मानव अधिकारको स्थिति पत्र सम्बन्धी अनुसन्धानात्मक परियोजनाको संचालन गरको थियो । सोही अनुरूप अध्ययन सम्पन्न भई तयार गरिएको स्थितिपत्रको प्रतिवेदन अंग्रेजी र नेपाली दुवै भाषामा प्रकाशित गरी वितरण समेत गरिएको छ । यसमा मुख्यत मानव अधिकारका क्षैत्रमा सरकारले गरेका प्रतिवद्धता, संवैधानिक तथा कानूनी प्रावधान तथा मानव अधिकार सम्वन्धी सरकारद्वारा भएका पहलहरू लगायत देशको मानव अधिकार अवस्थाका सम्वन्धमा विवेचना गरिएको छ । एसिया फाउन्डेशन नामक संस्थाद्वारा यस परियोजन संचालनको निमित्त वित्तीय सहयोग उपलब्ध गराइएको थियो ।

...नेपालको मानव अधिकारको स्थितिको बारेमा कुरा गर्दा नेपालले प्रतिवद्धता जनाई सकेका अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरूलाई कुन हदसम्म व्यावहारिक रूपमा कार्यान्वयन गरी जनतामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन हुन सकेको छ भन्ने विषय महत्वपूर्ण हुन आउँछ । यसका अतिरिक्त सरकारले अनुमोदन गरेका विभिन्न महासन्धिहरू अन्तर्गत राष्ट्र संघीय समितिमा पठाउनु पर्ने आवधिक प्रतिवेदनमा सम्पूर्ण आवश्यक कुराको उल्लेख गर्दै निर्धारित ढाँचामा प्रतिवेदन तयार गरी उचित समयमा पठाउनु पर्नेमा हालसम्म सोको पूर्ण परिपालना भएको पाइएको छैन । तसर्थ यस तर्फ विशेष ध्यान दिनु उत्तिकै जरूरी हुन आएको छ ।

नेपालले अनुमोदन गरेका सम्पूर्ण महासन्धिहरू उत्तिकै महत्वपूर्ण रहेका छन् तापनि नेपालको सन्दर्भमा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, बाल अधिकार सम्बन्धि महासन्धि, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि, महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी आदि अग्र पंक्तिमा आउँदछन् ।
-स्थिति पत्र सम्वन्धी दस्तावेजको एक अंश

## ६.४ राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास परियोजना

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त मानव अधिकार संरक्षण र सम्वर्द्धनको उत्तरदायित्वलाई वहन गर्ने क्षमता विकासको लागि एउटा सशक्त परियोजनाको आवश्यकता महशुस गरिएको थियो । सोही सन्दर्भमा आयोगले शिक्षा, तालिम तथा पहुँच विस्तार, मानव अधिकार अनुगमन तथा अनुसन्धान लगायतका ऐन प्रद्धत दायित्व निर्वाह गर्नमा क्षमता विकास गर्ने उद्देश्यले आयोगमा क्षमता विकास परियोजना (CDNHRC) नामक २००२ अप्रिल (२०५९ वैशाख) देखि प्रारम्भ भयो । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को संयोजन भइरहेको यस परियोजना कोषमा अष्ट्रेलिया, क्यानाडा, डेनमार्क, फिनल्याण्ड, नर्वे, स्वीजरल्याण्ड लगायत युनिसेफ, संयुक्त राष्ट्र संघीय मानव अधिकारको उच्च आयुक्तको कार्यालय, अन्तर्राष्ट्रिय श्रम सङ्गठन तथा एशिया प्यासिफिक मञ्च लगायतका दातृ निकायहरूद्वारा वित्तीय सहयोग उपलब्ध भइरहेको छ । यस परियोजनाका क्रियाकलापहरू मुख्यता तीन क्षेत्रहरुमा केन्द्रीत रहेका छन् :-

१ शिक्षा, तालिम तथा पहुँच विस्तार सम्बन्धी कार्यक्रममार्फत मानव अधिकारको प्रवर्द्धन गर्ने ।

२ उजुरी तथा अनुसन्धान संयन्त्रमार्फत मानव अधिकार संरक्षण गर्ने ।

३ अनुगमन तथा परामर्शदातृ कार्य मार्फत सरकारलाई मानव अधिकार सँस्कृति निर्माण गर्न र मानव अधिकार सम्बन्धी ऐन कानून तथा नीतिहरूको प्रभावकारी परिपालनमा सरकारलाइ सहयोग पुऱ्याउने ।

देशको विद्यमान द्वन्द्वपूर्ण अवस्थालाई मध्येनजर गर्दै हाल विद्यमान मानव अधिकारका समस्याहरूको सम्बोधन गर्नकालागि अझ व्यापक रूपमा अनुगमन गर्न संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग समन्वय गरी परियोजनाको पुनर्मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको छ ।

## ६.५ मानव अधिकार संकटलाई संवोधन परियोजना

मुलुकमा औपचारिक रूपमा संकटकालीन अवस्थाको घोषणा भई सेना परिचालन समेत भएको अवस्थामा मानव अधिकार उल्लंघनका घटनाहरू वृद्धि हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी यस आयोगले प्रभावकारी रूपमा मानव अधिकार अवस्था अनुगमन तथा अनुसन्धान गर्ने उदेश्यले बेलायत, डेनमार्क तथा नर्वेली राजदूतावासको आर्थिक सहयोगमा संकटलाई सम्वोधन नामक परियोजना संचालन गरिएको थियो ।

देशको मानव अधिकारको स्थितिको अनुगमन गर्ने उद्देश्यले सञ्चालित यस परियोजनाका लागि आवश्यक कर्मचारीको पद्पूर्ति गरिएको थियो । यस परियोजनाको प्रथम चरण अन्तर्गत देशका ३५ जिल्लाको मानव अधिकारको अवस्थाको समग्र अनुगमन कार्य सम्पन्न हुनुका साथै गम्भीर मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान, मानव अधिकार अनुगमन सम्बन्धी स्वयंसेवकहरुलाई तालिम तथा कानून कार्यान्वयन गर्ने निकायहरुका निमित्त मानव अधिकार तथा मानवीय कानूनका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम एवं द्वन्द्व रुपान्तरणमा मानव अधिकार एजेन्डा सम्बन्धमा छलफल अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिएका थिए । पहिलो चरणको कार्यक्रमका सम्बन्धमा मूल्याङ्कन गर्न दात्री निकायहरुबाट अन्तर्राष्ट्रिय परामर्शदाताहरुले आयोगको भ्रमण गरी परियोजना अन्तर्गतका गतिविधिका सम्बन्धमा अध्ययन गरेका थिए ।

पहिलो चरणका योजनाको मूल्याङ्कन समेत गरी दोश्रो चरणको परियोजना समेत स्वीकृत भई पुन RCP II नामले परियोजनालाई निरन्तरता दिइएको थियो । पहिलो चरणको परियोजना २००२ देखि लागू भएको र दोस्रो चरणको परियोजना जुलाई १, २००३ देखि पुन लागू भएको थियो । पहिलो चरणको परियोजनाको कूल बजेट रू. ४१ लाख रहेका थियो भने दास्रो चरणको परियोजनाको कुल बजेट रू. ९० लाखको हाराहारीमा रहेको थियो । यस परियोजनालाई व्यवहारमा उद्देश्य अनुरूप संचालन गर्न विभिन्न कर्मचारीहरूको नियुक्ति समेत गरिएको थियो ।

**मानव अधिकार संकटलाई संवोधन परियोजना**

**पहिलो चरण** : जुन, २००२ देखि नभेम्वर २००२
**दोश्रो चरण** : डिसेम्वर २००२ देखि डिसेम्वर २००४

**दातृ निकायहरू**
बेलायती राजदुतावास तथा डि.एफ.आई.डी.
डेनिस राजदुतावास तथा डानिडा
नर्वे राजदुतावास तथा नोराड

**परियोजना कर्मचारी संख्या**
पहिलो चरण ४ जना
दोश्रो चरण ७ जना

हाल समाप्त भइसकको यस परियोजनामा रहेका कर्मचारीलाई क्षमता विकास परियोजना अन्तर्गत समायोजन गरिएको छ ।

## ६.६ चेलिबेटी बेचबिखन तथा ओसारपसार विरूद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय स्थापना सम्वन्धी परियोजना

नेपालमा गम्भीर समस्याको रूपमा रहेको चेलीबेटी तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रणकोलागि अनुगमन, अनुसन्धान गरी श्री ५ को सरकारलाई सिफारिस एवं सुझावहरू पठाउनकोलागि आयोगमा छुट्टै संयन्त्रको आवश्यकतालाई महसुस गरी राष्ट्रिय समाधीक्षकको कार्यालयको स्थापना सम्वन्धी परियोजना सञ्चालन गरिएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय मानव अधिकार आयोगबीच भएको सहमति अनुसार मिति २०५९/५/१३ गतेमा यसको स्थापना भएको थियो । यस कार्यालयले सञ्चालन २०५९/९/२६ गतेदेखि कार्य प्रारभ्म गरेको थियो । सोही अनुरूपको कार्य गर्न आयोगद्वारा राष्ट्रिय समाधीक्षक (National Rapporteur) को नियुक्ति गरी निम्नानुसार दायित्व तोकिएको थियो :–

(क) राष्ट्रिय समाधीक्षकलाई जाँचवुझ गर्ने अधिकार, दस्तावेज सामाग्रीहरूको पहुँच एवं सवै सरकारी तथा निजी क्षेत्रहरूको पहुँच प्रदान गरिनेछ ।

(ख) राष्ट्रिय समाधीक्षकले महिला बालबालिका बेचविखनसँग सम्वन्धित घटनाहरूमा भएको मानव अधिकार दुरूत्साहन सम्वन्धमा अनुसन्धान गर्नेछ ।

(ग) राष्ट्रिय समाधीक्षक कार्यालयलाई विशेषत: लैङ्गिक तथा बेचविखन र शोषणबाट भएको अधिकारको उल्लघंनमा मानव सुरक्षाका क्षेत्रहरूमा आयोगसँग मिलेर कार्य गर्नु पर्ने प्रमुख दायित्व सुम्पिएको छ ।

राष्ट्रिय समाधीक्षक कार्यालयद्वारा चेलीबेटी बेचविखन बसाई सराई, एड्स जस्ता सम्बन्धित क्षेत्र बीच अवधाराणात्मक स्पष्टता ल्याउने, जन धारणा परिचालन गरी चेलिबेटी बेचविखनको घटना आधारको अनुगमन गर्ने, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा चेलीबेटी बेचबिखन रोकथामकोलागि भएका प्रयासहरूको समन्वय गर्ने र महिला तथा बालबालिकाहरूको मानव अधिकारको स्थितिमा सुधार ल्याउने सम्वन्धमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ ।

यस कार्यालयबाट प्रमुख निम्न लिखित क्रियाकलापहरु सम्पन्न गरिएका छन् ।

१ यस कार्यालयको क्षमता विकास गर्ने क्रममा आयोगका अध्यक्षको अध्यक्षतामा सरकारी र संयुक्त राष्ट्र संघिय प्रतिनिधि सहितको ५ सदस्यीय नीति निर्देशक समिति र राष्ट्रिय समाधिक्षकको अध्यक्षतामा सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरूको प्रतिनिधित्वमा ११ सदस्यीय प्राबिधिक समिति गठन गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने उद्देश्यले संयन्त्रको निमार्ण गरेको छ ।

२ आयोगको रणनीतिक योजना ( सन् २००४-२००८ ) को रणनीतिक उद्देश्य अनुरूप चेलीवेटी बेचविखन तथा ओसारपसार सँग सम्वन्धित अन्तर्राष्ट्रिय दस्तावेज समेतको अध्ययन गरी नेपालको सन्दर्भमा उपयुक्त परिभाषा तयार गरेको छ ।

३ चेलीवेटी बेचविखनसँग सम्वन्धित विषयहरूमा केन्द्रीय तथा जिल्ला स्तीरय सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल, कार्यशाला गोष्ठीहरू आयोजना गरी समस्याहरू पहिचान गर्नुका साथै महिला पुलिस केन्द्रहरूमा मानव अधिकार स्थिति, तथा मनोरञ्जन क्षेत्रमा महिलाहरूको स्थितिबारे समेत अध्ययन कार्य सम्पन्न भइसकेको छ ।

४ चेलीबेटी बेचविखन र ओसार पसार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट प्रकाशित अध्ययन प्रतिवेदन, नीति तथा योजना, सम्वद्ध कानून एवं घटना विवरण आदि जस्ता विषयहरू समावेश गरी एकीकृत सूचनामूलक डिजिटल पुस्तकालय स्थापना गर्ने कार्य भइरहेको छ ।

५ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा चेलीबेटी बेचविखन विरूद्ध संचालित कार्यहरूमा समन्वय स्थापना गरी चेलीबेटी बेचविखन सम्बन्धित अन्तर-क्षेत्रीय सरोकारको विषयमा सहकार्य गर्न एशिया प्रशान्त मञ्च लगायत सार्क राष्ट्रहरूसँग सम्पर्क कायम गरेको छ ।

यस प्रकार चेलीबेटी बेचविखन तथा ओसार पसार विरूद्ध कार्य गर्न स्थापित राष्ट्रिय समाधीक्षकको कार्यालयबाट आयोगलाई मानव बेचविखन जस्तो गंभीर समस्यालाई सम्वोधन गरी पीडितहरू राहत एवं उल्लघंनकर्तालाई दण्ड सजाय दिलाउनको लागि शिफारिस गर्न एवं यस सम्वन्धी नीति निमार्णमा समेत सहयोगमा पुग्ने अपेक्षा गरिएको छ ।

## ६.७ आयोगको पहुँच विस्तार परियोजना

मानव अधिकार संरक्षण र सम्वर्धनको अभिभारा बोकेको यस आयोगले सीमित श्रोत र साधनका आधारमा कार्यहरू गर्नु परिरहेको अवस्थामा आयोगको रणनैतिक योजना सन् २००४-२००८ अनुरूप मानव अधिकार अनुगमनका लागि आवश्यक थप जनशक्ति परिपूर्ति गरि भैरहेका काम कार्यवाहीलाई अझ वढि प्रभावकारी बनाई वर्तमान द्वन्द्वका कारण मानव अधिकारका क्षेत्रमा परेका गम्भिर समस्याहरूलाई नजिकैबाट नियाल्न सकियोस भन्ने उद्देश्यले यूरोपियन आयोगको वित्तीय सहयोगमा देशका पाँच वटै विकास क्षेत्रहरूमा आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना गर्ने निर्णय भए अनुसार आयोगले दश प्रतिशित वित्तीय भार आफै वहन गर्ने गरी ३० डिसेम्वर २००३ मा सम्झौता भए अनुरूप मार्च १ २००४ ( इ.सं.) बाट लागु हुने गरि दुइ वर्षका लागि **"पहुँच विस्तार परियोजना"** शुरू भई विभिन्न कार्यहरू गर्दै आइरहेको छ । यसबाट आयोगको पहुँच नपुगेका ठाउँहरूमा मानव अधिकार संरक्षण र संवर्द्धनका लागि महत्वपूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

मुलुकमा मानव अधिकारको बढ्दो उल्लंघनका घटना सम्वन्धमा केन्द्रीय स्तरबाट मात्र संरक्षणात्मक कार्य संचालन गर्न कठिनाई महशुश गरी आयोग समक्ष जनताको पहुँच बढाउने दृष्टिकोणले यूरोपियन आयोग **(EU)** को सहयोगमा संचालित हुने कार्यक्रम अन्तर्गत केन्द्रीयस्तर र क्षेत्रीय स्तरको ३ कार्यालयकालागि आवश्यक पदमा विज्ञापन गरी सफल उम्मेदवारहरूलाई करारमा नियुक्ती दिईयो । यस अवधिमा नेपालगञ्च, विराटनगर र पोखरामा क्षेत्रीय कार्यालय स्थापना भइसकेको छ भने बाँकी दुई क्षेत्रमा समेत आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना गरिने योजना रहेको छ ।

क्षेत्रीय कार्यालयको स्थापनाबाट आयोगको पहुँच विस्तारमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस परियोजनाका मूख्य उद्देश्य निम्न बमोजिम रहेका छन् :

१ यो संझौताको उद्देश्य संझौता गर्ने अधिकारीले **"पाँचै विकास क्षेत्रमा छानिएका जिल्लामा पहुँच विस्तार कार्यक्रम स्थापना"** गर्ने कार्यलाई कार्यान्वयन गर्ने रहेको छ ।
२ यो संझौतामा तय गरिएका शर्त र अवस्थामा रही हितकारी पक्ष (संझौता गर्ने पक्ष) लाई अनुदान प्रदान गरिनेछ जसमा विशेष प्रावधान र अनुसूचीहरू पनि समेटिएका छन् जसलाई हितकारी पक्षले जानकारीमा लिएको र स्वीकार गरेको घोषणा गर्दछ ।
३ हितकारीपक्षले अनुदानलाई स्वीकार गर्दछ र आफ्नै जिम्मेवारीमा कार्यलाई अगाडि बढाउने कुरा स्वीकार गर्दछ ।
४ मानव अधिकारका हनन भएका उजुरीहरू लिने र तिनिहरूलाई कार्यवाहिका लागि सम्वन्धित पक्षमा पठाउने ।
५ मानव अधिकार र मानवीय कानूनमा बारेमा जनमानसमा जागरण फैलाउने ।
६ मानव अधिकारको संरक्षण र संवर्धन गर्ने ।
७ कार्यक्षमता विकेन्द्रिकरण गर्ने ।

८ आन्तरिक द्वन्द्वका कारण मुलुकमा उत्पन्न भएका मानव अधिकारका उल्लंघनका घटनाहरूका सम्वन्धमा अध्ययन अनुगमन र तथ्य संकलन गीर प्राप्त प्रतिवेदनको अध्ययन एवं विश्लेषण गरी मानव अधिकार संरक्षणकालागि सिफारिस एवं ध्यानाकर्षण गराउने ।

**(क) क्षेत्रीय कार्यालय नेपालगञ्ज**
आयोगको प्रथम क्षेत्रीय कार्यालयको रूपमा मिति २०६१/१२/०७ मा कार्य संचालनमा आएको । मध्यपश्चिमाञ्चल विकास क्षेत्रका १५ जिल्ला र सुदुरपश्चिमाञ्चलका ९ जिल्ला गरी जम्मा २४ जिल्ला यस क्षेत्रीय कार्यालयको कार्य क्षेत्रमा रहको छ ।

**(ख) क्षेत्रीय कार्यालय विराटनगर**
आयोगको दोस्रो क्षेत्रीय कार्यालयको रूपमा मिति २०६१/१०/२६ मा कार्य संचालनमा आएको यस कार्यालय विराटनगर उपमहानगरपालिका स्थित वरगाँछीमा रहेको छ । पूर्वाञ्चल विकास क्षेत्रका १६ जिल्ला यस क्षेत्रीय कार्यालयको कार्य क्षेत्रमा रहको छ ।

**(ग) क्षेत्रीय कार्यालय पोखरा**
आयोगद्वारा स्थापित तेस्रो क्षेत्रीय कार्यालयको रूपमा मिति २०६२/१/२१ मा कार्य संचालनमा आएको छ । पश्चिमाञ्चल विकास क्षेत्रका १६जिल्ला यस क्षेत्रीय कार्यालयको कार्य क्षेत्रमा रहको छ ।

## ६.८ बाल अधिकार डेस्क सम्वन्धी परियोजना

बाल बचाउ नर्वे र आयोगबीच भएको एक समझदारी पत्रका आधारमा बाल अधिकारको संरक्षण गर्न उद्देश्यले बाल अधिकार डेस्क स्थापना गरिएको छ । क्षेत्रीय कार्यालयहरूमा पनि बाल अधिकार डेस्कसँग सम्वन्यको व्यवस्था मिलाइएको छ । आयोगद्वारा बाल अधिकारका सम्वन्धमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसँग उचित समन्वय गरी बाल अधिकारको संरक्षण र सम्वर्द्धनमा यस डेस्कबाट सहयोग पुग्ने देखिएको छ ।

## ६.९ परियोजना संचालन सम्वन्धमा देखा परेका चुनौतीहरु

आयोगबाट संचालित परियोजना कार्यान्वयनका क्रममा आयोगले विभिन्न कठिनाइ तथा चुनौतीहरुको सामना गर्नु परेको थियो । यसरी परियोजना संचालनको सिलसिलामा देखा परेका मुख्य चुनौतीहरुलाई देहायका बुँदाहरुमा संक्षिप्त प्रकाश पारिएको छ ।

### ६.९.१ दलित अधिकार सम्वन्धी परियोजना सञ्चालनका क्रममा देखा परेका चुनौतीहरू

१. आयोगको निर्णय विना नै आयोगका एक अधिकृत कर्मचारीलाई कार्यक्रम संयोजकको रुपमापरियोजना सञ्चालन तथा आर्थिक कार्य समेत सुम्पनाले खर्चमा अनियमितता हुनुका साथै हालसम्म पनि निज अधिकृतको बेरूजु रकम असुल उपर हुन सकेन ।

२. परियोजना सञ्चालनमा उचित समन्वय पनि हुन नसकी आयोगका परियोजना खटिएका कर्मचारीहरूबीच बैमनस्यता समेत उत्पन्न भएको थियो ।

३. व्यवस्थित योजना गरी परियोजना सञ्चालन हुनन सकेबाट उचित अभिलेख नहुनुका साथै परियोजनाको अनुगमन तथा मुल्यांकन समेत हुन सकेको थिए ।

४. दातृ संस्था संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको उच्चायुक्तको कार्यालयमा परियोजना प्रतिवेदन पठाउन ढिलाई हुन पुगेको थियो ।

### ६.९.२ मानव अधिकार संकटलाई सम्वोधन परियोजनाका चुनौतीहरू

आयोगको मानव अधिकार अनुगमन सम्वन्धी पहिलो परियोजना मूल्याङ्कन गर्न आएका मानव अधिकार क्षेत्रका विशेषज्ञ करेन केनी र प्याट्रीक टमी सहितको टोली र आयोगद्वारा सम्पन्न भएका अनुगमनहरूबाट प्राप्त प्रतिवेदनका आधारमा संकटलाई सम्वोधन परियोजना सम्वन्धी परियोजनाको प्रथम चरणका चुनौती सम्वन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. आयोगद्वारा एकदमै कम तयारी अर्थात प्रर्याप्त तयारी बिना नै अनुगमन टोली पठाईएको कारणले गर्दा स्वयम पीडित तथा साक्षीहरूको सुरक्षा एवं स्वयंम सेवकहरूको सुरक्षामा समेत अधिकतम जोखिम परेको देखियो । हानी नगर्ने सिद्धान्त अपनाइएको पाइएन ।

२. अनुगमनबाट प्राप्त अनुभव अनुसार पीडितहरू तथा सूचनाका श्रोतहरूको सुरक्षा, सुपरिवेक्षण संयन्त्रहरूको निर्माणएवं आन्तरिक मूल्याङ्कनका उपकरणहरु बनाइएको देखिएन ।

३. प्रथम चरणका गरिएका कार्यहरूमा निम्न कमी कमजोरीहरू देखिएका थिए :
- सुरक्षा र गोपनियताको उचित प्रावधान नगरिएको,
- स्वयम् सेवकहरूद्वारा सूचना चुहावट गरिएको,
- अन्तवार्ताकोलागि तयारी कार्य नभएको

- पीडित र साक्षीको भनाईको विश्वसनीयताको आधार तय नगरिएको,
- सुरक्षा एवं जोखिमका सम्वन्धमा आँकलन नगरिएको,
- प्रतिवेदन प्रकाशन सम्बन्धमा योजना नरहेको तर तथ्य र तथ्याङ्क अनुगमन टोलीका सदस्यहरूद्वारा पत्रपत्रिकामा लेख रचना मार्फत चुहाईएको,
- सङ्कलित सामाग्रीहरूको सुरक्षाको प्रबन्ध नगरिएको

४. दाश्रो चरणको प्रस्तावनमा अन्य सरोकारवाला जस्तो कि महिला आयोग, दलीत आयोगसँगको सहकार्य लैङ्गिक विश्लेषण सम्बन्धमा कुनै दृष्टिकोण नराखिएको अन्य महाशाखाका समय प्रतिशत उल्लेख नगरिएको एवं कार्यमा दोहरिने प्रवृत्ति देखियो । उदाहरणकालागि क्यानेडियन परियोजना तथा सङ्कट सम्बोधन परियोजनाको अन्तर सम्वन्ध पाइएन । त्यस्तै परियोजनाहरूबाट आयोगले पूर्ण लाभ लिन नसकेको देखिनुका साथै आयोगका अरू परियोजनासँगको एकीकृत अवधारणा नरहेको पाइयो । त्यसै गरी परियोजनाहरूसँग प्रशासनिक सम्बन्ध व्यवस्थित नगरिएको एवं युद्धविरामको सम्बन्धमा केंद्रित भई नयाँ विश्लेषणको अभाव रहेको पाइयो ।

५. क्षमता अभिवृद्धिको दिगोपनामा प्रश्नचिन्ह रहनुका साथै परामर्श दाता र तिनको भूमिकाको बारेमा मूल्याङ्कन नभएको पाइयो । त्यसै गरी क्षमता विकासको अवधारणमा आयोगको स्पष्ट सोच रहेको पाइएन । यसै गरी संरक्षण महाशाखाको संयोजकले अनुगमनको साथै नियमित रूपमा उजुरी व्यवस्थापनमा समेत खटिई कार्य गर्नु पर्ने दोहोरो जिम्मेवारी पुरा गर्न गाह्रो परेको पाइयो । परियोजना कर्मचारी र आयोग कर्मचारीको छुट्टै भूमिका पहिचान गरिनु पर्नेमा सो सम्वन्धमा स्पष्ट नभएको पाइनुको साथै आयोग कर्मचारी, बाह्य परामर्शदाता एवं वेतनभोगी स्वयम्सेवकहरूको भूमिकाका सम्वन्धमा समेत स्पष्ट व्यवस्था नरहेको पाइयो । परियोजना प्रतिवेदनमा प्रशासनिक तथा वित्तीय सम्भाव्यता एवं जवाफदेहिता, छरिएका गतिविधिहरू उल्लेख भएको तर समग्ररूपमा आयोगको कार्ययोजना नरहेको पाइयो ।

६. प्राथमिकता निर्धारण नगरिएको हुनाले विभिन्न क्रियाकलापहरूको अन्तर सम्बन्ध अस्पष्ट रहेको, लगानीको हिसावमा जोखिम विश्लेषण नगरिनुका साथै आयोगका कर्मचारीको क्षमता विकास सम्बन्धमा स्पष्ट योजना पाइएन ।

७. परियोजना दस्तावेजमा मुद्दा व्यवस्थापन अन्तर्गत १५ वटा मुद्दा तयारी गर्ने भनिएकोमा किन १५ वटा मात्र मुद्दाहरू हो भन्ने सम्बन्धमा स्पष्ट गर्न नसकिएको एवं पीडितलाई क्षतिपूर्ति सम्बन्धमा केही नबोलिएको पाइनुका साथै सूचना जम्मा गरेपछि के हन्छ भन्ने सम्बन्धमा सोच नरहेको पाइयो ।

८. अनुगमन उपकरणका सम्बन्धमा पनि व्यवस्थित योजना नरहेको पाइनुका साथै राज्यको कोष जुटाई अनुगमन कार्यको दिगोपनको बारेमा सोच्नु पर्नेमा परियोजना अन्तर्गतका बाह्य कर्मचारीहरूमा निर्भर रहँदै जाने प्रवृत्ति वढेको पाइयो ।

९. परियोजना प्रतिवेदनमा आयोग भित्रै समान काम गर्ने आयोगका कर्मचारी र परियोजनाका कर्मचारीहरू वीच फरक तलबमानलाई सम्बोधन गर्न स्पष्ट नीति नरहेको पाइयो ।

१०. दाताहरूको अगाडि सबै कुरा राम्रो छ भनी देखाईएको तर यथार्थतामा आधारित मूल्याङ्कन एवं विश्लेषण नगरिएको पाइयो ।

माथि उल्लिखित सवालहरूका सम्वन्धमा बीचार विमर्श गरी सो अनुरूप परियोजना दस्तावेज परिमार्जन गरेपछि मात्र दोस्रो चरणको परियोजना संचालन सम्वन्धी कार्य अगाडि वढेको थियो । आर. सि. पी. दोश्रो शुरू हुनु अघि विदेशी परामर्शदाताबाट अनुगमन कर्तालाई तालिम प्रदान गरिनुका साथै आयोगलाई व्यवस्थित मानव अधिकार अनुगमनमा महत्वपूण सुझाब समेत प्रदान गरिएको थियो ।

अनुगमनकर्तालाई मानव अधिकार अनुगमन सम्बन्धी प्रशिक्षक प्रशिक्षण समेत सञ्चालन गरिएको थियो । आयोगले सङ्कटलाई सम्बोधन नामक परियोजनाको दोश्रो तहमा कुल ५८ जिल्लाको मानव अधिकार अनुगमन २० वटा भन्दा बढी मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान, श्री ५ को सरकारका विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुका साथै पाँचै विकास क्षेत्रमा मानव अधिकारका क्षेत्रहरूमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिलाई मानव अधिकार तालिम तथा कानून कार्यान्वयन गर्ने निकायका पादाधिकारीहरुलाई मानव अधिकार तथा मानवीय कानून सम्बन्धी अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो ।

## ६.९.३ पहुँच विस्तार परियोजनामा देखा परेका चुनौती

### १. भौगोलिक विकटता

दाङ्ग, बांके, बर्दिया, कैलाली र कञ्चनपुर बाहेकका १९ जिल्लाहरू विकट र पहाडी जिल्लामा पर्ने र त्यसमा पनि कर्णाली अञ्चलका कुनैपनि जिल्ला र राप्ती अञ्चल अन्तर्गत रुकुम जिल्लामा गाडीबाटो नभएको र रोल्पा, रूकुम, दार्चुला, बझाङ्ग, कालीकोट, जाजरकोट लगायतका जिल्लामा संचार सम्पर्कको आधार पनि नभएको अवस्थामा पशिचमाञ्चल क्षेत्रीय कार्यालयलाई आफ्ना क्रियाकलाप संचालनमा कठिनाई परेको छ । त्यसै गरी विद्रोही पक्षबाट हुने लगातारको बन्द तथा नाकाबन्दी एवम् अन्य किसिमका अवरोधहरूका कारण क्षेत्रीय कार्यालयको कार्यमा थप जटिलता उत्पन्न हुन पुगेको छ ।

### २. केन्द्रीय कार्यालयसँगको समन्वय

क्षेत्रीय कार्यालयले केन्द्रीय कार्यालयसँग र केन्द्रीय कार्यालयले क्षेत्रीय कार्यालयसँग गरीने सम्पर्क र समन्वयबाटनै सही दिशावोध हुन पुगी कार्यमा एकरूपता र प्रष्टता हुने हुन्छ । केन्द्रीय कार्यालयबाट उचित समन्वयको अभावमा कतिपय अवस्थामा निर्देशन कार्यान्वयनमा समस्या पर्ने गरेका छन् । त्यसै गरी केन्द्रीय कार्यालयमा रहेका कतिपय अस्पष्टता, क्षमता निर्माणमा रहेका कमी कमजोरी लगायत आन्तरिक द्वन्द्वका असरबाट समेत क्षेत्रीय कार्यालय प्रभावित भएको देखिन्छ ।

## ३. व्यवस्थापन तथा मानव संसाधन

क्षेत्रीय कार्यालयमा आवश्यक कर्मचारीहरू नयाँ नियुक्ति गरी पठाइएका कारणले आयोगको केन्द्रीय नीति तथा तौरतरीकाका सम्बन्धमा अन्यौलता सुर्जना हुन पुग्यो ।  यसो हुनुमा केन्द्र स्तरमा कर्मचारीको व्यवस्थापन, नीतिमा एकरूपता भई नसकेको एवं क्षेत्रीय कार्यालयमा मध्यमस्तरको कर्मचारी व्यवस्था गर्न नसकिनु जस्ता  कारण जिम्मेवार रहेका छन् । त्यसै गरी परियोजना बजेट तथा सरकारी बजेट खर्च गर्ने तौरतरीकामा सामञ्जस्यता मिलाउन कठिनाई परेको छ । सरकारी कार्यालयबाट काजमा रहेका व्यक्तिलाई नियुक्त गरिदा एकाग्रतापूर्वक कार्य सम्पन्न हुन नसक्ने एवं द्वैध मनस्थितिबाट ग्रसित हुने समस्या समेत देखिएको छ । यस अवस्थामा मानव अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय, गैर राष्ट्रिय निकाय एवं सरकारी निकाय बीच सन्तुलित भूमिका निर्वाह गर्नु चुनौतीपूर्ण देखिएको छ ।

## ४. द्वन्द्वको कारण उत्पन्न समस्याहरु

आयोगको नयां उपस्थितिका कारण पत्रकार,अन्य मानव अधिकारकर्मी संघ संस्था, सुरक्षा फौज , अन्य सरकारी निकाय र ने.क.पा.(माओबादी) समेतको पहिलो हेराई र नियमित मूल्यांकनको कसिमा खरो उत्रिनुपर्ने विषय पनि आफैमा अर्को चुनौती रहेको छ । त्यसै गरी गैरराज्य पक्षलाई जिम्मेवार बनाउने सम्बन्धमा रहेको अपस्ष्टता पनि चुनौतीपूर्ण देखिएको छ ।

# खण्ड ७

## नीति नियम तर्जुमा


७.१ संचार रणनीति
७.२ नियमावली एवं निर्देशिका
७.३ सुरक्षा रणनीति
७.४ लैङ्गिक नीति
७.५ संचार प्रविधि नीति
७.६ आचार संहिता
७.७ नीति नियम निर्माण एवं कार्यान्वयनका चुनौतीहरू




आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि प्रतिवेदन लेखन तालिमका सहभागीहरू


आयोगको रणनीतिक योजना तर्जुमा गर्ने क्रममा गहन छलफल गर्दै आयोगका पदाधिकारी एवं कर्मचारीहरू



संचार प्रविधिको विकास सगसगै निर्माण गरिएको आयोगको वेवसाइटको होमपेज

> "असतोमा सत्गमय तमसोमा ज्योतिर्गमय मृत्योर्मा अमृतम् गमय ।"
> - उपनिषद्

# खण्ड ७

# नीति निर्माण

राष्ट्रिय मानव अधिकार आयोग नेपालको सर्न्दभमा एउटा नौलो शुरूआत भएको र आयोगको गठनमा मानव अधिकार आयोग ऐन, २०५३ अनुसार फरक-फरक अनुभव र पृष्ठभूमि भएका व्यक्तिहरूको प्रतिनिधित्व रहेको हुनाले कार्यशैलीगत भिन्नताले समेत आयोग कसरी अगाडि जानु पर्छ भन्ने सम्बन्धमा अन्यौल र दुविधा रहनु स्वभाविकै थियो । मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ ले आयोगका मानव अधिकार संरक्षण र संवर्द्धनका निमित्त गर्नु पर्ने कार्यका सम्बन्धमा उल्लेख गरेता पनि सचिवालय एवं कार्य प्रक्रियाका सम्बन्धमा स्पष्ट किटान नगरिएको कारणले समेत आयोगको क्रियाकलापहरू अगाडि बढाउनुमा केही असजिलो महसुस भएको थियो । यद्यपि स्थापनाकालदेखि नै आयोगले नागरिक समाज एवं विभिन्न अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरूसँगको भेटघाट, छलफल तथा अन्तरक्रियाहरूमा आयोग सञ्चालनको सम्बन्धमा महत्वपूर्ण राय सुझावहरू प्राप्त गरेको थियो । स्थापनाकालदेखि यस अवधिसम्म आयोगले मुख्य रूपमा ऐनद्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी विभन्नि नियमावलीहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ । त्यसैगरी आयोगका पदाधिकारीहरूले पालन गर्नु पर्ने अचार संहिता, अनुगमन नियमावली, संचार रणनीति जस्ता नीति तयार भई कार्यान्वयमा आइसकेका छन् भने लैङ्गिक नीति, सूचना प्रवधि नीति तथा सुरक्षा रणनीति तर्जुमा सम्वन्धी कार्य अन्तिम चरणमा पुगेको अवस्था छ । आयोगद्वारा यस्ता नीति निर्माणको तयारीको क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सल्लाहकारको सेवा समेत लिने गरिएको छ । आयोगद्वारा तयार भएका यस्ता नीति नियमहरूबाट कार्य सम्पादन व्यवस्थित भई आयोगको संस्थागत क्षमता विकास हुदै जाने अपेक्षा गरिएको छ । स्थापनाकालदेखि पाँचौं वर्षसम्म आयोगद्वारा नीति निमार्णका क्षेत्रमा भए गरेका कार्यहरूलाई देहायका बुँदाहरूमा संक्षिप्त चर्चा गरिएको छ ।

## ७.१ संचार रणनीति

राष्ट्रिय मानव अधिकार आयोगद्वारा विगतका वर्षहरुमा ऐन प्रदत्त दायित्व वहन गर्ने क्रममा मानव अधिकार सम्वन्धी सूचना र सन्देश प्रवाह गर्न एवं आम संचार जगतलाई मानव अवधारणातर्फ उन्मुख गराउनु पर्ने आवश्यकता महसुस गरी आयोगले छुट्टै संचार रणनीति बनाउने प्रक्रिया शुरु गरेको थियो । सोही क्रममा आयोगद्वारा पाँचौ वर्षमा आएर संचार रणनीतिको तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ । सूचनामा पहुँच विस्तार मार्फत सरोकारवालाहरूको सशक्तीकरण गर्दै संचार तथा वकालत गर्ने कार्यक्रमलाई एक प्रभावकारी उत्प्रेरकको रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले उक्त संचार रणनीतिको तर्जुमा गरिएको थियो ।

आयोगद्वारा २०६१।१२।१८ मा स्वीकृत गरिएको यस रणनीतिमा मानव अधिकार सम्वन्धित कार्यक्रमहरूमा जनचेतना अभिवृद्धि गर्ने, आयोगका क्रियाकलापहरू प्रति विश्वसनीयता अभिवृद्धि गर्ने, स्थानीय निकायका मानव अधिकारका क्रियाकलापमा सहयोग तथा सहमति सृजना गर्ने एवं मानव अधिकारसँग सम्वन्धित सूचना र संचारको विकास एवं सदृढीकरणको निमित्ति अपनाइनु पर्ने सुधारका सम्वन्धमा सरोकारवालाहरूलाई सुझाव प्रदान गर्ने लगायतका विशिष्ट उद्देश्यहरू समेत समावेश गरिएका छन् । संचार रणनीतिको कार्यान्वयबाट आयोगको संचार क्षेत्रसँगको सम्वन्धमा एकद्वार नीति लागू गर्नमा र आयोगद्वारा मानव अधिकारका सम्वन्धमा सम्पन्न भएका कार्यहरूका सम्वन्धमा सर्वसाधारण समक्ष जानकारी प्रदान गर्न एवं संचारकर्मीहरूलाई मानव अधिकार अवधारणा तर्फ उन्मूख गर्ने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ७.२ नियमावली तथा निर्देशिका

मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न नियमावली तथा निर्देशिका तयार गरी कार्यान्वयमा ल्याएको छ । यसरी आयोगद्वारा तयार भएका नियमावलीहरूमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सुविधा र सेवाका शर्त सम्बन्धी निययमावली, २०५८, राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८, आर्थिक नियमावली, २०५७, राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७, राष्ट्रिय मानव अधिकार आयोगको बैठक सम्बन्धी (कार्यविधि) नियमहरू, २०५७, राष्ट्रिय मानव अधिकार आयोग (आर्थिक व्यवस्थापन) नियमावली, २०५७ प्रमुख रूपमा रहेका छन् ।

त्यसै गरी राष्ट्रिय मानव अधिकार आयोगको आन्तरिक काम कारवाहीलाई व्यवस्थित रूपले संचालन गर्नकालागि व्यवस्थापन समितिको गठन गर्ने सम्वन्धमा आयोगको मिति २०६१।१०।२१ मा भएको निर्णय बमोजिम व्यवस्थापन समिति गठन गरी सोको कार्यविधि सम्वन्धी निर्देशिका बनाई लागू गरिएको छ । यसबाट आयोगका काम कारवाहीलाई छिटो छरितो ढङ्गले सम्पादन गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसै गरी सेभ द चिल्ड्रेन नर्वेको सहयोगमा श्री ५ को सरकारले गठन गरेको सरकारी समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको प्रतिनिधि समेतको सहयोगमा आयोगले २०६१ श्रावण २५ गते बर्तमान द्वन्द्वको समयमा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी निर्देशिका जारी गरेको थियो । जस अन्तर्गत गर्न हुने र नहुने कार्यका सम्वन्धमा निर्देशिका जारी भएको छ ।

## ७.३ सुरक्षा रणनीति

आयोगको कार्य संचालनमा सहयोग पुऱ्याउने उद्देश्य सरकारद्वारा गठन गरिएको कार्यदलले सिफारिस गरिएको संगठनात्मक तालिकामा आयोगकालागि केही सुरक्षाकर्मीको दरवन्दी उल्लेख गरिएको भएता पनि शुरूका वर्षहरूमा कर्मचारी तथा भौतिक सम्पति सुरक्षा गर्ने कार्यमा छुट्टै सुरक्षा कर्मचारीको व्यवस्था नगरी आफ्ना कार्यहरू संचालन गरेको थियो । पछिल्ला वर्षहरूमा द्वन्द्वका कारणले वढ्दै गएको सुरक्षा जोखिम एवं आयोगको क्रियाकलापहरू विस्तार हुदै गएको अवस्थालाई समेत मध्येनजर गरेर सुरक्षा तथा सावधानी सम्वन्धमा छुट्टै नीति तयार गर्ने सोच अगाडि बढायो । सोहि अनुरूप आयोगका कर्मचारी तथा भौतिक सम्पति सुरक्षा एवं व्यवस्थापना सहयोग पुऱ्याउने उद्देश्यले सुरक्षा सम्वन्धी व्यवस्थापन प्रक्रिया प्रारम्भ गरको छ । यसै सिलसिलामा एक राष्ट्रिय स्तरको सुरक्षा अधिकृत तथा अन्तर्राष्ट्रिय सुरक्षा विशेषज्ञको नियुक्ति गरी प्रारम्भिक कार्य थालनी गरिसकेको छ । आयोगका सुरक्षा सम्वन्धी सवालहरूलाई सम्वोधन गर्ने क्षमता विकास गर्ने उद्देश्यले प्रथम चरणमा कर्मचारी तथा सम्पति सुरक्षा सम्वन्धी आवश्यकता पहिचान, क्षेत्रीय कार्यालयहरूलाई सुरक्षा तलिम प्रदान गर्ने प्रक्रिया सम्पन्न भइसकेको छ ।

आयोगले ऐन प्रदत्त अनुगमन तथा अनुसन्धानको दायित्व निर्वाह गर्ने क्रममा अधिराज्यभर स्थलगत भ्रमण गर्नुपर्ने कार्य प्रकृतिलाई मध्येनजर गर्दा सुरक्षा व्यवस्थालाई समेत विशेष ध्यान दिनु पर्ने आवश्यकता महशुस गरिएको थियो । यसै सिलसिलामा सुरक्षाको रणनीति विकास, सुरक्षा व्यवस्थामा सहयोग गर्न एवं सुरक्षा सम्वन्धी अन्य कार्यकोलागि मिति २०६१ साल माघ १२ गते देखि सुरक्षा अधिकृतको नियुक्ति गरिएको थियो । यस्तै गरी यस सुरक्षा रणनीति विकासमा थप सहयोग प्राप्त गर्ने उद्देश्यले दुई महिनाको निमित्त बिदेशी परामर्शदाता पनि करारमा नियुक्ति गरिएको थियो ।

आयोगद्वारा यस अवधि सम्ममा सुरक्षा उपाय सल्लाहकार (Safety Measure Consultant) तथा सुरक्षा अधिकृतबाट आयोगको केन्द्रीय कार्यालय, ललितपुर तथा क्षेत्रयी कार्यालयहरू क्रमशः नेपालगञ्ज, बिराटनगर र पोखराको स्थलगत निरीक्षण गरी सुरक्षाको दृष्टिकोणबाट ती स्थान बिशेषहरूमा गरिनु पर्ने सुधार, व्यवस्थापन लगायतका क्षेत्रहरूको पहिचान एवं सोको कार्यन्वयनकोलागि कारवाही अगाडि बढाएको थियो । यस अन्तर्गत उल्लेखित सवै कार्यालयहरूमा चौबीसै घण्टा सुरक्षा गार्डहरूबाट कार्यालय सुरक्षा गर्ने व्यवस्थाको शुरूवात भइसकेको छ ।

सुरक्षा अवधारणालाई बिकास गर्दै लैजानको निमित्त सुरक्षा सम्वन्धी सत्रवटा स्थायी कार्यादेश (Standing Order Procedure) तयार गरी सो बारे ज्ञान दिलाउने उद्देश्यले काठमाडौं, नेपालगन्ज र बिराटनगरमा तालिम संचालन गरी हाल सम्म ६५ जना कर्मचारीहरूलाई तालिम प्रदान गरिनुका साथै हप्तावारी रूपमा सुरक्षा तथा सावधानी अवस्था प्रतिवेदन (Safety and Security Situation Report) तयार गरी सवै कर्मचारीहलाई जानकारी गराउने परिपाटीको बिकास गरिएको छ । यसबाट आयोगका कर्मचारी, भौतिक सम्पति एवं महत्वपूर्ण दस्तावेजहरूको सुरक्षा गर्नमा एवं जोखिमयुक्त परिस्थितिमा सुरक्षा तथा सावधानीका उपायहरू अवलम्वन गरी आफ्ना कार्यहरूको निरन्तरतामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ७.४ लैङ्गिक नीति

आयोगका ऐन प्रदत्त दायित्व वहन गर्ने क्रममा संस्थाभित्रका क्रियाकलापहरूमा लैङ्गिक समानता र लैङ्गिक मूल प्रवाहीकरण गर्दे आयोगको रणनीतिक योजना २००४-२००८ को रणनीतिक उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्यले लैङ्गिक नीति तर्जुमा गरिएको हो । उक्त लैङ्गिक नीति तयार भई आयोगबाट पारित हुने क्रममा रहेको छ । लैङ्गिक नीति मार्फत आयोगका प्रत्येक गतिविधिहरूमा लैङ्गिक अवधारणा समाहित गर्ने कार्यमा सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

## ७.५ सूचना प्रविधि नीति

स्थापना कालदेखि केही वर्षसम्म कम्प्युटर लगायतका उपकरणको अभाव एवं सूचना प्रविधिमा दक्ष मानव संशाधनको कमी रहेको कारणले गर्दा राष्ट्रिय मानव अधिकार आयोगमा सूचना प्रविधि सम्वन्धी समस्या परेकामा हाल आएर त्यस्ता समस्याहरू निराकारण हुदै गएका छन् । पछिल्लो समयमा आयोगको सूचना प्रविधिको पहुँच विकास गर्न सूचना प्रविधि सम्वन्धी छुट्टै कर्मचारी सहित सूचना प्रविधिको इकाईको व्यवस्था गरिनुका साथै त्यसकालागि चाहिने उपकरणहरू समेत क्षमता विकास परियोजनाले उपलब्ध गराएको छ । यस्ता उपकरणहरूबाट आयोगले सुचना प्रविधिको पहुँच विस्तार हुन गई कार्यसम्पादन स्तरमा अभिवृद्धि हुदै गइरहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षमता विकास परियोजना अन्तर्गत विगत २ वर्षदेखि सूचना प्रविधि सम्वन्धी कार्यमा सहयोग पुग्दै आएको छ । हाल आयोगका अधिकांश कर्मचारीलाई कम्प्यूटरको व्यवस्था गरिनुका साथै आवश्यकता अनुसार प्रिन्टर तथा स्क्यानरको व्यवस्था समेत मिलाइएको छ । त्यस्तै गरी इन्टरनेट तथा इमेलको सर्वसुलभ व्यवस्था मिलाइएको छ । आयोगद्वारा www.nhrc-nepal.org नामक छुट्टै वेवसाइट निमार्ण गरी आयोगका क्रियाकलाप सम्वन्धी सूचनामूलक सामाग्री राखी अद्यावधिक गरिदै आएको छ ।

उजुरी सम्वन्धी तथ्यांक एवं जानकारीहरुको अभिलेख राख्न राष्ट्रिय मानव अधिकार आयोग, भारतको सौजन्यता एवं CIDA नामक क्यानेडियन संस्थाको वित्तीय सहयोगमा Complaints Management Software (CMS) भन्ने सफ्टवेयर जडान गरिएको छ । यसबाट उजुरीकर्ता तथा पीडितहरूको अभिलेख राख्न एवं अद्यावधिक गर्नमा ठूलो सहयोग पुगेको छ । त्यसै गरी लेखा सम्वन्धी विवरणको अभिलेख राख्न समेत आयोगद्वारा ACCT-2000 भन्ने सफ्टवेयर जडान गरी संचालनमा ल्याइएको छ । यसै गरी आवश्यकता अनुसारका सफ्टवेयरहरूको व्यवस्था समेत मिलाइएको छ ।

आयोगका क्षेत्रीय कार्यालयहरुमा पनि इन्टरनेट तथा इमेलको व्यवस्था गरिएको छ। यसबाट क्षेत्रीय कार्यालयहरूलाई केन्द्रसँग सूचना आदान प्रदान गर्न सहयोग पुग्न गएको छ। आयोगद्वारा सूचना प्रविधि सम्वन्धी छुट्टै नीति तयार गर्ने सम्वन्धमा आवश्यक कार्य भइरहेको छ।

## ७.६ आचार संहिता

### आयोगका पदाधिकारीहरूले पालना गर्नुपर्ने आचार संहिता

आयोगको रणनीतिक योजना २००४-२००८ मा आयोगका सदस्यकालागि आचार सहिंता निमार्ण गर्ने भनी उल्लेख भएको र आयोगका अध्यक्षले सदस्यहरूबाट आचार सहिंताको पूर्ण पालना हुने छ भनी सुनिश्चित गर्ने र सदस्यहरूले आचार संहिताको पालना गरे नगरेको चौमासिक रूपमा मूल्यांकन भई पालन नभएको पाइएमा आवश्यक कारवाही गरिने छ भनी उल्लेख गरेको व्यवस्थालाई कार्यान्वयन गर्ने उच्च अभिलाषाबाट प्रेरित भई राष्ट्रिय मानव अधिकार आयोगले "आयोगका सदस्यहरूले पालना गर्नुपर्ने आचार संहिता-२०६०" नामक आचार संहिता निर्माण गरी २०६०।१२।१८ देखि लागू गरिएको छ। आचार संहिता सम्वन्धी पूर्ण विवरण अनुसूची १५ मा समावेश गरिएको छ।

## ७.७ नीति निर्माण एवं कार्यान्वयनका चुनौतीहरू

१. आयोगका नीति निर्माण तर्जुमा गर्ने कार्यमा बाह्य परामर्शदाताको सेवा लिइने तर परामर्श दाताबाट निर्माण गरिएका नीति निर्माणका सम्बन्धमा आयोगका कर्मचारी बीच व्यापक परामर्श र प्राप्त सुझावहरू समेत समावेश गरी अन्तिम रूप दिईनु पर्नेमा एकै चोटी आयोगले ग्रहण गर्ने र परामर्शदाता सेवाबाट अलग्गिने प्रवृत्तिले गर्दा आयोगबाट नीति निर्माण स्वीकृत भई सक्दा पनि सो सम्बन्धमा आयोगका कर्मचारीहरूमा स्पष्ट जानकारीको अभावले गर्दा प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ।

२. आयोगलाई आवश्यक पर्ने नीति नियम तर्जुमाका लागि सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको व्यक्तिलाई संलग्न गराउनु पर्नेमा कतिपय अवस्थामा विषयबस्तुको एवं नीति नियम तर्जुमाका प्राविधिक पक्षसँग अभ्यस्त नभएका व्यक्तिहरूलाई नीति नियम तर्जुमा जस्तो गहन् कार्यको जिम्मा दिइदा यस्तो कार्यको गुणस्तरीयता कायम नहुनुका साथै आयोगका कर्मचारीहरू फेरि संलग्न भई त्यस्ता विशेषज्ञद्वारा पेश गरिएका नीति निर्माण सम्बन्धी दस्तावेजहरूमा संस्थागत उद्देश्य अनुरूप व्यापक रूपमा संशोधन गरी मिलाउनु पर्ने कारणले गर्दा आयोगको स्रोत र साधनको दोहरो प्रयोग गर्नु पर्ने अवस्थाबाट समेत चुनौती देखिएको छ।

३. मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदान गरिएको मानव अधिकार संरक्षण र संबर्द्धनको गहन दायित्व निर्वाह गर्ने क्रममा आवश्यक पर्ने नीति निर्माणको तयारी कार्य व्यावसायिक लाभको उद्देश्यले व्यावसायिक कम्पनीहरूद्वारा तयार गरिने नाफामुखी नीति नभई आवाज विहीनहरूको आवाज (Voice of the voiceless) को रूपमा सेवामुखी नीति निर्माण हुनु पर्ने र यसकोलागि व्यापक परामर्श, सहभागितामुलक अवधारणा तथा मानव अधिकारका अन्तर्सम्बन्धित सवालहरूमा सन्तुलन कायम गर्नु पर्ने परिप्रेक्ष्यमा यस सम्बन्धमा उचित ध्यान पुऱ्याइन नसक्नाले समेत आयोगका नीति निर्माण तथा कार्यान्वयन पक्षमा चुनौती उत्पन्न हुन पुगेका छन्।

४. आयोगद्वारा आफ्ना क्रियाकलापहरूलाई व्यवस्थित र प्रभावकारी ढङ्गले अगाडि बढाउन स्रोत र साधनको परिचालन गरी विभिन्न विषयका नीति नियमहरू तर्जुमा गरिएको छ। त्यस्ता नीति नियम बमोजिम कार्य सम्पादन गर्ने सम्वन्धमा प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्न नसक्नु एवं अनुगमन तथा मुल्याङ्कन कार्य समेत व्यवस्थित ढङ्गले सम्पन्न हुन नसकेको कारणले गर्दा समेत आयोगका नीति नियमको कार्यान्वयमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन।

५. आयोगमा योजना तथा नीति निर्माण सम्वन्धमा दक्ष तथा सीपयुक्त जनशक्ति तयार नभएको कारणले गर्दा वाह्य परामर्शदाताहरूमा मात्र अत्याधिक रूपमा निर्भर रहनु पर्ने अवस्थाले योजना तथा नीति निर्माणका सम्वन्धमा संस्थागत क्षमता अभिवृद्धि हुन सकेको छैन। यसले गर्दा आयोगका परियोजना कार्यान्वयन एवं नीति नियमको कार्यान्वयनका सम्वन्धमा प्रभावकारी अनुगमन तथा मुल्याङ्कन प्रणाली विकास हुन सकेको छैन।

# खण्ड ८

## उपलव्धि तथा चुनौतीहरू

८.१ आयोगका मुलभूत उपलव्धिहरू
८.२ प्रमुख चुनौतीहरू



मानव अधिकारका लागि सं.रा.संघीय उच्चायुक्त लुइस आर्बरलाई स्वागत गर्दै आयोगका पदाधिकारीहरू



आयोगको अनुगमन टोलीसमक्ष आफ्नो वेदना पोख्दै मानव अधिकार उल्लंघनका पीडितहरू



युद्धविरामको समयमा ने.क.पा.(माओवादी) को वार्ताटोलीसँग छलफल गर्दै आयोगका पदाधिकारीहरू



युद्धविरामको समयमा श्री ५ को सरकारको वार्ताटोलीसँग छलफल गर्दै आयोगका पदाधिकारीहरू

> "हाम्रो लक्ष्य देशमा मानव अधिकार संस्कृतिको विकासको निमित्त विश्वव्यापीरूपमा आत्मसात् गरिएका मानव अधिकार सिद्धान्तहरूका आधारमा एउटा स्वतन्त्र र निश्पक्ष निकायका रूपमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनकालागि नेतृत्वदायी भूमिका वहन गर्नु हो ।"

**- राष्ट्रिय मानव अधिकार आयोग**

# खण्ड-८

# उपलब्धि तथा चुनौती

आयोगले स्थापनाकाल देखि नै एउटा स्वतन्त्र र स्वायत संस्थाको रूपम ऐन प्रदत्त दायित्व निर्वाह गर्ने क्रममा विभिन्न अनुभवहरू हासिल गरेको छ । भौतिक स्रोत तथा मानव संसाधनको सीमितता हुनका साथै सरकारकाबाट प्राप्त अपर्याप्त बजेटका वावजुद पनि आयोगले मानव अधिकारको संरक्षणको क्षेत्रमा स्पष्ट सोचका साथ काम गर्दै सिक्दै जाने संस्थाको रूपमा आफ्ना क्रियाकलापहरु अगाडि बढाइरह्यो । चाहे संस्था भित्रैबाट भएका आन्तरिक विवाद हुन् वा संस्था वा पदाधिकारीका विरूद्ध खडा भएमा वाह्य चुनौती हुन् ति सबैको आयोगले डटेर मुकाविला गरिरह्यो । आयोगको सकारात्मक भूमिकाको परिणामस्वरूप स्थापनाकालमै राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्चको आठौं सदस्यता प्राप्त गर्न सफल भयो । एशिया प्रशान्त मञ्चको प्रभावकारी सदस्य संस्थाको हैसियतले आयोगले अन्तरर्राष्ट्रिय मञ्चमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भयो । एशिया प्रशान्त मञ्चको आठौं वार्षिक बैठकको सफल आयोजना गरेबाट आयोगको भूमिकाको प्रशंसा हुनुकासाथै यस मञ्चको नेतृत्व समेत गर्दै एशिया क्षेत्रबाट मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समिति (ICC) मा समेत प्रतिनिधित्व गर्न सफल भयो । त्यसै गरी संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगमा सहभागिता जनाई मानव अधिकारको अवस्था र आयोगका कार्यका सम्वन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा उजागार गऱ्यो ।

प्रतिनिधि सभा भङ्ग भई संकटकालको अवस्थाको घोषणा भएको अवस्थामा समेत मानव अधिकारवादी संघसंस्था लगायत नागरिक समाजको समेत प्रतिनिधित्व हुने गरी स्वयं सेवक परिचालन गरी विभिन्न जिल्लाको समग्र मानव अधिकारको अनुगमन गर्न सफल भयो । त्यसै गरी माओवादी तथा सरकारबीच युद्ध विरामको समयमा मानव अधिकारको ऐजेण्डालाई सम्वोधन गर्ने उद्देश्यले  मानव अधिकार सम्झौताको मस्यौदागरी द्वन्द्वरत दुवै पक्षलाई हस्ताक्षरकोलागि प्रस्तुत गऱ्यो । आयोगको यस कार्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत सराहना व्यक्त गरिएको थियो । त्यसै गरी श्री ५ को सरकारबाटमानव अधिकार तथा मानवीय कानून प्रतिको प्रतिवद्धता अनुरुप जारी भएको २५ बुँदे घोषणापत्र अनुरूप श्री ५ को सरकारले चाल्नुपर्ने न्यूनतम पाइलाहरू सम्बन्धमा आयोगद्वारा लेखी पठाइएको थियो । त्यसै गरी ने.क.पा (माओवादी) लाई समेत मानव अधिकारको सम्मान गर्न तथा मानवीय कानूनको परिपालनको निमित्त चाल्नुपर्ने पाइलाहरू प्रस्तुत गर्दै सोको परिपालनकोलागि अनुरोध गरिएको थियो । यसै क्रममा द्वन्द्वको शान्तिपूर्ण रूपान्तण गर्ने कार्यमा समेत पहल शुरू गरी विभिन्न राजनीतिक दलहरू, मानव अधिकार सम्वन्धी गैर सरकारी संस्थाहरू लगातयका सरोकारवालाहरूबीच द्वन्द्व समाधानको विषयमा वहसको प्रक्रिया समेत सञ्चालन गरिएको थियो ।

आयोगद्वारा युद्ध विरामको समयमा मानव अधिकार तथा मानवीय कानूनको उल्लंघनका घटनाहरूको उच्चस्तरीय अनुसन्धान समिति मार्फत जाँचवुझ गराई प्राप्त तथ्यका  आधारमा सरकारलाई महत्वपूर्ण सिफारिस समेत गरेको थियो । त्यसै गरी आयोगले आफ्नो स्थापनाको केही वर्ष भित्रै तीन वटा क्षेत्रीय कार्यालयहरु स्थापना गर्न सफल भएको छ ।आयोगका यस्ता उपलब्धिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट उच्च मूल्याङ्कन हुन सकेको फलस्वरूप मानव अधिकार सम्वन्धी उच्चायुक्त लुइस आर्वरद्वारा अयोगको भ्रमण गरी आयोगको भूमिको प्रशंसा गर्नु भएको थियो ।

सिक्काको अर्को पाटोको रूपमा आयोगले स्थापनाकालदेखि नै अन्तगिन्ती चुनौतीहरुको सामाना गर्दै आएको छ । प्रारम्भिक वर्षहरूमा श्री ५ को सरकारबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नाले ऐन प्रदत्त दायित्व निर्वाह गर्नमा वाधा पुग्न गएको थियो । त्यसै गरी शसस्त्र द्वन्द्वका कारण मुलुकमा हत्या, हिंसा, वेपत्ता, अपहरण तथायातनाका घटनाहरूको अत्याधिक वृद्धि हुँदै जानाले सीमित स्रोत र साधनको परिधिभित्र रही मानव अधिकार संरक्षणका निमित्त अनुगमन गर्नुपर्ने वाध्यता सृजना हुन पुग्यो । त्यसै गरी परिवर्तित राजनैतिक अवस्था, संसद्को अनुपस्थिति, पटक पटक घोषणा गरिएका संकटकाल र सोबाट हुन पुगेका मानव अधिकार उल्लघंनका घटनाहरुको अनुगमन तथा प्रलेखीकरणको कार्य झनै चुनौतीपूर्ण रहन पुग्यो । आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण, द्वन्द्वका कारण विस्थापित व्यक्तिहरूको अधिकार संरक्षण गर्ने कार्य एवं गैर राज्य पक्षलाई जिम्मेवार वनाउने विषय ज्वलन्त समस्याका रूपमा देखा परे । जर्वजस्ती वेपत्ता पारिने घटनाहरूमा वृद्धि हुदै गएकोमा सो सम्वन्धी उजुरी उपर कारवाही गर्ने सन्दर्भमा श्री ५ को सरकारका सम्वन्धित निकायबाट समयमै जानकारी नपठाउने एवं आयोगका सुझाव कार्यान्वयन उपर पर्याप्त संवेदनशीलता नदेखाइएको कारणले कठिनाई महसुस गरियो । आयोगलाई ऐन प्रदत्त मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दायित्व प्रदान गरिएता पनि आयोगको पहल द्वन्द्वसँग सम्वन्धित विषयमा बढी केन्द्रित हुनु परेको कारणले मानव अधिकार शिक्षा, सचेतनात्मक कार्यक्रम लगायत प्रवर्द्धनात्मक कार्यको गति सुस्त हुन पुग्यो ।  लामो समयसम्म संसद् विहिनताको कारणले आयोगलाई मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा प्राप्त हुन सक्ने रचनात्मक सहयोगबाट आयोग वञ्चित हुनका साथै आयोगको वार्षिक प्रतिवेदन सदनमा प्रस्तुत हुने एवं संसदमा छलफल भई मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त मार्ग निर्देशन हुने अवसरबाट समेत वञ्चित रह्यो । यसै गरी स्थापनाकालदेखि संचारजगतसँग निरन्तर सम्पर्क र सम्वन्ध कायम गरिरहेता पनि समय समयमा आयोगका सम्वन्धमा विभिन्न विवादस्पद समाचारको प्रकाशन र प्रसारण भएबाट आयोगलाई आफ्नो कार्यमा केही असजिलो भएको थियो ।

त्यसैगरी २०६१, माघ १९ गते भएको राजनैतिक परिवर्तन र संकटकालको घोषणाबाट संविधान प्रदत्त मौलिक हकहरू निलम्वन हुन पुगको अवस्थाबाट सिर्जित परिस्थितिले आयोगका सामु उत्पन्न कठिनाइका वावजुद पनि आयोगले मानव अधिकार संरक्षण र संवर्द्धन गर्नमा योगदान दिने उद्देश्यले आफ्ना अनुगमन तथा अनुसन्धान लगायतका क्रियाकलापहरुलाई निरन्तर रूपमा अगाडि बढाइरह्यो ।

## ८.१ आयोगका मुलभूत उपलब्धिहरू

स्थापनाकालदेखि पाँच वर्षको अवधि सम्ममा आयोगले एउटा सिकिरहने संस्थाको रूपमा विभिन्न चुनौतीहरूको समाना गर्दै यस अवस्थामा आइपुगेको छ । नेपाली जनताको अटूल विश्वास, आयोगका कर्मचारीहरूको अथक परिश्रम एवं आयोगका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शुभ चिन्तकहरूको विश्वास एवं प्रेरणाले गर्दा कठिन घडीमा पनि आयोग आफ्नै मूल उद्देश्यबाट बिचलित नभै आफ्ना कार्यहरु निरन्तर रुपमा अगाडि बढाइरहन सफल रह्यो । आयोगले पाँच वर्षे कार्यकालका दौरानमा मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुलाई निम्न लिखित बुँदाहरु मार्फत संक्षिप्त चर्चा गरेको छ ।

### ८.१.१ शान्ति वार्तामा मानव अधिकार सम्झौता

आयोगले देशमा युद्धविराम भई सरकार र माओवादीबीच युद्धविराम आचार संहितामा हस्ताक्षर भई वार्ता प्रक्रिया अघि वढिरहेको सन्दर्भमा मानव अधिकारको प्रभावकारी अनुगमन गर्नकालागि अनुगमन संयन्त्र सहित मानव अधिकार सम्झौताको मस्यौदा समेत तयार गरी हस्ताक्षरका निमित्त वार्ताका पक्षहरूलाई पठाएको थियो । उक्त मस्यौदापत्रका पक्षमा विभिन्न मानव अधिकारवादी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू, एम्नेष्टि इन्टरनेशनल, संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय, नागरिक समाज लगायत समाजका विभिन्न वर्ग र क्षेत्रका प्रवृद्ध वर्गबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको थिए ।वार्ताका पक्षहरूद्वारा यस सम्बन्धमा देखाइएको उदासीनताले गर्दा अन्ततः माओवादी पक्षले एक पक्षीय रूपमा युद्ध विरामको औचित्य समाप्त भएको घोषणा गरी वार्ताको टेबुलबाट पछि हट्ने निर्णय गरेपछि उत्पन्न भएको परिस्थितिबाट पुनः मुलुक एक पटक हत्या, विध्वंस र गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको पुनरावृत्तितर्फ उन्मुख हुन पुग्यो । यसबाट वार्ताको क्रममा मानव अधिकार एजेण्डालाई सम्बोधन गरी स्थायी शान्ति निर्माण गर्ने सुनौलो अवसर गुम्न पुगेकोमा अयोगले चिन्ता र चासो जाहेर गर्दै समस्यालाई वार्ताको टेबुलबाट टुङ्गयाई समाधान खोज्न पटक पटक अनुरोध गरिरह्यो । आयोगले यसै वर्ष आयोजना गरेको मानव अधिकार तथा शान्ति सम्मेलनमा संयुक्त राष्ट्र संघीय उच्चायुक्त लुइस आर्वरले सम्वोधन गरी आयोगद्वारा प्रस्तुत मानव अधिकार सम्झौतामा हस्ताक्षर गर्न दुवै पक्षलाई अनुरोध गर्नु भएको थियो ।

शान्तिपूर्ण प्रक्रियाबाट द्वन्द्वको रूपान्तरणकोलागि आयोगले महत्वपूर्ण भूमिका खेल्यो । माओवादीका उच्चस्तरका नेताहरू, सरकारका मन्त्री, राजनैतिक दलका उच्चस्तरीय नेताहरुसँग आयोगमा भएका छुट्टाछुट्टै अन्तर्क्रियामा निजहरूले मानव अधिकार प्रति देखाएको प्रतिबद्धताले आयोगलाई आफ्नो क्रियाकलाप सक्रिय बनाउनको लागि अझ प्रेरणा दियो । आयोगले युद्धविरामकोलागि सरकार र माओवादी दुवै पक्षलाई पटक पटक आग्रह गरेको थियो । जसको फलस्वरूप दुवै पक्षबाट भएको युद्धविरामलाई स्थायित्व दिनकोलागि युद्धविराम आचार संहिताको मस्यौदा तयार गरी दुवै पक्षलाई पठाएको थियो । तत्पश्चात् पनि सरकार र माओवादी बीच मानव अधिकार सम्झौता भएमा मात्र दिगो शान्तिकोलागि बाटो खुल्ने कुरामा दृढ रही आयोगले मानव अधिकार सम्झौताको मस्यौदा समेत दुवै पक्षलाई पेश गरेको थियो ।

### ८.१.२ मानव अधिकार तथा मानवीय कानूनको वकालत

युद्धविराम आचार संहिता कायम रहेकै अवस्थामा देशका विभिन्न भागमा मानव अधिकार उल्लंघन एवं ज्यादतिहरू भइरहदा आयोगले ऐन प्रदत्त जिम्मेवारी निभाउने क्रममा मानव अधिकार अनुगमन एवंअनुसन्धानलाई निरन्तरता दिने प्रयास जारी राख्यो । यसै सन्दर्भमा रामेछापको दोरम्वा, सिराहाको धनगढी तथा पाँचथरको नागीमा युद्ध विराम कायमै रहेको अवस्थामा घटेका घटनाहरूका सम्वन्धमा स्थलगत छानवीन गरी सत्य तथ्य बारे आयोगलाई प्रतिवेदन पेश गर्नकालागि सर्वोच्चका भूतपूर्व न्यायाधीशको संयोजकत्वमा तीनवटा छुट्टा छुट्टै उच्चस्तरीय अनुसन्धान समिति गठन गरी आयोगमा प्राप्त प्रतिवेदनका आधारमा श्री ५ को सरकार तथा ने. क. पा. (माओवादी) दुवै पक्षको ध्यानाकर्षण गर्दै मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न वारम्वार अपील गरिरह्यो । आयोगबाट स्वतन्त्र तथा स्वायत्त निकायका रूपमा अनुसन्धान गरी वास्तविक तथ्य प्रकाशमा ल्याउने कार्यको मानव अधिकारवादी संघ संस्था, नागरिक समाज, सञ्चार जगतबाट उच्च मूल्याङ्कन गरिएबाट आयोग मानव अधिकार संरक्षणमा अझै प्रतिवद्ध भएर अगाडि बढ्न प्रेरणा प्राप्त भएको छ । राज्यका विभिन्न निकायहरूद्वारा आयोगको सम्वन्धमा अझै स्पष्ट अवधारणा नआई सकेको महसुस गरी आयोगले क्षेत्रीय स्तरमा कानून कार्यान्वयन गर्ने निकायसँग अभिमुखीकरण कार्यक्रम गऱ्यो । त्यसै गरी एवं मानव अधिकार क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधिहरूलाई मानव अधिकार अनुगमन तालिम सफलतापूर्वक सञ्चालन गरेको छ । यसबाट भविष्यमा मानव अधिकार संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण सुधार आउने अपेक्षा राखेको छ ।

देशका विभिन्न भागमा गरिएको अनुगमन एवं अनुसन्धानहरुबाट प्राप्त प्रतिवेदनका आधारमा मानव अधिकार तथा मानवीय कानून उल्लंघनका घटनाहरूलाई प्रलेखीकरण गरिनुका साथै सम्वन्धित पक्षहरूलाई समय समयमा मानव अधिकार उल्लघंन एवं ज्यादतीहरूका सम्वन्धमा ध्यानाकर्षण गराउदै मानव अधिकार र मानवीय कानून पालन गर्न आयोगले बारम्बार अपील गर्दै आएको छ ।

### ८.१.३ आयोगको पहुँच विस्तार

ऐनद्वारा मानव अधिकार संरक्षण र सम्वर्द्धनको गुरूत्तर अभिभारा पाएको आयोगले सीमित स्रोत, साधन एवं न्यून बजेटका बाबजुद पनि मानव अधिकार संरक्षणकालागि महत्वपूर्ण पहल गर्दै आएको छ । केन्द्रमा मात्र सीमिति रहेको यस आयोग समक्ष देशका विभिन्न भागहरुबाट मानव अधिकारको उल्लंघनका घटनाहरुको सम्वन्धमा पर्याप्त उजुरी प्राप्त हुन नसक्ने र मानव अधिकार उल्लंघनका घटनाहरुको उजागर हुन नसक्दा तीनको छानवीन तथा अनुसन्धान समेत नहुने स्थिति विद्यमान रहेको कुरालाई दृष्टिगत गरी आयोगले क्रमिक रुपमा आफ्नो पहुँच विस्तार गर्ने सोच बनायो । जस अनुरुप यूरोपियन युनियन (EU) को वित्तीय सहायतामा आयोगका क्षेत्रीय कार्यालय स्थापना गर्ने निर्णय भए अनुरूप तीन वटा क्षेत्रीय कार्यालयहरू स्थापना भइसकेका छन् भने अरू दुई विकास क्षेत्रहरूमा छिट्टै कार्यालय स्थापना हुँदैछ । यसबाट आयोगको पहुँच नपुगेका ठाउँहरूमा मानव अधिकार संरक्षण र संवर्द्धनकालागि महत्वपूर्ण योगदान पुग्ने हुने अपेक्षा गरिएको छ ।

## ८.१.४ अन्तर्राष्ट्रिय मञ्चहरूमा सक्रिय सहभागिता

आयोगले मानव अधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय समुदायसँग सम्वन्ध सुदृढ बनाउँदै आएको छ । यसै सन्दर्भमा आयोग स्थापनाको पहिलो वर्षमै राष्ट्रिय मानव अधिकार संस्थाहरुकोएशिया प्रशान्त मञ्चको आठौं सदस्यको रूपमा यस मञ्चका क्रियाकलापहरूमा महत्वपूर्ण भूमिका निभाउदै आएको छ । यसै क्रममा सन् २००४ को १६-१८ फेब्रुअरीमा यस मञ्चको आठौं बार्षिक वैठक सफलतापूर्वक आयोजना गरेको छ । यसबाट आयोगको क्षमता अभिवृद्धिमा सहयोग पुग्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आयोगको छवि निर्माण भएको छ ।

स्थापनाकाल देखि नै संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको वार्षिक बैठकहरुमा आयोगले सहभागिता जनाइरहेको छ । यसै क्रममा आयोग स्थापनाको पाँचौं वर्षको अन्त्यतिर जेनेभामा सम्पन्न भएको ६१ औ बैठकमा नेपालमा उच्चायुक्तको कार्यालयबाट मानव अधिकारको अनुगमन गर्ने समझदारी भएबाट मानव अधिकारको संरक्षणकोलागि महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरेको छ । संयुक्त राष्ट्र संघीय उच्चायुक्त लुइस आर्वरद्वारा समेत मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयले नेपालको राष्ट्रिय मानव अधिकार आयोगलाई सहयोग प्रदान गरिने संस्थाको सूचीमा राख्ने प्रतिवद्धता व्यक्त भएबाट समेत आयोग थप उत्साहित भएको छ ।

## ८.१.५ न्यायिक निकायसँगको सहकार्य

संविधान प्रदत्त मानव अधिकारको प्रत्याभूतिको रक्षा गर्न नेपालको सर्वोच्च अदालतले महत्वपूर्ण भूमिका खेल्दै आई रहेको सन्दर्भमा मानव अधिकार सँग सम्वन्धित मुद्दाहरूमा अदालतबाट आयोगका नाममा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न आदेश भएबाट समेत आयोगले मानव अधिकार संरक्षणका सवालमा अदालतसँग सहकार्य प्रारम्भ भएको छ ।

संविधान प्रदत्त मानव अधिकारको प्रत्याभूतिको रक्षा गर्न नेपालको सर्वोच्च अदालतको महत्वपूर्ण भूमिका रहन्छ । देशमा द्वन्द्व फैलिई रहेको अवस्थामा राज्यका विभिन्न संयन्त्रले मानव अधिकारको संरक्षणमा प्रभावकारी रूपमा भूमिका खेल्न नसकेको सर्वविदितै छ । सर्वोच्च अदालतमा परेका कतिपय मानव अधिकारको रक्षा सँग सम्वन्धित उजुरीहरूमा निर्णय दिन कठिनाई परिरहेको छ । विशेष गरी सुरक्षा निकायहरूले न्यायपालिकालाई जुनरूपमा सहयोग पुर्‍याउनु पर्ने हो त्यो रूपमा नपुर्‍याएको कारणवाट पनि कठिनाइ भएको भन्ने देखिएको छ । यसै सन्दर्भमा मानव अधिकारसँग सम्वन्धित मुद्दाहरूमा अदालतबाट आयोगको पनि सहयोग लिने परम्परा सुरू भएको छ । सर्वोच्च अदालतमा परेका कतिपय उजुरीहरूमा आयोगसँग रहेका जानकारीहरू उपलव्ध गराईदिन र जांचवुझ समेत गरी प्रतिवेदन दिन आयोगलाई अनुरोध गरी पठाएको छ र कतिपय विषयमा आयोगले उपलव्ध गराएको जानकारीलाई आधार लिई वन्दी मुक्त गर्ने आदेश समेत दिएको छ । आगामी दिनहरूमा न्यायपालिका सँग सहकार्यका अरू उपायहरू पनि पहिल्याई मानव अधिकारको रक्षाको लागि अझ प्रभावकारी ढंगले काम गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । यसका अतिरिक्त कतिपय कानून निर्माण संशोधनका पुनरावलोकन गर्दा आयोग समेत सँग समन्वय गरी वा आयोगको संयोजकत्वमा समिति गठन गरी कार्य गर्न सरकारलाई आदेश जारी भएबाट पनि आयोगलाई थप ऊर्जा प्राप्त भएको छ ।

यसै गरी नेपाल अधिराज्यका महान्याधिवक्ताको कार्यालयबाट पनि आयोगबाट अनुरोध भए अनुरूप कर्मचारी काजमा पठाइदिने लगायतको सहयोग प्राप्त भईरहेको छ ।

## ८.१.६ सुरक्षा निकायसँगको सहकार्य

श्री ५ को सरकारद्वारा मानव अधिकार आयोगको सिफारिश कार्यान्वयनमा सहयोग पुर्‍याउने उद्देश्य राखी गठन गरिएको मानव अधिकार प्रवर्द्धन केन्द्र नेपाल प्रहरी, गृह मन्त्रालय, शाही नेपाली सेना तथा सशस्त्र प्रहरी बलमा गठन गरिएका मानव अधिकार सेलहरूसँग पनि विभिन्न समयमा छलफल, बैठक एवं अन्तरक्रियाका माध्यमद्वारा मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा सहयोग प्राप्त गर्न सफल भएको छ ।

सुरक्षा निकायहरूसँगको सहयोगको वातावरण नवने सम्म मानव अधिकारको संरक्षण प्रभावकारी रूपमा हुन नसक्ने कुरामा विवाद छैन । हाल शाही नेपाली सेनाको नेतृत्वमा एकीकृत रुपमा सुरक्षाफौज परिचालन भई रहेको हुँदा स्वाभाविकरूपमा मानव अधिकार उल्लंघनका अधिकांश घटनाहरू सेनासँग नै लक्षित छन् । विद्यमान कानूनले सुरक्षा निकायको परिचालन सम्वन्धी सम्पूर्ण अधिकारहरू प्रशासनिक निकायहरूलाई सुम्पेको भएता पनि व्यवहारमासो कुरा पूर्णत लागू हुन सकेको छैन । सेनाको आफ्नै किसिमको कार्य शैली, कानूनी अड्चन र सूचना लगायत अन्य कुरामा पहुँचको अप्ठेरो समेतवाट आयोगले सेनावाट अपेक्षित सहयोग पाउन नसकेको कुरालाई महसुस गरी आयोगको कामकार्वाहीको बारेमा जानकारी गराउने तथा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको वारेमा समेत जानकारी गराउने उद्देश्यले देशका पांचै विकास क्षेत्रमा सेना लगायत सुरक्षासँग सम्वन्धित सवै निकायहरूका उच्चपदस्थ अधिकृतहरूबीच अन्तक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

पाँच वर्षे कार्यकालको क्रममा मानव अधिकार सम्वन्धी क्रियाकलाप संचालन गर्ने सिलासिलामा सेना, प्रहरी र श्री ५ को सरकारका सम्बन्धित निकायहरूबीच सुमधुर सम्बन्ध कायम गरी सहयोगको आदान प्रदान गर्न आयोग प्रयासरत रह्यो । यी निकायका उच्चस्तरीय पदाधिकारीहरूसँगको निरन्तर अन्तर्क्रिया कार्यक्रमहरूले आपसी सहयोगको वातावरण सृजना गर्न मद्दत गरेको छ । यी निकायहरूमा मानव अधिकार एकाईहरू स्थापना भएकाले आयोगसँग नियमित सर्म्पकको कार्यसहज भएको छ । यसबाट आयोगको काम कार्वाहीमा निकै ठूलो सहयोग पुग्ने भएको छ । २०६१ माघ १९ गते पश्चात् शाही घोषणा मार्फत संकटकालको घोषणा भइसके पछि पनि आयोगले पूर्ववत रूपमा मानव अधिकार संरक्षण र सम्वर्द्धनकालागि विभिन्न छलफल अन्तरक्रिया गर्ने कार्यअगाडि बढाइरह्यो । यसै परिप्रेक्ष्यमा स्थानहद लागइएका सरकारी हिरासतमा रहेका प्रमुख राजनैतिक दलका नेताहरूलाई समेत आयोगले भेटी उहाँहरूको अवस्था बारे जानकारी हासिल गर्नुका साथै सरकार समक्ष विभिन्न सिफारिस गरेको थियो । आयोगको नियमित अनुगमन कार्यमा सुरक्षा निकायबाट सहयोग प्राप्त हुँदै आएको छ ।

## ८.१.७ आयोगको क्षमता अभिवृद्धि

आयोगको दातृ संस्थाहरूसँग रहेको सुमधुर सम्बन्ध र विदेशी निकायहरूको सद्भावनाले गर्दा आयोगका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नको लागि आयोगलाई निरन्तर रुपमा सहयोग प्राप्त भईरहेको छ । आयोगद्वारा द्वन्द्व पीडित क्षेत्रमा अनुगमन गर्ने कार्यकालागि होस् वा दलित अधिकारको प्रबर्द्धनको लागि होस् विदेशी सहयोगको कमी रहेन । जसले गर्दा आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी केही महत्वपूर्ण कार्यहरू सम्पन्न गर्न सक्यो । आयोगमा सञ्चालित क्षमता अभिवृद्धि परियोजनाले आयोगलाई भौतिक रूपमा सम्पन्न बनाउनकोलागि कम्प्यूटर लगायतका आधुनिक सुविधाहरू उपलब्ध गराएको छ । यसबाट आयोगका कामकार्वाहीहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्न सुविधा पुगेको छ ।

आयोगमा सञ्चालित क्षमता अभिवृद्धि परियोजना एवं विभिन्न मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय संस्थाबाट आयोगका कर्मचारीहरूलाई मानव अधिकार संरक्षण, संवर्द्धनका सम्वन्धमा विभिन्न तालिम प्रदान गरिएको छ भने भौतिक सुविधा सम्पन्न बनाउन पनि यसको ठुलो महत्व रह्यो । अन्तर्राष्ट्रिय सल्लाहकारहरूको परामर्श समेत आयोगले प्राप्त गरी रहेको छ । यसबाट आयोगको क्षमता अभिवृद्धीकरणका साथै मानव अधिकार संरक्षण एवं सम्वर्द्धन सम्वन्धी कार्य सम्पादन स्तरमा महत्वपूर्ण सुधार आउने अपेक्षा गरिएको छ ।

आयोगले क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमको फलस्वरूप महत्वपूर्ण प्रगति हासिल गरेको छ । आयोगद्वारा एशिया प्रशान्त मञ्चका राष्ट्रिय मानव अधिकार संस्थाहरूको आठौं वैठकको सफल आयोजना, आन्तरिक द्वन्द्वको अवस्थामा देशका विकट भागमा गरेका मानव अधिकार अनुगमन तथा अनुसन्धान, भौतिक साधन तथा प्रविधिको विस्तार, मानव संसाधनमा अभिवृद्धि जस्ता कुराहरूलाई आयोगले हासिल गरेका क्षमता अभिवृद्धिका केही उदाहरणहरूको रपमा लिन सकिन्छ ।

आयोगका वार्षिक कार्यक्रम तर्जुमा, योजना संचालन, परियोजना समन्वय, अनुगमन, आवधिक प्रतिवेदन तयारी, परियोजना कार्यक्रम सञ्चालन, आयोगको पहुँच विस्तार जस्ता कार्यहरूमा महत्पूर्ण सहयोग रहँदै आएको छ । त्यसै गरी एशिया प्रशान्त मञ्च (APF) युरोपियन युनियन, डेनिस इन्स्टिच्यूट फर ह्यूमन राईट्स (DIHR), क्यानेडियन ह्यूमन राईट्स फाउण्डेसन (CHRF) लगायतका अन्तर्राष्ट्रिय निकायबाट समेत आयोगको क्षमता अभिवृद्धिमा टेवा पुग्न गएको छ ।

यस प्रकार विभिन्न समस्या र चुनौतीहरूको बाबजुद पनि विभिन्न संघसंस्था तथा निकायहरुको सहयोगका कारण आफ्नो क्षमता अभिवृद्धि तर्फ धेरै हदसम्म आयोगले सफलता प्राप्त गरेको छ ।

## ८.१.८ मानव अधिकार अनुगमन र अनुसन्धान

मुलुकमा हत्या, विध्वंस र गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको पुनरावृत्ति हुन पुग्नाले मानव अधिकार उलंघनका घटनाहरु वृद्धिहुँदै गएको परिप्रेक्ष्यमा आयोगले व्यापक रुपमा मानव अधिकार अनुगमन तथा अनुसन्धानको कार्यगर्दै आईरहेको छ । यसका साथै गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरूका सम्बन्धमा तदारूकताका साथ अनुगमन एवं अनुसन्धान गरी सोबाट प्राप्त निश्कर्षका आधारमा सरकार तथा विद्रोही पक्षलाई सिफारिस तथा ध्यानाकर्षण गराउँदै आएको छ । आयोगबाट अनुगमन गर्ने क्रममा मिसनको रुपमा संकटकालको समयमा ३५ जिल्लाको अनुगमन गयो भने पाँच वर्षको कार्य अवधिको अन्त्य सम्ममा ६८ वटा जिल्लाको समग्र मानव अधिकार स्थितिको अनुगमन गरिसकिएको छ । यसरी गरिएका अनुगमनबाट प्राप्त तथ्यका आधारमा समय समयमा सम्वद्ध पक्षको ध्यानाकर्षण गराउदै आएको छ । पछिल्लो अनुगमनबाट ११६४ वटा मानव अधिकार उल्लंघनका घटनाहरू प्राप्त भएका थिए । जसमा राज्य पक्ष जिम्मेवार रहेको भनिएका ४३४ र माओवादी पक्ष जिममेवार रहेको भनिएका ७३० घटनाहरू संकलन गरिएका थिए । उपरोक्त घटनाको सम्वन्धमा आवश्यक कारवाही गर्न श्री ५ को सरकारलाई पठाइसकिएको छ भने अनुगमन प्रतिवेदन प्रकाशन हुने तयारीको क्रममा रहेको छ । यसैगरी संकटकाल जस्तो जटिल परिस्थितिमा पनि आयोगले मानव अधिकार उल्लंघनका घटनाहरुको आवश्यक छानवीन तथा अनुसन्धान गर्ने कार्य जारी नै राख्यो । आयोगले घटनाको प्रकृति र गम्भीरतालाई मध्येनजर गरी केही उजुरीहरुको सम्वन्धमा उच्चस्तरीय छानवीन समितिको गठन गरी अनुसन्धान सम्पन्न गऱ्यो भने केही उजुरीहरुको सम्वन्धमा विशेषज्ञ सहितको कर्मचारीहरुको टोली खटाई अनुसन्धानको कार्य गरियो । अन्य सामान्य अवस्थामा आयोगका कर्मचारीहरु मात्रैबाट पनि अनुसन्धानको कार्य हुँदै आइरहेको छ । यसरी छानवीन तथा अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा आयोगले आवश्यक निर्णय गरी दोषी उपर कारवाही गर्न तथा पीडितलाई क्षतिपूर्ति प्रदान गर्न श्री ५ को सरकार समक्ष समय समयमा सिफारिस गरी पठाइएको छ भने विद्रोही पक्षको समेत गम्भीर ध्यानाकर्षण गराइएको छ ।

## ८.१.९ मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँगको सम्वन्ध

आयोगले स्थापना कालदेखिनै मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरूको सम्वन्ध विस्तार एवं सुदृढीकरणको पहल गर्दै आएको छ । एउटा नयाँ संस्थाको रूपमा काम गरिरहँदा आयोगका क्रियाकलापका सम्वन्धमा कतिपय मानव अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूबाट चासो र चिन्ता जाहेर हुनु स्वाभाविकै हो । आयोगले ऐन प्रदत्त दायित्व निर्वाह गर्ने क्रममा मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंसथाहरूको सहयोग रहँदै आएको छ । मानव अधिकार क्षत्रमा कार्यरत संस्थाहरूबाट मानव अधिकार उल्लंघनका सम्वन्धमा उजुरी, जानकारी एवं सूचना प्राप्त हुनका साथै महत्वपूर्ण सुझाव एवं सल्लाह प्राप्त गर्दै आएको छ । आयोगले देशका ५ वटै विकास क्षेत्रहरूमा क्षेत्रीय स्तरमा कार्यरत विभिन्न मानव अधिकार सम्वन्धी गैर सरकारी संस्थाका प्रतिनिधिहरूलाई मानव अधिकार अनुगमन तथा प्रतिवेदन लेखनका सम्वन्धमा तालिम प्रदान गर्ने कार्य सम्पन्न गरिसकेको छ । त्यसै गरी विभिन्न मानव अधिकारवादी गैर सरकारी संस्थाहरूको अनुरोधमा आयोगबाट मानव अधिकार तालिममा स्रोत व्यक्ति उपलब्ध गराइदिने, छलफल कार्यक्रममा प्रतिनिधि पठाइदिने लगायत विभिन्न सवालहरूमा महत्वपूर्ण सहयोग पुऱ्याउदै आएको छ । बालबालिका शान्ति क्षेत्र हुन भन्ने अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यले गठन गरिएको संजालमा आयोगले पर्यवेक्षकका रूपमा

सहयोग पुऱ्याएको थियो । आयोगले अनुगमन, अनुसन्धान तथा अध्ययन, महासन्धिको छायाँ प्रतिवेदन लेखन सम्वन्धी तालिम लगायत प्रवर्द्धनात्मक कार्यमा समेत गैरसरकारी संस्थाहरुसँग समय समयमा सहकार्य गर्दै आएको छ ।

### ८.१.१० विदेशी सल्लाहकारको व्यवस्था

नेपालमा नितान्त नौलौ संस्थाको रुपमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनकालागि पहिलो पटक स्थापित आयोगलाई आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउनमा धैरै विदेशी संघ संस्थाहरुले चासो व्यक्त गर्दै आएका छन् । सोही क्रममा स्थापना कालदेखि नै मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय लगायत अन्य विभिन्न अर्न्राष्ट्रिय संघसंस्थाहरुले प्राविधिक सहयोग उपलब्ध गराउदै आएका छन् । यसै क्रममा आयोगको काम कारवाहीलाई प्रभावकारी रुपमा संचालन गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न दातृ निकायहरुको सहयोगको आयोगले मानव अधिकारका क्षेत्रमा अन्तर्राष्ट्रिय अनुभव हासिल गरेका केही विशेषज्ञहरूबाट सेवा लिदै आएको छ । मानव अधिकार अनुगमन, मानव अधिकार तालिम एवं आयोगको प्रशासनिक तथा व्यवस्थापन पक्षमा समेत प्रभावकारी सम्पादनमा यसबाट महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ । आयोगद्वारा स्थापना गरिएका केही क्षेत्रीय कार्यालयहरूमा समेत विदेशी सल्लाकारको व्यवस्था मिलाइएको छ ।

### ८.१.११ कर्मचारी तालिम

आयोद्वारा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस अवधिमा कर्मचारीहरूलाई सेवाकालीन तालिमका अतिरिक्त मानव अधिकार तथा मानवीय कानून, नेतृत्व विकास, सुरक्षा, लेखा, लैङ्गिक, कम्प्युटर, विषयमा आधारभूत तालिम प्रदान गरिएको छ भने मानव अधिकार अनुगमन तथा अनुसन्धान सम्वन्धमा प्रशिक्षक प्रशिक्षण तालिम समेत प्रदान गरिएको छ । यसै गरी कर्मचारीहरुलाई स्वदेश तथा विदेशका विभिन्न निकायहरुमा समेत तालिमको अवसर प्रदान गरिएको थियो । यसबाट कर्मचारीका सीप, तथा ज्ञान अभिवृद्धि गर्नमा महत्वपूर्ण सहयोग पुग्न गएको छ ।

### ८.१.१२ अध्ययन भ्रमण

पाँच वर्षे कार्यकालको दौरानमा आयोगका पदाधिकारीहरूबाट एशिया प्रशान्त मञ्च अन्तर्गतका थाइलैण्ड, फिलिपिन्स, भारत, श्रीलंका आदि जस्ता देशका मानव अधिकार आयोगहरूको अवलोकन भ्रमण सम्पन्न भएको थियो । अध्ययन भ्रमणका क्रममा ती आयोगहरूको काम कार्वाहीको अनुभव र सकारात्मक पक्षहरू बारेमा जानकारी लिने काम भयो । आयोगका गतिविधि सञ्चालनका क्रममा यस्ता भ्रमणहरु अति नै सहयोगी सिद्ध भए । आयोगले अध्ययन भ्रमणकालागि समय समयमा कर्मचारीहरुलाई समेत भारत, मलेसिया डेनमार्क जस्ता देशहरुमा पठाएको थियो । यसै गरी आयोगका पधाधिकारीहरूबाट मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा समेत सहभागिता जनाइदै आएको छ ।

### ८.१.१३ ऐनको पुनरावलोकन तथा नीति निर्माण

स्वतन्त्र र स्वायत्त निकायका रूपमा सक्षम ढंगले कार्य गर्नमा मानव अधिकार आयोग ऐन, २०५३ तथा यस अन्तर्गत बनेका नियमावलीहरूमा विभिन्न कमीकमजोरीहरू रहेको महसुस गरी आयोगले मानव अधिकार आयोग ऐन, कर्मचारी नियमावली लगायत विभिन्न नियमावलीहरुको संशोधन तथा निर्माणका निमित्त विभिन्न क्रियाकलापहरु संचालन गरिरहेको छ । यसै क्रममा मानव अधिकार आयोग ऐन, २०५३ को संशोधनका निमित्त आवश्यक सुझाव प्रदान गर्ने उद्देश्यले आयोगद्वारा एक समिति गठन गरिएको छ । त्यसै गरी मानव अधिकार अनुगमन सम्वन्धी निर्देशिका, मानव अधिकार तालिम पुस्तिका, आयोगकासदस्यहरुको आचार संहिता निर्माण गरी लागू गरिसकेको छ । जस्ता कार्यहरू सम्पन्न गरिसकेको छ । यसै क्रममा आयोगले परियोजना सम्बन्धी छुट्टै आर्थिक नियमावली तर्जुमा गरी लागू गरिसकेको छ ।

आयोगलाई मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम बनाउने उद्देश्यले आयोगद्वारा विभिन्न विषयहरूमा नीति निर्माण कार्य प्रारम्भ गरिएको छ । मानव संसाधन विकास सम्वन्धी नीति, आयोगको रणनीतिक योजनाले अवलम्वन गरेका मूल्य मान्यताहरू कार्यान्वयन गर्ने सम्वन्धी नीति, मानव अधिकार अनुगमन सम्वन्धी नीति एवं विशेषज्ञता सेवा तथा कर्मचारी नियुक्ति सम्वन्धी नीति लगायतका विभिन्न नीतिहरूको तर्जुमा गर्ने कार्य आरम्भ गरिएको छ । यसबाट आयोगको कार्य सम्पादनमा देखा परेका कानूनी तथा प्रक्रियागत कमी-कमजोरीहरू सुधार गर्नमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### ८.१.१४ मानव अधिकार कार्ययोजनाको अनुगमन

सरकारद्वारा तयार भई कार्यान्वयनमा आएको राष्ट्रिय मानव अधिकार कार्ययोजनाको अनुगमन गर्ने दायित्व आयोगलाई प्रदान गरिएको छ । आयोगले यसलाई महत्वपूर्ण अवसरको रूपमा लिएको छ । यसबाट आयोगको क्रियाकलापलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि सहयोग मिल्ने छ भन्ने आयोगले अपेक्षा गरेको छ । साथै मानव अधिकारप्रति सरकारको तर्फबाट गरिएको प्रतिबद्धताको रूपमा समेत आयोगले यसलाई हेरेको छ । आयोगका पदाधिकारी समेत कुनै न कुनै रूपमा संलग्न रही व्यापक जनसहभागिताबाट तयार भएको उक्त कार्ययोजनाले मानव अधिकारका विषयवस्तुको बारेमा सरकारका विभिन्न निकायहरूलाई सक्रिय र सचेत गराउन पनि मद्दत गरेको छ ।

## ८.२ प्रमुख चुनौतीहरू

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त दायित्व निर्वाह गर्ने क्रममा विभिन्न चुनौतीहरूको सामना गर्दै आएको छ । पाँच वर्षे कार्यकालको अवधिभित्र देशमा घटेका हत्या, हिंसाका घटनाहरू एवम् सङ्कटकालीन अवस्थाको घोषणाबाट संविधानप्रदत्त मानव अधिकारहरू निलम्बित भएको प्रतिकूल अवस्थामा आयोगले आफ्नो उचित भूमिका पहिल्याउनकोलागि परीक्षाको घडी पार गर्नुपऱ्यो । आयोगले सामना गरिरहेका प्रमुख चुनौतीहरूलाई देहायका वुंदाहरू मार्फत सक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

## ८.२.१ परिवर्तित राजनीतिक अवस्था

आयोग स्थापना पश्चात विभिन्न समयमा भएका राजनैतिक परिवर्तन, सशस्त्र द्वन्द्वका कारण मानव अधिकाकरको बढ्दो उल्लघंन जस्ता परिस्थितिमा मानव अधिकारको संरक्षणको कार्य गर्नु आयोगको निमित्त ज्यादै नै चुनौतीपूर्ण रहयो । २०५८ साल मंसिर ११ गते मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट "आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८" जारी भएपछि मानव अधिकारको निर्वाध उपभोगमा प्रतिकूल असर पर्न गयो । त्यसैगरी २०५८ मंसिर १२ गते मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट अधिराज्यभर सङ्कटकालको घोषणा भइसकेपछि आयोगले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा ठूलो कठिनाई महसुस गऱ्यो ।

२०५९ जेष्ठ ८ गते श्री ५ बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा २०५९ कात्तिक २७ गते नयाँ प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन भयो । विघटनपश्चात् प्रतिनिधि सभाविहीन अवस्थाले मानव अधिकारको स्थितिमा झनै जटिलता उत्पन्न हुन पुग्यो । २०५९ जेष्ठ १३ गते प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट अधिराज्यभर लागू हुने गरी पुनः सङ्कटकालीन अवस्थाको घोषणा भएकोमा आयोगको ध्यानाकर्षण भई आफ्नो धारणा व्यक्त  गऱ्यो । त्यसैगरी २०५९ आषाढ ३१ गते बसेको मन्त्रिपरिषद्को वैठकद्वारा स्थानीय निकायका पदाधिकारीहरूको पदावधि थप नगर्ने निर्णय गरिएता पनि सरकारद्वारा चुनाव सम्पन्न गराउन नसकिएका कारणले स्थानीय निकाय अन्तर्गत ३ हजार ९ सय १३ गाउँ विकास समिति, ५८ नगरपालिका र ७५ जिल्ला विकास समिति जनप्रतिनिधिविहीन बन्न पुगे । त्यसैगरी माघ १९ गते भएको राजनैतिक परिवर्तन र संकटकालको घोषणबाट संविधान प्रदत्त मौलिक हकहरू निलम्बन हुन पुगेको अवस्थाबाट सृर्जित नयाँ परिस्थिति समेत आयोगका सामु चुनौतीको रूपमा देखा पऱ्यो । यसप्रकार परिवर्तित राजनैतिक अवस्थाका कारण उत्पन्न परिस्थितिले गर्दा समेत आयोगका मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा कतिपय चुनौतीहरु उत्पन्न हुन पुगे ।

## ८.२.२ आयोगको सुदृढीकरण र क्षमता विकास

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त दायित्व निर्वाह गर्नेक्रममा आयोगको संस्थागत सुदृढीकरण र क्षमता विकास हुनु बाञ्छनीय हुन जान्छ । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको संयोजकत्वमा प्राप्त बास्केट फण्ड एवम् विभिन्न दातृ निकायबाट आयोगलाई प्राप्त हुने सहयोगबाट आयोगको क्षमता अभिवृद्धि गर्दै लैजाने सोच बनाइएको छ । पेरिस सिद्धान्तअनुसार गठन गरिएको राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता तथा स्वायत्ततालाई अक्षुण्ण राख्नकालागि समेत संस्थागत सुदृढीकरण तथा क्षमता विकासका निमित्त सरकारबाट आवश्यक सहयोग प्राप्त नहुनाले आयोगको सुदृढीकरण र क्षमता विकासमा समेत कठिनाई उत्पन्न भएको छ ।

यसै गरी हत्या, हिंसा र मानव अधिकार उल्लंघनका घटनाहरूमा बढोत्तरी हुँदै गइरहेको परिप्रेक्ष्यमा आयोगका सामु गम्भीर चुनौतीहरू उत्पन्न भए । श्री ५ को सरकारबाट आयोगको बढ्दो कार्यबोझलाई मनन गरी आवश्यक बजेट एवम् मानव संसाधनको व्यवस्था हुने अपेक्षा गरिए तापनि आयोगले अपेक्षाकृत सहयोग प्राप्त गर्न सकेको छैन । जसले गर्दा दैनिक प्रशासनिक कार्य सम्पादनमा समेत अपर्याप्त हुने बजेट विनियोजन हुनाले आयोगलाई ऐन प्रदत्त दायित्व बहन गर्नमा समेत चुनौती उत्पन्न हुन पुगेको थियो । अझैसम्म वैदेशिक सहयोगमा अत्याधिक निर्भरता कायमै रहेको अवस्थामा आयोगको सुदृढीकरण र क्षमता विकास चुनौतीपूर्ण देखिएको छ ।

## ८.२.३ मानव अधिकारको संरक्षण

मानव अधिकार आयोग ऐन, २०५३ अनुसार मानव अधिकार संरक्षणको निमित्त आयोगको आफ्नै सक्रियता, विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समाचार र विभिन्न संघसंस्थाबाट मानव अधिकार उल्लंघन सम्बन्धमा प्राप्त उजुरीहरू उपर कारवाही गरी मानव अधिकार उल्लंघनकर्तालाई दण्ड तथा पीडितलाई क्षतिपूर्ति भराउनको निमित्त आयोगले आफ्नो कार्य गरिरहेको छ । आयोगले प्राप्त उजुरीका सम्बन्धमा श्री ५ को सरकार अन्तर्गतका निकाय एवम् विभागलाई जानकारी एवम् आवश्यक सहयोगकोलागि पत्राचार गर्ने गरेको छ । तर अपेक्षित जवाफ प्राप्त हुन नसक्ने र मानव अधिकारप्रति संवेदनशील भई आयोगलाई सहयोग गर्न अनिच्छुक देखिने प्रवृतिले गर्दा मानव अधिकार संरक्षणकोलागि ठूलो चुनौती उत्पन्न भएको छ । दश वर्ष लामो सशस्त्र संघर्षको परिस्थितिबाट बढ्दै गएका मानव अधिकार उल्लंघनका घटनाहरूले गर्दा आयोगमा विद्यमान सीमित स्रोत, साधन तथा पहुँच मानव अधिकार संरक्षण कार्यका लागि ज्यादै नै अपर्याप्त हुन पुगेको छ । परिस्थितिको गम्भीरतालाई बुझी यस्तो अवस्थामा सरकारबाट आयोगलाई आवश्यक सहयोग प्राप्त हुन नसकेमा मानव अधिकार संरक्षण ज्यादै नै चुनौतीपूर्ण हुने देखिएको छ ।

## ८.२.४  आयोगमा पर्न आएका जर्बजस्ती वेपत्ता लगायतका उजुरी उपर कारवाही

आयोगको स्थापना अवधि देखि नै मानव अधिकार उल्लंघन सम्वन्धी उल्लेखनीय संख्यामा उजुरीहरू पर्न आईरहेका छन् । उदाहरणकोलागि आयोगको स्थापनाको प्रथम वर्षको प्रथम प्रतिवेदन अवधिमा ५२८ उजुरी परेका थिए भने दोस्रो प्रतिवेदन अवधिमा ३०२ उजुरी पर्न आएका थिए । त्यसैगरी पछिल्लो प्रतिवेदन अवधीमा उजुरी संख्या वढेर ४८३ पुगेको थियो भने अर्को वर्ष बढेर १०८३ वटा उजुरी पर्न आएका थिए । आयोगमा पर्ने विभिन्न उजुरीहरू उपर कारवाही, छानवीन वा अनुसन्धान गर्नमा आयोगलाई विभिन्न समस्याहरू उत्पन्न भएका छन् । देशमा उत्पन्न भएको सशस्त्र विद्रोहको परिस्थितिबाट उत्पन्न संकटपूर्ण अवस्थामा शान्ति सुरक्षा कायम गर्ने उद्देश्यले सरकारद्वारा आतङ्ककारी तथा विध्वंशात्मक कार्य ( नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ अनुसार जनपद प्रहरी, सशस्त्र प्रहरीबल तथा शाही नेपाली सेनालाई सुरक्षा निकाय अन्तर्गत युनिफाइड कमाण्डका रूपमा परिचालन गरेको छ । आयोगमा प्राप्त हुने अधिकांश उजुरी मानिस बेपत्ता बनाईएको, गैर न्यायिक हत्या, गैर कानूनी थुना जस्ता घटनाहरूसँग सम्वन्धित रहेको अवस्थामा आयोगले सो सम्वन्धी तथ्यका सम्वन्धमा जानकारीको लागि श्री ५ को सरकार अन्तर्गत रहेकोशाही नेपाली सेना, सशश्त्र प्रहरी, जनपद प्रहरी लगायतका विभिन्न निकायलाई पत्राचार गर्दा आयोगले मागेको जानकारी नपठाईदिने, पठाएका कुराहरू पनि ढिलो गरी एवं अपर्याप्त जानकारी मात्र पठाउने, आयोगले पठाएको सिफारिश कार्यान्वयनमा वेवास्ता गर्ने जस्ता विभिन्न कारणहरूले गर्दा आयोगमा पर्न आएका उजुरी फछ्र्यौट गर्ने काममा समस्या उत्पन्न भई रहेको छ । त्यसैगरी आयोगलाई प्रहरी निकायसँग सूचना लिन र पहुँच हुन केही सजिलो भएता पनि शाही नेपाली सेनासँग भने सहज किसिमको पहुँचको अभाव छ । एकातिर सम्मानित सर्वोच्च अदालतले आयोगलाई आदेश गरी बेपत्ता पारिएको भनिएका व्यक्तिको सम्वन्धमा छानवीन गरी प्रतिवेदन पेश गर्न अनुरोध गरिने अर्को तिर शाही नेपाली सेनाको ब्यारेकमा गई

छानवीन गर्न आयोगलाई सजिलो पहुँच नहुने कारणले गर्दा आयोगमा पर्न आएका उजुरी उपर कारवाही गर्न मात्र नभएर सम्मानित अदालतको आदेश पालना गर्नमा समेत बाधा परिरहेको अवस्था छ । यसै गरी विद्रोही पक्षले वेपत्ता बनाएको भनी आयोगमा परेका उजुरीका सम्बन्धमा कारवाही गर्नमा अन्यौल कायम रहेको कारणबाट समेत यस्ता उजुरीहरु राम्रोसँग सम्बोधित हुन सकेका छैनन् ।

## ८.२.५ आयोगको निर्णय कार्यान्वयन

आयोगले प्राप्त गरेका सूचना एवं उजुरी समेतका आधारमा आयोगबाट विभिन्न घटनाहरूका सम्वन्धमा भएका छानवीन गरी सो बाट प्राप्त प्रतिवेदनको सम्बन्धमा सम्वद्ध निकायसँग तथ्यगत जानकारी एवं श्री ५ को सरकारसँग प्रतिक्रिया समेत माग गर्ने गरिएकोमा श्री ५ को सरकार एवं सम्वद्ध निकायहरूबाट व्यवस्थित रूपमा समयमा जानकारी नदिइने प्रवृतिले गर्दा आयोगलाई उजुरी उपर निर्णय गर्न एवं आयोगबाट फैसला भएका निर्णय कार्यान्वयनमा समेत समस्याहरू देखिएका छन् । विगतमा आयोगमा दर्ता भएको उजुरीहरू वा आयोगबाट अनुगमन एवं अनुसन्धान तथा छानवीनबाट प्राप्त निश्कर्षका आधारमा ठहर गरी त्यस्ता निर्णयहरू कार्यान्वयनकालागि मन्त्रिपरिषद् सचिवालय मार्फत श्री ५ को सरकारमा लेखी पठाउने गरिएकोमा त्यस्ता निर्णय उपर श्री ५ को सरकारबाट केहीमात्रामा कार्यान्वयन गरिएको छ तर विभिन्न महत्वपूर्ण निर्णय कार्यान्वयनको सम्वन्धमा स्पष्ट जानकारी समयमै प्राप्त नहुनाले आयोगको फैसला कार्यान्वयनमा समस्या देखिएको छ । त्यसैगरी आयोगबाट भएका कतिपय निर्णयहरुमा दण्डविहीनतालाई निरुत्साहित गर्ने उद्देश्यले मानव अधिकार उल्लंघनमा जिम्मेवार देखिएका सार्वजनिक पदाधिकारी समेतबाट क्षतिपूर्तिको केही अंश पीडितलाई भराई दिने गरी भएको निर्णय सम्बन्धमा त्यस्तो रकम सरकारद्वारा नै उपलब्ध गराइनाले आयोगको निर्णय कार्यान्वियन भएको देखिएता पनि दण्डविहीनता अन्त्य गर्ने दिशामा भने समस्या कायमै रहेको छ ।

आयोगबाट सैनिक व्यक्ति संलग्न भएको मानव अधिकार उल्लंघनका घटनाहरुको सम्वन्धमा निर्णय गरी कार्यान्वयनकोलागि सरकार समक्ष पठाइएकोमा सैनिक ऐनको क्षेत्राधिकार आकर्षित हुने भनी त्यस्तो मुद्दा सामान्य अदालतको क्षेत्राधिकारमा नलगिने गरेको, आयोगको सिफारिस बमोजिम दोषी उपर कारवाही गर्ने प्रक्रिया शुरु भएको भनी आयोगमा जानकारी पठाइएता पनि उल्लंघनको प्रकृतिको गम्भीरताको अनुपातमा विभागीय कारवाही नभएको र कुनै पनि मुद्दामा त्यस्तो कसुरदार उपर फौजदारी अभियोग लगाई कारवाही नचलाइएको देखिदा आयोगको सिफारिस कार्यान्वयनमा चुनौती रहेको अवस्था छ ।

## ८.२.६ मानव अधिकार अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले आन्तरिक द्वन्द्वका कारण मुलुकमा उत्पन्न भएको व्यापक मानव अधिकारका उल्लंघनका घटनाहरूका सम्वन्धमा तथ्य संकलन एवं प्रलेखीकरण, प्राप्त प्रतिवेदनको अध्ययन एवं विश्लेषण गरी मानव अधिकार संरक्षणकालागि सिफारिश एवं ध्यानाकर्षण गराउने उद्देश्यले स्थापनाकालदेखि नै देशका विभिन्न भागहरूमा मानव अधिकार अनुगमन गर्दै आइरहेको छ । देशमा मानव अधिकार उल्लंघनका घटनाहरू बढ्दै जाने क्रममा मानव अधिकार अनुगमन कार्य चुनौतीपूर्ण बन्दै गएको छ । आयोगलाई मानव अधिकार अनुगमन कार्यमा सरकारी निकाय, सेना, प्रहरी लगायत मानव अधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरू, पेशागत सङ्गठनहरू, नागरिक समाज एवं स्थानीय जनसमुदायबाट महत्वपूर्ण सहयोग प्राप्त हुँदै आएको छ । यस अवधिसम्ममा आयोगले मुलुकका ६८ जिल्लाहरूको समग्र मानव अधिकार अवस्थाको अनुगमन गरी प्राप्त तथ्य, तिनको अध्ययन र विश्लेषणको आधारमा तयार गरिएको प्रतिवेदनमा प्राप्त मानव अधिकार एवं मानवीय कानून परिपालनका सम्वन्धमा विभिन्न सिफारिस गरेको छ । तर सरकारबाट यस सम्वन्धमा गम्भीर भई ठोस कदम चालिएको छैन ।

आयोगबाट विगत बर्षमा गरिएका अनुगमनका आधारमा विश्लेषण गर्दा द्वन्द्वरत राज्य पक्षले मानव अधिकारको आधारभूत सिद्धान्त, नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रदत्त मौलिक अधिकार, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धिहरूद्वारा प्रदत्त मानव अधिकार एवं जेनेभा कन्भेन्सनको साझा धारा ३ मा  उल्लेख गरिए वमोजिम अन्तर्राष्ट्रिय मानवीय कानूनका आधारभूत प्रावधानलाई व्यवहारमा उतार्न सकेको पाइदैन । त्यसैगरी मानवीय कानूनको उल्लंघनमा द्वन्द्वरत दुवै पक्षको आ-आफ्नो क्षेत्रमा होडवाजी चलेको देखिन्छ ।

संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको ५९ औं बैठकमा अध्यक्षको भाषण (Chairperson's Statement) मा नेपालको मानव अधिकारको विग्रँदो अवस्था प्रति चिन्ता एवं चासो व्यक्त गर्दै श्री ५ को सरकारसँग राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार अनुगमन सम्वन्धमा प्राविधिक सहयोग लगायत अन्य सहयोग गर्नकालागि समझदारीपत्रमा हस्ताक्षर गरी मानव अधिकार अनुगमनमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो । यद्यपि सोही आयोगको ६१ औं बैठकमा संयुक्त राष्ट्र संघ स्वयम्ले अन्तर्राष्ट्रिय अनुगमन गर्ने गरी नयाँ सहमति भएबाट आयोगलाई प्राविधिक सहायता उपलब्ध गराउने प्रतिवद्धता अनुरूपको कार्य संचालनको सम्वन्धमा अन्यौल उत्पन्न हुन पुगेको छ ।

देशमा घटेका हत्या, हिंसा र विनाशले मानव अधिकारको अवस्था झनै संकटपूर्ण बन्दै गएको  छ । वर्तमान सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण हुन नसकेमा गैरन्यायिक हत्या, स्वेच्छाचारी दमन, गैरकानूनी  गिरफ्तारी, आमानवीय यातना, वेपत्ता, अपहरण जस्ता मानव अधिकार उल्लंघनका गम्भीर प्रकृतिका घटनाहरू बढ्न गई समग्र मानव अधिकारको अवस्था निराशाजनक बन्नसक्ने स्थितिप्रति सम्बद्ध सबै क्षेत्रको संवेदनशीलता देखिनु अत्यन्त जरूरी भइसकेको छ । गैरराज्य पक्षबाट सर्वसाधारण, बृद्ध-बृद्धा, महिला, बालबालिका, मेला पर्वमा गएका र बसमा यात्रा गरिरहेका यात्रुहरूको नृशंस ढङ्गले हत्या गर्ने, अपहरण गर्ने, अङ्गभङ्ग गर्ने एवम् बलजफती चन्दा असुल गर्ने जस्ता घटनाहरू दोहऱ्याईने प्रवित्ति कायमै रहनाले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्न गराउनकोलागि आयोगद्वारा भइरहेको पहलप्रति गम्भीर चुनौती उत्पन्न हुने देखिएको छ ।

## ८.२.७ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण

नागरिक तथा राजनैतिक अधिकारहरूको प्रत्याभूतिले मात्र जनताका आधारभूत अधिकारहरू सम्बोधित हुन नसक्ने हुनाले आयोगले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रत्याभूतिकोलागि महत्वपूर्ण पहल गरिरहेको छ । वर्तमान द्वन्द्वको मूल कारणको रूपमा रहेको गरिबी, बेरोजगारी, सामाजिक विभेद, स्रोत र साधनको असमानुपातिक वितरणलगायतका सवालहरूलाई उचित रूपमा सम्बोधन गरी सङ्कटको शान्तिपूर्ण

निकास प्राप्त गर्नकोलागि समेत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रत्याभूति हुनुपर्ने देखिन्छ । सरकार, विद्रोही पक्ष, विभिन्न दातृ निकायहरू तथा नागरिक समाजको सामूहिक प्रयासबाट मात्र यसतर्फ ठोस उपलब्धि हासिल हुने हुनाले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षणको निमित्त आयोगद्वारा हुने पहलहरू पनि उत्तिकै चुनौतीपूर्ण रूपमा रहेका छन् ।

## ८.२.८ व्यापक आन्तरिक विस्थापन

द्वन्द्वका कारणले विस्थापित भएका हजारौं व्यक्तिहरूको मानव अधिकारको संरक्षण गम्भीर चुनौतीका रूपमा रहेको छ । आयोगले आन्तरिक रूपमा विस्थापितहरूको स्पष्ट परिभाषा हुनुपर्ने, आन्तरिक रूपमा विस्थापितहरूको क्षेत्र पहिचान गर्न सुक्ष्मरूपमा अध्ययन अनुसन्धान हुनुपर्ने कुरामा जोड दिँदै आन्तरिक रूपमा विस्थापितहरूको समस्याहरूलाई उचित रूपमा सम्बोधन गर्न संस्थागत आवश्यकता औंल्याउँदै आएको छ । बलात् आन्तरिक विस्थापनमा परेका व्यक्तिहरूको आधारभूत अधिकार, पुनर्बास एवम् आफ्नो क्षेत्रमा सकुशल फर्कन सक्ने वातावरण निर्माणकोलागि श्री ५ को सरकार, दातृ निकाय, विभिन्न गैरसरकारी निकायहरू तथा नागरिक समाजबाट उचित सहयोग एवम् समन्वय हुन नसकेमा आन्तरिक रूपमा विस्थापनको पीडामा पिल्सिएका व्यक्तिहरूको मानव अधिकार संरक्षणको कार्य अझै चुनौतीपूर्ण हुने देखिन्छ ।

द्वन्द्वका कारणले ब्यापक रुपमा आन्तरिक विस्थापन बढ्दै जाने प्रवृतिले पर्नाले उनिहरूको पुनर्स्थापना, पुनर्एकीकरण, क्षतिपूर्ति लगायतका कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन हुन नसक्नाले आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको मानव अधिकारको संरक्षणमा गम्भीर चुनौती उत्पन्न भएको छ ।

## ८.२.९ मानव अधिकार संस्कृतिको विकास

मानव अधिकार शिक्षालाई प्रचार प्रसार गरी मानव अधिकार संस्कृति निर्माणको दिशामा अघि बढ्नकोलागि वातावरण निर्माणमा सहयोग पुगोस् भन्ने उद्देश्यले आयोगले मानव अधिकार शिक्षाको निमित्त विभिन्न प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ । श्री ५ को सरकारबाट प्राप्त बजेट आयोगको दैनिक प्रशासनिक कार्य सम्पादनमा समेत अपर्याप्त भएको अवस्थामा मानव अधिकार शिक्षा प्रचारप्रसार गर्ने कार्य पनि चुनौतीका रूपमा रहेको छ । सीमित स्रोत र साधनका बावजुद आयोगले मानव अधिकार सम्बन्धी केही सामग्रीहरू प्रकाशन एवम् वितरण गरे तापनि मानव अधिकार संस्कृति निर्माणको बृहत उद्देश्य प्राप्तिकालागि मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्न आयोगले खेल्नुपर्ने भूमिका चुनौतीपूर्ण देखिएको छ ।

## ८.२.१० गैरराज्य पक्षलाई जिम्मेवार बनाउने विषय

सिद्धान्ततः गैर राज्यपक्षवाट भएका ज्यादतीहरूको पनि जिम्मेवारी राज्यले नै लिनु पर्ने हुन्छ । तर हालको जटिल परिस्थितिमा यस्तो सिद्धान्तको अनुकरणाबाट मात्र मानव अधिकारको संरक्षण हुन सक्दैन । देशका कतिपय भागमा राज्यको उपस्थिति शुन्य प्रायः भएको कारणबवाट त्यहाँका जनताका मानव अधिकारको संरक्षण कसरी हुन सक्छ भन्ने कुरा अत्यन्तै चासोको विषय हो । देशका सवै भूभागमा आयोगको उपस्थितिमा रोकावट नआओस् भन्ने दृष्टिकोणवाट आयोगका आफना काम कार्वाहीमा स्वतन्त्र र कसैको पक्ष नलागेको नदेखिनु जरूरी पनि छ । यस्तो अवस्थामा आयोगले आफ्ना काम कार्वाहीको सिलसिलामा गैर राज्य पक्षसँग के कसरी कस्तो सम्वन्ध कायम गर्ने र उनीहरूलाई पनि मानव अधिकारप्रति कसरी जिम्मेवार वनाउने भन्ने जटिल चुनौती आयोग सामू उपस्थित भएको छ । वेलावेलामा विभिन्न माध्यमहरुबाट माओवादीका शिर्षस्थ नेताहरुबाट मानव अधिकार प्रति सम्मान व्यक्त गर्ने एवं मानवीय कानूनको परिपालना गर्ने प्रतिवद्धता व्यक्त गर्ने गरिएको भएतापनि व्यवहारमा आयोगद्वारा प्रस्तुत मानव अधिकार संझैता, तत्कालै चाल्नु पर्ने न्यूनतम पाइलाहरुका सम्वन्धमा वेवास्ता गरिए जस्तो देखिनुका साथै ज्यादतिका घटना र प्रकृति कायमै रहेको अवस्थामा गैरराज्य पक्षलाई जिम्मेवार बनाउने विषय आयोगकालागि अझै ठूलो चुनौतिको रुपमा रहेको छ । पाँचौं वर्षको अन्त्यमा आएर आयोगको भूमिकाका सम्वन्धमा माओवादी पक्षबाट भएका टिका टिप्पणीबाट उत्पन्न परिस्थितिले गर्दा आगामि दिनहरूमा आयोगको कार्य अझै चुनौतीपूर्ण हुने देखिन्छ ।

## ८.२.११ मानव संसाधन

कुनै पनि सङ्गठनलाई राम्रोसँग सञ्चालन गर्नकालागि दक्ष मानव संसाधन महत्वपूर्ण भूमिका हुन्छ । आयोग स्थापना भए पश्चात् आयोगलाई आवश्यक पर्ने कर्मचारी संख्या तय भएतापनि आर्थिक कारणले गर्दा सो दरबन्दी पूर्ति हुन सकेन । आयोगका स्थाई पद र श्री ५ को सरकारका स्थाई पदमा तुलना गर्दा पेन्सन लगायतका अन्य आकर्षक सुविधाहरू आयोगले उपलब्ध गराउन सक्ने स्थिति नभएको तर तलबमान भने एकै रहेको स्थितिमा आयोगमा प्रवेश गर्ने वित्तिकै देखि कर्मचारीहरूमा असन्तुष्टि देखिन थालेको अवस्था छ । आयोगको आर्थिक स्रोत सीमित भएकाले आयोगले अन्य रिक्त पदहरूमा पूर्ति गर्न सक्ने अवस्था नरहेकोले आयोगले सोचे अनुसारको उपलब्धि हासिल गर्न कठिन परेको अवस्था छ ।

## ८.२.१२ आर्थिक स्रोत

मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५ मा आर्थिक व्यवस्थापन सम्बन्धी उल्लेख गरिएको छ । जस अनुरूप सोही दफाको उपदफाको १ मा आयोगको कार्य सम्पादन गर्न आवश्यक पर्ने साधन र स्रोतहरू आयोगले विभिन्न निकायबाट अनुदानको रूपमा प्राप्त गर्न सक्नेछ भनिएको छ । यसै अनुसार उपदफा २ मा आयोगले दफा ९ बमोजिमका कार्यहरू सम्पादन गर्न सहायता पुऱ्याउने उद्देश्यले आर्थिक सहायता लिन सक्नेछ भन्ने उल्लेख हुनुका साथै उपदफा ३ मा उपदफा २ बमोजिम प्राप्त गरेको सहायताको खर्च दाता र आयोगको बीचमा भएको शर्त बमोजिम हुनेछ भनिएको छ । त्यसैगरी उपदफा ४ मा आयोगले प्रचलित कानून बमोजिम आफ्नो आय व्ययको लेखा र सम्बद्ध अभिलेख राख्नु पर्ने, सोही दफाको उपदफा ५ आयोगको लेखापरीक्षण महालेखा परीक्षकको काम हुने, उपदफा ६ मा आयोगको आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भनिएको छ । यसैगरी सोही ऐनको दफा २३ मा नियम बनाउने सक्ने कुरा उल्लेख गरिएको छ जसअनुसार “यस ऐनको उद्देश्य पुरा गर्न आयोगले आवश्यक नियमहरू बनाउन सक्नेछ । तर पारिश्रामिक र सुविधा सम्बन्धी नियम बनाउँदा श्री ५ को सरकारको परामर्श लिनु पर्नेछ भनिएको छ । आयोगले

आवश्यकता अनुसार कर्मचारीको दरबन्दी स्वीकृत गर्न सक्ने दरबन्दी खारेज पनि गर्न सक्ने र कर्मचारीको स्थायी नियुक्ती गर्दा लोकसेवा आयोगको कम्तिमा सहसचिब स्तरको प्रतिनिधि र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय को कम्तिमा सहसचिबस्तरको प्रतिनिधि समेत पदपूर्ति सीमित रहने व्यवस्था श्री ५ को सरकारबाट परामर्श लिई बनाएको कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली २०५८ मा व्यवस्था रहेको छ ।

निजामति सेवाका कर्मचारीहरू भन्दा मानव अधिकार सेवाका कर्मचारीहरूको कार्य प्रकृति विशिष्ट किसिमको रहेको छ । मानव अधिकार उल्लंघन भएका घटनाहरूको निष्पक्ष तवरले छानविन गरी सत्यतथ्य प्रकाशमा ल्याउनु जोखिम पूर्ण काम हो । राज्यपक्ष र विद्रोही पक्षद्वारा भएको त्यस्ता घटनाहरूको छानवीन गर्नु त्यति सजिलो छैन । आयोग समक्ष जनताहरूको पहुँच दुर्लभ भएको कारण आयोगले अति विकट क्षेत्रमा समेत गई काम गर्नु पर्ने हुन्छ । आयोगले आफूलाई आवश्यक पर्ने दक्ष जनशक्ति देखि लिएर तिनीहरूको अवकास सम्मका विभिन्न चरणहरूमा आयोगले आफ्नो उद्देश्य प्राप्तिको लागि कार्य सम्पादनमा प्रभावकारिता वनाउन विभिन्न खालका मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन दिनु पर्ने हुन्छ र आयोगका कर्मचारीहरूको मनोवल सदैव उच्च राखिरहनु पर्ने हुन्छ ।

आयोगको वर्तमान नियमावली अनुसार आयोगका कर्मचारीले पाउने सुविधा निजामती सेवा अर्न्तगतका कर्मचारीहरूले पाउने सुविधा भन्दा पनि कम रहेको छ । आयोगका कर्मचारीहरू उक्त विविधताका कारण आफ्नो सेवाप्रति सन्तुष्ट रहन सक्ने अवस्था छैन । आयोगका कर्मचारीहरूको अवकाश पछिका दायित्वहरू तथा अवकाश हुनुभन्दा अघिका तलव भत्ता बाहेक अन्य दायित्वहरू उपलब्ध गराउनकालागि आयोगमा कोषको व्यवस्था नहुँदा उक्त व्ययभार श्री ५ को सरकारले व्यहोर्नु पर्ने कुरा उल्लेख भएको छैन । श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम तलब, भत्ता, र प्रशासनिक खर्च र कार्यक्रमकोलागि सीमित मात्रामा प्राप्त हुने र आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम फ्रिज हुने हुन्छ ।

वैदेशिक दातृसंस्थाहरूले पनि कार्यक्रम तथा परियोजना संचालनको लागि मात्र रकम उपलब्ध गराउने व्यवस्था रहेको र आयोगको कर्मचारीहरूको लागि सुविधा उपलब्ध गराउन नमान्ने प्रवृत्तीका कारण उनीहरूबाट प्राप्त रकम खर्च नभई बाँकी रहेमा फिर्ता गर्नुपर्ने हुन्छ । राष्ट्रिय मानव अधिकार आयोगका हाल दुई किसिमको आर्थिक व्यवस्थापको लेखाङ्कन गरिन्छ । श्री ५ को सरकारबाट प्राप्त अनुदानको रकमकोलागि आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ अनुसार र बैदेशिक सहायता तर्फको आयोगले दातृ संस्थाको लागि शर्तको रूपमा बनाएको आर्थिक व्यवस्थापन नियमावली २०६० अनुसार खर्च गरिन्छ । बैदेशिक दातृसंस्थाको खर्चहरू गर्न आर्थिक व्यवस्थापन नियमावली २०६० आयोगले बनाएको र जसले श्री ५ को सरकारलाई कुनै व्ययभार नपरेतापनि महालेखा परीक्षकको विभागले उक्त नियमावलीलाई श्री ५ को सरकारको परामर्श नलिई बनाएको भनेर मान्यता दिएको छैन । उक्त नियमावलीलाई आयोगले शर्तको रूपमा राखेको उक्त शर्तलाई सम्बन्धित दाताहरूले स्वीकृत समेत गरेको हुँदा यहाँ दुविधा उत्पन्न भएको देखिन्छ ।

मानव अधिकार आयोग ऐन, २०५३ लाई विशेष ऐनको रूपमा मानिन्छ । उक्त ऐनले नै दाताहरू र आयोगको शर्त बमोजिम आयोगले खर्च गर्न सक्नेछ भनिएको हुँदा उक्त रकम खर्च गरिएको हो भन्ने आयोगको दावी रहेको छ । राष्ट्रिय मानव अधिकार आयोगले श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम र वैदेशिक दातृ संस्थाबाट प्राप्त अनुदान रकम खर्च गर्नको लागि आयोगले आफ्नै आर्थिक व्यवस्थापन नियमावली २०५८ वनाई मन्त्रिपरिषद् सचिवालयमा पठाएकोमा मन्त्रीपरिषद् सचिवालले मिति ०५८/२/१६ मा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ अनुरूप मेल खाने गरी बनाउने भनेर फिर्ता पठाएको थियो । उक्त नियमावलीमा धेरै जसो प्रावधानहरू आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ अनुसार नै बनाएको थियो । आयोगमा प्राप्त भएको वैदेशिक सहायता तर्फको लेखाङ्कन गर्ने स्पष्ट ढाँचा छैन । कुनै-कुनै दाताहरूले आफ्नै खालको ढाँचा पठाउँछन र सोही ढाँचाको आधारमा खर्चको लेखाङ्कन गर्नुपर्छ । आयोगले अर्थमन्त्रालयसँग सोझै सम्पर्क राख्न नसकी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय मार्फत जानु पर्ने व्यवस्था छ । मानव अधिकार आयोग ऐन, २०५३ को दफा २२ मा श्री ५ को सरकारसँग सम्पर्क राख्दा मन्त्रिपरिषद् सचिवालय मार्फत राख्नु पर्नेछ भन्ने उल्लेख छ । अर्थ मन्त्रालयले बजेट बाँडफाँड गर्दा रातो किताबमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अर्न्तगत राखिदिएको छ । जसले गर्दा आयोगलाई दिएको एकमुष्ट अनुदान रकमलाई आयोगले बाँडफाँड गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समर्थन आवश्यक पर्ने हुन्छ ।

आयोगमा वित्तीय स्वायत्तताको अष्पष्टता, आयोगकोलागि आवश्यक पर्ने ऐन, नियमको अपर्याप्तता, सचिवको काम कर्तव्य र अधिकार ऐन नियममा उल्लेख नहुँदा तथा आर्थिक कारोवारमा अस्पष्टता आई वर्षेनी वेरूजुको अंक बढी रहेको छ भने सैद्धान्तिक बेरुजुको मात्रा झन बढ्दो छ । आयोगले अत्यन्तै आवश्यक देखिएको अवस्थामा करारमा पदपूर्ति गर्ने नीति बनाएको छ । यद्यपि करारमा नियुक्ति गरेको कर्मचारीलाई के कति सेवा, सुविधा दिने यसका फाईदा पक्ष र बेफाईदा पक्षहरू विस्तृत रूपमा केलाउन सकेको छैन । करारमा कर्मचारी नियुक्ती गर्दा यसको निरन्तरतामा समस्या उत्पन्नका साथै संस्थागत सुदृढीकरणमा समेत असर पर्न जाने संभावना देखिएको छ । आयोगले स्थायी पदपूर्ति गरेर वैदेशिक सहायताबाट संचालित परियोजनामा समेत सोही कर्मचारीबाट काम लिनु पर्ने भनी सुझाव प्राप्त भइरहेको सन्दर्भमा आयोगको आर्थिक प्रशासन सुदृढ बनाउने कार्य ज्यादै चुनौतीपूर्ण देखिएको छ । केही समय पहिले चुस्त र दुरूस्त रहेको आयोगको कर्मचारी प्रशासन अहिले धेरै जटिल भइसकेको सन्दर्भमा आर्थिक स्रोतको परिचालन चुनौतीपूर्ण बन्दैगएको छ ।

## ८.२.१३ प्रतिनिधि सभा विहीन अवस्था एवं स्थानीय निकायको अनुपस्थिति

लामो समयसम्म प्रतिनिधि सभा को निरन्तरता नरहिरहेको अवस्थामा संसद्प्रति उत्तरदायी रहने आयोगको काम कार्वाहीमा व्यवधान आयो । त्यसै गरी स्थानीय निकायको अनुपस्थितिले गर्दा जनताले आफ्ना पीर मर्का र समस्याहरू राख्ने स्थितीको अभाव र विकास निर्माणको अधिकारको उपभोगमा समस्या भोग्नु पर्ने अवस्थाले गर्दा समेत जनता नागरिक तथा राजनैतिक अधिकार लगायत आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको उपभोगमा समेत गम्भीर समस्या उत्पन्न भएको छ । आयोगको वार्षिक प्रतिवेदनहरू संसदमा छलफल नै हुन सकेन र आयोगका समस्या र गुनासो सुन्ने ठाउँ नै भएन । त्यसैगरी मानव अधिकार समिति नरहेको अवस्थाबाट समेत आयोगका कतिपय कार्यहरू प्रभावित भएका छन् ।

## ८.२.१४ आयोगप्रति सरकारी अवधारणा स्पष्ट नहुनु

आयोगलाई कतिपयले सरकारी आयोगको रूपमा बुभ्ने, कतिपय अवस्थामा अन्य गैरसरकारी संस्थाकै हाराहारीमा राखिदिने र आयोग किन गठन भएको हो ? यसका कानूनी दायित्वहरू के-के हुन् ? भन्ने कुरा स्पष्टसँग बुभ्न नसकेको कारणबाट आयोगको औचित्यमा नै बेलाबेलामा प्रश्न उठाउने गरिएको पाइन्छ । श्री ५ को सरकारका निकायमा कार्यरत उच्च अधिकृतहरूमा समेत आयोगको कार्य प्रकृतिको सम्वन्धमा प्रष्ट बुझाईको अभाव छ । आयोगले केवल सरकारका निकायमा काम गर्ने पदाधिकारीले मानव अधिकार उल्लंघन गरेकोमा मात्र प्रश्न उठाउँछ र सिफारिस गर्छ तर द्वन्द्वमा संलग्न माओवादी पक्षबाट भएका उल्लंघनका घटनालाई मतलब राख्दैन भने जस्ता धारणा सरकारी पक्षमा रहेको पाइन्छ ।

आयोगको गठन नै राज्यका निकायहरूले गरेका मानव अधिकार उल्लंघनका घटना र मानव अधिकारको प्रत्याभूति गर्नु पर्ने राज्यको दायित्वका सम्बन्धमा कार्वाही र सिफारिस गर्नकोलागि भएको हो । सरकार बाहेक अन्य समूह वा व्यक्तिले त्यसरी व्यक्तिको अधिकार हनन हुने काम गरेमा कामको प्रकृति अनुसार त्यो गम्भीर अपराधदेखि लिएर अन्य कानून विपरीतका कार्यको दायरामा पर्दछ । त्यस्ता व्यक्तिहरूलाई कार्वाही गरी जनताको अधिकारको रक्षा गर्नु पनि राज्यको नै दायित्वभित्र पर्दछ । त्यसैले आयोगले व्यक्ति व्यक्तिबीचको विवाद हेर्दैन तर त्यस्ता विवादका सम्बन्धमा आवश्यक कार्वाही गर्नु पर्ने कुनै निकायले आफ्नो दायित्व पूरा नगरेको कारणबाट मानव अधिकार हनन हुन गएकोमा भने आयोगले सम्बन्धित निकायलाई आवश्यक सिफारिस गर्दछ भन्ने विषयमा सम्बद्ध निकायहरू प्रष्ट हुनु जरूरी देखिन्छ ।

हालको द्वन्द्वको अवस्थामा आफूलाई पनि नयाँ सत्ताको नाम दिई गैरराज्य पक्ष पनि हत्या, बलात्कार, अपहरण लगायतका अन्य मानव अधिकार उल्लंघनका घटनामा संलग्न भएको भन्ने निवेदनहरू आयोगमा परेका छन् । कानूनतः आयोगले गैरराज्य पक्षलाई कुनै सिफारिस आदेश वा कार्वाही गर्न सक्ने अवस्था छैन । तर पनि गैर राज्य पक्षलाई पनि कसरी जिम्मेवार बनाउने भन्ने सम्बन्धमा आयोगले आफ्नो तर्फबाट धेरै प्रयासहरू जारी नै राखेको छ । त्यसैले आयोगको आफ्नो सीमा, अधिकार क्षेत्र र यसको पहुँचको बारेमा जिम्मेवार निकाय प्रष्ट नहुनुबाट आयोगले आफ्नो काम कार्वाहीमा थप चुनौतीको सामना गर्नु परेको छ ।

## ८.२.१५ सुरक्षा निकायहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नु

विभिन्न सरकारी निकायहरूको सहयोग विना आयोगले प्रभावकारी रूपमा आफ्नो कार्य सञ्चालन गर्न सक्दैन । आयोगले मागेका जानकारी वा सूचना यथाशीघ्र उपलब्ध गराउने, कारागार, थुनुवा केन्द्र लगायतका ठाउँहरूमा निर्बाध रूपमा जाँच गर्न अनुमति दिने, आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन गर्ने आदि कुराहरूमा आयोगले सहयोगको अपेक्षा राखेको हुन्छ । कतिपय मानव अधिकार उल्लंघनका घटनाहरूमा सुरक्षा निकायहरू संलग्न रहेका हुन्छन् । आयोगलाई प्रहरी निकायसँग सूचना लिन र पहुँच हुन केही सजिलो भए पनि सेनामा भने सहज किसिमको पहुँचको अभाव छ । आयोगद्वारा जानकारी मागेको सम्बन्धमा एक निकायले अर्को निकायलाई देखाइ समस्याबाट पन्छिने प्रवृतिले गर्दा सत्य तथ्य पत्ता लगाउन कठिन पर्नु स्वाभाविकै हो । यस्ता निकायहरूले मानव अधिकार उल्लंघनका घटनाहरूलाई हिंसा रोक्ने सिलसिलामा भएको भनी सहज रूपमा लिने गरेका उदाहरण पनि नभएका होइनन् । आगामी दिनहरूमा यस्ता निकायहरूसँग बढीभन्दा बढी सहयोगको वातावरण कसरी सृजना गर्ने भन्ने कुरा पनि आयोगका सामु गम्भीर चुनौतीको रूपमा रहेको छ ।

आयोगले श्री ५ को सरकारवाट भएका ज्यादतीको मात्र कुरा उठउँछ र जहिले पनि सरकार प्रति मात्र आक्रामक बन्दछ र अर्को तर्फ माओवादीहरूबाट भएका ज्यादतीको वारेमा कुरा उठाउँदैन भन्ने धारणा जिम्मेवार पदाधिकारीहरूमा समेत रहेको पाइएको छ । आयोगको जन्म नै सरकारी निकायहरूवाट हुन सक्ने मानव अधिकारको हनन रोक्न र त्यस्ता पदाधिकारीहरुलाई सतर्क गराउनकोलागि भएको भन्ने जानकारी त्यस्ता निकायका माथिल्ला पदाधिकारीहरू सम्म पुऱ्याउने कार्य आयोगलाई चुनौतीपूर्ण थियो । आयागको निरन्तर प्रयासका वावजुद पनि अझैसम्म त्यस्तो भ्रम कायमै रहेको कारणले आयोगले सुरक्षा निकायको तल्ला निकायबाट जुन किसिमको संस्थागत सम्मान पाउनु पर्ने थियो त्यस अनुकूल व्यवहार नभएका कतिपय उदाहरणहरू छन् ।

# खण्ड ९

## मूल्याङ्कन

९.१ सरकारको दृष्टिमा आयोग
९.२ न्यायिक निकायको दृष्टिमा आयोग
९.३ नागरिक समाजको दृष्टिमा आयोग
९.४ प्रमुख राजनैतिक दलहरूको दृष्टिमा आयोग
९.५संचारजगतको दृष्टिमा आयोग
९.६ संयुक्त राष्ट्र संघ लगायतका निकायको दृष्टिमा आयोग
९.७ विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूको दृष्टिमा आयोग
९.८ आफ्नै दृष्टिमा आयोग
९.९ आयोगको ध्यान पुग्न नसकेका क्षेत्रहरू


आयोगका पदाधिकारीहरू तथा दातृ संस्थाका प्रतिनिधिहरू बीच आयोजित छलफल कार्यक्रम


मानव अधिकार सम्झौता पत्रका सम्बन्धमा आयोजित छलफल कार्यक्रम


मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूसँगको छलफल कार्यक्रम

सर्वे भवन्तु सुखिन : सर्वे सन्तु निरामया : ।
सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दु:ख भाग्जन : ॥
- उपनिषद्

# खण्ड ९

# मूल्याङ्कन

कुनै पनि संस्थाको पाँच वर्षको छोटो अवधिमै पूर्ण मूल्याङ्कन हुन सक्दैन । यद्यपि संस्थाले राखेका उद्देश्य हासिल गर्ने क्रममा के कस्ता पहलहरू भए ? के साच्चै संस्थाका गतिविधिहरू ती उद्देश्य प्राप्तिको दिशामै केन्द्रित भई रहेका छन् ? संस्थाका गतिविधिहरू प्रति सरोकार वालाहरूको कस्तो धारणा रहेको छ ? संस्थाका पदाधिकारी तथा कर्मचारीहरूको मूल्याङ्कन कस्तो छ ? यस्ता प्रश्नहरूलाई समुचित सम्बोधन गर्न संस्थाको कार्य सम्पादनको निरन्तर अनुगमन र मुल्यांकन गर्नु पर्ने हुन्छ । स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्थाको रूपमा ऐन प्रदत्त दायित्व वहन गरिरहेको राष्ट्रिय मानव अधिकार आयोगका क्रियाकलापहरूका सम्बन्धमा पनि विभिन्न क्षेत्रहरूबाट जिज्ञासा, चासो र आकांक्षा रहनु अस्वाभाविक होइन । यसै सन्दर्भमा मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम गठन भएको राष्ट्रिय मानव अधिकार आयोगको पाँच वर्षे अनुभव र उपलब्धिको बारेमा चर्चा गर्दा आयोग प्रति विभिन्न सरोकारवालाहरूको मूल्याङ्कन सम्बन्धमा सिंहावलोकन गर्नु आवश्यक हुन जान्छ । यसै क्रममा प्रमुख रूपमा आयोगका सरोकारवालाहरूद्वारा आयोगका सम्बन्धमा विभिन्न अवसरमा अगाडि सारिएको धारणाहरूलाई समावेश गरिएको छ । यस खण्डको अन्त्यमा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको दृष्टिकोण समेत समावेश गरिएको छ । यद्यपि कुनै पनि संस्थाको मूल्याङ्कन संस्था आफैबाट गरिएको मूल्याङ्कनबाट मात्र पूर्ण हुन नसक्ने हुनाले यसको निमित्त सरोकारवालाहरू एवं नेपाली जनतामा छाड्दै यस खण्डमा सामान्य चर्चामात्र गर्ने जमर्को गरिएको छ । आयोगलेपाँच वर्षको अवधिमा सम्पन्न गरेका क्रियाकलापका सम्वन्धमा विभिन्न सरोकारवाला एवं आयोगका पदाधिकारीबाट व्यक्त भएका धारणाहरूलाई समावेश गरी देहाय बमोजिमको बुँदामा संक्षिप्त चर्चा गरिएको छ ।

## ९.१ सरकारको दृष्टिमा आयोग

सरकारद्वारा अयोग गठनका शुरूका दिनमा अन्यौलपूर्ण अभिव्यक्ति आएता पनि आयोग गठन पश्चात् हालसम्मका सवै सरकारद्वारा आयोग प्रति सकारात्मक प्रतिवद्धता व्यक्त गरेका छन् । २०६० चैत्र १३ को श्री ५ को सरकारद्वारा जारी गरिएको मानव अधिकार तथा मानवीय कानून सम्वन्धी सरकारी घोषणापत्रमा समेत आयोगलाई पूर्ण सहयोग गर्ने प्रतिवद्धता दर्शाइएको छ । त्यसै गरी श्री ५ को सरकार तथा संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयबीच सम्पन्न भएको समझदारी पत्रले राष्ट्रिय मानव अधिकार आयोगको संस्थागत क्षमता अभिबृद्धि हुने विश्वास व्यक्त गर्दै राष्ट्रिय मानव अधिकार आयोगलाई थुनाव केन्द्रहरूको अवस्थाको पहुँचको निमित्त व्यवस्था मिलाइएको भन्ने व्यहोरा समेत उल्लेख गरिएको वक्तव्य राज्यका तर्फबाट परराष्ट्र मन्त्री रमेशनाथ पाण्डेले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धि आयोगको ६१ औं बैठकलाई सम्बोधन गरिएको वक्तव्यमा उल्लेख भएको देखिन्छ । त्यसैगरी सरकारद्वारा २०६१ चैत्र १३ गते जारी भएको २५ बुँदे घोषणा पत्रमा समेत मानव अधिकार आयोगलाई श्री ५ को सरकारले आवश्यक सहयोग उपलब्ध गराईने प्रतिवद्धता व्यक्त गरिएको छ ।

**सरकारद्वारा जारी २५ बुंदे घोषणा पत्रको वुदा नं. २४**

श्री ५ को सरकारले देहायवमोजिमका कार्यहरू सम्पन्न गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

क) आयोगले आफ्नै वा अन्य कुनैपनि श्रोतबाट प्राप्त गरेको मानव अधिकार उल्लंघन वा निरूत्साहनको उजुरीको आधारमा आयोगको आफ्नै संयन्त्रबाट वा श्री ५ को सरकारको कुनै निकाय वा अन्य कुनै अधिकारी वा व्यक्तिहरू मार्फत अनुसन्धान गर्ने ।

ख) कुनैपनि व्यक्ति वा संस्थाको लापरवाहीबाट हुने मानव अधिकार उल्लंघनलाई रोक्न अनुसन्धान गर्ने र कुनै संस्थालाई मानवअधिकारका कानूनी प्रावधानका सम्वन्धमा जानकारी दिने वा सचेत गराउने ।

ग) श्री ५ को सरकार अन्तर्गतका कुनैपनि निकाय वा वन्दीगृह वा कुनै संस्थाहरूको भ्रमण, अवलोकन र निरीक्षण गर्ने र मानव अधिकारको संरक्षणका लागि वन्दीगृहका लागि भौतिक वा अन्य कुनै सुविधा सुधारका लागि आवश्यक पर्ने उपायका सम्वन्धमा श्री ५ को सरकारलाई सिफरीस गर्ने ।

घ) मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि कानूनी प्रावधानहरूको पुनरावलोकन तथा कार्यान्वयनका लागि आवश्यक उपायहरू वारे सुझाव
दिने ।

ङ) नेपालपक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको प्रभावकारी कार्यान्वयन तथा ती सन्धिहरू अनुरूप पेश गर्नुपर्ने प्रतिवेदन लगायतका विषयमा सुझाव दिने ।

च) मानव अधिकारसँग सम्वन्धित विषयहरूमा अध्ययन अनुसन्धान गर्ने, मानव अधिकार सम्वर्धनका वारेमा शिक्षण तथा सूचना प्रवाह गर्ने र मानवअधिकार सम्वन्धी क्षेत्रहरूमा कार्यरत गैर सरकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने ।

छ) मुलुकमा विद्यमान मानव अधिकारको स्थितिको समीक्षा गर्ने ।

ज) मानवअधिकार सम्वन्धी प्रतिवद्धताको सम्मान भए नभएको तथा खासगरी बाँच्नपाउने अधिकार र ज्यान तथा अंगभंगबाट सुरक्षा, व्यक्तिगत स्वतन्त्रता, कानूनी प्रक्रिया, अभिव्यक्तिको स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता र वालवालिका, आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू र भेदभाव हुनसक्ने अन्य कुनै समूह लगायतका अति कमजोर समूहहरूको स्थिति वारे छानवीन गर्न आफ्नो अनुगमन निकाय स्थापना गर्ने ।

झ) केन्द्रियस्तरमा आयोगको क्षमता अभिवृद्धि गर्ने तथा क्षेत्रीयस्तरमा आयोगको पहुँच विस्तार गर्ने ।

ञ) आयोगका कर्मचारीहरू तथा प्रतिनिधिहरूको मुलुकभर निर्वाध आवतजावनत गर्न र कुनैपनि व्यक्ति वा समूहसँगको वन्दीगृहमा वा वन्दी बनाई राखेको शंका लागेको ठाउँमा गोप्य वा खुल्ला अन्तर्वार्ता लिने ।

ट) राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी वा प्रतिनिधि तथा आयोगलाई सूचना वा प्रमाण उपलब्ध गराउने कुनैपनि व्यक्तिको सुरक्षा निश्चित गर्ने ।

ठ) मानव अधिकारको संरक्षणमा सुधारका उपायवारेका सुझाव वा सूचनाका लागि आयोगद्वारा गरिएका अनुरोधमा यथाशीघ्र जवाफ दिने ।

ड) आयोगको अनुसन्धान पछि आपराधिक अनुसन्धान र कारवाही गर्नुपर्ने यथोचित कारण देखिएमा मुलुकका सम्वन्धित कानूनी निकायमा पठाउने ।

ढ) विश्वसनीय, निष्पक्ष र स्वतन्त्र अनुगमन तथा छानवीन गर्ने लगायतका आफ्नो निदिष्टि कार्यहरू सम्पन्न गर्नका निमित्त आयोगको संस्थागत र मानव संशाधन विकास गर्नका लागि संयुक्त राष्ट्र संघ लगायतबाट विशेष वाह्य सहयोग उपलब्ध गराउन सघाउ पुर्‍याउने ।

## ९.२ न्यायिक निकायको दृष्टिमा आयोग

आयोगद्वारा सम्मानित सर्वोच्च अदालत, नेपाल अधिकाराज्यका महान्यायाधिवक्ताको कार्यालय एवं अन्य न्यायिक निकायसँग सुमधुर सम्वन्ध कायम हुँदै आएको छ । वन्दीप्रत्यक्षीकरण सम्वन्धी केही मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतद्वारा आयोगलाई अनुसन्धान गरी प्रतिवेदन पेश गर्न आदेश दिनुका साथै ऐन नियमको पुनरावलोकन कार्यमा समेत आयोगलाई महत्वपूर्ण स्थान दिदै आएको छ ।आयोगको अनुसन्धान प्रतिवेदनका आधारमा केही मुद्दामा सर्वोच्च अदालतले मुद्दाको टुङ्गो समेत लगाएको छ । यसबाट आयोगको महत्व समेत अझ प्रष्ट हुन गएको छ भने आयोगको अनुसन्धानको गुणस्तर समेतलाई अदालतले मान्यता दिएबाट आयोगलाई अझ सक्रिय भई कार्य गर्न थप हौसला मिलेको छ ।

"...प्रस्तुत विवादित विषयमा र पारिवारिक र सम्पत्ति सम्वन्धी विषयमा **राष्ट्रिय मानव अधिकार आयोग**सँग परामर्श गरी सम्भव भए सम्म **राष्ट्रिय मानव अधिकार आयोगको** सचिवको संयोजकत्वमा महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयका सम्वन्धित विषयबस्तुको ज्ञान भएका प्रतिनिधि, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको विषयवस्तु जानकार भएका प्रतिनिधि, विषयवस्तुको ज्ञान भएको समाज शास्त्री र विषयवस्तुको ज्ञान भएका महिलासँग सम्वन्धित सामाजिक संगठनको प्रतिनिधि रहने गरी एक विशेषज्ञ समिति बनाई संविधान र मानव अधिकार सम्वन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग वाझिएको ऐन नियमहरुको पहिचान गरी सो सम्वन्धमा अध्ययन गरी गराई विद्यमान ऐन कानूनमा संशोधन गर्ने वा संविधान र मानव अधिकार सम्वन्धी महासन्धि अनुकूलको नयाँ कानून यथोचित समयमा लागू गर्न आवश्यक व्यस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ..." (सम्मानित सर्वोच्च अदालतको आदेशको अंश)

## ९.३ नागरिक समाजको दृष्टिमा आयोग

आयोग गठन भइसके पश्चात् आयोगद्वारा छलफल, अन्तरक्रिया, गोष्ठी लगायतका विभिन्न कार्यक्रमहरू आयोजना गरी राजनैतिक दलहरू, पेशागत संगठनहरू, मानव अधिकारवादी संघ संस्थाहरू एवं प्रवुद्ध वर्गहरूलाई आमन्त्रण गरी उहाँहरूसँग सरसल्लाह एवं सुझाव लिदै आएको छ । नागरिक समाजबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनका सवालमा आयोगबाट भएका महत्वपूर्ण कार्यको सराहना गर्दैआएका छन् । नागरिक समाजका विभिन्न व्यक्तित्वहरू एवं विभिन्न संघ संगठनका प्रतिनिधि मण्डलले आयोगको भ्रमण गरी आयोगका अध्यक्ष एवं पदाधिकारीसँग भेटघाट गरी मानव अधिकारको संरक्षण निमित्त आयोगद्वारा खेलिनु पर्ने भूमिकाको सम्वन्धमा महत्वपूर्ण परामर्श दिदै आएका छन् । आयोगले रणनीतिक योजना तर्जुमा गर्ने क्रममा समेत प्रमुख राजनैतिक दलहरू, मानव अधिकारवादी संघ संस्था, शैक्षिक निकायहरूमा परामर्श गरी महत्वपूर्ण सुझाव ग्रहण गरको थियो । नागरिक समाजबाट विभिन्न समयमा आयोगका सम्वन्धमा व्यक्त धारणाहरू देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

### क) आयोग गठनको एकशय दिन पूरा भएको उपलक्ष्यमा नागरिक समाजद्वारा व्यक्त गरिएका केही धारणाहरु यस प्रकार रहेका थिए

#### १. पद्मरत्न तुलाधर, अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च

"प्रथमतः नव गठित मावन अधिकार आयोग गठन गर्नका लागि संसदले जुन कानुन बनायो, तर बर्षै वित्दा पनि आयोग गठन हुन सकेन । अयोग गठन गर्नका लागि देशमा कार्यरत विभिन्न मानव अधिकार संघ संस्था र सक्रिय मानव अधिकार कार्यकर्ताहरूले ठूलै आन्दोलन पनि गर्नु परेको थियो । यी सवैको बाबजुद मानव अधिकार आयोग गठन हुनलाई अत्यन्त सकारात्मक भनेर हामी सबैले स्वागत गरेका छौं ।

धेरैले यो आयोगबाट नेपाली जनताको मानवअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह हुने आशा र विश्वास लिएको पाइन्छ । तर भर्खरै स्थापित यस आयोगले आफ्नो कार्यालयको व्यवस्थत स्थापना, आर्थिक तथा अन्य साधन स्रोत र आफ्ना कार्यक्रमका योजनाहरू शुरू गरेको हुनुपर्छ । अहिले नै हेर्दा र मूल्यांकन गर्दा आशा गरेकै अनुसारको काम भएको छैन किनभने नेपाली जनताले यस बारे आ-आफ्ना मानव अधिकारको संरक्षणमा ठूलो योगदान दिनेछ भनेर आशा गरेका छन् । त्यो आशा तत्कालै पूरा गर्न गाह्रो छ ।

यस आयोगले शुरूका दिनमा केही आशा लाग्दा काम गरेको छ । उदाहरणकालागि भन्नु पर्दा नेपाली जनताको मानव अधिकार संरक्षणको पक्षमा केही वक्तव्यहरू जारी गरेको छ । काठमाडौं मितेरी अस्पतालमा उपचारकालागि भर्ना भएका माओवादी भनिएका नागरिकहरूको उपचारलाई नै बाधा उत्पन्न हुने गरी प्रहरीले अस्पतालको अप्रेशन थिएटरमा समेट बाधा उत्पन्न हुन सक्ने गरी कारवाही चलाएको विरूद्ध आयोगले सम्बन्धित सरकारी निकायलाई त्यस प्रकारको बाधा उत्पन्न गरेर मानवीय उपचारमा हस्तक्षेप नगर्नका लगि दबाब दिएको थियो । आयोगले तयस प्रकारको हस्तक्षेपलाई निन्दनीय भन्दै दबाब दिएपछि मानवताको आधारमा उपचार गर्न दिनका लागि प्रहरी अस्पतालको अप्रेशन कक्षबाट बाहिर निस्केको थियो । यो एउटा सामान्य उदाहरण मात्र हो ।

अब आयोगले आफ्नो कार्यक्षेत्रको अध्ययन गर्न शुरू गुर्न पर्छ । देशमा मानव अधिकारका धेरै समस्या छन् । हिरासतमा यातना, जनयुद्धका नाममा वेपत्ता, गैर कानूनी हत्या जस्ता घटना बढ्दै छन् । सरकार र माओवादी दुवै पक्षबाट देशमा हत्या, हिंसा गरेका छन् । यस्ता समस्याका अतिरिक्त नेपाली जनताका आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक लगायतका विभिन्न क्षेत्रका अनेक जटिल समस्याहरू पनि छन् । ती समस्या समाधानको पक्षमा यस आयोगले जिम्मेवारीका साथ काम गर्नु पर्छ । "

## २. दुर्गा घिमिरे, अध्यक्ष, ए.बी.सी. नेपाल

"आयोगको समग्रमा अध्ययन गर्न पाएको छैन । प्रथम एकसय दिन पूरा गरिसक्दा मैले उहाँहरूलाई नै सोधेको थिएँ कि तपाईहरू नै इमान्दारितासाथ भन्नुहोस्, कति लक्ष्य पूरा गर्नु भयो ? त्यसमा उहाँहरूले खासै उपलब्धिको कुरा नगरेर सबै पक्षको सहयोग पाउन सकेका छौं, अहिलेलाई त्यसैलाई उपलब्धि मान्नुपर्छ भने भनाई देखिएको छ ।

मितेरी अस्पतालमा माओवादी भनिएका घाइतेहरूको उपचारमा प्रहरीले बाधा उत्पन्न गर्न खोज्दा आयोगले त्यसो नगर्न गरेको हस्तक्षेपको "रेस्पोन्स" प्रहरीबाट जसरी भयो, त्यसबाट मानव अधिकार आयोगको भूमिमा प्रहरीलाई थाहा नभएको पनि देखियो । आयोग गठन हुनु पूर्व आयोगको काम प्रति जुन अपेक्षा थियो, त्यस अनुसार काम भएको आभास हुन सकेको छैन । देशमा मानव अधिकारका विभिन्न क्षेत्रमा समस्याहरू छन् । महिलाहरूकै विषयमा पनि "राष्ट्रिय महिला महिला अधिकार आयोग" को विषय उठिरहेको छ । महिला विरोधी लगायतका संविधानसँग बाझिएका काननूहरूमा पनि आयोगले चासो राख्न सक्नु पर्थ्यो तर उहाँहरूले हामीलाई तपाईहरूले नै पहल गर्नुहोस् भन्ने कुरा गर्नु भएर हामीलाई त "डिप्रेशन" नै गर्नु भएको छ । हामी उहाँहरूबाट उत्साहित हुन सकेका छैनौं ।

संविधानसँग बाझिएका कानूनको संशोधन र खारेज गर्न, सबै नागरिकहरूबीच समानताका आधारमा कानून निर्माण गराउन पहल गर्ने, महिला तथा बालबालिकाहरूका हिंसा विरूद्ध आवाज उठाउने जस्ता कुराहरूमा ध्यान गएको छैन । उहाँहरू आफ्नो भूमिका प्रति मेलै नपाएर अल्मलिएको हो कि जस्तो देखिएको छ । सबै पक्षको सहयोग सहानुभूति हुनु भनेको सतही जवाफ हो । आयोगले धेरै गम्भीर भएर मानवअधिकार उल्लंघनका विरूद्ध र रक्षाको पक्षमा काम गर्नु पर्छ । देशमा पिछडिएका जातजाति, जनजाति, महिलाको पक्षमा विशेष भूमिका खेलेर उनीहरूलाई केही गरेको अनुभूति दिन सक्नु पर्छ ।"

## ३. डा.कृष्ण भट्टचन, समाजशास्त्री

ढिलै भए पनि मान अधिकार आयोग गठन हुनु राम्रो कामको शुरूवात हो । गठन भएपछि मानव अधिकार उल्लंघनका घटनामा आयोगको उपस्थिति महसुस भएको हो तर त्यो क्रमशः घट्दैछ कि जस्तो पनि छ ।

प्रहरीबाट पुनरावेदन अदालत बुटवलको आदेश पालना नभएको, काठमाडौं मितेरी अस्पतालमा प्रहरीले घाइतेहरूको उपचारमा बाधा पुऱ्याएको जस्ता घटनामा अयोगले गरेको हस्तक्षेपले मानव अधिकार उल्लंघन रोकथाममा सहयोग पुऱ्याएको छ । आयोग त्यस्ता अन्य कामहरू पनि गर्दैछ होला ।

संसारमा आदिवासी, जनजाति आदि अल्पसंख्यकहरूको "कलेक्टीव राइट" को कुरा उठेको छ । नेपालमा त्यो पनि छैन । पानी, जमिन, जंगल, खोला, चरिचरन आदिको अधिकारको सुरक्षा त के त्यस विषयमा कुरा पनि उठ्न सकेको छैन । यो अधिकारको कुरा गर्दा, लिम्बु जातिको "किपट" व्यवस्था प्रचलनको कुरा गर्न सकिन्छ । जनजातिको "कष्टमरी राइट"को कुरा छ । त्यस्तै "राइट टु डेभलपमेण्ट" को विषयमा सबैको ध्यान गएको पनि छ तर नगए बराबर नै छ । नवगठित मानव अधिकार आयोग यस दिशातर्फ उन्मुख हुन सक्छ कि सक्तैन ? स्पष्ट छ, सक्तैन । संविधान निर्माण गर्दा धर्म निरपेक्षको कुरा उठ्दा उठेदै "हिन्दुराज्य"को व्यवस्था भयो । राज्यले जनाएका कतिपय अन्तर्राष्ट्रिय प्रतिबद्धता वेवास्ता गर्दै सर्वोच्च अदालतले "मातृभाषा"को अधिकार प्रयोग माथि रोक लगायो । प्रजातन्त्र र मानव अधिकारको प्रमुख सवाल विविधताको संरक्षण गर्नु हो । हाम्रो देशमा संविधान, कानून,सरकार, राजनीतिक पार्टी र विभिन्न आयोगहरू(मानव अधिकार आयोग समेत) जाति, भाषा, धर्म, संस्कृतिका सम्बन्धमा स्पष्ट छैनन् । सबैको ध्यान हिंसामा गएको छ । हिंसा प्रत्यक्ष मानव अधिकारको उल्लंघन हो ।यस व्यक्ति प्रभावित भएको हुन्छ, त्यो व्यक्ति वा समुहबाट पनि हुन सक्छ तर सांस्कृतिक हिंसा झन खतरा हुन्छ । त्यसमा समूह, जातजातिहरू नै पीडित हुन्छन् । व्यक्तिगत हिंसा नियन्त्रण गर्न, सजायँ गर्न कानून छ तर अन्य हिंसा नियन्त्रण गर्ने कसरी ? नेपालमा भएका सांस्कृतिक हिंसाले कतिपय जातजातिको भाषा, धर्म र अस्तित्व नै लोप हुँदैछ । महिला, दलित आदिको समस्या छ ।

देशमा मानव अधिकारको सवालको अनगिन्ति समस्याहरू छन् तर जिरा जति पनि काम भएको छैन । यति छोटी समयमा धेरै अपेक्षा नगरौं तर हुने विरूवाको चिल्लोपात निस्कनु पर्नेमा आयोग संरचनागत त्रुटी र हिंसामा अल्मलिएको छ । आयोग शुरूदेखि नै विवादमा आएको छ । आयोग पनि नियम कानून अनुसार नै पारदर्शी र उत्तरदायी भएर चल्नुपर्छ । प्रजातन्त्र पुनर्स्थापनाका दश वर्ष विती सक्दा पनि सबैलाई समय थोरै भएकोले केही नभएको लागिरहेको छ । त्यसो भन्ने हो भने सुधार हुनकालागि भनेर मनपरी गरेर चल्न दिने ? तसर्थ कुनै पनि कुराको उपलब्धि व्यवहार र नियतले मात्र हुन्छ । यस आयोगाको संरचनागत लिमिटेशन, कमजोरी र बाध्यता भित्र पनि एक-दुई वटा काम जनताले महसुस गरेका छन् तर प्रत्यक्ष महसुस गर्ने काम गरेको भने देखिएको छैन ।

☝ हेर्नुहोस् "मानव अधिकार" राष्ट्रिय मानव अधिकार आयोगको त्रैमासिक प्रकाशन, पूर्णाङ्क १, २०५७ मंसिर ।

## ख) आयोग गठन पश्चात मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा आयोगद्वारा खेलिएको भूमिकाका सम्बन्धमा नागरिक समाजद्वारा यस्ता धारणाहरु व्यक्त भएका छन् :

### १. गौरी प्रधान, अध्यक्ष, सिवीन

कुनै पनि सरकार वा राज्यपक्ष मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय कानूनहरूप्रति साँचो अर्थमा प्रतिबद्ध छ कि छैन भन्ने विषय उसले सार्वजनिक गरेका घोषणाहरूमा मात्र नभएर उसका व्यवहारमा भर पर्दछ । सिद्धान्ततः भन्नुपर्दा सरकारका प्रतिबद्धताहरू राम्रा छन्, तर ती कुराहरूलाई व्यवहारमा कसरी तर ती कुराहरूलाई व्यवहारमा कसरी रूपान्तरण गर्ने भन्ने सन्दर्भमा थुप्रै चुनौतीहरू पनि छन् । साँचो कुरा भन्ने हो भने नेपालको सिंगो इतिहासमा राज्यद्वारा यति धेरै मानिसको हत्या कहिल्यै भएन, यति धेरै मानव अधिकारको उल्लंघन कहिल्यै भएन, यति धेरै बलात्कार, मानिसहरूको बेपत्ता र यातना पारिने अवस्था कहिल्यै भएन । वास्तवमा सरकारले यसरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनका निम्ति प्रतिवद्धताहरू जनाइरहँदा उसले विगतका गल्ती कमजोरीहरू र दुराशययुक्त कारवाहीहरूको सही मूल्यांकन र समीक्षा गर्नुपर्दछ । विगतको कुरा कोटयाउने हो भने सरकारले नागरिक समाज, मानव अधिकारसम्बन्धि संघसंस्थाहरूको अपिललाई मात्र नसुनेको होइन, बरू राष्ट्रिय मानव अधिकार आयोग र सम्मानित अदालतहरूको निर्देशनको अपहेलना पनि गरेको हो । के अब यस्तो कुरा नदोहोरिएला भनेर ढुक्क हुन सकिन्छ ? अहिले पनि सुरक्षाकर्मीद्वारा बेपत्ता पार्ने र त्यही क्रममा मार्ने शृङ्खला जारी छ । त्यसबारे सरकारले यथार्थ जानकारी जनतालाई दिन सकेको छैन ।

श्री ५ को सरकारले जारी गरेको मानव अधिकार सम्बन्धि प्रतिबद्धतालाई कसरी व्यवहारमा उतार्ने भन्ने कुरा त्यति सजिलो छैन । यसका निम्ति सुरक्षा निकायका मानिसहरूको सचेतना अभिवृद्धि, मानव अधिकार संस्कारको विकास, मानव अधिकार हनन्कर्ताहरूको दण्डहीनता समाप्त पार्ने र सुरक्षाकर्मीहरूको क्षमता अभिवृद्धि र उनीहरूको दृष्टिकोणहरूमा रूपान्तरण ल्याउन जरूरी छ । जहाँसम्म वर्तमान सशस्त्र संघर्षको दौरान युद्धरत पक्षले मानव अधिकारको दृष्टिकोणले निर्वाह गर्नुपर्ने भूमिका छ, त्यसबारेमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको मानव अधिकार सम्झौतामा दुवै पक्षले सहमति जनाउन जरूरी छ । जे होस् आगामी दिनमा मानव अधिकार सम्बन्धी यो प्रतिबद्धता सरकारको सत्तामा टिक्ने दाउ मात्र नभएर यर्थाथमा रूपान्तरण होस् शुभकामना ।

### २. सूर्य ढुङ्गेल, संविधानविद्

"...राष्ट्र संघीय मानव अधिकार र उच्चायोगको अनुगमन कार्यालय खोल्ने हालैको समझदारीले द्वन्द्वमा तेस्रो पक्षको प्रवेश भएको सङ्केत गर्दैन र ? नेपालमा राज्य र माओवादी दुवै पक्षबाट मानव अधिकार उल्लंघन हुन थाल्यो भन्ने सन्दर्भलाई लिएर अनुगमन विश्लेषण र अध्ययन गरेर मानव अधिकारको हनन्लाई कम गर्नका लागि दुवै पक्ष बीचको समझदारी भएको हो ।

**तर, एकथरी मानिसहरु यसलाई तेस्रो पक्ष प्रवेशको पहिलो चरणका रुपमा लिन्छन्  नि ?**

होइन, आरु यु. एन. एजेन्सी त यहाँ त्यसै पनि थिए, नि १ यतिमा नै फरक हो कि अहिले मानव अधिकार सम्बन्धी उच्चायोग नै यहाँ आउने भयो, सबैको चासोको विषय भएकाले । यसले मानव अधिकार प्रति भइरहेको ज्यादती रोक्न मद्दत गर्ने हो । तर, यो र **राष्ट्रिय मानव अधिकार आयोग**सँग सँगै जानु पर्छ । हाम्रो राष्ट्रिय संस्थालाई कमजोर बन्न दिनुहुँदैन । "

**"नेपाल राष्ट्रिय साप्ताहिक" अङ्क १३९, वैशाख ११, २०६२**

### ३. यातना पीडित सरोकार केन्द्र (CIVICT)

"मानव अधिकार आयोग ऐन २०५३ र यस अन्तर्गत २०५७ सालमा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले दण्ड प्रणालीमा संलग्न व्यक्तिहरूका अधिकारको संरक्षणलाई सुधार गर्नमा ठुलो सम्भावना बोकेको छ ।"
"नेपालको दण्ड प्रणाली परिवर्तनका विषयबस्तुहरू" यातना पिडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल २०५८ चैत्र (सन् २००१ जुन)

### ४. राघवराज रेग्मी, संस्थागत सुदृढीकरण विशेषज्ञ

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका पक्षमा विगत ५ वर्षमा आयोगले महत्वपूर्ण भूमिका निर्वाह मात्रै गरेन, यसले नेपालको मानव अधिकारको स्थितिबारे आमजनता तथा अन्तर्राष्ट्रिय क्षेत्रको पनि ध्यान आकर्षित गराउने काम पनि प्रभावकारी ढङ्गबाट गरेको छ ।

नेपालमा मानव अधिकारका क्षेत्रमा विभिन्न मानवअधिकारवादी संघ-संस्था नभएका होइनन्, तर विडम्वना के छ भने त्यस्ता संघ-संस्थामध्ये अधिकांशलाई निष्पक्ष नरहेको, कुनै एक राजनीतिक दलहरूसँग बढी गाँसिएको, दातृमुखी भएको तथा दातृ संस्थाहरूको इशारामा चलेको, मानव अधिकार हननका विषयमा सरकारी पक्षको मात्रै बढी आलोचना गर्ने गरेको आरोप लाग्ने गरेको छ । यस आरोप र चर्चा परिचर्चा भित्र राम्रा संस्थाहरूले पनि आफ्नो छवि जोगाउन कठिन प्रयास गर्नुपर्ने स्थिति छ । यस्तो अवस्थामा **"राष्ट्रिय मानव अधिकार आयोग"** को महत्व झन् बढी हुन जाने तथा आयोगले निष्पक्ष, सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्नु अनिवार्य नै हुन्छ । यसकालागि आयोग संरचनात्मक रूपले प्रतिनिधिमूलक र प्रभावशाली हुनुपर्छ र सबै विवादबाट मुक्त हुनुपर्छ । यसका साथै संस्थागत हिसाबले स्वतन्त्र र सक्षम तथा साधन स्रोतयुक्त हुनु त्यतिकै आवश्यक छ ।

**राघवराज रेग्मी**
**"आयोगमा संरचनात्मक परिवर्तन आवश्यक "**
नेपाल समाचार पत्र
२०६२, वैशाख १४ बुधवार

## ९.४ प्रमुख राजनैतिक दलहरूको दृष्टिमा आयोग✋

आयोगले एक सय दिन पूरा गरेको अवसरमा विभिन्न महानभावहरूद्वारा आयोगमा आयोजित कार्यक्रममा व्यक्त विचारहरू एवं विभिन्न अवसरमा आयोगको सम्वन्धमा प्रकट गरेका धारणलाई संक्षिप्त रूपमा देहाय बमोजिम चर्चा गरिएको छ ।

### १. माधव कुमार नेपाल, तत्कालीन विपक्षीदलका नेता तथा सिफारिस समितिका सदस्य

आयोग गठन सम्वन्धी सिफरिश समितिका सदस्य तथा तात्कालीन प्रतिनिधि सभामा प्रमुख प्रतिपक्ष दलका नेताका हैसियतले ने.क.पा एमाले महासचिव माधव नेपालले आयोगको पहिलो तीन महिनाको कार्यकालको मूल्याकन गर्दै आफनो धारण यसरी प्रस्तुत गर्नु भएको थियो ।

" नवगठित मानव अधिकार आयोगले शुरूदेखि नै हाम्रो देशमा मानव अधिकारको स्थितिको बारेमा जसरी चासो राखेको छ , त्यसका पदाधिकारीहरूको सक्रियता जुन रूपमा देखा परेको छ, त्यो सन्तोषजनक छ भन्ने मलाई लागेको छ । मुलुकमा मानव अधिकारको स्थिति राम्रो छैन । मानव अधिकारको सन्दर्भमा जनतालाई शिक्षित गर्नु आवश्यक छ । सरकार र सरकारका विभिन्न अंगहरूलाई पनि त्यस बारेमा सचेत गराउनु पर्ने, सतर्क बनाउनु पर्ने आवश्यकता छ । यी सबै कुराहरूको परिप्रेक्ष्यमा मानअधिकार आयोगको जिम्मेवारी बढी छ । यसको निम्ति कसरी अघि बढ्दाखेरी यसले आफ्नो जिम्मेवारी राम्ररी पूरा गर्न सक्दछ भन्ने बारेमा गम्भीरतामा साथ पक्कै पनि सोचेको हुनुपर्छ । मानव अधिकार आयोगको काम सजिलो छैन । नयाँ गठन भएको छ यो आयोग, नयाँ अनुभव छ । प्रायः यस्ता संस्थाहरूमा काम गर्दा जस कम अपजस ज्यादा हुन्छ । यसका बाबजुद पनि यसले आफ्नो जिम्मेवारी पूरा गर्नकालागि जुन हिसाबबाट अगाडि बढ्न खोजिरहेका छ, त्यो उपयुक्त नै छ । "

### २. नरहरि आचार्य, नेपाली कांग्रेसका नेता

" राष्ट्रिय मानव अधिकार आयोगले गठन पहिलो तीन महिना पार गरेको छ । यस अवधिमा पहिलो पटक संगठित संस्था भएका कारण भौतिक पूर्वाधार र अन्य कार्यालय सम्बन्धी व्यवस्थापनलाई तयार गर्न समय व्यतित गर्नु परेको छ । नयाँ संस्था भएकाले अन्य राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय सहज हुन बाँकी छ । यो संस्था मात्र नयाँ होइन, यसको भूमिका र दायित्व पनि जुन छ, त्यसकारण पनि यो नयाँ संस्कारको थालनीको संस्थालाई प्रारम्भमा काम गर्न धेरै कठिनाइ हुने म ठान्छु ।

२०४६ सालको जनआन्दोलन पछि पुनःस्थापना भएको प्रजातन्त्र र नयाँ संविधान निर्माण भएको दश वर्ष पूरा भएको छ । यस अवधिमा अन्य धेरै नयाँ कुरा पूरा भए तर अझै राम्रो कुरा स्थापित हुन भने सकेको छैन । मुलुकमा यस बीचमा धेरै नै प्रजातान्त्रिक संस्थाहरू त बने तर सँस्कार निर्माण अझै हुन सकेको छैन । त्यसैले मानव अधिकार उल्लंघन हुने संभावना रहन्छ र भइरहेकै पनि छ । लामो प्रजातान्त्रिक परम्परा भएका मुलुकमा पनि मानव अधिकार उल्लंघनका घटनाहरू हुने गर्छन् । हाम्रो जस्तो देशमा त अज्ञानता र अनभ्यासले गर्दा पनि मानव अधिकार उल्लंघन हुन सक्छ र भइरहेकै छ । त्यसकालागि सतर्कताका साथ अवलोकन गरेर सच्याउन सरकार नियन्त्रित संस्था, गैरसरकारी संस्था र राजनीतिक दलहरू सबैलाई मानव अधिकारप्रति सर्तक भएर व्यवहारिक हुन प्रेरणा दिन, सचेत बनाउन र सर्तक गराउन पनि मानव अधिकार आयोगले आफ्नो कामलाई जिम्मेदारीपूर्वक पूरा गर्नु पर्छ । यस आयोगमा प्रथम पटक रहनु भएका अध्यक्ष, सदस्य र आयोग परिवारका सबै सदस्यहरू जिम्मेदारीपूर्ण रूपले जागरूक हुनुहुन्छ ।

आयोग गठन भएको यस अवधिमा जे जति कामहरू भए ती सबैको दुरूस्त अभिलेख त मसँग छैन । मलाई लाग्छ, आयोगले आफ्नो जिम्मेवारी राम्रोसँग प्रारम्भ गर्दैछ । अनेक कठिनाइका बीच आयोगले भूमिका, सीमा र दायित्व निर्धारण गर्न अनुभवको प्रयोग गर्दैछ । आयोगको भूमिका प्रति म उत्साहित र सकारात्मक छु । "

✋ हेर्नुहोस् "मानव अधिकार" राष्ट्रिय मानव अधिकार आयोगको त्रैमासिक प्रकाशन, पूर्णाङ्क १, २०५७ मंसिर ।

## ९.५ संचारजगतको दृष्टिमा आयोग

नेपाल अधिराज्यको संविधान, २०४७ ले आधारभूत मानव अधिकारको प्रत्याभूति गर्दै सूचनाको हकको स्पष्ट व्यवस्था भइसकेपछि आम संचार माध्यमको महत्वपूर्ण विकास भएको छ । छोटो अवधिमै निजी क्षेत्रका टि.भी च्यानलहरू, एफ. एम. प्रशारण, छापा, पत्रकारिता जस्ता आम संचारका साधनहरू विकास भई विस्वसनीयढंगले नेपालको संचार क्षेत्रको विकासमा योगदान पुऱ्याउदै आएका छन् । आयोग गठनकोलागि सदनमा उठेका

आवाजहरूलाई प्रशारण गर्ने कुरा हुन् अथवा आयोग गठनकालागि मानव अधिकारवादी संघसंस्थाहरूले संचालन गरेका दवावमूलक कार्यक्रमको प्रसारण हुन्, यस्ता सवै सूचना तथा जानकारीलाई नेपाली जनता समक्ष पुऱ्याउन संचार जगतले महत्वपूर्ण भूमिका खेलेका छन् । आयोग स्थापनाा भइसकेपछि आयोगको निमन्त्रणामा विभिन्न कार्यक्रममा सहभागी भएर एवं आयोगद्वारा जारी भएका प्रेस विज्ञप्तिलाई प्रशारण तथा प्रकाशन गरी आयोगको धारणालाई सर्वसाधारण जनतासम्म सुसूचित गर्ने कार्यमा आम संचार माध्यमबाट प्रशंसनीय भूमिका निर्वाह भएको छ । यद्यपि आयोगका सम्वन्धमा विभिन्न विवादस्पद समाचारहरू संचार माध्यममा नआएका भने होइनन् ।

आयोगले संचार माध्यमबाट राज्यका चौथो अङ्गको रूपमा खेलिएको भूमिकालाई सकारात्मक रूपमा ग्रहण गर्दै आएको छ । आयोगद्वारा मानव अधिकार संरक्षण र सम्वर्द्धनकालागि गरिएका महत्वपूर्ण क्रियाकलापहरूलाई संचार माध्यमले महत्वपूर्ण स्थान दिदै आएका छन् । आयोगका कमी कमजोरीका सम्वन्धमा समेत संचार माध्यमबाट समेत निर्भिक रूपमा प्रकाश पारिनाले आयोगलाई आफनो कार्यसम्पादनमा सुधार गर्दै लैजान मार्ग निर्देशन मिलेको छ । संकटकालको अवधिमा आयोगले गरेका मानव अधिकार अनुगमन, राज्य तथा माओवादी पक्षद्वारा युद्ध विरामको समयमा घटाएका घटनाको सम्वन्धमा भएका छानवीन र अनुसन्धान, शान्ति प्रक्रियामा मानव अधिकारको सवाललाई सम्वोधन गर्न आयोगद्वारा प्रस्तुत गरिएका मस्यौदा जस्ता सम्वन्धमा  आम संचारका माध्यमहरूबाट प्रकाशित केही महत्वपूर्ण समाचारको झलक देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**मानव अधिकार सम्झौतामा हस्ताक्षर गर**

राष्ट्रिय मानव अधिकार आयोगले मस्यौदा गरी राज्य र विद्रोही पक्ष समक्ष हस्ताक्षरकोलागि प्रेषित गरेको मानव अधिकार सम्झौता एक वर्ष देखि अलपत्र अवस्थामा रहेको छ । सरकार र माओवादी दुवै नागरिकको न्यूनतम अधिकारप्रति संवेदनशील छैनन् भन्ने यो एउटा ज्वलन्त उदाहरण हो ।

सरकारले नागरिकको मानव अधिकारको रक्षा गर्न सबभन्दा बढी जिम्मेवारी निर्वाह गर्नु पर्छ । तर २०६१ सालको प्रारम्भ मै गठन भएको देउवा सरकारले शान्तिवार्ता प्रति ओठेभक्ति जनाउँदै आएको भएतापनि मानव अधिकार सम्झौतामा हस्ताक्षर गर्नु आवश्यक ठानेन । यदि सरकारले हस्ताक्षर गरेको भए यसमा माओवादी बाध्य हुन पनि सक्थ्यो । जसले दैनिक मानव अधिकार उल्लंघन र हिंसाको आकारलाई कम गर्न धेरै हद सम्म सहयोग पुग्न सक्थ्यो । तर दुःखको कुरा सरकारले यस ढंगले प्रस्तुत नभई शन्तिवार्ता र राजनीतिक निकासको सस्तो गीत मात्रै गाउँदै समय गुजार्ने काम गऱ्यो । यो सरकार प्रतिको नकारात्मक आलोचना होइन, तथ्यमा आधारित सही मूल्यांकन हो । ”

**बुधबार साप्ताहिक** २०६१।१०।१३
सम्पादकीय

**सार्वजनिक महत्वका क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्न सुझाव**

” राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरेको दुई दिने मानव अधिकार तथा शन्ति सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनले मुलुकमा शन्ति प्रक्रियालाई गति प्रदान गर्न आयोगद्वारा प्रस्तावित मानव अधिकार सम्बन्धी सम्झौतापत्रमा अविलम्व हस्ताक्षर गर्न सरकार र विद्धोही ने.क.पा. (माओवादी) लाई आह्वान गरेको छ ।

सम्मेलनले विद्यालय, अस्पताल, उद्योग, अन्य कलकारखाना, धार्मिक स्थल, राजमार्गहरू जस्ता सार्वजनिक महत्वका क्षेत्रहरूलाई स्पष्ट रूपमा शान्ति क्षेत्रका रूपमा उल्लेख गर्न समेत सरकार र माओवादी दुवै पक्षलाई सुझाव दिएको थियो । त्यसै गरी मानव अधिकार रक्षकको कामको महत्वलाई सम्मान गर्दै उनीहरूको दायित्व निर्वाह गर्ने, सुरक्षा तथा निर्वाह आगमनको सुनिश्चितता हुनु पर्ने कुरामा समेत दुवै पक्ष स्पष्ट हुनु पर्ने सुझाव समेत प्रदान गरिएको थियो ।

सम्मेलनले माओवादीलाई हत्या, अपहरण, वेपत्ता, जवरजस्ती चन्दा सङ्कलन गर्ने एवं यातना दिने लगायतका र सरकारलाई गैरन्यायिक हत्या, वेपत्ता पार्ने र यातना दिनेजस्ता मानव अधिकार विरोधी कार्यहरू तत्काल बन्द गर्न आह्वान गरेको थियो । त्यसै गरी सम्मेलनले मानव अधिकारका क्षेत्रमा कार्यरत सङ्घ, संस्थालाई शान्ति स्थापनाको प्रक्रियाको सन्दर्भमा मानव अधिकारवादीहरूले अभियन्ताको भूमिका निर्वाह गर्नु पर्ने र विनापूर्वाग्रह मानव अधिकारको संरक्षणमा प्रयासरत रहनु पर्ने सुझाव दिएको थियो । त्यसैगरी सो सम्मेलनले मुलुकमा शान्ति वहालीकालागि श्री ५ को सरकार, द्वन्द्वरत ने.क.पा. (माओवादी) र मानव अधिकार क्षेत्रमा कार्यरत सङ्घ, संस्थाहरू विभिन्न सुझाव दिएको थियो । सम्मेलनले संविधान, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू, अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा कम्भेन्सन) र २०६० चैत १३ गते सरकारबाट जारी प्रतिवद्धता लगायत प्रचलित नेपाल कानूनको पूर्ण पालनमा जोड दिएको थियो । ”

२०६१।१०।२७ - **कान्तिपुर राष्ट्रिय दैनिक**

**”युद्धको व्याकरण मानव अधिकार सम्झौतामा हस्ताक्षर”**

शाही घोषणमा मानव अधिकारको सम्मान र संरक्षणमा राज्यका सवै अंग विशेष रूपमा सतर्क र सजग रहनु पर्दछ ।

"राष्ट्रिय मानव अधिकार आयोगले प्रस्तुत गरेको मानव अधिकार सम्झौता यस्तो संयन्त्र हुन सक्छ जसले युद्धलाई रोक्न नसके पनि युद्धबाट हुने क्षतिबाट निर्दोष नागरिकलाई जोगाउन सक्छ । अतः एवं दुवै पक्षले मानव अधिकार सम्झौतामा हस्ताक्षर गरी नागरिक समाजलाई आवश्स्त तुल्याउनु पर्छ । "

**शैलेन्द्र कुमार उपाध्याय**
**अन्नपूर्ण पोष्ट** राष्ट्रिय दैनिक
२०६१।१०।१९

**"क्रान्तिकारीका के.सी. सैनिक हिरासत मै : आयोग "**
राष्ट्रिय मानव अधिकार आयोगले अखिल (क्रान्तिकारी) का पूर्व उपाध्यक्ष कृष्ण के सी सैनिक हिरासतमा रहेको ठहर गर्दै उनलाई तत्काल कानूनी प्रक्रियामा लैजान सरकारलाई सिफारिस गरेको छ । "लामो समयसम्म गैर कानूनी थुनामा राख्ने जिम्मेबार अधिकारीको पहिचान गरी कारवाही गर्न र के.सी.लाई अविलम्व कानूनी प्रक्रियामा लैजान सरकारलाई सिफारिस गरी पठाउने" भन्ने आयोगको विज्ञप्तिमा उल्लेख छ ।

**कान्तिपुर राष्ट्रिय दैनिक**
२०६१।१०। १८

यस प्रकार मानव अधिकार सम्झौता, मानव अधिकार तथा मानवीय कानूनको सम्मान एवं परिपालनकोलागि आयोगद्वारा अघि सारिएका न्यूनतम पाइलाहरू एवं सरकार तथा विद्रोही पक्षद्वारा भएका मानव अधिकार उल्लघंन तथा ज्यादतीका घटनाका सम्वन्धमा आयोगद्वारा गरिएको ध्यानाकर्षण जस्ता विषयहरूलाई  आम संचारका माध्यमहरूले प्रमुखताका साथ स्थान दिएको पाइन्छ ।

## ९.६ संयुक्त राष्ट्र संघ लगायतका निकायको दृष्टिमा आयोग

मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त आयोगद्वारा संचालित क्रियाकलापका सम्वन्धमा संयुक्त राष्ट्र संघ एवं यस अन्तर्गतका विभिन्न निकायहरुद्वारा समय समयमा सरोकार व्यक्त गरिँदै आएको छ । यसरी आयोगका सम्वन्धमा संयक्त राष्ट्र संघ लगायतका निकायहरुबाट व्यक्त गरिएका केही धारणाहरुलाई  निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. संयुक्त राष्ट्र संघका महासचिव महामहिम श्री कोफी अन्नानका प्रवक्ताको वक्तव्य

डिसेम्वर २००४ मा संयुक्त राष्ट्र संघका महासचिवका प्रवक्ताले वक्तव्य जारी गर्दै नेपालमा बढी रहेको संघर्ष र त्यसबाट निरन्तर रुपमा गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरु बढी रहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै द्वन्द्वले प्रजातन्त्र र मानव अधिकारलाई आघात पार्नुका साथै विकास कार्यमा समेत अवरोध पुऱ्याएको तथ्य औंल्याउनु भएको थियो । त्यसैगरी मानव अधिकार कर्मीहरुको सुरक्षामा खतरा भई रहेको अवस्था प्रति ध्यानाकर्षण गर्दै **राष्ट्रिय मानव अधिकार आयोग** लगायत सम्पूर्ण मानव अधिकारकर्मीहरुलाई आफ्नो कार्य निर्वाधरुपमा सञ्चालन गर्ने वातावरणको प्रतयाभूति गर्न अनुरोध गर्दै श्री ५ को सरकार तथा मानव अधिकार उच्चायुक्तको कार्यालयकोबीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न हुनु सुखद कदम हो भन्ने धारणा राख्दै सरकार तथा माओवादीलाई सबै राजनैतिक तथा नागरिक शक्तिको सहभागितामा वार्ताको पहल गर्न अनुरोध गर्दै आफ्ना तर्फबाट यस्तो पहललाई हरतरहले सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त  भएको थियो । (अनौपचारिक रुपान्तरण)

स्रोतः December 2004: Statement attributable to the spokesman for the secretary -General, New York 23 December 2002 .

### २. लुइस आर्बर, मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त, जेनेभा

नेपाल र मानव अधिकार सम्झौता सम्बन्धमा आफ्नो मन्तव्य दिने क्रममा र **मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त** महामहिम श्री  लुइस आर्वर :

" छोटो समयमै संवैधानिक निकायको रूपमा मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने आफ्नो अनुपम भूमिकालाई वृद्धि गर्न आयोग सफल भएको छ । आयोगको यो अनुकरणीय भूमिकाको निरन्तरताकालागि सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यक छ । नेपालमा रहेको निरन्तर गहिरिदो द्वन्द्वबाट संकटमा परेको मानव अधिकारलाई संबोधन गर्ने प्रमुख निकायका रूपमा आयोगलाई अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएको छ ।"

" यस्ता मानवता विरूद्ध हुने अपराध रोक्ने एक महत्वपूर्ण कदमका रूपमा राष्ट्रिय मानव अधिकार आयोगले तयार गरेको **मानव अधिकार सम्झौता** हो । यसकालागि म आयोगको प्रशंसा समेत गर्न चाहन्छु । यो सम्झौताको मुख्य कुरा नै नेपालको सशस्त्र द्वन्द्वबाट प्रभावित निर्दोष नागरिकको पहिचान गर्नु हो । " आजसम्म आयोगले आफ्नो कार्य प्रभावकारी रूपमा सम्पादन गर्न आवश्यक सहयोग सम्बद्ध पक्षबाट पाउन सकेको छैन । बन्दीगृह वा बन्दीहरू राखिएका हरेक स्थानमा विना पूर्व जानकारी र विना अवरोध निरीक्षण र अनुगमन गर्न पाउने अधिकार नपाएको सन्र्दभमा यो सत्य सावित भएको छ । विश्वमा हाम्रा कार्यालयले गरेको अनुभवले के देखाएको छ भने मानव अधिकार अनुगमनले मानव अधिकारको दुरूपयोग रोक्न सहयोग पुऱ्याउँदछ । यदि आयोगलाई विना अवरोध बन्दीगृह र ब्यारेकमा मानव अधिकार अनुगमनकालागि जान दिएको भए मानव अधिकारको अवस्थामा महत्वपूर्ण सुधार आउने थियो भन्नेमा सन्देह छैन । खास गरी बेपत्ता पार्ने, पक्राउ गर्ने, गैर कानूनी थुनामा राख्ने, यातना दिने र अन्य खाले गम्भीर मानव अधिकारको दुरूपयोग रोक्न यसले महत्वपूर्ण सहयोग गर्ने थियो । "

**कान्तिपुर राष्ट्रिय दैनिक**
मंगलबार १२ माघ , २०६१

## ९.७ विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाको दृष्टिमा आयोग

आयोग स्थापना पश्चात नै मानव अधिकारको क्षेत्रमा कार्यरत विदेशी संघ संस्थाहरूले आयोगको क्रियाकलापका सम्वन्धमा आफ्ना धारणाहरू अगाडि सार्दै आएका छन् । आयोगद्वारा गरिएका मानव अधकिार अनुगमन तथा अनुसन्धान कार्यको सराहना गर्दे आयोगलाई वलियो बनाउन सरकारलाई सिफारिस समेत गर्ने गरेका छन् । विदेशी संघसंसस्थाबाट व्यक्त गरिने धारणाहरूबाट आयोगलाई अझ सक्रिय भई मानव अधिकार सम्वन्धी दायित्व निर्वाह गर्न हौसला प्राप्त हुनका साथै आफ्ना कमीकमजोरीहरु सुधार गर्ने अवसर समेत प्राप्त हुदै आएको छ । यसै सन्दर्भमा आयोगका सम्वन्धमा विभिन्न विदेशी संघसंस्थाबाट व्यक्त केही धारणाहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

### १. एम्नेष्टी इन्टरनेशनल

एम्नेष्टीको 'नेपालः दण्डहीनताका साथ हत्या' नामक प्रतिवेदनले २०६० साल भदौमा युद्ध विराम भङ्ग भय यता युद्धरत दुवै पक्षबाट गैर न्यायिक तवरले मारिएका व्यक्तिहरूको बारेमा उल्लेख गर्दै मानव अधिकारको अवस्था नाटकीय ढङ्गबाट संकटमा परेको उल्लेख गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोगद्वारा मस्यौदा गरी दुवै पक्षलाई हस्ताक्षरकोलागि पठाएको मानव अधिकार सम्झौताको सम्बन्धमा समेत चर्चा गर्दै प्रतिवेदनमा भनिएको छ - "एमनेष्टी इन्टरनेशनल दुवै पक्षसँग उक्त सम्झौता (मानव अधिकार सम्झौता) मा हस्ताक्षर गरी नेपालमा मानव अधिकार संरक्षणकोलागि एक महत्वपूर्ण कदम चाल्न आग्रह गर्दछ ।"

### २. इन्टरनेशनल कमिशन अफ जुरिष्ट (आई.सि.जे.)

आई.सि.जे ले २००३ फ्रेवुअरी ३ मा एउटा जाँचबुझ मिशन पठाई वरिष्ठ राजनैतिक दलका नेताहरू प्रधानमन्त्री, गृहमन्त्री, सेना तथा प्रहरीका वरिष्ठ पदाधिकारीहरू, राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरू, नेपालबाट एसोसियशनका अधिकृतहरू, कुटनैतिक नियोग अधिकारीहरू, गैर-सरकारी सङ्गठन लगायत मानव अधिकार हननका पीडितहरूसँग समेत भेट गरेको थियो । आयोगको बारेमा समेत उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ :-[१४]

यस मिशनले सरकार तथा सहयोगी निकाय तथा एजेन्सीहरूलाई ३८ वुँदे सिफारिश जारी गरेको थियो आयोगसँग भएको भेटघाटको समीक्षा गर्दै मिशनले प्रतिवेदनमा उल्लेख गरेको थियो । त्यसैगरी आयोगलाई क्षमता सम्पन्न वनाउनकोलागि उक्त संस्थाद्वारा सिफरिसमा समेत गरिएको थियो ।

"The mission met with the National Human Rights Commission (NHRC). The members explained that they were inadequately financed. They have made a positive contribution in disseminating general information about human rights but their representation to the Government seem to be largely ignored. The NHRC did not convey the impression of acting vigorously in case brought to its attention. Indeed, as we subsequently discovered the vast majority of complains received are not acted upon at all the mission also has services concerns as to whether the NHRC fully independent. In its entirely unsatisfactory investigation of the motorist case involving the rape of two girls in Nepalgunj by Army officers, the NHRC seemed to accept at face value the Army's version of events in the face of convincing evidence contradicting that accut."

Recommendation 19 238. The NHRC Should be reformed upgraded and expanded to include regusentative from a broad cross section of the community including more regusentatives of human rights NGOs and other independent bodies. It should be provided with enhanced resources commensurate with the magnitude of its mandate as the primary official organ protecting and promoting human rights. The NHRC should be granted power to enable it to compel testimony and unless there are compelling counter indications, it should publish its findings pursuant to its investigations. In monitoring the human rights situation pursuant to any agreement reached between the Government and Maoists it should seek to work in conjunction with international of the UN High Commissioner for Human Rights

242. The NHRC should be given the resource and the power to investigate abuses by Army.

यसरी आई.सि.जे.ले राष्ट्रिय मानव अधिकार आयोगलाई स्वतन्त्र रूपमा काम गरिरहन दिन एवं पूर्ण सहयोग पुऱ्याउने सम्बन्धमा अनुरोध गर्नुका साथै मानव अधिकार सम्झौतामा हस्ताक्षर गरी लागू गर्न समेत सुझाब दिएको छ । सरकारलाई जबरजस्ती बेपत्ता सम्बन्धी सबै मुद्दाहरू टुङ्गयाउन एवं राष्ट्रिय मानव अधिकार आयोग तथा रेडकसको अन्तर्राष्ट्रिय समितिलाई थुनुवा केन्द्र भ्रमण गर्न दिनकोलागि समेत अनुरोध गरेको थियो । त्यसै गरी ने.क.पा (माओवादी) समेतलाई आयोगलाई पूर्ण सहयोग गर्न एवं मानव अधिकार सम्झौतामा हस्ताक्षर गरी लागू गर्न समेत अनुरोध गरेको थियो ।

### ३. ट्रोयका ( TROIKA)

त्यसै गरी युरोपियन युनियनद्वारा नेपालको मानव अधिकार अवस्थाको अध्ययन गर्न आएको ट्रोयका (TROIKA) टोलीले समेत आयोगका प्रयासको सराहना गर्दै आयोगलाई निर्वाध रूपमा थुनुवा केन्द्रको अनुगमन गर्न दिइनुपर्ने सिफारिस समेत गरेको थियो ।

---

[१४] National institutions that address human rights concerns are weak and ineffective. The National Human Rights Commission appears unable as unwilling to look in to the vast majority of cases it receive and may not be fully independent Human Rights cells recently established in the Army , Armed Police Forces and Police have thus for been wealthy ineffective and their establishment appears to be a mere cosmetic gesture "

**Major Recommendations of TROIKA**

- The EU expresses its full support to the efforts of the National Human Rights Commission (NHRC) and the human rights movement in Nepal, and emphasizes that intimidation and harassment of human rights defenders are absolutely unacceptable. The EU draws attention to the importance it attaches to ensuring the safety and protection of human rights defenders in Nepal.
- The EU attaches importance to the continued independence, effectiveness and legitimacy of the NHRC.
- The EU welcomes the recent signing of a Memorandum of Understanding between HMG/N and the United Nations Office of the High Commissioner for Human Rights. The EU wishes to emphasise that urgent, targeted and concrete measures are needed to address a systemic culture of impunity and to implement the Government's Human Rights Commitments of 26 March 2004. The National Human Rights Commission (NHRC) must be given free and unhindered access to all places of detention without the need for prior notice.

यसरी विभिन्न समयमा नेपालको मानव अधिकार अवस्थामा चासो देखाई मानव अधिकार क्षेत्रमा कार्यरत विभिन्न अन्तराष्ट्रिय संघसंस्थाहरूबाट अध्ययन, अनुगमन, ध्यानाकर्षण एवं प्रतिवेदन समेत प्रकाशित गरी आयोगमा बारेमा चर्चा गरेको छन् ।

४. एम्नेष्टी ईन्टरनेशनलका एशिया प्रशान्त निर्देशक Ingrid Massage ले ने.क.पा. (माओवादी) का अध्यक्ष प्रचन्डलाई एक पत्र लेखी मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न अनुरोध गर्दै हत्या, अपहरण, यातना लगायतका क्रियाकलापहरु बन्द गरी वार्ताको माध्यद्वारा समस्या समाधान गर्न अग्रह गर्नु भएको थियो । उहाँले आयोगद्वारा तयार पारिएको मानव अधिकार संझौता पत्रमा हस्ताक्षर गर्न समेत द्वन्द्वरत दुवैपक्षलाई अनुरोध गर्नुका साथै आयोगलाई निर्वाध रुपमा थुनुवा केन्द्रको निरीक्षण अवलोकन गर्न दिन सरकारलाई अनुरोध समेत गर्नु भएको थियो ।

यसरी विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट नेपालको मानव अधिकारको अवस्था प्रति चासो व्यक्त गर्नुका साथै राष्ट्रिय मानव अधिकार आयोगद्वारा समय समयमा गरिएका मानव अधिकार उल्लंघनका घटनाको अनुगमन तथा अनुसन्धान कार्यको सराहना गर्दै आएका छन् । ह्युमन राइट्स वाच, एशियन ह्युमन राइट्स कमिशन, इन्टरनेशनल क्राइसिस ग्रुप लगायतका मानव अधिकार सम्वन्धी संघसंथाहरुद्वारा नेपालको मानव अधिकारको अवस्था सम्वन्धमा प्रकाशित गरिएका प्रतिवेदनहरुमा यस आयोगका क्रियाकलापको वारेमा समेत उल्लेख गर्दै आएका छन् ।

## ९.८ आफ्नै दृष्टिमा आयोग

आयोग गठन पश्चात तत्कालीन रूपमा आपूर्ति मन्त्रालयका सीमित कोठाहरू, केही फर्निचर एवं औंलामा गन्न सकिने कर्मचारीहरूको टिमबाट कार्य प्रारम्भ गरेको आयोगको मानव अधिकार संरक्षण र संवर्द्धन अन्तर्गतको क्रियाकलापहरू सहितको यात्रा पाँचौ वर्षमा आई पुग्दा आयोगको भौतिक अवस्थामा उत्साहवर्धक सुधार हुनुका साथै मानव संसाधनमा समेत उल्लेखनीय बृद्धि हुन सकेको छ । त्यसैगरी राजधानीको एउटा केन्द्रमा रहेर देशका विकट भौगोलिक अवस्थामा कारणले सर्वसाधरणहरूको सीमित पहुँच रहन पुगेकोमा आयोगको पहुँच विस्तार कार्यक्रम अन्तर्गत मध्यपश्चिमाञ्चलको नेपालगञ्ज, पूर्वाञ्चलको विराटनगर तथा पश्चिमाञ्चलको पोखरामा क्षेत्रीय कर्यालय स्थापना भई सकेको एवं अन्य क्षेत्रहरूमा क्षेत्रीय कार्यालय स्थापना हुने क्रममा रहेको अवस्थामा निश्चय नै आयोगको पहुँच तल्लो तह सम्म पुग्नमा सहायता पुग्ने देखिन्छ । कुनै पनि संस्थाको उद्देश्य प्राप्तिमा त्यस संस्थामा कार्यरत मानव संसाधनको योग्यता, क्षमता, मनोबल, टिम भावना जस्ता विभिन्न तत्वहरूले प्रमुख भूमिका खेल्ने कुरालाई नर्कान सकिदैन । त्यसै गरी मानव अधिकारको संरक्षण र संवर्द्धनको उद्देश्य बोकेको संस्थामा कर्मचारीहरूको उच्च अठोट, दृढ मनोबल र कार्यप्रतिको ईमान्दारीले नै त्यस्ता संस्थाहरूको उद्देश्य प्राप्तिमा निर्णायक भूमिका खेलेको हुन्छ । यसै तथ्यलाई मध्येनजर गरेर आयोगका पाँच वर्षका क्रियाकलापका सम्बन्धमा मूल्याङ्कन गर्ने क्रममा आयोगमा कार्यरत कर्मचारीहरूको अनुभव र अनुभूतिहरूको जानकारी हासिल गर्ने उद्देश्यले आयोगका गतिविधिका सम्बन्धमा सर्वेक्षण प्रश्नावली तयार गरी कर्मचारीबीच वितरण गरिएको थियो ।

आयोगका कर्मचारीहरूकोलागि तयार गरिएको प्रश्नहरू बहुउत्तर प्रणालीको नभई विषयगत प्रणालीमा आधारित प्रश्न भएता पनि समग्र मूल्याङ्कन आउन सकोस् भन्ने उद्देश्यले आयोगमा काम गर्ने कर्मचारीले कस्तो अनुभूति गरिरहेका छन्, आयोगका उपलब्धिका तथा चुनौती सम्बन्धमा कस्तो धारण राख्दछन्, आयोगमा आन्तरिक रूपमा सूचना प्रणली तथा कर्मचारीको मनोवल उच्च राख्न आयोगद्वारा चालिनु पर्ने कदमका सम्बन्धमा सुझावहरू प्राप्त गर्ने उद्देश्यले प्रश्नावली निर्माण एवं परिमार्जन गरी अन्तिम रूप दिइएको थियो । आयोगको गतिविधिका सम्बन्धमा तयार गरी आयोगका कर्मचारीहरूलाई वितरण गरिएको सर्वेक्षणमा ५० जना कर्मचारीहरूले प्रश्नावली भरी आफ्ना भनाई राखेका थिए । प्रश्नावलीका सम्बन्धमा प्राप्त निष्कर्षहरूलाई देहाय बमोजीम चर्चा गरिएको छ -

(क) आयोगमा कार्यरत कर्मचारीहरूलाई आयोगमा काम गर्दा कस्तो महसुस भईरहेको छ भन्ने सम्बन्धमा राखिएको प्रश्नमा अधिकांश कर्मचारीलाई आयोगमा काम गर्न पाउकोमा गौरब महसुस गर्नुका साथै खुशी समेत व्यक्त गरेका थिए । कतिपय कर्मचारीहरू आयोगमा काम गर्दा राम्रो महसुस गर्नुका साथै चुनौती र कमी कमजोरी प्रति पनि सजग रहेका देखिन्छन् । समग्रमा आयोगका कर्मचारीहरूको आयोगमा काम गर्दाको सकारात्मक अनुभूति देखिएको छ । कतिपय कर्मचारीहरूले त दृढ कटिबद्धता समेत व्यक्त गरेका छन् । उदहारणकालागि प्रश्नावलीमा जवाफ दिने क्रममा एक जना सहभागीको जवाफ यस्तो पाईयो-''**आयोगमा काम गर्दा मलाई गर्व महसुस हुन्छ किनकी म नेपाली जनताको मानव अधिकार रक्षाको निम्ति काम गर्ने एक सिपाही हुँ** ।''

(ख) आयोगका क्रियाकलापहरूका सम्बन्धमा कर्मचारीहरूको दृष्टिमा आयोगका प्रमुख उपलब्धिहरू के हुन् भन्ने प्रश्नको जवाफमा अधिकांश कर्मचारीहरूले आयोगले मानव अधिकार संरक्षण र सम्बर्द्धन कार्य, विस्तार अन्तर्गत क्षेत्रीय कार्यालयको स्थापना र समग्र मानव अधिकार स्थितिको अनुगमनलाई प्रमुख उपलब्धिका रूपमा लिएको पाइयो ।

(ग) आयोगका कर्मचारीहरूको दृष्टिमा आयोगले सामना गरी रहेका प्रमुख चुनौतीका सम्बन्धमा राखिएको प्रश्नको जवाफ दिने क्रममा अधिकांश कर्मचारीहरुले आयोगलाई सरकारबाट आवश्यक सहयोग हुन नसक्नु र आयोगका कर्मचारीको क्षमता विकास हुन नसकेको भन्ने धारणा राखेका थिए । केही कर्मचारीहरूले यस सम्बन्धमा आफूलाई थाहा नभएको भन्ने उल्लेख गरेका थिए । यस प्रश्नको उत्तर दिने क्रममा आयोगको सचिवालय बलियो हुन नसकेको एवं स्वदेशी तथा विदेशी परामर्शदाताको बढ्दो प्रभावका कारण आयोगका कार्यहरू सशक्त हुन नसकेको भन्ने समेत केही कर्मचारीहरूको जवाफमा उल्लेख भएको पाइयो ।

(घ) आयोगले गरेका निर्णय र आयोगका कार्यहरूका सम्बन्धमा आयोग भित्रै सूचना एवं जानकारी प्रवाहको अवस्थाका सम्बन्धमा राखिएको प्रश्नमा अधिकांश कर्मचारीहरूले आयोगका क्रियाकलापहरूको सम्बन्धमा पत्रपत्रिकाबाट जानकारी पाउने उल्लेख गरेका थिए । त्यसै गरी आयोगको प्रकाशन एंव आयोगको आन्तरिक सञ्चारबाट जानकारी एवं सूचना प्राप्त गर्ने कुरा समेत उल्लेख थिए ।

(ङ) आयोगको समग्र भूमिकाको प्रभावकारिताको सम्बन्धमा गरिएको प्रश्नमा आयोगका कर्मचारीहरूबीच आयोगको भूमिका प्रभावकारी नै छ भन्नेमा बहुमत रहेको भएता पनि उल्लेखनीय संख्याका कर्मचारीहरूले आयोगको भूमिका त्यतिको प्रभावकारी हुन नसकेको भनी उल्लेख गरेको थिए ।

(च) कर्मचारीहरूको मनोवल उच्च राख्न आयोगले कस्तो कदम चाल्नु पर्छ भनी राखिएको प्रश्नमा अधिकांश कर्मचारीहरूले आयोगका कर्मचारीबीच सेवा सुविधामा रहेको विद्यमान भेदभाव अन्त्य गरी समानता कायम गरिनु पर्ने सुझाव दिएका थिए । त्यसै गरी आयोगका कर्मचारीहरुलाई विशिष्टीकृत तालिम दिइनु पर्ने एवं कार्य सम्पादन मूल्याङ्कनको कार्य प्रभावकारी हुन नसकेको अवस्थातर्फ ध्यानाकर्षण गराउँदै आयोगले गुनासाहरू सुनुवाई गर्न उजुरीपेटीकाको व्यवस्था गरोस् भन्ने खालका सुझावहरू समेत रहेका थिए ।

आयोगको क्षमता अभिवृद्धि परियोजनाका तत्कालीन सल्लाहकार डा. विपिन अधिकारीद्वारा सम्पादित पुस्तक "Building Capacity of National Human Rights Institution The Case of Nepal" मा समेत राष्ट्रिय मानव अधिकार आयोगद्वारा विगत वर्षहरुमा सम्पन्न भएका महत्वपूर्ण क्रियाकलापहरुका सम्बन्धमा विवेचनात्मक रुपमा उल्लेख गर्दै आयोगले छोटो अवधिमै महत्वपूर्ण भूमिका निर्वाह गरिएको तथ्य औल्याइएको छ ।

> The National Human Rights Commission of Nepal has completed four year of its existence. It is now more matured than what it was two years ago. It is not only trying to develop according to these international standards, but also making efforts to get recognized by His Majesty's Government and its institutions, and the civil society at large
>
> **Source:** Bipin Adhikari, Building Capacity of National Human Rights, Institution The Case of Nepal, 2004

## निष्कर्ष

आयोगका कर्मचारीहरूको दृष्टिमा आयोगका समग्र क्रियाकलाप प्रति सकारात्मक धारणा रहेको देखिन्छ । यद्यपि आयोगले कर्मचारीको क्षमता अभिबृद्धिमा उल्लेखनीय सफलता हासिल गर्न नसकेको, आयोग भित्र आन्तरिक सूचना तथा जानकारी प्रवाहको अवस्था प्रभावकारी हुन नसकेको एंव कर्मचारीहरूको मनोवल उच्च राख्न आयोगले ठोस कार्यक्रम संचालन गर्न नसकेको तथा कर्मचारी कल्याण सम्वन्धी कार्य गर्न नसकेको भन्ने समेत अधिकांश कर्मचारीको धारणा रहेको पाइयो । यसबाट आयोगले क्षमता विकासको सम्बन्धमा स्पष्ट अवधारणा, नीति तथा कार्यक्रम लागू गर्नका निमित्त एवं भविष्यमा कर्मचारीको मनोवल उच्च राख्न चालिनु पर्ने कदमका सम्बन्धमा समेत मार्ग निर्देशन हुन सक्ने देखिन्छ ।

## ९.९ आयोगको ध्यान पुग्न नसकेका क्षेत्रहरू

मानव अधिकार आयोग ऐन, २०५३ ले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता तथा मर्यादासँग सम्वन्धित संविधान, प्रचलित कानूनहरुद्वारा प्रदान गरिएका अधिकारहरु तथा नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्टिय सन्धि सम्झौता निहित अधिकारलाई मानव अधिकारको परिभाषामा राखी ती अधिकारहरुको संरक्षण र संवर्द्धन गर्ने गहन दायित्व आयोगलाई प्रदान गरिएको छ । यद्यपि मानव अधिकार आयोग ऐन, २०५३ मा गरिएको मानव अधिकारको परिभाषा आफैमा पूर्ण नभएपनि यसले व्यापक क्षेत्रलाई ओगट्ने हुन्छ । मुलुकमा चलिरहेको सशस्त्र द्वन्द्वको कारणले गर्दा मानव अधिकारका उल्लघंनका उजुरीहरु बढ्न गएकोले आयोगले आफनो अधिकांश साधन र स्रोत सशस्त्र द्वन्द्वतर्फ उन्मूख गर्नुपर्ने वाध्यता भएको थियो । जसको कारणले गर्दा सम्वर्द्धनको कार्य लगायतका ऐनले प्रदान गरेका अन्य महत्वपूर्ण कार्यहरुमा आयोगको येथेष्ठ ध्यान पुग्न सकेको छैन । संरक्षणको कार्यमा पनि सार्वजनिक सुनवाई लागायतका केही कार्य गर्ने सम्वन्धमा स्पष्ट अवधारणा बनाउन बाँकी नै रहेको छ । कतिपय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्वन्धित विषयहरुमा आयोगले स्पष्ट सोच बनाउन सकेको छैन । कमैयाको अधिकार सम्बन्धी सवालहरू, शरणार्थी अधिकार सम्बन्धी सवालहरूमा आयोगले केही प्रवर्द्धनात्मक कार्यहरू बाहेक उल्लेखनीय रूपमा काम गर्न सकेको छैन । त्यसै गरी मानव अधिकारका नयाँ नयाँ सवालहरू उठ्ने क्रम जारी रहेको हुनाले त्यस्ता विषयहरूमा अध्ययन, अनुसन्धान गरी प्राप्त निश्कर्षका आधारमा सरकारलाई सुझाव प्रदान गर्न सक्ने व्यवस्था भएता पनि कतिपय क्षेत्रहरूमा अझै अध्ययन, अनुसन्धान एवं मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी गतिविधि संचालन गर्न सकेको छैन । नेपाल अधिराज्यको संविधान, २०४७ जारी भइसेके पछि नेपालले मानव अधिकारका महत्वपूर्ण महासन्धिहरु लागायत आइ.एल.ओ का श्रम सम्वन्धी महासन्धिहरु, वातावरण सम्वन्धी महासन्धिहरु जस्ता दस्तावेजहरुलाई अनुमोदन गरिसकेको

भएपनि सन्धि सम्झौता बमोजिम केही कानूनहरु मात्र निमार्ण हुन सकेको अवस्था छ । त्यसैगरी नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुन अघिका थुप्रै कानूनहरु महासन्धि अनुरुप संशोधन नभई यथावतै लागू भइरहेकोले आयोगले यस्ता पुराना तथा नयाँ बनेका कानूनहरुको पुनरावलोकन तथा अध्ययन अनुसन्धानको कार्यलाई अझै व्यापक गर्नुपर्ने खाँचो छ । कानूनको पुनरावलोकनको अलावा सरकारका नीति निर्माण, प्रशासनिक, न्यायिक उपायहरु, योजनाहरुमा पनि आयोगले ध्यान पुर्‍याउन नसकेको क्षेत्रहरु हुन् । कतिपय अवस्थामा कानून राम्रो हुदाँ हुदै पनि प्रभावकारी रुपमा लागू हुन नसकेको कारण पनि अध्ययन गर्नु नितान्त जरुरी रहेको हुन्छ ।

मानव अधिकारको शिक्षालाई देशको कुनाकाप्चामा पुर्‍याई मानव अधिकारको सँस्कृतिको निमार्णमा आयोगले कम्मरै कसेर लाग्नुपर्ने स्थिति छ । आयोगले ध्यान पुर्‍याउन नसकेका केही क्षेत्रहरुको सम्वन्धमा देहाय बमोजिमको बुँदाहरुमा उल्लेख गरिएको छ ।


१) शरणार्थी अधिकार सम्बन्धी
२) आन्तरिक रूपले विस्थापित व्यक्तिको मानव अधिकार संरक्षण सम्बन्धमा
३) अपाङ्गहरूको मानव अधिकार सम्बन्धमा
४) एच. आई. भी. एड्स र मानव अधिकार सम्बन्धमा
५) अल्पसंख्यक तथा आदिवासी जनजातिका अधिकारका सम्बन्धमा
६) विकसित हुँदै गई रहेका मानव अधिकारका अन्य क्षेत्रहरूमा
७) वातावारण सम्वन्धी अधिकार सम्वन्धमा
८) नीजि तथा व्यवसायिक क्षेत्रमा भएका मानव अधिकार उल्लघंनका सम्वन्धमा

माथि उल्लेख गरिएका क्षेत्रहरु केवल आयोगका पाँच वर्षको अनुभवका आधारमा टड्कारो रुपमा देखिएका विषयहरू मात्र हुन् । आयोगद्वारा व्यापक परामर्श पश्चात निर्माण गरी कार्यान्वयनमा ल्याइएको रणनैतिक योजना २००४-२००८ ले राखेको ध्येयलाई वास्तविकतामा रुपान्तरण गर्नका निमित्त समेत यस्ता ध्यान पुग्न नसकेका क्षेत्रहरुलाई समेट्दै लैजानु पर्ने देखिन्छ । रणनैतिक योजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने क्रममा यस्ता ज्वलन्त विषयहरुका सम्वन्धमा आयोगद्वारा खेल्न सकिने भूमिकाका सम्वन्धमा पनि समीक्षा हुनु आवश्यक देखिन्छ । मानव अधिकारका क्षेत्रहरू विस्तारित हुँदै आएको वर्तमान सन्दर्भमा आयोगले नागरिक समाज, मानव अधिकार संघ संस्था, पेशागत सङ्गठन लगायतका प्रमुख सरोकारवालाहरूसँग सहकार्य एवं साझेदारी मार्फत संयन्त्र बनाई कार्य गर्न सकेमा यस्ता क्षेत्रहरूमा समेत आगामि दिनमा मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्य हुन सक्ने देखिन्छ ।

# अनुसूचीहरू

# अनुसूची - १

## श्री ५ को सरकारद्वारा गठित कार्यदलद्वारा प्रस्तुत संगठन तालिका



# अनसूची - २

## आयोगका अध्यक्ष तथा सदस्यहरूको संक्षिप्त परिचय

### (क) श्री नयनबहादुर खत्री, अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्षमा नियुक्त गरिनुभएका श्री नयनबहादुर खत्री हाल राजपरिषद्मा सम्माननीय सदस्य पनि हुनु हुन्छ । वहाँको जन्म वि.सं. १९७९ सालमा भएको हो । लखनउ विश्वविद्यालयबाट एम.ए र एलएल.बी. सम्मको अध्ययन पूरा गर्नु भएका उहाँ २०३३ साल साउन २४ गतेदेखि २०४२ साल मंसिर २७ गतेसम्म सर्वोच्च अदातलका प्रधानन्यायाधीश हुनुहन्थ्यो । प्रधानन्यायधीश पदबाट अवकाश प्राप्त भएपछि उहाँले चीन र उत्तर कोरियाको शाही नेपाली राजदुत भएर पनि काम गर्नु भएको थियो । वि.सं २००४ सालमा मुलुकी अड्डा ऐन सवाल फाँटको सुब्बा पदबाट प्रशासनिक क्षेत्रमा प्रवेश गर्नु भएका सम्माननीय नयनबहादुर खत्रीले ल्हासामा वकील भएर पनि काम गर्नुभयो । उहाँ कानून मन्त्रालयको उपसचिव र सचिव समेत हुनुभयो । २०१६ सालमा निर्वाचित सरकारको सिफारिशमा श्री ५ बाट सर्वोच्च अदालतको स्थायी न्यायाधीश नियुक्त हुनुभएका सम्माननीय खत्री कानून सुधार आयोगको वि.सं. २०१६, २०२९ र २०४८ सालमा गरी जम्मा तीन पटक अध्यक्ष र २०२९ सालदेखि २०३३ सालसम्म न्यायिक समितिको अध्यक्ष पनि रहनुभएको थियो ।

आयोगबाट मानव अधिकार संरक्षण र सम्वर्द्धनसंग सम्वन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने क्रममा आयोगका सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्रीद्वारा श्रीलङ्का, भारत, फिलिपिन्स, थाइल्याण्ड, स्वीजरल्याण्ड तथा दक्षिण कारिया जस्ता देशहरुको भ्रमण गर्नु भएको छ ।

### (ख) डा. गौरीशंकरलाल दास, सदस्य

सन् १९२५ मा सिराहा जिल्लामा जन्मिनु भएका मानव अधिकार आयोगका सदस्य डा. गौरीशंकरलाल दासले आयोगमा सामाजिक क्षेत्रको प्रतिनिधित्व गर्नुभएको छ । हाल वहाँ राजपरिषद्का सम्माननीय सदस्य पनि हुन हुन्छ । टोखा स्वास्थ्य निवास, केन्द्रीय उरश्चिकित्सालयका मेडिकल सुपरिंटेण्डेंट तथा स्वास्थ्य सेवा विभागका निर्देशक समेत भई सक्नु भएका डा. दास एक छाती रोग विशेषज्ञ हुनुहुन्छ । नेपालको प्रथम स्वास्थ्य योजनाकारको रुपमा दीर्घकालीन स्वास्थ्य योजना, २०३३ र विश्व स्वास्थ्य संघको छोटो अवधिको सल्लाहकारको रुपमा मालडिभ्सको प्रथम स्वास्थ्य योजनाको निर्माणमा वहाँको विशेष योगदान छ । विभिन्न सामाजिक संस्थाहरु जस्तो नेपाल रेडक्रस सोसाइटी, नेपाल कुष्ठ रोग निवारण संघ, नेपाल क्षयरोग निवारण संघ, नेपाल अन्धा कल्याण संघ, पूर्व कर्मचारी सेवा परिषद्, नेपाल प्रौढ कल्याण संघ, नेपाल बी.पी नेत्र प्रतिष्ठान, चित्रगुप्त प्रतिष्ठान, सिरहाली सेवा समाज, नेपाल मेडिकल एसोसिएशन एवं नेपाल परिवार-नियोजन संघमा नेतृत्व तहमा रही स्वयंसेवकको रुपमा काम गर्नु भएको छ तथा यी मध्ये धेरैका संस्थापक पनि हुनु हुन्छ ।

आयोगबाट मानव अधिकार संरक्षण र सम्वर्द्धनसंग सम्वन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने क्रममा आयोगका सम्माननीय डा. गौरीशंकर लाल दासले न्यूजिल्याण्ड, फिलिपिन्स, भारत, अष्ट्रेलिया, स्पेन, थाइल्याण्ड, स्वीट्जरल्याण्ड, बेलायत, फ्रान्स, भारत, मलेशिया, कतार तथा बंगलादेशको भ्रमण गर्नु भएको छ ।

### (ग) प्रा. कपिल श्रेष्ठ, सदस्य

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य प्रा. कपिल श्रेष्ठको जन्म ४६ वर्ष अगाडि भएको थियो । त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम.ए सम्मको अध्ययन पूरा गर्नुभएका श्री श्रेष्ठले अन्तर्राष्ट्रिय सम्बन्ध, मानव अधिकार लगायतका विषयमा अमेरिका, फिलिपिन्स, नेदरल्याण्ड र भारतका प्रसिद्ध विश्वविद्यालयमा पनि अध्ययन गर्नुभएको छ । नेपाल मानव अधिकर संगठनका अध्यक्ष रहिसक्नु भएका उहाँ गणेशमान सिंह फाउन्डेशन र गणेश मान अध्ययन प्रतिष्ठानका सदस्य पनि हुनुहुन्छ । नेपाल प्राध्यापक संघका सदस्य, महासचिव र अध्यक्ष रहिसक्नुभएका श्री क्षेष्ठ प्रसिद्ध राजनैतिक विश्लेषकहरु मध्ये एक मानिनु हुन्छ । उहाँले मानव अधिकारसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरु लगायत स्वदेश र विदेशमा भएका चुनावहरुको पर्यवेक्षण गर्नुभएको छ । उहाँ राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) सहसंयोजक पनि हुनुहुन्छ ।

आयोगबाट मानव अधिकार संरक्षण र सम्वर्द्धनसंग सम्वन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने सिलसिलामा प्रा.कपिल श्रेष्ठले न्यूजिल्याण्ड, बेलायत, श्रीलङ्का तथा जापान जस्ता देशहरुको भ्रमण गर्नु भएको छ ।

### (घ) श्री सुशील प्याकुरेल, सदस्य

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य श्री सुशील प्याकुरेलले आयोगमा मानव अधिकार कर्मीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुभएको छ । २००८ सालमा जन्मनुभएका प्याकुरेलले २०२९ सालमा "समाज" दैनिक र "प्राची" साहित्यिक प्रकाशनबाट पत्रकारिता क्षेत्रमा प्रवेश गर्दै करीब तीनदशक अघिदेखि सामाजिक जीवनको शुरुवात गर्नुभएको थियो । उहाँ २०३६ सालमा स्थापित नेपाल राष्ट्रिय शिक्षक संगठनको संस्थापकहरु मध्ये एक हुनुहुन्छ । नेपालको जेठो मानव अधिकार संस्था मानव अधिकार संरक्षण मञ्चको समेत संस्थापक रहनु भएका श्री प्याकुरेल २०४५ सालमा स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संस्थापक अध्यक्ष हुनु हुन्छ । वहाँ २०४६ सालको जनआन्दोलनमा संयुक्त वाममोर्चाको केन्द्रीय सदस्यसमेत हुनुभएको थियो । दक्षिण एशियाली मानव अधिकार मञ्चको संस्थापक महासचिवसमेत हुनुभएका प्याकुरेल बैंककस्थित एशिया प्रशान्त क्षेत्रीय मानव अधिकार संस्था फोरम एशियाको बोर्ड सदस्यसमेत रहि सक्नु भएको छ । राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति, (नियोक) नेपालका महासचिब रहि सक्नु भएका श्री प्याकुरेल चुनाव पर्यवेक्षण सम्बन्धी संस्था एशिया नेतवर्क फर फ्रि इलेक्सन (एन्फ्रेल) को उपाध्यक्ष हुनुहुन्छ । उहाँले सन् १९८६ देखि विश्वका विभिन्न ३० भन्दा बढी देशहरुमा भएका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरुमा भाग लिनुभएको छ ।

आयोगबाट मानव अधिकार संरक्षणसंग सम्वन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने सिलसिलामा मा.सुशील प्याकुरेलले जर्मनी, मलेशिया, चीन, हङकङ, दक्षिण अफ्रिका, लेवनान, अमेरीका, श्रीलङ्का, युगाण्डा, मलेशिया, नेदरल्याण्ड, दक्षीण कोरीया, बंगलादेश, स्वीट्जरल्याण्ड लगायतका देशहरुको भ्रमण गर्नु भएको छ।

### (ङ) श्री इन्दिरा राणा, सदस्य

राष्ट्रिय मानव अधिकार आयोगको सदस्य पदमा नियुक्त हुनु भएका पूर्व सचिब श्री इन्दिरा राणाले संयुक्त राज्य अमेरिकाको हर्वर्ड विश्वविद्यालयबाट जनसंख्या तथा कानून विषयमा स्नात्तकोत्तर (एम.पि.एच.), त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नात्तकोत्तर तथा कानूनमा स्नातक गर्नु भएको छ।

उहाँ श्री ५ को सरकारको न्याय सेवामा रही न्यायाधीश, रजिष्ट्रार आदि विभिन्न पदहरुमा अदातलहरु, कानून तथा न्याय मन्त्रालय आदि विभिन्न न्यायिक निकायहरुमा लामो समयसम्म सेवा गरी न्याय परिषद् सचिवालय तथा न्याय सेवा आयोगको सचिव पदबाट सेवा-निवृत्त हुनु भएको हो।

आमालाई दागबत्ती दिई क्रिया बस्नु भएको नेपालको इतिहासमा उहाँ प्रथम व्यक्ति हुनु हुन्छ। अन्तर्राष्ट्रिय नारी वर्ष कानून समिति, १९७५ मा संयोजक भई महिलाहरुको समान हक अधिकार सम्बन्धमा मुलुकी ऐन छैठौ संशोधन गर्नमा उहाँले ठुलो योगदान गर्नु भएको थियो। उहाँले विभिन्न सामाजिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु जस्तै नेपाल रेडक्रस सोसाइटी, काठमाडौं शाखा, नेपाल अर्वुद रोग निवारण संस्था, नेपाल परिवार नियोजन संघ, नेपाल क्षयरोग निवारण संघ, नेपाल वाल संगठन, नेपाल प्रौढ कल्याण संघ, सार्क ल नेपाल, नेपाल कानून समाज, इण्टरनेसनल कमिशन अन जुरिष्ट, इण्टरनेशनल ल एशोसियशन, इण्टरनेसनल फेडरेशन अफ विमन लयर्स एशोशियसन अमेरिका, रोटरी ल्कव काठमाडौं, संयुक्त राष्ट्र महिला संघ, विजिनेस एण्ड प्रोफेसनल विमन ल्कब, राष्ट्रिय निर्वाचन पर्यवेक्षक समिति, हावर्ड एलुम्नाई संघ नेपाल आदिमा नेतृ, संस्थापक तथा स्वयंसेवकको रुपमा सहयोग समेत प्रदान गरी आउनु भएको छ।

स्वेदशका विभिन्न पदकहरु प्रख्यात त्रिशक्ति पट्ट, सुप्रवल गोरखा दक्षिण बाहु आदि र विदेशबाट नाफिस साडिक एवार्ड, पलहारिस फेले र विमन अफ दि एयर २००१ बाट विभूषित श्री राणाले कानून सम्बन्धी कितावहरु तथा महिलाको हक अधिकार आदि सम्बन्धी धेरै अनुसन्धानात्मक लेखहरु लेख्नु भएको छ।

संयुक्त राष्ट्र संघको साधारण सभामा नेपालमा तर्फबाट भाग लिनुका साथै उहाँले चौथो विश्व महिला सम्मेलन वेइजिङ्ग, अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण (राष्ट्रपतिको निर्वाचन श्रीलंका १९९९) तथा विश्वका विभिन्न देशहरुमा कानून, महिला तथा मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरुमा भाग लिनु भएको छ।

महिला उपर हुने अन्याय, शोषण, असमान व्यवहार विरुद्ध क्रियाशील इन्दिरा राणाले सामाजिक कार्यहरुमा विशेष संलग्नता राख्दै आउनु भएको छ।

आयोगबाट मानव अधिकार संरक्षण र सम्वर्द्धनसंग सम्वन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने सिलसिलामा मा. इन्दिरा राणाले थाईल्याण्ड फ्रान्स, इरान, जापान, डेनमार्क, स्वीडेन, दक्षिण अफ्रिका, श्रीलङ्का, भारत स्वीजरल्याण्ड, फिलिपिन्स, नर्वे तथा अमेरिका जस्ता देशहरुको भ्रमण गर्नु भएको छ।

# अनुसूची ३

## आयोगको रणनीतिक योजना (२००४–२००८) को तर्जुमा र कार्यान्वयन

मानव अधिकार आयोग ऐन, २०५३ ले प्रत्याभूत गरेका काम, कर्तव्य र अधिकारहरूलाई मूर्त रूप दिन, आयोगको काम कार्वाहीहरूलाई योजनावद्ध तरिकाले सम्पन्न गर्न तथा देशमा मानव अधिकार संस्कृतिको निर्माणतर्फ उन्मुख कार्यक्रमहरू तय गरी आफ्नो दायित्व निर्वाह गर्नको लागि आयोग रणनीतिक लक्ष्य तथा कार्यक्रमहरू निर्धारण गरी योजना तयार गरी आयोगको २०६०।०८।०९ को आयोगले तयार गरेको रणनीतिक योजना (२००३-२००८) लाई लागू गर्ने निर्णय गरियो ।

मानव अधिकार आयोग ऐन, २०५३ ले प्रदान गरेका काम कर्तव्य र अधिकारहरूलाई मुर्त रुप दिन, आयोगको काम कार्वाहीहरूलाई योजनाबद्ध तथा व्यवस्थित तरिकाले सम्पन्न गर्न तथा देशमा मानव अधिकार संस्कृतिको निर्माणतर्फ उन्मुख कार्यक्रमहरू तय गरी आफ्नो दायित्व बमोजिमको काम कार्वाही गर्नको लागि आयोगले रणणीतिक योजना (२००४-२००८) तर्जुमा गरी लागू गरेको छ । आयोगका पदाधिकारी तथा कर्मचारीहरू लगायत श्री ५ को सरकारका निकायहरू, अन्य आयोगहरू, मानव अधिकारसँग सम्वन्धित गैर सरकारी संस्थाहरू, वुद्धीजीवी एवं प्रबुद्ध वर्ग, न्यायपालीका, आम सञ्चार, राजनैतिक दलहरू, संयुक्त राष्ट्रसंघ अर्न्तगतका निकायहरू, आयोगका परियोजनाका विभिन्न दातृ निकायहरू, विदेशी कुटनीतिज्ञहरूको सुझाव समेत ग्रहण गरी सहभागीतात्मक पद्धती अनुरुप यो रणनितिक योजना तर्जुमा गरिएकोले मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि आयोगले आगामी ५ वर्षमा गर्नुपर्ने कार्यहरूलाई निर्देशित गरेको छ । यस रणनिती योजनाको ध्येय यस प्रकार रहेको छ :

“हाम्रो लक्ष्य देशमा मानव अधिकार संस्कृति विकासको निमित्त विश्वव्यापीरुपमा आत्मसात गरिएका मानव अधिकार सिद्धान्तहरूका आधारमा एउटा स्वतन्त्र तथा निष्पक्ष संस्थाको रुपमा मानव अधिकार संरक्षण र सम्बर्द्धनका निम्ति नेतृत्वदायी भूमिका बहन गर्नु हो ।”

आयोगको यस रणनितिक योजनाले हाल चलिरहेको द्वन्द्वको अवस्था, संविधान तथा अन्य ऐन प्रदत्त मौलिक अधिकारको प्रयोगमा देखिएको समस्या, लैङ्गिक भेदभाव, जातीय विभेद, यौनजन्य दुव्यवहार, वोक्सीका नाममा दिइने यातना, बालवालिका माथि हुने हिंसा तथा निकृष्ट श्रम, महिला माथी हुने हिंसा जस्ता समस्या, नागरिकको आर्थिक, समाजिक एवं सांस्कृतिक अधिकार प्रत्याभूतिमा देखा परेका समस्या, मानव अधिकारका शिक्षा तथा जनचेतना, लगायत दण्डविहिनतालाइ मानव अधिकारको प्रमुख सवालको रुपमा लिइ त्यसको आधारमा रणनितिक कार्यक्रमहरू तयगरेको छ । यस रणनिती योजनाले लिएका उद्देश्यहरू देहाय वमोजिम रहेका छन् :

१. द्वन्दरत, पक्षहरूलाई अन्तराष्ट्रिय मानव अधिकार तथा मानवीय कानून पूर्णरुपमा पालना गराइ शान्ति स्थापना प्रकृयामा योगदान गर्ने ।
२. जीवनको स्वतन्त्रता, न्याय तथा समानताको अधिकारलाई जोड दिदै मानिसको मौलिक अधिकारको प्रर्वद्धन, अनुगमन तथा कार्यान्वयन गराउने ।
३. खाद्यान्न, स्वास्थ्य, वसोवास, शिक्षा तथा कामको अधिकारलाई मौलिक अधिकारको रुपमा लिन वकालत गर्ने ।
४. घरेलु तथा दाइजोसँग सम्वन्धित महिला माथी हुने हिंसा नियन्त्रण एवं रोकथामको लागि कानूनी तथा नियमन गर्ने संयन्त्रमा सुधार गर्ने ।
५. वालवालिका माथि वेचविखन, दुर्व्यवहार तथा निकृष्ट श्रममा प्रयोगका कारणले उत्पन्न हिंसाको उन्मुलनको लागि न्यायीक अनुगमन तथा कार्यान्वयन पक्षमा सुधार कार्यमा सहयोग गर्ने ।
६. अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरू अनुमोदन गर्न, राष्ट्रिय कानूनको निर्माण गर्न तथा त्यसको कार्यान्वयनको अवस्था सुधार्न कार्य गर्ने ।
७. मानव अधिकार शिक्षा, सुचना तथा राय सल्लाहको प्रर्वद्धन तथा विकास गर्ने ।
८. कार्य दक्षतामा बृद्धि गर्दै आयोगको छवि सुधारी विभिन्न वर्गका नेपाली समक्ष यसलाई सर्वसुलभ वनाउने ।


आयोगको रणनितिक योजनामा आयोगको मुल्य मान्यता अन्तर्गत समानता, निष्पक्षता सर्वसुलभता, उत्तरदायीत्व, पारदर्शी, स्वतन्त्र तथा स्वायत्त जस्ता सिद्धान्तहरू समावेश गरिएकाछन् ।

आयोगको रणनितिक योजना कार्यान्वयनमा आएपछि यसको सफल कार्यान्वयनको लागि आवश्यक कार्यक्रम योजना निर्माण भई कार्यान्वयनको अवस्थामा छ । आयोगले आउने दिनमा यसलाई मूल आधार मानी आफ्नो ऐन प्रद्वत कामकार्वाही सञ्चालन गर्न सजिलो पर्ने हुनाले यसबाट आयोगको मानव अधिकार संरक्षण र संवर्द्धन कार्यक्षमता अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

रणनितिक योजनाले अघि सारेका रणनितिक उद्देश्य तथा कार्यक्रमका सम्बन्धमा आयोगको वेवसाइट www.nhrc-nepal.org मा राखिएको छ ।

# अनुसूची ४

## राष्ट्रिय मानव अधिकार आयोगको वर्तमान साङ्गठनिक संरचना



# अनुसूची - ५

## मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको परिपालन सम्बन्धी श्री ५ को सरकारको प्रतिबद्धताको कार्यान्वयन गर्न राष्ट्रिय मानव अधिकार आयोगका व्यावहारिक सुझावहरू

(**२०६१/१/५ मा श्री ५ को सरकार समक्ष प्रस्तुत गरिएको व्यावहारिक सुझावहरुको संशोधित रूप**)

नेपालमा विद्यमान हिंसात्मक द्वन्द्वको परिप्रेक्ष्यमा सुरक्षा कार्वाहीको नाममा श्री ५ को सरकारबाट भएका गरिएका सुरक्षालगायतको कार्वाहीको सिलसिलामा मानव अधिकारको व्यापक उल्लंघ भैराखेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले बारम्बार श्री ५ को सरकारलाई सचेत गराउँदै आएको छ । यसै सन्दर्भमा आयोगले २०६० साल फागुन २७ गते श्री ५ को सरकारलाई मानव अधिकार संरक्षणका लागि तत्कालै चाल्नुपर्ने कदमहरूका सम्बन्धमा सुझाव दिएको थियो । श्री ५ को सरकारले पनि २०६० साल चैत १३ गते मानव अधिकार तथा अन्तराष्ट्रिय मानवीय कानूनको परिपालनको लागि आफ्नो २५ बुँदे प्रतिबद्धता सार्वजनिक गरेको छ । ती प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दै केही व्यावहारिक सुझावहरू प्रस्तुत गरिएका छन् ।

कतिपय अवस्थामा सरकारी सुरक्षा निकायमा काम गर्ने अधिकारीका क्रियायाकलापहरू सामान्य व्यक्तिले गरेका अपराध सरह हुन्छन् । यस्ता अपराधहरूमा यातना, बलात्कार, हत्या, वेपत्ता पार्नु, मानवीय आवश्यकताका सामग्री आपूर्तिलाई युद्धका हतियारका रूपमा प्रयोग गर्ने कार्यलगायत सामूहिक दण्ड, अपहरण तथा जथाभावी आक्रमण गर्ने जस्ता कार्य पर्दछन् । अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धिअनुसार यस्ता क्रियाकलापलाई गम्भीर अपराधको रूपमा लिइएको छ । कतिपय परिस्थितिमा यस्ता अपराधलाई अन्तर्राष्ट्रिय अपराधको रूपमा समेत लिने गरिन्छ र यस्ता अपराधमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुने व्यक्तिलाई अन्तर्राष्ट्रिय न्यायिक निकायमा समेत कार्वाही गर्न सकिन्छ भन्ने स्पष्ट छ । कुनै पनि नेतृत्व तहमा रहेकाहरूले उनिहरूका मातहतका व्यक्तिका मानव अधिकार विरुद्धका व्यवहार प्रति जिम्मेवार हुनु पर्ने कुरालाई आयोगले स्पष्टरूपमा समय समयमा ध्यान आकर्षण गरेको छ । यि कुराहरूलाई दृष्टिगत गर्दै सम्बद्ध निकायहरूले आफ्ना व्यवहारलाई उत्तरदायित्वपूर्ण बनाउँदै लानुपर्छ भन्ने आयोगको मान्यता रहेको छ ।

तल कोष्ठभित्र लेखिएका बुँदाहरू श्री ५ को सरकारले चैत्र १३, २०६० मा मानव अधिकारप्रति पुनः व्यक्त गरेका प्रतिबद्धता हुन् । यी प्रतिबद्धताहरू कागजमा मात्र होइन व्यवहारमा पनि कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा दुईमत हुन सक्तैन । तसर्थ तल उल्लेख गरिएका सुझावहरू तत्काल कार्यान्वनको लागि आयोग श्री ५ को सरकार समक्ष अनुरोध गर्दछ ।

१. जात, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक आस्था वा विचार, सामाजिक उत्पत्ति, अशक्तता, सम्पत्ति, जन्म वा अन्य कुनै आधारमा भेदभाव नगरी प्रत्येक नागरिकलाई मानव अधिकार संरक्षणको प्रत्याभूति प्रदान गरिनेछ ।
२. प्रत्येक व्यक्तिलाई जीवन, सम्मान र सुरक्षाको अधिकार रहनेछ । जीवनप्रतिको अधिकार जुनसुकै परिस्थितिमा सम्मानित हुनेछ । यस उद्देश्यका लागि, हातहतियार बिसाएका, बिरामी, घाइते वा पक्राउ परेका, वा हतियारधारी गतिविधि त्यागेका वा सक्रियतापूर्वक त्यस्ता गतिविधिमा नलागेकाहरूलाई संरक्षण प्रदान गर्ने जेनेभा महासन्धिहरू र खासगरी ती महासन्धिहरूका साझा धारा ३ का प्रावधानलाई सम्मान र कार्यान्वयन गर्न तत्काल निर्देशनहरू जारी गरिनेछ ।

उपर्युक्त प्रतिबद्धता नं. १ र २ कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले तत्कालै निम्न कदम चाल्नुपर्छ :

### १. जीवनहरणविरुद्ध संरक्षण

-s_ sfg"g sfof{Gjog ug]{ clwsf/Lx¿n] cfkm\gf] st{Jo kfngf ubf{ clt cfjZos k/]sf] cj:yfdf dfq an k|of]u ug]{5g\ eGg] s'/f >L % sf] ;/sf/n] ;'lglZrt ug'{k5{ .

(ख) त्यस्ता अधिकारीले बल वा हतियार प्रयोग गर्नुपूर्व सम्भव भएसम्म अहिंसात्मक उपाय प्रयोग गर्नुपर्छ ।

(ग) बल वा हतियार प्रयोग गर्नैपर्ने अवस्थामा कानून कार्यान्वयन गर्ने अधिकारीले निम्न कार्य गर्नेछन् भन्ने कुरा श्री ५ को सरकारले सुनिश्चित गर्नुपर्छ :

(१) अपराधको गम्भीरता तथा प्राप्त गर्नुपर्ने वैध लक्ष्यको अनुपातलाई तुलना गरी बल वा हतियारको प्रयोगमा संयम राख्नुपर्छ ।

(२) सकेसम्म न्यूनतम क्षति वा चोटपटक लाग्ने गरी तथा मानव जीवनको सम्मान तथा सुरक्षा हुनेगरी बल वा हतियारको प्रयोग गर्नुपर्छ ।

(३) घाइते वा चोटपटक लागेका व्यक्तिलाई सकेसम्म छिटो स्वास्थ्य उपचार तथा अन्य सहयोगको व्यवस्था सुनिश्चित हुनुपर्छ ।

(४) घाइते वा प्रभावित व्यक्तिको परिवार वा नातेदार वा नजिकका मित्रहरूलाई सकेसम्म छिटो सूचना दिने कार्य सुनिश्चित हुनुपर्छ ।

(५) कानून कार्यान्वयन गर्ने व्यक्तिले प्रयोग गर्ने बल वा हतियारको प्रयोगबाट चोटपटक वा घाइते वा मृत्यु भएका व्यक्तिका सम्बन्धमा कानूनी अधिकार प्राप्त अधिकारीलाई सकेसम्म छिटो जानकारी दिनुपर्छ ।

(घ) पक्राउ गर्ने, हिरासतमा लिने वा थुना वा कैदमा राख्ने अधिकारीहरू लगायत बल तथा हतियार प्रयोग गर्ने अधिकारप्राप्त अधिकारीका लागि उनीहरूको जिम्मेवारीअनुसार पूर्ण नियन्त्रण गर्न आदेश दिने र पालन गर्ने स्पष्ट तहगत प्रणाली (Chain of Command) को व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

(ङ) उच्चपदस्थ अधिकारीहरू वा सार्वजनिक दायित्व लिएका अधिकारीहरूबाट कानून विपरीत को कार्य गर्न आदेश दिएमा त्यस्तो आदेशको बारेमा प्रश्न उठाउनु मातहतका कर्मचारीको कर्तव्य हुनेछ भन्ने कुरा कानून कार्यान्वयन गर्ने अधिकारीलाई दिइने तालिममा प्रमुखताका साथ समावेश गरिनुपर्छ ।

(च) हत्याको जोखिममा परेका व्यक्ति वा समूहका लागि न्यायिक वा अन्य उपायबाट प्रभावकारी सुरक्षाको व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

(छ) बल तथा हतियारको जथाभावी प्रयोग भएको वा दुरुपयोग भएको आरोपको सम्बन्धमा कानून कार्यान्वयन गर्ने व्यक्तिबाट प्रभावकारी, पारदर्शी, स्वतन्त्र छानविनको सुनिश्चितता गर्नु पर्छ ।

(ज) उपर्युक्त क्रियाकलापमाथि नेपाली कानूनअनुसार तत्कालै कारबाही गरी दण्डित गर्ने व्यवस्थाका लागि स्वतन्त्र अनुसन्धान तथा कार्वाही गर्ने निकाय वा अधिकारी आफ्नो क्षेत्राधिकारको प्रयोग गर्न समर्थ छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

(झ) बल तथा हतियारको प्रयोगबाट प्रभावित भएका व्यक्ति वा उनीहरूको कानूनी प्रतिनिधिहरूका लागि स्वतन्त्र अनुसन्धान तथा न्यायिक प्रक्रियामा पहुँच सुनिश्चित गर्नुपर्छ ।

(ञ) आफूअन्तर्गतका कर्मचारीले गैरकानूनी रूपमा बल तथा हतियारको प्रयोग गरिरहेको छ वा गरेको छ भन्ने जानकारी हुँदाहुँदै बल तथा हतियार प्रयोग हुन दिएमा वा यस्ता घटनाको सूचना दबाएमा त्यस्ता माथिल्लो अधिकारीलाई नै जिम्मेवार बनाउने व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

(ट) कानून कार्यान्वयन गर्ने अधिकारीले बल वा हतियारको प्रयोग गर्ने विषयमा नियम तथा निर्देशिकाको व्यवस्था गरी त्यस्को वारेमा संम्वन्धित अधिकारीलाई जानकारी समेत गराई त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । त्यसको निरन्तर पुनरावलोकन गर्नुपर्छ ।[१५]

(ठ) हतियारहरूको प्रयोग गर्नुपर्ने आवश्यकता कम गराउन कानून कार्यान्वयन गर्ने सुरक्षाको लागि खटिएकाहरूको सुरक्षाका लागि ढाल, हेलमेट, गोली प्रतिरोधक लुगा तथा यातायातका साधनको व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

## २. योग्यता, तालिम तथा परामर्श

(क) कानून कार्यान्वयन गर्ने सबै अधिकारीलाई उपयुक्त जाँच प्रक्रियाको आधारमा छनोट गर्ने कुरा सुनिश्चित गर्नुपर्छ । उनीहरूलाई नियमित रूपमा पर्याप्त पेशागत तालिम दिनुपर्छ ।

(ख) कानून कार्यान्वयन गर्ने निकायहरूले तालिम दिँदा सकेसम्म कम बल तथा हतियार प्रयोग होस् भन्ने धारणा राखी प्रहरी आचारसंहिता तथा मानव अधिकारका साथै अनुसन्धान प्रक्रियामा प्रयोग हुने विधि, बल तथा हतियार प्रयोगको विकल्प, द्वन्द्वको शान्तिपूर्ण समाधान, भीडको आचरण, सम्झाउने बुझाउने तरिका, वार्ता गर्ने, मध्यस्थता गर्ने तथा यसको प्राविधिक उपायका विषय समावेश गर्नुपर्छ ।

(ग) श्री ५ को सरकारले बल तथा हतियार प्रयोग भएका अवस्थामा संलग्न कानून कार्यान्वयन गर्ने अधिकारीमा तनाव कम गर्ने विषयमा अनिवार्य रूपमा परामर्श उपलब्ध गराउने तथा पर्याप्त घर बिदा दिने व्यवस्था गर्नुपर्छ ।

३. कसैलाई पनि विना कारण पक्राउ गरिने वा नजरबन्दमा राखिने छैन । गैरकानूनी वा विनाकारण पक्राउ र जबर्जस्ती बेपत्तालाई रोक्न उपायहरू अवलम्बन गरिनेछ ।

४. पक्राउ भएको व्यक्तिलाई पक्राउ गर्नुपर्नाको कारणसहितको सूचना यथाशक्य चाँडो दिइनेछ । प्रचलित कानूनबमोजिम बाहेक कसैलाई पनि रातको समयमा पक्राउ गरिने छैन । थुनामा रहेको स्थान र स्थानान्तरण सम्बन्धी सूचना थुनुवाको परिवारका सदस्य, निजको कानून व्यवसायी र त्यस्तो सूचना प्राप्त गर्न योग्य व्यक्तिलाई उपलब्ध गराइनेछ । थुनुवा राखिने प्रत्येक स्थानमा त्यहाँ रहेका प्रत्येक व्यक्तिको नाम, प्रवेश मिति र छुटेको वा स्थानान्तरण भएको मिति उल्लेख गर्न एक रजिष्टर राखिनेछ ।

५. निर्वाध कानूनी पुर्पक्षको अधिकारलाई सम्मान र संरक्षण गरिनेछ । थुनामा रहेका व्यक्तिले निजको परिवार, कानून व्यवसायी र तोकिएका कानूनी प्रावधानअन्तर्गत मिल्ने अन्य कुनै व्यक्तिसँग कुराकानी गर्न पाउनेछन् । अभियुक्त स्वयम्लाई आफ्नो मुद्दाको सुनुवाईमा उपस्थित हुने अधिकार रहनेछ । निज स्वयम् वा निजले रोजेको कानून व्यवसायीबाट सल्लाह लिने अधिकार रहनेछ ।

६. थुनामा राखिने व्यक्तिलाई अधिकारिक मान्यता प्राप्त स्थानमा राखिनेछ । थुनामा रहेका व्यक्तिहरूलाई मानवोचित स्थानमा राखिनेछ र पर्याप्त खाना, पिउने पानी, उपयुक्त वास, कपडा, स्वास्थ्य र सरसफाईको सुविधा एवम् सुरक्षा प्रदान गरिनेछ ।

९. थुनाबाट मुक्त गरिँदा भरपर्दो प्रमाण उपलब्ध गराई व्यक्तिको आत्मसम्मान र अधिकार प्रत्याभूत गरिनेछ ।

१०. प्रभावकारी न्यायिक उपचारका निमित्त अदालतबाट दिइएका बन्दी प्रत्यक्षीकरणलगायतका आदेशहरूको सम्मान गरिनेछ । थुनुवाको अवस्था, स्वास्थ्यस्थिति जाँच्ने अधिकार एवम् पक्राउ गर्ने र सो अधिकार दिने अधिकारीहरूको पहिचान गर्ने अधिकारको प्रत्याभूति गरिनेछ । यस्ता अधिकारका विरुद्ध हुने कुनै पनि बदनियतपूर्ण कार्य कानूनबमोजिम दण्डनीय हुनेछन् ।

उपर्युक्त प्रतिबद्धता नं. ३, ४, ५, ६, ९, १० कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :

कानूनी, प्रशासनिक वा न्यायिक वा अन्य जुनसुकै उपाय अपनाई नेपालमा जबर्जस्ती बेपत्ता पार्ने घटनाहरू रोक्न तथा अन्त्य गर्न गम्भीर प्रभावकारी कदम तुरुन्त चाल्नुपर्छ । यसले मात्र श्री ५ को सरकार जबर्जस्ती बेपत्ता पारिने घटनाहरूलाई स्वीकार गर्दैन भन्ने देखाउनेछ । यससम्बन्धमा विशेषगरी निम्न कदमहरू चाल्नु जरुरी हुन्छ :

१५. कानून लागू गर्ने अधिकारीले बल तथा हतियार प्रयोग गर्ने विषयमा बन्ने नियम तथा विनियममा निम्न निर्देशनहरू समावेश गर्नुपर्छ : (क) कानून लागू गर्ने अधिकारीलाई हतियार प्रयोग गर्ने अधिकारप्राप्त परिस्थितिहरू स्पष्ट हुनुपर्छ तथा यी अधिकारीले प्रयोग गर्न पाउने हतियार तथा गोलाबारुदको विषयमा पनि स्पष्ट व्यवस्था हुनुपर्छ । (ख) अनावश्यक क्षतिको जोखिम कम गर्न हतियार उपयुक्त अवस्थामा मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । (ग) व्यक्तिलाई अनावश्यक घाइते बनाउने तथा अनावश्यक जोमिख उठाउनुपर्ने खालका हतियार तथा गोलाबारुदको प्रयोगमा प्रतिबन्ध लगाउनुपर्छ । (घ) हतियार नियन्त्रण, भण्डारण तथा वितरणका विषयलाई नियमित बनाउनुपर्छ । यस्तो नियममा हतियार तथा गोलाबारुद प्राप्त गर्ने अधिकारी ती वस्तुहरूका लागि जिम्मेवार हुनेछन् भन्ने पनि व्यवस्था गर्नुपर्छ । (ङ) हतियार प्रयोग गर्ने अवस्थामा उपयुक्त अवस्थामा चेतावनी दिने व्यवस्था गर्नुपर्छ । (च) कानून लागू गर्ने अधिकारीले कर्तव्य पालना गर्दा हतियार प्रयोग गरेको छ भने त्यसको सूचना दिइने प्रणालीको व्यवस्था गर्नुपर्छ ।

## १. गिरफ्तारी

(क) पक्राउ गरिने व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणबारे सूचना दिनुपर्छ ।
(ख) निजविरुद्ध लगाइएको आरोपको तत्काल जानकारी दिने कुरा सुनिश्चित गर्नुपर्छ ।
(ग) सक्षम अधिकारीले कानूनअनुसार लिखित आदेश दिएमा मात्र गिरफ्तार गर्नुपर्छ ।
(घ) गिरफ्तार गर्न जाने कर्मचारीको परिचय स्पष्ट उल्लेख गरिनुपर्छ ।
(ङ) त्रसित पार्ने उद्देश्यले कसैलाई पनि गिरफ्तार गर्नुहुँदैन ।
(च) अपराध गर्दागर्दैको अवस्थामा बाहेक कसैलाई पनि राति गिरफ्तार गर्नुहुँदैन ।

## २. हिरासत

(क) कसैलाई पनि गोप्य स्थानमा बन्दी बनाई राखिनेछैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
(ख) पक्राउ परेका कुनै पनि व्यक्तिलाई कानूनबमोजिम अधिकारप्राप्त अधिकारी समक्ष उपस्थित गराउनु पर्छ र अविलम्व उसको सुनुवाइ हुनुपर्छ ।
(ग) त्यस्ता व्यक्तिहरूको पक्राउ तथा उनीहरूलाई बन्दी बनाइएको स्थान वा स्थानान्तरणबारेमा सही सूचना उनीहरूका परिवार, कानूनी सल्लाहकार वा आधिकारिक व्यक्तिलाई तुरुन्त उपलब्ध गराउनुपर्छ ।
(घ) पक्राउ परेको कुनै पनि व्यक्तिलाई ढिलो नगरी आफ्नो छनौट अनुसारको कानून व्यवसायीसँग सल्लाह गर्नपाउने अधिकार दिनुपर्छ तथा त्यस्ता सल्लाहकारसँग खुला र गोप्यरूपले सञ्चार गर्ने अधिकार सुनिश्चित गर्नुपर्छ ।
(ङ) बन्दीप्रत्यक्षीकरणको अधिकार प्रभावकारी रूपमा उपभोग भएको कुराको प्रत्याभूति गर्न तुरुन्त कदम चाल्नुपर्छ ।
(च) उपरोक्त अधिकारहरूमा अवरोध पुर्‍याउने काममा संलग्न जोसुकै कानूनअन्तर्गत सजायको भागी हुने कुरा प्रत्याभूत गर्नुपर्छ ।
(छ) उपरोक्त मापदण्डबारे सर्वसाधारण तथा विशेषगरी बन्दीगृह वा कारागारका अधिकारीहरूमा चेतना जगाउन व्यापक प्रचारप्रसार सुनिश्चित गर्नुपर्छ ।
(ज) बन्दी बनाई राखिएका स्थान तथा राख्न सकिने संभावित अन्य स्थानमा राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य सक्षम निकायले पहुँच पाउने व्यवस्था सुनिश्चित गर्न सैनिक, सशस्त्र प्रहरी, प्रहरी तथा अन्य अधिकारीलाई स्पष्ट निर्देशन जारी गर्नुपर्छ ।
(झ) नागरिक वा सैन्य वा अन्य कुनै पनि सार्वजनिक निकायको कुनै पनि आदेश वा निर्देशनले जबर्जस्ती बेपत्ता पार्ने घटनालाई न्यायोचित नठहर्‍याउने कुरा सुनिश्चित गर्नुपर्छ । र त्यस्तो आदेश पालन गर्न इन्कार गर्न सकिन्छ भन्ने जानकारी कार्वाहीकोलागि खटिएका सुरक्षाकर्मीलाई स्पष्ट रूपले दिनुपर्छ ।
(ञ) श्री ५ को सरकारले गिरफ्तारी, पक्राउ, थुना, स्थानान्तरण वा कैदका विषयमा कानून कार्यान्वयन गर्ने सबै अधिकारीहरू तथा बल वा हतियार प्रयोग गर्न कानूनबाट अधिकारप्राप्त अधिकारीमाथि तहगत नियन्त्रण ९ऋजबष्ल या ऋयक्कबलम० सहित कडा सुपरिवेक्षण सुनिश्चित गर्नुपर्छ ।
(ट) जवरजस्ती वेपत्ताको गम्भीरतालाई मनन गर्दै यस्ता कार्य गर्नेउपर फौजदारी कानूनअन्तर्गत सजाय हुनुपर्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
(ठ) बन्दी बनाइएका सबैको आधिकारिक अद्यावधिक विवरण निम्नानुसार प्रत्येक हिरासतमा राखिएका स्थानमा राख्नुपर्छ ।
  १. हिरासतमा राख्न आदेश दिने अधिकारीको नाम तथा परिचय,
  २. हिरासतमा राखिएको व्यक्तिको नाम, अन्य परिचय र हिरासतमा राख्नुपर्ने कारण,
  ३. हिरासतमा लिएको समय र मिति तथा हिरासतबाट हटाइएको मिति र समय,
  ४. न्यायिक अधिकारी समक्ष प्रस्तुत भएको मिति र समय,
  ५. हिरासतबाट मुक्त गरिँदाको अवस्था र स्थानान्तरणको मिति र समय ।
  ६. हिरासतमा लिँदा शारीरिक अवस्थाको प्रलेख ।
(ड) यि विवरणहरू माग भएको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य सक्षम निकाय वा अधिकारप्राप्त व्यक्तिलाई उपलब्ध गराउनुपर्छ ।
(ढ) हिरासतमा राखिएका कुनै पनि व्यक्तिलाई रिहा गर्दा अधिकार प्राप्त अदालतको रोहवरमा गर्नु पर्छ र रिहा गरिँदा शारीरिक तथा मानसिक अवस्थाको प्रलेख राखिनुपर्छ ।
(ण) माथि उल्लेख गरिएको कुनै पनि गतिविधिमा आरोपित अधिकारीलाई अनुसन्धानका क्रममा कुनै पनि पदीय दायित्वबाट निलम्बन गरिनुपर्छ । उनीहरूमाथिको सुनुवाइ सैन्य अदालतजस्ता कुनै विशेष अदालतबाट नभई सामान्य अदालतमा हुनुपर्छ । यस्तो सुनुवाइमा कुनै पनि प्रकारको विशेषाधिकार, सुविधा वा सजायमा विशेष छुट स्वीकार गर्नु हुँदैन ।
(त) उल्लिखित अपराध गर्ने व्यक्ति वा अभियुक्तहरूले कुनै विशेष कानून वा फौजदारी न्यायप्रणाली वा कुनै अन्य उपायबाट अभियोगबाट मुक्त हुनसक्ने वा क्षमादान हुनसक्ने प्रावधानबाट लाभ प्राप्त गर्ने छैनन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
(थ) जबर्जस्ती बेपत्ता पार्ने कार्य वा गैरकानूनी वा स्वेच्छाचारी गिरफ्तारीका कार्यबाट पीडित तथा तिनका परिवारलाई सम्भव भएसम्म पूर्ण पुनःस्थापनालगायत पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने अधिकार भएको कुरा सुनिश्चित गर्नुपर्छ । जबर्जस्ती बेपत्ता पारिएको घटनामा पीडितको मृत्यु भएको स्थितिमा तिनका आश्रितहरूलाई पर्याप्त क्षतिपूर्ति पारदर्शी रूपमा उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्नुपर्छ ।
(द) कुनै पनि व्यक्तिलाई कानूनबमोजिम हिरासतमा राख्दा सैनिक ब्यारेकजस्ता ठाउँमा राखिने छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । र त्यस्ता व्यक्तिहरूलाई नागरिक प्रशासनअन्तर्गत रहने मानवोचित ठाउँमा राखिने कुरा सुनिश्चित गरिनुपर्छ ।

७. अभियुक्तलाई कानूनबमोजिम उचित समयावधिभित्र स्वतन्त्र र निष्पक्ष रूपमा कार्वाही गर्न सक्ने र सक्षम अदालतबाट मुद्दाको सुनुवाई गर्न पाउने अधिकार हुनेछ ।

११. कुनै पनि व्यक्तिउपर सोही कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने वा सजाय गरिनेछैन। न्याय प्रदान हेतु कानूनबमोजिम सबै न्यायिक प्रक्रियाअनुरूप कार्य गर्न सक्षम अदालतलाई मात्र सजाय तोक्ने अधिकार रहनेछ।

उपर्युक्त प्रतिबद्धता नं. ७ र ११ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्काल निम्न कदम चाल्नुपर्छ :

(१) कानूनको अगाडि सबै व्यक्ति समान छन् भन्ने कुरा सुनिश्चित गरिनुपर्छ। कसैविरुद्ध फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै कानूनी मुद्दामा निजको अधिकार वा कर्तव्यहरूको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायिक निकायबाट सुनवाइको मौका प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनुपर्छ।

(२) फौजदारी कसुरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानूनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको मानिने अधिकार सुरक्षित गर्नुपर्छ।

(३) फौज्दारी अभियोग लागेको कुनै पनि व्यक्तिलाई देहाय बमोजिमका न्यूनतम अधिकारहरूको प्रत्याभूति गरिनुपर्छ।

(क) आफूविरुद्धको अभियोगको प्रकृति तथा कारणको जानकारी सकेसम्म अभियोग लागेको व्यक्तिले बुझ्ने गरी तुरुन्त उपलब्ध गराउनुपर्छ।

(ख) आफनो प्रतिरक्षाको तयारीको लागि पर्याप्त समय तथा सुविधा पाउनुपर्छ।

(ग) अनुचित विलम्बविना सुनुवाइको व्यवस्था गरिनु पर्छ।

(घ) कुनै पनि आरोपित व्यक्तिलाई कानूनी सहायता आवश्यक भएको र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त आर्थिक साधन नभएको अवस्थामा निजले निःशुल्क कानूनी सहायता पाउनुपर्छ।

(ङ) आफ्ना साक्षी प्रमाणहरू प्रस्तुत गर्न तथा आफूविरुद्धका साक्षी परीक्षण गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ।

(च) आरोपित व्यक्तिले अदालतमा प्रयोग गर्ने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको सेवा निःशुल्क पाउनुपर्छ।

(छ) कसैलाई पनि आफ्नोविरुद्ध जवरजस्ती बयान दिन वाध्य गराउन हुदैन।

(४) बालअभियुक्तको हकमा निजको उमेरको आधारमा पुनर्स्थापना गर्ने किसिमले कार्यविधि निर्धारण हुनुपर्छ।

(५) अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानूनबमोजिम माथिल्लो न्यायिक निकायबाट आफ्नो सजाय वा दण्ड पुनरावलोकन गराइपाउने अधिकार सुनिश्चित गर्नुपर्छ।

८. थुनामा रहेका अभियुक्तलाई शारीरिक वा मानसिक यातना वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने वा दण्ड दिइनेछैन। यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानूनले तोकेबमोजिम क्षतिपूर्ति दिइनेछ र यस्ता व्यवहारका लागि जिम्मेवार व्यक्तिउपर कानूनबमोजिम कारवाही र सजाय हुनेछ।

उपर्युक्त प्रतिबद्धता नं. ८ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्काल निम्न कदम चाल्नुपर्छ :

(१) यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार निषेध गरिएकोसार्वजनिक घोषणा सरकारबाट गरिनुपर्छ।

(२) श्री ५ को सरकारले पर्याप्त पोषण, खानेपानी, स्वच्छ हावा, खुला स्थान, न्यानोपन र उपयुक्त पोसाकको व्यवस्था गर्नुपर्छ एवम् आवश्यक परेको वा अनुरोध गरेको अवस्थामा चिकित्सकबाट हेरबिचारका साथै मानव प्रतिष्ठा तथा भौतिक र मानसिक स्वास्थ्यको सुरक्षा गर्नु पर्छ।[१६]

(३) अपवादजनक अवस्थामा बाहेक अभियुक्तलाई सजाय पाएका व्यक्तिहरू बाट अलग राखिने कुरा सुनिश्चित गर्नुपर्छ।

(४) श्री ५ को सरकारले राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य अधिकारप्राप्त निकायले विनासूचना कारागारका सबै स्थानमा रहेका सबै व्यक्तिसम्म विना अवरोध पुग्ने तथा तिनीहरूको सम्पूर्ण रेकर्ड हेर्ने अधिकार सुनिश्चित गर्नु पर्छ र योग्य चिकित्सकवाट कारागारको नियमित रूपबाट निरीक्षण गराउनुपर्छ।

(५) श्री ५ को सरकारले यातना तथा त्यसप्रकारको व्यवहार निषेध गर्नु वा यसलाई अन्तर्राष्ट्रिय कानूनअनुरूप अपराध बनाउनुमात्र पर्याप्त हुँदैन। श्री ५ को सरकारले यी उल्लङ्घनको रोकथामका लागि अपर्याप्त सावित भएका वर्तमान व्यवस्थाको समीक्षा गर्नुपर्छ र निम्न कार्यहरू गर्नुपर्छ।

(क) यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको अभियोग वा सजायबारे प्रभावकारी, छिटो छरितो, स्वतन्त्र तथा पारदर्शी अनुसन्धानलाई सुनिश्चित गर्न कदमहरू चाल्नुपर्छ।

(ख) सार्वजनिक अधिकारीहरू वा राज्यका तर्फबाट काम गरिरहेका कसैले गरेको भए पनि अन्तर्राष्ट्रिय स्तरमा परिभाषित यातना, क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गर्नेलाई सजाय हुने कुरा सुनिश्चित गर्नुपर्छ।

(६) यातना दिने, वा क्रूर वा अमानवीय व्यवहार गर्नेविरुद्ध उजुरी गर्ने प्रक्रिया प्रभावकारी बनाउनुपर्छ। आधिकारिक निकायबाट तत्परता तथा निष्पक्षताका साथ अनुसन्धान गर्ने कुरा सुनिश्चित गर्नुपर्छ।

(७) सैनिक, कानून कार्यान्वयन गर्ने व्यक्ति, चिकित्सक तथा कुनै पनि प्रकारको गिरफ्तारी, कैद वा कारावासमा परेका व्यक्तिसँग व्यवहार गर्ने कर्मचारीलाई दिइएको निर्देशन तथा प्रशिक्षणमा यी मापदण्ड समावेश भएको कुरा सुनिश्चित गर्नुपर्छ।

(८) बन्दी राख्ने कुनै पनि ठाउँमा यातना वा दुर्व्यवहारका लागि प्रयोग हुने उपकरणहरू राखिएका छैनन् भन्ने सुनिश्चित गर्नुपर्छ।

(९) चिकित्सक एवम् कानूनविद्हरूलाई अनुसन्धानको लागि आवश्यक भएको ठाउँमा उपयुक्त सुपरिवेक्षणअन्तर्गत र परिवारका सदस्यहरूलाई अविलम्व तथा नियमित रूपमा बन्दीसम्म पहुँच दिने कुरा सुनिश्चित गर्नुपर्छ।

---

[१६]. कैदीहरूसंग व्यवहारका न्यूनतम नियमहरू सन् १९५५ मा जेनेभामा सम्पन्न अपराधहरूको रोकथाम र अपराधीहरूसंगको व्यवहारसम्बन्धी प्रथम संयुक्त राष्ट्र संघीय महासभाद्वारा पारित भएको थियो र आर्थिक तथा सामाजिक परिषदको ३१ जुलाई १९५७ को प्रस्ताव नं. ६६३ (XXIV) र १३ मे १९७७ को प्रस्ताव नं. २०७६ (LXII) द्वारा अनुमोदित भएको थियो।

१२. प्रत्येक नागरिकलाई अधिराज्यभर आवतजावत र रोजेको ठाउँमा बसोबास गर्ने स्वतन्त्रता हुनेछ। विस्थापित व्यक्तिहरूलाई आफ्नो घर वा रोजेको बासस्थानमा फर्कने अधिकार सुनिश्चित गरिनेछ।
१३. खाद्य, औषधिलगायतका मानवीय आवश्यकताहरूको आपूर्तिसम्बन्धी व्यवस्थालाई अधिराज्यभर सुनिश्चित गरिनेछ।

उपर्युक्त प्रतिबद्धता नं. १२ र १३ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :

(१) आयोगले अनुगमनको क्रममा सुरक्षा फौजले मुआब्जासमेत नदिई सर्वसाधारणका वासस्थान र जमीन समेत आफ्नो प्रयोगमा लिएको भन्ने जानकारी प्राप्त गरेको हुँदा श्री ५ को सरकारले व्यक्तिको जीऊधनको सुरक्षाका लागिबाहेक जबर्जस्ती आफनो वासस्थान वा क्षेत्रबाट हटाउनु हुँदैन।

(२) कुनै पनि कारणले खाद्यान्न तथा औषधिको ओसार पसारमा अवरोध आउने कार्य गरिने छैन भन्ने सुनिश्चित गर्नु पर्छ।

१५. प्रत्येक व्यक्तिलाई विचार, अभिव्यक्ति र धर्मसम्बन्धी स्वतन्त्रता हुनेछ। यस्तो स्वतन्त्रताले आफूले चाहेको धर्म वा विश्वासबमोजिम पूजा-अर्चना र पालना समेतलाई समेट्नेछ। प्रचलित कानूनबमोजिम आफ्ना विचारलाई निर्वाध व्यक्त गर्ने अधिकार सबै व्यक्तिलाई हुनेछ। यस्तो अधिकारअन्तर्गत सबै किसिमका सूचना खोज्ने, प्राप्त गर्ने र प्रसारण गर्ने कुरा समेटिनेछन्।
१६. प्रत्येक व्यक्तिलाई कानूनबमोजिम अरूसँग मिली संघसंस्था खोल्ने स्वतन्त्रता हुनेछ। विना हातहतियार शान्तिपूर्वक भेला हुने अधिकार निर्वाध रहनेछ। प्रत्येक नागरिकलाई सार्वजनिक गतिविधिमा स्वयम् वा स्वतन्त्ररूपमा निर्वाचित प्रतिनिधिमार्फत सहभागी हुने अधिकार हुनेछ।

उपर्युक्त प्रतिबद्धता नं. १५ र १६ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :

(१) प्रत्येक व्यक्तिको स्वतन्त्र विचारहरू राख्न पाउने अधिकारलाई सम्मान गर्नुपर्छ साथै पत्रकारहरूको संरक्षण गर्न आवश्यक कदम चाल्नुपर्छ।

(२) प्रत्येक व्यक्तिको मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफनो छनौटको कुनै अन्य माध्यममार्फत सबै किसिमका सूचना तथा विचारहरू राख्ने वा प्राप्त गर्ने तथा दिने स्वतन्त्रताको संरक्षण गर्नुपर्छ।

(३) शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रतालाई सम्मान गर्नुपर्छ। प्रत्येक व्यक्तिको आफनो हितको लागि ट्रेड युनियन खोल्ने र त्यसमा सम्मिलित हुने अधिकारलगायत संगठित हुने अधिकारको संरक्षण गर्नुपर्छ।

(४) कुनै भेदभाव तथा अनुचित प्रतिबन्ध विना प्रत्येक नागरिकको देहायका अधिकार एवम् अवसरलाई सुनिश्चित गर्नुपर्छ।
  (क) प्रत्यक्ष रूपमा वा छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक क्रियाकलापमा भाग लिन दिनुपर्छ।
  (ख) गोप्य मतदान वाट आफ्ना प्रतिनिधहरू छान्ने र निर्वाचनमा समेत भागलिन पाउने अधिकार सुनिश्चित गर्नुपर्छ।
  (ग) समानताका मान्यता भित्र नेपालको सार्वजनिक सेवामा प्रवेश गर्ने पहुँच पाउनुपर्छ।

१४. शैक्षिक संस्थाहरूलाई "शान्तिक्षेत्र" को रूपमा मान्यता दिई त्यस्ता संस्थाका हाताभित्र शिक्षा वा शान्ति भङ्ग गर्ने क्रियाकलापलाई छुट दिइने छैन।
१७. महिला तथा बालबालिकाहरूलाई विशेष संरक्षणको अधिकार रहनेछ। महिला तथा बालअधिकार पूर्ण रूपमा संरक्षण गरिनेछ र बालअधिकारसम्बन्धी महासन्धि एवम् महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिजस्ता अन्तर्राष्ट्रिय महासन्धिको सम्मान गरिनेछ। यस्ता भेदभावहरूको समाप्तिका लागि सम्बन्धित संयन्त्रलाई सुदृढ गरिनेछ।

प्रतिबद्धता नं. १४ र १७ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :

१. बालबालिकाको अधिकार संरक्षण :
  (क) प्रत्येक बालबालिकालाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा कुनै भेदभावविना परिवार, समाज तथा राज्यबाट प्राप्त हुने आवश्यक संरक्षण उपलव्ध गराउने कुरा सुनिश्चित गर्नु पर्छ।
  (ख) विद्यालयलाई शान्ति क्षेत्रकोरूपमा व्यवहार गरिने व्यहोराको घोषणा तुरुन्त गर्नुपर्छ।
  (ग) विद्यालय हाताभित्र वा विद्यालय भवनभित्र विद्यालयसँग असम्बन्धित कुनै पनि क्रियाकलाप गर्न रोक लगाउनुपर्छ।
  (घ) विद्यालय हाताभित्र कुनै पनि प्रकारको सैन्य गतिविधि सञ्चालन गर्नु हुँदैन।

२. महिलाको अधिकार संरक्षण
  (क) द्वन्द्वको रोकथाम, व्यवस्थापन र समाधान तथा शान्ति प्रक्रियामा महिलाको प्रतिनिधित्वलाई बढाउनुपर्छ।
  (ख) विभिन्न सार्वजनिक क्षेत्रमा महिलाको प्रतिनिधित्व बढाउने नीति तय गरिनुपर्छ।
  ( ग) लिङ्गका आधारमा हुने हिंसाबाट महिला तथा बालिकाहरूलाई संरक्षण गर्न विशेष उपाय अपनाउनुपर्छ।
  ( घ) महिला तथा बालिकाप्रति हुने यौन तथा अन्य हिंसासम्बन्धी अपराधका विरुद्ध कानूनी कार्वाही चलाउन प्रभावकारी व्यवस्था गर्नुपर्छ।
  (ङ) निशस्त्रीकरण, समूहबाट पृथक्कीकरण, तथा पुनःस्थापना प्रक्रियामा महिला र बालिकाहरूका विशेष आवश्यकताप्रति ध्यान दिनुपर्छ।

१८. मानवअधिकारका सिद्धान्तहरू तथा अन्तर्राष्ट्रिय मानवीय कानूनहरूको कार्यान्वयनमा लागेका मानवअधिकारवादी समूहहरू, अन्य गैररकारी संस्थाहरू तथा मानव अधिकारकर्मीहरूलाई संरक्षण प्रदान गरिनेछ।

उपर्युक्त प्रतिबद्धता नं. १८ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :

  (१) मानव अधिकार तथा मानवतावादी गैरसरकारी संस्था र अन्य गैरसरकारी संस्थाहरूलाई डर, धम्की तथा त्रास देखाउने कार्य हुन दिनु हुँदैन।

(२) मानव अधिकारसँग सम्बन्धित गैरसरकारी संस्थाहरूलाई नेपालभरि स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने प्रत्याभूति दिनुपर्छ।
(३) श्री ५ को सरकारले मानव अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रमा उल्लेख भएअनुसार सम्पूर्ण मानव अधिकार कार्यकर्ताप्रति सम्मान गर्ने र गर्न लगाउने व्यवस्था गर्नुपर्छ।[१७]

१९. मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनका सम्बन्धमा सुरक्षा निकायहरूलाई दिइने तालिमलाई निरन्तरता दिइनेछ।

उपर्युक्त प्रतिबद्धता नं. १९ कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :
श्री ५ को सरकारले कानून लागू गर्ने कुनै पनि व्यक्ति वा सैनिक वा नागरिक नेतृत्वको जिम्मेवारी वहन गरेका व्यक्तिहरूलाई नेपालको मानव अधिकारसम्बन्धी दायित्व तथा विशेष गरी यहाँ उल्लेख गरिएका सुझावहरू कार्यान्वयन गर्ने विषयमा तालिम दिने कुरा सुनिश्चित गर्नुपर्छ।

२०. आतङ्कवादविरुद्धको कुनै पनि कानून यस सन्दर्भमा स्थापित अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मान्यतासम्मत हुनेछन्।

उपर्युक्त प्रतिबद्धता नं. २० कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :
आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिहरू (नियन्त्रण तथा सजाय) ऐन, २०५८ का कतिपय प्रावधानहरू मानव अधिकारका सिद्धान्त विपरीत भएकाले त्यस्तो प्रावधानको कार्यान्वयन रोक्न आवश्यक कदमहरू तुरुन्त चाल्नुपर्छ। प्रजातान्त्रिक सिद्धान्तअनुरूप सबै सुरक्षाफौजहरू नागरिक प्रशासनको प्रभावकारी नियन्त्रणमा रहने कुरालाई सुनिश्चित गर्नुपर्छ।

२१. विगतका मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानून उल्लङ्घनका घटनाहरूलाई हेर्ने र आवश्यक उपायहरूको मूल्याङ्कन गर्नका लागि श्री ५ को सरकारले एउटा उपयुक्त संयन्त्रको स्थापना गर्नेछ।

उपर्युक्त प्रतिबद्धता नं. २१ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ।
(१) प्रस्तावित संयन्त्र स्थापना गर्दा राष्ट्रिय मानव अधिकार आयोगसँग सुझाव लिई त्यस्तो संयन्त्र तुरुन्त स्थापना गर्नुपर्छ।।
(२) विगतका वर्षहरूमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि उठाएका विभिन्न विषयहरूलाई उचित तवरले सम्बोधन गर्नुपर्छ। यस विषयमा श्री ५ को सरकारले गरेको व्यवस्थाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगलाई तुरुन्तै जानकारी उपलब्ध गराउनुपर्छ।

२२. हराएका भनिएका व्यक्तिहरूको स्थिति तथा स्थान निश्चित गर्नका लागि श्री ५ को सरकारको पूर्ण सहयोग रहनेछ। अन्तर्राष्ट्रिय रेडक्रसलाई थुनुवा राखिने सबै स्थानमा पहुँचलगायतका कार्यमा सहयोग निरन्तर रहनेछ।

उपर्युक्त प्रतिबद्धता नं. २२ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदम चाल्नुपर्छ :
(१) सशस्त्र द्वन्द्वका कारण जनता हराउने छैनन् र उनीहरूलाई बेपत्ता पार्ने व्यक्तिलाई जवाफदेही बनाइनेछ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ।
(२) हराएका व्यक्तिहरूको खोजी गर्ने र परिवारमा पुनः आबद्ध गर्ने प्रयासहरू नेपालको अन्तर्राष्ट्रिय दायित्वअनुरूप प्रभावकारी तथा पर्याप्त हुनु पर्छ।
(३) हराएका व्यक्तिका अवस्थाका विषयमा प्रभावकारी, स्वतन्त्र अनुसन्धान गर्नुपर्छ। मृत वा घाइते तथा गाडिएका शवका विषयमा खोजतलास गर्ने प्रभावकारी संयन्त्र वनाउनु पर्छ र उक्त कार्यको लीग निम्नअनुसार गर्नु आवश्यक छ :
    (क) द्वन्द्वका कारण छिन्नभिन्न भएका परिवारका खबर तथा सोधपुछका जानकारीहरू आदानप्रदान गर्न सजिलो बनाउनु पर्छ। यसरी उनीहरूलाई एकअर्कासँग सम्पर्क र पुनर्स्थापना गर्न सहयोग गर्नुपर्छ र उनीहरूलाई पुनः एकै स्थानमा ल्याउन प्रयास गर्नुपर्छ।
    (ख) कानून कार्यान्वयन गर्ने अधिकारीलाई पहिचान गर्न सकिने साधन उपलब्ध गराउनु पर्छ।
    (ग) हराएका व्यक्तिहरूको सङ्ख्या कम गर्न मानव अवशेषहरूलाई समुचित तरिकाले राख्ने कुरा सुनिश्चित गर्नुपर्छ। श्री ५ को सरकारले मृत व्यक्तिको पहिचान गर्न सघाउ पुग्ने खालका वस्तु वा अवशेष सङ्कलन गरी सनाखत गर्न प्रयास गर्नुपर्छ, यस्ता कुरालाई नष्ट हुने वा क्षति पुऱ्याउने कार्य हुन दिनु हुँदैन र अवशेषहरूलाई नजिकका नातेदारलाई सजिलै फिर्ता बुझाउनुपर्दछ वा सम्मानपूर्वक अन्त्येष्टि गर्नुपर्छ।
    (घ) यसप्रकारका मानवीय सेवामा संलग्न भएका संस्थाहरूका साथै अन्तर्राष्ट्रिय रेडक्रस समितिका कार्यलाई उत्प्रेरित गरिदिनुपर्छ।
    (ङ) मारिएका व्यक्तिहरूको अवशेष गाडिएको वास्तविक स्थान, चिहानमा राखिएको सङ्केत र उक्त स्थानमा शवका साथै गाडिएका अन्य कुराहरूको सूची उपलब्ध गराउनुपर्छ।
    (च) प्रभावित परिवारलाई सहयोग गर्नुपर्छ। हराएका व्यक्तिका परिवारलाई उनीहरूको अवस्थाको बारेमा जानकारी प्राप्त गर्ने अधिकार हुन्छ। उनीहरूलाई निवृत्तीभरण वा यस्तै प्रकारका अन्य अधिकार प्राप्त गर्न आवश्यक सहयोग सुनिश्चित गर्नुपर्छ।

[१७]. यी सुझावहरू नेपालले स्वीकार गरेका सन्धिका मापदण्डबाट प्रवाहित भएका हुन् र यी विषयमा इच्छाविपरीत वा बलपूर्वक बेपत्ता पार्ने कार्य निवारण गर्ने विषयमा संयुक्त राष्ट्र सङ्घको घोषणापत्र, विश्वव्यापी रूपमा स्वीकार गरिएको मानव अधिकार तथा मौलिक स्वतन्त्रता प्रबर्द्धन तथा संरक्षण गर्न व्यक्ति, समूह तथा सामाजिक अङ्गको अधिकार तथा जिम्मेवारीका विषयमा संयुक्त राष्ट्र सङ्घको घोषणापत्र, मानव अधिकार संरक्षणका लागि साधारण सभाको निर्णय ५३/१४४, आन्तरिक विस्थापनका विषयमा संयुक्त राष्ट्र सङ्घको निर्देशक सिद्धान्तमा संहिताबद्ध मापदण्ड र यस विषयमा सन् १९९८ को डिसेम्बर महिनामा साधारण सभाबाट भएको निर्णय ५३/१४४ का साथै महिला, शान्ति तथा सुरक्षाका विषयमा सुरक्षा परिषद्बाट सन् २००० को अक्टोबरमा भएको निर्णय एस/आर ई एस/१३२५ जस्ता दस्तावेजमा आधिकारिक रूपमा व्याख्या गरिएको छ।

२३. राष्ट्रिय मानव अधिकार अयोगको मानव अधिकार अनुगमन तथा छानविन कार्यलाई सहज तुल्याउन र आयोगले दिएका सुझावहरूलाई कार्यान्वयन गर्नका लागि एक उच्चस्तरीय मानव अधिकार संरक्षण समिति गठन गरिनेछ। उक्त समितिले सम्बन्धित सरकारी निकायहरूले सम्पादन गर्ने निम्न कार्यहरूको सुपरिवेक्षण गर्नेछ :-

(क) मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको छानविन तथा उल्लङ्घन गर्ने जिम्मेवारहरू माथि कारवाही।
(ख) थुनुवाई सम्बन्धी कानूनको पालना।
(ग) सुरक्षा बलको सम्पर्कमा आउने सबै व्यक्तिको मानव अधिकारको संरक्षण।
(घ) गैरकानूनी वा विना कारण थुनामा रहेकाहरूको तत्काल रिहाई।
(ङ) अदालतको आदेश तथा निर्णयहरूको तत्काल कार्यान्वयन।
(च) मानव अधिकार हननका लागि जिम्मेवारहरूविरुद्ध आवश्यक कानूनी कारवाही।
(छ) पीडितहरूलाई क्षतिपूर्तिका लागि सिफारिश।

२५. माथि उल्लेख गरिएका मानव अधिकार सम्बन्धी प्रावधानहरूको उल्लङ्घन रोक्नका लागि र त्यस्ता उल्लङ्घन गर्नेहरूलाई जवाफदेही बनाउन श्री ५ को सरकारले आवश्यक व्यवस्था गर्नेछ।

उपर्युक्त प्रतिबद्धता नं. २३ र २५ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदमहरू चाल्नुपर्छ :

(१) मानव अधिकारमा नेपालले भोगिरहेको सङ्कटका गहनता तथा गम्भीरतालाई समेत दृष्टिगत गरी राष्ट्रिय मानव अधिकार आयोगका सुझावहरूलाई प्रभावकारी, पारदर्शी तथा छिटो कार्यान्वयन गर्नुपर्छ। श्री ५ को सरकारले मानव अधिकार आयोगलाई उसका सुझावहरू कार्यान्वयनमा भएका प्रगतिका बारेमा जानकारी दिनुपर्छ।
(२) पदीय हैसियत भएको वा जुनसुकै व्यक्तिबाट भएको मानव अधिकार उल्लङ्घनबाट पीडित व्यक्तिले प्रभावकारी उपचार पाउनुपर्छ,।
(३) उपचारको दाबी गर्ने व्यक्तिलाई कानूनी प्रणालीअनुसारको सक्षम अधिकारीद्वारा उपचार प्राप्त गर्ने अधिकारको प्रभावकारी उपभोगको सुनिश्चितता गर्नुपर्छ।
(४) न्यायिक उपचार सक्षम अधिकारीद्वारा गरिनुपर्छ। विशेषगरी अदालतमा उपस्थित हुन दिइने आदेश, अदालतका अन्य आदेशका साथै अदालतका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिने कुरालाई सुनिश्चित गर्नुपर्छ।
(५) श्री ५ को सरकारले निम्न कुराहरूमा समेत विशेष ध्यान दिनु आवश्यक छ :

(क) अनुसन्धान गर्ने निकायका सदस्यहरू छनौट गर्दा निष्पक्ष एवम् स्वतन्त्र रूपमा योग्य व्यक्तिहरूबाट छनौट गरिनुपर्छ। अनुसन्धान गर्ने निकायलाई अनुसन्धान गर्न आवश्यक सबै सूचना प्राप्त गर्ने अधिकार हुनुपर्छ र यस निकायले न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डअनुसार अनुसन्धान गर्नुपर्छ।
(ख) अनुसन्धान गर्ने व्यक्तिलाई प्रभावकारी अनुसन्धान गर्न आवश्यक आर्थिक स्रोत तथा प्राविधिक साधन प्राप्त हुनुपर्छ। उनीहरूलाई अपराधमा संलग्न भएको भनी आरोप लगाइएका अधिकारीहरूलाई उनीहरू समक्ष उपस्थित गराउने तथा बयान दिन लगाउने अधिकार हुनुपर्छ। साक्षीका विषयमा पनि यो प्रावधान लागू हुनुपर्छ।
(ग) मरेका व्यक्तिको शव सम्भव भएसम्म चिकित्सकबाट पूर्ण रूपमा पोष्टमार्टम नगरेसम्म नष्ट गर्नु हुँदैन र यस्ता चिकित्सक पनि सम्भव भएसम्म विधि विज्ञान विशेषज्ञ हुनुपर्छ। पोष्टमार्टम गर्ने अधिकारीलाई शरीर फेला परेको स्थान तथा मृत्यु भएको भनी ठानिएको स्थानका विषयमा गरिएको अनुसन्धानका सबै तथ्याङ्क प्राप्त गर्ने अधिकार हुनुपर्छ। यदि शरीर गाडिएको छ भने र पछि अनुसन्धान आवश्यक छ भन्ने देखिएमा शरीरलाई तत्कालै तथा उपयुक्त तरिकाले निकालिनुपर्छ। यदि कङ्कालको अवशेष मात्र फेला परेमा यस्ता कुरालाई सावधानीपूर्वक निकालिनुपर्छ र मानवशास्त्रका प्रविधिका आधारमा प्रणालीगत अध्ययन गरिनुपर्छ।
(घ) पोष्टमार्टम गर्ने व्यक्तिलाई मृतकको शरीर यथासम्भव विस्तृत अनुसन्धान गर्न लाग्ने समयसम्मका लागि उपलब्ध हुनुपर्छ। पोष्टमार्टम न्यूनतम रूपमा पनि मृतकको सनाखत हुने तथा मृत्युको कारण पत्ता लगाउने प्रयासका लागि हुनुपर्छ। सम्भव भएसम्म मृत्युको समय तथा स्थान पनि निर्धारण गर्नुपर्छ। अनुसन्धानको अभिलेख तथा प्राप्तिलाई समर्थन गर्न मृतक व्यक्तिको विस्तृत तथा रङ्गिन फोटो पनि पोस्टमार्टम प्रतिवेदनमा समावेश गर्नुपर्छ। पोस्टमार्टम प्रतिवेदनमा मृतकको शरीरमा देखिएको कुनै पनि तथा सबै घाउचोटको बारेमा उल्लेख हुनुपर्छ र यसमा यातनाका कुनै प्रमाण भए सो पनि समावेश गर्नुपर्छ।
(ङ) निष्पक्ष नतिजा सुनिश्चित गर्न पोस्टमार्टम गर्ने व्यक्ति अपराधमा मुछिएका व्यक्ति, सङ्गठन वा संस्थासँग सम्बन्धित व्यक्ति रहनु हुँदैन एवम् निष्पक्ष तथा स्वतन्त्र रूपमा काम गर्न सक्ने हुनुपर्छ।
(च) उजुरीकर्ता, साक्षी, अनुसन्धान गर्ने व्यक्ति र उनीहरूको परिवारलाई हिंसा, हिंसाका चेतावनी वा अन्य कुनै प्रकारका त्रासबाट संरक्षण गर्नुपर्छ।
(छ) पीडितका परिवार तथा उनीहरूको कानूनी प्रतिनिधिहरूलाई कुनै पनि प्रकारको सुनुवाइका साथै अनुसन्धानसँग सम्बन्धित सूचनाका विषयमा जानकारी दिनुपर्छ। मृतकको सनाखत भएपछि मृतकको बारेमा सूचना प्रकाशन गर्नुपर्छ र मृतकका परिवार वा नातेदारलाई मृतकको बारेमा तत्कालै सूचना दिनुपर्छ। अनुसन्धान सम्पन्न भएपछि मृतकको शरीर नजिकको परिवारलाई फिर्ता गर्नुपर्छ।
(ज) अनुसन्धान प्रतिवेदनलाई तत्कालै सार्वजनिक गर्नुपर्छ र यसमा अनुसन्धानको क्षेत्र, प्रक्रिया, प्रमाण मूल्याङ्कन गर्न प्रयोग गरिएको विधिका साथै प्राप्त भएका तथ्य तथा प्रयोग हुने कानूनका आधारमा निकालिएको निश्कर्ष तथा सुझाव उल्लेख गर्नुपर्छ।
(झ) युद्ध, आक्रमण वा अन्य सार्वजनिक सङ्कटकालको अवस्थाका साथै कुनै पनि परिस्थितिमा हत्यामा संलग्न भएको भनी आरोप लागेका व्यक्तिलाई कानूनी कार्वाहीबाट मुक्ति प्रदान गरिने छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ।
(ञ) अघिल्ला दफाहरूमा उल्लेख गरिएका मानव अधिकार उल्लङ्घनबाट पीडितका परिवार तथा आश्रितले उपयुक्त समय अवधिभित्र उचित तथा पर्याप्त क्षतिपूर्ति पाउनेछन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ।

(ट) उपर्युक्त घटनाहरूका सम्बन्धमा विशेष अवस्थामा अन्तर्राष्ट्रिय अनुसन्धानको समेत व्यवस्था गर्नुपर्छ ।

२४. श्री ५ को सरकारले देहायवमोजिमका कार्यहरू सम्पन्न गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

(क) आयोगले आफ्नै वा अन्य कुनै पनि श्रोतबाट प्राप्त गरेको मानव अधिकार उल्लङ्घन वा निरुत्साहनको उजुरीको आधारमा आयोगको आफ्नै संयन्त्रबाट वा श्री ५ को सरकारको कुनै निकाय वा अन्य कुनै अधिकारी वा व्यक्तिहरूमार्फत अनुसन्धान गर्ने ।

(ख) कुनै पनि व्यक्ति वा संस्थाको लापरवाहीबाट हुने मानव अधिकार उल्लङ्घनलाई रोक्न अनुसन्धान गर्ने र कुनै संस्थालाई मानव अधिकारका कानूनी प्रावधानका सम्बन्धमा जानकारी दिने वा सचेत गराउने ।

(ग) श्री ५ को सरकारअन्तर्गतका कुनै पनि निकाय वा बन्दीगृह वा कुनै संस्थाहरूको भ्रमण, अवलोकन र निरीक्षण गर्ने र मानव अधिकारको संरक्षणका लागि बन्दीगृहका लागि भौतिक वा अन्य कुनै सुविधा सुधारका लागि आवश्यक पर्ने उपायका सम्बन्धमा श्री ५ को सरकारलाई सिफारिस गर्ने ।

(घ) मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि कानूनी प्रावधानहरूको पुनरावलोकन तथा कार्यान्वयनका लागि आवश्यक उपायहरू बारे सुझाव दिने ।

(ङ) नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको प्रभावकारी कार्यान्वयन तथा ती सन्धिहरूअनुरूप पेश गर्नुपर्ने प्रतिवेदनलगायतका विषयमा सुझाव दिने ।

(च) मानव अधिकारसँग सम्बन्धित विषयहरूमा अध्ययन अनुसन्धान गर्ने, मानव अधिकार सम्बर्द्धनका बारेमा शिक्षण तथा सूचना प्रवाह गर्ने र मानव अधिकार सम्बन्धी क्षेत्रहरूमा कार्यरत गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने ।

(छ) मुलुकमा विद्यमान मानव अधिकारको स्थितिको समीक्षा गर्ने ।

(ज) मानवअधिकार सम्बन्धी प्रतिबद्धताको सम्मान भए नभएको तथा खासगरी बाँच्न पाउने अधिकार र ज्यान तथा अङ्गभङ्गबाट सुरक्षा, व्यक्तिगत स्वतन्त्रता, कानूनी प्रक्रिया, अभिव्यक्तिको स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता र बालवालिका, आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू र भेदभाव हुनसक्ने अन्य कुनै समूहलगायतका अति कमजोर समूहहरूको स्थिति बारे छानविन गर्न आफ्नो अनुगमन निकाय स्थापना गर्ने ।

(झ) केन्द्रीयस्तरमा आयोगको क्षमता अभिबृद्धि गर्ने तथा क्षेत्रीयस्तरमा आयोगको पहुँच विस्तार गर्ने ।

(ञ) आयोगका कर्मचारीहरू तथा प्रतिनिधिहरूले मुलुकभर निर्वाध आवतजावनत गर्न र कुनै पनि व्यक्ति वा समूहसँगको बन्दीगृहमा वा बन्दी बनाई राखेको शंका लागेको ठाउँमा गोप्य वा खुल्ला अन्तर्वार्ता लिने ।

(ट) राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी वा प्रतिनिधि तथा आयोगलाई सूचना वा प्रमाण उपलब्ध गराउने कुनै पनि व्यक्तिको सुरक्षा निश्चित गर्ने ।

(ठ) मानव अधिकारको संरक्षणमा सुधारका उपाय बारेका सुझाव वा सूचनाका लागि आयोगद्वारा गरिएका अनुरोधमा यथाशीघ्र जवाफ दिने ।

(ड) आयोगको अनुसन्धान पछि आपराधिक अनुसन्धान र कार्वाही गर्नुपर्ने यथोचित कारण देखिएमा मुलुकका सम्बन्धित कानूनी निकायमा पठाउने ।

(ढ) विश्वसनीय, निष्पक्ष र स्वतन्त्र अनुगमन तथा छानविन गर्ने लगायतका आफ्ना निर्दिष्ट कार्यहरू सम्पन्न गर्नका निमित्त आयोगको संस्थागत र मानव संशाधन विकास गर्नका लागि संयुक्त राष्ट्र संघलगायतबाट विशेष बाह्य सहयोग उपलब्ध गराउन सघाउ पुऱ्याउने ।

उपर्युक्त प्रतिबद्धता नं. २४ कार्यान्वयन गर्न श्री ५ को सरकारले तत्कालै निम्न कदम चाल्नुपर्छ :

(१) राष्ट्रिय मानव अधिकार आयोगले पठाएका सुझाव कार्यान्वयन गरेको विषयमा आयोगलाई नियमित रूपमा विस्तृत र सही प्रतिवेदन उपलब्ध गराउनु पर्छ र यस्ता विवरण अद्यावधिक गरी राख्नुपर्छ ।

(२) आयोगलाई आवश्यकताअनुरूप आयोगको रणनीतिक योजनामा उल्लेख गरिएको कार्यहरू कार्यान्वयन गर्न आवश्यक आर्थिक तथा भौतिक स्रोत उपलब्ध गराउनुपर्छ ।

(३) संयुक्त राष्ट्र सङ्घलगायत अन्य सहयोगी राष्ट्र तथा सङ्घसंस्थाबाट सहयोगको लागि सम्बन्धित निकायहरूका साथै आयोगसँग अविलम्ब सहकार्य गर्नुपर्छ । यस सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन कार्यलाई अझ प्रभावकारी तथा विस्तृत बनाउन संयुक्त राष्ट्र सङ्घीय मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयको प्राविधिक सहयोगको व्यवस्था अविलम्ब मिलाउनु पर्छ ।

(४) गैरन्यायिक हत्या, बेपत्ता पार्ने कार्य तथा यातनाका विषयमा संयुक्त राष्ट्र सङ्घको समाधीक्षक (UN Rapporteur) हरूलाई नेपालमा आमन्त्रण गर्न आयोगले श्री ५ सरकारलाई गरेको अनुरोध तत्काल कार्यान्वयन गर्नुपर्छ ।

# अनुसूची - ६

## अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारका सिद्धान्तलाई सम्मान गर्न नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले तत्काल अवलम्बन गर्नुपर्ने न्यूनतम सर्तहरू
## १४ ज्येष्ठ २०६१

### परिचय :

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (यसपछि माओवादी भनिएको) द्वारा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारका सिद्धान्तलाई सम्मान गर्नुपर्छ भन्ने अवधारणाअन्तर्गत राष्ट्रिय मानव अधिकार आयोग (यसपछि आयोग भनिएको) ले माओवादीद्वारा पालना गनुपर्ने सर्तहरू तयार गरेको छ । यी सर्तहरू आयोगले विभिन्न मितिमा मानव अधिकारको ज्यादती रोक्न माओवादीहरूलाई गरेको आह्वान तथा माओवादीका तर्फबाट २०६० चैत्र ३ गते जेनेभा महासन्धिका साथै विश्वव्यापी मानव अधिकारको घोषणापत्रलाई सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रकाशित विज्ञप्तिलाई समेत ध्यानमा राखी तयार गरिएको हो ।

मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम गठन गरिएको आयोग एक स्वतन्त्र र स्वायत्त निकाय हो । आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन, साथै मानव अधिकारका लागि उपयुक्त ठहऱ्याएका अन्य कार्य गर्ने वैधानिक अख्तियारी मात्र होइन संयुक्त राष्ट्र संघको महासभाद्वारा डिसेम्बर २०, १९९३ मा पारित प्रस्ताव नं ४८/१३४ ले आयोगलाई मानव अधिकार संरक्षणको लागि कार्य गर्ने अन्तर्राष्ट्रिय मान्यताप्राप्त राष्ट्रिय संयन्त्रको रूपमा मान्यता प्रदान गरेको छ । आयोगद्वारा यिनै दायित्व परिपालना गर्ने सिलसिलामा यो दस्तावेज प्रस्तुत गरिएको छ ।

मानव अधिकारको विषयमा माओवादीलाई पनि जिम्मेवार बनाउनुपर्छ भन्ने आधारमा माओवादीले गरेका मानव अधिकारको ज्यादतीका विषयमा आयोगले निरन्तर आलोचना गर्दै आएको छ । यसैकारण सशस्त्र द्वन्द्वको अवस्थामा  माओवादीका आचरणलाई मानव अधिकारको सीमाभित्र राख्ने कुरालाई जोड दिनु महत्वपूर्ण हुन्छ भनी आयोग विश्वास गर्दछ ।

मानव अधिकारको ज्यादतीमा प्रत्यक्ष संलग्न हुने अथवा आफूले त्यस्तो ज्यादती रोक्नसक्ने अवस्था हुँदाहुँदै रोक्न नसकेको अवस्थामा पनि निश्चित अपराधको लागि व्यक्तिगत रूपमा आपराधिक जिम्मेवारी कायम गर्न सकिन्छ भन्ने कुरामा पनि आयोग सचेत गराउन चाहन्छ ।
त्यसैले एउटा सशस्त्र राजनैतिक विद्रोही समूहको हैसियतमा पनि माओवादीले अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारका सिद्धान्तलाई सम्मान गर्नैपर्छ । यसको लागि तत्काल अवलम्बन गर्नुपर्ने न्यूनतम सर्तहरूको बारेमा तल उल्लेख गरिएको छ ।

### १. आदेश संरचना

१.१ अन्तर्राष्ट्रिय मानवीय कानूनले निर्धारण गरेअनुसारको आचरण र व्यवहारअन्तर्गत रहने गरी माओवादीले आफ्नो आदेश संरचना (command structure) कायम गर्नुपर्छ ।

१.२ यातना, बलात्कार, गैरसैनिक हत्या, बन्धक बनाउने कार्य, अपहरण, डरधाक देखाई नगद वा जिन्सी लिने कार्य तथा गैरसैनिक क्षेत्रमा आक्रमण गर्नेजस्ता अपराध हुन नदिन प्रभावकारी व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

१.३ उपर्युक्त कार्य नरोकेमा वा भएकोमा ध्यान नदिएको वा समर्थन जनाएकोमा नेतृत्व तहमा बस्नेमाथि अन्तर्राष्ट्रिय कानूनअनुसार फौजदारी अपराध कायम हुनसक्ने हुनाले यस्ता कार्य हुन नदिने व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

### २. माओवादीद्वारा वर्तमान परिप्रेक्ष्यमा प्रयोग हुने जेनेभा महासन्धिको साझा धारा ३ का प्रावधानहरूको प्रभावकारी कार्यान्वयन

२.१ द्वन्द्वमा भाग नलिएका व्यक्तिका साथै निःशस्त्र व्यक्ति, बिरामी, घाउचोट लागेका, थुनामा रहेका वा अन्य त्यस्तै कारणले लड्न अक्षम सैनिकलाई जाति, वर्ण, धर्म वा आस्था, लिङ्ग, जन्म वा सम्पत्ति वा अन्य त्यस्तै कुनै पनि आधारमा विभेद नगरी उनीहरूप्रति मानवोचित व्यवहार गर्नुपर्छ ।

२.२ जस्तोसुकै समयमा पनि देहायका कार्यहरू निषेधित छन् :

- व्यक्तिमाथि गरिने हिंसा र विशेष गरी कुनै पनि प्रकारको हत्या र अङ्गभङ्ग गर्ने कार्य, क्रूर व्यवहार र यातना,
- बन्धक बनाउने कार्य,
- व्यक्तिगत प्रतिष्ठामाथि आक्रमण र विशेष गरी होच्याउने वा अपमानजनक व्यवहार,
- मृत्युदण्डको सजाय तोक्ने र मृत्यु दण्डको नाममा हत्या गर्ने कार्य,
- आम जनताको उपयोगिताका भौतिक संरचनालाई नष्ट गर्ने वा क्षति पुऱ्याउने कार्य,
- निःशस्त्र व्यक्तिहरूलाई विभिन्न रूपमा ढालको रूपमा प्रयोग गर्ने कार्य,
- गैरसैनिक व्यक्ति र अवकाशप्राप्त सुरक्षाकर्मीको हत्या, र
- युद्धमा असंलग्न सुरक्षाकर्मी तथा निहत्था, घर विदामा गएका वा अवकाशप्राप्त सुरक्षाकर्मी माथी आक्रमण ।

### ३. निर्वाध आवतजावतको स्वतन्त्रता एवम् मानवीय राहत

माओवादीले प्रत्येक व्यक्तिको आवातजावत तथा बसोबासस्थल रोज्न पाउने स्वतन्त्रतालाई सम्मान गर्नुपर्छ। माओवादीले आफूखुसी जोसुकैलाई शत्रु पक्षको समर्थक भनी आरोप लगाउने र सामूहिक सजाय दिने उद्देश्यले आवश्यक मानवीय सहायतामा समेत व्यवधान खडा गर्नु हुँदैन। यस्तो कार्य रोक्न माओवादीले तत्काल आवश्यकताअनुसार निम्न कदम चाल्नुपर्छ :-

३.१ द्वन्द्वको सन्दर्भमा जुनसुकै पक्षद्वारा सताइएको भए तापनि त्यस्ता व्यक्तिलाई द्वन्द्व पीडितको रूपमा व्यवहार सुनिश्चित गर्नुपर्छ।

३.२ मानवीय उद्धार कार्यमा संलग्न संस्थालाई खाद्यान्नको वितरण, स्वास्थ्य स्याहार तथा बालबालिकालाई खोप, एम्बुलेन्स, वारुणयन्त्र जस्ता अत्यावश्यक सुविधालाई (सबैभन्दा बढी आवश्यक भएको जनसमूहलाई प्राथमिकताका साथ) उपलब्ध गराउन देशका सबै भागमा स्वतन्त्र तथा निर्बाध रूपले आवतजावत गर्न दिनुपर्छ।

## ४. महिलाहरूको मानव अधिकार संरक्षण

माओवादीले महिलाहरूको मानव अधिकारको पूर्ण सम्मान गर्नुपर्छ। यसको लागि निम्न कार्यहरू सुनिश्चित गरिनुपर्छ :-

४.१ माओवादी कार्यकर्ताबाट यौनजन्य हिंसा हुन नदिन विशेष उपाय अवलम्बन गर्नुपर्छ।

४.२ माओवादी कार्यकर्ताले महिला तथा बालिकामाथि यौनजन्य हिंसाका साथै अन्य अपराधमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनअनुसार हुने कार्वाहीमा बाधा व्यवधान खडा नगरी सहयोग पुऱ्याउनुपर्छ ।

४.३ शान्ति सम्झौताका लागि वार्ता र यसको कार्यान्वयनका साथै पुनः स्थापना र पुनर्निर्माण प्रयासमा महिला सहभागिता सुनिश्चित गर्नुपर्छ ।

## ५. बालबालिकाको मानव अधिकार संरक्षण

बालबालिकालाई कुनै पनि परिस्थितिमा सशस्त्र द्वन्द्वमा प्रयोग गर्न हुँदैन भन्ने कुरालाई अनिवार्य रूपमा परिपालन गर्नुपर्छ।

माओवादीहरूले आफूले विभिन्न कार्यमा प्रयोग गरिरहेका बालबालिकालाई घर फर्काउने कार्यमा कुनै पनि सर्त राख्नुहुन्न तथा यस्तो कार्य तत्कालै गर्नुपर्छ।

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग नेकपा माओवादीलाई निम्न कुराहरू गर्न आह्वान गर्दछ :

५.१ कुनैपनि अवस्थामा १८ वर्षमुनिका बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग नगर्ने कुरा सुनिश्चित गर्नुपर्छ।

५.२ माओवादीद्वारा सैन्य प्रयोजनको लागि प्रयोग गरिएका बालबालिकालाई समूहबाट तुरुन्त मुक्त गरी सुरक्षित रूपमा घर फर्काउने कुरा सुनिश्चित गर्नुपर्छ।

५.३ विद्यालयलाई शान्तिक्षेत्र मानेर विद्यालय भवन तथा विद्यालयका हाता वरिपरिसमेत विद्यालयसँग असम्बन्धित कुनै पनि क्रियाकलाप गरिने छैन भनी सुनिश्चित गर्नुपर्छ।

५.४ कुनैपनि उद्देश्यका लागि बालबालिका अपहरण गर्ने कार्यलाई अविलम्ब र अनिवार्य रूपमा रोक्नुपर्छ।

५.५ विगतमा सैन्य प्रयोजनका लागि उपयोग गरिएका बालबालिकालाई समाजमा एकीकरण गर्न उनीहरूको भौतिक, शारीरिक, मनोवैज्ञानिक तथा आध्यात्मिक अभिरुचिअनुसार शिक्षा, व्यावसायिक तालिम, आय आर्जनका गतिविधि तथा मनोवैज्ञानिक परामर्श गर्ने काममा सहयोग पुऱ्याउनुपर्छ।

५.६ पारिवारिक पुनर्मिलन र पूर्ण सामाजिक पुनःस्थापनाका लागि संलग्न नागरिक समाज वा संघ संस्थाको कार्यमा बाधा नपुऱ्याई आवश्यक सहयोग गर्ने प्रतिबद्धता सार्वजनिक गर्नुपर्छ।

## ६. सम्पत्ति जफत तथा बलपूर्वक चन्दा

माओवादीले व्यक्तिका निजी सम्पत्ति जबर्जस्ती हरण गर्नु हुँदैन। भविष्यमा आफ्नो तर्फबाट बलपूर्वक शुल्क, चन्दा उठाउने वा सम्पत्ति हरण गर्ने कार्य हुनदिने छैन भनी सुनिश्चित गर्नुपर्छ।

## ७. जबर्जस्ती भर्ना

माओवादीले आफ्नोतर्फबाट नागरिकलाई डरधाक देखाउने तथा अपहरण गर्ने एवम् बन्धक बनाउने कार्य रोकी कुनै पनि उद्देश्यका साथ कसैलाई पनि बलपूर्वक आफ्नो समूहमा संलग्न गराइने छैन भनी सार्वजनिक प्रतिबद्धता जारी गर्नुपर्दछ।

## ८. मृतक कार्यकर्ता बारे जानकारी

माओवादीले कुनै पनि कारणबाट कार्यकर्ताको मृत्यु भएमा त्यसको व्यवस्थित अभिलेख राख्नुपर्छ र उनीहरूको मृत्युको बारेमा मृतकका परिवारका सदस्यलाई अविलम्ब जानकारी दिनुपर्छ।

## ९. बारुदी सुरुङ एवम् विष्फोटक पदार्थको जथाभावी प्रयोग

माओवादीले व्यक्तिका निजी घर वरपर, खेतबारी, गोरेटो, बाटो तथा सार्वजनिक कार्यालय परिसर जस्ता आमनागरिकले प्रयोग गर्ने स्थलमा बारुदी सुरुङ तथा अन्य विष्फोटक पदार्थ राखेको र यसले गर्दा विष्फोटमा परी युद्धमा असंलग्न व्यक्तिका साथै बालबालिकाको मत्यु वा अङ्गभङ्ग हुने गरेको हुँदा विष्फोटक पदार्थको जथाभावी प्रयोग हुन नदिन माओवादीका नेतृत्व तहका व्यक्तिले प्रभावकारी व्यवस्था सुनिश्चित गर्नुपर्छ।

## १०. आन्तरिक रूपमा विस्थापित व्यक्तिको अधिकार संरक्षण

माओवादीले संयुक्त राष्ट्र सङ्घको निर्देशक सिद्धान्तको पालना गर्दै आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिका अधिकारको सम्मान गर्नुपर्छ। तदनुरूप -

१०.१ विस्थापित तथा फर्केका व्यक्तिहरूका आवतजावत गर्ने स्वतन्त्रताको सम्मान गर्नुपर्छ।

१०.२ विस्थापित भएका व्यक्तिहरूको साविक बासस्थानमा फर्कन वा उनीहरूको पूर्वबासस्थान वा नजिकै उचित स्थल वा उनीहरूले रोजेको मुलुकभित्रको कुनै पनि स्थलमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्नुपर्छ।

१०.३ विस्थापित भएर फर्केनेहरूसँग कुनै शुल्क वा दस्तुर उठाइनु हुँदैन।

## ११. अभिव्यक्ति, भेला हुने र सङ्गठन गर्ने स्वतन्त्रता

राष्ट्रिय मानव अधिकार आयोगले पत्रकार तथा राजनीतिक दलका कार्यकर्ता, शिक्षक, कतिपय पेशागत तथा अन्य कतिपय निःशस्त्र व्यक्तिहरूको ज्यान मार्ने वा अपहरण गर्ने कार्यमा माओवादी संलग्न भएको पाएको छ। माओवादीका राजनीतिक तथा सैनिक नेतृत्वले यस विषयमा जिम्मेवारी लिनुपर्ने कुरामा जोड दिंदै माओवादी नेतृत्वले निम्न कुरालाई सम्मान गर्नुपर्छ भनी आयोग जानकारी गराउँछ :

११.१ प्रत्येक व्यक्तिलाई विना कुनै अवरोध वैचारिक आस्था राख्ने अधिकार हुन्छ र ती अधिकारको प्रभावकारी रूपमा उपभोग गर्ने स्वतन्त्रलाई सम्मान गर्नुपर्छ।

११.२ प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता छ। व्यक्तिको सूचना माग्ने तथा पाउने र कुनैपनि विषयमा मौखिक, लिखित वा छपाइ वा कलाको माध्यमबाट वा आफ्नो चाहनाको जुनसुकै सञ्चारका माध्यमद्वारा अभिव्यक्त गर्ने हक हुन्छ।

११.३ प्रत्येक व्यक्तिलाई अन्य व्यक्तिसँग सङ्गठित हुने स्वतन्त्रता छ।

## १२. मानव अधिकार पालनाको अनुगमन

आयोग मानव अधिकार अनुगमन कार्यलाई सघाउन माओवादीलाई निम्नअनुसार गर्न आह्वान गर्दछस्

१२.१ मानव अधिकारका सम्पूर्ण विषयमा आयोगलाई प्राप्त अधिकारप्रति कुनै पनि पूर्वाग्रह नराख्न।

१२.२ आयोगलाई आफ्नो वैधानिक कर्तव्य पालना गर्न आवश्यक पर्ने मानव अधिकार सम्बन्धी जानकारी यथाशक्य छिटो उपलब्ध गराउन।

१२.३ आयोगका कर्मचारी वा अन्य कुनै प्रतिनिधि र आयोगलाई कुनै प्रकारको सूचना, कागजात वा सबुत प्रमाण उपलब्ध गराउने व्यक्तिको सुरक्षाको प्रत्याभूति गर्न र आयोगको कार्यमा हस्तक्षेप पुग्ने किसिमको कुनै पनि किसिमको दुर्व्यवहार, डर धाक, धम्की वा प्रतिशोधपूर्ण व्यवहार नहुने कुरालाई सुनिश्चित गर्न।

१२.४ आयोगको कार्यालय, कार्यालय परिसर, यातायातका साधन तथा अन्य कुनै पनि प्रकारका सामग्रीलाई क्षति पुऱ्याउन नहुने कुरा सुनिश्चित गर्नुपर्छ। साथै आयोगका लिखित वा मौखिक सञ्चार सम्पर्कको गोपनीयतालाई सम्मान गर्ने कुरा सुनिश्चित गर्न।

## १३. आयोगको जिम्मेवारी वहनमा सहयोग

आयोगको निम्न अधिकार भएको कुरा मनन गरी ती अधिकारहरूको प्रयोगमा सहयोग गर्न आयोग माओवादीलाई आह्वान गर्दछ :

१३.१ आयोगले मानव अधिकार उल्लङ्घनका विषयमा कुनै पनि व्यक्ति, समूह वा निकायबाट सूचना प्राप्त गरी वा आफ्नै प्रयासमा छानविन गर्न, छानविन प्रतिवेदन उपयुक्त देखेमा यस्ता कुरालाई सार्वजनिक गर्न वा उपयुक्त र सम्बन्धित अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी निकायसमक्ष पठाउन र अन्य निकाय वा संस्थाहरूले गरेका छानविनको सत्यतथ्य र प्रभावकारितामा पनि अनुगमन गर्न सक्छ।

१३.२ आयोगले पूर्वस्वीकृति नलिइकन कुनै पनि स्थान वा संस्थामा स्वतन्त्रतापूर्वक निरीक्षण गर्नसक्छ।

१३.३ आयोगले मुलुकको कुनै पनि क्षेत्रमा स्वतन्त्रतापूर्वक मानव अधिकार हननका विषयमा सार्वजनिक सुनुवाई गर्नसक्छ।

१३.४ आयोगले कुनै पनि व्यक्ति, समूह, अधिकारी, निकाय वा संस्थाका सदस्यहरूसँग स्वतन्त्रतापूर्वक र गोप्य रूपमा अन्तर्वार्ता लिनसक्छ।

१३.५ आयोगले आफूले सम्बन्धित ठानेको कुनै पनि माध्यमद्वारा उपयुक्त तथा सम्बन्धित सूचना संकलन गर्नसक्छ।

१३.६ आयोगले साक्षीलाई आफूसमक्ष उपस्थित हुन तथा सम्बन्धित कागजात तथा सामग्री उपलब्ध गराउन बाध्य बनाउनसक्छ।

१३.७ आयोगले आफ्नो क्षेत्राधिकारसँग सम्बन्धित कार्यको परिपालनाका लागि उपयोगी हुने हदसम्म आमसञ्चारका साधन प्रयोग गर्नसक्छ।

१३.८ आयोगले आवधिक रूपमा प्रतिवेदन सार्वजनिक गर्नसक्छ।

१३.९ आयोगले आवश्यकता अनुरूप कार्यालयहरू तथा आफ्नो कर्मचारी तथा प्रतिनिधि विस्तार गर्नसक्छ।


अवलम्बन गर्नुपर्ने न्यूनतम सर्तका बुँदाहरूले सशस्त्र द्वन्द्वमा संलग्न माओवादीको अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको हैसियतमा कुनै फरक पार्ने छैन।

# अनुसूची - ७

## राष्ट्रिय मानव अधिकार आयोगमा पर्न आएका वेपत्ता तथा अपहरण सम्बन्धी उजुरीहरू

| आरोपित उल्लघंनकर्ता | २०५७ ( जेष्ठ देखि चैत्र सम्म) | २०५८ | २०५९ | २०६० | २०६१ | जम्मा |
|---|---|---|---|---|---|---|
| राज्य | ९ | ४२ | २४९ | ५८४ | ३५० | १२३४ |
| माओवादी | - | ४७ | ३२ | ९१ | १६१ | ३३१ |
| अज्ञात व्यक्ति | - | ६ | ९ | २० | १९ | ५४ |
| जम्मा | ९ | ९५ | २९० | ६९५ | ५३० | १६१९ |

वेपत्ता सम्वन्धी उजुरीको अवस्था




| आरोपित उल्लघंनकर्ता | अवस्था सार्वजनिक गरिएको | अझै पत्ता लाग्न नसकेको |
|---|---|---|
| राज्य | १४० | १०९४ |
| माओवादी | २७ | ३०४ |
| अज्ञात व्यक्ति | - | ५४ |
| जम्मा | १६७ | १४५२ |

# अनुसूची - ८
# आयोगद्वारा आयोजित मानव अधिकार तथा शान्ति सम्मेलनमा मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम श्री लुइज आर्बरद्वारा व्यक्त भएको मन्तव्य

NATIONS UNIES
HAUT HAUT
COMMISSARIAT AUX
DROITS DE L'HOMM

UNITED NATIONS
HIGH COMMISSIONER FOR
HUMAN RIGHTS

Address: Palais des Natio
CH-1211 GEN

**Press statement on the occasion of the visit to Kathmandu (23-26 January 2005)**
**by Ms. Louise Arbour, High Commissioner for Human Rights**

My visit to Nepal has been motivated by a growing concern over reports of a grave human rights crisis afflicting this country and a desire to assess the situation for myself.

I also wanted to express my support for the vital work of the National Human Right Commission and the many human rights defenders, NGOs, the media and the legal profession, who seek to advance the cause of human rights in fraught and often dangerous circumstances.

I also hope that my visit might serve, in a modest way, to increase the awareness worldwide to the terrible plight of many Nepalese in the midst of the armed conflict that is sweeping their country and which has resulted in the rampant abuse of basic human rights.

It is a testimony to the people of Nepal that even during this traumatic period for their country, my colleagues and I have been met with such warmth and hospitality during our brief visit here. I am particularly honoured by having been granted an audience with His Majesty, the King. I am also grateful to the Government of Prime Minister Deuba, to the National Human Rights Commission, to the commanding officers of the national security forces, to the Chief Justice and to the many NGOs whom I have met, for the time and care they have taken in briefing me on the complex situation in Nepal today.

I would like to place on record my sympathy and solidarity with the people of Nepal during this most difficult and traumatic time. They have been, and are being, subjected to violence and brutality on a staggering scale. The fabric of today's society, current and future generations of Nepalese, indeed the very development of the state, risk being grievously damaged or set back.

Irreparable harm is being caused, in large part, by the means through which the Maoists seek to advance their cause. Many of those means are unconscionable and contrary to fundamental human rights and international humanitarian laws. They include murder, abduction, forcible displacement, extortion and the use of children in the direct pursuit of military objectives. I want to stress that everyone I met, whatever their opinion of Nepal's political leadership or the goals of the rebellion, expressed nothing but outrage for the tactics adopted by the Maoist insurgents.

My fundamental message to the leaders of the CPN/Maoist today, therefore, is threefold.

First, they should not underestimate the desire of the people of Nepal to live in a society which fully respects all human rights. It seems clear to even the most casual observer that the people of this country have a deep understanding of the rights which are theirs by law. They want leaders who respect, rather than hold in contempt, these rights.

Secondly, it is a fundamental right for people to choose freely, and without coercion, how they would wish to be governed, and by whom. I urge the Maoists to engage the people of Nepal through reasoned argument in a democratic arena and to pursue their objectives in compliance with international law.

Finally, I would warn the leaders of the insurgency not to misread developments in the wider world nor to believe that they can operate outside of the law. It is increasingly clear that we have entered an era of accountability. In every part of the world, political and military leaders who thought themselves immune from prosecution are now answering before the law for the gross human rights abuses they perpetrated.

In the past three days, I have made clear in my meetings with the authorities that I do not underestimate the difficulties faced by the Government of Nepal. It is the right, indeed the duty, of any government confronted with such an insurgency to mobilise every effort on ending it. It is also incumbent on the international community to support legitimate efforts by the Government of Nepal to end the insurgency by all legal means and to restore peace, stability and security to their people and country.
I stress, however, that these means must be lawful and legitimate. They must be in strict compliance with the international humanitarian and human rights laws by which Nepal is bound.

Regrettably, there is an alarming, and growing, number of cases in which the fundamental rights of the people of Nepal have been abused by agents of the state and in which victims have been unable to obtain redress. A climate of impunity prevails in this country as a result of which the rule of law, the fundamental glue of any society, is being worryingly eroded.

The Government of Nepal has a responsibility to protect its people. This requires the Government to protect not just the physical security but also the legal rights of all. This responsibility cannot be suspended, even in times of national emergency. The Government of Nepal must abide by its commitments, freely made, both in international law and domestically. By so doing the Government will best distinguish itself from those who resort to violence and intimidation.

In all my meetings with Government, police and military officials, I was unequivocally assured that this need to uphold and defend the human rights of all Nepalese was keenly understood. It is now critical for this understanding to be translated decisively into concrete action. The widespread instances of disappearances, executions and torture must immediately come to an end. Effective and credible measures to bring to account those responsible for such acts must also be put in place now.

In my statement on 24 January, on the occasion of the opening of the National Human Rights Commission conference on human rights and peace, I outlined a number of measures which I considered would be of critical importance to improving the human rights climate in Nepal.

Chief among them is the need for both parties to the conflict to sign and implement the Human Rights Accord drawn up by the National Human Rights Commission. This Accord is nothing more than a reiteration of obligations which already bind both the Government and the CPN/Maoist. A failure to sign the Accord by either party calls into question the sincerity of their professed commitment to the welfare of the people of Nepal. Equally, I have no doubt that the signing of the Accord by both parties, coupled with genuine efforts to implement its provisions, will serve to build confidence, which is, in turn, a vital prerequisite for a genuine and lasting peace.

Secondly, I have pressed the Government of Nepal for a prompt and public clarification of how it intends to maintain the effectiveness and independence of the National Human Rights Commission after 25 May 2005, when the term of the current Commissioners expires. The international community is urgently looking for detailed assurances, and requisite action, that the Commission's integrity will in no way be adversely affected by the current uncertain climate.

Thirdly, both parties must make every effort to facilitate the work of the Commission. They must cooperate fully with investigations undertaken by the Commission and allow the Commission unfettered access to all areas under their control in the pursuit of its work. Again, one has to question the motivation of those who seek to obstruct the work of the Commission.

Particularly important is the need to ensure that all those entitled by law to do so be afforded full and unhindered access, without prior notice, to all places of detention. The precise scope of the epidemic of disappearances in Nepal cannot be completely ascertained without full access to all places of detention.

Fourthly, the use of children in any way whatsoever to advance military goals, must immediately cease. The use of children for such purposes is strictly prohibited by law.

Finally, measures must urgently be put in place to strengthen the independence, security and capacity of the civilian judiciary. Excessive recourse to military justice, a process that lacks transparency, contributes to an erosion of civilian institutions of law enforcement and threatens the rule of law.

In conclusion, allow me to reiterate my profound conviction that ensuring the full respect of the human rights of all Nepalese is the right course of action. It is the right course of action as a matter of law, as a matter of justice and as a matter of common sense. I trust that the parties to the current conflict will have no difficulty in expressing publicly that they share my conviction, and will act accordingly.

Thank you.

# अनुसूची - ९

## जेनेभामा सम्पन्न संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको ६१ औं वार्षिक वैठकमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीद्वारा व्यक्त सम्बोधन भाषण

### Statement by Rt. Hon. N.B. Khatri, Chairman, The National Human Rights Commission, Nepal at the 61st Session of the Commission on Human Rights, 13 April 2005

Mr. Chairman,
At present, Nepal is passing through a difficult time in terms of serious challenges on the protection of human rights of the Nepalese people. While the ongoing armed conflict in Nepal for the past nine years has no doubt been the prime reason for the deteriorating human rights situation in the country, the situation after the declaration of the state of emergency on February 1 2005 has presented more challenges to the Nepalese people in the exercise of their basic rights. The suspension of fundamental rights, arrests and preventive detention of political leaders, human rights activists, journalists, and others, as well as restriction on the movement of several people including two NHRC Commissioners created a difficult situation for our Commission as well. This was in addition to the human rights violation issues such as disappearances, illegal detention, killings, abduction, recruitment of child soldiers and blockades etc., that the Commission was already dealing with. In response to the new situation, the Commission on 3rd February called upon the government to be conscious of the responsibility under all circumstances, even at a time of emergency, towards multi-party democracy and human rights protection, as per the essence of the Constitution of the Kingdom of Nepal 1990 and fulfill its responsibility to protect human rights of the Nepalese people as a state party to all major human rights treaties and conventions. It also requested the Government to create a situation to allow for the exercise of the constitutional right to participate in peaceful political activities and ensure the safety of human rights workers.

The obstacles we are encountering in our work are being dealt with through extensive discussions with the Government, on a case by case basis. We are persisting in our efforts in the difficult time and are hopeful that there would be improvement in the situation in coming days.

After February 1, our attention was drawn to some reports that NHRC/Nepal was becoming ineffective. While we certainly appreciate the concerns expressed by our friends and well-wishers inside and outside of Nepal about our Commission, I would like to emphasize that NHRC has continued to function in accordance with its mandate amidst the challenging environment.

Similarly, a number of reports and statements were made by various national and international organizations on the deteriorating human rights situation and international involvement to address the situation. In this regard, I would like to draw the attention of this august gathering to the Memorandum of Understanding (MoU) signed only a few months ago in December 2004 by the Office of the High Commissioner for Human Rights and His Majesty's Government of Nepal, on providing technical assistance to NHRC to enhance its monitoring and investigating capacity. Therefore, we are of the opinion that with the enhanced capacity, effective monitoring of the human rights situation can best be done through the efforts of NHRC and the vibrant human rights community in Nepal. We have also come to know that a new MoU has been signed a few days ago between His Majesty's Government and the Office of the High Commissioner to monitor the state of human rights in Nepal. While we are yet to study the terms of the MoU, we are very much hopeful that the Commission will continue to receive support from the Office of the High Commissioner to carry out its mandate, as ultimately, the monitoring and evaluation of human rights is only possible if internal mechanisms such as national human rights institutions are supported and strengthened to do so.

NHRC-Nepal has been in the forefront not only in continuing its efforts to carry out its mandate in light of the present situation but has also increased its tempo by intensifying its monitoring and investigation works. As part of increasing our outreach throughout Nepal, our first regional office was opened in mid-western Nepal in November last year. Our second regional office was established in eastern Nepal only a week after the declaration of the state of emergency and the third regional office is going to be established in western Nepal very soon. We visited the political leaders under house arrest and several detention centers including military barracks, ascertaining the fate of the detainees and political leaders. As part of our expanded monitoring program, our monitoring and investigation officers have held interactions with all sectors of civil society in over 30 districts so far, with more missions to be undertaken in the coming days.

The Nepalese Commission as an independent and autonomous institution has not only spearheaded efforts to protect the rights of the Nepalese people, but has also undertaken several initiatives for a peaceful resolution of the conflict. The UN High Commissioner for Human Rights visited Nepal in late January this year and strongly supported the NHRC's endeavor to call upon the parties to sign on a Human Rights Accord as a first step towards the resolution of the conflict. We were greatly encouraged by the visit of the High Commissioner, who not only lauded our efforts but also pledged continued support of the OHCHR to NHRC-Nepal.

I would like to take this opportunity to express my sincere appreciation to the entire international human rights community for its continued support and assistance to the Commission in its activities. We would like to recall the concerns raised last year on the human rights situation in Nepal. Subsequent efforts made in cooperation with the OHCHR and His Majesty's Government of Nepal has been encouraging for the Commission to carry out its mandate. However, the challenge still persists, as the implementation of the commitment made by the government is less than satisfactory.

The support extended by the international community for the Commission's capacity development, the expansion of its outreach in different parts of Nepal and in particular, the support extended by the Office of the High Commissioner for providing the Commission with technical assistance are vital not only for our Commission's development, but also for the Commission to stand as an independent and autonomous institution to carry out the crucial task of monitoring and investigating human rights violations amidst the ongoing conflict situation.

I thank you Mr. Chairman

# अनुसूची - १०

## उजुरी फाराम

(गोप्य)

**१. पीडितको विवरण**

(क) पीडितको नाम : .............................................................................
(ख) पीडितको बुवाको नाम : .............................................................................
(ग) पीडितको आमाको नाम : .............................................................................
(घ) पीडितको ठेगाना :
स्थायी ठेगाना : .............................................................................
टेलिफोन नं. : ........................................ ई-मेलः ........................
हालको ठेगाना :.............................................................................
टेलिफोन नं. : ........................................... ई-मेलः.........................
(ङ) के उक्त घटनाबाट तपाँइ विस्थापित हुनु भएको छ ? (कुनै एकमा रेजा लगाउनुहोस्) ? :
छ ☐ छैन ☐
(च) पीडितको विस्तृत विवरण : (प्रत्येक पीडितको) *(कृपया एकभन्दा बढी पीडित भएमा पाना थप्न सक्नुहुनेछ)*
लिङ्ग : पुरुष ☐ महिला ☐
वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ सम्बन्ध विच्छेद भएको ☐ ☐ ☐
विधवा ☐ विधुर ☐
राष्ट्रियता : ......... उमेर :......... पेशा : ..............
जाति/जनजाति : .............. भाषा :......... धर्म : ............
शिक्षा : ..................................................................................
अपाङ्गता : छ ☐ छैन ☐ *(यदि छ भने खुलाउनुहोस्)*
संगठनको सदस्यता : (स्वैच्छिक) ....................................................................

**२. उजुरीकर्ताको विवरण** *(यदि उजुरीकर्ता पीडित होइन भने)*

(क) नाम/संगठन : ..........................................................................
(ख) पूरा ठेगाना : ..........................................................................
(ग) टेलिफोन : ............................... ई-मेल ...............................
(घ) पिडीतसँगको नाता सम्बन्ध : ..........................................................................
(ङ) भाषा : ..........................................................................

**३. आरोपित पीडकको विवरण** *(यदि तपाईं चिन्नुहुन्छ भने)*

(क) आरोपित पीडकको नाम : ......................................................................
(ख) संगठन/कार्यालय : ......................................................................
(ग) पद/दर्जा : ......................................................................
(घ) सम्पर्क ठेगाना .............................................................................................
(ङ) टेलिफोन नं. : ......................... ई-मेलः ..............................
(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा लक्षणहरू (जस्तो : कपडा, कुनै चिन्ह/लक्षण, हतियार आदि) खुलाउनुहोस् ।
.........................................................................................................
.........................................................................................................

**(४) उजुरीको विस्तृत विवरण**

(क) घटनाको मिति र समय : ............ (ख) घटना भएको स्थान : .....................................
(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पाऱ्यो विस्तृत रुपमा लेख्नुहोस् । (तपाइँको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ) ।
.......................................................................................................
.......................................................................................................
(घ) के तपाईंले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन, अदालत, प्रहरी, शसस्त्र प्रहरी बल, श्री ५ को सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ ☐ छैन ☐
*(यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोस् ।)*
.........................................................................................................
.........................................................................................................

**(५) अन्य उजुरीसँग सम्बद्ध प्रमाणहरू**

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् ☐ छैनन् ☐ *(कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)*
साक्षीको नाम : ..........................................................................
ठेगाना : ........................................................... टेलिफोन नं. ...................
कस्तो किसिमको सम्भावित सूचना साक्षीले दिनसक्छ ? खुलाउनुहोस् ।
.......................................................................................................
.......................................................................................................
(ख) उजुरीलाई सहयोग पुऱ्याउने कागजात वा दसी प्रमाण यदि छन् भने छ के के छन् ?
१. ..........................................................................

२. ..........................................................................
३. ..........................................................................
४. ..........................................................................

(ग) कुन कुन प्रमाणहरू उजुरीसँगै राखिएका छन् खुलाउनुहोस् ।

१. ..........................................................................
२. ..........................................................................
३. ..........................................................................
४. ..........................................................................

## (६) माग गरिएको उपचार

(क) तपाईं आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

..........................................................................................................
..........................................................................................................

## (७) हस्ताक्षर *(मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।)*

हस्ताक्षर : ..........................................
नाम : ..................................................................
मिति : ..................................................................

### फाराम बुझाउने ठेगाना

**राष्ट्रिय मानव अधिकार आयोग**

**ठेगाना**

काठमाडौं : हरिहरभवन, पूल्चोक, ललितपुर, नेपाल
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
विराटनगर : पुर्वाञ्चल क्षेत्रिय कार्यालय,
बरगाछी, विराटनगर, मोरङ्ग, कोशी, नेपाल
पोखरा : पश्चिमाञ्चल क्षेत्रिय कार्यालय,
बैधाम, पोखरा, कास्की, सेती, नेपाल
नेपालगंज : मध्यपश्चिमाञ्चल क्षेत्रिय कार्यालय,
बाकेगाउ, नेपालगंज, बाके, गण्डकी, नेपाल

**टेलिफोन**

काठमाडौं : ०१-५५२५६५९, ५५२५८४२, ५५२५९२०
विराटनगर : ०२१-५३७९३१, ५३७९३२
पोखरा : ०६१-५४२०४२
नेपालगंज : ०८१-५२६७०७, ५२६७०८

**फ्याक्स**

काठमाडौं : ९७७-०१-५५४७९७३
विराटनगर : ९७७-२१-५३७९३३
नेपालगंज : ९७७-८१-५२६७०६
पोखरा : ९७७-६१-५४२०४२

**इमेल**

काठमाडौं : nhrc@nhrc-nepal.org.np
विराटनगर : nhrcbrt@nhrc-nepal.org.np
नेपालगंज : nhrcnpj@nhrc-nepal.org.np
पोखरा : nhrcpkr@nhrc-nepal.org.np
वेबसाइट : www.nhrc-neapal.org

### महत्वपूर्ण जानकारीहरू

- यस फारामका सबै प्रश्नहरूको विवरण उल्लेख गर्नु भएको छ, छैन कृपया जाँच गर्नुहोस् ।
- कृपया यो फारामसँग सम्बद्ध प्रमाणहरू राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।
- कृपया घटनासँग सम्बद्ध नयाँ सूचना पाउनुभएमा राष्ट्रिय मानव अधिकार आयोगमा सम्पर्क गर्नुहोला ।
- कृपया यदि तपाईंको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई सूचित गर्नुहोस्।
- उजुरी दर्ता नम्बर लिनुहोस र सुरक्षित साथ राख्नुहोस ।

# अनुसूची - ११

## अनुगमनबाट प्राप्त घटना विवरण २०५८/०५९

| घटना | पक्ष | तेह्रथुम धनकुटा संखुवासभा | दाङ रोल्पा | सुर्खेत दैलेख कालिकोट जुम्ला | वाग्लुङ पर्वत कास्की म्याग्दी स्याङ्जा | दोलखा रामेछाप सिन्धुपाल्चोक काभ्रे | धादिङ लम्जुङ गोरखा कास्की | बाके कैलाली बर्दिया कंचनपुर | इलाम झापा मोरङ | जम्मा | दुवै पक्षबाट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हत्या | सरकार | ७ | ५ | २४ | १० | १२ | २ | ५ | ११ | ७६ | १२५ |
| | माओवादी | ६ | ३ | ४ | ० | २१ | ५ | ४ | ६ | ४९ | |
| बलात्कार | सरकार | ० | ० | ५ | ० | ० | ० | ० | ० | ५ | ६ |
| | माओवादी | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | |
| यातना | सरकार | १७ | ५ | २ | ४ | ४ | ६ | ९ | ७ | ५४ | ८४ |
| | माओवादी | ४ | २ | ५ | १ | २ | २ | ९ | ५ | ३० | |
| गैर न्यायिक थुना | सरकार | १७ | १५ | १२ | ७ | १३ | ९ | ११ | २१ | १०५ | १०५ |
| वेपत्ता | सरकार | ० | २ | ० | ० | १ | ० | २ | ० | ५ | ७ |
| | माओवादी | ० | १ | ० | ० | ० | ० | १ | ० | २ | |
| विस्थापन | सरकार | ० | १ | ० | १ | २ | २ | २ | १ | ९ | ६९ |
| | माओवादी | २ | ६ | ७ | ९ | ११ | ८ | १३ | ४ | ६० | |
| कुटपिट र धम्की | सरकार | १ | २ | १ | २ | १ | १ | ४ | २ | १४ | ४० |
| | माओवादी | २ | ४ | ५ | ३ | ४ | २ | ३ | ३ | २६ | |
| बालबालिकाको प्रयोग | माओवादी | ० | १ | १ | ० | १ | ० | ० | ० | ३ | ३ |
| अन्य | माओवादी | ० | ० | १ | ० | १ | १ | १ | २ | ६ | ६ |
| जम्मा | | | | | | | | | | | ४४५ |

# अनुसूची - १२

## राष्ट्रिय मानव अधिकार आयोगबाट विभिन्न कारागार तथा थुनुवा केन्द्रहरुमा गरिएको अनुगमनको विवरण

| क्र. सं. | अनुगमनमा गएको टोली तथा अनुगमन मिति | अनुगमनमा गरिएको स्थान र विवरण | कैफियत |
|---|---|---|---|
| 1 | मितिः २०६१/०८/१६ | **छानविन तथा अनुसन्धान केन्द्र सुन्दरीजल**<br>उक्त केन्द्रमा निर्वाध अनुगमनको पहुँच भएको थियो । ५८ जना थुनुवाहरु त्यहाँ राखिएको पाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 2 | मितिः २०६१/०९/१२ | **जिल्ला कारागार, पाल्पा**<br>आयोगको टोलीलाई निर्वाध अनुगमन गर्न दिइएको थियो । उक्त कारागारमा ११५ जना कैदी तथा थुनुवाहरु रहेको पाइयो । ५० जना कैदीहरुलाई कक्षा ७ सम्म अध्ययन गर्ने सुविधा उपलब्ध भएको पाइयो भने सो भन्दा माथिल्लो कक्षाको हकमा कुनै व्यवस्था नभएको समेत पाइयो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 3 | मितिः २०६१/०९/१४ | **अनुसन्धान तथा छानविन केन्द्र, सुन्दरीजल, काठमाडौ ।**<br>आयोगको टोलीलाई मिति २०६१/०८/०२ को मा. गृहमन्त्रीस्तरको निर्णय भनी भेटघाट कक्षमा मात्रै भेट गर्न दिने निर्णय भएको जानकारी गराई अनुगमनमा निर्वाध पहुँच दिइएको थिएन । | भेटघाटको लागि निर्वाध पहुँच नदिई सीमित रुपले भेटघाट कक्षमा मात्रै भेट गर्न सकिने बताइएको थियो । |
| 4 | मितिः २०६१/०९/१४ | **जिल्ला कारागार, अर्घाखाँची**<br>सुरक्षाको कारण जनाई सो जिल्लाका बन्दीहरुलाई कपिलवस्तु, नवलपरासी तथा गुल्मी कारागारमा स्थानान्तरण गरेको र हाल त्यहाँ कुनै बन्दी नरहेको पाइयो । यही कारणले बन्दी तथा थुनुवाहरुलाई जिल्ला अदालतमा उपस्थित गराउन अप्ठ्यारो परेको पाइयो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 5 | मितिः २०६१/०९/१५ | **जिल्ला कारागार, नवलपरासी**<br>आयोगको टोलीलाई कारागारको निर्वाध रुपमा अनुगमन गर्न दिइएको थियो । ३५ जनाको क्षमता भएको उक्त कारागारमा ५९ जना थुनुवा तथा बन्दीहरु रहेका पाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 6 | मितिः २०६१/०९/१७ | **जिल्ला कारागार, कपिलबस्तु**<br>कारागारभित्र अनुगमन गर्न दिइएको थियो । कारागारको भौतिक अवस्था दयनीय तथा आस्थाका बन्दीहरुलाई मानसिक यातना दिने गरेको पाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 7 | मितिः २०६१/०९/१८ | **जिल्ला कारागार, दमौली, तनहूँ**<br>आयोगको टोलीलाई निर्वाध अनुगमनको पहुँच दिइएको थियो । उक्त कारागारमा घरेलु उद्योगका रुपमा मोहोडा बनाउने आदि कार्यहरु सञ्चालित थिए । बन्दीहरुलाई राम्रो व्यवाहार गरिएको पाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 8 | मितिः २०६१/०९/१८ | **जिल्ला कारागार, गुल्मी**<br>टोलीलाई कारागारको अनुगमनमा निर्वाध पहुँच दिइएको थियो । कारागारमा ५ महिला सहित २८ जना बन्दी रहेका थिए । माओवादीको आरोपमा राखिएका व्यक्तिहरुलाई चिठीपत्र आदान प्रदान गर्न दिइएको थिएन । उनीहरुलाई पक्राउ तथा थुनुवा पूर्जि पनि दिइएको थिएन । मानसिक रोगीलाई पनि निरोगी कैदीसंगै राखिएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 9 | मितिः २०६१/०९/२१ | **वडा प्रहरी कार्यालय, सिंहदरवार**<br>वडा प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक राजेन्द्र पराजुलीले जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा फोन गरी सोधेका र हनुमानढोकालाई जानकारी नदिई भेट गर्न नदिनू भन्ने आदेश भएको र आयोगको टोली पुन जि.प्र.का. हनुमानढोका पुगेर आयोगको पत्र देखाए पछि सीमित रुपमा भेटघाट गर्न दिने आदेश दिइएको थियो । | भेटघाटको लागि **सीमित** मात्रामा पहुँच दिइएको थियो । |
| 10 | मितिः २०६१/०९/२१ | **जिल्ला कारागार, रुपन्देही**<br>आयोगको टोलीलाई उक्त कारागारको निर्वाध रुपमा अनुगमन गर्न दिइएको थियो । १ नं. बन्दी गृहको क्षमता ४५ भए पनि १०६ जना बन्दी रहेको पाइएको थियो ।<br>त्यस्तै २ नं. बन्दीगृहको क्षमता १५ जना भए पनि ५७ जना बन्दी तथा थुनुवा रहेको पाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 11 | मितिः २०६१/०९/२२ | **जिल्ला कारागार, स्याङ्गजा**<br>आयोगको टोलीलाई कारागारमा निर्वाधरुपमा अनुगमनको पहुँच दिइएको थियो । कारागारमा पत्राचारको सुविधा भएको पाइएको थियो । कारागारमा कैदीहरुको जुत्ताको तुना फुकालेर राख्ने गरेको पाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 12 | मितिः २०६१/०९/२३ | **छानविन तथा अनुसन्धान केन्द्र, सुन्दरीजल**<br>माथिको आदेश भनी छानविन केन्द्रमा स्वतन्त्र रुपमा अनुगमन गर्न पहुँच नदिएको । भेटघाट कक्षमा मात्र भेट गर्न दिने र सो केन्द्रको स्थापना गृह मन्त्रालय अन्तर्गत भए पनि सो को नियन्त्रण तथा आदेश शाही सेनाबाट हुने जानकारी दिइएको थियो । | भेटघाट कक्षमा मात्र भेट गर्न दिने भनी भेटघाटको लागि **सीमित** मात्रामा पहुँच दिइएको थियो । |
| 13 | मितिः २०६१/०९/२६ | **श्री ईन्द्रदल गुल्म, ताप्लेजुङ्ग**<br>उक्त गुल्ममा थुनुवाहरु राखिएको भनेर नामहरु उपलब्ध गराइए पनि उनीहरुसंग भेटघाट गर्ने सुविधा दिइएको थिएन । | भेटघाटको लागि **आयोगका सदस्यलाई समेत** निर्वाध पहुँच दिइएन । |
| 14 | मितिः २०६१/१०/१७ | **जिल्ला कारागार, सिन्धुपाल्चोक, चौतारा**<br>मानव अधिकार आयोगको टोलीलाई निर्वाध अनुगमन गर्न दिइएको थियो । ५३ जना बन्दी रहेको उक्त कारागार सफा देखिन्थ्यो । कारागार निकै साँघुरो थियो भने कारागार भित्र घरेलु | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |

| | | | |
|---|---|---|---|
| | | उद्योगको रुपमा मान्यता नदिइएको भए पनि १५ वटा ढाकाको टोपी बुन्ने तानहरु सञ्चालित थिए । | |
| 15 | मितिः २०६१/१०/२३ | **नेतृ सहाना प्रधानलाई घरमा नै नजरबन्दमा राखिएको अनुगमन**<br>आयोगको टोलीलाई निर्वाध भेटघाटको पहुँच दिइएको थिएन । | भेटघाटको लागि पहुँच दिइएको थिएन । |
| 16 | मितिः २०६१/१०/२४ | आयोगका सम्माननीय अध्यक्ष नयनबहादुर खत्री, माननीय सदस्य प्रा. कपिल श्रेष्ठ सहितको टोली मानव अधिकार आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयको उद्घाटनका लागि विराटनगरतिर जान लाग्दा सदस्य प्रा. कपिल श्रेष्ठलाई भ्याली छाड्ने अनुमति नभएको भनी सुरक्षाकर्मीले त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल भवनबाट फिर्ता गरिदिएका थिए । | सदस्य प्रा. कपिल श्रेष्ठलाई **भ्याली छाड्ने अनुमति नभएको** भनी सुरक्षाकर्मीले त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल भवनबाट फिर्ता गरिएको थियो |
| 17 | मितिः २०६१/१०/२६ | **सशस्त्र प्रहरी क्याम्प, ककनी, नुवाकोट ।**<br>आयोगको टोलीलाई निर्वाध रुपमा भेटघाटको पहुँच दिइएको थियो । सबै नजरबन्दमा राखिएका व्यक्तिहरुलाई छुट्टाछुट्टै भेटघाट गर्ने व्यवस्था मिलाइएको थियो । | भेटघाटको लागि निर्वाध पहुँच दिइएको थियो । |
| 18 | मितिः २०६१/१०/२६ | विभिन्न मितिमा घरमा नै नजरबन्द बनाइएका पूर्व प्रधानमन्त्रीहरुलाई भेट गर्नका लागि आबश्यक व्यवस्था मिलाइदिन गृहमन्त्रालयमा मितिः२०६१ माघ २६ गते आयोगबाट पत्राचार तथा फ्याक्स गरिएको थियो । सो का लागि गृह मन्त्रालयमा मूख्य सचिव तथा नारायण गोपाल मलेगो समेतलाई जानकारी गराइएको थियो । आयोगको फ्याक्स प्राप्त भएको जानकारी गराइए पनि भेटघाटको व्यवस्था मिलाइएको विषयमा कुनै जानकारी आउन सकेको छैन । | मिति २०६१ माघ २९ सम्म कुनै जानकारी आउन सकेको छैन । |
| 19 | मितिः २०६१/१०/२७ | **राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज**<br>उक्त प्रतिष्ठानमा भेटघाटको लागि जाँदा माथिको आदेश भनी भेटघाटको पहुँच दिइएको थिएन । | भेटघाटको लागि पहुँच दिइएको थिएन । |
| 20 | मितिः २०६१/१०/२७ | **नेता नारायणमान विजुक्छे रोहितलाई घरमा नै नजरबन्दमा राखिएको अनुगमन**<br>आयोगको टोलीलाई निर्वाध भेटघाटको पहुँच दिइएको थिएन । | भेटघाटको लागि पहुँच दिइएको थिएन । |
| 21 | मितिः २०६१/१०/२७ | **सशस्त्र प्रहरी बल, दुवाकोट, भक्तपुर**<br>आयोगको टोलीलाई त्यहाँ राखिएका निलाम्बर आचार्य, लेखनाथ न्यौपाने तथा सिन्धुनाथ प्याकुरेललाई भेटघाट गर्न दिइएको थियो । | |
| 22 | मितिः २०६१/१०/२८ | **मानव अधिकार तथा शान्ति समाजले गरेको प्रदर्शन**<br>मानव अधिकार तथा शान्ति समाजले गरेको विरोध प्रदर्शनमा सरकारी निकायद्वारा गरिने व्यवाहारको अनुगमन पद्ममोदय मोडमा गई अनुगमन गरिएको थियो । | |
| 23 | मितिः २०६१/११/०२ | **जिल्ला कारागार, पोखरा, कास्की**<br>मानव अधिकार आयोगको टोलीलाई कारागार शाखा कास्कीको अनुगमन गर्न दिइएको थियो । तर बन्दीहरुसंग छुट्टाछुट्टै कुराकानी गर्न दिइएको थिएन । कास्की कारागारमा महिला तर्फ २० र पुरुषतर्फ ६० जनाको क्षमता रहेकोमा हाल त्यहाँ १७२ जना बन्दीहरु राखिएको पाइएको थियो ।<br>माघ १९ गतेपछि पक्राउ गरी कसैलाई ल्याएर राखिएको छैन । | आयोगलाई निर्वाध पहुँच दिइएको थिएन । सुरक्षाकर्मीहरु साथसाथै लागेका थिए । छुट्टै कुरा गर्न खोज्दा अनुमति चाहिन्छ भनी साथैमा रहेका सादा पोशाकका सुरक्षाकर्मीले भनेका थिए । |
| 24 | मितिः २०६१/११/०२ | **कारागार शाखा, रुपन्देही, भैरहवा**<br>कारागार अनुगमनमा निर्वाध पहुँच दिइएको थियो कुनै समस्या छैन । तर कारागारको क्षमताभन्दा दोब्बरसंख्यामा थुनुवा तथा कैदीहरु राखिएको पाइएको थियो ।<br>माघ १९ गतेपछि पक्राउ गरी एक जनालाई ल्याएर राखिएको छ । | निर्वाध अनुगमन गर्ने वातावरण उपलब्ध भएको थियो । |
| 25 | २०६१/११/०५ | **विभिन्न मितिमा शान्ति सुरक्षा ऐनको दफा ३ः२ बमोजिम स्थानहद तोकी राखिएका पूर्व प्र.म. तथा उप-प्र.म.लाई भेट गर्ने सम्बन्धमा**<br>आयोगका माननीय सदस्यहरुसमेतको टोली गएकोमा सुरक्षाकर्मीद्वारा भेटघाट गर्न नदिइएको | आयोगका सदस्यसमेतलाई **भेटघाट गर्न दिइएको थिएन ।** |
| 26 | २०६१/११/०६ | **विभिन्न मितिमा शान्ति सुरक्षा ऐनको दफा ३ः२ बमोजिम स्थानहद तोकी राखिएका पूर्व प्र.म. तथा उप-प्र.म.लाई भेट गर्ने सम्बन्धमा**<br>आयोगका सम्माननीय अध्यक्षसमेतको टोली गएकोमा सुरक्षाकर्मीद्वारा भेटघाट गर्न दिइएको थियो । | आयोगका सम्माननीय अध्यक्षसमेतलाई **भेटघाटको अवसर दिइएको थियो । तर** पूर्व उप-प्र.म. माधवकुमार नेपालको कोटेश्वरस्थित निवासमा आयोगको टोलीलाई करीव ४५ मिनेट पर्खन लगाई पछि एस.पी. को उपस्थितिमा भेटघाट गर्न दिइएको थियो । स्थानहद तोकी निवासमा अन्य व्यक्तिहरुको भेटघाटमा समेत सुरक्षाकर्मीद्वारा नजिकै बसी कुराकानीको व्यहोरा टिपोट गरिएको थियो । |
| 27 | २०६१/११/०९ | **कारागार शाखा, पर्सा, वीरगञ्ज**<br>मानव अधिकार आयोगको टोलीले मिति २०६१ साल फाल्गुन ९ गते पर्सा कारागारमा गई निमित्त जेलर रामसुरत प्रसाद कलवार, सुरक्षानिकायका व्यक्ति, थुनुवा तथा कैदी वन्दीहरुसँग भेट गर्‍यो । साथै संकटकाल लागु भएपछि हालसालै पक्राउ पर्नु भएका नेपाली कंग्रेसका पूर्व मन्त्रि सुरेन्द्र चौधरीसँग समेत भेट गरेको थियो । “क” वर्गको उक्त कारागार २ विघा क्षेत्रफलमा फैलिएको र १५०० जनाको क्षमता रहेकोमा हाल हाल ५६० जना थुनुवा तथा कैदी बन्दीहरु रहेको पाइयो । जसमध्ये २९ जना महिला थुनुवा तथा कैदी बन्दीहरु र अन्य पुरुष थुनुवा तथा कैदी बन्दीहरु रहेको पाइयो । जसमध्ये ३६ जना पुरुष माओवादीको आरोपमा रहेको पाइयो भने अन्य विभिन्न अपराधमा रहेको पाइयो । धेरै जसो लागु औषध र कर्तव्य ज्यानका आरोमा रहेको पाइयो । थुनुवा तथा बन्दी महिलाहरुसँगै आश्रित ४ जना बालवालिका रहेको पाइयो । त्यस्तै संकलकाल पछि नेपाली कांग्रेसका निवर्तमान सांसाद सुरेन्द्र चौधरीलाई पनि सोही कारागारमा राखिएको पाइयो । | मानव अधिकार आयोगको टोलीलाई **निर्वाध अनुगमन गर्ने अवसर** दिइएको थियो । |

| | | | |
|---|---|---|---|
| 28 | २०६१/११/०९ | **कारागार शाखा, महोत्तरी**<br>राष्ट्रिय मानव अधिकार आयोगले महोत्तरी जिल्लाको समग्र मानव अधिकारको स्थितिको अनुगमन गर्ने सिलसिलामा मिति २०६१ फागुन ०९ गतेका दिन विभिन्न उद्देश्यसहित जिल्ला कारागार शाखा, महोत्तरीको अनुगमन तथा अनुसन्धान गरेको थियो । | मानव अधिकार आयोगको टोलीलाई **निर्वाध अनुगमन गर्ने अवसर** दिइएको थियो । |
| 29 | २०६१/११/१२ | **ने.क.पा.मालेका नेता चन्द्रप्रकाश मैनाली, गौशाला र नेपाली कांग्रेस (प्र.) का नेता पूर्णबहादुर खड्का, गौशाला** मा गई मानव अधिकार आयोगको टोलीले भेट गरेको थियो । निज खड्का र मैनालीलाई आ-आफ्नो घरमा स्थानहद तोकी नजरबन्दमा राखिएको छ । | आयोगको टोलीलाई भेटघाटको अवसर दिइएको थियो । |
| 30 | २०६१/११/१३ | **जिल्ला प्रहरी कार्यालय, जावलाखेल, ललितपुर**<br>नेपाली कांग्रेस केन्द्रीय सदस्य अर्जुन नरसिंह के.सी.लाई मिति २०६१/११/०६ देखि र नेपाली कांग्रेस ललितपुर सभापतिलाई मिति २०६१/११/०६ देखि पक्राउ गरी राखिएको | आयोगको टोलीलाई निर्वाध भेट दिएको थियो । |
| 31 | २०६१/११/१४ | **अनुसन्धान केन्द्र र विद्युत प्रावीकरण तालिम केन्द्र, खरीपाटी, भक्तपुर**<br>आयोगबाट सदस्य डा. गौरीशंकर लाल दास, प्रा. कपिल श्रेष्ठ र संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारी र मुरारीप्रसाद खरेलसहितको टोली गएकोमा टोलीलाई अनुमन गर्न दिइएको थियो । उक्त स्थानमा ४५ जना बन्दी राखिएको पाइएको थियो । | आयोगको टोलीलाई निर्वाध भेट दिएको थियो । |
| 32 | मिति२०६१/११/१६ | **कारागार शाखा, चितवन**<br>**प्रहरी तालिम केन्द्र, महिला प्रहरी परिवार, चितवन**<br>**जिल्ला प्रहरी कार्यालय, चितवन**<br>कारागार शाखा चितवनमा मानव अधिकार आयोगको टोलीलवे अनुगमन गरेको थियो । ५५ जना क्षमताा भएको उक्त कारागारमा २१७ जना कैदी तथा थुनुवाहरु राखिएको पाइएको थियो । साँघुरो भवन, झण्डै २०० जनालाई ४ वटामात्र शौचालय भएको, चामलको गुणस्तर साह्रै कमजोर पाइएको पनि थियो ।<br>जिल्ला प्रहरी कार्यालयमा २ जना स्थानीय रा.स.स. सम्बाददातालाई थुनेको पाइएको थियो । कारागारमा मलेगो आयोगले रिहा भएका भनी सूचना दिएका व्यक्तिहरु पनि राखिएको पाइएको थियो ।<br>महिला प्रहरी भवनमा ४ जना मध्ये २ जना मानव अधिकारकर्मी र २ जना राजनीतिक दलका नेताहरुलाई थुनेर राखिएको पाइएको थियो । | आयोगको टोलीलाई कारागार शाखामा अनुगमन गर्न दिइए पनि साथमा सुरक्षाकर्मीले भने छोडेका थिएनन् ।<br>महिला प्रहरी भवनमा भने निर्वाध कुराकानीको साथै अनुगमनको अवसर दिइएको थियो । |
| 33 | मिति २०६१/११/२० | **सशस्त्र प्रहरी क्याम्प, ककनी, नुवाकोट**<br>मानव अधिकार आयोगबाट माननीय सदस्य प्रा. कपिल श्रेष्ठ, सुशील प्याकुरेल तथा अधिकृत माधवप्रसाद गौतमको टोलीले अनुगमन गरेको थियो । | त्यहाँ रहेका १० जनालाई निर्वाधरुपमा भेटघाट गर्न दिइएको थियो । |
| 34 | मिति २०६१/११/२१ | **अनुसन्धान तथा छानबिन केन्द्र, सुन्दरीजल**<br>मानव अधिकार आयोगबाट केन्द्रको भौतिक अवस्था तथा तहाँ राखिएका बन्दीहरुको वारेमा बुझ्नका लागि अनुगमन टोली गएको थियो । त्यहाँ टोलीले ६९ जना आस्थाका बन्दी राखिएको पाएको थियो र उनीहरुको कानूनी अवस्थाका बारेमा साथै कानूनको उचित प्रक्रियाका बारेमा जानकारी लिएको थियो । | आयोगको टोलीलाई निर्वाध अनुगमन गर्ने वातावरण मिलाइएको थियो । |
| 35 | मिति २०६१/११/२३ | **कपिलबस्तु जिल्लामा मानव अधिकारको अनुगमन**<br>आयोगका सम्माननीय सदस्य डा. गौरी शंकरलाल दास, माननीय सदस्य सुशील प्याकुरेल र संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारीको टोली बुद्ध एयरको टिकटमार्फत अपरान्ह १६:०५ वजे भैरहवा जान लाग्दा सदस्य सुशील प्याकुरेललाई भ्याली छाड्ने अनुमति नभएको भनी सुरक्षाकर्मीले त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल भवनबाट फिर्ता गरिदिएका थिए । | सदस्य सुशील प्याकुरेललाई **भ्याली छाड्ने अनुमति नभएको** भनी सुरक्षाकर्मीले त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल भवनबाट फिर्ता गरिदिएका थिए ।<br>अनुगमनमा जान दिइएको थिएन । |
| 36 | मिति २०६१/११/२६ | **केन्द्रीय कारागार तथा महिला कारागार, जगन्नाथ देवल, काठमाडौंको अनुगमन**<br>मानव अधिकार आयोगबाट कारागारको भौतिक अवस्था तथा तहाँ राखिएका बन्दीहरुको वारेमा बुझ्नका लागि अनुगमन टोली गएको थियो । टोलीलाई निर्वाध अनुगमनको अवसर दिइएको थियो । | टोलीलाई निर्वाध अनुगमनको अवसर दिइएको थियो । |
| 37 | मिति २०६१/१२/०१ | **महेन्द्र युवालय, जावलाखेल, ललितपुर**<br>राष्ट्रिय मानव अधिकार अयोगबाट मिति २०६१ चैत्र १ गते श्री महेन्द्र युवालय, जावलाखेल, ललितपुरमा रहनुभएका विभिन्न राजनितिक दलका नेता तथा कार्यकर्ताको कानुनी, शारीरिक तथा मानसिक स्थितिको अवस्थाका बारेमा अनुगमन तथा निरीक्षणका लागि एक टोली खटाइएको थियो । मानव अधिकारको अनुगमनको सिलसिलामा टोलीले श्री महेन्द्र युवालय, जावलाखेल, ललितपुरमा जानु अगाडी जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारी श्री स्थानेश्वर देवकोटासंग भेटघाट गरी अनुगमन सम्बन्धमा जानकारी गरायो । उक्त अनुगमन सम्बन्धमा प्रमुख जिल्ला अधिकारी एकदमै सकारात्मक रहेको पाईयो । श्री महेन्द्र युवालयमा राखिएका बन्दीहरुलाई काठमाण्डौ जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको आदेशमा राखिएको हुँदा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौसंग सम्पर्क गरी आयोगको टोलीलाई अनुगमनको लागि अनुमति प्रदान गरियो ।<br>ललितपुर उप महानगरपालिका अन्तर्गत रहेको श्री महेन्द्र युवालयमा आयोगको टोली पुगी त्यहाँ सुरक्षाका लागि खटिएका नायब प्रहरी निरीक्षक (Sub-Inspector) र सहायक प्रहरी निरीक्षक ( Assistant Sub-Inspector) श्री भरतध्वज शाहीलाई अनुगमन सम्बन्धमा जानकारी गराउँदा आफुहरुलाई माथीबाट कुनै किसिमको जानकारी नआएकोले टोलीलाई युवालय भित्र पस्न नदिने कुरा राख्नुभयो । सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालयको चिठ्ठी वा आदेश लिएर आउनुपर्ने कुरा पनि राख्नुभयो ।<br>सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, ललितपुरमा प्रहरी उपरीक्षक केशबप्रसाद अधिकारीसंग कुरा गर्दा आफूले सो सम्बन्धमा माथि बुझ्नुपर्ने भएकाले सोको जानकारी नगराएको भन्ने जानकारी पाईयो । आफु बाहिर जानुपर्ने भएकाले टोलीलाई केही छिनको समय दिई आफुले | अनुगमन टोलीलाई निर्वाध पहुँच दिइएको थिएन । |

| | | | |
|---|---|---|---|
| | | तुरुन्त माथी खबर गरी जानकारी गराउने कुरा राखी बाहिर गएको करीब आधा घण्टा पछाडि अनुगमनको लागि जानसक्ने जानकारी गराईयो ।<br>उक्त जानकारी पश्चात टोली श्री महेन्द्र युवालय पुग्दा पनि सिधै जान नदिई करीब १५ मिनेट बाहिर पर्खाइएको थियो । त्यसपछि युवालयभित्र गई अनुगमन गरिएको थियो । उक्त युवालयमा २७ जना बन्दी राखिएको पाइएको थियो । | |
| **38** | मिति २०६१/१२/०२ | **महेन्द्र युवालय, जावलाखेल, ललितपुर**<br>राष्ट्रिय मानव अधिकार अयोगबाट मिति २०६१ चैत्र १ गते श्री महेन्द्र युवालय, जावलाखेल, ललितपुरमा रहनुभएका विभिन्न राजनितिक दलका नेता तथा कार्यकर्ताको कानुनी, शारीरिक तथा मानसिक स्थितिको अवस्थाका बारेमा अनुगमन तथा निरीक्षणका लागि माननीय सदस्य **प्रा.कपिल श्रेष्ठले अकस्मात अनुगमन गर्नुभएको थियो** । उक्त दिन १० जना थप बन्दी गरी जम्मा ३७ जना राखिएको पाइएको थियो । | निर्वाध अनुगमन गर्न दिइएको थियो । |
| **39** | मिति २०६१/१२/०२ | **नख्खू कारागार, ललितपुर**<br><br>मिति २०६१/११/०१ मा विभिन्न मागहरु राख्दै नख्खू जेलमा अनसन गरी बसेका माओवादी आस्थाका बन्दीहरुको अवस्था अवलोकन गर्ने कार्य आयोगको टोलीले गरेको थियो । २७५ जना जम्मा वन्दीहरु रहेको सो जेलमा ३४ जना माओवादी आस्थका वन्दीहरु थिए । सो मध्य ५ जना वन्दीहरु आमरण अन्सनमा बसेका छन | अनुगमन टोलीलाई निर्वाध पहुँच दिइएको थियो तापनि क्यामेराभित्र लान दिइएको थिएन । माथिल्लो निकायमा सोधी केहीबेर पर्खाई पछि अनुगमन गर्न दिइएको थियो । |
| **40** | मिति २०६१/१२/०२ | श्रीजङ्ग गण, सिंहदरवार तथा जगदल गण छाउनी, काठमाडौ ।<br>आयोगको टोलीलाई अनुगमनका लागि अनुमति दिइएको थियो । सिंहदरबारमा १ जना मात्रै राखिएको भनिएको र निजसंग भेटघाट गरिएको थियो । निजसंग एकान्तमा कुराकानी गर्ने वातावरण भने हुन सकेको थिएन । जगदल गण छाउनीमा भने कुनै पनि व्यक्ति राखिएको छैन भनी रित्ता कोठाहरुको अवलोकन गराइएको थियो । | आयोगलाई अनुगमन गर्न दिइएको थियो । |
| **41** | मिति २०६१/१२/०४ | महावीर गण, रेञ्जर, छाउनी<br>**उक्त गणमा आयोगको टोलीलाई निर्वाध अनुगमनको पहुँच दिइएको थियो । त्यहाँ ९ जना आस्थाका बन्दीहरु भेटिएका थिए । जसमा मातृका यादव तथा सुरेश आलेमगरसमेत रहेका थिए ।** | मानव अधिकार आयोगको टोलीलाई भेटघाट सहजरुपमा गर्न दिइएको थियो । |

# अनुसूची - १३

## आयोगद्वारा प्रस्तुत
## श्री ५ को सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचको मानव अधिकार सम्झौता-पत्रको मस्यौदा

**प्रस्तावना**

द्वन्द्वबाट जनसंख्याको ठूलो हिस्सा प्रभावित भएको र यसले निरन्तररूपमा असाधारण मानवीय क्षति, र पीडा पुऱ्याएको, विस्थापित हुन वाध्य तुल्याएको, विध्वंस फैलाई सामान्य जीवनमा अवरोध सृजना गर्नुका साथै नेपाली समाजलाई अझ गरिबीतर्फ धकेल्दै छ भन्ने कुरालाई स्वीकार गर्दै,

सामाजिक अन्याय र दण्डहीनता जस्ता विषयहरु नेपाली जनताको मानव अधिकार, मर्यादा र प्रतिष्ठाका विपरित छन र यिनले द्वन्द्वलाई उर्जा दिईरहेका छन् भन्ने कुरालाई हृदयङ्गम गर्दै,

शान्ति, न्याय र विकासका लागि मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको सम्मान प्रारम्भिक सर्त भएको कुरालाई आत्मसात गर्दै,

मानव अधिकार तथा मानवीय कानून सम्बन्धी प्रमुख सन्धि संझौताहरूको नेपाल पक्ष राष्ट्र भएको, अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय कानूनका सर्वमान्य सिद्धान्तहरूका साथसाथै मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरू तथा प्रचलित राष्ट्रिय कानूनहरूद्वारा पनि नेपाल अनुबन्धित भएको कुरालाई मद्देनजर गर्दै,

श्री ५ को सरकारको २०६०।१२।१३ को प्रतिबद्धतापत्र र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को २०६०।१२।३ को वक्तव्यमार्फत दुवै पक्षले मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनप्रति व्यक्त प्रतिबद्धताका साथै दुवै पक्षद्वारा २०५९।११।२९ मा हस्ताक्षरित आचारसंहितामा उल्लेख भएअनुसार वार्ताद्वारा समस्याको निकास खोज्ने इच्छा व्यक्त भएको तथ्यलाई पुनःस्मरण गर्दै,

नेपाली जनताले शान्तिप्रतिको आफ्नो तीव्र इच्छालाई बारम्बार व्यक्त गरिरहेको र द्वन्द्व सम्बद्ध पक्षबाट समेत न्यायपुर्ण र मानव अधिकारको सम्मान हुने समाजको निर्माण गरी नेपाललाई शान्त र समृद्धशाली बनाउने आकाङ्क्षा व्यक्त भएको र उनिहरुमा त्यस्तो क्षमता समेत भएको तथ्यलाई ध्यानमा राख्दै,

मानव अधिकार समझदारीपत्रको प्रभावकारी अनुपालनले मानव अधिकारको अवस्थामा सुधार ल्याउन योगदान गर्ने मात्र नभई यसले सम्बद्ध पक्ष बीच विश्वासको वातावरण सृजना गर्न सारभूत तत्वको भूमिका खेल्ने हुँदा वार्ताको वातावरण बनाउन पनि सहयोग गर्छ भन्ने वास्तविकतालाई स्वीकार गर्दै,

मानव अधिकार आयोग ऐन, २०५३ (१९९७) ले राष्ट्रिय मानव अधिकार आयोगलाई दिएको मानव अधिकार संरक्षण र सम्बर्द्धनको गहन दायित्व पूरा गर्ने वातावरण सृजना गरी शान्ति प्रयाशको माध्यमवाट मानव अधिकारको वर्तमान अवस्थामा सुधार ल्याउन यस्तो समझदारीपत्रले पुऱ्याउनसक्ने योगदानलाई विचार गर्दै,

सम्वद्ध पक्षहरू निम्नानुसार सहमत भएका छन्

## परिच्छेद एक
## सामान्य व्यवस्थाहरू

सम्वद्ध पक्षहरू मानव अधिकारप्रतिको सम्मान र रक्षा तथा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको आफ्नो प्रतिबद्धताको पुनर्पुष्टि गर्दछन् र कुनै पनि नागरिकउपर वर्ण, लिङ्ग, भाषा, धर्म, जाति, वंश, राजनैतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत वा अवस्थामध्ये कुनै कुराको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई समेत आत्मसात गर्नेछन् ।

सम्वद्ध पक्षहरू नेपाली जनताको नागरिक, राजनैतिक, साथसाथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अभ्यास गर्ने अधिकार र विशेष गरी परिच्छेद दुईमा उल्लेख भएका अधिकारहरू उल्लंघनको कार्य तुरुन्त रोक्ने कुरालाई स्वीकार गर्दछन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन सहमत छन् ।

आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरूप श्री ५ को सरकारले प्रचलित नेपाल कानूनहरू, मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानून सुहाउँदो बनाउने दृष्टिले पुनरावलोकन गर्नेछ र मानव अधिकार र मानवीय कानुनलाई आत्मसात गर्ने सम्पुर्ण राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वयनको प्रत्याभूति गर्नेछ ।

युद्ध सम्बन्धी कानूनहरूले युद्धरत पक्ष (लडाकूहरू) लाई असीमित र स्वेच्छाचारी रूपमा लडाइँका तरिका र साधन छनौट गर्ने अधिकार दिएको हुँदैन भन्ने कुरालाई सम्बद्ध पक्ष स्वीकार गर्दछन् । यस सन्दर्भमा सम्बद्ध पक्ष गैह्र सैनिक व्यक्ति, तिनीहरूको सम्पत्ति र जिउने आधारका साथै अन्य कुनै

गैरसैनिक भौतिक संरचना कुनै प्रत्यक्ष वा अप्रत्यक्ष आक्रमणबाट सुरक्षित रहनेछन् भन्ने समेत प्रत्यभूति गर्नेछन् । त्यसैगरी, युद्धकार्यमा सक्रिय रूपमा भाग नलिएका, वा आफ्नो हतियार बिसाईसकेका सशस्त्र दस्ताका सदस्यहरू र रोग, चोटपटक, थुना वा अन्य कारणले अशक्त अवस्था ( जयचक मभ अफदबत) मा रहेका व्यक्तिहरू समेत आक्रमणबाट सुरक्षित हुनुपर्छ भन्ने कुरामा सम्बद्ध पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन् ।

समझदारी पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू, छानविनको पात्र हुनेछन् र प्रमाणहरूको आधारमा उनीहरुउपर अनुसन्धान, अभियोजन, गिरफ्तार, र न्यायिक निरूपण गर्ने कार्य हुनेछ । माथिल्ला निकाय वा आफूभन्दा माथिल्लो अधिकारीको आदेशले मानव अधिकारको उल्लंघनको कार्यलाई न्यायोचित बनाउँदैन र सम्बन्धित उल्लंघनकर्ता नै जिम्मेवार हुन्छ भन्ने कुरा दुवै पक्ष स्वीकार्दछन् र दण्डहीनताको अवस्थालाई सहन गर्न सकिँदैन भन्ने कुरामा समेत प्रतिबद्ध रहन्छन् । यसका साथै पीडित र तिनका परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत स्वीकार गर्दछन् ।

# परिच्छेद दुई
# विशिष्ट अधिकार

माथि उल्लेख भएका व्यवस्थाहरू र मानव अधिकारको महत्वलाई स्वीकार गरेर, सम्बद्ध पक्षहरू देहायमा उल्लेखित अधिकारहरूको सम्मान र रक्षाको सुनिश्चितता प्रदान गर्न तत्काल कदम चाल्न र त्यसको लागि आवश्यक सहयोग गर्न समेत सहमत भएका छन् ।

## बाँच्न पाउने अधिकार

प्रत्येक मानव जातिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र रक्षा हुनुपर्छ भन्ने कुरा सम्बद्ध पक्ष आत्मसात गर्दछन् । यस सन्दर्भमा कोही पनि यो आधारभूत अधिकारबाट बञ्चित हुने छैन, न त स्वेच्छाचारी हत्या (प्राणदण्ड) वा दण्डसम्बन्धी आदेशहरूका माध्यमबाट सजाय नै दिइने छ । यो अधिकार युद्ध कार्यमा सक्रिय सहभागी नभएकाहरू, हतियार बिसाएका सशस्त्र दस्ताका सदस्यहरू, निवृत्त सुरक्षाकर्मी वा बिदामा घरमा बसेका सुरक्षाकर्मी र रोग, चोटपटक, थुना वा अन्य कारणले अशक्त अवस्था (जयचक मभ अफदबत) मा रहेका व्यक्तिहरूको हकमा पनि लागू हुने छ ।

## वैयक्तिक स्वाभिमान र मर्यादाको अधिकार

सम्बद्ध पक्षहरूले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । यस सिलसिलामा कानुन वमोजिम स्वतन्त्रताको उपभोग गर्नवाट वञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् ।

## स्वतन्त्रता र सुरक्षाको अधिकार

सम्बद्ध पक्षहरूले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान र रक्षा गर्नुपर्ने तथ्यलाई आत्मसात गर्नेछन् । यसको मतलब कोही पनि स्वेच्छाचारी वा गैरकानूनी थुनामा रहने, अपहरण हुने वा बन्धक बनाइने छैनन् । सम्बद्ध पक्ष बेपत्ता पारिएका भनिएका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानूनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन् । कुनै पनि व्यक्ति तिनका परिवारका सदस्य, कानूनी सल्लाहकारलगायत बाहिरी **दुनियासँग**को सम्पर्क स्थापना गर्ने स्वतन्त्रताबाट वञ्चित हुने छैनन् । कोही पनि संवाद वा सञ्चारविहीन अवस्थामा हुने छैनन् र प्रत्येक व्यक्ति जो आफ्नो स्वतन्त्रताबाट बञ्चित छन् तिनीहरूमाथि मानवोचित मर्यादाको पूर्ण सम्मानका साथ उचित व्यवहार गरिने छ ।

## आवत-जावत गर्ने स्वतन्त्रताको अधिकार

आफ्नो बसोवासको स्थान छान्ने हक तथा स्वतन्त्रतालाई सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरामा सम्बद्ध पक्षहरू सतर्क रहने छन् । यस सन्दर्भमा विस्थापित भएका व्यक्तिहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार बसोबासको लागि पर्याप्त स्थानको अधिकारको सम्मान गर्न पक्षहरू प्रतिबद्धता व्यक्त गर्दछन् ।

मानव अधिकार तथा मानवीय कानूनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूले गरेका कामको महत्वलाई स्वीकार गर्दै तिनलाई बिना व्यवधान देशभर आवत-जावत तथा घुमफिर गर्ने सुनिश्चितता गर्न पक्षहरू प्रतिबद्ध छन् । यसैगरी खाना, औषधि एवम् कपडा जस्ता मानवीय सहायताका लागि कुनै बाधा नपुऱ्याई स्वतन्त्र मार्गको सिर्जना गर्न पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन् ।

## विचार र अभिव्यक्ति, संघसंस्था खोल्ने, भेला हुने र राजनैतिक अधिकारको उपभोग गर्ने स्वतन्त्रताको अधिकार

प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको हककोसम्मान र संरक्षण गर्नु पर्ने कुरामा पक्षहरू प्रतिबद्ध छन् । प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने र निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको हकको सम्बद्ध पक्षहरू सम्मान गर्दछन् ।

यस सन्दर्भमा पत्रकार, मानव अधिकार प्रतिरक्षक, शिक्षक, राजनैतिक दलका सदस्य, निर्वाचित नागरिक पदाधिकारी एवम् व्यक्तिलाई मार्ने, मार्ने धम्की दिने, बेपत्ता पार्ने, अपहरण गर्नेजस्ता कार्यहरू तुरुन्त बन्द गर्ने तथा यस्ता कार्यमा प्रतिबन्ध लगाउने कुराको पत्याभूति गर्नेछन् ।

## काम गर्न पाउने अधिकार

काम गर्न पाउने हकको सम्मान तथा संरक्षण गर्नुपर्ने कुरालाई सम्बद्ध पक्षहरूले आत्मसात गर्नेछन् । कामको अधिकार भन्नाले व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको काम गरी कमाइ गर्ने अधिकार सम्झनुपर्छ । यस सिलसिलामा कुनै व्यक्तिले पदीय हैसियत प्राप्त गरेका कारण त्यस्तो

व्यक्ति वा निजको परिवारका सदस्यलाई मार्ने, मार्ने धम्की दिने, दुःख पीडा दिने वा मानव अधिकार उल्लंघन हुने अन्य कुनै कार्य हुनबाट तुरुन्त रोक्न वा प्रतिबन्ध लगाउन सम्बद्ध पक्षहरू प्रतिज्ञा गर्दछन् ।

### खाना (भोजन) सम्बन्धी अधिकार

सम्बद्ध पक्षहरूले खाना (भोजन) सम्बन्धी हकको सम्मान एवम् संरक्षण गर्नुपर्ने कुरालाई अति महत्व दिनेछन् । खाद्यवस्तु तथा खाद्य उत्पादन ल्याउने लाने कार्यमा कुनै हस्तक्षेप नहुने कुराको जिम्मेवारी पक्षहरूले लिनेछन् । साथै, खाद्यान्नको प्रयोग र ओसार पसारको विषयलाई युद्ध रणनीतिको रूपमा प्रयोग गरिने छैन । यसैगरी पिउने पानी तथा सिँचाइ सम्बन्धी काम, गाईवस्तु, बालीनाली, खाद्य उत्पादन, कृषिजन्य क्षेत्र समेतका सर्वसाधारण जनताको जीविकोपार्जनका साधनको सम्मान तथा संरक्षण गर्नुपर्छ भन्ने कुरामा पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन् ।

### स्वास्थ्य सम्बन्धी अधिकार

सम्बद्ध पक्षहरूले स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्नेछन् । यस सन्दर्भमा सैनिक वा नागरिक सम्बन्धी उपचार एकाई, यातायात र कर्मचारीको सम्मान एवम् संरक्षण गरिनेछ । औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्य सम्बन्धी अभियानमा बाधा नपुऱ्याई त्यस्तो प्रकृयालाई सहयोग गर्न पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन् । कुनै पनि स्वास्थ्य चौकी वा अस्पताललाई कुनै पनि रुपमा उपयोग नगर्न सम्बद्धपक्षहरू वचनबद्ध छन् ।

### शिक्षा सम्बन्धी अधिकार

सम्बद्ध पक्षहरूले शिक्षा सम्बन्धी अधिकारको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई ध्यानमा राख्नेछन् । यस सन्दर्भमा विद्यालयलाई 'शान्ति क्षेत्र'को रूपमा सम्मान गर्न र शिक्षासम्बन्धी हकको उल्लङ्घन हुनेछैन भन्ने सुनिश्चित गर्न पक्षहरू प्रतिबद्ध छन् । सशस्त्र व्यक्तिद्वारा स्कूललाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरूलाई समूहगत रूपमा अपहरण गर्ने कार्यको दुवै पक्ष जोडदार निन्दा गर्दछन् । यस्तो गैरकानूनी कार्य तुरुन्त बन्द गर्न, अपहरितलाई मुक्त गर्न र **विद्यालयहरू शैक्षिक निकायलाइ फिर्ता गर्न** पक्षहरू प्रतिबद्धता व्यक्त गर्दछन् ।

### महिला तथा बाल अधिकार

महिला तथा बालबालिकाहरू विशेष संरक्षणका विषय हुन् भन्ने कुरामा सम्बद्ध पक्षहरूको पूर्ण मान्यता रहनेछ । दुवै पक्षले बलात्कार अथवा कुनै पनि प्रकारको अश्लील वा अनुचित व्यवहारलगायत महिला तथा बालबालिका विरुद्ध हुने हिंसात्मक कार्यहरूमाथि रोक लगाउनेछन् र त्यस किसिमका कार्यहरू हुन सक्ने अवस्थामा पनि त्यसको स्वतन्त्र रूपमा अनुसन्धान हुनेछ,, पीडकलाई न्यायालयसमक्ष उपस्थित गराइने र पीडितको लागि पर्याप्त क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।

बालबालिकालाई सेना, भरिया, भान्सेका रूपमा प्रयोग गर्नका साथै जबर्जस्ती कुनै सिद्धान्तप्रति अभिप्रेरित गर्ने उद्देश्यले (क्ष्लमयअतचष्लबतष्यल) अपहरण गर्ने लगायत अठार वर्ष वा सो भन्दा मुनिका केटाकेटीहरूलाई सशस्त्र द्वन्द्वमा समावेश गर्ने कार्यलाई रोक्न दुवै पक्ष पूर्ण रुपमा सहमत छन् । साथै त्यस किसिमका कियाकलापहरू तुरुन्त बन्द गरिनेछ, त्यस्ता बालबालिकाहरू मुक्त गरिनेछन् र तिनिहरूको पुनर्स्थापनाको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

## परिच्छेद तीन
## कार्यान्वयन तथा अनुगमन

सम्बद्ध पक्षहरू राष्ट्रिय मानव अधिकार आयोगको वैधानिक भूमिकालाई स्वीकार गर्दछन् र प्रस्तुत सहमतिपत्रको कार्यान्वयनको अनुगमन र घटनाको सत्यताको जाँच गर्न राष्ट्रिय मानव अधिकार आयोगको जिम्मेवारीप्रति पूर्ण विश्वस्त हुनेछन् । राष्ट्रिय मानव अधिकार आयोगले प्रस्तुत सहमतिपत्रको पालनाका सम्बन्धमा सूचनाहरू प्राप्त गर्ने, जाँच गर्ने र विश्लेषण गर्नेछ र उचित ठानेको विषयमा आयोग आफैँले अरुद्वारा अनुसन्धान गर्न सक्नेछ । साथै मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको अतिकमण भएको छ वा छैन भन्ने विषयमा प्राप्त सूचनाहरूका आधारमा राष्ट्रिय मानव अधिकार आयोगले निर्णय गर्नेछ । जुनसुकै पक्षबाट पीडित भएको भए पनि द्वन्द्वपीडितलाई हेर्ने राष्ट्रिय मानव अधिकार आयोगको दृष्टिकोणको सम्मान गरिनेछ । आयोगले पीडितको लागि पर्याप्त उपचारको व्यवस्थाको सम्बन्धमा अनुगमन गर्ने, प्राप्त सूचना तथा आवश्यक सुझाव वा सिफारिसहरू समेत आयोगले सम्बन्धित पक्षहरू समक्ष नियमित रूपमा प्रेषित गर्ने र आवश्यकताअनुसार यसको प्रतिवेदन सार्वजनिक गर्नसक्ने जस्ता आयोगका कार्यक्षेत्रको सम्मान गरिनेछ ।

प्रस्तुत सहमतिपत्रको कार्यान्वयनको अनुगमन गर्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आफ्ना सम्पूर्ण अधिकारहरूको प्रयोग गर्न सक्ने कुरालाई पुनर्पुष्टि गरिएको छ । आचारसंहिताको पालनाको अनुगमन गर्ने लगायतका वैधानिक भूमिका अनुकूलका कार्यहरू सम्पादन गर्न सम्बद्ध पक्षहरू आयोगलाई पूर्ण समर्थन र सहयोग प्रदान गर्न वचनबद्धता व्यक्त गर्दछन् । सम्बद्ध पक्षहरू राष्ट्रिय मानव अधिकार आयोग वा यसको तर्फबाट कार्यरत कुनै पनि व्यक्तिको मुलुकभरि स्वतन्त्र आवतजावतका साथै त्यस्तो व्यक्ति वा आयोगलाई कुनै सूचना दिने व्यक्तिको सुरक्षाको सुनिश्चितता प्रदान गर्न स्वीकार गर्दछन् । मानव अधिकार आयोगका प्रतिनिधिहरू वा त्यसको तर्फबाट कार्यरत व्यक्तिहरूको पूर्ण स्वाधीनता र अखण्डताको आदर गर्ने स्वीकारोक्ति सम्बद्ध पक्षहरू व्यक्त गर्दछन् र सो स्वीकारोक्ति कुनै पनि स्थान, कागजात, भौतिक सरसामान, औजार र सञ्चार तथा यातायातका विभिन्न साधनहरू समेतको लागि हुनेछ । दुवै पक्षहरूले मानव अधिकार

आयोगले अनुरोध गरेका सूचनाहरू समय समयमा प्रदान गर्नेछन् र आयोगद्धारा निर्धारित सुझाव तथा सिफारिसहरू पूरा गर्न यथोचित ध्यान दिनेछन् ।

## परिच्छेद चार
## अन्तिम व्यवस्थाहरू

यस दस्तावेजमा लेखिएका कुनै पनि कुराले मानव अधिकार आयोग ऐन, २०५३ ले आयोगलाई प्रदान गरेका अधिकारहरूलाई नकारात्मक प्रभाव पार्ने वा सीमित गर्ने छैनन् ।

२०६०।११।२७ मा श्री ५ को सरकारलाई प्रदान गरिएको "मानव अधिकार संरक्षणका लागि तत्काल चाल्नुपर्ने न्यूनतम कदमहरू" र नेकपा माओवादीलाई बुझाइएको २०६१।२।१४ को "अन्तराष्ट्रिय मानव अधिकार कानून र मानव अधिकारका सिद्धान्तहरूको सम्मान गर्न तत्काल चाल्नुपर्ने न्युनतम कदमहरू" मा तय गरिएका व्यवस्थाहरू का लागि यो सहमतिपत्रको कार्यान्वयनमा पूर्ण ध्यान दिन सम्बद्ध पक्षहरू स्वीकार गर्दछन् ।

प्रस्तुत सहमतिपत्रको कार्यान्वयनका लागि आवश्यकताअनुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न पक्षहरू मञ्जुर गर्दछन् ।

राष्ट्रिय मानव अधिकार आयोगसँग सरल रूपमा सञ्चार आदानप्रदान गर्न सम्बद्ध पक्ष एक सम्पर्क अधिकृत नियुक्त गर्न स्वीकार गर्दछन् ।
प्रस्तुत सहमतिपत्रमा उल्लिखित कुनै पनि व्यवस्था (बुँदा) को व्याख्या गर्ने अन्तिम अधिकार राष्ट्रिय मानव अधिकार आयोगलाई हुनेछ ।

सम्बद्ध पक्षको सहमतिबाट प्रस्तुत सहमतिपत्रमा कुनै पनि समयमा लिखित संशोधन गर्न सकिने र सो को सूचना राष्ट्रिय मानव अधिकार आयोगलाई दिइनेछ । त्यस प्रकारबाट हुने संशोधन मान्यताप्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय मापदण्डभन्दा न्यून हुने छैन ।

सम्वद्ध पक्ष आ-आफ्ना प्रतिनिधि, आबद्ध संस्थाहरू, समर्थकहरू र शुभचिन्तकहरूमार्फत प्रस्तुत सहमतिपत्रको व्यापक पचारप्रसार, आदर र कार्यान्वयन सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दछन् । प्रस्तुत सहमतिपत्र विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित हुनेछ ।

सम्बद्ध पक्षले हस्ताक्षर गरेको मितिदेखि प्रस्तुत सहमतिपत्र लागू हुनेछ ।

| ...................... | ...................... |
|---|---|
| **नेकपा (माओवादी)** | **श्री ५ को सरकार** |

मिति ............................ मा काठमाडौँमा हस्ताक्षर गरिएको

# अनुसूची - १४

## नेपाल पक्ष भई प्रतिवेदन पठाउनु पर्ने दायित्व तोकिएका संयुक्त राष्ट्र संघद्वारा पारित मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु/प्रतिज्ञापत्रहरू

| सि.न. | महासन्धि/प्रतिज्ञापत्रको नाम | पारित भएको मिति | नेपालले अनुमोदन/सम्मिलन नगरेको मिति | प्रतिवेदन पेश गर्नु पर्ने (महासचिव मार्फत) | प्रतिवेदन पठाउनु पर्ने समिति वा निकाय |
|---|---|---|---|---|---|
| १ | दासत्व महासन्धि | २५ सेप्टेम्वर १९२६ | ७ जनवरी, १९६३ (स) | | |
| २ | २५ सेप्टेम्वर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने उपलेखको पूरक महासन्धि | २३ सेप्टेम्वर १९५३ | ७ जनवरी, १९६३ (स) | | |
| ३ | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मूलन सम्बन्धी पूरक महासन्धि | ७ सेप्टेम्वर १९५६ | ७ जनवरी, १९६३ (स) | | |
| ४ | नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धि | २० डिसेम्वर, १९५२ | २० अप्रिल, १९६६ (स) | | |
| ५ | जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि | ९ डिसेम्वर, १९४८ | १७ जनवरी, १९६९ (स) | | |
| ६ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २१ डिसेम्वर, १९६५ | ३० जनवरी, १९७१ (स) | प्रथम पटक एक वर्ष भित्र त्यस पछि २/२ वर्षमा | जातीय भेदभाव उन्मूलन सम्बन्धी समिति |
| ७ | रंगभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | ३० जोभेम्वर, १९७३, | १२ जुलाई, १९७७, (स) | आवधिक रुपमा | रंगभेद सम्बन्धी विशेष समिति |
| ८ | खेलकूदमा रंगभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि | १० डिसेम्वर, १९८५ | १ मार्च, १९८९ (अ) | प्रथम पटक एक वर्ष भित्र त्यस पछि २/२ वर्षमा | |
| ९ | बाल अधिकार सम्बन्धी महासन्धि | २० नोभेम्वर, १९८९ | १४ सेप्टेम्वर, १९९० (अ) | प्रथम पटक २ वर्ष भित्र त्यस पछि ५/५ वर्षमा | बल अधिकार सम्बन्धी समिति |
| १० | महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि | १८ डिसेम्बर, १९७९ | २२ अप्रिल, १९९१ (अ) | प्रथम पटक एक वर्ष भित्र त्यस पछि ४/४ वर्षमा | महिला विरुद्ध भेदभाव उन्मूलन समिति |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर, १९६६ | १४ मे,१९९१ (स) | | आर्थिक तथा सामाजिक समिति |
| १२ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर, १९६६ | १४ मे,१९९१ (स) | प्रथम पटक एक वर्ष भित्र त्यस पछि समितिको अनुरोधमा | मानव अधिकार समिति |
| १३ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक उपलेख | १६ डिसेम्बर, १९६६ | १४ मे,१९९१ (स) | | |
| १४ | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्ध महासन्धि | १० डिसेम्बर, १९८४ | १४ मे,१९९१ (स) | प्रथम पटक एक वर्ष भित्र त्यस पछि ४/४ वर्षमा | यातना विरुद्धको समिति |
| १५ | जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि | २ डिसेम्बर, १९४९ | २७ डिसेम्बर, १९९५ (स) | आवधिक रुपमा | आर्थिक सामाजिक परिषद् |
| १६ | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी दोश्रो स्वेच्छिक उपलेख | १५ डिसेम्बर, १९८९ | ४ जुन, १९९८ (स) | | मानव अधिकार समिति (सि.नं. १२ सँग सम्बन्धीत) |

# अनुसूची - १५

## राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरुले पालना गर्नु पर्ने आचार संहिता- २०६०

जारी मितिः २०६०।१२।१८

**प्रस्तावना**

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनका सम्बन्धमा नेपाली जनताले राष्ट्रिय मानव अधिकार आयोगवाट अपेक्षा गरेको निष्पक्षता, पारदर्शिता तथा प्रभावकारी एवं गुणात्मक निर्णय प्रक्रिया जस्ता कुरालाई मनन गर्दै यस गरिमामय आयोगका सम्पूर्ण कर्मचारी तथा सदस्यहरुले आयोगको गरीमालाई उच्च राख्नकालागि उल्लेखनीय योगदान पुऱ्याउनु पर्ने पृष्ठभूमिमा विशेष गरी आयोगका सदस्यहरुको नैतिक आचरण उच्च हुनु पर्ने कुरालाई महसुस गर्दै,

आयोगका सदस्यहरुले आफ्नो कार्यभार ग्रहण गर्नु अघि लिएको सपथमा आफ्नो पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारी साथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा वाहेक पदमा वहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन भनी प्रकट गरेको कटिवद्धतालाई मध्येनजर गर्दै,

आयोगको रणनीतिक योजना २००४-२००८ मा पनि आयोगका सदस्यहरुको लागि आचारसंहिता निर्माण गर्ने भनी उल्लेख भएको र आयोगका अध्यक्षले सदस्यहरुबाट आचार संहिताको पूर्ण पालना हुनेछ भनी सुनिश्चित गर्ने र सदस्यहरुले आचार संहिताको पालना गरे नगरेको चौमासिक रुपमा मुल्यांकन भई पालन भएको नपाईएमा आवश्यक कार्वाही गरिने छ भनी उल्लेख गरेको व्यवस्थालाई कार्यान्वयन गर्ने उच्च अभिलाषाबाट प्रेरित भई राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमको आचार संहिता बनाई लागू गरेको छ।

### भाग-१

**१. उद्देश्यहरू**

१.१ सदस्यहरुलाई व्यावसायिक आचारणको वारेमा मार्गदर्शन गर्ने तथा आयोगको गरिमालाई उच्च राख्न सदस्यहरुको आचरणलाई व्यवस्थित एवं मर्यादित बनाउने।

१.२ आयोगको काम कारवाहीको सिलसिलामा सदस्यहरुको सम्पूर्ण व्यवहार, कार्यप्रणाली तथा निर्णयमा नैतिक सिद्धान्त तथा मूल्य र मान्यता प्रतिविम्वित गराउन प्रोत्साहित गर्ने।

१.३ संस्थागत क्षमता अभिवृद्धि, सेवामा इमान्दारी तथा मानव अधिकारका सिद्धान्त तथा मूल्य मान्यताप्रतिको आस्थालाई अभिवृद्धि गर्ने।

### भाग-२

**२. आचरणका सिद्धान्तहरू**

**२.१ मानव अधिकारप्रति प्रतिवद्धता**

सम्पूर्ण सदस्यहरुले आफ्नो कार्य र व्यवहारद्वारा संविधान, प्रचलित नेपाल कानून तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरुमा व्यवस्था भएका प्रावधानहरु, त्यसमा अन्तर्निहित मानव अधिकार तथा मानवीय कानूनका सिद्धान्तहरु तथा मूल्य एवं मान्यताको सम्मान गर्नु पर्नेछ। त्यस्ता व्यवस्थाहरुमा अन्तर्निहित स्वाभाविक अर्थलाई तोडमोड गरी प्रयोग गर्न पाइने छैन।

**२.२ निष्पक्षता र तटस्थता**

सदस्यहरुले आयोगका काम कारवाहीहरु पारदर्शी र निष्पक्षरुपले सम्पन्न गरिने कुराको सुनिश्चितता गर्नु पर्दछ। आयोगका ऐन नियमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने कुरामा जस्तोसुकै परिस्थितिमा पनि आयोगका सदस्यहरु दृढसंकल्पित रहनु पर्नेछ। अनुचित प्रभावबाट स्वतन्त्र एवं मुक्त रही उजुरीको सुनुवाई प्रक्रियाको बारेमा सबै पक्षलाई जानकारी गर्ने गराउने कुरा सुनिश्चित गर्दै निर्णयमा स्पष्टता एवं पारदर्शितामा विशेष ध्यान दिनु पर्दछ।

सदस्यहरुले काम कारवाहीका क्रममा उठ्ने प्रत्येक सवालमा खुला दिमागले प्रस्तुत हुनु पर्दछ तथा कुनै पनि व्यक्तिलाई निजले पक्षपात गरेको वा कुनै दल वा गुटको पक्षमा रहेको भन्ने भान पर्न नदिने गरी काम गर्नु पर्दछ। कसै संगको निकट सम्वन्ध, आफनो निजी धारणागत कुरा, आर्थिक कारण वा त्यस्तै अन्य कुनै कारणले कसैको पक्षमा लाग्नु हुँदैन।

**२.३ समयको पावन्दी**

सदस्यहरु आयोगको कामसंग सम्बन्धित प्रतिवद्धता पूरा गर्ने कुरामा लगनशील हुनु पर्दछ। आयोगको स्थापनाका अन्य धेरै कारणहरु मध्ये अदालतको विकल्पको रुपमा जनतालाई अति शीघ्र दैनिक न्याय प्रदान गर्नमा सघाउ पुऱ्याउनु भन्ने पनि रहेकोले सदस्यहरुले समयमै निर्णयमा पुग्ने आधार तथा प्रक्रियाहरु तयार गरी छिटो छरितो ढंगले कार्य सम्पादन गर्ने तर्फ क्रियाशील रहनु पर्दछ।

**२.४ गुणस्तर र एकरुपता**

(क) आफ्ना निर्णयहरु आयोगले निर्धारण गरेका स्तर अनुरुप छन् भन्ने कुराको सुनिश्चितता गर्नका लागि सदस्यहरुले आयोगमा दर्ता हुन आएका हरेक प्रलेखहरुको जानकारी राख्न हरतरहले प्रयत्नशील रहनु पर्दछ ।

(ख) सदस्यहरुले निर्णय प्रक्रियामा एकरुपताको महत्वलाई सधैं ख्याल राख्नु पर्दछ तर एकरुपता दिने नाममा निष्पक्ष निर्णयमा वाधा पुग्न भने दिनु हुदैन । आयोगका काम कारवाही तथा निर्णयको गुणस्तरमा अभिवृद्धि गर्ने सन्दर्भमा सदस्यहरुले उचित कारण दिएर पहिले अपनाइएका प्रक्रियामा ऐन नियम विपरीत नहुने गरी संशोधन गर्न सकिनेछ ।

**२.५ विशेषज्ञता**

(क) व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जनजीवनमा महत्वपूर्ण प्रभाव पार्ने मानव अधिकारसँग सम्वद्ध विषयमा निर्णय गर्नकानिमित्त आयोगका सदस्यहरुलाई जिम्मेवारी सुम्पिएको छ । यस कारणले आफ्नो व्यावसायिक दक्षता अभिवृद्धि गर्ने न्यायिक एवं कार्यविधिगत कानूनी प्रक्रिया एवं विषयहरु, सम्वद्ध नजीरहरु, तथा आयोगका क्रियाकलाप र गतिविधि सम्वन्धी ज्ञान हासिल गर्न सदा तत्पररही आफ्नो दक्षता अभिवृद्धि गर्नमा प्रयत्नशील रहनु पर्दछ ।

(ख) हरेक सदस्यले निर्णय प्रक्रिया तथा लेखनशीपको उच्च स्तर कायम राख्नु जरुरी हुन्छ । यसको अतिरिक्त मानव अधिकार कानूनको विषयमा ज्ञान हासिल गर्नुका साथै मानव अधिकारका प्रचलित मुद्दाहरु, प्रचलनको स्थिति, तथा न्यायिक निर्णयहरुका सम्वन्धमा जानकारी लिनकालागि पहल गर्नु पर्दछ ।

(ग) मानव अधिकारका क्षेत्रहरु निरन्तररुपमा विस्तार भईरहने र यस क्षेत्रमा विकास पनि तीव्रगतिले भई रहेको परिप्रेक्ष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भई रहेका विकाससँगै आफूलाई अद्यावधिक गराई राख्नु पर्दछ ।

(घ) आयोगका तर्फवाट विदेश तथा स्वदेशमा सन्चालन हुने कार्यक्रमहरुमा भागलिंदा इमान्दारी र सक्रियतापूर्वक आयोगको मर्यादालाई कायम राख्दै आयोगको दृष्टिकोणसँग नवाभिने गरी विषयवस्तुको प्रस्तुति वा विषयवस्तु उपर टिप्पणी प्रस्तुत गर्नु पर्दछ । त्यस्तो कार्यक्रमबाट फर्किए पछि उक्त कार्यक्रमको वारेमा आयोग समक्ष यथाशीघ्र जानकारी गराउनु पर्दछ ।

**२.६ इमान्दारी, गोपनीयता तथा सहचारिता**

(क) सदस्यहरुले उच्च स्तरको जनसेवा प्रदर्शन गर्दै व्यक्तिगत इमान्दारी तथा काम गराईमा उच्च व्यावसायिक स्तर प्रदर्शन गर्नु पर्दछ ।

(ख) सदस्यहरुले आयोगको गोपनियतालाई सुनिश्चित गर्ने सम्वन्धमा ध्यान दिनु पर्दछ । आयोगबाट अख्तियार नपाई आफूले सदस्यको रुपमा कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य कुरा वा कानूनद्वारा निषेधित विषय, आफूले लेखेको वा संकलन गरेको कुनै कागज पत्र समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारी, कुनै व्यक्ति वा प्रेसलाई दिनु वा वताउनु हुदैन ।

(ग) सदस्यहरुले मित्रवत् काम गर्ने वातावरणको विकास गर्नु पर्दछ । आफूलाई प्राप्त अनुभव, ज्ञान एवं विचारमा साझेदारी अभिवृद्धि गर्दै असल कार्य सम्वन्ध बनाउनु पर्दछ । सदस्यहरुले नैतिक, विचारशील र जिम्मेवारीपूर्ण आचरण गर्दै आयोगको उद्देश्य र मर्म अनुकूल हुने खालका अनुसरणयोग्य व्यवहार प्रदर्शन गर्नु पर्दछ ।

(घ) आयोगका कर्मचारीहरुलाई निजहरुको काममा सदैव प्रोत्साहन गर्नुका साथै मित्रवत् व्यवहार गर्नु पर्छ । कर्मचारीहरुको धारणा र विचारलाई आवश्यकता र औचित्यका आधारमा उचित सम्मान गर्नु पर्छ ।

## भाग-३

### ३. व्यावसायिक आचरणहरू

३.१ सदस्यहरुले आयोग भित्र वा वाह्य सरोकारवालाहरुसँगको बैठक, सार्वजनिक सुनुवाइ एवं अन्तरक्रिया आदिमा व्यावसायिक आचरण प्रदर्शन गर्नु पर्दछ । त्यस्तो अवस्थामा पेशागत मर्यादा बाहिरका कुरा अथवा अशिष्ट व्यवहार वा भाषाको प्रयोग गर्नु हुदैन ।

३.२ सदस्यहरुले आफ्ना सहकर्मी साथीहरुको विचार वा रायको सधैं सम्मान गर्नु पर्छ र आफ्ना सहकर्मीहरुलाई सार्वजनिकरुपमा आलोचना गर्न हुदैन ।

३.३ सदस्यहरुले सार्वजनिकरुपमा समेत जवाफदेही हुनु पर्ने हुनाले आफ्ना कामकार्वाही लाई पारदर्शी बनाउनु पर्ने एवं आचरणलाई मर्यादित र अनुसरणयोग्य बनाउनु पर्दछ ।

३.४ सदस्यहरुले आफ्नो पदीय दायित्वको दुरुपयोग गर्ने अथवा पदको गलत फाईदा उठाउने ढङ्गले आचरण गर्नु हुँदैन । विभिन्न निकायहरुबाट प्राप्त हुने स्रोतहरु व्यक्तिगत उद्देश्य प्राप्तिमा प्रयोग गर्ने अथवा कार्यालयको मर्यादालाई अनुचित रुपमा व्यक्तिगत लाभका लागि उपयोग गर्ने जस्ता कुराहरु गर्नु हुदैन ।

३.५ सदस्यहरुले आयोगको बैठक, आयोगबाट तोकिएका कार्यहरु एवं आयोगका अन्य क्रियाकलाप तथा गतिविधिका विषयमा हुने छलफलमा सक्दो समय दिनु पर्दछ ।

३.६ छलफलको क्रममा कुनै कुरा आफुलाई चित्त नबुझेमा आफ्ना धारणाहरुलाई मर्यादितरुपमा तर्कसंगत ढंगले राख्नु पर्दछ । आयोगको कामकार्वाहीको विषयमा छलफलमा उठेका कुराहरुलाई लिएर व्यक्तिगत आक्षेप लगाउन वा पूर्वाग्रह राख्न वा त्यसको दुष्प्रचार गर्नु हुदैन ।

३.७ आयोगका अध्यक्ष अथवा सदस्यका सम्वन्धमा कुनै विषयलाई लिएर सार्वजनिक धारणमा नराम्रो असर पर्ने संभावना छ भन्ने कुनै सदस्यलाई जानकारी भएमा त्यसवारेमा सम्वन्धित सदस्यलाई यथाशक्य छिटो जानकारी गराउनु पर्दछ ।

३.८ सदस्यहरुले स्वार्थको कारणले सिर्जना हुने द्वन्द्वलाई रोक्नु पर्दछ । कुनै आन्तरिक वा वाह्य कारणवश त्यस्तो द्वन्द्व वा पूर्वाग्रह सृजना हुने खालको वातावरण उत्पन्न भएको आफूलाई लागेमा त्यसलाई रोक्ने तर्फ प्रयत्नशील हुनु पर्दछ । कुनै सदस्यले आफ्नो क्षमता तथा निष्पक्षतालाई प्रभाव पार्ने खालको अवस्था देखेमा वा आयोगको छविमा हानि हुन सक्ने अवस्था देखेमा आयोगका अध्यक्षलाई सो सम्वन्धमा तुरुन्तै जानकारी गराउनु पर्दछ ।

३.९ आयोगको तर्फबाट सार्वजनिक समारोहमा प्रस्तुत हुंदा आयोगको मर्यादा मा आंच आउने गरी वा आयोगको नीति विपरीतका कुराहरु व्यक्त गर्नु हुदैन ।

३.१० मानव अधिकारको संरक्षणकालागि सधै प्रतिवद्ध रहनु पर्दछ । आफ्ना निजी व्यवहारमा पनि मानव अधिकारको सम्मानको भावना सधैं प्रतिविम्वित हुनु पर्दछ । सबैको मर्यादालाई सम्मान गर्ने, कसैलाई पनि कुनै पनि आधारमा भेदभाव नगर्ने लगायत मानव अधिकारका उच्च आदर्शको सधैं पालना गर्नु पर्छ ।

३.११ आयोगको सदस्यले आफ्नो सेवा सम्वन्धी कुरामा मतलव साध्य गर्ने मनसायले अन्य सदस्य वा कर्मचारीहरु माथि राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा पार्ने प्रयत्न गर्नु हुदैन ।

३.१२ आयोगको काम कारवाहीमा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि सदस्यले आयोगको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको सदस्यद्वारा कुनै प्रकारको दान दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न हुदैन तर कुनै विदेशी सरकार वा विदेशी सरकारको प्रतिनिधि वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट कुनै उपहार प्राप्त हुन आएमा आयोगलाई सो को सूचना दिई निकासा भए बमोजिम गर्नु पर्दछ ।

३.१३ आयोगको कुनै सदस्यले कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन, प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार व्यवसाय गर्न वा अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्नु हुदैन । तर आयोगको नीति विपरीत नहुने गरी कुनै साहित्यिक, वौद्धिक, वैज्ञानिक वा कलात्मक कार्य गर्नमा कुनै वाधा पुर्ने छैन ।

३.१४ आयोगको सदस्यले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुदैन ।

३.१५ आयोगको कुनै सदस्यले नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति सुरक्षा, वैदेशिक सम्वन्ध र सार्वजनिक मर्यादा तथा अदालत एवं आयोगको आफ्नै निर्णयको अवहेलना हुने गरी, विभिन्न जात, जाति धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरुबीच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुदैन ।

३.१६ आयोगको नीति विपरीत हुने गरी वा आयोग र श्री ५ को सरकार वा आयोग र जनताको पारस्पारिक सम्वन्धमा वा कुनै विदेशी राष्ट्र वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगको सुसम्वन्धमा खलल पर्न सक्ने गरी कुनै सदस्यले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै जानकारी दिन वा विद्युतीय संचार माध्यमबाट कुनै सार्वजनिक भाषण वा विज्ञप्ति प्रसारित गर्न हुदैन ।

## भाग-४

### ४. सेवा निवृत्ति पछिका आचरणहरू

४.१ पूर्व कार्यालयबाट अनुचित फाईदा लिनु हुँदैन ।

४.२ कार्यालय छाडेपछि पनि गोपनीयता सम्वन्धी दायित्वलाई पालन गरी रहनु पर्दछ । आफ्नो कुनै पनि क्रियाकलापले आयोगको मर्यादा र निष्पक्षतामा असर नपरोस् भनी सदैव सतर्क रहनु पर्दछ ।

## भाग-५

### ५. विविध

५.१ यस आचार संहितामा व्यवस्था भएका प्रावधानहरुलाई न्यून गर्ने गरी कुनै संशोधन वा खारेज गरिने छैन । यस आचार संहितामा कुनै संशोधन गर्नु पर्ने भएमा प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी आयोगको बैठकबाटमात्र गर्न सकिनेछ ।

५.२ यस आचार संहिताको व्याख्या वा कार्यान्वयनका सम्वन्धमा सदस्यहरुबीच विवाद उत्पन्न भएमा प्रस्तावनाको भावनाको विपरीत नहुने गरी आयोगको बैठकबाट विवादको अन्तिम समाधान गरिनेछ ।

५.३ आयोगका अध्यक्षले सदस्यहरुबाट यस आचार संहिताको पालना भए नभएको सम्वन्धमा आवधिक मूल्याङ्कन गरी सो को लिखित अभिलेख राख्नु पर्नेछ ।

५.४ यो आचार संहिता मानव अधिकार आयोग ऐन, २०५३, आयोगका नियमावलीहरु तथा कार्यविधिहरुको सहयोगी तथा पूरकको रुपमा रहने छ ।

५.५ यो आचार संहितालाई आयोगको रणनैतिक योजना अनुसार संचार माध्यममा उचित स्थान दिइने र सरोकारवालाहरुको जानकारीकालागि वेव साइटमा समेत राखिने छ ।

# अनुसूची - १६

## आयोगका कर्मचारीहरूको विवरण

### आयोग अन्तर्गतका कर्मचारी

| | पद | नाम |
|---|---|---|
| १ | का.मु. सचिव | केदारप्रसाद पौड्याल |
| २ | निर्देशक | ध्रुव नेपाल |
| ३ | उप-सचिव | राधाकृष्ण उप्रेती |
| ४ | महाशाखा प्रमुख | नवराज कोइराला |
| ५ | संरक्षण महाशाखा प्रमुख | यज्ञप्रसाद अधिकारी |
| ६ | सम्बर्द्धन महाशाखा प्रमुख | मुरारीप्रसाद खरेल |
| ७ | विधि विषय परामर्श महाशाखा प्रमुख | शङ्करनाथ अधिकारी |
| ८ | योजना, अनुगमन तथा मूल्यांकन ईकाई प्रमुख | इमेश पोखरेल |
| ९ | अधिकृत तृतीय | उषा खरेल |
| १० | अधिकृत तृतीय | कोषराज न्यौपाने |
| ११ | अधिकृत तृतीय | माधवप्रसाद गौतम |
| १२ | अधिकृत तृतीय | सूर्यबहादुर देउजा |
| १३ | अधिकृत तृतीय | दीपकजङ्गध्वज कार्की |
| १४ | अधिकृत तृतीय | टीकाराम पोखरेल |
| १५ | अधिकृत तृतीय | सम्झना शर्मा |
| १६ | लेखा अधिकृत | पुष्पराज कटुवाल |
| १७ | IT Officer | सुवोध पोखरेल |
| १८ | सहायक प्रथम | जीवन न्यौपाने |
| १९ | सहायक प्रथम | तारादेवी वाग्ले |
| २० | सहायक प्रथम | महेश पौडेल |
| २१ | कम्प्युटर अप्रेटर | पुनम मुनाकर्मी |
| २२ | लेखापाल | जगन्नाथ दाहाल |
| २३ | कार्यालय सहायक | नेत्रबहादुर श्रेष्ठ |
| २४ | कार्यालय सहायक | मेनका पोखरेल |

### आयोग अन्तर्गतका विभिन्न परियोजनाका कर्मचारीहरु

**(क) National Rapporteur का कर्मचारीहरू**

| | | |
|---|---|---|
| १ | राष्ट्रिय समाधिक्षक | पद्मा माथेमा |
| २ | Researcher | हरिवंश झा |
| ३ | Prg. Officer | निभा श्रेष्ठ |
| ४ | Prg. Assistant | सागर श्रेष्ठ |

**(ख) International Consultant**

| | | |
|---|---|---|
| १ | Lauren Matthews | Training Advisor |
| २ | Roxana Garmendia | HR Advisor |
| ३ | Tiana Baker | HR Advisor |
| ४ | Ali Saleem | HR Advisor |

### (ग) आयोगका Outreach Program अन्तर्गतका कर्मचारीहरू

| | | |
|---|---|---|
| १ | जीवनारायण श्रेष्ठ | क्षेत्रिय निर्देशक |
| २ | रामकुमार थापा | क्षेत्रिय निर्देशक |
| ३ | वसन्त कुमार रायमाझी | सुरक्षा अधिकृत |
| ४ | गोपी पराजुली | परियोजना अधिकृत |
| ५ | खड्गबहादुर परियार | प्रशासन अधिकृत |
| ६ | टीका भट्टराई | कर्मचारी प्रशासन अधिकृत |
| ७ | ओम प्रकास अर्याल | कानून अधिकृत |
| ८ | विमलबाबु खत्री | संचार अधिकृत |
| ९ | मञ्जु श्रेष्ठ | प्रवर्द्धन अधिकृत |
| १० | मिलन श्रेष्ठ | प्रवर्द्धन अधिकृत |
| ११ | दिलीप एन. सिंह धामी | प्रवर्द्धन अधिकृत |
| १२ | सुरेश मल्ल | प्रवर्द्धन अधिकृत |
| १३ | वीरबहादुर बूढामगर | संरक्षण अधिकृत |
| १४ | प्रेमबहादुर थापा | संरक्षण अधिकृत |
| १५ | सरिता ज्ञवाली | संरक्षण अधिकृत |
| १६ | प्रदीपकुमार झा | संरक्षण अधिकृत |
| १७ | मोहनलाल आचार्य | संरक्षण अधिकृत |
| १८ | नीतु गर्तौला | संरक्षण अधिकृत |
| १९ | नन्दकिशोर प्रसाद यादव | संरक्षण अधिकृत |
| २० | शतीसराज मैनाली | संरक्षण अधिकृत |
| २१ | विष्णु प्रसाद यादव | संरक्षण अधिकृत |
| २२ | अनिता देवकोटा | तालीम अधिकृत |
| २३ | कृष्णप्रसाद अधिकारी | परियोजना सहायक |
| २४ | मोहन काफ्ले | लेखापाल |
| २५ | रारा कर्माचार्य | लेखापाल |
| २६ | भुवन नाथ | लेखापाल |
| २७ | भोलानाथ रेग्मी | लेखापाल |
| २८ | दीपक ठाकुर | प्रशासन सहायक |
| २९ | लेखराज थापामगर | प्रशासन सहायक |
| ३० | राजेन्द्र घिमिरे | प्रशासन सहायक |
| ३१ | राजकुमार शाही | ड्राइभर |
| ३२ | रामबहादुर पजा | कार्यालय सहायक |
| ३३ | देवेन्द्र रेग्मी | कार्यालय सहायक |
| ३४ | टीकाराम अधिकारी | कार्यालय सहायक |
| ३५ | पवन भण्डाी | कार्यालय सहायक |

### (ग) CDNHRC Staff List

| | | |
|---|---|---|
| १ | कानूनी सल्लाहकार | भिमार्जुन आचार्य |
| २ | संरक्षण अधिकृत | उमा जोशी |
| ३ | संरक्षण अधिकृत | मञ्जु खतिवडा |
| ४ | संरक्षण अधिकृत | विनु श्रेष्ठ |
| ५ | संरक्षण अधिकृत | वासुदेव बजगाईं |
| ६ | संरक्षण अधिकृत | दुर्गा खड्का |
| ७ | संरक्षण अधिकृत | धनीराम सापकोटा |
| ८ | संरक्षण अधिकृत | अच्युत आचार्य |
| ९ | संरक्षण अधिकृत | रमेशकुमार थापा |
| १० | संरक्षण अधिकृत | पवनकुमार जयसवाल |
| ११ | संरक्षण अधिकृत | जायश्वर चापागाईं |
| १२ | संरक्षण अधिकृत | ज्योतिप्रसाद घिमिरे |
| १३ | संरक्षण अधिकृत | बद्रीप्रसाद सुवेदी |
| १४ | संरक्षण अधिकृत | गीताकुमारी दाहाल |
| १५ | संरक्षण अधिकृत | ठाकुरप्रसाद चापागाईं |
| १६ | संरक्षण अधिकृत | मोहनदेव जोशी |
| १७ | संरक्षण अधिकृत | श्रीराम अधिकारी |
| १८ | संरक्षण अधिकृत | गणेशप्रसाद अर्याल |
| १९ | संरक्षण अधिकृत | रेगम महर्जन |

### (घ) Capacity Dev परियोजना संख्या

| | | |
|---|---|---|
| १ | विक्रम क्षेत्री | National Program Manager |
| २ | अनिल बज्राचार्य | Admin/Finance Associate |
| ३ | निरज दवाडी | HR Associate |
| ४ | सुलभ रेग्मी | IT Associate |
| ५ | खुसी प्र.थारु | Interpreter |
| ६ | प्रमिला न्यौपाने | Secretary |
| ७ | सोनी श्रेष्ठ | Field Secretary |
| ८ | सर्कीमान तामाङ्ग | Driver |
| ९ | द्वारिका मान श्रेष्ठ | Driver |
| १० | सूर्य बहादुर खापुङ्ग | Driver |
| ११ | सुजन श्रेष्ठ | Driver |
| १२ | अमृत बहादुर श्रेष्ठ | Driver |
| १३ | बुद्धिराज न्यौपाने | Messenger |
| १४ | रामनारायण चौधरी | Cleaner |

### (ङ) करार सेवामा कार्यरत व्यक्तिहरु

| | | |
|---|---|---|
| १ | परियोजना सहायक | दीपेन्द्र झा |
| २ | सहायक | मन्दिरा श्रेष्ठ |
| ३ | चालक | भीमसेन खड्का |

| | | |
|---|---|---|
| २० | संरक्षण अधिकृत | कमल थापा क्षेत्री |
| २१ | संरक्षण अधिकृत | अश्वस्थामाभक्त खरेल |
| २२ | संरक्षण अधिकृत | अर्जुनप्रसाद कोइराला |
| २३ | संरक्षण अधिकृत | बुद्धनारायण सहानी केवट |
| २४ | संरक्षण अधिकृत | नारायणप्रसाद सेढाईं |
| २५ | संरक्षण अधिकृत | श्यामबाबु काफ्ले |
| २६ | संरक्षण अधिकृत | तेजमान श्रेष्ठ |
| २७ | संरक्षण अधिकृत | पवनकुमार भट्ट |
| २८ | संरक्षण अधिकृत | प्रमेश पौडैल |
| २९ | संरक्षण अधिकृत | मायादेवी शर्मा |
| ३० | संरक्षण अधिकृत | झंकरबहादुर रावल |
| ३१ | संरक्षण अधिकृत | हरिप्रसाद ज्ञवाली |
| ३२ | संरक्षण अधिकृत | कल्पना झा |
| ३३ | संरक्षण अधिकृत | कैलाशकुमार शिवाकोटी |
| ३४ | संरक्षण अधिकृत | हरिराज भट्टराई |
| ३५ | संरक्षण अधिकृत | यशोदा बञ्जाडे |
| ३६ | परियोजना सहायक | यज्ञराज थापा |
| ३७ | कानून सहायक | सरोज पौड्याल |
| ३८ | लेखापाल | जितेन्द्र कार्की |

| | | |
|---|---|---|
| ४ | टेक्निसियन | श्याम महर्जन |
| ५ | स्वीपर | हीरामाया महर्जन |
| ६ | माली | इन्द्रबहादुर सुवाल |

**(च) CIDA IN-KIND**

| | | |
|---|---|---|
| १ | परियोजना अधिकृत | मोनिका रिजाल |

**आयोगमा कार्यरत कर्मचारीहरू**

| | | |
|---|---|---|
| १ | आयोगका कर्मचारी संख्या | २९ |
| २ | Capacity Dev परियोजना संख्या | १४ |
| ३ | National Rapporteur Office | ४ |
| ४ | Canadian Project | १ |
| ५ | Outreach Program संख्या | ३५ |
| ६ | CDNHRC अन्तर्गतका संरक्षण अधिकृतहरु | ३८ |
| ७ | करार सेवामा कार्यरत व्यक्तिहरु | ६ |
| ८ | International Consultant | ४ |
| | **जम्मा** | **१३१** |

# अनुसूची - १७

## आयोगद्वारा विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्ति तथा ध्यानाकर्षणहरू

**आयोगले पूर्णता पाएपछि जारी गरिएको पहिलो प्रेस विज्ञप्ती**

२०५७ जेठ २७ गते

### प्रेस विज्ञप्ति

राष्ट्रका समस्त सचेत नागरिक तथा नागरिक समाजको उत्कट अपेक्षा अनुरुप राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको छ ।

यस आयोगको गथन पश्चात अध्यक्ष श्री नयन बहादुर २०५७ जेठ १७ गते र सदस्यहरु डा. गौरी शंकरलाल दास, कपिल श्रेष्ठ, सुशील प्याकुरेल र इन्दिरा राणाले २०५७ साल जेष्ठ २३ गते शपश ग्रहण गर्नु भए पछि अब आयोगले पूर्णता प्राप्त गरेको छ । आयोगको लागि आवश्यक कर्मचारी र कार्यालय व्यवस्थापनको काम अझै हुन नसके पनि आयोगले आफ्नो कामको भने शुरुबाट गरिसकेको छ ।

आयोगका अध्यक्ष श्री नयनबहादुर खत्री तथा अन्य सबै सदस्यहरुले मिति २०५७ जेठ २७ गते प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासँग भेटी आयोगको वर्तमान अवस्था र आयोगलार्य प्रभावकारी ढंगबाट काम शुरु गर्न भौतिक पूर्वाधारको यथाशीघ्र व्यवस्थाको माग गर्नु भयो । त्यसपछि अध्यक्ष लगायत सबै सदस्यहरुले भद्रकालीमा रिले अनसनमा बसेमा माओवादी क्षेत्रका पीडित जनतालार्य भेटी समस्याप्रति आयोगको चासो व्यक्त गर्नु भयो ।

आयोगले मन्त्रिपरिषद सचिवालयमा पत्र लेखी विभिन्न विषयमा सरकारले गरेका काम कारवाही बारे जानकारी माग गरेको छ । उक्त सचिवालयलाई जेठ २६ गते लेखिएको पत्रमा रुकुम जिल्लाको खारामा भएको हत्या एवम् अग्नि काण्ड, कैलाली जिल्लाको उर्मा गा.वि.स.मा भएको ६ जनाको हत्या, कमैयाहरुको न्यूनतम ज्याला एवम् कमैया मुक्ति, महानमा भएको चमार वहिष्कार तथा हालसम्म वेपत्ता पारिएका भनी प्रकाशित समाचारमा बारेमा ७ दिनभित्र जानकारी उपलब्ध गराउन सम्बन्धित निकायसँग आयोगले माग गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कामलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्न श्री ५ को सरकार, विभिन राजनैतिक दलहरु, राज्यका विभिन्न निकायहरु, नागरिक समाज एवम् मानव अधिकार क्षेत्रमा काम गर्ने सबै संघ संस्थाहरु, सञ्चार क्षेत्र तथा बुद्धिजीवीवर्गबाट सुझाव एवंम सहयोगको अपेक्षा गरेको छ ।

यस आयोगले ललितपुर, पुल्लोक स्थित हरिहर भवनमा आफ्नो कार्यालय स्थापना गरी काम शुरु गरीसकेको छ । आयोगले छिटै व्यवस्थित रुपमा सक्रिय भई अगाडी बढ्ने वातावरण पाउने छ भन्ने आशा हामीले गरेका छौं ।

**(नयनबहानदुर खत्री)**
**अध्यक्ष**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति : २०५९।१।१७

## प्रेस विज्ञप्ती

श्री ५को सरकारले गत वैशाख १० गते नेपालमा आतङ्कारी समुहमा संलग्न केहि व्यक्तिहरुलाई जिउँदो वा मृत रुपमा सरकारलाई बुझाउनेलाई विभिन्न पुरुस्कारहरुको व्यवस्था गरेको सार्वजनिक सूचनाप्रति आयोगको ध्यानाकर्षीत भएको छ । नेपालले २०४७ साल पछि प्रजातान्त्रिक संविधानद्वारा नेपाली नागरिकहरुको आधारभुत मानव अधिकारको सुरक्षा र प्रत्याभुति गर्दै मानव अधिकारको संम्बन्धमा अन्तराष्ट्रिय समुदायद्वारा स्विकार गरिएका आधारभूत मुल्य र मान्यतालाई अंगिकार गरेको र मृत्युदण्डको सजाय दिने कानूनी व्यवस्था समेत नभएको वर्तमान परिप्रेक्ष्यमा उक्त सूचनावाट नेपालमा मानव अधिकारको क्षेत्रमा देहायका प्रभावहरु पर्न सक्ने अवस्थाप्रति आयोग गहिरो चिन्ता व्यक्त गर्दछ ।

१. व्यक्तिको बाँच्न पाउने अधिकारलाई उल्लंघन गर्ने संभावना हुन्छ ।
२. कानूनी राज्यको सिद्धान्तलाई नकारात्मक असर पर्दछ ।
३. मानव अधिकार सम्बन्धी मान्य राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य मान्यता र अभ्यासलाई नेपालमा निरुत्साहित पार्दछ ।
४. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, १९६६ जसमा नेपाल पक्ष राष्ट्र भई सकेको छ, को धारा ४ ले व्यवस्था गरेका कुनैपनि अवस्थामा अहरणीय अधिकारहरुको पनि हरण हुन सक्दछ ।
५. हत्या तथा हिंसालाई वढावा दिने संभावना रहन्छ ।

(डा. शङ्कर कुमार श्रेष्ठ)
सचिव

हरिहरभवन, पुल्चोक, फोन नं. : ५२५६५९, ५२५८४२, ५४७९७४, ५४७९७५, ५४७९७६, ५४७९७८
पो.ब.नं. : ९१८२ काठमाण्डौ, नेपाल, फ्याक्स : ५४७९७३, इमेल : nhrc@ntc.net.np

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन २०५३ अन्तर्गत स्थापित

मितिः २०६०।५।२५

## प्रेस विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६०।५।९ को निर्णयअनुसार युद्धविराम भई आचारसंहिता समेत स्वीकृत भएको अवस्थामा रामेछापको दोरम्बा, पाँचथरको नागी, तथा सिरहाको धनगढीमा भएका घटनाहरुको छानविन गर्नको लागि गठन गरिएका समितिहरुले छानविन पछि पेश गरेका प्रतिवेदनहरुका आधारमा विभिन्न निर्णयहरु गरी श्री ५ को सरकार समक्ष आयोगका अध्यक्ष नयनबहादुर खत्रीले आज प्रधानमन्त्री श्री सूर्यबहादुर थापालाई एक पत्र लेखी आयोगका सुझावहरुको कार्यान्वयनका लागि अनुरोध गर्नुभएको छ।

रामेछापको दोरम्बाको घटनाका सम्बन्धमा प्राप्त प्रतिवेदनबाट दोरम्बा बजार नजिकैको डडुवा गा.वि.स.मा पर्ने युवराज मोक्तानको घरमा मिति २०६०।४।३२ गतेका दिन माओवादीहरुको बैठक भइरहेको अवस्थामा करिब दिनको १०.३० बजेको समयमा सेनाले घेरा हाली गोली चलाउँदा कतिपय व्यक्तिहरु भागी गएका, एकजना टेकबहादुर भन्ने व्यक्तिको सोही घर नजिक मृत्यु भएको र अन्य १९ जनालाई सेनाले आफ्नो कब्जामा लिई गएकोमा उक्त घटनास्थलबाट २-३ घण्टा टाढा पर्ने डाँडाकटेरी भन्ने स्थानमा दिनको २.३० बजेको समयमा पक्राउ परेका व्यक्तिहरु मारिएको अवस्थामा भेटिएको देखिन्छ। आफ्नो कब्जामा लिइसकेका व्यक्तिहरु मारिने कार्य देशको संविधान तथा विद्यमान कानूनप्रदत्त अधिकारहरुको हननको कार्य हो र यस्ता क्रियाकलापले जेनेभा कन्भेन्सनको साझा धारा ३ मा उल्लेख भएको अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रावधानको पनि ठाडो उल्लंघन भएको छ। उपरोक्त घटनाको स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्वाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटनाहरु पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन, सरकारले सुरक्षा निकायलाई सचेत गराउन राष्ट्रिय मानव अधिकार आयोगले सरकार समक्ष सिफारिस गरेको छ।

२०६०।४।२० गतेका दिन करिब २.३० बजेतिर पाँचथर जिल्लाको नागी गा. वि. स. स्थित निगाले भन्ने ठाउँमा ३५ जना सुरक्षाकर्मी, ट्रकका चालक, खलासी र एक जना सर्वसाधारणसहित चढेको ना. १. ख. ७६९९ नं को गैरसैनिक ट्रकलाई सर्वसाधारण हिँडडुल गर्ने र सार्वजनिक सवारी साधनको आवागमन हुने मूल मार्गमा नै माओवादीहरुले एम्बुस थापी विस्फोट गराउँदा ५ जना सैनिक तथा एक जना गैरसैनिक (चालक) को मृत्यु भएको र अन्य २३ जना घाइते भएको भन्ने देखिएको छ। ताप्लेजुङ्ग जाने ३ जना सैनिक जवानलाई ताप्लेजुङ्गको सीमाना काबेरीसम्म सुरक्षित पुऱ्याउने समेत उद्देश्यले हिँडेका सैनिक टोली निजहरुलाई पुऱ्याइ फर्कँदा चालक मोहन श्रेष्ठले चलाएको उक्त खाली ट्रक जोरपोखरीतर्फ फर्कन लागेको देखी सेनाले अनुरोध गरी उक्त ट्रकमा सवार भई जाँदा त्यहाँ उक्त घटना भएको भन्ने देखिन्छ।

त्यस्तै सिराहाको धनगढीमा २०६०।५।२ गते बेलुकी ५.०० बजेको समयमा आफ्नो ड्युटी सकी हटियामा तरकारी किन्न भनी गएका प्रहरी सहायक निरीक्षक गणेशप्रसाद दाहाल र प्रहरी जवान श्यामनारायण यादवसमेत तरकारी मोलमोलाई गरिरहेको अवस्थामा माओवादीहरुले ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको हटिया जस्तो सार्वजनिक ठाउँमा गोली हानी हत्या गरेको भन्ने देखिएको छ। मारिएकामध्ये प्रहरी जवानसँग कुनै हतियार समेत नभएको भन्ने खुल्न आएको छ।

पाँचथर तथा सिरहा जिल्लामा नेकपा(माओवादी)बाट घटाइएका दुवै घटनाको बारेमा दुवै क्षेत्रमा गएको भिन्नाभिन्नै अनुसन्धान समितिहरुले आफ्नो प्रतिवेदनमा उक्त घटनाहरु युद्धमा प्रत्यक्ष संलग्न नभएको अवस्थामा सुरक्षाकर्मीहरुप्रति नियोजित लक्ष्य गरी घटाइएको घटना भएको र दुवै घटनामा सर्वसाधारणलाई समेत आक्रमण गर्दा लक्षित गरेको पाइन्छ। नागीको घटनामा सर्वसाधारण आवतजावत गर्ने सार्वजनिक बाटोमा एम्बुस थापी गैरसैनिक ट्रकमाथि एम्बुस पड्काई आक्रमण गरिएको छ भने धनगढीमा हाटबजार जस्तो सर्वसाधारणको भीड भएको स्थानमा तरकारी किन्न लागेका निशस्त्र प्रहरी जवानमाथि आक्रमण गरिएको पाइन्छ। उक्त दुवै घटनामा नेकपा(माओवादी) ले आचारसंहिताको घोर उल्लंघन मात्र हैन जेनेभा कन्भेनसनको साझा धारा ३ को उल्लंघन गर्नुका साथै व्यक्तिको बाँच्न पाउने अधिकारको समेत ठाडो उल्लंघन गरेका छन् भन्ने आयोगको ठहर रहेको छ। आयोगले दुवै घटनाबाट पीडित व्यक्तिका परिवारलाई अविलम्ब राहतको लागि सरकार समक्ष सिफारिस गरेको छ। आयोग नेकपा (माओवादी)बाट भएको उपरोक्त घटनाहरुका सन्दर्भमा २०६० वैशाख ८ गते डा. बाबुराम भट्टराईको नेतृत्वमा राष्ट्रिय मानव अधिकार आयोगमा आएको नेकपा( माओवादी) वार्ता टोलीले मानव अधिकारको संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित सिद्धान्तहरुप्रति समेत प्रतिबद्धता जनाइसकेको अवस्थामा त्यस पार्टीद्वारा घटाइएका विभिन्न घटना विशेष गरी व्यक्ति हत्या, सार्वजनिक सम्पत्तिको लुटपाट तथा संरचना ध्वस्त पार्ने गतिविधिहरु निन्दनीय र मानव अधिकार तथा मानवीय कानून विपरीत क्रियाकलाप भएको आयोगको ठहर छ।

आयोगले तीन जना सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीशको संयोजकत्वमा गठित अनुसन्धान समितिहरुले प्रस्तुत गरेको प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कार्वाहीको लागि आजै प्रधानमन्त्री समक्ष पठाएको छ। आयोगका अध्यक्षले आज प्रधानमन्त्रीलाई लेखेको पत्रमा द्वन्द्वको समयमा पनि सर्वसाधारण जनताको मानव अधिकारको संरक्षणको लागि मानव अधिकार सम्झौताको आवश्यकताप्रति ध्यानाकर्षण समेत गरिएको छ।

(केदारप्रसाद पौड्याल)
का. मु. सचिव

हरिहर भवन, पुलचोक, फोन नं.: ५२५६५९, ५२५८४२, ५४७९७४, ५४७९७५, ५४७९७६, ५४७९७८
पो.ब.नं.: ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्सः ५४७९७३, ईमेलः nhrc@ntc.net.np

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

मिति:२०६०।२।१३

कथित बोक्सीको आरोप लगाई निर्मम तथा अमानवीय यातना दिएको कारणबाट रामपुर ३ रामेछाप निवासी रहेली परियार नाम गरेकी एक महिलाको दुखद मृत्यु भएको भनी विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको समाचार प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

बोक्सीको नाममा समाजमा महिला माथि गरिने यस्ता प्रकारका हिंसा, दुर्व्यवहार एवं चरम यातनाका घटना मानव अधिकारको उल्लंघन तथा जघन्य अपराधिक कार्य मात्र नभई मानवीय मूल्य, मान्यता र मर्यादा माथि नै कलंक लगाउने तथा मानव सभ्यताकै उपहास गर्ने प्रकृतिको कार्य भएको हुँदा यस तर्फ राज्यको ध्यान पुग्नु अत्यन्तै जरुरी छ ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भए पश्चात आयोगमा बोक्सीको नाममा मानव अधिकार उल्लंघन गरिएको भन्ने सम्वन्धमा प्राप्त भएका उजुरी तथा आयोगको आफ्नै स्वविवेकमा छानवीन गरिएका विभिन्न उजुरीहरुका सम्वन्धमा आयोगको मिति २०६०।१।२३ गतेको बैठकले निर्णय गरेको छ ।

जसमा महोत्तरी पर्सा देवाडकी सुदामा देवी, महोत्तरी सिमरदहीकी मरनी देवी शाह, महोत्तरी वेलाएकडाडाकी मलेसिया देवी, धनुषा पतनुकाकी रामपरीदेवी, धनुषा सखुवाकी पवित्रीदेवी महरा चमार, सर्लाही नोकेल्वाकी सज्ञानदेवी राय, सर्लाही गौरीशंकरकी लालमाया वि.क., कलैया भतौडाका जगन्नाथ महरा र उनकी पत्नी, काभ्रे पाँचखालकी देवी माया अधिकारी, सुनसरी दुहवीका पारो देवी उराउ तथा फूलमाया उराउ, पर्सा सिर्सियाकी मन्तुरिया देवी तथा दोलखा भुसाफेदाकी नरमाया थापा मगरलाई बोक्सीको आरोप लगाई कुटपीट गरी दिसापिसाव खुवाई सार्वजनिक रुपमा गाली वेइजति गर्ने तथा गाउँबाट समेत निस्काशन गर्ने गरेको तथा सोही चोटपीर कै कारणबाट पीडित मध्येकी मलेसिया देवीको मृत्यु भएको घटना परेका छन् ।

व्यक्तिको जीउ धन र स्वतन्त्रताको रक्षा गर्ने अभिभारा लिएको राज्यले यस्ता प्रकृतिका घटनालाई रोकथाम गर्न, दोषी उपर कानूनी कारवाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नका लागि आवश्यक कानूनको तर्जुमा गरी सो को लागि अवश्यक संयन्त्रको समेत व्यवस्था गर्नका लागि श्री ५ को सरकारलाई सिफारिश गर्ने तथा पीडितहरुलाई जनही रु. ३०००।- तथा मृत्यु भएकी मलेसिया देवीको हकमा निजका आश्रितलाई रु ५००००।- क्षतिपूर्ति स्वरुप उपलव्ध गराइदिनका लागि श्री ५ को सरकारमा लेखी पठाउने निर्णय गरेको छ । यसका अतिरिक्त आयोगले श्री ५ को सरकारलाई मानव अधिकार सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न तथा यस सम्वन्धमा आयोगको प्रयासमा सहयोग पुऱ्याउन समेत अनुरोध गरेको छ ।

(केदार प्रसाद पौड्याल)
का.मु. सचिव

हरिहर भवन, पुलचोक, फोन नं.: ५२५६५९, ५२५८४२, ५४७९७४, ५४७९७५, ५४७९७६, ५४७९७८
पो.व.नं.: ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५४७९७३, ईमेल: nhrc@ntc.net.np

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

च. नं. ४२३ मिति :- २०६१/०५/२८

श्री अध्यक्षज्यू,
नेकपा (माओवादी)

**विषय :- औषधिको बाटो द्वन्द्वले नछेकोस् ।**

श्री प्रचण्डजी,

बालबालिका राष्ट्रकै निधि हुन् र भविष्यका कर्णधार पनि । तसर्थ देश विकासका लागि उनीहरुको स्वास्थ्य, शिक्षा जस्ता अधिकारप्रति सबै नागरिक सचेष्ट हुनुपर्दछ ।

दादुरा रोग नेपालको एक ठूलो स्वास्थ्य समस्याको रुपमा रहेको छ । वर्षेनी यस रोगबाट १ लाख ५० हजार बालबालिका पीडित हुन्छन् । यीमध्ये करिब ५ हजार बालबालिका अकाल मृत्युको मुखमा पुग्दछन् भने हजारौंको संख्यामा अपाङ्ग हुने गर्दछन् । यसप्रकार यस रोगको कारण मृत्यु हुनेको संख्या प्रत्येक वर्ष द्वन्द्वबाट मृत्यु हुनेको संख्याभन्दा बढी हुने गरेको छ । तर, बालबालिकालाई दादुरा विरुद्धको खोप दिएमा यसबाट हुने अकाल मृत्युबाट बचाउन सकिन्छ । यो अभियानमा पहिले खोप लगाइसकेकाले दोहोऱ्याएर लगाउनुपर्छ र नलगाएकाले त झन् छुटाउनै हुँदैन ।

यस गम्भीर स्वास्थ्य समस्यालाई दृष्टिगत गरी राष्ट्रिय संस्था, युनिसेफ र विश्व स्वास्थ संगठन जस्ता विभिन्न संयुक्त राष्ट्र संघीय निकायहरुको सक्रिय सहयोगमा ९ महिनादेखि ५ वर्षमुनिका बालबालिकाहरुका लागि दादुराको खोप दिने बृहत् राष्ट्रिय अभियान निम्न प्रकारले सञ्चालन गरिँदै छ । प्रत्येक चरण ३ हप्तासम्म चल्नेछ ।

*(क) पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका सबै जिल्लाहरुमा २०६१ साल आश्विन ५ गतेदेखि ।*

*(ख) पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रका तराई र पहाडका जिल्लाहरुमा २०६१ साल पौष २० गतेदेखि ।*

*(ग) ६ हिमाली जिल्लाहरु (हुम्ला, जुम्ला, मुगु, डोल्पा, मनाङ्ग र मुस्ताङ्ग) मा २०६२ साल वैशाख महिनामा ।*

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५५४७९७३, ईमेल: nhrc@ntc.net.np

यो राष्ट्रिय खोप अभियान बालबालिकाको जीवनको अधिकारसँग सम्वन्धित भएकाले राष्ट्रिय मानव अधिकार आयोगले यसमा गम्भीर चासो लिएको छ र यस अभियानलाई सफल पार्न कटिबद्ध छ। यसर्थ आयोगले यस सत्कार्यलाई सफल पार्न एक कार्यदल पनि गठन गरेको छ। यसमा संयुक्त राष्ट्र संघीय संस्थाका अतिरिक्त नागरिक समाजको पनि सहभागिता छ। यो खोप अभियानबाट कुनै एक वर्ग र पक्षका बालबालिका मात्र लाभान्वित नभई सबै वर्ग र पक्षका बालबालिका लाभान्वित हुनेछन्।

यसै सिलसिलामा दादुरा खोप सम्वन्धी सामग्रीहरु उदयपुरबाट ओखलढुङ्गा लैजाने क्रममा मानेभञ्ज्याङ्गमा नेकपा (माओवादी) का कार्यकर्ताहरुबाट लुटिएको भनी प्राप्त समाचारप्रति आयोगको ध्यान आकृष्ट भएको छ। साथै नेकपा (माओवादी) को पूर्वी केन्द्रीय कमाण्डले २०६१ आसोज १२ र १३ गते पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरुमा बन्दको आह्वान गरेकोले यस कार्यमा थप अवरोध आउने संभावना देखा परेको छ।

तसर्थ लुटिएका सामग्री फिर्ता गर्न, बन्द कार्यक्रम फिर्ता लिन तथा खोप कार्यक्रम अवधिभर खोप कार्यक्रमलाई अवरोध पुग्ने खालका अन्य कुनै पनि क्रियाकलाप सञ्चालन नगर्न राष्ट्रिय मानव अधिकार आयोग नेकपा (माओवादी) समक्ष हार्दिक अनुरोध गर्दछ।

बन्दूक समाउने आफ्ना कार्यकर्ताहरुलाई बालबालिकाको हात समाई खोप केन्द्रसम्म लैजान सहयोग पुऱ्याउन र बालबालिकाको स्वास्थ्यको अधिकारको रक्षा गर्ने काममा लाग्न निर्देशन जारी गरी आफ्नो पार्टीलाई जिम्मेवार पार्टीको रुपमा प्रस्तुत गर्न तथा यस दादुरा खोप अभियान बारे यहाँको धारणा स्पष्ट गर्न समेत आयोग अनुरोध गर्दछ।

डा. गौरीशंकर लाल दास
नि. अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग
तथा संयोजक,
दादुरा खोप अभियान कार्यदल
राष्ट्रिय मानव अधिकार आयोग

"दादुराबाट मुक्ति, बालबालिकाको अधिकार"

# National Human Rights Commission

(Established under The Human Rights Commission Act, 1997)

**Press Release**

August 20, 2003

The National Human Rights Commission, Nepal (NHRC) expresses its shock and grief over the sad demise of Mr. Sergio Vieira de Mello, the UN High Commissioner for Human Rights and others who perished in the cowardly bombing of the United Nations headquarters in Iraq yesterday.

The National Human Rights Commission has always appreciated the efforts of the High Commissioner for Human Rights and his office in institutionalizing the human rights movement around the world and giving strong leadership to the UN system in this area. He had also been supporting the work of national human rights institutions in the promotion and protection of human rights in all possible ways.

The Commission very much respects the courage and commitment shown by the High Commissioner and his staff who have laid down their lives in the cause of promoting and protecting human rights.

The National Human Rights Commission condemns this terrorist attack and the loss of innocent lives and requests the UN and the international community to bring the offenders to justice as soon as possible.

On this sad occasion, the Commission expresses its sorrow and deepest sympathies and offers its prayers for eternal peace of the departed souls.

Kedar Prasad Poudyal
Acting Secretary

National Human Rights Commission
Nepal

Harihar Bhawan, Pulchok, Lalitpur, Phone No. 525659, 525842, 547974-6, 547978
Fax: 54793, Email: nhrc@ntc.net.np, Post Box No. 9182, Kathmandu, Nepal

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

मिति :- २०६१।१०।२१

## प्रेस विज्ञप्ति

देशको परिवर्तित परिस्थिति र संकटकाल लागू भएको सन्दर्भमा मानव अधिकारको संरक्षणको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । संयुक्त राष्ट्र संघको सदस्य र मानव अधिकार सम्बन्धी सबै प्रमुख सन्धिसम्झौताहरुको पक्षराष्ट्रको नाताले मानव अधिकारहरुको संरक्षण गर्नु नेपालको दायित्वभित्र पर्दछ । जस्तोसुकै अवस्थामा पनि नेपाल अधिराज्यको संविधान २०४७ को मूल मर्मअनुसार संकटकालको अवस्थामा समेत बहुदलीय प्रजातन्त्र र मानव अधिकारको संरक्षणको दायित्व प्रति सचेत रहन आग्रह गर्दै संविधानप्रदत्त शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा संलग्न हुन पाउने हकको उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्न तथा मानव अधिकारकर्मीहरुको सुरक्षाप्रति सजग रहन समेत आयोग सरकार समक्ष अनुरोध गर्दछ ।

साथै, देशलाई लामो समयसम्म संचारविहीन अवस्थामा राख्दा जनताका न्यूनतम अधिकारहरुको उपभोगमा प्रतिकूल प्रभाव परिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै कुनै पनि निर्णय गर्दा मानव अधिकारका स्थापित मान्यताहरुको सम्मान गर्न समेत आयोग श्री ५ को सरकारसमक्ष अनुरोध गर्दछ ।

केदारप्रसाद पौड्याल
का. मु. सचिव

मिति- २०६२/२/२

# प्रेस वक्तव्य

आदरणीय पत्रकार साथीहरू नमस्कार ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्ना गतिविधिलाई आम समुदायसम्म पुऱ्याउन पत्रकार भेटघाटको कार्यक्रमलाई सकेसम्म नियमितता र निरन्तरता दिइरहेको छ । यसै क्रममा आज हामी यहाँ उपस्थित भएका छौं । यहाँहरूलाई आयोगको यो पत्रकार सम्मेलनमा स्वागत छ ।

पत्रकार साथीहरू,

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार आयोग ऐन २०५३ बमोजिम स्थापना कालदेखि हालसम्म नियमित र निरन्तर आफ्नो काम सम्पन्न गर्दै आइरहेको यहाँहरूलाई विदितै छ । यसै क्रममा हालैका दिनमा राज्य तथा गैर राज्यपक्षबाट नागरिकको जीवन तथा सम्पत्तिमाथिको अधिकारको चरम हनन भएको क्षेत्रको स्थलगत अनुसन्धान/अनुगमन गरी आयोगले प्रारम्भिक प्रतिवेदन तयार पारेको छ । आयोगले बैशाख १६ गते कञ्चनपुरको जनज्योति क्याम्पसमा [illegible] विद्यार्थीहरूमाथि सुरक्षाकर्मीहरूद्वारा गोली हानिएको घटना, बैशाख १४ गते सिन्धुपाल्चोकको पीपलडाँडा गा.वि.स.मा माओवादीद्वारा गाउँलेहरू मारिएको घटना, बैशाख २ गते नवलपरासीको सोमनी गा.वि.स.मा माओवादीद्वारा गाउँलेहरू मारिएको घटना र चैत ९ गते पाल्पाको चिदीपानीमा सुरक्षाकर्मीद्वारा स्कुले विद्यार्थीहरू मारिएको घटनाका सम्बन्धमा स्थलगत अनुसन्धान गरी प्रारम्भिक प्रतिवेदन तयार पारेको हो । यसै आधारमा यही बैशाख ३० गते पाल्पाको चिदीपानीमा भएको घटनाबाहेक अरू तीन घटनाका सम्बन्धमा आयोगले श्री ५ को सरकारलाई सिफारिश गरी पठाएको छ । पाल्पा चिदीपानीमा भएको घटनाका सम्बन्धमा अनुसन्धान जारी रहेकाले सिफारिश नगरिएको हो । तर ती तीन घटनाका साथमा पाल्पाको चिदीपानी घटनाका सम्बन्धमा श्री ५ को सरकारलाई आयोगको प्रारम्भिक अनुसन्धान विवरण पठाएको छ । जुन आमसमुदायको जानकारीका लागि आजै हामीले सार्वजनिक गरेका छौं ।

आयोगले उल्लेखित घटनाका विषयमा श्री ५ को सरकारलाई पठाएका सिफारिश र पाल्पाको चिदीपानी घटना सम्बन्धको जानकारीको पूर्ण विवरण यहाँहरूलाई वितरण गरिने छ ।

ध्रुव नेपाल
निमित्त सचिव

# आयोगले विभिन्न मितिमा प्रेस विज्ञप्ति मार्फत मानव अधिकार संरक्षण र सम्बर्धनको निमित्त गराएको ध्यानाकर्षण

| सि.नं. | मिति | प्रेष विज्ञप्तिको विषय | विवरण |
|---|---|---|---|
| १ | २०५८।८।१३ | मानव अधिकार प्रति संवेदनशिल रहन | देशमा वढ्दै गई रहेको हिंसात्मक एवं विध्वंसात्मक क्रियाकलापहरू सन्दर्भमा श्री ५ को सरकारलाई जुनसुकै अवस्थामा पनि जनताको मानव अधिकार प्रति संवेदनशील रहन सचेत गराएको नेकपा -माओवादी लाई पनि ध्वंसात्मक गतिविधि तुरुन्त बन्द गर्न आग्रह गरेको जनताको जीउधन र सुरक्षाको प्रत्याभूति गर्नु सरकारको दायित्व भएको हुनाले जुनसुकै अवस्थामा पनि जनताको मानव अधिकार को रक्षा गर्न श्री ५ को सरकार तथा माओवादीलाई आह्वान गरेको |
| २ | २०५९।१।१० | मानवीय संवेदना अपहेलित | पृथ्वी राजमार्ग स्थित मुंगलिङ मार्गको मौवा खोला नजिक माओवादी पक्षले एम्वुलेन्स कब्जामा लिई क्रूर आतंककारी मनोवृतिको प्रर्दशन गरेको सन्दर्भमा जनताको उपचार गर्ने हकको उल्लघंन एवं मानवता विरोधी वर्वर क्रियाकलाप तुरुन्त बन्द गर्नको लागि सम्वद्ध पक्ष सँग आग्रह गरेको |
| ३ | २०५९।१।१७ | सरकारको सार्वजनिक सूचना प्रति | आयोगको गम्भीर ध्यानाकर्षण भएको<br>नेपाल अधिराज्यको संविधान, २०४७ को भावना एवं अन्तर्राष्ट्रिय समुदायबाट स्वीकृत मापदण्ड अनुकूल नभएको<br>नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ४ को प्रतिकूल हुने धारणा व्यक्त |
| ४ | २०५९।१।२७ | वृद्धको वसोवासको अधिकार | पशुपति क्षेत्रमा वृद्धवृद्धाहरू बस्दै आएको पञ्चदेवल र आसपासका क्षेत्रमा म्यूजियम वनाउने भन्ने 'हिमालयन टाइम्स' दैनिकमा प्रकाशित समाचार प्रति ध्यानाकर्षण भएको सन्दर्भमा वृद्ध वृद्धाहरूको बसोबासको अधिकारमा कतैबाट पनि हनन हुनु हुँदैन भन्नेमा जोड यस सम्वन्धमा आवश्यक जानकारीको माग |
| ५ | २०५९।७।४ | विभिन्न जिल्लाको अनुगमनबाट प्राप्त निचोड सम्वन्धमा | आयोगले विभिन्न समयमा देशका ३५ वटा जिल्लाहरूको स्थलगत भ्रमण बाट प्राप्त मानव अधिकार उल्लघंनका घटनाहरूबाट निकालिएका निचोडहरू र सरकारद्वारा अविलम्व चालिनुपर्ने कदमहरूबारे सम्मानीय प्रधानमन्त्री श्री लोकेन्द्र बहादुर चन्दलाई ध्यानाकर्षण गरिएको |
| ६ | २०५९।७।६ | विभिन्न जिल्लाको अनुगमनबाट प्राप्त निचोड सम्वन्धमा | आयोगले २०५९ साल अषाढ देखि आश्विन सम्म देशका ३५ हिंसाग्रस्त जिल्लाहरुमा मानव अधिकारको वस्तुस्थितिको बारेमा स्थलगत भ्रमणबाट प्राप्त निचोडहरूका आधारमा देखिएका तथ्यहरू एवम् पालना गर्नुपर्ने दायित्वको बारेमा ने.क.पा माओवादीका अध्यक्षलाई ध्यानाकर्षण गरिएको |
| ७ | २०६१।१।७ | संचारकर्मी उपर दुर्व्यवहार | विभीन्न राजनैतिक दलहरूले आन्दोलनको सन्दर्भमा समाचार संकलनको लागि गएको सन्चार कर्मीहरू उपर सुरक्षाकर्मीहरूद्धारा दुर्व्यवहार तथा गिरफ्तारी समेत गरिएको भन्ने सम्वन्धमा श्री ५ को सरकारलाई आम सन्चारकर्मीहरूको समाचार संकलन गर्न पाउने अधिकारको सम्मान गर्न तथा उनीहरूको सुरक्षाको प्रत्याभूति गर्न आव्हान गरेको। |
| ८ | २०६०।१२।२८ | वन्दीहरूको अवस्था बारेमा | राजनैतिक दलहरूद्धारा गरिएको शान्तिपूर्ण विरोधको क्रममा मिति २०६० चैत्र २७ गते प्रहरीद्धारा गिरफ्तार गरि वन्दी बनाइएकाहरूको अवस्था बुझ्ने शिलशिलामा आयोगका सदस्यद्वय डा. गौरी शंकरलाल दास र शुसील प्याकुरेल संलग्न टोलीले वन्दी बनाईएको ठाउँमा स्थलगत निरिक्षण गरी श्री ५ को सरकारलाई मानव अधिकारका सिद्धान्तहरूलाई पालन गर्न स्मरण गराइएको । |
| ९ | २०६०।१२।२७ | | श्री ५ को सरकारले अकस्मात दङ्गा क्षेत्र घोषित गरी राजनैतिक दलका नेता तथा कार्यकर्ता , कानून व्यवसायी तथा मानव अधिकारकर्मीहरूको गिरफ्तारी प्रति ध्यानाकर्षण गर्दै श्री ५ को सरकारलाई मानव अधिकार प्रतिवद्धता प्रति सचेत रहन अनुरोध गरिएको । |
| १० | २०६०।१२।१९ | आयोगको काम कारवाहीमा हास्तक्षेप नहुने व्यवस्था मिलाउन | श्री ५ को सरकार गृह मन्त्रालयबाट "एक पक्षीय प्रतिवेदन तयार गर्न लगाई सुरक्षा फौजले ज्यादती गरिरहेको छ भन्ने सन्देश सर्वसाधारण जनता र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत दिएर सरक्षा फौजको छविमा आँच पुर्‍याउने कार्य गरिरहेको तथा आयोगले अनुसन्धान टोली खटाउँदा छानविन टोलीमा सुरक्षा फौजको प्रतिनिधि समेत अनिवार्य रुपमा समावेश गर्नु पर्ने " भनी उल्लेख भएकोमा खेद प्रकट गर्दै त्यस्तो पत्राचार गर्ने माथि मुख्य सचिववाट आवश्यक कारवाहीको माग गर्दै यस्तो काल्पनिक कुराको आधारमा आयोगको काम कारवाहीमा हास्तक्षेप नहुने व्यवस्था मिलाउन अनुरोध गरिएको । |
| ११ | २०६०।१२।१८ | भुटानी मानव अधिकारवादी नेतालाई ट्राभल डकुमेन्ट उपलव्ध गराउने सम्वन्धमा | भुटानी मानव अधिकारवादी नेता टेक नाथ रिजाललाई यथाशीघ्र ट्राभल डकुमेन्ट उपलव्ध गराउन तथा उहाँलाई शरणार्थीको दर्जा दिन श्री ५ को सरकारसँग आग्रह गरिएको |
| १२ | २०६०।११।२५ | सार्वजनिक संरचना र गैर सैनिक स्थानहरूमा जथाभावी आक्रमण नगर्न | ने.क.पा. माओवादीले २०६०।११।२३ गते शनिवार राती डडेल्धुरा जिल्ला अदालतमा गराएको विस्फोटनको घटना र उक्त घटनामा परी अदालतका अर्दली ठिम सिंह विष्टको मृत्यु भएको घटना प्रति ध्यानाकर्षण गर्दै सार्वजनिक संरचना र गैर सैनिक स्थानहरूमा जथाभावी आक्रमण नगर्न ने.क.पा. माओवादीलाई पुनः आह्वान गरेको । |
| १३ | २०६०।११।१९ | बालबालिकाको शिक्षाको अधिकार र उनीहरूको सुरक्षामा आघात पुर्‍याउने कार्यहरू नगर्न आग्रह । | ने.क.पा. माओवादीबाट पठनपाठनमा संलग्न रहेका विद्यार्थीहरूलाई जवर्जस्ती आफ्ना कार्यक्रमहरूमा सहभागी हुन बाध्य पार्ने, शिक्षकहरूलाई जनवादी शिक्षा पढाउन भनी दवाव सृजना गर्ने , विद्यालय हातामा सैनिक सेवा सन्चालन जस्ता घटनाहरू नदोहोर्‍याउन तथा बालबालिकाको शिक्षाको अधिकार र उनीहरूको सुरक्षामा आघात पुर्‍याउने कार्यहरू नगर्न आग्रह । |
| १४ | २०६०।११।११ | विस्तृत अनुसन्धान गरी वास्तविक अपराधि पत्ता लगाई कानून बमोजिम कारवाही हुनु | सिराहा जिल्ला क्षेत्र नं. ४ का ने. क.पा. एमालेका निवर्तमान सांसद हेमनारायण यादवको अपहरण भई मिति २०६०।१०।२० गते निज यादवको लाश फेला परेको सम्बन्धमा आयोगबाट गठन भएको छानविन तथा अनुसन्धान टोलीले आयोग समक्ष पेश गरेको प्रतिवेदन समेतका आधारमा विस्तृत अनुसन्धान गरी वास्तविक अपराधि पत्ता लगाई कानून बमोजिम कारवाही हुनु पर्ने भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समक्ष शिफारिस गरी पठाएको । |
| १५ | २०६०।११।४ | UN Declaration on HR | नेपाल माओवादी पीडित संघका अध्यक्ष गणेश चिलवालको राजधानी बागबजार स्थित आफ्नो कार्यालयमा मिति २०६०।११।३ गते साँझ ने.क.पा. माओवादी द्वारा गरिएको हत्याको घोर भर्त्सना गर्दै यस प्रकारका घटना नदोहोर्‍याउन तथा मानव अधिकार |

| | | | |
|---|---|---|---|
| | | Defenders को पूर्ण सम्मान गर्न समेत पुनः अनुरोध गरेको | प्रतिरक्षामा लागेका व्यक्तिहरूको सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र UN Declaration on HR Defenders को पूर्ण सम्मान गर्न समेत पुनः अनुरोध गरेको । |
| १६ | २०६०।८।१० | मानव अधिकार प्रवर्द्धन केन्द्रको गठन, वालबालिकाका अधिकारको हनन, राजीव श्रेष्ठलाई सैनिक जवानद्धारा गोली हानी हत्या गरेको लगायत अपाङ्ग अधिकारको सम्बन्धमा | मानव अधिकार प्रवर्द्धन केन्द्रको गठन, वालबालिकाका अधिकारको हनन, राजीव श्रेष्ठलाई सैनिक जवानद्धारा गोली हानी हत्या गरेको लगायत अपाङ्ग अधिकारको सम्बन्धमा आयोगमा परेको अनुरोध समेतका आधारमा श्री ५ को सरकारमा विभिन्न सुझाव दिइएको । |
| १७ | २०६०।५।१९ | सिराहा, पाँचथर तथा रामेछापको दोरम्बामा भएका हिंसात्मक घटनाहरूको जाँचबुझको प्रतिवेदन सम्वन्धमा | युद्धविरामको अवस्थामा सिराहा, पाँचथर तथा रामेछापको दोरम्बामा भएका हिंसात्मक घटनाहरूको जाँचबुझ गर्न आयोगद्धारा गठित अनुसन्धान समितिका संयोजकहरू ज्ञाइन्द्र बहादुर श्रेष्ठले पाँचथर, कृष्ण जङ्ग रायमाझीले रामेछाप र उदयराज उपाध्यायले सिराहा घटना सम्बन्धमा आयोगमा जाँचबुझ प्रतिवेदन पेश गरिएको सम्बन्धमा जानकारी गराइएको । |
| १८ | २०६०।५।२५ | रामेछापको दोरम्वा, पाँचथरको नागी , तथा सिरहाको धनगढीमा भएका घटनाहरूको प्रतिवेदनको आधारमा पठाइएको सुझावको कार्यन्वयन | आयोगद्धारा २०६०।५।९ को निर्णयानुसार युद्ध विराम भई आचार संहिता समेत स्वीकृत भएको अवस्थामा रामेछापको दोरम्वा, पाँचथरको नागी , तथा सिरहाको धनगढीमा भएका घटनाहरूको प्रतिवेदनका आधारमा आयोगका स. अध्यक्ष नयन बहादुर खत्रीले प्रधानमन्त्री सुर्य बहादुर थापालाई एक पत्र लेखी आयोगका सुझावहरूको कार्यान्वयनको लागि अनुरोध गरिएको । |
| १९ | २०६०।८।३ | कृष्ण केसीको वेपत्ता लगायतका विभिन्न निर्णयमा ध्यानाकर्षण | आयोगको २०६० ।८ ।२ को बैठकबाट कृष्ण के.सी.को बेपत्ता , डोटीको मुडभरा स्थित शारदा उच्च मा.वि.मा घटेको घटना माओवादीद्धारा श्रृंखलावद्ध रुपमा घटाइएका हिंसात्मक घटना, संयुक्त राष्ट्र संघीय वेपत्ता र यातना सम्बधमा काम गर्ने कार्यदल र विशेष समाधीक्षकलाई नेपाल आमन्त्रण गर्ने सम्बन्धमा उवं ५५ औं मानव अधिकार दिवस मनाउने सम्बन्धमा भएका विभिन्न निर्णयहरूका सम्बन्धमा जानकारी गराईएको । |
| २० | २०६०।९।२२ | सकुशल एवं शिघ्र रिहाईको लागि आह्वान | खोटाङ्ग जिल्लाको नुनथल गा.वि.स. बाट मिती २०६०।९।२१ गते उक्त जिल्लाका जि.शि.आ. हरि वस्ति विद्यालय निरीक्षक सुर्यराज लगायत ६ जनालाई ने.क.पा. (माओवादी)ले अपहरण गरी लगेको घटनाहरूको निन्दा गर्दै निजहरूको सकुशल एवं शिघ्र रिहाईको लागि आह्वान गरिएको । |
| २१ | २०६०।४।३० | “मानव अधिकार सम्झौता” लाई वार्ताको एजेन्डाको रुपमा समावेश गर्न अनुरोध ग | आयोगद्धारा श्री ५ को सरकार र ने.क.पा. (माओवादी)का वार्ताटोलीहरूलाई एक पत्र लेखि आयोगबाट प्रस्ताव गरिएको “मानव अधिकार सम्झौता” लाई वार्ताको एजेन्डाको रुपमा समावेश गर्न अनुरोध गरिएको । |
| २२ | August, २०,२००३ | मृत आत्माका चिर शान्तिको कामना | संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त Mr. Sergio Vieira de Mello को ईराकमा भएको कायरतापूर्ण हमलाको निन्दा गर्दै मृत आत्माका चिर शान्तिको कामना गरिएको । |

च.नं. /०५९/६० मिति : २०५९।७४

**सम्माननीय प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दज्यू,**
प्रधानमन्त्रीको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

विषय :– **ध्यानाकर्षण गराइएको बारे ।**

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री नियुक्त हुनुभएकोमा यहाँलाई आफ्नो दायित्व निर्वाह गर्नेक्रममा सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छौं ।

मानव अधिकारको दृष्टिकोणबाट देश जटिल परिस्थितिमा गुज्रिरहेको यहाँलाई बिदितै छ । यस परिस्थितिमा मानव अधिकार आयोग ऐन, २०५३ अनुसार गठित "राष्ट्रिय मानव अधिकार आयोग" ले देशका ३५ जिल्लाहरूको स्थलगत भ्रमणबाट प्राप्त भएका मानव अधिकार उल्लंघनका घटनाहरूबाट निकालिएका निचोडहरू र सरकारद्वारा अबिलम्ब चालिनुपर्ने कदमहरूबारे सम्माननीय प्रधानमन्त्रीज्यू लाई अवगत गराउन चाहान्छौं ।

**मानव अधिकार अनुगमनबाट निकालिएका निचोडहरू :**

१. देशका विभिन्न भागहरूमा कृत्रिम मुठभेडका घटनामा निशस्त्र व्यक्तिहरूको मृत्यु भएको पाइयो ।

२. व्यक्तिहरूको पक्राउ, खोजतलास र हिरासतमा लिने सिलसिलामा भएका अधिकांश अवस्थामा ज्यादति भएको पाइयो । पक्राउ गरी बेपत्ता गरिने घट्नाहरू पनि धेरै देखियो र सैनिक व्यारेकमा गैरकानूनी थुनामा व्यक्तिहरू भएको तथ्यहरू पाइयो । पक्राउ गरिएका व्यक्तिहरूलाई कानूनबमोजिम पेश गर्नुपर्ने अधिकारी समक्ष तोकिएको समयमा प्रस्तुत नगरिएको मात्र होइन पक्राउ परेको जानकारी आफन्तहरूलाई समेत लामो अवधिसम्म नदिने गरेको पाइयो ।

३. असामान्य अवस्थामाबाहेक सुरक्षा कारवाहीमा मारिएका व्यक्तिहरूको सनाखत, मृत व्यक्तिहरूको कानूनी अभिलेख, पोष्टमार्टम, सद्गती र मृत्युको सूचना आफन्तलाई दिने काममा सुरक्षा निकायबाट कानूनको अबलम्बन नगरेको पाइयो ।

४. सुरक्षाफौजको परिचालन गरिँदा कतिपय ठाउँहरूमा शक्तिको आवश्यकताभन्दा बढी प्रयोगले ज्यादति भएको देखियो । निशस्त्र व्यक्तिहरूलाई निशाना गरिएको र मानवीय कानूनको पालन उपयुक्त रूपमा नभएको पाइयो ।

५. देशका विभिन्न भागहरूमा प्रसाशन र सुरक्षा निकायहरू माओवादीलाई सुविधा पुग्छ भन्ने निहुँमा जनताका खाद्यान्न, शिक्षा र स्वास्थ्यका अधिकारप्रति सम्वेदनशील नभएको पाइयो र यस्तो कार्यमा सरकारले पहल नगरेको पाइयो ।

**यस पृष्ठभूमिमा राष्ट्रिय मानव अधिकार आयोग सम्माननीय महोदयसँग निम्नबमोजिम कदमहरू चाल्न अनुरोध गर्दछ :**

१. कार्वाहीको सिलसिलामा शक्तिको प्रयोग आवश्यकभन्दा बढी नगर्ने, हत्याका घटनाहरूको छानविन गरी दोषीमाथि कानूनी कार्वाही चलाउनु पर्ने तथा पिडितलाई क्षतिपूर्ति दिइनुपर्ने,

२. व्यक्तिहरूलाई गैरकानूनी रूपमा पक्राउ नगर्न, खोजतलासका कानूनी प्रकृया पूरा गर्न, सैनिक व्यारेकमा व्यक्तिहरूलाई गैरकानूनी थुनामा नराख्न, यातना नदिन, थुनामा रहेका व्यक्तिहरूको मानव अधिकारको रक्षा गर्न र हालसम्म पक्राउ गरेका व्यक्तिहरूको स्थितिको सार्वजनिककरण गर्न,

३. सुरक्षा कार्वाहीमा मारिएका व्यक्तिहरूको कानूनी अभिलेख बनाउन र परिवारलाई मृत्युको आधिकारिक जानकारीको व्यवस्था मिलाउन,

४. आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण ऐनको दफा ९ मा उल्लेख भएअनुसारका थुनुवा केन्द्रहरू स्थापना गर्न, दफा १३ (१) बमोजिमको अनुगमन समितिको निर्माण गर्न र दफा १५ बमोजिम तोकिएका विशेष अदालतहरूमा थुनामा राखिएकाहरूको हकमा अबिलम्ब मुद्दा दर्ता गर्न स्थानिय प्रसाशनलाई निर्देशन दिन,

५. सरकारले बिभिन्न अन्तराष्ट्रिय निकायहरू जस्तै- यु.एन.डी.पी., विश्व स्वास्थ्य कार्यक्रम, अन्तर्राष्ट्रिय रेडक्रस समिती र विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा प्रभावित क्षेत्रमा खाद्यान्न तथा औषधी उपचारको प्रभावकारी व्यवस्था मिलाउन र विद्यालयहरू सुचारु रूपले सञ्चालन हुने व्यवस्था तुरुन्त मिलाउन,

६. सरकारले केही समय अवधिको लागि मात्र भए पनि युद्धविरामको घोषणा गरी शान्ति स्थापनाको कार्यमा पहल गर्न ।

राष्ट्रिय मानव अधिकार आयोग माथि उल्लिखित कदमहरू यथाशीघ्र कार्यान्वयनमा सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष चासो र पहलको अपेक्षा गर्दछ । राष्ट्रिय मानव अधिकार आयोगले छिट्टै हिंसाग्रस्त क्षेत्रमा खाद्यान्नको आपूर्ति तथा शिक्षा र स्वास्थ्यको पँहुचको लागि विशेष पहल गर्दैछ । यस कार्यमा श्री ५ को सरकारको सहयोगको अपेक्षा गरिएको छ ।
मानव अधिकार हनन रोक्दै देशमा शान्ति स्थापना गर्ने काममा तपाईंको कार्यकाल सफल होस् ।

.........................
नयनबहादुर खत्री
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

च.नं. /०५९/६० मिति : २०५९।७।६

**श्री अध्यक्ष,**
**नेपाल कम्यूनिष्ट पार्टी, (माओवादी)**

विषय :– **ध्यानाकर्षण गराइएको बारे ।**

अध्यक्ष महोदय,

राष्ट्रिय मानव अधिकार आयोगले २०५९ साल आषाढदेखि आश्विनसम्म देशका विभिन्न ३५ वटा हिंसाग्रस्त जिल्लाहरूमा मानव अधिकारको वस्तुस्थितिको बारेमा स्थलगत अनुगमन गरेको कुरा जानकारी गराउन चाहन्छौं । अनुगमनको सिलसिलामा प्राप्त भएका निचोडका आधारमा देखिएका तथ्यहरू एवम् पालना गर्नुपर्ने दायित्व बारे ने.क.पा. (माओवादी) को निम्नबमोजिम ध्यानाकर्षण गराइएको छ :

१. अनुगमन गरिएका जिल्लाहरूमा ने.क.पा. (माओवादी) का कार्यकर्ता र सैनिक दस्ताहरू राजनैतिक हत्या, सुराकीको नाममा गरिने हत्या, अपहरण र बेपत्ता, निर्मम र अमानवीय प्रकृतिको यातना, आफ्नो कब्जामा परेका सुरक्षाकर्मीहरूको यातना र हत्या जस्ता कार्यहरूमा संलग्न भएको पाइया ।

२. ने.क.पा. (माओवादी) ले गरेका आक्रमणहरूमा निशस्त्र नागरिक, सैनिक महत्व नभएका भौतिक र विकास निर्माणका संरचनाहरू र सार्वजनिक उपयोगिताका संस्थापनाहरू तथा साँस्कृतिक सम्पदाहरूमा आक्रमण गरी ध्वंस गरिएको पाइयो । कतिपय अवस्थामा अत्याधिक शक्तिको प्रयोग र प्रतिशोधात्मक ढङ्गले कब्जामा परेका सुरक्षाकर्मीहरू र सामान्य नागरिकहरू समेतको हत्या गरिएको पाइयो ।

३. ने.क.पा. (माओवादी) ले बालबालिकाहरूलाई सैनिक दस्तामा भर्ना गरेको, जथाभावी ढङ्गले बारुदी सुरुङ्गको प्रयोग गरेको र कतिपय ठाउँमा युद्धको नियम विपरीत निसानाहरूको छनौट गरिएको पाइयो ।

४. ने.क.पा. माओवादीका कार्यकर्ता र सैनिक दस्ताहरूले जबर्जती चन्दा असुली गरेको, आफूसँग असम्बन्धित व्यक्तिहरूको घरको जबर्जस्ती प्रयोग गरिएको र खाद्यान्न, स्वास्थ्यका सामग्रीहरू एवम् जनताका न्यूनतम आवश्यकताका वस्तुहरूलाई रोकावट र लुटपाट गरेको तथा स्वास्थ्य चौकीहरूलाई आक्रमणको निसाना बनाइएको पाइयो ।

५. शिक्षककहरूबाट जबर्जस्ती चन्दा असुल्ने, उनीहरूलाई राजनैतिक प्रतिशोध राखी हत्या गर्ने र शिक्षाको अधिकारको वातावरणमा अवरोध पुऱ्याइएको पाइयो ।

६. धेरै स्थानहरूमा ने.क.पा. माओवादीका सैनिक दस्ता र कार्यकर्ताहरूले जेनेभा कन्भेन्सनको साझा धारा ३ का प्रावधानहरूलाइ वेवास्ता र उल्लंघन गरेको पाइयो ।

**राष्ट्रिय मानव अधिकार आयोग ने.क.पा. माओवादीलाई निम्न कुराहरू पालना गर्न अनुरोध गर्दछ ।**

१. सबै प्रकारका हत्याहरू बन्द गर्न, निशस्त्र, बिदामा बसेका र अवकाशप्राप्त सुरक्षाकर्मीहरूको अपहरण र हत्या बन्द गर्न, कुनै पनि प्रकारको यातना बन्द गर्न, कब्जामा परेका व्यक्तिहरूको हत्या नगर्न,

२. गैरसैनिक महत्वका र सार्वजनिक उपयोगिताका संरचना र वस्तुहरूमाथि आक्रमण र ध्वंस नगर्न तथा साँस्कृतिक परम्परा र सम्पदाहरूको रक्षा गर्न,

३. बालबालिकाहरूलाई युद्धमा प्रयोग नगर्न, जथाभावी ढङ्गले बारुदी सुरुङ्गको प्रयोग नगर्न र युद्धका नियमहरू पालन गर्न,

४. जुनसुकै अवस्थामा पनि जेनेभा कन्भेन्सनको साझा धारा ३ मा उल्लिखित मार्गनिर्देशन र सिद्धान्तहरूलाई पालना गर्न । जेनेभा कन्भेन्सनको साझा धारा ३ का उल्लंघनकर्ताहरू न्यायको कठघरामा आउनु पर्ने छ भन्ने कुराको स्मरण गराउन,

५. जनताका खाद्यान्न, शिक्षा र स्वास्थ्यका अधिकारहरूको सम्मान गर्न तथा ती अधिकारहरूको प्रत्याभूतिको लागि सरकार तथा सहायता प्रदान गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरू जस्तै- यु.एन.डी.पी., विश्व स्वास्थ्य कार्यक्रम, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र गैरसरकारी संस्थाहरूलाई सबै ठाउँमा पहुँच उपलब्ध गराउने वातावरण सिर्जना गर्न,

६. जुनसुकै अवस्थामा पनि व्यक्तिको जीवनको अधिकार तथा व्यक्तिले विना त्रास स्वतन्त्रतापूर्वक पारिवारिक जीवन व्यतित गर्न पाउने अधिकारको सम्मान गर्न,

७. जनताको राजनैतिक मत राख्न पाउने अधिकारको सम्मान गर्न तथा नागरिकहरूको स्वतन्त्रतापूर्वक आवागमन गर्ने अधिकारको सम्मान गर्न ।

राष्ट्रिय मानव अधिकार आयोग ने.क.पा. (माओवादी) लाई विद्रोहको नाममा मानव अधिकारका उल्लंघन र ज्यादतीहरू कुनै पनि रूपमा स्वीकार गर्न सकिन्न भन्ने कुरा आत्मसात गर्न तथा त्यस्ता कार्यहरू फौजदारी कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत कारवाहीका विषयहरू बन्नेछन् भन्ने स्मरण गराउन चाहन्छ ।

ने.क.पा. माओवादीबाट मानव अधिकारको रक्षार्थ चालिने कुनै पनि कदमलाई आयोग स्वागत गर्दछ ।

..........................
नयनबहादुर खत्री
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

च.नं. मितिः २०६२/१/२८

**श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय**
सिंहदरवार, काठमाडौ ।

**विषय : सिफारिश गरिएको सम्बन्धमा ।**

मिति २०६२।०१।०२ गते राती १०:०० वजे नवलपरासी जिल्लाको सोमनी गा.वि.स. वडा नं. ७ वर्गदवामा ने.क.पा. (मओवादी) द्वारा गरिएको हत्याको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०६२।१।५ देखि १० गते सम्म अनुगमन/अनुसन्धान गरी विभिन्न तथ्यहरु संकलन गरिएको छ । प्राप्त तथ्यहरुका आधारमा तपसिल बमोजिमको व्यवस्था गर्नका लागि सिफारिश गरिएको छ ।

**सिफारिश**

१. श्री ५ को सरकार गृह मन्त्रालयको मिति २०६१।११।१२ गतेको पत्र संख्या विविध १९।०६१।०६२ च.नं.१७७८ को पत्रानुसार माओवादीद्धारा मारिएको व्यक्तिको परिवारलाई आर्थिक सहयोग स्वरुप रु. एक लाख पचास हजार उपलब्ध गराउने नीति भएको भन्ने देखिंदा मिति २०६२।०१।०२ गते माओवादीहरुबाट मारिएका दिनेश कोहार, दिपेन्द्र चौधरी, भरत यादव, वडघड धोवी भन्ने चन्द्रमान वरेठा, हृदयेश यादव, कमलेश यादव, अभिमन्यू चौधरी, विजय चौधरी, राजेन्द्र चौहान र दिनेश चौधरीको परिवारलाई जनही रु.१,५०,०००।- (रु.एक लाख पचास हजार) का दरले क्षतिपूर्तिको व्यवस्था गर्न ।
२. उक्त घटनामा घाइते भएका विरामीहरुको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न ।
३. घर जलेकाहरुको परिवार र घर भत्काइएकाहरुको परिवारलाई यथोचित क्षतिपूर्तिको व्यवस्था गर्न ।
४. उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरि दोषीलाई कारवाही गर्न ।
५. घटनापछि गाउँका मानिसहरुमा डर, त्रास कायमै रहेकोले मानिसहरु विस्थापित भएका कारण उनीहरुलाई पुर्नःस्थापित गर्न तत्कालै आवश्यक पहल गर्न ।
६. गाउँमा प्रतिकार समितिद्वारा मारिएका व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गर्न तथा दोषी उपर कारवाही गर्न तथा प्रतिकार समितिका नाममा जवर्जस्ती पहरा गर्न लगाउने, वन्दुक भिर्न लगाउने कार्यलाई निरुत्साहित गरी गाउँमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन ।

(ध्रुव नेपाल)
नि.सचिव

# सन्दर्भ सामग्री


१. नेपाल अधिराज्यको संविधान, २०४७
२. मानव अधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानव अधिकार आयाग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली), २०५७
३. नेपाल सन्धि ऐन, २०४७
४. आयोगका आ. व. २०५७/०५८ देखि आ.व. २०६०/०६१ सम्मका वार्षिक प्रतिवेदनहरु
५. नेपालमा मानव अधिकारको स्थिति: एक प्रतिवेदन, २०६०
६. आयोगको त्रैमासिक प्रकाशनहरु "मानव अधिकार", पूर्णाङ्क १, २०५७ मंसिर, २०५८, २०५९, २०६०
७. प्रतिनिधि सभा, परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिको अध्ययन प्रतिवेदन, २०५८
८. मानव अधिकार सम्बन्धी फैसलाहरुको प्रकाशन, २०५९ (विशेषाङ्क), सर्वोच्च अदालत
९. "संकाटकाल र मानव अधिकार" मानव अधिकार अनुगमन प्रतिवेदन २०५९, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
१०. कान्तिपुर राष्ट्रिय दैनिक
११. अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिक
१२. नेपाल समाचार पत्र, राष्ट्रिय दैनिक
१३. नेपाल ''साप्ताहिक'
१४. बुधबार साप्ताहिक
१५. National Human Rights Institution, Professional Training Series No.4, UN, New York & Geneva, 1995
१६. Study on Insurgency Related Torture and Disability
१७. आयोगको रणनीतिक योजना, २००४-२००८
१८. Building the Capacity of National Human Rights Institution The Case of Nepal
१९. मानव अधिकार, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको संग्रह, श्री ५ को सरकार परराष्ट्र मन्त्रालय, शीतल निवास
२०. Report on Integration of Dalits Rights Promotion Program, 2004, NHRC Nepal
२१. Conflict, Human Rights & Peace Challenges Before Nepal, Rishikesh Shaha Memorial Lectures 2003, National Human Rights Commission, Nepal
२२. **"नेपालको दण्ड प्रणाली परिवर्तनका विषयबस्तुहरू"** यातना पिडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल २०५८ चैत्र (सन् २००१ जुन)
२३. द्वन्द्वको अवस्थामा मानव अधिकारका लागि श्री ५ को सरकार तथा ने.क.पा. (माओवादी) समक्ष प्रस्तुत गरिएका सुझाव
२४. Annual Progress report January – December 2003, Office of the National Rapporteur on Trafficking in Women and Children, NHRC, Nepal
२५. www.ohchr.org/english/ , www.asiapacificforum.net , www.amnestynepal.org , लगायत मानव अधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका वेबसाइटहरू ।

# विविध

## आयोगका पाँच वर्षका क्रियाकलापहरूको एक झलक



आयोगका पदाधिकारीहरू (विचमा) आयोगका अध्यक्ष नयनबहादुर खत्री, बायाँबाट सदस्यहरू क्रमश प्रा. कपिल श्रेष्ठ, श्री इन्दिरा राणा, डा. गौरीशंकर लाल दास र श्री सुशील प्याकुरेल




राष्ट्रिय मानव अधिकार आयोग परिवार




५३ औं मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजित छलफल गोष्ठी



आयोग तथा राजनीतिक दलहरूबीच भएको छलफल कार्यक्रम





५५ औं मानव अधिकार दिवसको उपलक्ष्यमा आयोगद्वारा आयोजित कविता प्रतियोगिताका विजयी छात्रालाई पुरस्कार प्रदान गर्दै आयोगका
अध्यक्ष नयन बहादुर खत्री साथमा आयोगका पदाधिकारीहरू



पाँचथरको नागी घटनाका सम्बन्धमा आयोगद्वारा गठन गरिएको उच्च स्तरीय टोलीद्वारा जानकारी संकलन गरिदै ।




५५ औं मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजीत मानव अधिकार र्‍याली




दैलेख जिल्लाको मानव अधिकार अनुगमनको क्रममा आयोगका सदस्यहरु अन्तरक्रिया कार्यक्रममा सहभागि हुदै (बायाँबाट क्रमशः डा. गैरी शङ्करलाल दास तथा सुशील प्याकुरेल)




यातना पीडितहरूको सहायतार्थ संयुक्त राष्ट्र संघीय दिवसको अवसरमा आयोगद्वारा आयोजित कार्यक्रममा सरिक हुदै विभिन्न महानुभावहरू




आयोगद्वारा ऋषिकेश शाह स्मृती प्रवचन कार्यक्रमको सिलसिलामा प्रकाशन गरिएको पुस्तक विमोचन समारोहमा आयोगका अध्यक्ष नयन बहादुर खत्री (दायाँ) साथमा आयोगका का.मु. सचिव केदारप्रसाद पौड्याल




आयोगद्वारा प्रदान गरिएको मानव अधिकार अनुगमन तालिमका सहभागीहरू



आयोगको चौथो वार्षिक उत्सवको उपलक्ष्यमा द्वन्द्व पीडितका लागि आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्दै आयोगका कर्मचारीहरू



आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय विशेषज्ञ एजर्बन आइडी तथा डा. उवे क्राटसँग छलफल गर्दै आयोगका पदाधिकारीहरू



बागलुङ जिल्लाको मानव अधिकारको समग्र अनुगमनको सिलसिलामा आयोगका कर्मचारीहरू



मानव अधिकारका लागि स.रा.संघीय उच्चायुक्तको नेपाल स्थित कार्यालयका प्रमुख इयान मार्टीन आयोगका पदाधिकारीहरूसँग छलफल गर्दै




काठमाडौंमा आयोजित एशिया प्रशान्त मञ्चको आठौं वार्षिक बैठकको उद्घाटन समारोहमा उद्घाटन मन्तव्य व्यक्त गर्दै तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा




आयोगको क्षेत्रीय कार्यालय, पोखराको उद्घाटन समारोहमा सहभागी हुँदै आयोगका पदाधिकारी तथा आमन्त्रित महानुभावहरू



आयोगद्वारा प्रकाशित विभिन्न प्रकाशनहरू




महिला विरुद्ध हुने हिंसा सम्बन्धमा आयोगद्वारा आयोजित जनचेतना अभिवृद्धि कार्यक्रम



दलित अधिकारलाई प्रबर्द्धन गर्ने उद्देश्यले आयोगद्वारा आयोजना गरिएको सहभोज कार्यक्रम